नेपालको संविधानसभा (२०६४)को संरचनामा समावेशी दृष्टिकोण

त्रिभुवनविश्वविद्यालय

मानविकीतथा सामाजिकशास्त्र सङ्कायअर्न्तगत

राजनीतिशास्त्रविषयमाविद्यावारिधि **(Ph.D.)** उपाधि

प्रयोजनार्थ प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता

देउमान सम्वाहाङ्गफे

विद्यावारिधिदर्ता नं.३/०६६, श्रावण

त्रि.वि.दर्ता नं.३६१७९-९२

त्रिभुवनविश्वविद्यालय

२०७१

नेपालको संविधानसभा(२०६४) को संरचनामा समावेशी दृष्टिकोण

त्रिभुवनविश्वविद्यालयमानविकीतथा सामाजिकशास्त्र
सङ्कायअर्न्तगत राजनीतिशास्त्रविषयमा
विद्यावारिधि (Ph.D.) उपाधिप्रयोजनार्थ
प्रस्तुत

शोधप्रबन्ध

शोधकर्ता
देउमान सम्वाहाङ्गफे
विद्यावारिधिदर्ता नं.३/०६६, श्रावण
त्रि.वि.दर्ता नं.३६१७९-९२
त्रिभुवनविश्वविद्यालय

सिफारिस पत्र

देउमान सम्वाहाङ्गफेद्वारा नेपालको संविधानसभा (२०६४)को संरचनामा समावेशी दृष्टिकोण शीर्षकको शोधप्रबन्ध हाम्रो निर्देशन तथा सुपरीवेक्षणमा तयार गरीएको हो । यो शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय विषय अन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि(Ph.D.)उपाधि प्राप्त गर्ने प्रयोजनार्थ तयार पारिएको हो । यस शोधप्रवन्धलाई मुल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डीनको कार्यालयमा सिफारिसगर्दछौं ।

.....

प्रा.डा.मीना वैद्य मल्ल

शोध निर्देशक

.....

प्रा.डा.राजकुमार पोखरेल

शोध विशेषज्ञ

मिति : २०७१/६/२९

प्रतिवद्धता पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय अनुसन्धान समितिमा विद्यावारिधि (Ph.D.) उपाधिका निमित्त प्रस्तुत "नेपालको संविधानसभा(२०६४) को संरचनामा समावेशी दृष्टिकोण" शीर्षकको यो शोधप्रवन्ध मैले मेरा शोध निर्देशकको निर्देशनमा रही शोधकार्य सम्पन्न गरेको शोधपत्र पूर्ण रुपमा मौलिक कार्य हो । मैले यस प्रवन्धको लेखनका क्रममा विभिन्न स्रोतहरुबाट सामग्री सङ्कलन गरी तिनको भरपुर उपयोग गरेको छु । यस शोधप्रवन्धमा प्रस्तुत निष्कर्षलाई मैले यस अघि कहीं पनि कुनै उपाधि अथवा अन्य कुनै पनि प्रयोजनका निमित्त प्रस्तुत गरेको छैन । यस शोधप्रवन्धको कुनै पाठ या अंश पुस्तक वा पुस्तकको अंशका रुपमा प्रकाशित गरे गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिवद्धताहरुको विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यस प्रति पूर्ण जिम्मेवार हुनेछु भन्नेमा प्रतिवद्धता जाहेर गर्दछु ।

देउमान सम्वाहाङ्फे
शोद्यार्थी

प्राक्कथन

नेपालमा संविधानसभाको निर्वाचन र गठन हुनु भनेको राजनीतिमा आएको एक ठूलो परिवर्तनको उपज हो । संविधानसभाले वंशजको विरासतको रुपमा रहेको २४० वर्ष लामो राजतन्त्रको अन्त्य गरिदियो । निर्वाचनको प्रकृयामा पनि विगतकालका निर्वाचन जस्तो नभएर समावेशी संरचनामा आधारित निर्वाचन मात्र भएन राज्यका हरेक अङ्गमा संविधानसभाको संरचनाले समावेशीकरणको मान्यतालाई स्थापित गरिदियो । नेपालमा १० वर्ष भन्दा लामो हिंसात्मक युद्धलाई राजनीतिको शान्तिपूर्ण धारमा ल्याउन र मुलुकलाई शान्ति, समृद्धि तथा उन्नतिको बाटोमा अघि वढाउन संविधानसभाको संरचना देखि राज्यका हरेक अङ्गमा गरिएको समावेशीकरणको मूल लक्ष्य शान्तिपूर्ण, अहिंसात्मक र गतिशील समतामूलक नेपाली समाजको निर्माण गर्नु रहेको देखिन गयो । तसर्थ राजनीतिशास्त्रको अध्ययनका सिलसिलामा संविधानसभा (२०६४)को संरचनामा समावेशी दृष्टिकोणका सवालमा विद्यावारिधि उपाधिका लागि शोध अध्ययन गर्ने प्रयास स्वरुप प्रस्तुत अध्ययनलाई अघि सारिएको हो । तसर्थ यस विषयमा अध्ययन गर्न मलाई स्वीकृति दिने त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय डीनको कार्यालयप्रति म सवै भन्दा पहिले हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध प्रवन्ध तयार पार्दा मैले धेरै विद्धान व्यक्तिहरुबाट निर्देशन, सल्लाह, सुझाव र अन्य सहयोग प्राप्त गरेकोछु । सर्वप्रथमः आफ्नो अमूल्य समयलाई मेरो लागि खर्ची मेरो प्रस्ताव लेखन देखि शोध प्रवन्ध तयार पार्दासम्म मलाई निर्देशन, सुझाव दिनु हुने लेखन विधिमा सहयोग गर्नु हुने श्रदेय शोध निर्देशक, प्रा.डा.मीना वैद्य मल्ल तथा सह शोध निर्देशक प्रा.डा.राजकुमार पोखरेल प्रति म आभारी छु र उहाँहरुप्रति हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु ।

शोधकार्य तथा शोधअनुसन्धान गर्ने क्रममा छात्रवृद्धि उपलव्ध गर्ने संस्था आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानप्रति आभार व्यक्त गर्दछु । मलाई सल्लाह, सुझाव तथा सामग्रीहरुसंकलनमा सहयोग गर्नु हुने सभासदहरु डम्वरसिंह सम्वाहाङ्गफे,तिलक वहादुर थापा मगर, पार्वती कुमाल, शारदा परियार, रणध्वज कन्दङवा लगायतमा धन्यवाद टक्रयाउँदछु ।संविधानसभा तथा व्यवस्थापिका-संसद सचिवालयका महासचिव मनोहरप्रसाद भट्टराई, उप सचिव मुरारी महत मुद्रण अधिकृत राम डंगोल लगायतले शोधकार्यसँग सम्बन्धित विविध सामग्री दिई सहयोग गर्नु भएको छ । आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठानले शोधकार्यको लागि आर्थिक सहयोग गरेकोमा संस्थाप्रति आभार प्रकट गर्दछु र सोही कार्यालयका शाखा अधिकृत राम मादेन, त्रि.वि.कर्मचारी कपिल तुम्वाहाम्फे र सगरमाथा

टेलिभिजनका मिडियाकर्मी समाचार संयोजक श्री प्रमोद सेंढाईं, अधिवक्ता रन वहादुर थेवे, अधिवक्ता कृष्ण आङदेम्वे लगायत अन्य सम्पूर्ण विभिन्न तह तप्काका जिम्मेवार सहयोगीहरु सवैमा आभार प्रकट गर्दछु ।

अन्त्यमा मेरो घरपरिवारका सदस्यहरुको सहयोगलाई पनि मैले महत्वका साथ लिएकोछु । पारिवारिक उल्झन र झन्झटबाट मलाई मुक्त राखी शोधकार्य तथा अध्ययनका लागि समय समर्णपन गरेका छन् । मेरी धर्मपत्नि सोभा कन्दङवा (सम्वाहाङ्गफे), छोरा छोरी देशाङ्ग र कुन्साङ्ग, आमा-वुवा, र स-परिवारका सदस्यहरुसवैमा आभारी छु । साथै मेरा शुभचिन्तक, शुभेच्छुक साथीहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्नु मेरो कर्तव्य ठान्दछु ।यी नामहरु वाहेक मेरा सहयोगीहरु कसैको नाम भुल्न गएको भएमा म उहाँहरुप्रति क्षमा चाहन्छु र आगामी आउँदो दिनहरुमा भूललाई सच्याउने प्रतिज्ञा समेत गर्दछु ।

देउमान सम्वाहाङ्गफे

शोधार्थी

शोधसार

नेपालको संविधानसभा (२०६४) को संरचनामा समावेशी दृष्टिकोण

परिचय

नेपालको सन्दर्भमा संविधानसभाको प्रसङ्ग वि.सं.२००७ सालको राणा विरोधि आन्दोलनको समय देखि नै उठ्दै आएको भए तापनि विभिन्न वाधा अड्चनका बाबजुद २०६४ सालमा आएर लगभग ६ दशक पछि त्यसले मूर्तरुप लिने मौका पायो । राणा शासन विरोधि आन्दोलनको सन्दर्भमा भारतको दिल्लीमा तत्कालीन भारतीय प्रधानमन्त्री जहारुलाल नेहरुको मध्यस्थतामा राणा प्रतिनिधि, राजा त्रिभुवन र नेपाली काँग्रेस प्रतिनिधिहरुका बीचमा त्रिपक्षीय सम्झौता पछि राणा प्रधानमन्त्री मोहन शम्सेर राणाले २४ पौष २००७ सालमा गरेको घोषणा तथा ७ फागुन २००७ सालमा राजा त्रिभुवनको शाही घोषणामा नेपालमा २ वर्ष भित्र संविधानसभाको निर्वाचन गर्ने घोषणा गरिएको थियो । तथापि उक्त घोषणा वमोजिम संविधानसभाको निर्वाचन हुन सकेन । धेरै अवरोध र निर्वाचनका प्रसंगहरुको उतार चढाव तथा राजनीतिक परिवर्तनहरु हुँदै लामो समयको अन्तरालमा आएर मात्र संविधानसभाको पहिलो निर्वाचन २०६४ चैत्र २८ गते पहिलो निर्वाचन भयो । पहिलो संविधानसभाले मुलुकलाई संविधान दिन नसकेपछि २०७० मंसिर ४ गते दोस्रो निर्वाचन हुन गएको छ । संविधानसभाको तुलनात्मक विश्लेषण गर्दै मुख्यतया संविधानसभा (२०६४) लाई मुख्य आधार राखेर अध्ययन गर्न सान्दर्भिक ठानी प्रस्तुत शोधकार्यमा "नेपालको संविधानसभा (२०६४)को संरचनामा समावेशी दृष्टिकोण" शीर्षक राखी अध्ययन गरिएको छ । यस अध्ययन तथा शोधप्रवन्धले मुख्यतया नेपालमा अवलम्वन गरिएको समावेशी अवधारणा, समावेशीकरण र समावेशीताको संरचनाले पार्ने असर तथा समाज सञ्चालनको भूमिका लगायत विद्यमान सामाजिक विविधतालाई कसरी अंगिकार गरेको छ ? भन्नेमा विषय केन्द्रीत रहेको छ ।

नेपाली समाजमा देखिएको असमानता र विविधताको सम्बोधन गर्ने प्रयास स्वरुप समावेशीता तथा समावेशीकरणको संरचनालाई अघि सारिएको समाज रुपान्तरणको महत्वपूर्ण नीति वनेको छ । संविभानसभाको संरचना वर्ग, जाति, लिङ्ग, क्षेत्र, भाषा तथा धर्म आदिका दृष्टिले कति समावेशी हुन सक्यो या सकेन भन्ने कुराको अध्ययन गर्न "नेपालको संविभानसभा (२०६४) को समावेशी संरचनामा समावेशी दृष्टिकोण" विषयको शीर्षक छनौट गरी अध्ययन गरिएको छ ।

अनुसन्धानका प्रश्नहरु

प्रस्तुत शोधमा निम्नानुसार प्रश्नहरु रहेका छन् ।

(क) नेपालमा संविधानसभाको निर्वाचन किन आवश्यक पऱ्यो ?

(ख) संविधानसभा लगायत राज्यका निकायमा समावेशी संरचना किन आवश्यक पऱ्यो ?

(ग) संविधानसभाको विद्यमान समावेशी संरचना भयो कि भएन ? यदि छैन भने कुन समावेशी संरचना निर्माण गर्दा उचित होला ?

शोधको उद्देश्य

नेपालमा विद्यमान कानून अनुसार संविधानसभा अवलम्वन गरिएको समावेशीकरणको वारेमा स्पष्ट पारिएको छ । उल्लेखित आधारहरु नै शोधकार्यको उद्देश्यहरु रहेका छन् ।

संविधानसभभा (२०६४) को संरचनाको विषयमा चर्चा गर्दै संविधानसभाको संरचनामा भएको समावेशीकरण र यसले अंङ्गिकार गरेको संरचनाले भावी संविधान, कानून तथा राज्य संरचनाका विविध पक्षमाथि प्रभाव पार्ने भएकाले उक्त संविधानसभाको संरचनामा भएको समावेशीकरणले भावी दिनमा राष्ट्रलाई द्वन्द्व र हिंसाको बाटोबाट मुक्त गर्न सक्छ या सक्दैन भन्ने बारेमा स्पष्ट विश्लेषण गर्नु यो शोध अनुसन्धानको उद्देश्य रहेकोछ । तसर्थ शोध अनुसन्धानमा मूलतः निम्नानुसारका विशिष्ट उद्देश्य रहेको छ ।

विशिष्ट उद्देश्य

(क) वि.सं.२०६४ सालमा भएको संविधानसभाको निर्वाचनले लामो हिंसात्मक द्वन्द्वको तत्काल समाधान गरेपनि संविधानसभा गठनको मूल लक्ष्यको खोजी गर्ने ।

(ख) नेपाली समाजका सामाजिक द्वन्द्वको अन्त्य गर्ने लक्ष्यका साथ स्थापित संविधानसभाको समावेशी संरचनाको वारेमा विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्ने ।

(ग) नेपालको संविधानसभा (२०६४) को संरचनाको समावेशीकरण माथि अध्ययन गर्दै नेपालमा अवलम्वन गरिएको समावेशीकरणका विविध पक्षबाट स्पष्ट धारणा प्रस्तुत गर्ने ।

शोधको सीमा

प्रस्तुत शोधकार्यको सीमा भनेकै संविधानसभाको समावेशी संरचना हो । नेपालमा संविधासभाको गठन हुनु पूर्व समावेशीकरणको कानूनी व्यवस्था थिएन र संविधानसभालाई पहिलो पटक समावेशी भएको घोषित गरियो । नेपालमा वि.सं.२०६४ सालमा संविधानसभाको गठन हुँदा नेपाली समाजमा विद्यमान सामाजिक विषमता र द्वन्द्व न्युनिकरण गर्ने ध्येयका साथ समावेशीकरणको प्रकृयाको थालनी भयो । तसर्थ उक्त संविधानसभा र त्यसको समावेशी संरचना नै यस अध्ययनको विषय हो । त्यसका अतिरिक्त अन्य केही समाविष्ट हुन आए पनि त्यसलाई यसैको सीमा भित्र समेटिएको छ ।

शोधको औचित्य

नेपालमा समावेशीकरणको वहस सवै भन्दा पहिले संविधानसभाकै संरचनाबाट सुरु भएकाले सो संरचनाले मुलुक समावेशीकरण हुनु सक्छ या सक्दैन र दिगो शान्तिको लक्ष्य प्राप्ती गर्न सक्छ कि सक्दैन भन्ने कोणबाट अहिले सम्म कसैले अध्ययन नगरेकाले उक्त कोणका दृष्टिकोणले नयाँ अध्ययन भएकोले यस अध्ययनको औचित्य आफै सावित हुन्छ ।

शोध विधि

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट प्रयोगमा ल्याईएको र दर्ता गरे पश्चात गोष्ठिमा दिईएको प्रशिक्षणको आधारमा नै शोध विधि अवलम्वन गरिएको छ । मूलतः APA (American Psyclogicle Association) Format को प्रयोग गरिएको छ । शोधकार्यलाई मुख्यतया प्राथमिक स्रोत र द्वितिय स्रोत प्रयोगमा ल्याई सोबाट आउने वस्तुनिष्ठ परिणामको लागि गरिएको प्रकृया नै शोध विधि अवलम्वन गरिएको छ ।

प्राथमिक स्रोत

प्राथमिक स्रोतहरुमा प्रश्नावली, अन्तरवार्ता, फिल्ड सर्वे, टेलिफोन वार्ता, इमेल-इन्टरनेटद्धारा प्राप्त अभिमत आदि हुन् । जस अर्न्तगत सम्वन्धित सरोकारवाला र संविधानसभा सदस्यहरुलाई मुख्य आधार वनाई उनीहरुलाई प्रश्नावली वितरण गरी सो को उत्तरहरुलाई सही रुपमा समावेश गरिएको

छ । विभिन्न व्यक्ति तथा सरोकार र जानकारी राख्नेहरुसँग अन्तरवार्ता लिई त्यसबाट प्राप्त जानकारी समेतलाई प्रयोगमा ल्याईएको छ । आवश्यक ठानेका ठाँउहरुको फिल्ड सर्वे गरी सूचना वा जानकारी प्राप्त गर्ने काम गरि सो को प्रयोग गरिएको छ । सरोकार र चासो तथा जानकारी राख्नेहरुसँग टेलिफोन मार्फत पनि अभिमत लिई प्रयोगमा ल्याईएको छ । इमेल-इन्टरनेटद्धारा प्रसस्त मात्रामा खोज अनुसन्धान गरी जानकारी प्राप्त हुने हुँदा सो को प्रयोगलाई समेत समावेश गरिएको छ । उद्देश्य मूलक नमूना छनौट विधिको आधारमा सूचना ग्रहण गरिएको छ । अन्य धेरै सूचनाहरु सङ्कलनका निमित्त उच्च पदस्थ कर्मचारी, विज्ञ व्यक्तित्व, राजनीतिक दलका नेताहरु, विद्यार्थी नेताहरु, पत्रकारहरु, कानून व्यवसायीहरु, विदेशमा रहेका नेपाली नागरिकहरु मध्ये आफूसँग सम्पर्कमा रहेका तथा आवश्यक ठानिएका केही व्यक्तिहरु जानकारी राख्नेहरुको राय समेतलाई समेटिएका छन् ।

द्धितीय स्रोत

द्धितीय स्रोतहरुमा पुस्तक, पत्र-पत्रिका, संविधानसभा तथा व्यवस्थापिका संसद सचिवालयद्धारा प्रकाशित पुस्तक तथा सूचनाहरु, नेपाल गजेट, नेपाल राजपत्र, संविधान, अन्तरिम संविधान २०६३, शोधप्रवन्ध, राजनीतिक दलका प्रकाशनहरु अन्तर पार्टी निर्देशन, घोषणा पत्र, पार्टी मुखपत्र, सूचना, सर्कुलर, आदेश पर्चा, डायरी, प्रेस विज्ञप्ति, वेवसाईड, गोष्टिमा प्रस्तुत कार्यपत्र, औपचारिक घोषणा लगायतका सामग्रीहरु हुन् । मूलतः शोधकार्य यही द्धितीय स्रोतलाई मुख्य आधार वनाई शोधकार्य सम्पन्न गरिएको छ । नेपाली र अंग्रेजीमा प्रकाशित पुस्तक लगायतका अनुसन्धान प्रतिवेदनहरु समेतलाई प्रयोगमा ल्याईएको छ । प्राप्त सामग्रीहरुको अध्ययन-अनुसन्धान तथा त्यसको मिहिन अध्ययन गरी तथ्यपरक वनाउन गहिरो रुपमा शोध विधिलाई अङ्गिकार तथा अवलम्वन गरिएको छ । संविधानसभा र सोको विषयगत मस्यौदाहरु, विभिन्न ऐनहरु, सरकारी विज्ञप्तिहरु, संविधानसभा सम्वन्धि ऐन, नियमावलीहरु, राजनीतिक दलहरु र जनवर्गीय संगठनका प्रकाशनहरु । अंग्रेजी र नेपाली भाषामा प्रकाशित विषयवस्तुसँग सम्वन्धित पुस्तकहरु, स्वदेश तथा विदेशमा प्रकाशित विभिन्न पत्रिका तथा जर्नल लगायतसरकारी तथा गैह्र सरकारी संस्था औपचारिक तथा अनौपचारिक प्रमाणित प्रकाशनहरुलाई मुख्य आधार वनाएर शोधकार्य पूरा गरिएको छ । व्यक्तिगत संग्रहमा रहेका स्रोत सामग्रीहरु समेत रहेको छ । यसरी शोधकार्यको कामलाई पूरा गरिएको छ । त्रिभुवन विश्वविद्यालय र अन्य विश्व विद्यालयहरुमा विद्यावारिधि र स्नातकोत्तर तहको प्रयोजनार्थ प्रस्तुत अप्रकाशित शोधप्रवन्ध तथा शोधकार्यहरुलाई यस शोधकार्यको द्धितीय स्रोत सामग्रीको रुपमा ग्रहण गरिएको छ ।

सामग्री विष्लेषण

शोध अनुसन्धानको क्रममा विश्लेषण गर्दा गुणात्मक अध्ययन विधि (Qualitative) **र परिणात्मक** (Quantitative) **दुवै विधि प्रयोग गएिकोछ ।**

शोधप्रवन्धको सङ्गठन

"नेपालको संविधानसभा (२०६४) को संरचनामा समावेशी दृष्टिकोण" शीर्षकमा प्रस्तुत शोधप्रवन्धलाई ७ (सात) अध्यायमा सङ्गठित रुपमा प्रस्तुत गरीएको छ । जो निम्नानुसार रहेको छ :

अध्याय १: शोध परिचय ।

अध्याय २: नेपालको सन्दर्भमा संविधानसभाको उठान, प्रसंग र माग ।

अध्याय ३: विश्वका केही देशहरुका संविधानसभासँग नेपालको संविधानसभाको तुलनात्मक अध्ययन ।

अध्याय ४: नेपालको विधायिकाहरुको इतिहास र समावेशी संरचना ।

अध्याय ५: नेपालमा संविधानसभाको निर्वाचन २०६४ मा समावेशी अवस्था ।

अध्याय ६: समावेशी दृष्टिकोणमा नेपालको संविधानसभा २०६४ को संरचना ।

अध्याय७: निष्कर्ष ।

शोधको उपलब्धि

१. **नेपालमा पहिलो पटक संविधानसभाको निर्वाचन वि.सं.२०६४ मा भयो । कानूनी आधारमा संविधानसभाको निर्वाचनबाटै नेपालमा समावेशी राज्य व्यवस्थाको स्थापना भयो । तसर्थ संविधानसभाको संरचनाको समावेशीकरणको विषयमा अहिले सम्म प्रश्न उठाएर कसैले अध्ययन नगरेको विषयमा प्रस्तुत अध्ययन केन्द्रीत छ ।**

२. **संविधानसभाको संरचनाबाट सुरु भएको राज्ययन्त्र तथा व्यवस्थापिकामा समावेशीकरण गर्ने विद्यमान कानूनी व्यवस्थाको बारेमा विविध कोणबाट गरिएको यो पहिलो अध्ययनमा समावेशीकरणमा भएका त्रुटीहरुलाई प्रष्टसँगले औल्याईएकोछ ।**

३. समावेशीकरणका आधारहरुको पहिचान गर्दै समावेशीकरणको उचित मोडलका विषयमा प्रस्तुत अध्ययनमा चर्चा गरिएको छ ।

निष्कर्ष

यस शोधमा आएका निष्कर्षलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

१. राज्यको सुविधा उपभोग गर्न, नीति नियम निर्माणमा सहभागी हुन नपाउने र सामाजिक रिति रिवाज र व्यवहारबाट पछि पारिएका समुदायलाई वहिष्करणमा परेका भनिन्छ भने तिनै वहिष्करणमा परेका समुदायलाई राज्यको नीति निर्माण देखि सुविधा भोग गर्ने तथा समुचित सम्पन्नताको तहमा पुऱ्याउन गरिएको उपाय नै समावेशीकरण हो । जुन समावेशीकरणबाट सामाजिक न्याय र सद्भाव स्थापना गर्न सक्छ र समतामूलक समाज स्थापना गर्दै त्यही नै वास्तविक समावेशीकरण हो ।

२. नेपाली राज्य व्यवस्थामा समावेशीकरणको थालनी सर्वप्रथम संविधानसभाबाट भएको हो । त्यसपछि व्यवस्थापिकाको समेत अधिकार प्राप्त संविधानसभाबाट कानूनी व्यवस्था गरी राज्यका हरेक अङ्गमा समावेशीकरण गरियो । संविधानसभालाई समावेशीकरण गर्दा निम्नानुसार वर्गीकरण गरियो । (१) अन्य (२) महिला (३) आदिवासी जनजाति (४) मधेशी (५) दलित (६) पिछडिएको क्षेत्र । यही संरचनाको आधारमा संविधानसभा (२०६४) ले नयाँ संविधान वनाउने प्रयास गऱ्यो । तर त्यसमा प्रतिकात्मक विरोधका आवाजहरु पनि उठे । "अन्य" भनी पहिचान नदिईएको समुदाय खस, क्षेत्री, ब्राम्हण, दशनामी, सन्यासी, गिरी, पुरी आदिले त्यसको विरोधमा सडक आन्दोलन गरे । मधेशी समुदायभित्र समावेश गरिएकाले तराईका एक समुदाय आफूहरु मधेशी नभएको तराईको आदिवासी जनजाति भएको भन्दै विरोधमा उत्रिए । जातिगत आधारलाई पहिलो प्राथमिकतामा राखि, क्षेत्र र लिङ्गलाई समेत सामान्य विभेदको विषय वनाई गरिएको संविधानसभाको समावेशी संरचनामा त्रुटी भएको अध्ययनको पहिलो परिकल्पनामा नै देखियो । तसर्थ अध्ययन गर्दा संविधानसभाको समावेशी संरचनामा "अन्य" नभनी ब्राम्हण, क्षेत्री र मधेशी मात्र नभनी तराईका आदिवासी र मधेशी जनजाति तथा हिमाली क्षेत्र र लैङ्गिक भिन्नतालाई समावेशीकरणको पहिचान दिदैं प्रस्तुत अध्ययनको सुरुवात भएको छ । प्रस्तुत अध्ययनमा तराईका आदिवासी भनेर थारु, धिमाल, राजवंशी, सतार, मेचे आदि जस्ता जातिहरुको निक्यौंल गरेको छ जसले आफूलाई मधेशी भन्न रुचाउदैनन् ।

३. प्रस्तुत अध्ययनमा समावेशीकरणको मूल आधार वर्गीय समावेशीकरण, लैङ्गिक समावेशीकरण, जातीय समावेशीकरण, क्षेत्रगत समावेशीकरण र केही स्थानमा उमेरको हदलाई समेत मानिएको छ । यसरी अध्ययन गर्दा विद्यमान कानूनी व्यवस्था वर्गीय समावेशीकरणलाई संविधानसभाको संरचनामा कतै समावेश गरिएको छैन । गरिव वाहुन र उच्च वर्गको जनजाति वीचको तुलना हुन सक्दैन । किसान, मजदुर वर्गको प्रतिनिधित्व जातिगत समावेशीकरण या क्षेत्रगत समावेशीकरणबाट हुन सक्दैन । ज्यामी खेताला या मजदुरको प्रतिनिधित्व मजदुरका नाममा वनाईएका राजनीतिक दलको प्रतिनिधिबाट पनि हुन सक्दैन । तसर्थ वर्गीय विषमतालाई न्युनिकरण नगरी गरिने समावेशीकरणले नेपाली समाजमा हुने सामाजिक द्वन्द्व न्युन गर्न सक्दैन भन्ने ठहर प्रस्तुत अध्ययनको रहेको छ । संविधानसभाको स्थापना र समावेशीकरणको प्रयोग नेपाली समाजमा देखा परेका विभेदको कारण नेपाल र नेपाली समाज लामो समय देखि द्वन्द्वमा परेकाले त्यो द्वन्द्वको अन्त्य गर्दै दीगो शान्ति स्थापनाका उपायका रुपमा समावेशीकरण अवलम्वन गरिएको हो । तर जातिगत आधारलाई पहिलो प्राथमिकतामा राखि गरिएको विद्यमान समावेशीकरणको प्रयोगले सामाजिक द्वन्द्वको अन्त्य गर्न सक्दैन । समावेशीकरण गर्दा विपन्नतालाई सम्पन्न वनाउने व्यवस्थालाई पहिलो प्राथमिकतामा राखि समावेशीकरण गरिनु पर्छ भन्ने प्रस्तुत अध्ययनले देखाएको छ ।

४. लैङ्गिक विभेदको प्रयोग नेपाली समाजमा नभएको हाईन । लैङ्गिक समावेशीकरण जुन तरिकाले गरिएको छ त्यो अपुग छ भन्ने प्रस्तुत अध्ययनले देखाएको छ ।

५. अति पिछडिएको क्षेत्र पहिचान गर्दा हिमाली जिल्लाहरुलाई सूचिमा राखिनु पर्दथ्यो । ती सवै जिल्ला परेका छैनन् । त्यसैले उक्त समावेशीकरण क्षेत्रगत आधारमा पनि गलत छ भन्ने प्रस्तुत अध्ययनले देखाएको छ ।

६. जातिगत समावेशीकरणमा "अन्य" नभनी नाम उल्लेख नगरिएको जातिहरुलाई पनि स्पष्ट किटान गर्नु पर्छ र पहिचान दिनु पर्छ । जातिगत रुपमा मधेशी भनिएका झा, ठाकुर, मण्डल, यादव, सिंह (राजपुत), त्रिपाठी, गुप्ता आदि जस्ता थरका जातिहरु इतिहासकाल देखि राजदरवार, राजकाज आदिबाट विमुख छैनन् । स्वयं जयस्थिति मल्लकै शासनकाल र त्यो भन्दा अघि महिषपाल वंशको शासनको शासनकालदेखि राज्यको केन्द्र भागमा नै रहदै आएका छन् । तराईका पिछडिएको समुदाय र वर्ग माथि यिनीहरु सधैं शासित होईन शासक हुँदै आएको पाईन्छ । तसर्थ उल्लेखित जातिहरुलाई समावेशीकरणको आरक्षणमा "मधेशी"को नामबाट स्थान दिंदा अन्य

पिछडिएको समुदाय र वर्ग माथि शोषण हुन जान्छ । तसर्थ उल्लेखित जातिहरुलाई समावेशीकरणबाट हटाउनु पर्दछ । त्यस्तै पहाडी क्षेत्रका जनजाति मध्ये कुल जातिगत संख्या भन्दा सम्पन्नता र राज्य सुविधाको उपभोगका आधारमा जनजातिमा कहलिएका नेवार, लिम्बु, गुरुङ्ग, राई र थकाली जस्ता जाति कुल संख्याको आधारमा राज्यको सुविधा भोग गर्ने र सम्पन्नतामा अन्य भन्दा जनजाति भन्दा माथिल्लो स्तरमा रहेकाले उनीहरुलाई समावेशीकरणको आरक्षण दिने विद्यमान कानूनी व्यवस्थाले र संविधानसभाको संरचनाले अन्य पिछडिएका जनजातिहरु माथि यिनीहरुको शासक हुने महत्वकांक्षा देखिन्छ । यो संरचनाले जनजातिलाई माथि उठ्ने मौका दिदैन । तसर्थ चेपाङ्ग, राउटे, भुजेल जस्ता जातिहरु र वर्गीय रुपमा समेत विपन्न भएका समुदायलाई माथि उठाउन जातिगत आधारमा सम्पन्न देखिने उल्लेखित जनजातिहरुलाई पनि समावेशीकरणमा आरक्षीत गराउनु हुँदैन । तर संविधानसभाको वर्तमान संरचनामा यस्तै भएकाले विद्यमान कानूनी व्यवस्था र संविधानसभाको समावेशी संरचना गलत छ । पहिलो संविधानसभा (२०६४) असफल हुनाको एउटा मूल कारण उल्लेखित उपल्लो वर्गका मधेशी समुदायको तथा सम्पन्न जनजातिको घनिभूत उपस्थिति र भूमिका पनि हो । उनीहरुको जातिगत स्वार्थ र क्रियाकलापका कारण दोस्रो संविधानसभाको निर्वाचनमा जनताले सुधार गर्ने प्रयास गरेका भए पनि सोही संरचना कायम रहेकाले उल्लेख्य उपलब्धि भने हासिल हुन सकेन । यदि तराईका उल्लेखित उच्च घरानीया तथा जनजातिका नाममा आएका उच्च वर्गका उल्लेखित जातिहरु समावेशीकरणमा पर्दैन थिए भने त्यसै वेला (२०६४) कै संविधानसभाले संविधान निर्माण गरी सक्ने थियो । खास गरी पच्चिमा मुलुकहरुको सम्पर्कमा आएका जनजातिको नेतृत्वगर्नेहरु तथा भारतीय स्वार्थमा जानी नजानी देखिन जाने तराईका उपल्ला जातिहरुको महत्वकांक्षा र स्वार्थको कारण संविधानसभा (२०६४) असफल भएको देखिन्छ ।

७. माओवादी जनयुद्ध सुरु भएपछि खासगरी वि.सं.२०५७ सालमा दोस्रो राष्ट्रिय सम्मेलन पश्चात प्रान्तीय राज्यको अवधारणा अघि सारेपछि जातीय अवधारणा अघि आयो । तथापि सुरुका दिनमा तराईमा ५ प्रदेश र पहाडमा ८ प्रदेश गरी १३ प्रदेशमा नेपाललाई प्रान्तीय राज्य वनाउने परिकल्पना गरेको थियो । प्रान्तीय राज्यको संरचनालाई गलत मानिएन । तर पछिल्ला दिनमा उसको पटक पटक उसको राज्य संरचनाको अवधारणामा परिवर्तन आयो । खासगरी जनयुद्ध कालमा केही पच्चिमा शक्तिशाली राज्यले लगानी गरेका संस्थामा क्रियाशील व्यक्तिहरु सम्पर्कमा पुगेपछि जातीय राज्यको अवधारणाले वढी स्थान पाउन थाल्यो । माओवादीले अघि सारेका एजेण्डाहरुमा कतिपय सवालमा देशको राजनीतिमा ग्रामिण क्षेत्रमा मृत प्राय भएका कांग्रेस एमाले

जस्ता शक्तिहरु पनि लतारिएर पुगे । यति भएपनि नेपालको अन्तरिम संविधान २०६३ जारी हुँदा संघीय राज्य प्रणालीको वारेमा चर्चा भएन । तर तराईमा भएको विद्रोहको परिणाम संघीय संरचनामा जाने कुरा संविधानमा नै उल्लेख भयो । २०६३ सालमा भारतको पटनामा भएको वैठकको निर्णय स्वरुप मधेश विद्रोह भएको र सो विद्रोहकै परिणाम मधेश प्रदेशको नारा समेत उठ्न गयो । मधेश विद्रोहलाई मधेशी समुदायप्रति अरु समुदायको उपेक्षाभावको परिणाम भनेर त प्रचार गरियो । तर वि.सं.२०७० सालमा भएको संविधानसभाको दोस्रो निर्वाचनले त्यसलाई लगभग अस्वीकार गरि दियो । त्यसैले स्वायत्त मधेश प्रदेश र मधेशी पहिचानको सवाल नेपाली राष्ट्रियता भन्दा पनि भारतीय स्वार्थको परिणाम हुन सक्ने वलियो अनुमान यस अध्ययनले गरेको छ । माओवादी परिकल्पनामा आएको समावेशी अवधारणामा पच्चिमा मुलुकहरुको स्वार्थको छाँया देखिन्छ । तसर्थ विद्यमान समावेशी अवधारणा ठीक छैन । राष्ट्रिय हितका दृष्टिकोणले पनि ठीक छैन भन्ने कुरा अध्ययनले देखाएको छ ।

८. वर्गीय असन्तुलनलाई न्युन गर्ने योजनाका साथ लैंङ्गिक विभेद अन्त्य गर्ने, वर्गीय असन्तुलनलाई आधार मानी जातीय विभेद अन्त्य गर्ने, त्यसमा पनि पानी चल्ने र नचल्ने जातिको वीचको विभेदलाई न्युन गर्ने कार्यक्रमका साथ आउने समावेशी अवधारणा, पछ्यौटे र कमजोर वर्गका जनजाति र उच्च वर्गका जनजातिहरुलाई एउटै जनजातिको सूचीमा नराखि उच्च वर्ग र तहका मधेशी र तल्लो वर्ग र तहका मधेशीहरुलाई एउटै मधेशी समावेशीको सूचीमा नराखि फरक फरक गरी समावेशीकरणको नियम वनाई विपन्न र वास्तविक वहिष्करणमा परेका पछ्यौटे र तल्लो वर्गलाई समेटेर आरक्षण दिने प्रकृतिको समावेशीकरणले मात्र वास्तविक न्याय दिने र सामाजिक द्वन्द्वलाई न्युन गर्दै दिगो शान्ति स्थापना गर्न सक्छ भन्ने यस अध्ययनले देखाएको छ ।

विषय-सूची

सिफारिस पत्रI

अनुमोदनII

प्रतिवद्धता पत्रIII

प्राक्कथनIV

शोधसारVI

अध्याय : १

शोध परिचय

१.१. पृष्ठभूमि १

१.२. समस्याको कथन ४

१.३. अध्ययनको उद्देश्यहरू५

१.४. अध्ययनको सीमा६

१.५. अध्ययनको औचित्य७

१.६. पूर्वकार्यको समीक्षा७

१.७. अध्ययन विधि१९

१.७.१. अवधारणात्मक संरचना १९

१.७.२. अध्ययनको तरिका २०

१.७.३. नमूना प्रश्नावली २०

१.७.४. अन्तरवार्ता२१

१.७.५. स्रोत समग्री २१

१.७.६. तथ्याङ्कको प्रस्तुती २२

१.७.७.सामग्रीहरुको विश्लेषण २२

१.७.८.प्रस्तुतीको भाषा२३

१.८. शोधप्रवन्धको रुपरेखा २३

अध्याय : २

नेपालको सन्दर्भमा संविधानसभाको उठान, प्रसङ्ग र माग

२.१. मानव सभ्यताको विकास र संविधान २६

२.२. संवैधानिक विकास २८

२.३. संविधानसभाको प्रसंग र उठान३१

२.४. किन भएन त संविधानसभाको निर्वाचन ? ३३

२.५. विवाद : संसद कि संविधानसभा ? ३५

२.६. नेपाली कांग्रेस भित्र संविधानसभाको सवाल ३९

२.७. नेकपा (एमाले) र संविधानसभा४४

२.८. माओवादी माग र संविधानसभा ५९

२.९. संविधानसभा के कम्युनिष्ट एजेण्डा हो ? ६६

२.१०. नेपाली राजनीति : संविधानसभा तर्फ ६७

अध्याय : ३

विश्वका केही देशहरुका संविधानसभासँग नेपालको संविधानसभाको तुलनात्मक अध्ययन

३.१. राजनीतक व्यवस्थाहरू७३

३.२. संविधान र संविधानसभा ७६

३.२.१.विश्वका केही देशहरुका संविधानसभाहरु७८

३.२.१.१.अमेरिकीसंविधानसभा७८

३.२.१.२.दक्षिण अफ्रिकाको संविधानसभा८२

३.२.१.३.भारतीयसंविधानसभा८४

३.२.१.४ केन्याको संविधानसभा८५

३.२.१.५. फ्रान्सको संविधानसभा८६

३.२.१.६. नर्वेको संविधानसभा८९

३.२.१.७. रुसको संविधानसभा८९

३.२.१.८. लक्जेम्वर्गको संविधानसभा९१

अध्याय : ४

नेपालको विधायिकाहरुको इतिहास र समावेशी संरचना

४.१. समावेशीको अर्थ ९४

४.२. नेपालको सन्दर्भमा समावेशीकरणको सवाल९६

४.३. नेपालमा समावेशी संरचनाको माग १००

४.३.१. जातजाति १०३

४.३.२. वर्गीय समावेशीताको सवाल१०५

४.३.३. लैङ्गिक सवाल १०७

४.३.४. क्षेत्रीय वा भू-धरातलीय सवाल १०७

४.४. व्यवस्थापिका१०८

४.४.१. नेपालको विधायिकाको समावेशी संरचना १०९

४.४.२. नेपालमा व्यवस्थापिकाको इतिहास र समावेशी अवस्था ११२

४.४.३. व्यवस्थापिकामा समावेशी अवस्था १२३

अध्याय : ५

नेपालमा संविधानसभाको निर्वाचन २०६४ मा समावेशी अवस्था

५.१. पृष्ठभूमि १३२

५.२. माओवादी मागका रुपमा संविधानसभा १३४

५.३. संविधानसभा साझा एजेण्डाको रुपमा १३६

५.४. संविधानसभाको आधार १३७

५.४.१. संवैधानिक गतिविधि १३९

५.४.२. अन्तरिम संविधानको घोषणा १४१

५.४.३. अन्तरिम मन्त्रिपरिषद १४२

५.४.४. आठ दलवीच भएको राजनीतिक सहमति१४३

५.४.५. राजतन्त्र विरुद्ध सहमति प्रयास१४७

५.४.६. वामपंथी सहमति १५०

५.४.७. भारतीय सक्रियता १५१

५.४.८. एमाले माओमादी सहमति १५१
५.४.९. चुनाव गर्न सहमति र विदेशी चासो १५२
५.४.१०. गणतन्त्रको संविधान१५५
५.४.११. सात दलवीचको २३ वुँदे सहमति१५७
५.४.१२. गणतन्त्रात्मक देशको घोषणा र निर्वाचनको निश्चितता १६२
५.५. संविधानसभाको निर्वाचनको गतिविधि१६७
५.५.१.संविधानसभा अदालत गठन र उम्मेदवारी दर्ता१६८
५.५.२. उम्मेदवारीमा समावेशीताको स्थिति१७४
५.५.३. निर्वाचनमा भाग लिने केही राजनीतिक दलहरू र निर्वाचन चिन्ह १८४
५.५.३.१. नेकपा (माओवादी): गोलाकार घेरा भित्र हसिँया हटौडा१८४
५.५.३.२.नेकपा (एमाले): सूर्य१८६
५.५.३.३. नेपाली कांग्रेस: रुख१८८
५.५.३.४. जनमोर्चा: पाँचकुने तारा१९०
५.५.३.५. नेपाल मजदुर किसान पार्टी: मादल१९०
५.५.३.६. नेकपा (माले): हसिँया तारा१९१
५.५.३.७. नेकपा (एकीकृत): दियो१९२
५.५.३.८. नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी): त्रिशुल१९३
५.५.३.९. राष्ट्रिय जनमोर्चा: गिलास१९४
५.५.३.१०. मधेशी जनअधिकार फोरम: हातले समातेको मसाल१९५
५.५.३.११. राष्ट्रिय प्रजातन्त्र पार्टी: हलो१९५
५.५.३.१२. राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल: गाई१९६
५.५.३.१३. राजपा: छाता१९७
५.५.३.१४. लोकतान्त्रिक समाजवादी दल: कल१९७
५.५.३.१५. नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी): कोदालो१९८
५.५.३..१६. नेपा: राष्ट्रिय पार्टी: खड्ग१९९
५.५.३.१७. दलित जनजाति पार्टी: जग१९९

अध्याय : ६

समावेशी दृष्टिकोणमा नेपालको संविधानसभा २०६४को संरचना

६.१. पृष्ठभूमि२०२

६.२. समावेशीताको सैदान्तिक पक्ष२०४

६.३. मधेशी२०५

६.४. दलित २१४

६.५. आदिवासी जनजाति२१६

६.६. पिछडिएको क्षेत्र २१९

६.७. अन्य २१९

६.८. समावेशीताका आधारहरु २२१

६.८.१. जातिगत अवस्था २२२

६.८.२. क्षेत्रगत अवस्था २२६

६.८.३. वर्गीय अवस्था २२७

६.८.४. लैंङ्गिक अवस्था२३१

अध्याय : ७

निष्कर्ष

७.१.शोधको उपलब्धि २३८

७.२. नेपालमा संविधानसभाको प्रसङ्ग र स्थापना२३८

७.३. संविधानसभामा भारतीय स्वार्थ २४०

७.४. नेपालमा संविधानसभा गठनको उदेश्य २४२

७.५. संविधानसभा र समावेशीता २४६

७.५.१. जातिगत आधार २४७

७.५.२. क्षेत्रगत आधार २५०

७.५.३. लैंङ्गिक आधार २५१

७.६. जातिगत भिन्नता २५४

७.७. क्षेत्रगत भिन्नता२५७

७.८. वर्गीय भिन्नता २५७
७.९. लैंङ्गिक भिन्नता २५८
७.१०. नेपालमा अपनाईनु पर्ने समावेशीता २५९
७.११. संविधानसभा असफल हुनुका कारणहरु २६१

परिशिष्ट

परिशिष्टः १/संविधानसभा २०६४ को नामावली २६६

परिशिष्ट : २/शोधकार्य प्रश्नावली२८४

परिशिष्ट : ३/संविधानसभा २०७० को नामावली २८५

परिशिष्ट : ४/संविधानसभा २०६४ र २०७० मा दलगत प्रतिनिधित्व३०२

अन्तरवार्ता सूची ३०३

सन्दर्भ ग्रन्थ सूची३०४

तालिका सूची

तालिका : १/रुसको संविधानसभा९०

तालिका : २/वि.सं.२०५६ सालको निर्वाचनबाट गठित प्रतिनिधिसभा १०६

तालिका : ३/वैधानिक कानून मस्यौदा समिति११३

तालिका : ४/सल्लाहकार सभाको गठन ११४

तालिका : ५/वि.सं.२०१५ सालमा प्रतिनिधिसभाबाट महासभामा निर्वाचित११५

तालिका : ६/वि.सं.२०१५ सालमा प्रतिनिधिसभा सदस्यहरु११५

तालिका : ७/वि.सं.२०१५ सालमा प्रतिनिधिसभा सदस्यहरुको क्षेत्रगत प्रतिशत११६

तालिका : ८/संविधानको तेस्रो संशोधन हुनु भन्दा ठीक अगाडीसम्मको राष्ट्रिय पञ्चायत सदस्यहरुको जातीय तथा लिङ्गीय उपस्थिति ११७

तालिका : ९/वि.सं.२०३८सालमा राष्ट्रिय पञ्चायत सदस्यहरुको जातीय तथा लिङ्गीय परिणाम १२०

तालिका : १०/वि.सं.२०३९ सालमा राष्ट्रिय पञ्चायतमा मनोनित सदस्यहरुको प्रतिशत१२१

तालिका : ११/वि.सं.२०४३ सालमा निर्वाचित प्रतिनिधिहरुको लैङ्गीक तथा जातीय उपस्थिति १२२

तालिका : १२/वि.सं.२०४३ सालमा राजाबाट मनोनित अवस्था १२२

तालिका : १३/वि.सं.२०४८, २०५१ र २०५६ सालमा जातिगत प्रतिनिधित्व १२३

तालिका : १४/वहुदलिय शासनकालको १५ वर्षे कार्यकालमा महिला सहभागिता १२४

तालिका : १५/संविधानसभा२०६४को निर्वाचनमा प्रत्यक्षतर्फ महिला, जनजाति, मधेशी र दलित१७५

तालिका : १६/फिल्ड सर्वे प्रत्यक्ष प्रश्नावलीको जवाफ २०७

तालिका : १७/राज्यका विभिन्न निकायमा सुविधा भोग गरिरहेकाजातिहरुको अवस्था२१७

तालिका : १८/फिल्ड सर्वे प्रश्नावलीको उत्तर२२१

तालिका : १९/जातीय तुलनात्मक प्रतिनिधि २२३

तालिका : २०/संविधानसभा २०६४ मा जातीय, लिङ्गीय अवस्था२२३

तालिका : २१/संविधानसभा २०६४ र २०७० मा जातीय तुलना २२६

तालिका : २२/संविधानसभा २०६४ मा क्षेत्रगतउपस्थिति २२६

तालिका : २३/संविधानसभा २०६४ मा वर्गीय उपस्थिति २२८

तालिका : २४/पार्टीगत वर्गीय समावेशीता २२९

तालिका : २५/संविधानसभा २०६४ मा प्रत्यक्ष, समानुपातिक, मनोनीत २३०

तालिका : २६/संविधानसभा २०६४ र २०७० मा वर्गीय तुलना २३१

तालिका : २७/महिला प्रतिनिधि अवस्था २३२
तालिका : २८/संविधानसभा २०६४ को संविधानसभाका महिला प्रतिनिधि २३३
तालिका : २९/संविधानसभा २०६४ मा दलगत महिला प्रतिनिधित्व २३४
तालिका : ३०/संविधानसभा २०६४ मा उमेर समूह २३६

संक्षिप्त शब्द सूची

APA	Americam Spyclogicle Associtionn
CAUCUS	A group of all the members of a legislature from the same party
CPN	TheCommunist Party of Nepal
CPN (ML)	TheCommunist Party of Nepal (Marxism-Leninism)
CPN (M)	TheCommunist Party of Nepal (Maoist)
CPN (UML)	The Communist Party of Nepal (UnifiedMarxism-Leninism)
TU	Tribhuvan University
UCPN (Maoist)	Unified Communist Party of Nepal (Maoist)
एनेकपा (माओवादी)	**एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माआवादी)**
गा.वि.स.	**गाउँ विकास समिति**
नेकपा	**नेपाल कम्युनिष्ट पार्टी**
नेकपा (एमाले)	**नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी)**
नेकपा(माले)	**नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)**
नेकपा(माओवादी)	**नेपाल कम्युनिष्ट पार्टी (माओवादी)**
नेमकिपा	**नेपाल मजदुर किसान पार्टी**
नेरावुसं	**नेपाल राष्ट्रिय वुद्धिजीवी संगठन**
त्रि.वि.	**त्रिभुवन विश्वविद्यालय**
जवरा जङ्गवहादुर राणा	
तमलोपा	**तराई मधेश लोकतान्त्रिक पार्टी**
तमसपा	**तराई मधेश सद्भावना पार्टी**
मजअफो	**मधेसी जन अधिकार फोरम**
राजपा	**राष्ट्रिय जनशक्ती पार्टी**
राप्रपा	**राष्ट्रिय प्रजातन्त्र पार्टी**
वि.सं.	**विक्रम सम्वत्**

अध्याय : १

शोध परिचय

१.१. पृष्ठभूमि

नेपालको सन्दर्भमा संविधानसभाको प्रसङ्ग वि.सं.२००७ सालको राणा विरोधी आन्दोलनकै समयदेखि उठ्दै आएको भएपनि विभिन्न बाधा अवरोधका बाबजुद वि.सं.२०६४ सालमा आएर ५७ वर्ष पछि त्यसले मूर्तरूप लिने मौका पऱ्यो । राणा शासन विरोधी आन्दोलनको सन्दर्भमा भारतको दिल्लीमा तत्कालीन भारतीय प्रधानमन्त्री जहारुलाल नेहरूको मध्यस्थतामा राणाका प्रतिनिधि, राजा त्रिभुवन तथा नेपाली कांग्रेसका प्रतिनिधिहरूका बीचमा भएको दिल्ली सम्झौंतापछि राणा प्रधानमन्त्री मोहन शम्सेरले २४ पौष, २००७ सालमा गरेको घोषणा तथा वि.सं.२००७ साल फागुन ७ गतेका दिन राजा त्रिभुवनको शाही घोषणामा नेपालमा दुई वर्षभित्र संविधानसभाको निर्वाचन गरिने घोषणा गरिएको थियो । यो घोषणा हुँदा भारत र पाकिस्तानमा त्यस वेला आएको परिवर्तनको प्रभाव परेको महशुस गर्न सकिन्छ । भारतीय दवाव, सशस्त्र युद्धको प्रभाव र जनतामा देखिएको आन्दोलनको भावनाले राजतन्त्र नै समाप्त हुनु पर्ने सम्भावनादेखि राजाबाट त्यस वेला संविधानसभाको निर्वाचन गराउने घोषणा भएको भएपनि पछिल्ला दिनहरूमा यसलाई मूर्तरूप दिन कसैबाट पनि पहल नभएका कारण संविधानसभाको निर्वाचन हुन सकेन ।[१] तथापि राजाले संविधानसभाको निर्वाचन गराउने खालका कुनै पनि व्यक्ति वा पार्टीहरूलाई सरकार वनाउनबाट रोकेका घट्नाहरूले राजाको इच्छा सो निर्वाचनको पक्षमा नभएको देखिन्छ । यसका लागि त्यस वेला राजा मात्र होईन, आपसमा मेलमिलाप गर्न नसक्ने राजनीतिक दलहरूको सँस्कार तथा गतिविधि र दलहरूभित्रै पनि विभिन्न फुट हुन गएका गुटहरूका कारण पनि त्यसवेला संविधानसभाको निर्वाचन हुन सकेन । वि.सं.२०११ साल फागुनको अन्तिम दिनमा राजा त्रिभुवनको स्विजरल्याण्डमा मृत्यु भएपछि महेन्द्र नेपालका राजा भए । महेन्द्रले आफू राजा हुनासाथ कानूनमा व्यवस्था भएको मर्यादाक्रमको सूचिबाट संविधानसभाको अध्यक्ष तथा सदस्यहरूको स्थान खारेज गरेर संविधानसभाको निर्वाचनमा नजाने संकेत दिएका थिए । त्यसपछि महेन्द्रले संविधानसभाको निर्वाचन नगर्ने मनसाय राखेर काम गर्न थाले ।[२] राजनीतिक दलहरू बीचमा भएको वेमेलको वातावरण, नेताहरूमा देखिएको अवसरवादी चरित्र तथा दलीय स्वार्थ जस्ता

---

[१]. B.C. Upreti (2010), *Nepal transition to democratic republican state*, Delhi: Kalpaz Publication, p. 14.

[२]. *Ibid*.

कुराहरूबाट राजाले फाईदा उठाएर संविधानसभाको निर्वाचन नगराउने दिशातिर कदम चाले । यसै सन्दर्भमा अन्ततः राजा महेन्द्र गद्धीमा आएपछि प्रधानमन्त्री वनाईएका टंकप्रसाद आचार्यले विरगञ्जमा भएको उनको पार्टी प्रजापरिषदको वार्षिक सम्मेलनमा नै संविधानसभाको होईन नेपालमा संसदको निर्वाचन हुने भाषण गरेर संविधानसभाको निर्वाचनमा प्रश्न खडा गरे । तर उक्त अभिव्यक्ति प्रधानमन्त्रीको मौलिक नभएर राजाको विचार उनले बोलिदिएका थिए । राजनीतिमा संविधानसभा या संसद भन्ने कुरा मात्र उठेन यो विषय अदालतमा मुद्धा नै पऱ्यो तर राजाको इशारामा अदालतले संविधानसभाको पक्षमा मुद्धा दायर गर्ने वी.पी.कोइरालालाई हराई दिएपछि संविधानसभाको कानूनी बाटो नै बन्द भएको थियो । अन्तमा अन्तरिम शासन विधान २००७ मा संशोधन गरेर संविधानसभा निर्वाचनको ठाँउमा संसदको निर्वाचन गराउने उल्लेख भई राजाद्वारा दिईएको संविधानको आधारमा संसदको निर्वाचन हुन गयो र त्यसवेला संविधानसभाको माग थाति रहन गयो । नेपालको राजनीतिमा संविधानसभाको माग हराएको थिएन । वि.सं.२०१७ देखि २०२५ साल सम्मको सेरोफेरोमा पुग्दा नेपालको कम्युनिष्ट आन्दोलन धेरै टुक्रामा विभाजित भएको थियो । आन्दोलन भित्रको कुनै न कुनै समूह वा नेताले समय समयमा संविधानसभा नेपालमा स्थापना हुनु पर्ने कुरामा आवाज उठाउँदै आएका थिए । राजा महेन्द्रले २०१७ सालमा आफ्नो हातमा शासन लिएपछि मुलुकका सवै राजनीतिक दलहरू माथि प्रतिवन्ध लगाएका थिए । यही राजनीतिक अवस्थामा भारतको दरभङ्गामा नेपाल कम्युनिष्ट पार्टीको विस्तारित वैठक वसेको थियो । सो वैठकमा प्रस्तुत भएका तिन वटा कार्यनितिक प्रस्तावहरू मध्ये मोहन विक्रम सिंहले प्रस्तुत गरेको संविधानसभाको निर्वाचन सम्बन्धि प्रस्ताव नै पारित भएको थियो । पार्टीको तेस्रो महाधिवेशन (सन् १९६२) मा पनि यो प्रस्ताव प्रस्तुत गरिएको थियो । त्यसपछि विभाजित नेपालको कम्युनिष्ट आन्दोलनमा मोहन विक्रम सिंहले नेतृत्व गरेको समूहले धेरै पछिसम्म पनि यही मागलाई अघि सारी रह्यो । वि.सं.२०४२ सालमा नेपाली कांग्रेसले सत्याग्रह आन्दोलन गरेको समयमा केही वामपंथी समूहहरूले पनि मोर्चा वनाएर आन्दोलनमा गएका थिए तर मोहन विक्रम सिंहको समूह भने आन्दोलनमा माग संविधानसभाको नभएको भनेर आन्दोलनमा गएन । २०४६ सालको जनआन्दोलनको समयमा त्यसवेला संयुक्त वाममोर्चा तथा नेपाली कांग्रेसले गरेको संयुक्त आन्दोलनमा संविधानसभाको निर्वाचनको माग गरिएको थिएन । तर यिनीहरू भन्दा फरक मोर्चा वनाएर सात वामपंथि दलहरूले तयार गरेको मोर्चा "संयुक्त राष्ट्रिय जन आन्दोलन संयोजन समिति"ले भने संविधानसभाको माग उठाईरहेको थियो । उसको मागमा सहमति नभएकै कारण उसले त्यसपछि बनेको संविधान (२०४७) लाई स्वीकार गरेन । त्यसवेला नेकपा (मसाल-प्रचण्ड, मोहन वैद्यको नेतृत्वमा रहेको) संविधानसभाको मागका विषयमा

सहमत नभए पनि नेकपा (मसाल-मोहन विक्रमको नेतृत्वमा रहेको) भने त्यसै मागको सेरोफेरोमा रहेको र पछि नेकपा (मसाल) मा विभाजन आएपछि वावुराम भट्टराई समेतको "क्रान्तिकारी मसाल" मशालमा सामेल हुन गएपछि त्यहाँ पनि संविधानसभाको मागले स्थान पाउन थाल्यो । वि.सं.२०५२ साल माघ २१ गते तत्कालीन संयुक्त जनमोर्चाले प्रधानमन्त्री समक्ष प्रस्तुत गरेको ४० सूत्रीय मागमा एउटा बुँदा संविधानसभाको निर्वाचन गराईनु पनि थियो । २०५२ साल फागुन १ गते देखि नेकपा (माओवादी)ले सशस्त्र जनयुद्धको घोषणा गर्दै हिंसात्मक आन्दोलनको थालनी गऱ्यो । यो विद्रोहले तिब्र विकास गर्न सके पनि युद्धकै माध्यमबाट राज्यसत्ता कव्जा गर्ने अवस्थामा नपुगिने अनुभूति गर्दै २०५७ सालमा सम्पन्न माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनले राजनीतिक संकटको निकास संविधानसभा हुन सक्ने अवधारणा अघि सार्‍यो । यो अवधारणालाई संसदवादी दलका रूपमा चिनिएको जनमोर्चा नेपालले पनि ठीक भएको ठहर गर्न पुगेको थियो । माओवादी विद्रोहलाई शान्तिपूर्ण अवतरण गराउन सरकार र विद्रोही पक्षका बीचमा पटक-पटक वार्ता भयो । वि.सं.२०५९ सालमा शेरवहादुर देउवाले नेतृत्व गरेको सरकारसँग वार्तामा वस्दा होस् या लोकेन्द्रवहादुर चन्द वा सूर्यवहादुर थापाले नेतृत्व गरेको सरकारसँग वार्तामा वस्दा होस् माओवादीले संविधानसभाकै मागलाई अघि सारेका थिए । तर त्यस वेला संसदको पुर्नस्थापना त नचाहने राजाको शासनमा संविधानसभाको निर्वाचनको कुरा वेकार त छँदै थियो संसदवादी दलहरू पनि सो मागमा सहमत भएनन् र राष्ट्र सो मागमा प्रवेश गर्न सकेन । संविधानसभाको माग केवल माओवादी मागको रूपमा मात्र सिमित हुन पुग्यो । विद्रोहको स्थिति, देशमा भएका विभिन्न जाति, आदिवासी जनजाति तथा नागरिक समाजले उक्त मागलाई सम्बोधन गर्नु पर्ने आवाज उठाउन थालेपछि मुलुक भने संविधानसभाको मागको पक्षमा प्रवेश गर्न थाल्यो । राजाले वि.सं.२०६१ साल माघ १९ गतेको घोषणाबाट देशको सारा वागडोर आफ्नो हातमा लिएपछि भने संसदवादी दलहरू र माओवादी बीचको दुरी कम हुन गयो । माओवादी र संसदवादी दलहरू बीच भएको वार्ताको परिणाम स्वरूप २०६१ साल मंसिर ७ गते भारतमा १२ बुँदे समझदारी भएपछि संविधानसभाको माग संसदवादी दलहरूको पनि माग वन्न गयो र यस मागले निश्चित आकार लिन पुग्यो । त्यही मागलाई उठाएर २०६२/०६३ को जनआन्दोलन भयो र आन्दोलनको सफलताको परिणाम स्वरूप २०६४ साल चैत्र २८ गते नेपालमा संविधानसभाको पहिलो निर्वाचन भयो ।

उक्त निर्वाचनमा उठेका सवालहरु मध्ये समाजमा राज्यको नीति निर्माण गर्ने तहमा वा राज्यको मूल प्रवाहमा बहिस्करणका कारणले समावेश नभएका समुदायलाई समावेशीकरण र ती ठाँउहरूमा समावेश गर्ने प्रवन्ध वा परिपाटीको ढोका खुल्ला भयो । नेपालमा माओवादी विद्रोहको

समयमा जाति, वर्ग, क्षेत्र र लिङ्गका आधारमा समाजमा सामाजिक विभेद भएको कुरालाई उठाउदै विभेदको अन्त्यका लागि नै विद्रोह गरिएको सन्देश दिएर विद्रोहको विकास गरिएको थियो । माओवादी विद्रोहको विकासको कारण केवल राजनीतिसँग मात्र सरोकार भएको विषय नबनी सामाजिक तथा अन्य विभेदको सँस्कार र परम्पराको अन्त्यका लागि पनि सरोकारको विषय बनेको थियो । यही अवधारणाको प्रभावमा आएर नेपाली समाजमा पिछडिएका जाति, वर्ग तथा क्षेत्रका मानिसहरू तथा अत्याधिक मात्रामा महिलाहरूले विद्रोहमा जीवनको परवाह नराखी सामेल भए । माओवादी विद्रोहमा महिलाहरूको उल्लेख्य सैन्य दस्ता नै भएकाले परम्परावादी सरकारी नेपाली सेनामा पनि महिलाहरूलाई समावेश गराउने चलन सुरु भयो । यस कारण पनि माओवादी विद्रोहको विकासको मुल कारण यसले अघि सारेको समावेशी अवधारणा नै थियो । जुन समयले नै माग गरेको विषय बन्दै गएको थियो । यो विद्रोहले शान्तिपूर्ण धारमा रूपान्तरण गर्नु भन्दा पहिले देखिनै समाजले समावेशी राज्य संरचनाको ब्यापक माग गर्न थालेका थिए । राजाले शासन हातमा लिएर काम गर्न थालेपछि आन्दोलन उठाउन नेपालका अन्य राजनीतिक दलहरूले पनि समावेशी प्रजातन्त्रको वकालत गर्न थालेका थिए । त्यसैको परिणाम स्वरुप नेपालमा संविधानसभाको पहिलो निर्वाचन २०६४ मा हुँदा पनि समानुपातिक निर्वाचन प्रणाली र समावेशी संरचनाको परिकल्पना गरिएको थियो । नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरे जस्तै नेपालमा भएको संविधानसभाको निर्वाचनपछि स्थापित विधायिका तथा संविधानसभाको अंगको समावेशी संरचनाले भावी मुलुकको भाग्य समेत कोर्ने भएको र भावी संविधान निर्माण गर्ने भएकाले यो कतिको पूर्ण समावेशी थियो र यसले भविश्यमा कस्तो समावेशी संरचना मुलुकलाई दिन सक्छ भन्ने कुरा अध्ययन गर्न जरुरी छ । विगतका अनेकौ द्वन्द्वका तितो अनुभव लिएको नेपाली समाजमा फेरि त्यस्तो दुःखद अवस्था भोग्न नपरोस् भन्ने आम नागरिकमा चाहना हुनु स्वभाविकै हो । त्यसैले भविश्यमा संविधान निर्माण हुँदा पनि त्रुटि भएमा त्यसलाई सुधार गर्न सकिने ध्येय राखेर संविधानसभाको संरचना वर्ग, जाति, लिङ्ग, भाषा, धर्म आदीका दृष्टिले कति समावेशी हुन सक्यो या सकन भन्ने कुराको अध्ययन गर्न "नेपालको संविधानसभा (२०६४)को संरचनामा समावेशी दृष्टिकोण" विषयको छनौट गरी सो विषयको अध्ययनका लागि प्रस्ताव प्रस्तुत गरिएको थियो ।

१.२. समस्याको कथन

प्रस्तुत अध्ययनमा दुई प्रकारका समस्याहरू देखिएका छन् (१) विषयगत र (२) कार्यगत । नेपालको सन्दर्भमा संविधानसभाको मागको उद्भव कसरी भयो ? संविधानसभाको निर्वाचन किन यस

भन्दा पहिले हुन सकेन ? संविधानसभाको निर्वाचन नेपालमा किन आवश्यक पऱ्यो ? समावेशी संरचनाको मागलाई संविधानसभामा कसरी संबोधन गरियो ? समावेशी भनेको के हो ? कुन परिस्थिति र परिप्रेक्षमा नेपालमा संविधानसभाको निर्वाचन हुन गयो र त्यसलाई समावेशीकरण गर्ने प्रयास गरियो? संविधानसभाको निर्वाचन २०६४ सालमा भएपछि गठन भएको संविधानसभा र यसको संरचना समावेशी वनाउने परिकल्पनालाई विद्यमान कानूनी व्यवस्था र त्यसको प्रयोगले समावेशी वनाउन सक्यो कि सकेन ? संविधानसभा पूर्ण समावेशी हुन सक्यो कि सकेन ? समावेशी नभएको अवस्थामा भविष्यमा मुलुकमा पर्ने प्रभाव कस्तो होला ? समावेशी राज्ययन्त्र निर्माण गर्ने उद्देश्य के हो ? संविधानसभाको समावेशी संरचनाले पारेको प्रभाव के छ ? यदि नकरात्मक प्रभाव पर्न गएमा त्यसले निम्त्याउने परिणामको आँकलन कस्तो हुनेछ ? नकारात्मक परिणामलाई निरूपण गर्दै सकारात्मक दिशामा अघि जान कस्तो उपाय अवलम्वन गर्नु पर्ला ? यस्ता अनुत्तरित प्रश्नहरूको अध्ययन यसका विषयगत समस्याहरू हुन् भने यी प्रश्नहरूको जवाफका लागि सामग्री तथा तथ्यहरूको संकलन र तिनीहरूको अध्ययनबाट निस्किएका प्रस्तुती तथा कार्य सम्पादन गर्नु यसको कार्यगत समस्या हो । अध्ययनको समस्यालाई हल गर्न गरिएको उपायहरूलाई अध्ययन विधि मार्फत प्रष्ट पारिएकोछ । उल्लेखित समस्याका हरेक पक्षलाई हल गर्ने प्रयास यस अध्ययनमा गरिएकोछ ।

१.३. अध्ययनको उद्देश्यहरू

कुनै पनि कार्य पुरा गर्न खास उद्देश्य लिईएको हुन्छ । राजनीतिशास्त्रीय अध्ययनमा नेपालको संविधानसभाको आफ्नै महत्व रहेकोछ । त्यसमा पनि नेपालमा समावेशीताको प्रयोग पहिलो पटक संविधानसभा (२०६४)बाट सुरु गरियो । नेपालमा लामो समयसम्मको राजनीतिक अस्थिरता र हिंसात्मक द्वन्द्वलाई हल गर्ने उद्देश्यकासाथ संविधानसभाको निर्वाचन भएको थियो । तसर्थ संविधानसभाको स्थापना नेपालमा दिगो शान्तिको स्थापना तथा न्यायपूर्ण र समृद्ध राष्ट्र निर्माण गर्ने उद्देश्यले समावेशीता अवलम्वन गरिएको हुँदा उक्त समावेशीताका आधारहरू उद्देश्य अनुरूप नेपाली समाज निर्माण हुन सक्छ या सक्दैन भन्ने पक्षमा केन्द्रीत भएर गरिएको यस अध्ययनको उद्देश्यहरू निम्नानुसार रहेकाछन् ।

संविधानसभा (२०६४) अर्थात पहिलो संविधानसभाको समावेशी संरचनाका विषयमा गरिएको यस अध्ययनको उद्देश्यको वारेमा चर्चा गर्दा संविधानसभाको संरचना, यसले अङ्गिकार गरेको संरचनाले भावी संविधान, कानून तथा राज्य संरचनाको बाटो तय गर्ने भएकाले यसको समावेशी

संरचनाका विविध पक्षमाथि चर्चा गर्दै उक्त संविधानसभाको संरचनासँगै सुरु भएको समावेशीकरणले भावी दिनमा राष्ट्रलाई डोऱ्याउने वाटोको वारेमा स्पष्ट विश्लेषण गर्नु यसको उद्देश्य रहेको छ भने शोध अध्ययनमा निम्नानुसारका विशिष्ट उद्देश्यहरु रहेका छन् ।

विशिष्ट उद्देश्यहरू

(क) नेपालमा संविधानसभाको निर्वाचनको प्रसङ्ग निकै पुरानो भएपनि संविधानसभाको निर्वाचन २०६४ सालमा हुनाको कारणहरु प्रष्ट पार्दै संविधानसभाको स्थापनाको मूल उद्देश्य मुलुकमा दिगो शान्ति स्थापना र समावेशी राज्य संरचनाको स्थापना हो भन्ने कुराको विश्लेषणात्मक प्रस्तुती दिने ।

(ख) संविधानसभा समावेशी संरचनाको वारेमा ऐतिहासिक दृष्टिकोण र सन्दर्भ समेत उल्लेख गर्दै विविध कोणबाट विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्ने ।

(ग) नेपालमा समावेशीकरणको इतिहासमा सर्वप्रथम संविधानसभाको संरचनाबाट सुरु भएकाले नेपालको संविधानसभा (२०६४) को संरचनाको समावेशीकरण नेपाली समाजमा पार्ने प्रभाव वारे धारणाको प्रस्तुत गर्ने ।

१.४.अध्ययनको सीमा

प्रस्तुत अध्ययन मुलतः नेपालको संविधानसभा (२०६४)को समावेशी संरचनाका विषयमा केन्द्रित छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ७ मा व्यवस्था गरेको संविधानसभाको विषयमा केन्द्रीत भएर गरिएको छ । अझ प्रष्टरूपमा भन्नु पर्दा संविधानसभा पहिलो निर्वाचन २०६४ को संरचनाको विषयमा नै केन्द्रीत भएकोछ । यसो भन्दा यसको व्यवस्थापिकाको कार्य क्षेत्र पनि समावेश भएकाले त्यसको जिम्मेवारीको पनि सामान्य चर्चा गरिएकोछ । यसर्थ संविधानसभा सदस्य निर्वाचनको संरचना तथा त्यसका विविध पक्षहरू यस अध्ययनका सीमाभित्र रहेकाछन् । संविधानसभाको मागको उद्भव, संविधानसभावारे अन्य देशका अनुभवहरू, संविधानसभाको चर्चाको प्रकृयादेखि पहिलो निर्वाचन २०६४ र यसको संरचनासम्मका कुराहरूको अध्ययन यसको क्षेत्रभित्र पर्दछन् । यी कुराहरूका अतिरिक्त विषयसँग सम्बन्धित भएर आउने अरु जे जति छन् सवैलाई यसैको सीमा र क्षेत्रभित्र समेटिएकाछन् । यसरी प्रस्तुत अध्ययनको सीमा र क्षेत्र निर्धारण गरी अध्ययन गरिएको छ ।

१.५. अध्ययनको औचित्य

नेपालको समावेशी संरचना खासगरी संविधानसभाको समावेशी संरचनाकै विषयमा गरिएको अध्ययनको हकमा प्रस्तुत अध्ययन नितान्त नयाँ र पहिलो प्रयास हुनु पर्छ । कसैले पनि नछोएको विषयभित्र प्रवेश गरिएकोले यस अध्ययन यसैपनि औचित्यपूर्ण रहेकोछ ।

१.६. पूर्व कार्यको समीक्षा

शोधकार्य सम्पन्न गर्न विषय वस्तुसँग सम्वन्धित पूर्व रचित रचना तथा कार्यहरुको अध्ययन अनिवार्य हुन जान्छ । तसर्थ यस अध्ययनसँग सम्वन्धित पूर्व सम्पन्न कार्यहरुको समीक्षा यस प्रकार रहेकोछ :

Nepal: A study in constitutional change.[३] नामको पुस्तक नेपालमा भएको संवैधानिक परिवर्तनका विषयमा अध्ययन गरी लेखिएको पुस्तक हो । यस पुस्तकमा लेखकले प्रजातन्त्रको अर्थ लगाउँदै नेपालमा रहेको राजतन्त्र पनि प्रजातन्त्रमा आधारित भएको वताएका छन् । नेपाली इतिहासको प्राचीनकालमा रहेको किराँत शासन देखि सुरु गरिएको ऐतिहासिक वर्णन वि.सं.२००७ सालको राजनीतिक परिवर्तनसम्मको इतिहासलाई समेटेर प्रस्तुत पुस्तकले उक्त कालखण्डको जानकारी दिने काम गरेकोछ । नेपाली शासकका रूपमा पहिलो शासक किराँत वंशी भएको उल्लेख गर्दै सुरु गरिएको उक्त पुस्तकमा नेपाली राजनीति भन्दा इतिहासको पक्ष धेरै समेटिएकोछ । किराँतकालको समाप्तिपछि पाँचौं शताव्दीतिर नेपालमा लिच्छविहरूको शासनलाई प्रजातान्त्रिक शासनको गुण भएको कुरा उक्त पुस्तकमा उल्लेख गरिएकोछ । सक्रिय राजतन्त्रमा आधारित रहेको लिच्छवि तथा मल्ल शासनकाल दुवै जनपक्षीय प्रजातान्त्रिक भएको विचार पुस्तकले प्रवाह गरेकोछ । गोरखाली विजय अभियान पश्चात नेपाल एकीकरण भएको समयमा पनि मल्लहरूकै जस्तो हिन्दु धर्म र संस्कृति अनुरूपकै शासन शाह शासकहरूले पनि अवलम्वन गरेको तर त्यसको संकुचित प्रयोग भने राणा शासनमा गरिएको कुरा सो पुस्तकमा उल्लेख गरिएकोछ । राणा शासनलाई कुलिनतन्त्रको रूपमा चित्रित गर्दै उक्त शासनमा प्रजातन्त्रको अलिकतिपनि अंश नभएको भन्नेपनि उल्लेखछ । राणाहरूको कुलिन वर्गीय तानाशाही शासनका विरुद्ध जनतामा चेतनाको विकास हुँदै गएको परिणाम राणा विरोधी आन्दोलनको थालनी भयो र जनताको आक्रोशबाट सिर्जित आन्दोलनले १०४ वर्षीय राणा शासन समाप्त गर्दा नेपालमा संविधानसभाको निर्वाचन गराईने र उक्त संविधानसभाले

[३] . H.N. Agrawal (1980), *Nepal: A study in constitutional change,* Delhi : Oxford & I.B.H. Publishing company.p. 8.

संविधानसभाको निर्वाचन नगरेसम्म नेपालको शासन चलाउन अन्तरिम शासन विधान २००७ जारी गरिएको घटनासम्म उल्लेख भएकाले उक्त पुस्तक प्रस्तुत अध्ययनका लागि संविधानसभाको उठान कसरी र कहिलेदेखि भएको भन्ने कुराको जानकारी मात्र उक्त पुस्तकले दिएको छ । तसर्थ नेपालमा संविधानसभाको उठान कसरी कसले गरेको थियो भन्ने कुरा बुझ्न उक्त पुस्तक सहयोगी भएकोछ ।

नेपाली क्रान्तिका समस्याहरू भाग-१[४] नामक पुस्तक लेखकका विभिन्न समयमा लेखिएका लेखहरूको सङ्कलन हो । नेपालमा संविधानसभाको निर्वाचन र त्यसको स्थापना माओवादी विद्रोहको परिणाम हो भन्ने कुरा सर्वसत्य जाहेर भएकोछ । संविधानसभाको निर्वाचन गर्ने घोषणा गरिएपछि माओवादी विद्रोहको शान्तिपूर्ण राजनीतिमा अवतरण भएको थियो । माओवादी विद्रोहको उठान र औचित्यता, नेपाली राजनीतिका विविध पक्ष, वि.सं.२०४६ सालको राजनीतिक परिवर्तनपछि राजनीतिवारे माओवादी दृष्टिकोण आदि सवालमा तयार पारिएका वैचारिक लेखहरूको सङ्कलनको उक्त पुस्तकमा एउटा लेख संविधानसभाको विषयमा पनि लेखिएकोछ । उक्त पुस्तकको अध्ययनले माओवादी संविधानसभाको एजेण्डामा कसरी प्रवेश गऱ्यो भन्ने बुझ्नमा सहयोगी हुन आएकोछ ।

वि.सं.२०४६ सालको जनआन्दोलनपछि स्थापित व्यवस्था र सरकारले संविधान वनाउन तयारी गरेको र त्यस अघि र पछिको वैधानिक बाटोको विषयमा व्यवस्था गर्न लागेको विषयमा उक्त पुस्तकमा चर्चा गरिएकोछ । २०४६ सालमा संसदीय व्यवस्था स्थापनाको मागलाई तत्कालीन नेपाली कांग्रेस र संयुक्त वाम मोर्चाले स्वीकार गरी आन्दोदन गरेर संसदीय वैधानिक राजनीतिलाई स्थापना गर्न लागेको विषयप्रति उक्त पुस्तकमा काफी विमति जनाईएको छ र संयुक्त वाम मोर्चा भन्दा पृथक धारमा उभिएको अर्को कम्युनिष्टहरूको मोर्चा संयुक्त राष्ट्रिय जनआन्दोलन संयोजन समितिले संविधानका लागि संविधानसभाको माग गर्न थालेको थियो । उक्त संविधानसभाको मागलाई पुस्तकमा प्रचण्डका विचारले तिव्र आलोचना र कडा विरोध गरेको पाईन्छ । तसर्थ वि.सं. २०५३ सालमा जनयुद्धको घोषणा गर्दा माओवादी संविधानसभाको मागलाई लिएर सशस्त्र विद्रोहमा उठेको थिएन भन्ने बुझ्न अनुसन्धानकर्ताहरूका लागि उक्त पुस्तक सहयोगी हुन्छ ।

क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्ति[५] नामक पुस्तक नेपालमा चलेको माओवादी विद्रोह, नेपालको संसदीय राजनीतिक अवस्था, राजनीतिक दलहरूको विचार र दृष्टिकोण, नेपालमा माओवादी

---

[४] . प्रचण्ड (२०५२), *नेपाली क्रान्तिका समस्याहरू भाग-१*, केन्द्रीय प्रकाशन विभाग, नेकपा (माओवादी) ।

[५] . प्रकाश (२०५९), *क्रान्तिकारी मार्क्सवादी र नेपाली क्रान्ति*, नेपाल : केन्द्रीय प्रकाशन विभाग, नेकपा एकता केन्द्र ।

सशस्त्र विद्रोहबाट सिर्जना भएको समस्या, क्रान्ति र परिवर्तनका सवालहरू, माओवादीका माग र एजेण्डाहरू आदि विषयमा छलफल गर्दै प्रकाशित भएकोछ । तत्कालीन एकताकेन्द्र समूहका नेता प्रकाशका विचारहरूमा आधारित प्रस्तुत पुस्तकमा तत्कालीन संसदीय व्यवस्थामा लागेका राजनीतिक पार्टीहरू र विद्रोही माओवादीका गलत काम कारवाहीका सवालमा निकै विश्लेषणात्मक तरिकाले आलोचना समेत गरिएकोछ । संविधानसभाको माग किन उठाईयो ? कुन अवस्थामा उक्त माग आयो र उक्त मागलाई अस्वीकार गर्दा के परिणाम हुन्छ ? भन्ने प्रश्नहरूको उत्तर समेत खोजिएको विचारबाट उक्त पुस्तक प्रकाशित भएको पाईन्छ ।

राज्यसत्ताले देश र जनताका समस्यालाई समाधान गर्ने कुनै सम्बोधन नगरी भ्रष्टाचार, महंङ्गी, अभाव र वेरोजगारी समस्याबाट उत्पन्न संकटको परिणाम माओवादी विद्रोह सिर्जना भएको उल्लेख गर्दै संविधानसभाको माग तत्काल वन्दुकको वलमा मात्र क्रान्ति सम्पन्न हुन नसक्ने तर कुनै न कुनै अग्रगामी परिवर्तनको एजेण्डालाई स्थापित गर्नै पर्ने र विद्रोहलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउन संविधानसभाको माग उपयुक्त भएको भन्ने कुरा उक्त पुस्तकमा प्रष्ट लेखिएकोछ । संविधानसभाको माग पुरा गराउन के कस्ता उपाय अवलम्वन गरियो भन्ने बुझ्न उक्त पुस्तक सहयोगी वन्न गएकोछ ।

www.inclusivedemocracy.com[६] को एउटा अंकमा लेखक नाम उल्लेख नगरी Inclusive democracy का विषयमा छलफल गरिएकोछ । राज्यको निर्णायक तहमा नपुगेका वा वहिष्करणमा परेकाहरूलाई राज्यको हरेक निर्णायक तहमा उचित प्रतिधित्वसहित समावेश गरिने प्रणालीलाई समावेशी भन्ने गरिएकोछ भनी समावेशीताको अर्थ लगाईएकोछ । १० प्याराग्राफ पृष्ट लामो उक्त लेखमा पर्यावरणीय प्रजातन्त्रको विषयमा पनि चर्चा गरिएकोछ । समाज र प्रकृतिसँगको बीचको सम्वन्ध राख्ने मानवीय गतिविधिहरू सामुहिक र प्रजातान्त्रिक निर्णयमा निर्धारित हुने, निजी प्रभूत्वलाई कम गरेर सार्वजनिक प्रभुत्वलाई महत्व दिने प्रजातन्त्रलाई समावेशी प्रजातन्त्र हो भन्ने अर्थ लगाईएकोछ ।

समावेशी संरचनाभित्र राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक तथा प्राकृतिक विषयसँग सम्वन्धित कुराहरू समेटिने तर राजनीतिक तथा प्रशासनिक समावेश तथा उन्नतिको बाटो मात्र समावेशी नहुने कुरा उल्लेखित कार्यमा प्रष्ट उल्लेख गरिएकोछ । नेपालमा उठेको समावेशी प्रजातन्त्रको सवालमा उक्त लेख कतै नबोले पनि नेपालमा सरकारी प्रशासन तथा अन्य निकायमा

---

[६] . *www.inclusivedemocracy.com*, (March 27, 2009), hhtp/eh. Inclusive Democracy.

उचित समावेशीकरण भयो या भएन भन्ने कुरा संविधान तथा कानून वनाउने संविधानसभाको समावेशीतामा भर पर्दछ भनी बुझ्न र तुलना गर्न उक्त लेख प्रयोगमा आएकोछ । नेपालको संविधानसभामा लेखमा भनिए जस्तो समावेशीता लागू भयो या भएन भन्ने चाँही उक्त लेखको विषय वनेकोछ । उक्त लेख प्रस्तुत शोधकार्यका लागि समावेशीकरण, समावेशीताको परिभाषा र अर्थ खोज्ने सवालमा काफी सहयोगी भएकोछ ।

माथि उल्लेखित वेवसाईडकै अर्को मिति र अंकमा *Inclusive democracy : An anti communist thesis.*[७] शीर्षकमा लेखिएको उक्त वेवसाइडको लेखमा विश्वमा समावेशीताको नारा र आवाजको धेरै आलोचना गरिएकोछ । समावेशी प्रजातन्त्र भनेको साम्यवादी विचार र समाजवादी राज्य निर्माण गर्ने, समाजवादी राज्यसत्ता स्थापित गराउने कुराको विरुद्धमा ल्याईएको मन्द विषको प्रयोग हो भनी उल्लेख गरिएकोछ । मूलत : समाजवादी समाज स्थापनापूर्व देखिएका सामन्तवाद, पुँजीवाद तथा नोकरशाहीको अन्त्य गर्न वर्गीय चेतना र वर्ग संघर्षले काफी मद्धत गर्दछ । त्यो वर्ग संघर्षको माध्यमलाई अर्को दिशातिर मोड्न समावेशी संरचनाका कुरा उठाईन्छन् भनी उक्त लेखमा उल्लेख गरिएकोछ । उक्त वेवसाइडमा प्राप्त उक्त लेखबाट समावेशीताका प्रश्नहरू तथा विचारहरू माथि चोटिलो प्रहार गरिएकोछ । उक्त लेखमा समावेशीकरणलाई समाज विकासको नियम विरुद्धको जाली परिकल्पना भनिएकोछ । समाज विकासको क्रममा हुने वर्ग संघर्षको मान्यता विपरित वर्ग समन्वयको मीठो सपनाको रूपमा आएको कुटिल चालवाजी भएको भन्दै सर्वहारा वर्गको वर्ग चेतना र अधिकारलाई भुत्ते (Blunt) वनाउने पुँजीवादीहरूको षड्यन्त्रको उपज युरोपेली पुँजीवादीहरूले समाजवादीहरूको वढ्दो प्रभावलाई रोक्न र उनीहरूको ध्यान अन्यत्र मोड्न ल्याईएको षड्यन्त्रको मञ्चन हो भनी उल्लेख गरिएकोछ । समावेशीकरणको सैद्धान्तिक पक्ष माथिनै असहमति जनाई लेखिएको उक्त लेख समावेशीताको विषयलाई बुझ्न र विश्लेषण गर्न प्रयोग गरिएकोछ ।

Political socialization of women in Nepal[८] नामक पुस्तकमा नेपाली राजनीतिमा महिलाहरूको राजनीतिक परिवेश र सामाजिक अवस्थाको परिवेशको चित्रण गरेकोछ । राजनीतिक पृष्ठभूमिमा महिला सहभागिता र त्यसबाट सृजित अवस्थालाई कस्तो र कुन तहसम्म पुऱ्याएको हुन्छ भन्नेमा उजागर गरेको पाईन्छ । पुस्तकले विषेश गरेर लैङ्गिक असमानतालाई विगत देखि नै

---

[७] . Mikhael Demitrikov (7th April 2010), *Inclusive democracy : An anti communist thesis*, *www.inclusivedemocracy.com p.3*

[८] . Meena Vaidya Malla (2011 AD), *Political socialization of women in Nepal*, New Delhi : Adroit Publisher's.

असमानता रही आएको अवस्था उल्लेखित पुस्तकको तथ्याङ्क समेतमा स्पष्ट पारिएको यो पुस्तकले लैङ्गिक असमानतालाई कसरी समावेशी वनाउने र सोको सम्बोधनको वारेमा अव उप्रान्त के योजनाले समाज अगाडी वढाउन सकिन्छ भन्ने कुराको अध्ययन तथा विश्लेषण गरिएकोछ । राजनीतिक वातावरण र त्यसद्वारा सृजित अवधारणाले तयार गर्ने राजनीतिक संस्कार र सो कुराको संरक्षण सोही रूपमा कायम रहन्छ । जसको कारण राजनीतिक चिन्तन जस्ताको तस्तै रही निरन्तरता प्राप्त गरी स्थापित हुनाले समग्र राजनीतिक प्रणाली निर्माण भएको हुन्छ भनिएकोछ । यस मुलुकमा राजनीतिक क्षेत्र पुरुषप्रधान हुनुमा अन्य धेरै कारणहरू मध्ये राजनीतिक संस्कारको निरन्तरता पनि एउटा कारण हो भनिएकोछ । सो पुस्तक अध्याय ७ तथा पृष्ठ १९४ सम्म रहेको पुस्तकले समावेशीताको सवालमा महिला अवस्था र राजनीतिक परिवेश कस्तो रहन्छ सो वारेमा गहन तथा महत्वपूर्ण अध्ययन अनुसन्धान गर्ने राम्रो आधार वनेको छ । त्यसो भए तापनि यही पुस्तक मात्र शोधकार्यको क्षेत्रमा पर्याप्त छैन । तथापि पुस्तकको आवश्यकता अनुसारको प्रयोग भने पर्याप्त हुन गएको छ ।

राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट[९] पुस्तक वावुराम भट्टराईले लेखेको एक पुस्तक हो । यो पुस्तकमा लेखकले नेपाली समाजको उद्भव, समाजमा सामन्ती संरचनाको विकास, नेपाली समाजको अवस्था, राज्यसत्ताको स्वरूप, उत्पादन र उत्पादक सम्वन्ध, राज्यको आर्थिक, राजनीतिक, अवस्था, समाज मुक्तिको सवाल आदि जस्ता धेरै विषयमा चर्चा गरेका छन् । नेपाली समाजमा उत्पीडनका क्षेत्रहरू निर्धारण गर्दै उत्पादन सम्वन्धका विषयमा निकै चर्चा गर्ने प्रयास भएकोछ । नेपाली राजनीतिका विविध कमजोर र आलोचित पक्षलाई उल्लेख गर्दै त्यसबाट राज्यमा उत्पन्न हुने आर्थिक विकास अवरोध ल्याउने कारणहरूको समेत पहिचान उक्त पुस्तकमा गर्ने प्रयास गरेका छन् ।

नेपाली समाजमा देखिएका उत्पीडनका क्षेत्रहरू निर्धारण गर्दै समग्र राष्ट्रको समृद्धिमा ती उत्पीडनका क्षेत्रहरूमा उत्पीडकलाई न्युन गर्ने र उत्पीडितलाई उत्थान गरी समानतापूर्ण समाजको निर्माण गर्ने कुरा उक्त पुस्तकमा उल्लेख गरिएकोछ । नेपाली अर्थ राजनीतिका हरेक पक्षका विषयमा चर्चा गर्दै उत्पीडनका क्षेत्रहरू निर्धारण गरी समाधान खोजिनु पर्ने र त्यसको दायित्व क्रान्तिकारीहरूले निर्वाह गर्नु पर्छ भन्ने मूल भावना प्रस्तुत पुस्तकले अभिव्यक्त गरेकोछ । हाम्रो देशको भू-वनावट, कृषि, उद्योग, व्यापार आदिको तथ्यगत अवस्थाको प्रस्तुती गर्दै असमानता र विभेदका

[९] . वावुराम भट्टराई (२०५५), *राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट,* काठमाडौं : उत्प्रेरक प्रकाशन ।

क्षेत्रहरू वर्ग, जाति, लिङ्ग र भौगोलिक क्षेत्रमा रहेको पहिचान गरिएकोछ । यही पुस्तकको आधारमा यस अध्ययनमा पनि समावेशीताको आधार खोज्ने प्रयास भएकोछ ।

यस पुस्तकमा धेरै कुराहरू तथ्यगत भएपनि पुस्तकमा उल्लेखित तथ्यहरु फिल्ड अध्ययन भन्दा गैह्र सरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुले फिल्डमा नगई आफ्नो पहुँच र पैसाको आधारमा तयार पारिएका तथ्याङ्कमा भर गरी उतारेको तथ्याङ्कमा आधारित भएकाले ती तथ्यहरु पुनः परीक्षण गर्नु पर्ने देखिन्छ । वर्ग, क्षेत्र, लिङ्ग र जाति बीचमा भएको विभेद अन्त्यको मूल आधार के हो भन्ने ठोस् अभिव्यक्ति यस पुस्तकले दिन सकेको छैन । तथापि यो पुस्तक समावेशी संरचनाको विषयमा अध्ययन गर्न आधारभूत रुपमा धेरै उपयोगी छ ।

Political system of the world Vol.I[१०] नामक पुस्तक हो । प्रस्तुत पुस्तकको अध्याय-१ मा संसारका सबै देशहरूको संक्षिप्त इतिहास उल्लेख गरिएकोछ । देश र तिनिहरूको राजधानी समेत उल्लेख गर्दै ती अलग-अलग देशहरूले अपनाएको राजनीतिक प्रणालीको विषयमा समेत परिभाषा र प्रकार समेत प्रष्ट पारिएकोछ ।

संवैधानिक पदावलीमा राज्यका तिन अंग व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको उल्लेख प्रष्टसँगले गरिएकोछ । सभा के हो र सभा विशेषत किन व्यवस्थापिकासँग सम्वद्ध हुन्छ भन्ने कुरा राजनीतिक व्यवहार र प्रयोग सहित प्रष्ट पार्ने प्रयास भएकोछ । सभा (Assembly)ले कानून निर्माणमा खेल्ने भूमिका निर्वाह गरेको हुन्छ र निर्वाचीत सभाहरूले सधैं प्रजातन्त्रलाई आत्मसात गरेको हुन्छ भन्ने कुरा उक्त पुस्तकको अध्याय-२ मा प्रष्ट पारिएकोछ । यस्तैगरी निरंकुश शासकहरूले आफ्नो शासनलाई आदरणीय (Respectable) रहेको वताउने गरेका हुन्छन् र आफूप्रति लाचार सभाहरू गठन गरी तिनिहरूको माध्यमबाट आफ्नो शासनमा प्रजातन्त्र आएको देखाउने प्रयास पनि गर्दैछन् भन्दै निरंकुश शासकको परिभाषा पनि दिन खोजिएकोछ । सबै ठाँउको व्यवस्थापिकाको नाम पनि एकै प्रकारको नभएको लेखकहरूको राय रहेकोछ । जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिका हो भन्ने कुरा प्रष्ट पारेका छन् । जस्तैः वंगलादेशको संसदलाई "जातीय संसद", भुटानको व्यवस्थापिकालाई "राष्ट्रिय सभा", चीनको "राष्ट्रिय जन कंग्रेस", भारतको तल्लो सदनलाई "लोकसभा", उत्तर कोरियाको व्यवस्थापिकालाई "सर्वोच्च जनसभा" भन्ने गरेका कुराहरू यी

[१०] . J.Denis Derbyshire & Ian Derbyshire (1999), *Political system of the world Vol.I*, London : Helicon publisher Ltd. 42 Hythe Bridge Street Oxford.

लेखकहरूले उल्लेख गरेका छन् । प्रस्तुत पुस्तक दुई भागमा विभाजित छ । दोस्रो भाग मूलत : राजनीतिक प्रणालीसँग आवद्ध रहेकोछ ।

Politico-economic rationale of peaple's war in Nepal[११] पुस्तक एउटा सानो आकारको पुस्तक हो । सो पुस्तकमा नेपालमा माओवादी जनयुद्ध थालनी हुनाको कारणहरू, नेपाली समाजको चरित्र, नेपाली समाजमा विभेदका कारणहरू, सामाजिक आर्थिक शोषणका पाटाहरूबाट संक्षेपमा राम्ररी विश्लेषण गरिएकोछ ।

नेपालमा जनयुद्ध सुरु हुनु भन्दा अघिको राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेशको चर्चा गर्दै जनयुद्ध हुनुका कारणहरूमा (१) नेपाली समाजमा देखिएका वर्ग विभेद शोषण र अत्याचारको अन्त्य गर्न, (२) नेपाली समाजमा देखिएको जातीय विभेदलाई अन्त्य गर्न, (३) लैंङ्गिक विभेदलाई अन्त्य गरी समान लैंङ्गिक स्थितिको सिर्जना गर्न, (४) नेपालको क्षेत्रीय विकासमा देखिएको असन्तुलन र विभेदलाई अन्त्य गर्न, (५) राष्ट्रिय अस्मिता र सार्वभौमिकतालाई सुदृण वनाउन (६) मुलुकमा देखिएको अत्याचार, दमन र शोषणका सवै रूपहरूको अन्त्य गर्न र समग्रमा भन्नु पर्दा पुरानो सामन्ती संसदीय राज्यसत्ता अन्त्य गरी नयाँ जनवादी राज्यसत्ता स्थापना गर्न भन्ने उल्लेख गरिएकोछ ।

देशीय सामन्ती, नोकरशाही राज्य व्यवस्थाले विदेशी साम्राज्यवाद र विस्तारवादसँग साँगगाँठ गरी नेपाली जनतामा शोषणको माध्यमबाट शोषण गर्ने र देशलाई दिन-प्रतिदिन गरिवी र पछ्यौटेपनामा हुर्काउन खोजेको र विदेशी दलाल पुँजीपति र साम्रज्यवादीहरूसँग नेपाली शासकहरूको आत्म सर्मपणबाट मुलुकलाई मुक्त गरी नयाँ संविधान र प्रतिष्ठित मुलुकका रूपमा नेपाललाई उभ्याउने उद्देश्य जनयुद्धको रहेको उल्लेख छ । प्रस्तुत पुस्तकमा नयाँ राज्य प्रणालीभित्र समावेशी संरचनाको अवधारणा प्रस्तुत गरिएको छ । तसर्थ साम्यवादी विद्रोह र समावेशी संरचना बीचको समन्वयात्मक भूमिकाको विषयमा जानकारी लिन प्रस्तुत पुस्तक यस अध्ययनको सहयोगी हुन पुगेको छ । कुनै पनि विषयमा एकै पटक समग्र अध्ययन हुन सक्दैन । कसैले पनि खोज अनुसन्धान नगरेको विषयमा अध्ययन गर्न खोज्नु आवश्यक पनि थियो । प्रस्तुत विषयमा अहिलेसम्म कसैले अध्ययनका लागि प्रयास गरेको पाईदैन । त्यसैले यो विषयमा कसैले शोध या पुस्तक लेखेको पनि भेटिएको छैन । तथापि विषयसँग सम्बन्धित तर पुरा नभएका केही रचनाहरू पाईएकोछ । विषयसँग सम्बन्धित केही पुस्तकहरूको यहाँ समिक्षा गर्ने प्रयास गरिएको छ ।

[११] . Baburam Bhattarai (1998), *Politici-Economic Rationale of Peaple's War in Nepal*, Kathmandu : Utprerak publication.

लोकतन्त्र उन्मुख समाज, वहुसाँस्कृतिक समाजका लागि समावेशी संरचनाहरू[१२] नामक पुस्तक लेखकको वेक फरेष्ट युनिभर्सिटी, विन्टन सलेम, नर्थ क्यारोलिनाबाट विद्यावारिधि उपाधिका लागि तयार पारेको शोध ग्रन्थको नेपाली अनुवाद हो । २०६३ सालमा नेपाली भाषामा अनुवाद भई नेपालमा प्रकाशित भएकोछ । *Towards a Democratic Nepal, Inclusive Political Institution for Multicultural Society* को नेपाली अनुवाद ५५२ पृष्ठ, भाग ५, ११ परिच्छेदमा विभाजित छ । यसमा राजनीतिक बहिस्करणका धेरै उदाहरणहरू दिईएकोछ र नेपाली प्रजातन्त्र समावेशी हुनु पर्ने तर्फ जोड दिईएकोछ । नेपालमा उद्भव भएका द्वन्द्वहरूका विवेचना गर्दै मुलुक समावेशी तर्फ उन्मुख हुनु पर्ने र त्यसका लागि लोकतान्त्रिक प्रतिवद्धताको जरुरी भएको कुरा उल्लेख गरिएकोछ । समावेशीकरणका अवरोधहरूको पहिचान गर्दै साँस्कृतिक समावेशीकरणमा जान सल्लाह पनि दिईएकोछ । समावेशी राजनीतिक संस्थाहरूको छनौट विधि, समावेशी स्वशासन निर्माणका लागि आवश्यक प्रकृया, संघीय प्रणाली, समानता र न्याय मार्फत समावेशीकरण तथा अल्पसंख्यकहरूको अधिकार आदिका विषयमा पनि चर्चा गरिएकोछ । तरपनि नेपाली समाजमा हुने आर्थिक विषमता र राज्यको नीति निर्माणमा ती वर्गको प्रतिनिधित्वको सवालका विषयमा सो प्रवन्धपत्र मौन छ । यसर्थ सो पुस्तक यो अध्ययनका लागि पुरक सामग्री बन्न सकेन तरपनि यसमा प्रयोग भएका समावेशी संरचनाका आधारहरूको विषय प्रस्तुत अध्ययनमा केही हदसम्म उपयोगी हुन सक्यो । यस पुस्तकले समावेशीताको मूल आधार जातीय पक्षलाई जोड दिईएकोछ । जसलाई यस अध्ययनमा उचित मान्न सकेको छैन ।

Fatalism development Nepal's struggle for modernization[१३] नामक पुस्तक १८६ पृष्ठ लामो तथा ८ अध्यायमा विभाजित भएर प्रकाशित भएकोछ । प्रस्तुत पुस्तक धेरै विषयसँग सम्बन्धित देखिँदैन । तरपनि अध्ययनको क्रममा विवेचना तथा विश्लेषण गर्दा यसमा उल्लेखित जाति व्यवस्थाको समिक्षा तथा राजनीति र सरकारको बारेमा लेखिएका र त्यही विषयसँग सम्बन्धित प्रसंगहरू यो अध्ययनमा पनि समेटिएकाछन् । प्रस्तुत पुस्तकमा नेपालमा जातिप्रथाको उत्पत्ति र त्यसले समाजमा पारेको प्रभावका विषयमा चर्चा गरिएकोछ । जुन समावेशी संरचनाको अध्ययनमा सहयोगी बन्न

---

[१२] . महेन्द्र लावती (२०६३), *लोकतन्त्र उन्मुख समाज, वहुसाँस्कृतिक समाजका लागि समावेशी संरचनाहरू*, ललितपुर, आदिवासी जनजाति राष्ट्रिय उत्थान संस्थागत सुदृदिकरण परियोजना ।

[१३] . Dor Bahadur Bista (2008), *Fatalism development Nepal's struggle for modernity*, Kathmandu : Orient Longman Pvt. Ltd.

पुग्यो । समावेशी राज्य संरचनाका प्रसंगमा राजनीति र सरकारका विषयमा विष्टले लेखेका विषयहरू अनुभवसिद्ध सामग्रीका रूपमा अध्ययन गरिएकोछ ।

समावेशी लोकतन्त्र[१४] नामक पुस्तक, पृष्ठ ४४६ र १६ वटा कार्यपत्रहरू तिनमा आएका टिप्पणी तथा प्रतिकृयाहरूको संकलनका रूपमा प्रकाशित भएर बजारमा आएकोछ । समावेशी लोकतन्त्रको बहसबाट सुरु भएको प्रस्तुत पुस्तकको पहिलो कार्यपत्र दमननाथ ढुंगानाको "समावेशी प्रजातन्त्र र प्रजातन्त्र भित्र प्रजातन्त्र खोजी" शीर्षकमा लेखिएकोछ र त्यसमा प्राध्यापक कृष्ण खनालले टिप्पणी गर्नुका साथै भीमार्जुन आचार्य, गगन थापा लगायत ६ जना व्यक्तिहरूले प्रतिकृया दिएका छन् । नेपालको लोकतन्त्रका लागि समावेशी संरचना शीर्षकमा नरहरि आचार्यले प्रस्तुत गरेको कार्यपत्रमा एमालेका युवा नेता घनश्याम भुसालले टिप्पणी गरेका छन् भने लक्ष्मण अर्याल, शम्भू थापा, मीना आचार्य लगायतले प्रतिकृया दिएका छन् । एमालेका युवा नेता शंकर पोखरेलले प्रस्तुत गरेको "लोकतान्त्रिक गणतन्त्र स्वरूप र संरचना" शीर्षकको कार्यपत्रमा कृष्ण हयाछेथुले टिप्पणी गरेका छन् भने लक्ष्मण अर्याल, अमन श्रेष्ठ, शिव मुनकर्मी समेतले प्रतिक्रिया दिएका छन् । पदमलाल विश्वकर्माको "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा दलितको सवाल" शीर्षकको कार्यपत्रमा कपिल श्रेष्ठले टिप्पणी गर्नुका साथै वीरेन्द्र प्रसाद मिश्र, देश वहादुर सार्की, हरिविनोद अधिकारी लगायतले प्रतिक्रिया दिएका छन् । यस्तै गरी "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा जनजातिको सवाल" नामक ओम गुरुङ्गको कार्यपत्र तथा त्यसमाथि खगेन्द्रनाथ शर्माको टिप्पणी, "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा विकेन्द्रीकरण र स्थानीय निकाय" भन्ने जिल्ला विकास समिति महासंघका सभापति कृष्णप्रसाद सापकोटाको कार्यपत्र र त्यसमाथि मुक्तिप्रसाद काफ्ले र रमण मिश्रको टिप्पणी, "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा कर्णाली लगायत पिछडिएको क्षेत्र" नामक जीवन शाहीको कार्यपत्र, "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा मधेशी सवाल" नामक जयप्रकाशप्रसाद गुप्ताको कार्यपत्र र त्यसमा डिल्लीराम दाहालको टिप्पणी, "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा प्राकृतिक स्रोत साधन माथि जनताको पहुँच" नामक गोपाल चिन्तनको कार्यपत्र, "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा निर्वाचन प्रणाली" नामक वीरेन्द्रप्रसाद मिश्रको कार्यपत्र, त्यसमाथि विजय कर्ण, सूर्यप्रसाद श्रेष्ठ, लालबाबु यादवको प्रतिकृया गोपाल सिंह बोहोराको "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा सेनाको सवाल" नामक कार्यपत्र,

[१४] प्रदिप घिमिरे (सं), (२०६३), *समावेशी लोकतन्त्र,* काठमाडौं : फ्रिडम फोरम ।

आरजु देउवाको "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा महिलाको सवाल" कार्यपत्र, तथा वैराँङ्गी काँइलाको "समावेशी लोकतन्त्रको स्वरूप र संरचनामा भाषा सँस्कृति" आदि विषयमा तयार पारिएका कार्यपत्रहरूले मुलुकको समावेशी संरचनालाई बुझ्न त्यसमा अध्ययन गर्न धेरै सहयोग पुऱ्याएकोछ । यी कार्यपत्रहरूमा लोकतन्त्र, संविधानसभा, राज्यको संरचना, राज्यको चरित्र, दलित, आदिवासी जनजाति, महिला, स्थानीय शासन, पिछडिएको क्षेत्र प्राकृतिक स्रोत साधन, निर्वाचन प्रणाली, सेना आदिका विषयमा आ-आफ्नै तरिकाले विचार प्रस्तुत गरिएको भए तापनि ती विचारहरू कार्यपत्र प्रस्तुत गर्दाको समयमा भन्दा आज नै कतिपय कुराहरूमा असान्दर्भिक भएको र लागू नभएको पनि पाईन्छ । तरपनि विद्वन् लेखकहरू र प्रतिक्रिया दाताहरूको विचार प्रस्तुत अध्ययनको विश्लेषणमा धेरै उपयोगी ठानिएकोछ । मुलतः समावेशी संरचनाको परिभाषा खोज्ने र बुझ्ने तथा समाज रूपान्तरणको सवाललाई उठाउन प्रस्तुत पुस्तक उपयोगी सावित भएकोछ ।

A journey of the communist of Nepal, journey twenty three years' history of the CPN (UML)[१५] नामक पुस्तकमा नेपालमा संविधानसभाको विवादका विषयमा ऐतिहासिक घटनाहरूको वर्णन गरिएकोछ । नेपालमा कसरी संविधानसभाको माग विकसित हुँदै आयो भन्ने कुरा बुझ्नका लागि तथा पुस्तकमा समेटिएका सामाजिक वर्गहरूको विगतको व्यवस्थापिकामा भएको उपस्थितिको तथ्याङ्क अन्य कुनै सामग्रीमा पाँईदैन र सो सामग्री प्रस्तुत विषयमा समावेशी संरचनामा सामाजिक वर्ग शक्तिको अध्ययन गर्न र इतिहासका केही पाटाहरूको विश्लेषण गर्न उपयोगी हुन पुगेकोछ ।

संविधानसभा र संवैधानिक विकास[१६] नामक पुस्तकमा नेपालमा संवैधानिक विकासको इतिहास, अन्तरिम संविधान र त्यसले व्यवस्था गरेको संविधानसभा, निर्वाचन पद्धति, महिला र अल्पसंख्यकहरूको स्थिति, न्याय प्रणाली आदि विषयहरू समेटिएका छन् । प्रस्तुत विषयको अध्ययनको सन्दर्भमा नेपालको संवैधानिक विकासको इतिहास तथा संविधानसभाका विभिन्न प्रयोगहरूको वारेमा जानकारीका लागि यो पुस्तक उपयोगी भएकोछ । सात अध्यायमा विभाजित पुस्तक कानूनका ज्ञाता लेखकले लेख्नु भएको विषयभित्र धेरै कानूनी उपचारहरू र कानूनी सन्दर्भहरूलाई समावेश गरिएको छ । तत् सम्बन्धि विवेचना र विश्लेषण गर्न यो पुस्तक अध्ययनको सामग्री बनेको थियो ।

---

[१५] . Rajkumar Pokhrel, *A journey of the communists of Nepal, twenty-three years' history of CPN (UML),* Damak Jhapa: Mass Line Publication.

[१६] .काशीराज दाहाल (२०६३), *संविधानसभा र संवैधानिक विकास,* काठमाडौं : निरन्तर प्रकाशन ।

Nepal discourse on constituent assembly: An analysis[१७] **नामक पुस्तक (खनाल, २००५) विश्वका विभिन्न देशहरू जस्तै भारत, अमेरिका, केन्या, दक्षिण अफ्रिका आदि देशहरूका संविधानसभाको अनुभवहरू समेटेर नेपालको सन्दर्भमा उठेको संविधानसभाको विषयमा समेत विश्लेषण गरेर लेखेको एक उपयोगी पुस्तक छ । सात अध्यायमा विभाजित उक्त पुस्तकमा नेपालमा संविधानसभाको बहसका विभिन्न पाटाहरू समेटिएकोछ । प्रस्तुत विषयको अध्ययनका लागि उक्त पुस्तक धेरै उपयोगी वन्न पुगेको थियो । यसबाट अन्य देशमा भएका समावेशी संरचनाका बारेमा सामान्य अध्ययनका लागि सहयोगी हुने भए पनि नेपालको सन्दर्भमा समावेशी संरचनाको बारेमा उक्त पुस्तक प्रवेश नगरेकाले संविधानसभालाई बुझ्न र त्यसको वारेमा विश्लेषण गर्न उक्त पुस्तक यस अध्ययनमा समाहित गरि उचित कुरालाई समेटिएकोछ ।**

The price of neglect: from resource conflict and maoist insurgency in himalayan kingdom.[१८] **नेपालमा भएका द्वन्द्वहरूको अध्ययन, तिनको निरूपणका उपायहरूको समेत विश्लेषण गर्दै द्वन्द्व हुनुमा सामाजिक, राजनीतिक, आर्थिक, साँस्कृतिक तथा अन्य विभेदहरूका कारणहरू भएको उल्लेख गर्दै १० अध्याय, ४४६ पृष्ठको पुस्तक विण्णुराज उप्रेतीले आफ्नो विद्यावारिधि उपाधिका लागि वागेनिन्जेन विश्वविद्यालय निदरल्याण्डमा प्रस्तुत गरेको शोध प्रवन्ध हो (उप्रेती, २००४) । सो पुस्तकको पहिलो भागमा द्वन्द्वलाई बुझ्ने र पहिचान गर्ने तरिका, दोस्रो भागमा स्रोत साधनहरू माथिको पहुँच, द्वन्द्व व्यवस्थापनका प्रयोगहरू, पानी माथिको द्वन्द्व जमिन तथा जंगलका स्रोतहरूमा द्वन्द्व तथा अध्याय तीनमा नेपालमा भएका माओवादी विद्रोहका कारणहरू, त्यसले विकासमा पारेका प्रभावहरू तथा शान्ति प्रकृयाहरूको वारेमा चर्चा गरिएकोछ । प्रस्तुत पुस्तकको मूल भावना भने द्वन्द्व निवारणका राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक उपायहरूमा केन्द्रीत रहेको छ । उक्त पुस्तक नेपालमा द्वन्द्वका कारणहरू र संविधानसभाको संरचनाले भोलिका दिनमा पार्न सक्ने प्रभावको विश्लेषण गर्ने क्रममा सहयोगी सामग्रीको रूपमा प्रयोग गरिएकोछ ।**

---

[१७] . Krishna Prasad Khanal (2005), *Nepal discourse on constituent assembly*: Kathmandu : Freedom for peace.

[१८] Bishnu Raj Upreti (2004), *Price of neglect* : *From resource conflict and maoist insurgency in himalayan kingdom*, Kathmandu : Brikuti Acadamic Publication.

The Clash of Civilizations and the Remarking of World Order[१९] पुस्तकमा सभ्यताको आधारमा समाजको वर्गीकरण र समाज आफै सभ्य र नियन्त्रित हुने वारेमा वर्णन भएको कुरा उल्लेख छ । विश्व समुदाय मुख्यतया धर्म र भाषाले समाजलाई अगाडी वढ्न वाध्यकारी वनाई त्यही आधारमा राजनीतिक नियन्त्रण रहेको पाईन्छ भन्ने कुरा उल्लेख छ । तथापि राजनीति चाँही सभ्यताले निर्धारण गरेको आधार र सामाजिक विकासक्रममा भर पर्दछ ।

यस पुस्तकमा सामाजिक विकासको क्रमदेखि सभ्यताको विकासका सन्दर्भ सभ्यतासँग रहेको कुरा पनि उल्लेख गर्दै आर्थिक उत्पादन, विविध जनशक्ति, सेना, मजदुर, युवा दस्ता, राजनीतिज्ञ लगायत सम्पूर्ण कुराहरु सभ्यतासँग सम्बन्धित हुन्छ भन्ने कुराको व्याख्या रहेको छ । त्यसरी नै सभ्यताले जात, जाति र वर्णको व्यस्थापन हुने कुरा पनि उल्लेख गरिएको छ । ऐतिहासिक कालदेखि नै सभ्यताको चरणगत विकास भई आउने र विगतदेखि आजसम्म नै सो को निरन्तरता हो भन्ने कुरा पनि पुस्तकमा उल्लेख गरिएको छ । जातीय आधारमा राजनीतिक द्वन्द्व र वर्गीय चरित्र वीचको राजनीतिक अन्तर सम्वन्ध रही आएका सोच र चिन्तनद्वारा सृजित समाजहरु धर्ममा विभाजित भएको कारण मुस्लिम, क्रिस्चियन, हिन्दु, वौद्ध लगायत विभिन्न धर्म समुदायको विकास भएको कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत पुस्तकमा विद्यमान विश्व भू-राजनीतिमा देखिएका द्वन्द्वहरुको राम्रो अध्ययन गरिएको छ । नेपालमा भएका राजनीतिक परिवर्तनहरुको विश्लेषण गर्दै समावेशीता र समावेशीकरणको वारेमा सामाजिक सभ्यता र समुदायबाट विकसीत भएर आउने कुराको लागि उक्त पुस्तक विश्व राजनीतिसँग तुलना गर्न र समाजका द्वन्द्वहरुको अध्ययन गर्न धेरै उपयोगी भएको छ । जातीय द्वन्द्व र सभ्यता तथा समाज वीचको अन्तर सम्वन्धको पनि अध्ययन गर्न यसले सहयोग पुऱ्याएको छ । द्वन्द्व न्युनिकरण गर्नका निम्ति कस्तो नीति तथा कार्यक्रम अवलम्वन गरिएको हुनु पर्दछ र समावेशीता र समावेशीकरण वीचको अन्तर सम्बन्ध कस्तो हुन्छ भन्ने कुरा पनि यसले केही उल्लेख गरेको छ । तर यस पुस्तकमा नेपाली समाज र नेपाली समाजको सामाजिक, आर्थिक, चरित्र तथा वनावटका वारेमा केही पनि उल्लेख छैन । विश्वमा समावेशीताको प्रयोग र उठानको विषयमा बुझ्न र विश्लेषण गर्न मात्र यो पुस्तक सहयोगी भएको छ ।

---

[१९] Samuel P.Hontington (1996), *The clash of civilizations and the remarking of world order*, New York : Simon & Schuster Rockfeller Center.

संविधानसभा महासंग्राम : विश्वक्रान्तिको नयाँ आयाम[२०] पुस्तक नेपालमा संविधानसभाको निर्वाचनको कुन परिस्थिति र कस्तो राजनीतिक माहौलका बीचमा भयो भन्ने बुझ्नका लागि अत्यन्तै उपयोगी छ । उक्त पुस्तकले संविधानसभा समावेशी वनाउन तथा त्यसको संरचनामा निर्वाचन भन्दा पहिलेको राजनीतिक अवस्थाले कसरी प्रभावित पाऱ्यो । कस्तो अवस्था हो भनि अध्ययन सामग्रीको रूपमा ल्याईएकोछ । सो पुस्तक १२ अध्यायमा विभाजित २८० पृष्ठ लामो उक्त पुस्तक संविधानसभा मार्फत मुलुकलाई समावेशी संरचनामा लैजानका लागि नेपाली कांग्रेसले धेरै बाधा पुऱ्याएको अर्थ दिने, वामपन्थीहरूले संसदमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको माग गरेको समयमा बाधा पुऱ्याएको, संविधानसभाको निर्वाचनको समयमा माओवादीहरूको त्रास पनि जनमानसमा परेको जस्ता कुराहरू पनि पुस्तकमा समेटिएका छन् । मूलत : यस पुस्तकमा संविधानसभाको निर्वाचन नेपाली राजनीतिको ठूलो लडाँई भएको र त्यसमा जनताको विजयी भएको निष्कर्ष निकालिएकोछ । उक्त पुस्तक त्यही सन्दर्भको अध्ययन गरेर विश्लेषण गर्ने काममा प्रस्तुत अध्ययनको सामग्री बनाईएको छ ।

१.७. अध्ययन विधि

त्रिभुवन विश्वविद्यालय मानविकी सङ्काय डीन कार्यालयबाट प्रयोजनमा ल्याईएको परम्परागत विधि जुन शोधकार्य दर्ताको समयमा ओरिन्टेशन कक्षामा उपलव्ध गराईएको थियो सो नै प्रयोग गरी प्रस्तुत अध्ययन गरिएकोछ । मूलत : APA Format को प्रयोग यहाँ गरिएको छ ।

१.७.१. अवधारणात्मक संरचना

प्रस्तुत अध्ययन नेपालको संविधानसभाको संरचनामा देखिएको समावेशीकरणका विषयमा केन्द्रित छ । संविधानसभाको संरचना तयार भएपछि नेपालको राज्य व्यवस्था र निकायमा पनि त्यही अनुरूप समावेशीकरण हुँदै गयो । तसर्थ सो समावेशीकरणको लक्ष्य नेपाली समाजमा रहेको विभेद र शोषणलाई अन्त्य गर्दै सवै समुदाय, संस्कृति, क्षेत्र, जाति, लिङ्ग आदिलाई राज्यका हरेक निकायमा सहभागि गराउने र समतामूलक, शान्तिपूर्ण द्वन्द्वरहित र समृद्ध नेपाली समाजको निर्माण गर्ने लक्ष्य रहेको पाईन्छ । तसर्थ नेपालमा विद्यमान अवस्थामा अपनाईएको समावेशीकरणको स्वरूप, चरित्र र शैलीले नेपाली समाज समृद्ध, समानतामा आधारित र शान्तिपूर्ण वन्न नसक्ने, आर्थिक असमानता र हुनेखाने र नहुने दुई प्रमुख वर्ग वीचको असमानता र विभेदको मुद्धालाई ओझेलमा पारी अपनाईने

[२०] गोपाल सिवाकोटी र अमन श्रेष्ठ (२००५ ई), *संविधानसभा महासंग्राम : विश्वक्रान्तिको नयाँ आयाम,* काठमाडौं : मधुवन प्रकाशन ।

विधिबाट शासन सञ्चालनमा केही समयका लागि सुविधा भएपनि कालान्तरमा त्यही मुद्धाबाट नेपाली समाज फेरी द्वन्द्वको चपेटामा जान सक्ने अवधारणा यस अध्ययनको रहेको छ । यदि वर्गीय वा आर्थिक समृद्धि र समानताको पक्षलाई केन्द्रमा राखेर जातीय, वर्गीय विभेद अन्त्यको केन्द्र भागभित्रैबाट क्षेत्रीय, लैंङ्गिक असमानतालाई हटाउने प्रयास गरियो भने मात्र मुलुकमा द्वन्द्व र अशान्ति न्युन हुँदै गई भविष्यमा समृद्ध नेपाल वन्न सक्ने सम्भावना यस अध्ययनले देखाएको छ । जे होस् समावेशीकरणको विद्यमान कानूनी प्रावधान र संविधानसभाको वर्तमान संरचना समावेशीताको दृष्टिले उचित नभएको अध्ययनको ठहर छ । वर्गीय धरातललाई नजर अन्दाज गरी गरीने समावेशीकरणले वर्गीय द्वन्द्वको उद्भव गर्ने भएकाले जातीय मुद्धालाई कम उठाई वर्गीय सवाललाई वढी उठान गरी अवलम्वन गरीने समावेशीकरणले समाजमा दिगो शान्ति स्थापना गर्दछ ।

१.७.२. अध्ययनको तरिका

अध्ययन प्रस्तुत गर्दा APA Farmate लाई प्रयोग गरी गरिएकोछ । यसमा पादटिप्पणी (Foot Notes) को प्रयोग गरिएकोछ । प्रत्येक पृष्ठको पाद भागमा Notes दिएर Citation मार्फत स्रोतहरुलाई प्रष्ट पारिएकोछ । शोध प्रवन्धको अन्त्यमा सन्दर्भ सामग्रीहरू (Bibliography) दिईएकोछ र आवश्यक परिशिष्ट पनि दिईएकोछ ।

१.७.३. नमूना प्रश्नावली

प्रस्तुत अध्ययनमा अन्तरवार्ताबाट मात्र कार्य पुरा हुन नसकेको र खास कुनै समुदाय, वर्ग वा क्षेत्रबाट सामुहिक प्रतिनिधित्वको भावना बुझ्न र उनीहरूको अनुभुति समेत संकलन गर्न आवश्यकता परेकाले त्यस्तो कार्यका लागि नमूना प्रश्नावली वनाई त्यस्ता समुदाय वा क्षेत्रमा वितरण गरिएको थियो । Randam र selected sampling दुवै तरिका आवश्यकता र स्थान हेरेर अवलम्वन गरिएकोछ । तिनीहरूबाट प्राप्त उत्तरलाई स्रोत सामग्रीका रूपमा प्रयोग गरिएकोछ । यस्तो स्रोत प्राप्त गर्न छनौट नमूना कार्यविधि अवलम्वन गरिएकोछ । राजनीतिका हरेक पक्षसँग सामाजिक, साँस्कृतिक, ऐतिहासिक र आर्थिक गतिविधि जोडेर हेर्नु पर्ने र स्रोत सामग्रीहरूबाट ठोस् जानकारी हुन नसक्दा निश्चित तोकिएको स्थान र समुदायलाई छनौट गरी नमूना प्रश्नावलीहरू तयार पारी वितरण गरी त्यसको जवाफ खोज्ने प्रयास गरिएकोछ । संविधानसभा सदस्यहरूको धर्म र वर्ग स्रोतका विषयमा आवरण र सतहीमा बुझ्न सम्भव छैन । तसर्थ यस्ता कुरा बुझ्न संविधानसभामा रहेका ६०१ जना सभासदहरू समक्ष प्रश्नावली वितरण गरी प्रश्नहरूको जवाफ र जानकारी लिने काम गरिएको छ ।

यस्ता प्रश्नावलीको उत्तरमा भने सबै प्रत्यक्षरुपमा समावेश भएका छैनन् । कसैसँग प्रत्यक्ष भेटमा उनीहरूकै हस्ताक्षरबाट, कोहीसँग प्रत्यक्ष भेटमा आफैले सोधेर र कोहीसँग टेलिफोन, वा इन्टरनेटको समेत प्रयोग गरी प्रश्नहरूको जवाफ खोज्ने काम गरिएको छ । प्राप्त प्रश्नावलीका उत्तरहरूलाई पनि आवश्यकता परेको ठाँउमा प्रयोग गरिएको छ र कतिपय स्थानमा तिनीहरूलाई अन्य स्रोतसँग पनि तुलनात्मक अध्ययन गरी तथ्य पत्ता लगाउने प्रयास भएकोछ ।

१.७.४. अन्तरवार्ता

प्रस्तुत अध्ययनमा केही व्यक्तिहरूसँग अन्तरवार्ता समेत लिईएकोछ । अन्तरवार्ता लिँदा विशेषतः समावेशीकरणको सवाललाई मात्र प्रश्नको रुपमा उठाउने काम गरिएकोछ । केही नामहरु कतै नसुनिएको तथा अपत्यारिला नामहरू अन्तरवार्तामा देखिएपनि ती नामहरू बौद्धिक समुदाय र समावेशीकरणका बारेमा धेर-थोर चासो र सरोकार राख्ने व्यक्तिहरूसँग सम्वन्धित रहेकाहरूको मात्र अध्ययनमा समावेश गरिएकोछ । विदेश स्थित कार्यरत केही नेपालीहरूसँग इन्टरनेटको माध्यमबाट सम्पर्क राखी उनीहरूसँग पनि नेपालको संविधानसभाले अवलम्वन गरेको समावेशीताको विषयमा धारणा बुझ्ने प्रयास गरिएकोछ । ती सबै विचारहरूलाई सङ्कलन गरी अध्ययनमा प्रस्तुत गर्ने काम गरिएकोछ ।

१.७.५. स्रोत सामग्री

प्रस्तुत अध्ययन गर्दा सर्वप्रथम द्वितीय स्रोतको अध्ययन गरिएकोछ । द्वितीय स्रोत (Secondary sources)बाट प्राप्त तथ्यलाई पनि सहजै विश्वास गर्न नसकिएको र त्यसबाट तथ्य प्राप्त हुन नसकेको अवस्थामा प्राथमिक स्रोत (Primary source)को खोजी गरिएकोछ । यसरी Primary र Secondary source मा देखिएको समानतामा तथ्यगत र विश्वासनीयता रहेको मान्न सकिन्छ । प्रस्तुत अध्ययन नेपाली राजनीतिसँग सरोकार राख्ने विषय भएको र नेपालका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूमा दलीय संकीर्णता, दलीय अनुशासनको घेरा, आग्रह-पूर्वाग्रह देखिने र उनीहरूबाट आउने विचार त्यसै प्रकारको हुने भएकाले Primary source तथा Secondary source का वीचमा पनि तुलनात्मक अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । Primary source मा देखिएको शङ्का निवारण गर्न सक्कली कागजात जस्ता स्रोत सामग्री समेतको खोजी पनि आवश्यक स्थानमा गरिएकोछ ।

सरकारी अप्रकाशित वा अप्रचारित कागज पत्रहरू, डायरी, लिखित तर अप्रकाशित विचार, निर्देशन तथा सर्कुलरहरू, आदेश, पर्चा आदिलाई स्रोत सामग्रीको रूपमा लिईएकोछ । व्यक्ति तथा समुदायसँग लिईएका अन्तरवार्ताहरू, प्रश्नावलीहरू र तिनका उत्तरहरू, व्यक्तिगत छलफलहरू आदि Primary source का रूपमा छन् । वेवसाइडहरू पनि यसैभित्र समावेश गरिएकोछ । तर सार्वजनिक र प्रचारित वेवसाइडहरूको प्रयोग Secondary sources का रूपमा रहेका छन् । प्रकाशित तथा प्रचारित पुस्तक, लेख, पत्रपत्रिका, समाचार, इलेक्ट्रोनिक्स मिडियाहरू आदि Secondary sources का रूपमा प्रयोगमा ल्याईएकोछ ।

सर्वप्रथम द्वितीय स्रोत (Secondary sources) संकलन गरियो । पुस्तक, पत्रपत्रिका, पुस्तकालय, सरकारी कार्यालयहरू, संविधानसभा तथा संसद सचिवालय सामग्री संकलनका स्थानहरू भए । ती स्थानहरूबाट प्राप्त जानकारी र सामग्रीहरूको अध्ययन गरी सकेपछि अपुग सामग्रीका लागि अन्तरवार्ता, प्रश्नावली, छलफल आदि विधिलाई प्रयोग गरिएकोछ । यसरी सवै प्रकारका स्रोत सामग्रीहरूको संकलन र तिनीहरू माथिको अध्ययनबाट शोधको प्रस्तुतीकरण गरिएकोछ ।

१.७.६. तथ्याङ्कको प्रस्तुती

प्रस्तुत अध्ययन राजनीति शास्त्रीय सिद्धान्तको आधारमा मूलत : गुणस्तरीय अनुसन्धान (Qualitative Research) का आधारमा गरिएकोछ । तथ्याङ्कलाई प्रष्ट पार्न र विष्लेशण गर्न आवश्यक परेका केही थोरै स्थानहरुमा Quantitative Research समेतको प्रयोग भई टेवलहरूको समेत प्रयोग हुन गएको छ । प्रत्येक तथ्याङ्कलाई पनि राजनीति, सामाजिक-साँस्कृतिक पक्ष र ऐतिहासिक घट्नाक्रमसँग तुलना गर्ने प्रयास गरिएकोछ । प्रस्तुत विषयको अध्ययन शोधका दृष्टिले पहिलो अध्ययन (कसैले पनि नगरेको) भएकाले अध्ययन विवरणात्मक तथा विश्लेषणात्मक दुवै हुन गएकोछ ।

१.७.७. सामग्रीहरूको विश्लेषण

(क) मूलत : द्वितीय स्रोतमा आधारित भएर गरिएको अध्ययन Secondary sources को सत्यताको मापन प्राथमिक स्रोतसँग तुलनात्मक अध्ययन गरी प्रस्तुत गर्ने प्रयास भएकोछ र केही स्थानमा दुवै स्रोतसँग मिल्दो जुल्दो स्थानमा प्राथमिक स्रोत सामग्रीलाई वढी तथ्यपरक मानी प्रयोग गरी अध्ययन पुरा गरिएकोछ ।

(ख) कुनै ठाँउमा विवादित कुरा पाईएमा निष्कर्ष निकाल्न कठिन भएकाले प्रश्न माथि प्रतिप्रश्न गर्दै तिनको उत्तर खोज्न छड्के जाँच विधि Cross Checking method अवलम्वन गरी तथ्यमा पुग्ने प्रयास भएकोछ ।

(ग) कुनै राजनीतिक दलका नेता तथा व्यक्तित्वसँग कतिपय सवालमा अन्तरवार्ता लिंदा उनीहरूका आफ्ना कमजोरी प्रकट हुने वा पार्टी अनुशासनका कारण वास्तविक तथ्य वाहिर आउन नसक्ने, झुठो विवरण आउन सक्ने, वास्तविकता लुकाउने जस्ता कुराहरू सत्यता र खुलासा गराउन अनौपचारिक छलफल र कुराकानीलाई समेत सहारा लिएर सत्यता खुलाउने प्रयास गरिएकोछ । यसरी तथ्याङ्कहरूको प्रस्तुती गरिएकोछ ।

१.७.८. प्रस्तुतीको भाषा

प्रस्तुत अध्ययन मूलत : देवनागरि लिपी र नेपाली भाषामा तयार पारिएकोछ । कतिपय आवश्यक र महत्वपूर्ण स्थानमा अंग्रेजी भाषा वा रोमन लिपीको प्रयोय पनि गरिएकोछ । अंग्रेजी भाषा वा रोमन लिपिको प्रयोग यस अध्ययनको गौण स्थानमा रहेकोछ ।

१.८. शोधप्रवन्धको रूपरेखा

प्रस्तुत अध्ययनलाई मूलतः ७ सात अध्यायमा विभाजित गरी अध्ययन गरिएकोछ जो निम्नानुसार छन् ।

अध्याय १: शोध परिचय :

यस अध्ययनमा *अध्ययन परिचय* रहेकोछ । जसमा समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र सीमा, पूर्व साहित्य समीक्षा, अध्ययन विधि, अवधारणात्मक संरचना, अध्ययनको तरिका, नमूना प्रश्नावली, स्रोत समग्री, तथ्याङ्कको प्रस्तुती, सामग्री विश्लेषणको तरिका सामग्रीहरूको विश्लेषण आदि रहेका छन् ।

अध्याय २: नेपालको संविधानसभाको उठान, प्रसंग र माग :

यस अन्तरगत नेपालमा संविधानसभाको उठान देखि संविधानसभाको निर्वाचनको घोषणा सम्मका विविध कुराहरूको ऐतिहासिक विश्लेषण तथा विवेचना गरिएकोछ । जो मानव सभ्यताको विकास र संविधान, संवैधानिक विकास, संधानसभाको प्रसंग र उठान, किन भएन त संविधानसभाको निर्वाचन ?, विवाद : संविधानसभा कि संसद ?, नेपाली कांग्रेसभित्र संविधानसभाको सवाल, नेकपा (

एमाले) र संविधानसभा, माओवादी माग र संविधानसभा, संविधानसभा के कम्युनिष्ट एजेण्डा हो ?, नेपाली राजनीति : संविधानसभा तर्फ आदि इत्यादि रहेका छन् ।

अध्याय ३: विश्वका केही देशहरूको संविधानसभासँग नेपालको संविधानसभाको तुलनात्मक अध्ययन :

यस अध्ययनमा खास-खास केही मुलुकहरूको संविधानसभाका अनुभवहरू र समावेशी संरचनाका प्रयासहरूसँग नेपालको संविधानसभाको वारेमा अध्ययन तथा तुलना गरीएकोछ । जो राजनीतिक अवस्था, नरम प्रजातान्त्रिक व्यवस्था, उदाँउदो प्रजातन्त्र, साम्यवाद, राष्ट्रवादी समाजवाद, प्राधिकारिक राष्ट्रवाद, मुस्लिम राष्ट्रवाद, अधिनायकवाद, संविधान, संविधानसभा, विश्वका केही देशका संविधानसभाहरू, अमेरिकी संविधानसभा, दक्षिण अफ्रिकाको संविधानसभा, भारतीय संविधानसभा, केन्याको संविधानसभा, फ्रान्सको संविधानसभा, नर्वेको संविधानसभा, रुसको संविधानसभा, लक्जेम्वर्गको संविधानसभा आदि रहेका छन् ।

अध्याय ४: नेपालका विधायिकाहरूको इतिहास र तिनको समावेशी संरचना :

समावेशी संरचना विषयमा अध्ययन गरिएको छ । जो समावेशीको अर्थ, नेपालको सन्दर्भमा समावेशीकरणको सवाल, नेपालमा समावेशी संरचनाको माग, जातजाति, वर्गीय समावेशीताको सवाल, लैंङ्गिगक सवाल, क्षेत्रीय वा भू-धरातलीय सवाल, व्यवस्थापिका, नेपालको विधायिकाको समावेशी संरचना, व्यवस्थापिकाको इतिहास र समावेशी अवस्था आदि रहेका छन् ।

अध्याय ५: नेपालमा संविधानसभा निर्वाचन २०६४ मा समावेशी अवस्था :

यस अर्न्तगत माओवादी मागको रूपमा संविधानसभा, संविधानसभा साझा एजेण्डाको रूपमा, संविधानसभाको आधार, संवैधानिक गतिविधि, अन्तरिम संविधानको घोषणा, अन्तरिम मन्त्रि परिषद, आठ दल बीच भएको राजनीतिक सहमति, निर्वाचन आयोगको माग, राजतन्त्र विरुद्ध सहमति प्रयास, विषेश अधिवेशन, वामपन्थी सहमति, भारतीय सक्रियता, एमाले माओवादी सहमति, चुनाव गर्न सहमति, अमेरिकी चासो र कार्टरको यात्रा, कांग्रेसको राजनीतिमा उतार चढाव, गणतन्त्रको संविधान, चैत्रभित्रै चुनाव, सात दल बीचको २३ बुँदे सहमति, गणतन्त्रको संशोधन प्रस्ताव पेश, माओवादी मन्त्रिको राजीनामा स्वीकृत, राष्ट्रसंघ र चीनद्वारा स्वागत, गणतन्त्रात्मक देश, मन्त्रि परिषदको पुर्नगठन र चुनावको निश्चितता, संवैधानिक व्यवस्था, निर्वाचनका लागि निर्वाचन आयोग, दल दर्ता गर्ने व्यवस्था, आचार संहिताको व्यवस्था, संविधानसभा सम्वन्धि अदालतको व्यवस्था, संविधानसभा

सदस्य निर्वाचन ऐनको व्यवस्था, निर्वाचन कसुर र सजाय सम्वन्धि व्यवस्था, संविधानसभा, निर्वाचन तालिकाको घोषणा, वामशक्ति बीचको तालमेल, संविधानसभा अदालत गठन, उम्मेदवारको मनोनयन, प्रत्यक्ष निर्वाचनको उम्मेदवारी दर्ता, उम्मेदवारमा पारिवारिक उपस्थिति, उम्मेदवारीमा समावेशी स्थिति, महिला समावेशीको स्थिति, महिला उम्मेदवारी शुन्य भएका जिल्लाहरू, महिला उम्मेदवारी नभएका क्षेत्रहरू, महिला उम्मेदवारहरू उमेर आधार, उम्मेदवारहरूको प्रकृति, निर्वाचन चुनाव चिन्ह र दलहरू आदी इत्यादी रहेको छ ।

अध्याय ६: समावेशी दृटिकोणमा नेपालको संविधानसभा २०६४

यस समावेशीकरण मूल भाग जसमा समावेशीताको सैद्धान्तिक पक्ष, मधेशी, दलित, आदिवासी जनजाति, पिछडिएको क्षेत्र, अन्य, समावेशीताका आधारहरू, जातिगत अवस्था, क्षेत्रगत अवस्था, वर्गीय अवस्था, लैंङ्गिक अवस्था, आर्थिक आधारलाई अध्ययनभित्र राखेर विश्लेषण गरिएको छ । नेपालमा भएका उमेर समुह समेतलाई प्रतिनिधित्व भएको अवस्थालाई पनि समावेशीकरणका दृष्टिले अध्ययन गरिएकोछ । नेपालको अन्तरिम संविधान, २०६३ तथा तत् सम्वन्धि कानूनले तोकेको समावेशीकरणका विषयहरूमा नेपालको राजनीतिक तथा सामाजिक समावेशीकरणमा पुग/अपुग भएको तथ्यहरूका बारेमा पनि प्रकाश पार्ने काम यस अध्यायमा गरिएकोछ ।

अध्याय ७: निष्कर्ष तथा सुझावहरू :

यस अध्याय अन्तरगत नेपालमा संविधानसभाको प्रसङ्ग र स्थापना, संविधानसभामा भारतीय स्वार्थ, नेपालमा संविधानसभा गठनको उद्देश्य, संविधानसभा र समावेशीता, जातिगत आधार, क्षेत्रगत आधार, वर्गीय भिन्नता, लैंङ्गिक भिन्नता, नेपालमा अपनाईनु पर्ने समावेशीता, संविधानसभा असफल हुनुका कारणहरू लयागत संविधानसभा २०६४ र २०७० को तुलनात्मक अध्ययन गरी सोको निष्कर्ष तथा सुझाव राखिएको छ ।

अध्याय : २

नेपालको सन्दर्भमा संविधानसभाको उठान, प्रसङ्ग र माग

२.१. मानव सभ्यताको विकास र संविधान

मानव सभ्यताको इतिहास निकै धेरै पुरानो रहेको छ । पृथ्वीको उत्पत्ति हुँदा त्यसको तापक्रमको कारणले कुनै जीवको जन्म त्यसवेला भएको थिएन । जव पृथ्वी सेलाउँदै गयो तव पृथ्वीमा जीवको उत्पत्ति र विकास हुन थाल्यो । सोही क्रममा पृथ्वीको इतिहासको मध्य खण्डमा (Mesozoic age) घिस्रिने जनावरहरू (Reptiles) र पछिल्लो चरणमा अन्य जीवहरूको सृष्टि भयो ।[१] पृथ्वीको यो विकास क्रमले मानव जातिको उत्पत्ति हुन गएको छ । मानव जातिको इतिहासलाई केलाउँदै मोर्गेनले मानव सभ्यताको विकास तीन चरणले विकसित भएको उल्लेख गरेका छन् । पहिलो चरणलाई जंगली, दोस्रो चरणलाई वर्वर तथा तेस्रो चरणलाई सभ्य वा उन्नत चरण भनी परिभाषित गरेका छन् । उल्लेखित तीन चरणहरूमा पनि प्रत्येकलाई तीन/तीन चरणमा बाँढेर निम्न, मध्यम तथा उन्नत चरण भनी उल्लेख गरेका छन् । उच्च प्रदेशीय तथा उष्ण प्रदेशीय जंगलमा बसोबास गरेर जीवन विताउने मानव युगलाई उनले निम्न जंगली युग भनी उल्लेख गरेका छन् भने मानिसले आगो पार्न र माछा मार्ने काम गर्न थालेको युगलाई मध्यम चरण तथा धनु बाणको प्रयोग गरी सिकार गर्न थालेको जंगली युगलाई उन्नत युग बताएका छन् । जंगली युगको यी चरणहरू पार गरी सकेपछि वर्वर युगको थालनी हुन्छ र वर्वर युगमा माटाका भाँडा बनाएर काम गर्ने निम्न चरण, पशुपालन गर्ने गोठाले जीवनलाई मध्य चरण र फलाम पगाल्ने कलाको विकास भई खेतीपातीमा प्रवेश गरेको तथा लेखपढमा अक्षरको आविस्कार भएको अवस्थालाई उत्तम चरण भनी उल्लेख गरेका छन् ।[२] यही भनाईलाई आधार मान्दै द्वन्द्वात्मक एवं ऐतिहासिक भौतिकवादको आधुनिक व्याख्याता मार्क्सका सहकर्मी एङ्गेल्सले यो वर्वर युगको अन्तिम अवस्थामा अर्थात पशुपालन र खेतिपातीको युगमा मानिसको प्रवेशसँगै परिवारको उत्पत्ति भएको उल्लेख गरेका छन् । जंगली समाजमा मानिसमा निजी सम्पत्ति थिएन । नत निजी परिवार नै थियो । मानिसको पहिचान बाबुबाट नभएर आमाको नामबाट चल्दथ्यो । मानव सभ्यताको विकास क्रममा गोत्र समुदायको स्थापना हुँदासम्म संसार राज्य विहीनताको अवस्थामा थियो । त्यसैले

---

१. B.V. Rao (1988), *World history*, New Delhi: Starling Publishers, Private Limited, p.15.

२. L.H. Morgan (1977), *Ancient society*, Londan: Oxford University Press, p.28.

त्यो कालखण्डलाई आदिम साम्यवाद भनियो । परिवारको उत्पत्ति भएर निजी सम्पत्तिको थालनी भए पछि समाज मातृ सत्तात्मक अवस्थाबाट पितृ सत्तातर्फ संक्रमण भएको थियो ।[३] मानव समाजको विकास क्रममा गोत्रको उत्पत्ति भएको र त्यस्ता गोत्रहरूमा अमेरिकी मूलमा इरोक्वा गोत्र, युनानीहरूमा युनानी गोत्रको उत्पत्ति भएको कुरा उल्लेख गर्दै गोत्रले शान्तिकालका अगुवा (साखेम) तथा युद्धकालका नायक (मुखिया) छान्ने गरेको भए पनि गोत्रको समयमा न पुलिस प्रशासन थियो नत सेना र राज्य नै स्थापित भइसकेको थियो । समाजलाई स्वर्गीय युगको कल्पना गरिएको छ ।[४] यसैको उत्तरार्द्धमा समाज वर्गीय विभेद खडा हुन गयो समाजमा शोषक तथा शोषित वा उँचो तथा निचो वर्गको प्रादुर्भाव भयो । समाजमा निजी सम्पत्तिको उत्पत्तिले वर्गीय विभेद खडा गर्न पुगेपछि त्यसले उत्पन्न गरेको परिवेशले राज्यको उत्पत्ति हुन गयो ।[५]

मानिसहरू जंगली युगबाट पशुपालन तथा कृषि युगमा प्रवेश गर्दा सबैभन्दा पहिले नदी तथा समुद्री किनारहरूमा बसोवासको थालनी गरेका थिए । मानिसले बसोवास गर्न थालेको समयलाई इतिहासमा सभ्यताको विकास भन्ने गरिएकोछ । यसरी विकसित पुराना सभ्यताहरूमा टाइग्रिस र युफ्रेटस नदीको किनारबाट विकसित सभ्यता मेसोपोटामियाको सभ्यता (बेबिलोनियन), नील नदीको किनारबाट विकसित इजिप्टसियन (मिश्री) सभ्यता, सिन्ध नदीको किनारबाट विकसित मोहन जोडारो, हरप्पा र तक्षशीला संस्कृतिको हिन्दु सभ्यता, ह्वाङ हो र याङ सिक्याङ नदीको किनारबाट विकसित चीनियाँ सभ्यता र तिनले स्थापित गरेका फरक-फरक मान्यताहरूको चर्चा भएको इतिहासमा पाइन्छ ।[६] फरक-फरक सभ्यताको विकासले मानिसहरूको रहन-सहन तथा विचार र भाषा पनि फरक-फरक भएको थियो । पछिल्ला दिनमा धर्मको उत्पत्ति हुन गएपछि धर्म पनि फरक रहन गयो । यिनै मानिसहरूको स्थानगत पहिचान बन्दै गएपछि आर्यन, मंगोल, द्रविड, निग्रो आदि जातिको पहिचान बनेको कुरा इतिहासकारहरूले व्यक्त गरेका छन् ।[७] यसरी मानव जाति जंगली, आदिम साम्यवादी युगबाट विकसित भएर पशुपालन र खेतिपाती युगमा प्रवेश गर्दै अघि बढेपछि परिवार, समाज र गोत्रको उत्पत्ति हुन गएको र त्यसको विकास तथा निजी सम्पत्ति तथा राज्यको उत्पत्ति हुन

---

३. फेडरिक एङ्गेल्स (१९८६), *परिवार निजी सम्पत्ति तथा राज्यको उत्पत्ति,* मस्को : प्रगति प्रकाशन, पृ. ६९-११५ ।

४. ऐ. पृ. ११५ ।

५. ऐ. पृ. १२९ ।

६. Rao, *op.cit No.1.*

७. ऐ. ।

गएको देखिन्छ । राज्यको उत्पत्तिले राज्यमा शासन गर्ने विभिन्न तरिकाहरूको विकास गर्दै लग्यो । राज्यको स्वरूप सानो तथा मानिसहरूको संख्या थोरै हुँदा राज्यको सञ्चालन मौखिक आदेश तथा कानुनमा पनि निर्भर रहने गर्दथ्यो भने राज्यको स्वरूपले ठूलो आकार लिन थालेपछि र मानिसहरूको संख्या वृद्धि हुन गएपछि राज्य सञ्चालनका लागि निश्चित नियम तथा कानुनको जरुरी पर्न थाल्यो । हरेक राज्यमा अलग-अलग कानुन तथा नियमहरू बन्न थाले । आधुनिक युगमा प्रवेश गरेपछि त्यसरी बनाइने कानुनहरूमा मूल कानुनका रूपमा संविधानको निर्माण हुन थाल्यो । आधुनिक युगमा हरेक मुलुकसँग आ-आफ्नै प्रकारको संविधान मौजुदा रहेको छ ।

२.२. संवैधानिक विकास

संसारमा अनेक प्रकारका शासन व्यवस्थाहरू पाइन्छन् । जे जस्ता शासन व्यवस्था भएका मुलुकहरू भए पनि तिनीहरूमा कुनै न कुनै रूपको विधिको संग्रह निर्माण गरिएको हुन्छ । त्यही विधिको संग्रहको मूल दस्तावेजलाई संविधान भनिन्छ र सो संविधान निर्माणका लागि जन अनुमोदित संस्था संविधानसभा हो । मन्टेस्क्यु (१६८९-१७५५)को प्रशिद्ध कृति द स्पिरिट अफ ल सन् १७४८ मा प्रकाशित भए पछि यसले राज्य प्रणालीका बारेमा फ्रान्समा एउटा हलचल र वहसको सृजना गराएको थियो ।[८] यहींबाट विश्वमा शासन प्रणालीका अनेकौं रूपहरूको परिकल्पना हुनाका साथै शासन सञ्चालनको विधिशास्त्र तथा विधि संग्रहको विषयमा पनि विभिन्न कदमहरू उठाउन थालियो ।

सामान्य अर्थमा संविधान भनेको मुलुकको मूल कानुन हो, जसले राज्यका अङ्गहरूको पहिचान, शक्तिको सीमाङ्कन गर्दै तिनको काम कारवाहीलाई कानुनी वैधता दिने काम गर्दछ । संविधान देशको घोषणा पत्र हो, जनताको विश्वासको स्वीकारोक्ति हो, आदर्शको अभिव्यक्ति हो ।[९] देशको यस्तो मूल कानुन वा घोषणा पत्र निर्माण गर्ने जनताबाट अनुमोदित संस्था वा सभा नै संविधानसभा हो । संविधानसभालाई कतै कतै संवैधानिक सभा (Constitutional convention) पनि भनिएको पाइन्छ । यस्तो सभाको गठन संविधानको मस्यौदा तयार पार्ने लेख्ने र जारी गर्ने उद्देश्यले गरिएको हुन्छ । संविधानसभाको सदस्यहरू नागरिक मध्येबाट नागरिकहरूले नै चुनेका सार्वभौम अधिकार प्राप्त कानुन निर्माताहरू हुन्छन् र तिनीहरूले संविधान जारी गर्ने काम गर्दछन् ।[१०]

---

८. C.D.Hazen (2000), *Modern Europe up to 1945*, Delhi: S.P.Verma, S.Chanda, p.11

९. काशीराज दाहाल (२०६३), *संविधानसभा र संवैधानिक विकास,* काठमाडौं : निरन्तर प्रकाशन पृ.१ ।

१०.John Elster (APR. 4, 2005), Constituent assembly and constitution, *www.constituentassembly.com*

संविधानसभा भनेको नयाँ संविधान निर्माण गर्ने नागरिकहरूको भेला हो, जसमा राज्य व्यवस्था कसरी सञ्चालन हुन्छ भन्ने कुराहरू उल्लेख गरिएको हुन्छ र सो वारे परिभाषित गरिएको छ ।[११] कोलम्विया विश्वविद्यालयका सामाजिक विज्ञानका प्राध्यापक John Elster का अनुसार "संविधान विभिन्न तरिकाले जारी गरिन्छ । गैह्र प्रजातान्त्रिक अतिवादको प्रयोगमा हामी भावी पुस्तालाई संविधान जवरजस्ती लागू गराउँछौं भने प्रजातान्त्रिक अतिवादमा विश्वव्यापी मान्यतामा आधारित भएर निर्वाचन विधिबाट संविधानसभाको गठन गरी नयाँ संविधान लेख्न प्रेरित गर्दछौं ।[१२] संविधान मूलतः राज्यको उद्देश्यसँग सरोकार राख्ने दस्तावेज भएकाले संविधान बनाउने अङ्ग जन निर्वाचीत हुनु पर्छ वा जन अनुमोदित हुनु पर्दछ भन्ने मान्यताबाट स्थापित संस्था संविधानसभा हो । संविधानसभा भनेको जनताले आफ्नो लागि आफ्नो सार्वभौम अधिकारको प्रयोग गरी निर्वाचीत गरेको सभा हो जसले आफ्नै लागि संविधान निर्माण गर्ने सिद्धान्त र प्रकृयाको निर्धारण गर्दछ ।[१३] वास्तवमा यो बुझाइ नै संविधानसभाको सही परिभाषा हो । यी विभिन्न परिभाषाहरूको आधारमा संविधानसभा भनेको मुलुकको संविधान निर्माण गर्न जनताबाट आफूहरूमा रहेको सार्वभौम अधिकार प्रत्यायोजन गरी निर्वाचनका माध्यमबाट निर्वाचीत गरी पठाइएका प्रतिनिधिहरूको सभालाई संविधानसभा भन्ने गरिएको छ ।

विश्वमा विद्वानहरूले प्रजातन्त्रको अर्थ जसरी लगाउने गरिएको छ त्यसरी नै नेपालमा पनि प्रयोगमा आएको उल्लेख गर्दै पहिलेका दिनमा सक्रिय राजतन्त्रलाई पनि प्रजातन्त्र भन्ने गरिएको बताएका छन् । नेपालको इतिहासमा विभिन्न समयमा विभिन्न शासकहरूले शासन गरेको पाइन्छ । गोपाल र महिषपाल बंशी शासकहरूको शासनपछि किराँतीहरू शासकका रूपमा उदाएका थिए । पाँचौ शताब्दी तिर लिच्छवि शासनको उदय भएको उल्लेख गर्दै लिच्छविकाललाई प्रजातान्त्रिक भएको पनि उल्लेख गरेका छन् । तरपनि त्यो शासन सक्रिय राजतन्त्रमा आधारित थियो । मध्यकालीन नेपाली इतिहासमा दक्षिणमा तिरहुत वा सिमरौनगढ, पश्चिमी पहाडी क्षेत्रमा खस मल्ल तथा केन्द्र भागमा मल्लहरूको शासन भएको पाईन्छ । मल्लहरूले पनि लिच्छविहरूकै जस्तो राजतन्त्रात्मक शासनको प्रयोग गरेका थिए । मल्ल शासनकाल विभाजित र एकापसमा फुटको राजनीतिबाट गुज्रिरहेको थियो । मल्लहरूको विभाजनले राज्य कमजोर बन्दै गएको थियो । यही कमजोरीको जगबाट गोरखाका राजा

---

११. दाहाल, *पुर्वत* नं.९, पृ. ६ ।

१२. www., *op.cit.No.10* .

१३. गोपाल शिवाकोटी र अमन श्रेष्ठ (२०६५), *संविधानसभा महासंग्राम विश्वक्रान्तिको नयाँ आयाम,* काठमाडौं :मधुवन प्रकाशन, पृ. २ ।

पृथ्वीनारायण शाहले नेपाललाई एकीकरण गरे र एकीकृत शासनको जग बसाले ।[१४] गोर्खाली विजय पछिपनि मल्लहरूले जस्तै हिन्दू धर्म र संस्कृति अनुरूपको शासन शाहहरूले पनि सुरु गरेका थिए । मल्लहरूले बनाएको हिन्दू वर्ण व्यवस्थाको प्रयोग गोर्खाली शाह राजाहरूले पनि कायम राखे । शाह परिवारको आपसी झगडा तथा त्यसले नेपालको दरवारिया राजनीतिमा पारेको प्रभावलाई नजिकबाट बुझेका जंगबहादुरले कोत हत्याकाण्डलाई आफ्नो अनुकुलतामा प्रयोग गरी राणा शासनको जग बसाले । त्यसपछि घटेका भण्डारखाल तथा अलौ पर्व जस्ता घटनाले शाह राजाहरूको हातमा रहेको अधिकार समेत राणाहरूले खोसी आफ्नो हातमा लिएका थिए ।[१५] हिन्दू वर्ण व्यवस्थाको झनै संकुचित प्रयोग राणा शासनको समयमा गरियो । राणा शासनको समयमा केवल कुलिन वर्गले मात्र राजनीतिक अधिकारको प्रयोग तथा त्यस विषयमा ज्ञान प्राप्त गर्न सकेको र अन्य सर्वसाधारणहरूले राजनीतिको बारेमा जानकारी नै प्राप्त गर्न नसकेको पनि बताइन्छ । त्यस समयमा राज्य सञ्चालनको वारेमा जनताले जान्ने ठोस् विधि थिएन । जङ्गबहादुर राणाले वि सं. १९१० मा मुलुकी ऐन जारी गरी नेपालको इतिहासमा त्यो केवल "संहितावद्ध कानुन" को रूपमा मात्र रहन गयो र त्यसले संवैधानिक चरित्रलाई अङ्गिकार गर्न नसकेका कारण संवैधानिक कानुनको थालनी उक्त मुलुकी ऐनबाट हुन सकेन ।[१६] राणा शासनको अन्त्यतिर विश्वयुद्ध तथा विश्व राजनीतिको प्रभावका कारण नेपालमा पनि राणाहरूको शासन हल्लिन थाल्यो । राणाहरूमा पनि संवैधानिक सुधारको सोचको विकास हुन थालेको थियो । यही पेरिफेरीमा वि.सं. २००४ सालको सुरुमा नै राणा प्रधानमन्त्री पद्म शम्सेरले विधान निर्माण गर्न एक समिति बनाएका थिए । विधान सुधार समितिको सिफारिस बमोजिम भन्दै विधानको प्रस्तावनामा भनिएको थियो :-

> प्रजालाई राज्य प्रणालीको हरेक अङ्गमा झन् झन् बढी मात्रामा सम्मिलित गराई मुलुक र दुनियाँको उत्तरोत्तर वृद्धि गराउने अभिप्राय राखी संवत् १९०३ सालदेखि श्री ५ बाट समय समयमा श्री ३ महाराजाहरूलाई बक्सेको भर मुलुकको शासन सम्बन्धि अख्तियारको पञ्जापत्र बमोजिम अख्तियारी ग्रहण गरी नेपाल सरकार वैधानिक कानुन, २००४ जारी गरियो ।[१७]

तर एकातिर राणा परिवारको आपसी झगडा र जनतामा आएको चेतनाको विकासका कारण उक्त कानुनले कार्यान्वयनको अवसर पाउन सकेन । राणा विरोधी आन्दोलनको विकास हुन थाल्यो र

---

१४. बालचन्द्र शर्मा (२०२३), *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी : कृष्णकुमारी देवी, पृ. ।

१५. दाहाल (२०६३), *पुर्ववत्* नं.९, ।

१६. ऐ. ।

१७. Ram Kumar Dahal (2001), *Costitutional and political development in Nepal*, Kathmandu:Ratna pustak Bhandar, p. 246.

अन्ततः सन् १९५१ मा जनताले विद्रोह गरी राणाहरूको १०४ वर्षीय जहानीय राणा शासन पनि भत्काइदिए । नेपालमा राणा विरोधी आन्दोलनको राजनीतिको विकास र त्यसको परिणाम नेपालमा त्यसै वर्ष अन्तरिम शासन विधान लागू भयो । राणा शासनको समाप्तीको राजनीतिले नेपालमा संविधानसभाको प्रसङ्गले प्रवेश पायो । तर सो विधान संविधानसभाको निर्वाचन भएर त्यसले अर्को संविधान नबनाएसम्म मात्र अस्थायी रूपमा लागू गरिएको थियो ।[१८] सन् १९५१ को अन्तरिम शासन विधान जनतामा सार्वभौम रहेको, बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली, स्वतन्त्र न्यायपालिका जस्ता प्रजातान्त्रिक मूल्य र मान्यता अनुरूपको शासन पद्धतिको परिकल्पनाका साथ लागू भएको भएपनि राजनीतिक दलहरूले त्यसलाई संस्थागत ढंगले अघि बढाउन नसकेको कारण सन् १९५९ मा एक कार्यनीतिक सम्झौताका रूपमा अर्को संविधान जारी भएको चर्चा पनि इतिहासको पानामा गरिएको छ ।[१९] यही राजनीतिक सन्दर्भमा नेपालमा संविधानसभाको विषयले प्रवेश पाएको छ ।

२.३. संविधानसभाको प्रसंग र उठान

राणा प्रधानमन्त्री पद्म शम्शेरको समयमा बनाइएको नेपालको वैधानिक कानुन २००४ सम्वत् २००५ साल वैशाख १ गते जारी हुने भनी सोही विधानमा उल्लेख गरिएको थियो । पद्म शम्शेरकै राजिनामा तथा राणाहरूको आन्तरिक कलहका कारण त्यो जारी भएन । तथापि उक्त कानुन संवैधानिक कानुनको विकासक्रममा नेपालको इतिहासमा पहिलो लिखित संविधान थियो । नेपालमा चलेको राणा विरोधी आन्दोलनको रापमा राजा त्रिभुवन देश छोडेर भारतमा शरण लिन पुगे । भारतीय पहल तथा सहयोगमा नेपाल सरकार समक्ष सन् ८ डिसेम्बर १९५० मा निम्नानुसारका सर्तहरू राखी एक स्मरण पत्र पठाइयो :

(क) यथाशिघ्र वालिग मताधिकारको आधारमा निर्वाचन प्रकृयाद्वारा एक विधानसभा गठन गरी सो मार्फत नेपालको नयाँ विधान तयार गर्ने ।

(ख) राणा प्रधानमन्त्रीको अध्यक्षतामा जनविश्वास प्राप्त व्यक्तिहरूको समेत प्रतिनिधित्व भएको अन्तरिम सरकार गठन गर्ने ।

---

१८. H.N. Agrawal (1980), *Nepal: A study in constitutional change*, Delhi : Oxford & I.B.H.Publishing Company, p.8 .

१९. Anantaraj Paudel (2000), Monarchy and democracy, *Essay on constitutional law*, Vol.32, Anuparaj Sharma (ed.), Kathmandu : Nepal Law Society, pp. 30-48.

(ग) श्री ५ त्रिभुवनलाई नेपालको राजा मान्ने ।

(घ) सबै राजनीतिक बन्दीहरूलाई मुक्त गर्ने ।

(ङ) राजनीतिक संगठन बनाउने अधिकार प्रदान गर्ने

भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले राणा प्रधानमन्त्री मोहन सम्शेरले राजा त्रिभुवन भारत प्रस्थान गरेको मौकामा राजाका चार वर्षीय नाती ज्ञानेन्द्रलाई राजा बनाएको कुरामा भारतीय लोकसभामा सरकारी धारणा राख्दै नेपालको राजा त्रिभुवनलाई नै मान्ने अभिव्यक्ति दिँदै राणा शासनको विपक्षमा उभिएको विचार प्रस्तुत गरेपछि मोहन सम्शेरले वि.सं.२००७ साल पौष २४ गते देशवासीको नाममा घोषणा गर्दै भावी विधान तयार पार्न विधानसभाको निर्वाचन गराउने, सात जना जनताका राजनीतिक प्रतिनिधि तथा सात जना राणाहरूको प्रतिनिधि रहेको मन्त्री मण्डल गठन गर्ने आदि जस्ता कुराहरू स्वीकार गर्दै घोषणा गरे ।[२०] मोहन सम्शेरको उक्त प्रस्ताव भारत सरकार तथा नेपाली कांग्रेसले समर्थन जनायो । त्यसपछि भारतीय सरकारको मध्यस्थतामा राणा, नेपाली काँग्रेस र राजा त्रिभुवनको बीचमा त्रिपक्षीय वार्ता भयो । अन्ततः भारतको दिल्लीमा राजा त्रिभुवनलाई संवैधानिक राष्ट्र प्रमुख स्वीकार गर्ने, राणा-काँग्रेस मिलिजुली सरकार गठन गर्ने तथा संविधानसभाको निर्वाचन गराउने जस्ता सर्तहरू रहेको एक सम्झौता भयो, जसलाई नेपालको इतिहासमा दिल्ली सम्झौता भनिन्छ ।[२१]

यसरी नेपालमा संविधानसभाको प्रसंगले प्रवेश गरेको आधा शताब्दी भन्दा लामो समय वितिसकेको छ । वि.सं.२००७ साल (सन् १९५०) को आन्दोलनलाई टुङ्गयाउन भारतको नयाँ दिल्लीमा राजा त्रिभुवन, नेपाली काँग्रेस र राणा शासकका वीचमा तत्कालीन भारतीय प्रधान मन्त्री जवाहरूलाल नेहरूको मध्यस्थतामा सम्झौता हुँदा सम्झौताको एउटा बुँदा दुई बर्ष भित्रमा संविधानसभाको निर्वाचन गराउने उल्लेख गरिएको कारणले राजा त्रिभुवन दिल्लीवाट स्वदेश फर्किएर राणा शासनको समाप्तीको घोषणासँगै नयाँ मन्त्री मण्डल गठन हुँदा यस्तो घोषणा गरेका थिए :-

> औ हाम्रा प्रजाको शासन अव उप्रान्त निजहरूले निर्वाचन गरेको एक बैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानको अनुसार होओस भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकोले, औ सो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रा कार्य सम्पादन गर्नमा मद्धत र सल्लाह दिनका निमित्त दुनियाको विश्वास भएको दुनियाका प्रतिनिधिहरू समेत सम्मिलित भएका एक मन्त्री मण्डल संगठित होओस् भन्ने हाम्रो इच्छा र निर्णय भएकोले ...।[२२]

---

२०. दाहाल, *पुर्वक्त् नं. ९ ।*

२१. पुष्पलाल (१९८७), *नयाँ जनवादी कार्यक्रम नेपाली क्रान्तिको एकमात्र मूलबाटो,* नेपाल कम्युनिष्ट पार्टी, सं. (२०५२), पुष्पलाल स्मृति ग्रन्थ, नेपाल : पुष्पलाल स्मृति प्रतिष्ठान, पृ. २६ ।

२२. गृष्म वहादुर देवकोटा (२०३६) पुनः मुद्रण), *नेपालको राजनीतिक दर्पण,* भाग-१, ज्ञानेश्वर काठमाडौं : ध्रुव वहादुर देवकोटा, पृ.१४ ।

राजा त्रिभुवनको उक्त घोषणामा संविधानसभाको निर्वाचनवाट गणतन्त्रात्मक विधान वनाउने बाटोमा नेपाल पुगि सकेको थियो । राजा त्रिभुवनको २००८ साल मंसीर १ को घोषणा, २०१० सालमा जारी घोषणा अर्थात राजा त्रिभुवनको अन्तिम समय सम्म पनि संविधानसभाको निर्वाचनवाट मुलुकमा नयाँ संविधान बनाउने कुरा हटेको थिएन । यसरी हेर्दा नेपालमा संविधानसभाको निर्वाचन होस् भन्ने जनताको इच्छा भन्दा पनि सात सालको आन्दोलनपछि दिल्ली सम्झौताको उपज आएको देखिन्छ । नेपालमा राजावाट नै संविधान बनाउन जनतालाई दिन स्वीकार गरिसकेको थियो । त्यसवेला नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी लगायतका राजनीतिक पार्टीहरू पनि संविधानसभाको पक्षमा थिए । नेपाली कांग्रेसको सन् १९५० को घोषणा पत्रमा "वर्तमान शासनको अन्त्य गरिसकिएपछि नेपाली कांग्रेस वालिग मताधिकारको आधारमा जनताद्वारा निर्वाचीत प्रतिनिधिहरूको सभाको आह्वान गर्नेछ । त्यहि परिषद वा सभाले प्रजातान्त्रिक नेपालको निम्ति संविधान वनाउन र राज्य कानून वनाउन जिम्मेवारी सुम्पनेछ भनेर लेखिएको कुरा वी.पी. कोइरालाले एक लेखमा उल्लेख गरेका छन् ।[२३] यस्तै नेपाल कम्युनिष्ट पार्टीले त कहिल्यै पनि कुनै न कुनै प्रकृयावाट संविधानसभाको मागलाई पछिसम्म उठाइनै रह्यो ।

२.४. किन भएन त संविधानसभाको निर्वाचन ?

राजा त्रिभुवनको शासनकालमा जे जति मन्त्री परिषद बने ती कुनैले पनि संविधानसभाको निर्वाचन गराउने विषयमा कहिल्यै पहल गरेनन् । २००७ साल फाल्गुण ७ गते राजा त्रिभुवनको शाही घोषणा अनुसार संविधानसभाको निर्वाचनका निम्ति काम हुन थालेको पनि थियो । यसैका लागि Peoples' Representation Act जारी गरिएको थियो । यसले संविधानसभाका लागि चाहिने सबै आधारहरूको व्याख्या पनि गर्‍यो । निर्वाचनमा भाग लिने व्यवस्था गर्दै नागरिकता ऐन (Citizenship Act) पनि जारी गरियो । भारतका प्रमुख निर्वाचन आयुक्त सुकुकमार सेनलाई वोलाएर उनीवाट पनि संविधानसभाको निर्वाचनवारे धेरै सल्लाह लिईयो । यती हुँदा-हुँदै पनि संविधानसभाको निर्वाचन हुन सकेन । यसका लागि मुलरूपमा तत्कालीन राजनीतिक परिस्थिति र राजनीतिक दलहरू तथा राजा स्वयं पनि संविधानसभाको निर्वाचन नगराउनमा जिम्मेवार रहन पुगेको देखिन्छ ।

वि.सं.२००७ साल पछि राजा त्रिभुवनले संविधानसभाको निर्वाचन गराउने घोषणा गरेका भए पनि उनले त्यसपछि गठन गरेका हरेक मन्त्री परिषद र तिनका मन्त्रीहरू निर्वाचन नचाहने भएकाले

२३. सिवाकोटी र श्रेष्ठ (२०६५), *पुर्ववत् नं. १३*, पृ.४ ।

कतै संविधानसभाको निर्वाचन राजाले नचाहेको र केवल दिल्लीमा सम्झौता गरिदा मात्र त्यसको घोषणा गरेको देखिन्छ । राणा काँग्रेस संयुक्त मन्त्री मण्डल गठन हुँदा राणाहरूलाई समाप्त गरेर एक्लौटी राज्य चलाउन खोज्ने काँग्रेसी चाहना तथा पुरानै शासन स्थापित गराउन खोज्ने राणाको मनोकाँक्षाको कारण सो मन्त्री मण्डल ९ महिनामा ढल्न पुग्यो । वी. पी. कोइरालाले नेतृत्व गरेको काँग्रेस निर्वाचनमा जान चाहे पनि राणा काँग्रेस गठबन्धन सरकारबाट बाहिरिएपछि वी. पी. कोइरालालाई सरकारमा आउन राजाले कहिल्यै दिएनन् । मोहन सम्शेरले प्रधानमन्त्रीबाट राजिनामा गरेपछि वी. पी. कोइरालालाई प्रधानमन्त्री बनाउन नेपाली काँग्रेसले खोज्दा त्रिभुवनले मात्रिकाप्रसाद कोइरालालाई मात्र प्रधानमन्त्री बनाउने आग्रहको जानकारी महावीर सम्शेर मार्फत पठाएपछि मात्रिकाप्रसाद कोइरालालाई प्रधानमन्त्री स्वीकार गर्न काँग्रेस वाध्य भएको थियो । निर्वाचन जित्ने सम्भावना नै नभएका व्यक्तिहरू शाही परामर्श दात्री सरकार, राष्ट्रिय प्रजापरिषद पार्टी आदिको सरकार बनाएर निर्वाचनको वातावरण विपरित राजा त्रिभुवनले काम गरिरहे । सम्वत् २०१० सालमा गएर अन्तरिम शासन विधानले दिएको अधिकारको सीमा समेत नाघेर राजाले आफ्नो हातमा बढी अधिकार केन्द्रित गर्न पुगे । तथापि राजा त्रिभुवन बाँचुञ्जेल संविधानसभाको निर्वाचन हुने आशा भने मरेको थिएन । उनका हरेक घोषणाहरूमा विधानसभाको निर्वाचन गराउने कुरा उल्लेख भइरहेको थियो । त्रिभुवनको स्वर्गारोहण पछि महेन्द्र नेपालका राजा भए । सक्रिय राजतन्त्रमा विश्वास गर्ने राजा महेन्द्र सुरुकै दिन देखिनै संविधानसभाको विपक्षमा थिए । संविधानसभाले संविधान वनाउँदा राजाको अधिकार कटौति गराउने पक्षमा उनी थिएनन् । भनिन्छ, दिल्ली सम्झौताकै समयमा युवराज महेन्द्रले संविधानसभा राख्नु हुन्न भनेका थिए तर राजा त्रिभुवनले "जनताले नचाहेर राणाहरू गए, यदि जनता चाहँदैनन् भने हामीले पनि जानु पर्नेछ"[२४] भन्ने अडान लिएपछि संविधानसभाको निर्वाचन गरिने कुरा भएको थियो भनिन्छ । महेन्द्र राजा भएपछि उनले आफ्ना भाषणहरूमा निर्वाचन गर्ने कुरा त गरे तर संविधानसभाको भनेर कहिल्यै किटान गरेनन् । २०१४ साल आश्विन पूर्णिमाका दिन निर्वाचन गर्ने घोषणा गरेको भएपनि के का लागि निर्वाचन गर्ने भन्ने विषयमा खुलाएका थिएनन् । यती मात्र होइन उनको कार्यकालमा संविधानसभाको निर्वाचन गराइने विषय निम्न तरिकाले पन्छाउँदै लगिएको थियो :

वि.सं.२००९ सालमा वनाइएको राष्ट्रको मर्यादाक्रमको सूचिमा प्रधान मन्त्री, प्रधान न्यायाधीश पछि संविधानसभाको अध्यक्षको क्रम तथा त्यसपछि मन्त्रीहरूको क्रम राखिएको थियो ।

---

[२४] . गणेशमान सिंहसँगको अन्तरवार्ता (उद्धृत), राजकुमार पोखरेल (१९ मंसिर २०६३), *संविधानसभाको प्रक्रिया र राज्यको पुनः संरचना,* दमक झापा ; नेपाल बुद्धिजीवी परिषदद्वारा आयोजित विचार गोष्टिमा प्रस्तुत कार्यपत्र, अप्रकाशित, पृ.१५ ।

राजा महेन्द्रबाट यसलाई संशोधन गरी संविधानसभाको अध्यक्ष तथा सदस्यहरूको नाम नै मर्यादाक्रमको सूचिवाट हटाइयो ।

केहि नेताहरू संविधानसभाको विपक्षमा राजा महेन्द्रको शासनकालमा देखिन पुगे । यस्ता व्यक्तिहरूमा विशेष गरी रक्षादल विद्रोहका समयमा देश छोडेर भागेको के.आइ.सिंह जो महेन्द्र राजा भएपछि आम माफी पाई नेपाल आएका थिए र अर्का व्यक्ति थिए ऋषिकेश शाह । यी दुबै संविधानसभाले राजाको शक्ति क्षीण बनाउने भएकोले यसको चुनाव गर्न नहुने तर्क राख्दै भाषण गर्दै हिंड्दथे । यी दुई मात्र होइन अबत राज्यका जिम्मेवार तहमा पुगेका व्यक्ति समेत यस्तो कुरा गर्न थाले । सम्वत् २०१३ जेठ महिनामा भएको नेपाल प्रजापरिषदको महासम्मेलनमा प्रधानमन्त्री टंक प्रसाद आचार्यले सम्बोधन गर्दै संविधानसभाको निर्वाचनले सार्वभौम सत्ता राजा र संविधानसभामा विभाजित हुने र राजाको शक्ति कमजोर पार्ने भएकोले नेपालमा संविधानसभाको नभएर संसदको चुनाव हुने भन्ने कुरा अघि सारे ।[२५] प्रधानमन्त्रीले नै यस्तो कुरा गरेपछि नेपालमा संविधानसभा या संसद भन्ने विषयमा वहस सृजना हुन गयो । राजनीतिक दलहरू, नागरिक समाजले तिब्र प्रतिक्रियाका साथ विरोधमा उत्रन नसकेकोले राजालाई संविधानसभाको सवाललाई पन्छाउन सजिलो भयो र अन्त्यमा नेपाली कांग्रेसका सुवर्ण शमसेरको नेतृत्वमा सरकार बनाई उनैको नेतृत्वको समयलाई मौका पारी संविधान संशोधन गरी संविधानमा व्यवस्था गरिएको "संविधानसभाको निर्वाचन" भन्ने वाक्यलाई हटाई त्यसको ठाउँमा "संसदको निर्वाचन" भन्ने वाक्य राखियो । राजाको यस कदमको विरुद्ध त्यस वेलाको मुलुकको सबैभन्दा ठूलो राजनीतिक दल नेपाली कांग्रेसले पनि डटेर विरोध गरेन । कम्युनिष्ट पार्टी भित्रको केशरजंग रायमाझीले तत्कालै खुलेर स्वागत गऱ्यो । पुष्पलाल पक्ष विरोधमा रहेपनि त्यो विरोध सार्थक थिएन । राजाको नेतृत्वमा भएको २०१५ सालको निर्वाचनलाई सबै राजनीतिक दलहरूले स्वीकार गरे र संविधानसभाको सवाललाई अन्त्य गरियो । सन् १९९० सम्म नेपालमा सक्रिय राजतन्त्र कायम रहन गयो ।

२.५. विवाद : संसद कि संविधानसभा ?

माथिनै उल्लेख गरि सकिएकोछ कि प्रधानमन्त्री टंकप्रसाद आचार्यले संविधानसभा होइन संसदको निर्वाचन गराउने सार्वजनिक अभिव्यक्ति दिएपछि नेपालमा संविधानसभा या संसद भन्ने विषयमा विवाद खडा भएको थियो । प्रधानमन्त्रीको संविधानसभा निर्वाचन नहुने आशयको सार्वजनिक

---

[२५] . Bhuwan Lal Joshi & Leo E.Rose (1966), *Democratic innovation in Nepal, A case study of political acculturation*, Berkeley & Los Angeles : University of California, Press, p.190.

अभिव्यक्तिलाई लिएर संविधान विरोधी काम गरेको, राजा त्रिभुवनको घोषणा विरोधी अभिव्यक्ति दिएको भन्दै बी. पी. कोइरालाले सर्वोच्च अदालतमा २०१३ साल आषाढ १४ गते मुद्दा दायर गरे । तर सर्वोच्च अदालतले कोइरालालाई हराइदियो । अदालतको यो फैसलाले संविधानसभाको निर्वाचनको बाटो बन्द गरि दियो । राजाले आम निर्वाचन गराउने घोषणा गरेको भएपनि डिसेम्बर २१, १९५६ देखि जनवरी ६, १९५७ सम्म बसेको नेकपाको केन्द्रीय कमिटीको बैठकले मुलुकको राजनीतिक तथा आर्थिक संकटका लागि राजा जिम्मेवार भएको र आचार्य मन्त्री मण्डल निर्वाचन नगराउन जिम्मेवार भएको ठहर गऱ्यो । यसरी संविधानसभा या संसद भन्ने विवाद खडा हुन गयो । नेपाली कांग्रेसले राजनीतिक मुद्दामा न्यायिक निरूपणको माग गरेपछि र सर्वोच्च अदालतले सो मुद्दामा संविधानसभाको पक्षमा लागेकालाई हराइ दिएपछि आम निर्वाचन केका लागि गरिने भन्ने स्पष्ट भएन । त्यसलाई स्पष्ट पार्नु पर्ने लगायत निर्वाचन ऐन तथा मतदाता सूची सार्वजनिक गरिनु पर्ने, निर्वाचन क्षेत्र र प्रस्तावित निर्वाचन कानुनका बिषयमा अन्तिम निर्णय गर्न सर्वदलीय बैठक आह्वान गरिनु पर्ने र स्वतन्त्र निर्वाचनका लागि मौलिक हकका निम्ति बाधक मानिएका कानुनहरू खरेजी गरिनु पर्ने जस्ता चार सूत्रीय माग लिएर रायमाझी लगायत कमर शाह र शम्भुराम श्रेष्ठ प्रतिनिधि बनि सरकार समक्ष माग प्रस्तुत गरे ।[२६]

तत्कालीन आचार्य मन्त्री मण्डलले यी मागहरूप्रति वास्ता नगरेकाले माग पूरा गराउन नेकपाले आन्दोलनको घोषणा गऱ्यो । जुन दिन आन्दोलन गर्ने मिति तय गरिएको थियो त्यसै दिन केन्द्रीय कमिटीको पनि बैठक बोलाएर आन्दोलनलाई आफैंले असर पुऱ्याउने काम गरेकाले आन्दोलनको उपलब्धि केही भएन । यस्तै बेलामा आचार्य सरकार पनि विघठन भएकाले नेकपाका यी मागहरू सरकारी फायलमा पेन्डिङमा परे ।[२७] मई १८, १९५५ मा राजाद्वारा निर्वाचन गराउने घोषणा सहित देशमा राजनीतिक दलहरू तथा सामाजिक संघ संस्थाहरूको सम्मेलन ३ महिना भित्रमा गर्ने घोषणा भएको थियो । राजाले निर्वाचन गराउने भने तापनि केका निमित्त निर्वाचन गराउने भन्ने कुरा खुलाइएको थिएन । अगष्ट ८ मा गएर राजाले आश्विन पूर्णिमाका दिनमा निर्वाचन हुनेछ भने । तर फेरिपनि निर्वाचनको प्रयोजन भने खुलेन । जुन १९५६ मा प्रधानमन्त्री टंकप्रसाद आचार्यले उनको पार्टीको वार्षिक अधिवेशनलाई सम्बोधन गर्दा निर्वाचन संसदका लागि गरिने संविधानसभाका लागि

---

[२६] .राजकुमार पोखरेल (२०४७ वि.सं.), *संयुक्त जनआन्दोलन २०४६ मा संयुक्त वाम मोर्चाको भूमिका,* त्रिभुवन विश्वविद्यालय, इतिहास केन्द्रीय विभाग : स्नातकोत्तर तहको उपाधि प्राप्तीका लागि इतिहास विषयको प्रस्तुत शोत्रपत्र, अप्रकाशित, पृ. ६७ ।

[२७] . मोहन विक्रम सिंह *(२०४७), द्वितीय महाधिवेशन देखि दरभंगा ल्पेनम सम्म,* गोरखपुर : साहित्यगृह, पृ. ६८ ।

होइन भनी बताए । जवकि उनको पार्टीले (प्रजापरिषद) जुन ९, १९५७ मा गएर मात्र संविधानसभाका लागि नभएर शक्तिशाली संसदको निर्वाचन गर्नु पर्ने प्रस्ताव पास गऱ्यो । प्रधानमन्त्रीले बोलेको कुरा उनको आ=नो बोली नभएर राजा महेन्द्रको बोली उनले बोलिदिएको यसबेला सर्वत्र जनमानसमा विश्वास गरिएको थियो ।

प्रधानमन्त्रीको भाषणले नेपाली राजनीतिमा अन्यौल सृजना गऱ्यो । नेकपाभित्र पनि आचार्यको भनाईलाई स्वीकार गर्ने र नगर्ने बीचमा विवाद उत्पन्न भयो । यो घोषणा भन्दा पहिले पार्टीहरूले संविधानसभाको विकल्पमा कुनै प्रस्ताव आउला भन्ने कल्पनासम्म गरेको थिएन । तर प्रधानमन्त्रीको भाषणले संविधानसभा पक्षधर र विरोधी बीच चर्को बहस सुरू भयो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संस्थापक पुष्पलालले संविधानसभाकै निर्वाचन हुनु पर्ने कुरामा जोड दिए । तर केही कम्युनिष्ट नेताहरूले भने प्रधानमन्त्रीको भाषणको समर्थन पनि गरे । पुष्पलालले प्रधानमन्त्रीको भाषणको बिषयलाई संविधानसभाको बिरूद्धको षड्यन्त्र भएको ठहर गर्दै संविधानसभाका पक्षधरहरूको सर्वदलीय सरकार गठन हुनु पर्ने माग गरे र यदि उक्त माग पूरा नगरे आन्दोलनमा उत्रन सवैलाई आह्वान पनि गरे ।[२८]

जुलाई २६, १९५७ को शाही घोषणाले के. आइ. सिंहलाई देशको प्रधानमन्त्री घोषणा गऱ्यो जो पहिले देखि नै संविधानसभाको निर्वाचनको खिलापमा बोल्दै आएका थिए । त्यसैले कम्युनिष्ट पार्टी भित्र पुष्पलालले के. आइ. सिंहलाई "प्रतिक्रियावादी" घोषणा गर्न माग गरेका थिए । तर उनको मागलाई "तत्कालीन परिस्थितिको उपज" भन्दै केशरजङ्ग रायमाझी नेतृत्वको पार्टीले अस्वीकार गऱ्यो ।[२९] फेब्रुवरी २७ र २८, १९५७ मा टंकप्रसाद आचार्यको भाषणको विरोध गर्ने भनेर जनकपुरमा नेकपा केन्द्रीय कमिटीको बैठक बोलाइए पनि पार्टी नेतृत्व त्यो भाषणको विरोधमा जान नचाहने भएकाले त्यसले कुनै कदम उठाउन सकेन ।[३०] अन्ततोगत्वा नेकपाले संविधानसभाको निर्वाचन हुन असम्भव भएकाले शक्तिशाली संसदको निर्वाचन हुनु पर्ने निर्णय गर्न पुग्यो । यी तथ्यहरूले के बताउछन् भने कम्युनिष्ट पार्टीको नेतृत्व पनि प्रत्यक्ष वा अप्रत्यक्षरूपमा दरवारको पोल्टामा पुगिसकेको थियो । पार्टी नेतृत्वको दक्षिणपंथी दिशालाई देखेर उत्तर गण्डक प्रान्तीय कमिटी तथा

---

[२८] .ऐ. पृ. ३६ ।

[२९] . पुष्पलाल (१९८७), *पुर्वक्त* नं. २१ पृ. १०६ ।

[३०] . वि.सं.२०४८ साल वैशाख ३ गते तुलसीलाल अमात्यसँग पत्रिकामा प्रकाशित गर्न अनुसन्धानकर्ता स्वयंले लिएको अन्तरवार्ता हो । तर त्यसवेला युगधारा साप्ताहिक वन्द भएकाले प्रकाशन गर्न नसकिएको ।

धनकुटा र चैनपुर जिल्ला कमिटीहरूले केन्द्रीय कमिटीसँग सम्बन्ध विच्छेद गरेको घोषणा गरे ।[३१] यसरी सम्बन्ध विच्छेद गर्नेहरूमा पुष्पलालको विचारको नजिक रहेकाहरू थिए । त्यस क्षेत्रका कार्यकर्ताले त्यसरी सम्पर्क विच्छेद गराउनमा दवाव दिएको पनि केही नेताहरूले उल्लेख गरेका छन् ।[३२] जून १९५७ ई. मा रौतहटमा पार्टीको ल्पेनम बसी जनकपुर बैठकका निर्णयहरू गलत भएको ठहर गऱ्यो । यो रौतहट विस्तारित बैठकको निर्णय आएपछि पुष्पलालले आफूले दिएको राजिनामा फिर्ता गरे र सम्बन्ध तोडेर बसेका प्रान्तीय तथा जिल्ला कमिटीहरूले पनि पुन : सम्बन्ध कायम गरे । पुष्पलालले राजिनामा दिएका कारण उनले पार्टीमा विभाजन ल्याउने सम्भावना रहेको र यसरी पुष्पलालले विभाजन ल्याएको खण्डमा पार्टी सम्पूर्णरूपमा उनकै कब्जामा बस्ने सम्भावना भएकाले उनको राजिनामा फिर्ता गराउन मात्र जनकपुर बैठकका निर्णय गलत भएको उल्लेख गरियो भन्ने कुरा रौतहट विस्तारित बैठकका निर्णयहरू कहिल्यै कार्यान्वयनमा नआएबाट प्रष्ट हुन जान्छ । कम्युनिष्ट पार्टीभित्रका आन्तरिक समस्याहरू जस्ताका तस्तै रहन पुगे । केन्द्रयि कमिटीको कामको मूल्याङ्कन गर्न पाँच सदस्यीय आयोग बनाइयो, तर त्यस आयोगले कुनै उपलब्धि हासिल गर्न सकेन ।

फेब्रुवरी १, १९५८ को शाही घोषणाले मुलुकमा संसदको निर्वाचन गराउने स्पष्ट पाऱ्यो । नेकपाको केन्द्रीय कमिटीको बहुमतले उक्त शाही धोषणाको समर्थन गऱ्यो । अन्तरिम शासन विधान २००७ मा संसदको निर्वाचन गराउने विषयमा व्यवस्था नभएकाले नयाँ संविधान जारी गरी संसदको निर्वाचन गराउने व्यवस्था गरियो । यो घोषणाले लामो समय देखि चलेको संविधानसभा या संसद भन्ने विषयको चलेको विवाद समाप्त गऱ्यो । पुष्पलालले भने राजाद्वारा बनाइएको संविधान जसले संसदको निर्वाचन गराउँछ त्यो प्रजातान्त्रिक नहुने बताउदै यस्तो संसदलाई राजाले जुनसुकै बेला भङ्ग गर्न सक्छन् भनेर विरोध गरे । अन्य मुलुकका संसदीय संविधानहरू जनताद्वारा, जनताका निम्ति र जनतालाई भनेर जारी गरिएको हुन्छ । तर हाम्रो देशमा भने तत्कालीन राजाद्वारा, राजाका निम्ति र राजालाई भनेर बनाइएको भनी कडारूपमा विरोध गरेका थिए ।[३३] तर पार्टीका महासचिव बनेका रायमाझीले राजाद्वारा बनाइएको संविधान पूर्ण प्रजातान्त्रिक भएको भन्दै स्वागत गरेका थिए ।[३४] राजाद्वारा जारी संविधान पनि नेकपा भित्रको आन्तरिक विवादको विषय बन्न पुगेको थियो ।

---

[३१] . सिंह (२०४७), *पूर्ववत* नं.२७, पृ. ६८-६९ ।

[३२].ऐ. ।

[३३] . Balaram Upadhaya (1985 A.D.), *A report on the current situation of Nepal*, (Central office Banarasi : of the CPN).

[३४] . *नेपाल प्रेस डाइजेष्ट*, १६-१७, १९५९, काठमाडौं : रेग्मी रिसर्च सेन्टर ।

नयाँ संविधान तयार पार्न राजा महेन्द्रले मार्च १६, १९५८ का दिन भगवतीप्रसाद सिंहको अध्यक्षतामा पाँच सदस्यीय संविधान मस्यौदा समिति गठन गर्दै वेलायतबाट सर आइभर जेनिङलाई समेत झिकाएका थिए । जेनिङको मस्यौदालाई राजाले हेरफेर गरेर संविधान जारी गरियो । २०१५ सालको संविधान जारी भएपछि संवैधानिक रूपले नै संविधानसभाको निर्वाचनको बाटोमा रोक लगाइयो । यसरी राजाको संविधानसभा विरोधी कदमका विरुद्ध मुलुकको राजनीतिक शक्तिहरू एक हुन नसकेका र एकतावद्ध पहल लिन नसकेका तथा राजाले चालेको षड्यन्त्रकारी कदमका वारेमा नजरअन्दाज गर्न नसकी वा सही विश्लेषण गर्न नसकेकाले त्यसवेला संविधानसभाको निर्वाचन हुन सकेन । फेब्रुवरी १८, १९५९ देखि नेपालमा प्रथम आम निर्वाचन भयो । संसदको निर्वाचनमा भाग लिएर नेकपाले पनि संविधानसभाको मागलाई थाँती राख्न स्वीकार गर्न पुगेको देखिन्छ । १०९ स्थानमा भएको निर्वाचनमा नेकपाले केवल ४ स्थानमा मात्र विजय प्राप्त गऱ्यो । राजधानी लगायतका स्थानमा पार्टीले पराजय भोग्नु पऱ्यो जहाँ १९५३ ई. मा भएको काठमाण्डौ नगरपालिकाको निर्वाचनमा नेकपाले अन्य पार्टीको तुलनामा राम्रो मत ल्याएको थियो । यसले के देखाउछ भने पार्टी विगतमा भन्दा आम निर्वाचनको समयमा धेरै कमजोर भएको थियो । यसका निम्ति पार्टीलाई दक्षिणपंथी दिशामा लगेर पार्टीलाई कमजोर बनाउने केशरजङ्ग रायमाझी जिम्मेवार थिए भनिन्छ । निर्वाचनपछि रायमाझीको पार्टीमा घोर आलोचना गरियो । नेपाली कॉंग्रेसले ७४ स्थान दुई तिहाई बहुमत जितेर सरकार गठन गऱ्यो । त्यस पार्टीका नेता बी.पी.कोइराला नेपालका प्रधानमन्त्री भए । केही लेखकहरू लेख्छन् सन् १९८० को प्रजातन्त्रको तेस्रो लहरको प्रभावले विश्वका विभिन्न किसिमका तानाशाही शासनको अन्त्य गर्नमा उल्लेख्य भूमिका निभाएको चर्चा गर्दै नेपालमा पनि सन् १९९० मा संसदीय प्रजातन्त्रको पुनःस्थापना भएको बताएका छन् तर त्यो प्रजातन्त्र पनि मुलुकमा १५ वर्ष भन्दा धेरै टिक्न सकेन । संविधान जारी हुँदै उठेको संविधानसभाको निर्वाचनको माग यही बीचमा अरु जोडले मुलुकमा उठ्न पुग्यो । नेपालमा शासन गर्ने राजनीतिक दलहरूको संविधानसभाको मागप्रतिको सोच र चिन्तनका विषयमा पनि केही चर्चा गर्न सान्दर्भिक ठानिन्छ ।

२.६. नेपाली कांग्रेस भित्र संविधानसभाको सवाल

सन् १९५० मा नेपाली कॉंग्रेसको स्थापना हुँदा यसको पहिलो घोषणा पत्रमा राणा सरकारको अन्त्यपछि जनताद्वारा निर्वाचीत जनप्रतिनिधिद्वारा निर्माण गरिएको जनतान्त्रिक संविधानबाट शासन

सञ्चालन गर्ने घोषणा गरिएको थियो भनी वी.पी. कोइरालाले आफ्नो लेखमा लेखेका छन् ।[३५] त्यसपछि राणा विरोधी सशस्त्र संघर्षको दौरानमा २६-२७ सेप्टेम्बर १९५० मा भएको वैरगनियाँ सम्मेलनले पनि संविधानसभाको निर्वाचन गराउने प्रस्ताव गरेको थियो । भारतमा त्रिपक्षीय वार्ताको सवालमा नेपाली काँग्रेसले अघि सारेका शर्तहरूमा पनि सो कुरालाई उठाइएको थियो । तरपनि यसको प्रारूप कसरी यसलाई उनको पार्टीले अवलम्बन गऱ्यो ? भन्ने जस्ता सवालमा स्पष्ट ब्यक्त गर्न सकेको छैन । तरपनि राजा महेन्द्रले संविधानसभाको प्रंसगलाई खारेज गर्ने गरी टंकप्रसाद आचार्यलाई वोल्न लगाइएपछि प्रधानमन्त्रीले नै संविधान विपरित वोलेको भनि वी.पी. कोइरालाले त्यसवेला सर्वोच्च अदालतमा दायर गरेको मुद्धामा तत्कालीन सर्वोच्च अदालतले वी.पी. कोइरालालाई हराइ दिएपछि संविधानसभाका विपक्षमा वोल्नेहरूका निम्ति वाटो खुल्ला गरिदियो । यसको प्रतिवाद नेपाली काँग्रेसले डटेर गर्न सकेन । मुलुकको ठूलो राजनीतिक दलको हैसियतले राजाको उक्त कदमको विरुद्ध एकीकृत आन्दोलन गर्नु पर्नेमा राजाको कदमप्रति नेपाली काँग्रेसले आत्म समर्पण गर्न पुगेको देखिन्छ । २०५९ सालमा नेपालमा प्रतिनिधिसभा विघटन सम्बन्धि मुद्धामा सर्वोच्च अदालतले गरेको फैसलाले जसरी दुरगामी प्रभाव आजसम्म राखिरहेको छ त्यस्तै प्रभाव त्यसवेलाको फैसलाले गरेको देखिन्छ । वी.पी. कोइरालाको अदालत जाने कदमले संविधानसभाको पक्षमा उनी अडिएको देखिएपनि अदालतलको फैसला स्वीकार गर्ने, संविधानसभाको विपक्षमा आउने संविधान स्वीकार गर्ने र त्यस्तै संविधान अन्तरगत प्रधानमन्त्री हुने कदमहरू के कति सही भए भन्ने इतिहासको समीक्षा तथा त्यसको मूल्याङ्कन आजको राजनीतिक परिप्रेक्षमा हुन जरुरी छ ।

वि.सं.२०१५ सालको आम निर्वाचनपछि नेपाली कांग्रेस कहिल्यै पनि बैचारिक स्पष्टता हुने र विचारको आधारमा पार्टी संचालन गर्ने अवस्थामा गएको देखिँदैन । २०१७ सालको राजनीतिक कदम पछि नेपाली कांग्रेसले सशस्त्र संघर्ष सुरु गऱ्यो । तर त्यो आन्दोलनको लक्ष्य संसदीय व्यवस्थाको स्थापना भनिए पनि कस्तो संसदीय व्यवस्था ? वा राज्यको संरचना कस्तो हुने हो भन्ने बिषयमा नत आफैले आफैलाई स्पष्ट पाऱ्यो नत आम जनतालाई नै, मिति २०३३ सालमा वी.पी कोइराला आफ्ना अन्य सहयोगीहरूका साथ "राष्ट्रिय मेलमिलाप" को नीति लिएर स्वदेश फर्किएपछि मुलुकमा छुट्टै स्थिति सृजना भयो । तर नेपाली कांग्रेसले सशस्त्र युद्धका समयमा भएका हानी र उपलब्धीको स्पष्ट विश्लेषण वा मूल्याङ्कन न वाहिर ल्यायो नत "राष्ट्रिय मेल मिलाप" वारे प्रष्ट धारणा नै । जनमत

---

[३५] . Krishna Prasad Khanal (2005), *Nepal's discourse on constituent assembly: An analysis*, Kathmandu : Friends For Peace, p. 42.

संग्रहको परिणामलाई वी.पी. कोइरालाको स्वीकारले पनि एउटा अन्यौल सृजना गरेको थियो । वी.पी. कोइरालाको निधनपछि नेपाली कांग्रेस त्रयी नेतृत्वमा संचालन भए पनि त्यसवेला गणेशमान सिंह आन्दोलनमुखी र गिरीजा प्रसाद कोइराला सम्झौता तथा दरवार परस्त नेताका रूपमा चित्रित थिए । मई, २३, १९८५ इ. अर्थात जेठ १०, २०४२ देखि नेपाली कांग्रेसले संचालन गरेको सत्याग्रह आन्दोलनमा अघि सारिएका सात सूत्रीय मागहरूमा पनि मागको पहिलो वुँदा दलहरू माथिको प्रतिवन्ध हटाउने वाहेक अन्य ज्यादै सामान्य मागहरू थिए । कार्त्तिक २०, २१ र २२, २०४६ सालमा वसेको नेपाली काँग्रेसको कार्य समितिको बैठकले विधिवत रूपमा जनआन्दोलन गर्ने निर्णय गऱ्यो । उक्त बैठकले अघि सारेको प्रस्तावमा राष्ट्रिय सरकार स्थापना गरी त्यसले स्वतन्त्र र निश्पक्ष वहुदलिय संसदको निर्वाचन गराउने कुरा र आन्दोलन अहिंसात्मक गर्ने कुरा वाहेक अन्य कुराहरू सामान्य नै थिए ।[३६] आफूले आन्दोलनमा उठाउने मागका सन्दर्भमा प्रष्ट पार्दै गणेशमान सिंहले आफूहरूले २०१७ सालमा प्रजातन्त्रको पुर्नवहालीको माग गरेको र पछि गएर त्यो मागलाई वहुदलीय व्यवस्थाको घोषणामा सिमित गरेको उल्लेख गरेका छन् ।[३७] २०४६ सालको आन्दोलनसम्म आईपुग्दा कांग्रेसी माग वहुदलीय व्यवस्थाको स्थापना अन्तरिम सरकार र संसदको चुनावको अन्तिम रणनीतिमा लक्षित रहेको देखिन्छ ।

२०४७ सालको संविधान निर्माण गर्दा संविधानको प्रस्तावनामा उल्लेखित अपरिवर्तनीय वुँदाहरू विशेषत कांग्रेसी प्रयास थियो । त्यो अपरिवर्तनीय वुँदामा कुनै पनि वामपंथी शक्तिहरू सहमत थिएनन् । तथापी सम्झौताको दस्तावेजका रूपमा मात्र उक्त संविधानलाई वामपंथीहरूले स्वीकार गरेका थिए ।[३८] २०४७ सालको संविधानलाई राजनीतिको अन्तिम लक्ष्य ठानेको नेपाली कांग्रेससँग बैचारीक स्पष्टता देखिएन । किन र कुन अवस्थाले २०४७ को संविधान पुरक वन्यो भन्ने विषयमा कांग्रेसी नेतृत्वले कहिल्यै प्रष्ट पारेन । २०५१ साल माघ २१ गते तत्कालीन संयुक्त जनमोर्चाका नेता वावुराम भट्टराई आफ्ना ४० सूत्रीय माग सहित सिंहदरवार प्रधानमन्त्रि समक्ष पुगे ।[३९] तथापी त्यो समूहसँग वार्ता गर्नु पर्ने आवश्यकता पनि ठानेन । अन्य कारणहरू मध्ये एक यो पनि एउटा कारण थियो माओवादी जनयुद्धको थालनीको ।

---

[३६] . *साप्ताहिक विमर्श*, वर्ष ३, अंक ६, कार्त्तिक, २०६४ ।

[३७] . *साप्ताहिक विमर्श*,, वर्ष ३७, अंक १८, मंसिर, २०६४ ।

[३८] .२०४७ सालको संविधानमा असहमतिका २७ बुँदाहरू, प्रस्तोता मदन भण्डारी, महासचिव, नेकपा (एमाले) (मिति अनु.) अप्रकाशीत दस्तावेज ।

[३९] . *दिशाबोध*, मासिक, भाद्र, २०५७ पृ. ११ ।

नेपाली कांग्रेस सत्तामा वस्दा असंख्य गल्ती समेत भएको देखिन्छ । प्रभाकर सुवेदी नामका विद्यार्थीको जीवन वेपत्ता पारेर कांग्रेसकै शासन कालदेखि राज्यद्वारा मान्छे वेपत्ता बनाउने कामको थालनी भएको छ ।[४०] दासढुङ्गा हत्याकाण्ड जस्ता घटनाहरूमा सरकार पर्दा पछाडी वस्नु कांग्रेसी शासनका दुर्गुणहरू थिए । नेपालमा वढ्दो वामपंथी लोकप्रियतालाई समाप्त पार्ने हर्कत कांग्रेसी शासनकालका दुर्गणहरू नै थिए । विपक्षीहरू वामपंथीहरूसँगको असहिष्णु व्यवहार र प्रजातन्त्र विरोधीहरूसँगको कांग्रेसी साँठगाँठका कारण प्रजातन्त्र विरोधीहरूले उनीहरूको शासनकालमा टाउको उठाउने प्रसस्त मौका पाए । त्यसैले कांग्रेसभित्र बैचारिक स्पष्टता आउने र प्रजातन्त्रलाई संस्थागत सुदृढीकरण गर्ने विषयमा ध्याननै जान सकेन । त्यसैले माओवादी जनयुद्ध कुन धरातलमा के कारणले र कसरी सुरु भयो र यो कुन रूपमा अघि वढ्नेछ भन्ने जिज्ञासा र चिन्ता राखी अध्ययन र विश्लेषण गर्ने प्रयास कांग्रेसी बृत्तमा भएन ।

मुलुकमा २०५६ को आम निर्वाचनपछि एमालेको विभाजनका कारण पूनः नेपाली कांग्रेस बहुमतमा आयो । त्यसबेला माओवादी जनयुद्धले निकै ठूलो फड्को मारिसकेको थियो । माओवादी आन्दोलनवाट उत्पन्न समस्या निराकरणका लागि शेर वहादुर देउवाको नेतृत्वमा एक अध्ययन कार्यदल वन्यो । देउवासँग माओवादीको अनौपचारिक भेटघाट पनि हुन थाल्यो । माओवादी विद्रोहीहरूले त्यसैवेला शान्तिपूर्ण अवतरण गर्छ वा गर्दैन भन्ने विषयमा स्पष्ट थिएन । तर कम्युनिष्ट विरोधी भनेर चिनिएका गिरीजाप्रसाद कोइराला त्यसवेला आफ्नै पार्टीका नेता कृष्ण प्रसाद भट्टराईप्रति नै असहिष्णु वन्दै गए । त्यससेला गिरीजाप्रसाद कोइराला कुन अदृष्य शक्तिको प्रभावमा परे भन्ने कुराको जानकारी सायद उनलाई वाहेक कसैलाई थाहा नहोला । तर एक पत्रिकामा त्यसवेलाको विषयमा यसरी लेखिएको छ :- "२०५६ मा माओवादीलाई वार्तामा ल्याउन कृष्णप्रसाद भट्टराईले थालेको स्वतन्त्र कदम एक शक्ति केन्द्रलाई पाच्य भएन र दरवारियासँग साँठगाँठ गरेर कोइरालाले भट्टराईलाई ढालेका थिए ... भट्टराई ढालेर कोइराला सत्तामा आउनासाथ सोही गिरोहले गिरिजालाई असहयोग गऱ्यो" ।[४१]

उक्त पत्रिकामा प्रकाशित लेख नै सुरक्षा परिषदलाई सक्रिय पार्ने प्रहरीलाई आधुनिक र शक्ति सम्पन्न वनाउने सबै कुरामा गिरीजाप्रसाद कोइराला असफल भए भन्दै २०५७ आसोज ७ गते डोल्पाको दुनै आक्रमणमा सेनाले पुलिसलाई नसघाएको गृहमन्त्री, गोविन्दराज जोशीले प्रतिक्रिया

---

[४०] . Raj Kumar Pokhrel (nd), *A journey of the communists of Nepal, twenty three years' history of CPN (UML)*, Damak : Mass Line Publication p.271.

[४१] . *नेपाल*, पाक्षिक, वर्ष ३, अंक ६, १६-३० कार्तिक २०५९ ।

दिंदा उनैले राजिनामा गर्नु परेको कुरा समेत उल्लेख गरेको छ ।[४२] यो कुरा आजसम्म नेपाल प्रहरीलाई अत्याधुनिक हतियार युक्त नवनाइएको र विद्यमान शासन प्रणाली भित्र प्रहरी र नागरिक प्रशासनको भूमिका निरीह बन्दै गएको अवस्थालाई हेर्दा माथिको लेखलाई नाजायज भन्न सकिदैन । २०५८ असारमा घटेको होलरी घटनापछि स्वयं गिरीजाप्रसाद कोइरालालेनै प्रधानमन्त्री पदवाट राजीनामा दिन वाध्य भए ।

गिरिजाप्रसाद कोइरालाको राजिनामापछि नेपालको राजनीतिक घटनाक्रममा नयाँ मोड सुरु भयो । नेपाली कांग्रेसका तर्फवाट शेरवहादुर देउवा प्रधानमन्त्री भए । शेरवहादुर देउवाले माओवादीसँग वार्ता सुरु गरे । वार्तामा माओवादीले संकटका निराकरणका लागि ३ वटा माग अघि सारे :- १) गोलमेच सम्मेलन २) अन्तरिम सरकार ३) संविधानसभा । वार्ताका क्रममा माओवादीले आफ्नो गणतन्त्र प्राप्तीको मागलाई पनि थाँती राख्न पुगेका थिए ।[४३] तर माओवादीले अघि सारेका अवधारणामा कांग्रेसी वार्ताकारहरूले वीचमा बुझ्न सक्ने क्षमता नै राखेनन् । त्यसैले वार्ता अलमल्लमा पऱ्यो । नेपाली कांग्रेस २०४७ सालको संविधान भन्दा वरपर जानै नसक्ने अवस्थाका अर्थात यथास्थितिमा उभियो । संविधानसभाको मागमा प्रवेश नै गर्न नचाहेको कारण फलत : वार्ता असफल भयो ।

शेरवहादुर देउवाकै शासनकालमा वार्ता असफल भएपछि माओवादीले दाङ व्यारेक माथि (पहिलो पटक सैनिक व्यारेकमा) आक्रमण गरे । मुलुकमा संकटकाल लागू गरियो । यसै विच २०५८ चैत्रमा गिरीजाप्रसाद कोइरालाले पहिलो पल्ट दिल्लीमा माओवादी नेतृत्वसँग भेटघाट गरे ।[४४] यो वार्ताको साथमा चक्र वास्तोला पनि थिए । माओवादीसँगको भेटघाटपछि चक्र वास्तोलाको स्वर परिवर्तन हुन थाल्यो र संविधानसभाका पक्षमा देखिन थाले । यस्तै गरी नरहरी आचार्य पनि संविधानसभाको पक्षमा देखिए ।[४५] दमननाथ ढुङ्गाना यस भन्दा अघिनै संविधानसभाको पक्षमा देखिएका थिए । रामचन्द्र पौडेल पनि त्यसै दिशामा अग्रसर भएको देखिन्छ ।[४६] २०६१ माघ १९ को शाही कदमपछि यी नेताहरूको आवाज संविधानसभाको पक्षमा तिव्र वन्दै गयो । युवा तथा विद्यार्थी नेताहरू

---

[४२] . ऐ. ।

[४३] . पद्मरत्न तुलाधरसँगको ३ मंसिर, २०६२ को अन्तरवार्ता ।

[४४] . *नेपाल,* पाक्षिक १६-३० कार्त्तिक, २०५७ पृ. १५ ।

[४५] . ऐ. ।

[४६] . नेपाल पाक्षिक, (१६-३० वैशाख २०६०) "पौडेलको गिरिजालाई चिट्ठी", काठमाडौं : कान्तिपुर प्रकाशन, पृ. २० र ६० ।

गगन थापा, चन्द्र भण्डारी लगायत यस मागमा सहमत हुँदै आए । मूलत : माओवादी आन्दोलनवाट उत्पन्न समस्याको शान्तिपूर्ण निकासका लागि माओवादीले उठाएको मागप्रति पनि लक्षित हुने र लोकतान्त्रिक व्यवस्थालाई सुदृढ पार्ने प्रकृयाको रूपमा यिनीहरूले संविधानसभाको विषयलाई महत्वका साथ उठाएको देखिन्छ । तथापी नेपाली कांग्रेस अहिले सम्मपनि सांगठनिक रूपमा संविधानसभालाई नै राजनीतिक लक्ष्यका रूपमा स्वीकार गर्न तत्पर भएको थिएन । राजा ज्ञानेन्द्रले २०५९ साल आश्विन १८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्त गर्ने कार्य गरेपछि मुलुकमा संवैधानिक संकट सुरु भयो । उक्त घटनाले नेपाली काँग्रेस विभाजित पनि हुन पुग्यो । तर नेपाली काँग्रेस वा त्यसबाट विभाजित काँग्रेस कुनै पनि समूह संविधानसभाको मागमा प्रवेश गर्न चाहिरहेका थिएनन् । त्यसको दुई वर्ष पछि २०६१ साल माघ १९ गते ज्ञानेन्द्रको शाही घोषणाले आफ्नो हातमा सत्ता लिए पछि विराट र संयुक्त आन्दोलन विना निकास मुलुकले नपाउने ठहरमा भने काँग्रेस संस्थापन पक्ष पुगिसकेको थियो । तथापि यसको मूल माग भने विघठित प्रतिनिधिसभाको पुन : स्थापना रहेको थियो । तर व्यापक कार्यकर्ताहरू संविधानसभाको वाटो तर्फ अग्रसर हुँदै गएका कारण र माओवादी आन्दोलनको सम्मानजनक अवतरणका लागि पनि यसले संविधानसभाको मुद्दालाई पन्छाउन भन्दा पनि घुमाउरो पाराले स्वीकार गर्न पुग्यो । माओवादी सहितको जनआन्दोलनको आवश्यकता महसुस गरेर विराट जन आन्दोलनको थालनी गर्नु पर्ने भएकाले माओवादी मागका रूपमा अघि आएको संविधानसभाको मागमा नेपाली काँग्रेस प्रवेश गरी नेपालका सात संसदवादी राजनीतिक दलहरू तथा तत्कालीन विद्रोही माओवादी बीच २०६२ साल मंसिर ७ गते १२ बुँदे समझ्दारी हुन गयो । नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको सात संसदवादी दलहरूले अघि सारेको, अझ प्रष्टरूपमा नेपाली काँग्रेसले अडानकारूपमा लिएको प्रतिनिधिसभाको पुर्नस्थापनाको मागमा माओवादीको सहमति तथा माओवादी मागमा काँग्रेसको सहमतिको परिणाम १२ बुँदे समझ्दारी भएको थियो । उक्त समझ्दारीपछि भने संविधानसभाको विषयमा नेपाली कांग्रेस प्रवेश गर्न भने राजी भएको देखिन्छ । यसरी पछिल्लो दिनमा कांग्रेसभित्र संविधानसभाको पक्षमा जनमत प्रभावशाली र वलवान हुँदै गयो ।

२.७. नेकपा (एमाले) र संविधानसभा

२०४६ सालको आन्दोलनको एउटा महत्वपूर्ण हिस्सा तथा २०४७ सालको संविधान निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने एक राजनीतिक दलको रूपमा तत्कालीन नेकपा (माले) थियो । २०४७ सालको संविधान निर्माणका क्रममा तत्कालिन नेकपा (माले)को भूमिका संयुक्त वाममोर्चा भित्रको

निर्णायक शक्तिको रूपमा थियो । संविधानलाई एउटा साझा सहमतिका दस्तावेजका रूपमा तत्कालीन परिस्थितिमा स्वीकार गरिए पनि संविधान पूर्णरूपमा प्रजातान्त्रिक र जनपक्षीय भएन । त्यसैले उक्त संविधानलाई अलोचनात्मक समर्थन भन्दै तत्कालिन पार्टी महासचिव मदन भण्डारीले संविधानमा विमति रहेका २७ वुँदाहरू अघि सारेका थिए । जसमध्ये केहि वुँदाहरूलाई स्मरणका निम्ती यहाँ उल्लेख गर्न वाञ्छनीय ठानिएको छ :

वुँदा नं. १) संविधानको धारा ३ मा सार्वभौम सत्ता जनतामा निहित रहेको र यसको संविधानमा व्यवस्था भए वमोजिम हुनेछ भनिएकोछ । यस्तो अस्पष्टता हुनु हुदैन... जनतावाट निर्वाचीत प्रतिनिधिहरूद्वारा सार्वभौम सत्ताको प्रयोग हुनेछ भनेर लेखिनु पर्छ । नत्र फेरी घुमाउरो ढंगले त्यो अधिकार राजाकै हातमा पुग्न सक्छ ।

वुँदा नं. ७) भाग ५ को "श्री ५" सम्वन्धी महलमा धारा २७ को उपधारा २ मा "श्री ५" लाई नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको प्रतिक मानिएको छ । श्री ५ भनेको संविधान अनुसार एक व्यक्ति हो र व्यक्ति राष्ट्रियता र जन एकताको प्रतिक हुन सक्दैन ।... वहुदलीय प्रजातन्त्र र प्रजातान्त्रिक संविधान नै राष्ट्रिय र जन एकताको प्रतिक हुन सक्छ ।

बुदाँ नं. ८) श्री ५ को सट्टा जनता संविधानको संरक्षणकर्ता हुनु पर्छ । (आंसिक सारमा)

बुदाँ नं. ९) धारा २८ को १ र २ दुवैलाई हटाउनु पर्छ । श्री ५ को वंशजहरूको रित र परम्परा भनेको स्वेच्छाचारी र निरंकुशतन्त्र रहँदै आएको छ ।... राजा पूर्ण रूपमा संविधान मातहत हुनु पर्छ । उत्तराधिकारीको क्रम, कानून वनाउने संशोधन र खारेज गर्ने अधिकार श्री ५ को स्वीकृतिमा संसदमा रहनु पर्छ ।

बुदाँ नं.१२) धारा ३१ अनुसार श्री ५ ले गरेका कुनै कामको सम्वन्धमा कुनै पनि अदालतमा सवाल जवाफ गर्न नपाइने व्यवस्थालाई सच्याएर श्री ५ ले संविधान वमोजिम गरेको कामको वारेमा मात्र सवाल जवाफ नहुन सक्छ भन्नु पर्दछ । संविधान मिचेर गरेको काम भएमा अदालतमा मुद्धा चलाउन र सवाल जवाफ गर्न पाउनु पर्छ । यस्तै गरी संविधानको धारा ४(क) मा भएको धर्म व्यवस्था, धारा ६ मा भएको भाषा सम्वन्धि व्यवस्था, धारा ७ को ३ मा उल्लेख निशान छाप, भाग ३ को मौलिक हक र "राजद्रोह तथा हिंसात्मक कार्य गर्ने" भन्ने जस्ता शब्दहरू र तिनको व्याख्या, धारा १७ को सम्पत्ति सम्वन्धि हक, धारा २९ को राजपरिवारको खर्च सम्वन्धि व्यवस्था, धारा ३० राजपरिवार सम्वन्धि सवाल, भाग ६ को राजपरिषदको व्यवस्था, धारा ४० कार्यकारिणी अधिकारमा श्री ५ को स्थान, धारा ४१ को संविधानमा उल्लेखित कुरा, प्रतिनिधिसभा विघटन भएको अवस्थामा प्रधान मन्त्री नरहेमा प्रधानमन्त्रिको नियुक्ति राष्ट्रियसभाको सिफारिसमा हुनु पर्ने भनि संविधानमा उल्लेख हुनु पर्ने, धारा ६१

(१) को वहसमा बन्देज धारा ७३ (२) विधेयक संशोधन सम्वन्धि सवाल, धारा ७७ को अध्यादेश सम्वन्धि व्यवस्था, धारा ८२ (१) र धारा ८४ (१) मा भएको व्यवस्था (श्री ५ को स्वविवेक सन्तुष्टि र स्वीकृति) भाग १८ वमोजिमको व्यवस्था (संकटकाल), धारा १३५ मा सुरक्षा परिषद सम्वन्धि व्यवस्था (सेना पूर्णरूपले मन्त्री परिषदको मातहतमा हुनु पर्छ भन्ने अडान) धारा १२७ मा वाधा अड्चन फूकाउ सम्वन्धि सवाल (प्रधानमन्त्रीको सिफारीसमा मात्र श्री ५ ले गर्ने र संसदवाट अनुमोदन हुनु पर्ने) यो एक बर्षको लागि मात्र लागू हुन सक्ने) र धारा १३३ मा उल्लेखित कानूनका विषयमा मदन भण्डारीले त्यसैवेला संविधानमा संशोधन गरिनु पर्ने कुरा अघि सारेका थिए ।[४७] उनको यो विचारले पनि संविधानसभाको मागमा प्रवेश गरेको देखिएन । यी मागहरू हेर्दा आलांकारिक राजतन्त्रको पक्षमा उनी उभिएको देखिन्छ । तर उनका यी विचारहरूलाई पनि न त सत्ता पक्षले न त प्रतिपक्षले नै त्यसवेला ध्यान दिए । यति सम्मकी मदन भण्डारीको मृत्युपछि उनको यो अभिमत प्रति फर्कन एमाले नेतृत्वले कहिल्यै कुनै सानो चेष्टासम्म पनि गरेन । वरु नौ महिने शासनकालमा केही नियुक्तिहरूमा दरवारलाई खुसी पार्ने चेष्टा गरेको देखिन्छ । (सरकारी संचार माध्यम र केही राजदुतको नियुक्तीहरूलाई हेर्दा)

दासदुङ्गा दुर्घटनाको विषय मुद्धा २०५१ सालको आम निर्वाचनमा उठाएर नेकपा (एमाले) सत्तामा पुग्यो । एमाले नौ महिने अल्पमतको शासनकालमा सामाजिक सुधारका केहि कामहरू अघि साऱ्यो । जसले उसको सांगठनिक स्थितिलाई सुदृढ पनि वनाउदै लगेको थियो । तर संवैधानिक सुधारका विषयमा कुनै कदम उठाएन । एमालेको नौ महिने शासनका अन्त्यका साथसाथै मुलुकमा माओवादी जनयुद्ध सुरु भयो । माओवादी जनयुद्ध मुलुकका मूलधारका राजनीतिक दलहरूमा नैतिकताको ह्रास आएको, सत्ता बचाउने र बनाउने षड्यन्त्रमा सबै फसेका, जनताका आवश्यकता र मुलुकको अवस्था भन्दा पनि सत्ता बचाउने सांसद खरिद विक्री गर्ने, विदेश पठाउने, सुरा-सुन्दरी काण्ड, प्राडो, पँजेरो काण्ड जस्ता अनैतिक र असामाजिक, अमर्यादित क्रियाकलापहरूमा संसदीय राजनीतिक दलहरू लागेको समयमा माओवादी जनयुद्धको थालनी भयो ।[४८] यस्तो अनुशासनहीनताको पराकाष्ट नाघेको समयमा अझ नागरिकहरू संसदिय दलहरूप्रति असन्तुष्ट वन्दै गएका थिए । एमाले शासनको अन्त्य गराउन उसका विपक्षी दलहरूले अख्तियार गरेको सांसद किन्ने र होटलमा थुन्ने रणनीति नै संसदीय परिपाटी प्रति जनविश्वास घटाउने पहिलो र प्रभावकारी कदम थियो । राजनीतिक रूपमा एमाले शासन ढाल्ने विपक्षी गठवन्धन र सर्वोच्च अदालतको फैसला समेत माओवादी जनयुद्धका निम्ति गर्भ

---

४७ . *एक्काइसौं शताव्दी,* मासिक, २६ चैत्र २०५९, पृ. २७ ।

४८ . Pokhrel (2008), *op.cit.*No 40, p. 293.

भित्रको बच्चका लागि चाहिने भिटामिन र प्रोटिन जस्तो वन्न पुग्यो । किनभने २०४६ साल पछिनै प्रचण्ड तथा किरणद्वारा नेतृत्व गरिएको राजनीतिक समूहले दीर्घकालीन जनयुद्धको वाटो पक्रिसकेको थियो ।[४९] यदि एमाले नेतृत्वको सरकार नढालिएको भए एमालेले अवलम्वन गरेको सामाजिक तथा आर्थिक सुधारको कार्यक्रमका कारण माओवादी विद्रोह सहजै उठान हुने अवस्थामा थिएन । यस्तै अवस्थामा एमाले सरकारलाई असफल पारियो ।

माओवादी जनयुद्ध सुरु भएपछि माओवादी जनयुद्ध र माओवादी समूहलाई हेर्ने र त्यसलाई बुझ्नका निम्ति एमालेले विभिन्न समयमा विभिन्न कार्यदलहरू वनायो । सी.पी. मैनाली कार्यदल, झलनाथ खनाल कार्यदल, प्रेमसिंह धामी कार्यदल, जे जति कार्य दल बनाए पनि कुनै कामयायी हुन सकेनन् । आफ्ना विपक्षीहरूद्वारा सुरु गरिएको विकृतिजन्य घटनाहरूमा एमालेले पनि संलग्नता जनाउँदै आयो । संसदीय प्रणालीलाई एकातिर माओवादी विद्रोहले खुलेर चुनौती दिइरहेको र अर्कोतिर दक्षिणपंथीहरू भुसको आगो जस्तै भएर सल्किरहेको अवस्थामा एमाले पनि विकृतिपूर्ण क्रियाकलापवाट पृथक हुन सकेन । खासगरी एमालेले तत्काल अवलम्वन गरेको व्यवहार जनउत्तरदायी नदेखिन गएकाले माओवादी विद्रोहलाई उर्जा दिँदै लग्यो ।

दोश्रो पटक शेरवहादुर देउवा प्रधानमन्त्री भएपछि माओवादी समूहसँग सरकारले वार्ता सुरु गऱ्यो । सत्तारुढ वाहेक अन्यदलसँग सहमति नवनाउनु र अझ संसदीय शक्तिहरू वीच सरकारले समन्वय नगरी वार्ताको थालनी गर्नु सरकारको आफ्नै कमजोरी त छँदै थियो तर यस विषयमा सरकारलाई चनाखो बनाउने र आवश्यक सूझाव दिने कार्यमा विपक्षीका हैसियतले एमाले नेतृत्व असफल देखिन गयो । यो वार्ताको समयमा आफ्नो भूमिकावाट पृथक हुनु एक अवसरवादीपनको उदाहरण थियो ।

माओवादी-देउवा वार्ता असफल पछि माओवादीहरूले दाङको शाही सेनाको व्यारेक माथि आक्रमण गरे । मुलुकमा संकटकाल लागू भयो । गिरिजाप्रसाद कोइरालाले राजीनामा गर्नुको खास कारण नठम्याई संकटकाललाई एमालेले अनुमोदन गरेको थियो । पछि गएर गिरिजा प्रसाद कोईरालाले नै नेपाली कांग्रेसकै सरकारलाई सहयोग नगर्ने पक्षमा पुगेपछि कांग्रेस फुट्ने अवस्थामा पुग्यो । यस्तो अवस्थामा देउवाले आफ्ना मन्त्री परिषदका सदस्यहरूलाई पनि थाहा नदिई प्रतिनिधिसभाको विघटन गर्न गरिएको सिफारिस मध्यरातमा कारवाही हुँदा एमालेले समर्थन गर्नु, संसद विघठनको वास्तविकता बुझ्ने प्रयास नगरेको, शाही नेपाली सेना सुरक्षा परिषदको निर्णयमा चल्न नमानेको घट्ना, दरवार हत्या काण्डको छानविन आयोगमा वस्ने सहमति दिएर पछि अस्वीकार गर्ने कुरा र धारा १२७ को

[४९] नेराबुसं (२०५४), *नेपालमा जनयुद्ध,* काठमाडौं : नेपाल राष्ट्रिय बुद्दिजिवी संगठन, पृ. १२ ।

प्रयोगका निम्ति शेरवहादुर देउवालाई प्रेरीत गर्ने जस्ता कार्यहरु एमाले नेतृत्वको सवल गुणहरु थिएनन् ती कमजोर पक्षहरु थिए ।[५०]

नेपाल वहुजाति, वहुभाषी, वहुधर्मी, वहुवर्गीय मुलुक हो । आजसम्म नेपालमा जातीय विभेद, छुवाछुत, लैंङ्गिक असमानता, क्षेत्रीय विविधता रहेकोछ । आजसम्मको इतिहासमा नेपालमा जातीय मुक्तिलाई वर्गीय मुक्तिसँग गाँस्ने प्रसंग कसैले उठाएको थिएन । यसलाई सबैभन्दा पहिले जनयुद्धको थालनी पछि नेकपा (माओवादी) ले उठाएको देखिन्छ ।[५१] माओवादीले उठाएका यी आवाज र मुद्दाका विषयमा मुलुकमा वहसको थालनी सुरू भयो । समावेशी प्रजातन्त्रका विषयमा वहसको सृजना माओवादी जनयुद्धले सुरू गरिदिएको हो । माओवादीले आफ्नो दोस्रो राष्ट्रिय सम्मेलनबाट जातीय मुक्ति युद्धलाई वर्गीय मुक्ति युद्धमा रूपान्तरण गर्ने सवाल उठाउँदै के भन्न पुगेको छ भने -"उत्पीडित जातिको आत्मनिर्णयको अधिकारको स्वीकृति एवम् जातीय स्वायत्तताको कार्यक्रमका आधारमा विभिन्न जातीय, क्षेत्रीय मोर्चाहरूको गठनको प्रक्रिया र तलबाट सत्ताको ठोस् अभिव्यक्तिकारूपमा स्थानीय संयुक्त जनसमितिको विकास प्रक्रिया मार्फत नेपाली संयुक्त मोर्चाले व्यवहारिक रूप लिँदै गयो" ।[५२] यसरी जातीय उत्पीडनका सवालमा माओवादीभित्र वहस र विचारले प्राथमिकता पाए पनि अन्य समूहमा त्यसले ठोस् आकार लिन सकेन । तसर्थ संविधानसभाको निर्वाचनको प्रवेशको पहिलो श्रेय माओवादीलाई जान्छ ।

नेपालमा राजनीतिक परिवर्तनहरू धेरै पटक भए र नेपाली जनताले धेरै पटक आन्दोलनहरू चलाए । वि.सं.२००७ साल, २०३६ साल, २०४६ साल आदि वर्षहरूमा आन्दोलन चलाइएपनि राज्यसत्ताको पुर्नःसंरचनाको विषय कहिल्यै उठेन । २०४७ साल पछि स्थापित नेपालको संसदीय राजनीतिमा एकपटक प्रवेश गरिसकेको नेपालको एक राजनीतिक शक्ति २०५१ सालको मध्यावधि निर्वाचनलाई वहिस्कार गर्दै "नयाँ जनवादी राज्यसत्ता" स्थापना गर्ने भनेर वि.सं.२०५२ साल फागुन १ गते देखि दीर्घकालीन जनयुद्धको वाटोमा लाग्यो र सशस्त्र संघर्षको सुरूवात गऱ्यो । राज्यसत्ता पुर्नःसंरचना गर्नु पर्छ भन्ने धारणा नेपालका कम्युनिष्टहरूले सुरू देखिनै उठाँउदै आएका हुन् । पुष्पलालले नेपाल क्रान्तिको कार्यक्रम "नयाँ जनवादी कार्यक्रम" को स्वरूप प्रस्तुत गर्दा पनि

---

[५०] . Pokhrel, *op.cit.No.40*, p. 304.

[५१] . For detail, Baburam Bhattarai (1998), *Politico-economic rational of people' war in Nepal*, Kathmandu : Utprerak Publication Pvt.Ltd.

[५२] . नेकपा (माओवादी) (२०५७), *दोस्रो राष्ट्रिय सम्मेलनका दस्तावेजहरू,* केन्द्रीय प्रकाशन विभाग, नेपाल कम्युनिष्ट पार्टी (माओवादी), पृ. ६९ ।

राज्यसत्ता पुर्नःसंरचनाको सवाल उठाएका हुन् ।[५३] यद्यपि त्यसवेलाको समयमा उठाएका सवालहरू तत्कालै मुलुकमा कुनै राजनीतिक उथलपुथल हुन नसकेका कारण त्यत्तिकै थाँती रहे । समयक्रममा तिनीहरू कतिपय राज्यको सामाजिक, आर्थिक तथा राजनीतिक विकासक्रमसँग मिल्न नसक्ने भएकोले असान्दर्भिक पनि वन्दै गए । पछिल्लो चरणमा झापा विद्रोह भयो, झापा विद्रोहवाट विकसित राजनीतिक शक्तिले आफ्नो शक्तिलाई मजवुत वनाउन संगठन निर्माणको सवाललाई वढी ध्यान दियो । क्रान्ति र क्रान्तिपछिको आर्थिक/सामाजिक संरचनाका विषयमा यसले ठोस् अवधारणा अघि ल्याउन सकेन । पछिल्ला दिनमा आएर नेकपा (माले)ले २०४६ सालमा सम्पन्न चौथो महाधिवेशनमा आएर पारित गरेका कतिपय कुरालाई समेत सोही बर्ष भित्रै अघोषित रूपमा आफ्नै वाटोवाट असान्दर्भिक वनायो । पार्टीको एक दस्तावेजमा भनिएको छ

> क्रान्तिकारी जनवादी शासन व्यवस्थाका निम्ति क्रान्तिमा सक्रियतापूर्वक सबै राजनीतिक पार्टीहरू, जनसंगठनहरू, मोर्चा संगठनहरू र सैनिक संगठनहरूवाट उचित प्रतिनिधित्व लिदैं आवश्यक देशभक्त, जनवादी व्यक्तित्वहरूलाई समेत सामेल गरेर कुनै उपयुक्त तात्कालीक तथा सरकार सम्वन्धि अस्थायी उपकरण निर्माण गर्ने एवं जनताको वीचमा वर्ग, जाति, लिङ्ग, धर्म, सम्प्रदाय, पेशा, ओहोदा आदिको कुनै पनि कुराको भेदभाव नराखी स्वतन्त्र निष्पक्ष समान, ग्रुप र बालिग मताधिकारको आधारमा संविधानसभाको (Constituent Assembly) को निर्वाचन गर्ने र त्यसद्वारा जनवादी गणतन्त्रको संविधान निर्माण गर्ने ।[५४]

खासगरी २०४६ भाद्रमा सम्पन्न महाधिवेशनद्वारा पारित दस्तावेजमा उल्लेखति कुराहरू सोही वर्षको फागुन ७ देखि सुरू भएको जनआन्दोलन र त्यसका मागहरू, संसदीय व्यवस्थाको पुर्नःस्थापना गरिए पछिका दिनहरूमा पार्टीले चौथो महाधिवेशनमा आफैले पारित गरेका कतिपय अग्रगामी सुधार र कार्यनीतिलाई समेत भुल्न पुग्यो । यस्तै परिस्थितिमा माओवादी सशस्त्र विद्रोहको थालनी भयो । जनयुद्ध किन भन्ने सवालमा माओवादी विद्रोह सुरू भएको झण्डै दुई वर्ष पछि यस पार्टीका नेता वावुराम भट्टराईले सैद्धान्तिक सवालहरू उठाउँदै साम्राज्यवादी उत्पीडनवाट मुक्ति पाउन, आन्तरिक सामाजिक तथा क्षेत्रीय सम्बन्धहरूको द्वन्द्व हल गर्न, अर्ध सामन्ती सम्बन्धहरू तोड्न, औद्योगिक क्षेत्रमा देखिएको दलाल तथा नोकरशाही पुँजीवादी शोषण खत्तम पार्न, क्षेत्रीय असमानता र राष्ट्रियताका सवालहरू हल गर्न आदि कुराहरू ।[५५] सैद्धान्तिक रूपमा उठाई राज्यको पुर्नःसंरचनाको सामान्य खाका प्रस्ताव गरेका थिए । उनले नै जनयुद्धको ३ वर्ष पछि "क्रान्तिकारी संयुक्त मोर्चाको निर्माण र विकासको प्रश्न" नामको लेख अर्न्तगत, राज्यमा जातीय, क्षेत्रीय, लैंङ्गिक र वर्गीय

---

[५३] . पुष्पलाल (१९८७ई.), *पुर्वक्त् नं. २१,* पृ. २७ ।

[५४] . नेकपा (माले), (वि.सं.२०४७), *राजनीतिक प्रतिवेदन, नेपाल कम्युनिष्ट पार्टी (माले)को चौथो महाधिवेशनद्वारा पारित दस्तावेज,* नेपाल : नेकपा (माले) केन्द्रीय कमिटी, पृ. ६५ ।

[५५] . Bhattarai (1998), *op.cit.*No.51, pp. 1-33.

असमानता भएको र ती सबै समस्याहरूको हल सामन्तवाद र साम्राज्यवाद विरोधी मुक्ति आन्दोलनसँगै गाँसीएकोले वर्गीय मुक्ति आन्दोलनकै विषयमा चित्र प्रस्तुत गर्दै भू-भागीय स्वायत्तता (Territorial Authonomy) भन्दा पनि साँस्कृतिक स्वायत्तता (Cultural Autonomy) को आधारमा खाका प्रस्तुत गर्दै वर्गीय र जातीय प्रश्नको अन्तरसम्बन्ध, जातीय र क्षेत्रीय प्रश्नको भिन्नता, आत्मनिर्णयको अधिकार र स्वशासनको प्रश्न, जातीय तथा क्षेत्रीय उत्पीडन आदि विषयमा केही धारणाहरू अघि सारेका छन् । स्थानीय सत्ता, जनसहकारीता, जनसत्ताको स्वरूप र चरित्र, संगठनात्मक स्वरूप र पद्धति, आदि विषयमा समेत अहिलेसम्म नेपालमा व्याख्या गरिए भन्दा फरक ढङ्गले चित्र प्रस्तुत गर्ने प्रयास गरे ।[५६] यसले नेपालमा राज्यसत्ताको पुर्नःसंरचनाको विषयमा वौद्धिक वर्गमा केहि वहस सुरू भएपनि नेपाली राजनीति खास गरेर संसदीय राजनीतिभित्र खासै प्रभाव पार्न सकेको थिएन । वि.सं.२०५७ को दोस्रो राष्ट्रिय सम्मेलनपछि यसको सेरोफेरोमा नेकपा (माओवादी)ले जनयुद्धकै क्रममा दोस्रो राष्ट्रिय सम्मेलनपछि आधार .इलाका निर्माण गर्दै जन सरकार गठन गर्ने कामको घोषणा गर्न थाल्यो र पार्टी संरचनामा पनि केही परिवर्तन गऱ्यो । जस्तै स्थायी समिति, पोलिटब्यूरो, केन्द्रीय कमिटी, ५ वटा क्षेत्रीय व्यूरो (मध्य, पूर्व, उपत्यका, पश्चिम र आन्तरिक विभाग) आदि वनायो । यसैगरी उसले संयुक्त क्रान्तिकारी जन परिषद गठन गर्दै ७५ बुँदे आम नीति तथा कार्यक्रम अघि साऱ्यो । यो कार्यक्रमले नेपालमा माओवादी बिद्रोहको विकास केवल राजनीतिक द्वन्द्वका कारण मात्र भएको होइन र यो द्वन्द्वको निरूपण पनि राज्यका हरेक क्षेत्रमा परिवर्तन र पुर्नःसंरचना नगरी हल गर्न सकिँदैन भन्ने कुराबाट बौद्धिक वर्गलाई आकृष्ट गरायो । बौद्धिक जनमत यसबाट प्रभावित हुन पुग्यो । माओवादी पार्टीसँग बारम्वारको छलफल, बौद्धिक दवाव र अन्य विविध कारणले अन्य संसदवादी राजनीतिक दलहरूलाई पनि यस बिषयमा सोच्न बाध्य बनायो । यसै परिस्थितिमा वि.सं.२०६२ साल मंसिर ७ गते नेपालका सात राजनीतिक दलहरू तथा नेकपा (माओवादी) बीचमा एउटा समझ्दारी वन्यो र नेपालमा ऐतिहासिक जन आन्दोलन २०६२/०६३ चल्यो । आन्दोलनको समयमा आन्दोलनकारीहरुबाट पनि जनता समक्ष राज्य पुन : संरचनामा जाने वाचा गरेका थिए ।

माओवादी विद्रोहकै सन्दर्भमा नेकपा (माओवादी) र सरकार वीचको दोस्रो वार्ता र माओवादीले अघि सारिएको राज्य पुर्नःसंरचनाका मुद्धाहरूको अध्ययनपछि यसले तत्कालीन प्रधानमन्त्री सूर्यवहादुर थापालाई पनि आकर्षित गरेको देखिन आउँछ । किनभने उनले प्रधानमन्त्री पदवाट

[५६] . बाबुराम भट्टराई (२०५४), *राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट,* डिल्लीवजार : उत्प्रेरक प्रकाशन, पृ. ८१-१०७ ।

राजिनामा दिएपछि गठन गरेको राष्ट्रिय जनशक्ति पार्टीले पनि राज्यको पुर्नःसंरचना (तर सामान्य मात्र) र समावेशीकरणको उपादेयतालाई स्वीकार गरेकोछ ।[५७] यसर्थ राज्य पुर्नःसंरचनाको औचित्य र आवश्यकताको वोध गराउन सफल भएकोमा नेकपा (माओवादी)लाई यसको पहिलो श्रेय जान्छ । एमालेसँग राज्य पुर्नःसंरचनाको सोचका बारेमा स्पष्ट खाका संविधानसभाको निर्वाचनको संघार सम्ममा आइपुग्दा पनि दिन सकेको देखिँदैन र राज्य पुर्नःसंरचनाको मागको उठान पनि नेकपा (एमाले)बाट भएको होइन । संविधानसभाको मागलाई वि.सं.२०४६ सालको चौथो महाधिवेशनमा उठाउने प्रयत्न गरेको भएपनि त्यसपछि संसदीय राजनीतिमा प्रवेश गर्न २०४६ सालको जनआन्दोलनमा जान कांग्रेसको नेतृत्व स्वीकार गरेपछि उक्त कुरा भुल्यो । पछिल्ला दिनमा माओवादीले संविधानसभाको माग उठाउँदा सम्म पनि त्यसको आवश्यकता र औचित्य स्वीकार गर्न एमालेले सकेन । मदन भण्डारीले उठाएका २०४७ सालको संविधानसँग असहमतिका २७ बुँदाहरुमा पनि राजतन्त्रको अन्त्यको चर्चा उठाईएन । यसर्थ चौथो महाधिवेशन वि.सं.२०४६ साल पछि देखि नै एमाले नेतृत्व यथास्थितिवाद र राजतन्त्रात्मक प्रणालीको स्वीकारमा पुगिसकेको मान्नु पर्दछ । यसैकारण पछिल्लो पटक संसदीय अभ्यास हुँदा यसमा धेरै कुरामा वैचारिक विचलन आएको पनि हो । २०४६ सालको जनआन्दोलनको एउटा महत्वपूर्ण हिस्सा तथा २०४७ सालको संविधान निर्माणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने एक राजनीतिक दलको रूपमा तत्कालीन नेकपा (माले) थियो । २०४७ सालको संविधान निर्माणका क्रममा तत्कालीन नेकपा (माले)को भूमिका संयुक्त वाममोर्चा भित्रको निर्णायक शक्तिको रूपमा नै देखिएको थियो । संविधानलाई एउटा साझा सहमतिका दस्तावेजका रूपमा तत्कालीन परिस्थितिमा स्वीकार गरिएपनि संविधान पूर्णरूपमा प्रजातान्त्रिक र जनपक्षीय छैन । त्यसैले उक्त संविधानलाई अलोचनात्मक समर्थन भन्दै तत्कालीन पार्टी महासचिव मदन भण्डारीले संविधानमा विमति रहेका २७ वुँदाहरू अघि सारेका थिए । जसमध्ये केहि महत्वपूर्ण वुँदाहरू माथि उल्लेख गरिसकिएको छ । यसपछि मदन भण्डारीको हत्या भयो । यही हत्याको जगमा उभिएर सत्तामा पुगेको नेकपा (एमाले) सरकारको पनि छोटो अवधिमा नै पतन वा जनचाहना विमुख पनि भयो ।

माओवादी जनयुद्ध सुरू भएपछि माओवादी जनयुद्ध नेकपा (माओवादी)लाई हेर्ने र त्यसलाई बुझ्नका निम्ति नेकपा (एमाले)ले विभिन्न समयमा विभिन्न कार्यदलहरू बनाएपनि कुनैले माओवादी जनयुद्धको जग पाउन नसकेको मान्नु पर्दछ । किनभने कुनै पनि कार्यदल निकासको उचित बाटो

[५७] .पूर्ण विवरणका लागि, राजपा *(२०६१), आधार पत्र,* नेपाल : राष्ट्रिय जन शक्ति पार्टी केन्द्रीय समिति ।

पहिल्याउन सफल भएका भए एमाले पहिले नै संविधानसभाको मागमा प्रवेश गर्ने थियो । माओवादी विद्रोह दमन गर्न राप्रपा-एमाले गठबन्धनकै समयमा अर्थात वि.सं.२०५३ सालमा लोकेन्द्र बहादुर चन्दको नेतृत्वमा बनेको सरकारकै समयमा गृहमन्त्री बामदेव गौतमले आतंककारी विधेयक ल्याउने प्रयास गरेका थिए । तर सवैतिरबाट त्यसको व्यापक विरोध भएकाले त्यो विधेयक आउन सकेन । लोकेन्द्र एमाले सरकारको पतनपछि सूर्यबहादुर थापाको नेतृत्वमा काँग्रेस, राप्रपा तथा सद्भावना गठबन्धनको सरकारको समयमा प्रधानमन्त्रीले सेना परिचालन गर्ने प्रयास गर्दा आन्तरिक विद्रोहमा सेना परिचालन गर्न नहुने भनेर राजाले रोकेका थिए ।[५८] २०५७ आश्विन ७ गते डोल्पाको सदरमुकाम दुनैमा माओवादीले आक्रमण गरे । त्यो आक्रमणमा सेनाले पुलिसलाई नसघाएको भनेर तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले प्रतिक्रिया दिएपछि उनैले राजिनामा गर्नु परेको थियो । राजा वीरेन्द्रले आन्तरिक द्वन्द्वमा सेना परिचालन गर्न नमानेको कारणले नै माओवादी र राजा वीरेन्द्र बीच अघोषित कार्यगत एकताको चर्चा चल्न थाल्यो र यही चर्चा चलिरहेकै समयमा जून १, २००१ ई. अर्थात २०५८ जेठ १९ का दिन राजदरवारमा राजा वीरेन्द्रको स-परिवारको वंश विनाश हुने गरी नरसंहार हत्या गरियो । यो हत्याकाण्डपछि नेपालको राजनीतिमा नयाँ परिस्थितिको विकास हुँदै गयो । राजा वीरेन्द्रका माइला भाई ज्ञानेन्द्र शाह नेपालका राजा भए । माओवादीले रोल्पाको होलेरीमा आक्रमण गरेर ठूलो संख्यामा पुलिसलाई बन्धक बनाउनुका साथै हातहतियार लुटेर लगे । माओवादी विद्रोह दमन गर्न र होलेरी काण्डमा लुटिएका हतियार फर्काउन गिरिजाप्रसाद कोइरालाले नेपाली सेना परिचालन गर्ने निकै ठूलो प्रयास गरे । नेपालमा विदेशी चासो बढ्दै गइरहेको सन्दर्भमा माओवादीलाई आतंककारी घोषित गरेर सेना प्रयोग गरी दमन गर्ने चाहना अमेरिकाले धेरै पहिले देखि नै परोक्ष राख्दै आएको र दवाव दिइरहेको थियो । नेपाली सेना पनि संकटकाल नलगाई र माओवादीलाई आतंककारी घोषित नगरी परिचालित नहुने बताइरहेको थियो । शाही सेनामा अमेरिकी स्वार्थ र राजनीति पसिसकेको अनुमान त्यसैवेला नेपाली जनताबाट गरिएको थियो । यसैकारण सुरक्षा परिषदको निर्णयबाट मात्र सेना चलाउन गिरिजाप्रसाद कोइरालाले सकेनन् र प्रधानमन्त्रीबाट राजिनामा गरे । कोइरालाको राजिनामापछि श्रावण ११, २०५८ मा शेरबहादुर देउवा प्रधानमन्त्री बनाइए र २ कार्त्तिक २०५८ का दिन उनले ४१ जना मन्त्री भएको जम्वो मन्त्री परिषद विस्तार गरे[५९] देउवाले

---

[५८] नाम खोल्न नचाहने शर्तमा दरवारका एक पूर्व कर्मचारीसँग २०६५ साल वैशाख ३ गते लिएको अन्तरवार्ता ।

[५९] .*राजधानी दैनिक,* ३ कार्त्तिक, २०५८ ।

माओवादीलाई वार्तामा आउन आग्रह गरे । प्रधानमन्त्रीको आह्वानलाई स्वीकार गर्दै माओवादीहरू पनि सरकारसँग वार्तामा बस्न सहमत भए र सरकार तथा माओवादी दुवै तर्फबाट युद्ध विरामको घोषणा गर्दै वार्ता थालियो । माओवादीले वार्तामा शान्तिपूर्ण निकासका लागि संविधानसभाको मागलाई मूल माग बनाएर प्रस्तुत हुँदा सो एजेण्डामा सरकार पस्न सकेन । सत्तारूढ वाहेक अन्यदलसँग सहमति नवनाउनु र अझ संसदीय शक्तिहरू बीच सरकारले समन्वय नगरी वार्ताको थालनी गर्नु सरकारको आफ्नै कमजोरी छँदै थियो । तर यस विषयमा सरकारलाई चनाखो बनाउने र आवश्यक सुझाव दिने कार्यमा विपक्षीका हैसियतले नेकपा (एमाले) नेतृत्व असफल देखिन गयो ।

माओवादीले दाङको शाही सेनाको व्यारेक माथि आक्रमण गरेपछि मुलुकमा संकटकाल लागू भयो । माओवादी माथि सरकारले आतंककारीको आरोप लगायो । अमेरिकी राजनीतिको स्वार्थसँग नजिक भएका मानिने प्रधानमन्त्री देउवाको कार्यकालमा यस्तो हुनु अस्वभाविक थिएन । राजा वीरेन्द्रले सेना चलाउन अस्वीकार गरेका थिए । दरवार हत्याकाण्डको पछाडि लुकेको वास्तविकता, नयाँ राजाले चाल्ने कदमहरुप्रति अन्दाजा र प्रतिनिधिसभाको विघठनको सिफारिस गर्दा स्वर्गवासी राजाले धेरै परामर्श गरेर मात्र गर्दथे, तर राजा ज्ञानेन्द्रले तत्कालै कार्यान्वयन गरेको अवस्था, आदि कुराहरुप्रति गम्भिर नवनी निर्णयमा पुग्न खोज्नु एमाले नेतृत्वको असफलताका उदाहरणहरू देखिन्छन् । देउवाले प्रतिनिधिसभा विघठनको सिफरिस गर्दा काँग्रेस फुटेका कारण चुनाव जित्ने र सत्तामा जाने सजिलो खेल मात्र एमालेले देखेर उक्त विघठनको समर्थन गऱ्यो । तर, त्यसभित्र लुकेको वास्तविक रहस्य बुझ्ने चेष्टा नगर्नु एमालेको अदूरदर्शिता तथा अवसरवादी चरित्रको विकास नै मूल कारण थियो भन्न सकिन्छ ।

वि.सं.२०५९ साल असार ५ गते विभाजित काँग्रेसको एउटा गुटले महाधिवेशन गरी शेरबहादुर देउवा पार्टीको सभापति भएको घोषणा गऱ्यो र पार्टी दर्ताका लागि निर्वाचन आयोगमा गयो । गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको समूहले यसको प्रतिवाद गरेपछि आधिकारिक काँग्रेस पार्टी कुन हो भन्ने विषयमा निर्वाचन आयोगमा मुद्धा चल्यो । यसवेला प्रतिनिधिसभा विघठन भइसकेको थियो । निर्वाचन आयोगले गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको पार्टी नै आधिकारिक कांग्रेस पार्टी भएको फैसला गरेपछि देउवा पनि विस्तारै निर्वाचनको बाटोबाट पछि हट्न थालेका थिए । यो अवस्थामा सुरक्षाका अधिकारीहरू पनि सरकारलाई निर्वाचन गराउन नसक्ने सल्लाह दिईरहेका थिए । सुरक्षा निकायका प्रमुखहरूको सल्लाह तथा आधारातमा गरिएको प्रतिनिधिसभाको विघठनका बीचको सम्बन्ध र राजदरवारको इच्छालाई अलिकति पनि यसवेला अन्दाज गर्न एमालेले सकेन । एमाले नेतृत्व माथि पनि प्रधानमन्त्रीको प्रलोभनको कार्ड यसवेला फ्याकिएको चर्चा चलेको थियो । यो अवस्थामा एमालेले पनि प्रधानमन्त्री देउवालाई एक वर्ष सम्म निर्वाचनपछि धकेल्नका

लागि संविधानको धारा १२७ लागू गर्न सल्लाह दियो । प्रधानमन्त्री देउवाले यस्तो सल्लाहमा धारा १२७ लागू गरी वाधा अड्चन फुकाउन र निर्वाचन पर सार्न राजामा सिफरिस गरे । यही सिफरिसलाई आधार बनाएर राजा ज्ञानेन्द्रले निर्वाचन गर्न असक्षम भएको आरोप लगाउदै प्रधानमन्त्रीबाट बरखास्त गरे । प्रधानमन्त्री बरखास्त गर्ने अधिकार संविधानतः राजामा थिएन । आखिर राजाले पनि देउवालाई अपदस्त गर्दा त्यहि धारा १२७ प्रयोग गरेका थिए । राजाको भावना बुझ्न नसक्नु वा त्यतापट्टि कुनै ध्यान नै नदिनु भनेको नेतृत्वको असफलताको परिचय हो ।[६०]

एमाले नेता माधव कुमार नेपालको प्रधानमन्त्री हुने चाहनाकै बीचमा लोकेन्द्र बहादुर चन्द प्रधानमन्त्री भए । चन्द प्रधानमन्त्री भएपछि माओवादीसँग वार्ता फेरि सुरू गरे । लोकेन्द्रको सरकार भनेको राजाको छाँया मात्र थियो । यदि यो परिस्थितिमा माओवादीहरूले अघिसारेको मागलाई संवोधन भएर माओवादीहरू शान्तिको मूलधारमा आए भने त्यसको जस राजालाई जाने र आफूहरू सदाका निम्ति समाप्त हुने डर राजनीतिक दलहरूलाई भयो । त्यसैले उनीहरू संविधानसभाको मागलाई त्यसवेला खुवै विरोध गरे, जुन पछि आएर दलहरूले माओवादीसँग त्यही कुरा स्वीकार गरेर समझ्दारी विकास गरेका थिए । यसवेला एमाले काँग्रेस लगायतका ठूला भनिएका सहित पाँच संसदवादी राजनीतिक दलले राजाले ल्याएको प्रतिगामी कदमका विरूद्ध संघर्ष गरिरहेका थिए । यी पाँच दलहरूले संयुक्त संघर्ष त सुरू गरे तर यिनीहरूको माग भने फरक-फरक थियो । नेपाली काँग्रेसको विघठित प्रतिनिधिसभाको पुर्नःस्थापना, एमालेको सर्वदलीय सरकारको गठन थियो भने जनमोर्चाको संविधानसभाको निर्वाचन । यी मागहरूमा ओजन्दार माग या त काँग्रेसको थियो या त जनमोर्चाको । एमालेको मागमा न त कुनै स्पष्ट बाटो थियो नत दम नै । राजाले गठन गरिदिने सर्वदलीय सरकारको औचित्य केही थिएन ।

नेकपा (एमाले)को विषयमा शोध गर्ने शोधकर्ताका अनुसार पाँच पार्टी (नेपाली कांग्रेस, नेकपा (एमाले), नेमकिपा, जनमोर्चा र सद्भावना (आनन्दी देवी)को आन्दोलन सुरू भयो । तर, त्यो आन्दोलनमा जनता मुखदर्शक बाहेक केही भएन । जनताको सहयोग आन्दोलनले नपाए पनि पार्टीहरूको विरोधका कारण लोकेन्द्रबहादुर चन्द सरकार चलाउन असफल भने भए । त्यस्तै समयमा २०५९ साल माघ १८-२३ मा जनकपुरमा एमालेको सातौं महाधिवेशन भयो । महाधिवेशनमा संविधानसभाको विषयले प्रवेश पाए पनि त्यसलाई एजेण्डा बनाउन एमालेले सकेन । शंकर पोखरेलले राजनीतिक संकटको निकास संविधानसभाले दिन सक्छ भनेर संविधानसभाको निर्वाचनमा जानु पर्ने कार्यनीतिको प्रस्ताव अघि ल्याएका थिए । त्यसलाई महाधिवेशनमा खास गरी माधव नेपालको वर्चस्व देखिएको र उक्त अधिवेशनले त्यसलाई अस्वीकार गर्न पुग्यो । वास्तविकरूपमा पार्टीले दिशा तय गर्न नसकेकै कारण "सवै विकल्प खुल्ला"को नीति अख्तियार गरेको घोषणा गर्न पुग्यो । न त संसदीय

[६०] Pokhrel, *op.cit*.No. 40, p. 306 .

राजनीति अन्तरगत मजवुत र सकारात्मक प्रतिपक्षको भूमिका एमालेले खेल्न सक्यो न त समस्या समाधानका लागि ठोस् निर्णय नै गर्न सक्या यो माधव कुमार नेपालको नेतृत्वको असफलताको परिचय थियो । तथापि महाधिवेशनद्वारा उनै नेपाल पुनः नेता छानिए । उता राज्यको वागडोरको सवालमा प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले जेठ १६, २०६० का दिन पदबाट राजिनामा गरे । त्यसवेला आन्दोलनकारी पाँच राजनीतिक दलहरू कांग्रेसको नेतृत्वमा अर्थात गिरिजाप्रसाद कोइरालाको एजेण्डामा आइसकेका थिए । चन्दको राजिनामापछि पाँच राजनीतिक दलको समर्थनमा माधव कुमार नेपालले प्रधानमन्त्रीमा नियुक्ति हुन दरवारमा विन्तिपत्र हाले । पाँच दलको सिफारिसको व्यक्तिलाई प्रधानमन्त्री बनाउनु भनेको विघठित प्रतिनिधिसभाको पुर्नःस्थापना गर्नु हुने थियो । उक्त प्रतिनिधिसभा पुर्नःस्थापना गर्नका लागि रातारात विघठन गरिएको थिएन । तसर्थ दरवार माधव कुमार नेपाललाई प्रधानमन्त्री बनाउन तयार थिएन । त्यसै कारण माधव कुमार नेपालको विन्तिपत्र रद्दीको टोकरीमा दरवारले हालिदियो । तर बाहिर भने के हल्ला चलाइयो भने माधव नेपालले राजदरवार हत्याकाण्डको छानविन आयोगमा बस्ने कुरामा राजालाई ढाँटेकाले नेपाललाई दरवारले प्रधानमन्त्री बनाउने छैन ।[६१] यो पनि असम्भव कुरा थिएन । यो घटनाकै पेरिफेरिमा भारतीय नेता चन्द्र शेखर, कुटनितिज्ञ के. भी. राजन तथा नेपाल मामला विज्ञ भनेर चिनिएका एस. डी. मुनी नेपाल आएर भारतीय लवीको सरकार गठन गर्ने अभ्यासमा लागेका थिए ।[६२] नेपाली प्रेस जगतको संकेतको आधारमा भन्ने हो भने उनीहरूको प्रयासको परिणाम पनि अन्ततः माधव कुमार नेपाल प्रधानमन्त्री हुन पाएनन् र ती व्यक्तिहरूको कारण जेठ २१, २०६० का दिन दिउँसो सूर्यबहादुर थापा प्रधानमन्त्री बनाइए । यसरी पटक-पटक परिस्थितिको मूल्याङ्कन गर्ने कुराबाट एमाले नेतृत्व चुक्दै गएको देखिन्छ ।

शेरवहादुर देउवा, लोकेन्द्रवहादुर चन्द वा सूर्यवहादुर थापाको सरकारसँग वार्ता गर्दा पनि माओवादीको मागमा कुनै पनि परिवर्तन आएको थिएन । सूर्यबहादर थापाको नेतृत्वको सरकारको समयमा माओवादी र सरकार बीचमा भएको वार्ता राजनीतिक एजेण्डामा प्रवेश गरिसकेको थियो । वार्ता गम्भीर मोडमा पुगेको समयमा शाही नेपाली सेनाले रामेछापको दोरम्भामा वार्ताको आचार संहिता र युद्ध विरामको नियम विपरित गएर निशस्त्र माओवादी कार्यकर्ताहरूको सामुहिक हत्या गऱ्यो । यो हत्याकाण्डमा विदेशी शक्ति खासगरी अमेरिकी प्रभावमा आएर सेनाले वार्ता विथोल्न गरेको प्रयासका रूपमा त्यसवेला मानिसहरूका बीच निकै चर्चा चल्यो । वार्ता सफल भए अमेरिकी हतियार एम. १६ को खरिद रोकिनेछ भन्ने हल्ला पनि चलेको थियो । सूर्यबहादुर थापा भारतीय शक्तिको बलबाट प्रधानमन्त्री भएका थिए । यो अवस्थाको मूल्याङ्कन गर्दै त्यसवेलासम्म माओवादी मागवारे अलिकति पनि सोच्ने अवस्थामा (एमाले) नेतृत्व पुगेको देखिँदैन । २०६० पुस २२ देखि लगातार पाँच दिन सम्म चलेको नेकपा एमाले केन्द्रीय कमिटीको पाँचौ पूर्ण बैठकले राजनीतिक संकटको निकासका

---

[६१] .शंकर पोखरेल (मिति अनु.), *संकटको अग्रगामी निकासका रूपमा संविधानसभा,* नेकपा (एमाले) को सातौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत विचार ।

[६२] *नेपाल समाचार पत्र,* दैनिक, २१ जेठ २०६० ।

लागि नौ बुँदे रोडम्याप अघि सार्‍यो । जवकी यो भन्दा पहिलेनै आन्दोलनकारी पाँच दलले १८ सूत्रीय एजेण्डा ल्याएका थिए । यीनै पाँच दल भित्र रहेको एमालेले छुट्टै ९ बुँदे एजेण्डा ल्याउनुको आशय प्रष्ट भएको थिएन।[६३] दलहरूको सिफारिसमा सर्वदलीय सरकार तथा प्रतिनिधिसभाको पुर्नःस्थापना, सर्वदलीय सरकारसँग माओवादीको वार्ता, दलहरूले अग्रगमनको साझा कार्यक्रम बनाउनु पर्ने र माओवादीसँग त्यसको आधारमा वार्ता, गोलमेच सम्मेलन र राष्ट्रिय सहमतिको आधारको सरकार निर्माण, प्रतिनिधिसभाको निर्वाचन, प्रतिनिधिसभाद्वारा संविधान संशोधन या नयाँ संविधान निर्माणका लागि आयोग गठन, संसदवाट संविधानको अनुमोदन गर्ने तथा नयाँ संविधान लागू भएपछि गठित सरकारले माओवादी लडाकुहरूलाई व्यवस्थित गर्ने तथा पुन स्थापना र पुनः निर्माणको काम थाल्ने जस्ता कुराहरूको रोडम्यापका साथ माओवादी विद्रोह र तिनका मागलाई संवोधन गर्ने केही प्रयत्न गर्न पुग्यो ।[६४] तर आफ्नो रोडम्यापका वारेमा नतः अन्य पार्टीहरूलाई नै यसले स्पष्ट गर्न सक्यो नतः आफ्नो अडानमा अडिन सक्यो । एउटै सभा र मञ्चबाट एकातिर राजालाई संवैधानिक त्रुटी सच्याउन एक महिने अल्टिमेटम दिने र त्यही मञ्चबाट राजासँग सहमतिको आशा गर्ने जस्ता अभिव्यक्ति एमालेका नेता माधवकुमार नेपालले गरे । मंसिरको अन्तिम दिन २०५९ अर्थात डिसेम्बर १५, २००२ का दिन राजधानीमा भएको आमसभामा यस्तै विचार आएको थियो । यस्तो अभिव्यक्ति केवल विचारधारात्मक शक्तिको पलायनबाट आएको हो । २०५९ फागुन १४ गते वामदेव गौतमले सार्वजनिक समारोहमा संविधानसभाको पक्षमा वकालत गर्दा माधव कुमार नेपालले पार्टी विपरित भनेर चेतावनी दिएको र अनुशासन समितिले स्पष्टीकरण समेत लिएको थियो ।[६५] यो समयसम्म एमालेका नेताहरूमा बामदेव गौतम बाहेक कसैमा संविधानसभाको पक्षमा जाने कुनै आँट थिएन । पार्टीको जनकपुरमा भएको सातौं महाधिवेशनमा "संकटको अग्रगामी निकास : संविधानसभा" भन्ने दस्तावेज पेश गर्ने शंकर पोखरेलको दस्तावेजलाई जवरजस्ती अस्वीकार गरेको परिस्थितिमा एमालेले नयाँ ठोस् विकल्प दिन सकेको थिएन । २०५९ असोज १८ पछिको परिस्थिति, समावेशी प्रजातन्त्रको सामान्य सोच, राजनीतिक समिकरणको सामान्य परिभाषा, नयाँ राजनीतिक सन्तुलनको खोजी, माओवादी विद्रोहलाई संवोधन गर्ने र शान्तिपूर्ण अवतरण गराउने उपाय, विद्यमान संवैधानिक तथा राजनीतिक संकटको निकास, आदि जस्ता विषयलाई उठाएर शंकर पोखरेलले संविधानसभाको दस्तावेज प्रस्तुत गरेका थिए ।[६६] त्यसलाई एमाले नेतृत्वले अस्वीकार गर्‍यो । पछि केन्द्रीय कमिटीको बैठकको रोडम्यापवाट पनि अघि जान सकेन । एमाले नेतृत्वको असफलताको यो एउटा पक्ष थियो ।

---

[६३] ऐ. ।

[६४] *हिमाल खवर पत्रिका,* पाक्षिक, १६-३० माघ २०६०, पृ. ४२ ।

[६५] *नेपाल,* पाक्षिक, १६-३० वैशाख २०६०,पृ. १६ ।

[६६] Pokhrel (nd), *Op.cit*. No. 40, p.306.

भारतीयहरूले माओवादीलाई ठीक ठाउँमा ल्याइदिने आश्वसन सहित दरवारलाई विश्वस्त गरेर वा दवाव दिएर गठन गरेको एघार महिनाको सूर्यबहादुर थापा नेतृत्वको सरकारले अन्ततः आफ्नो काममा असफल भएपछि राजिनामा दिए । एमालेले पाँच राजनीतिक सहकर्मी दलहरूको सहयोगमा आफ्नो नेतृत्वमा सरकार गठन गर्ने प्रयास गऱ्यो । तर, गिरिजाप्रसाद कोइरालाको विरोधका कारण एमालेको त्यो प्रयास सफल भएन । यसको आवेगमा काँग्रेससँगको सहकार्य तोडेर काँग्रेसबाट चोइटिएर बनेको नेपाली कांग्रेस (प्रजातान्त्रिक)को छत्र छहारीमा एमाले ओत लाग्न पुग्यो र प्रतिगमन आधा सच्चिएको र पूरा सच्याउने उद्घोष सहित शेरवहादुर देउवाको नेतृत्वमा धारा १२७ अन्तरगतको सरकारमा सामेल हुन गयो । यो सरकारमा गएर पार्टीले उपलब्धी हासिल गर्ने त कुरै छाडौं, वदनाम सिवाय केही भएन । काँग्रेसबाट चोइटिएको देउवाले नेतृत्व गरेको दल नेपाली काँग्रेस (प्रजातान्त्रिक)को संवैधानिक हैसियत केही बनेको थिएन । देउवाकै कार्यकालमा एमालेको बाहुल्यता रहेको स्थानीय निकायको म्याद थप सरकारले गरेको थिएन । यी सवै कुराका बाबजुद माधव कुमार नेपालको नेतृत्वको एमाले संगठनात्मक दृष्टिले देउवा भन्दा एक तिहाई भन्दा बढी ठूलो थियो । यो अवस्थामा पनि एमाले काँग्रेसको साथ छोडेर आन्दोलनबाट विमुख हुँदै देउवाको नेतृत्वको सरकारमा सामेल भयो । यत्तिमात्र होइन गृह, रक्षा जस्ता महत्वपूर्ण मन्त्रालयहरू देउवालाई नै छाडेर सरकारमा सामेल हुनुका साथै देउवाको अध्यक्षतामा गठित शान्ति समितिमा समेत माधव कुमार नेपाल एउटा सदस्य मात्र भएर बसी नेकपा (एमाले)को प्रतिष्ठामा ठूलो दागी लगाए । सम्बन्धित मन्त्रीलाई समेत जानकारी नदिई देउवासँगै सहमति गरेर पेट्रोलियम पदार्थको मुल्य बढाउने काम माधव कुमार नेपालले गरेका र पछि यस वारेमा आफूलाई जानकारी नै नभएको भनेर आफ्नै पार्टीका मन्त्रीलाई समेत बदनाम गराउने खेलमा महासचिव लागेको पनि उल्लेख गरेको पाईन्छ ।[६७] त्यसवेला माधव कुमार नेपालको शेरवहादुर देउवाप्रतिको काम कारवाहीलाई हेर्दा स्वतन्त्र विश्लेषकहरूले माधव कुमार नेपालमा विदेशीको प्रभाव परेको अनुमान गरेका थिए । देउवाको सरकार गठन हुनुमा अमेरिकी प्रभावको आँखाले नेपालमा हेर्ने गरिन्छ । जे भएपनि यस्ता कुराहरूले एमाले नेतृत्वको परिस्थितिको विश्लेषण गर्ने क्षमताको अभाव तथा अवसरवादी चरित्रको अर्को नमूना थियो । यो सरकारको गठन अमेरिकी डिजायनमा तयार पारिएको भन्ने त्यसवेला चर्चा चलेको थियो । यो अवस्थासम्म आइपुग्दा पार्टी धेरै बदनाम र कार्यकर्तामा धेरै निराशा पनि आएको थियो । २०६१ आश्विनको १५-१७ मा भएको पार्टीको स्कुल विभागले सञ्चालन गरेको अगुवा कार्यकर्ता भेलामा पार्टी जिल्ला सचिवहरूले नेतृत्वको खुलेरै आलोचना गरे । उक्त भेलामा संगठन विभागका तर्फबाट विष्णु पौडेल तथा अर्का नेता झलनाथ खनालले पार्टीको वैचारिक धारमा कमी भएको स्वीकार गरेका थिए ।[६८] पार्टीको सातौं महाधिवेशनको समयमा पार्टीको संगठित सदस्य संख्या १ लाख ९ हजार ५ सय ६६ रहेकोमा दुई वर्ष

---

[६७] प्रकाश (२०६२), *माओवादी परस्तता कि माओवाद विरोधवाद र प्रतिगमन सेवा,* प्युठान : हाम्रो एकता प्रकाशन, पृ. ३३ ।

[६८] .राजाराम गौतम र तिलक पाठक, "खुम्चिदो सञ्जाल", *नेपाल साप्ताहिक,* १ कार्तिक २०६१, पृ. २५ ।

पछि त्यो संख्या घटेर ७३ हजारमा झर्न पुग्यो ।[६९] यसरी पार्टी खिइदै गएको र पार्टीमा वैचारिक धार भुत्ते हुँदै गयो ।

सरकार बदनाम हुँदै गएकै सन्दर्भमा फेब्रुवरी १, २००५ अर्थात माघ १९, २०६१ मा राजा ज्ञानेन्द्रले अर्को शाही घोषणा गरी मुलुकमा संकटकाल लगाउँदै मौजुदा मन्त्री परिषद विघठन गरी राज्यको सारा अधिकार आफ्नो हातमा लिए । २०६१ माघ १९ को शाही घोषणापछि राजनीतिक क्षेत्रमा नयाँ परिस्थिति सृजना भयो । मुलुकको शासनको वागडोर राजा ज्ञानेन्द्रले आफ्नो हातमा लिएपछि सबै राजनीतिक दलहरू एक ठाउँमा उभिन पुगे । कांग्रेसका गिरिजाप्रसाद कोइराला र शेरवहादुर देउवा बीच रहेको पानी वारावारको अवस्थालाई पनि शाही कदमले टुङ्गयाइदियो । यो परिस्थितिमा एमालेभित्र पनि नयाँ गतिविधि सुरू भयो । माधव कुमार नेपाल, के.पी.ओली लगायत स्थापित नेताहरूको गिरफ्तारी पछि एमाले नेतृत्वमा नयाँ भूमिकाको खोजी हुन थाल्यो । युवा पुस्ता नयाँ ढंगले अग्रसर भयो । विगतका प्रजातन्त्रकालका सम्पूर्ण कामको मूल्याङ्कन गर्ने अभियानमा समेत एमाले पुगेको थियो । झलनाथ खनालको नेतृत्वमा रहेको एमाले नेतृत्वले केही नयाँ कदम चाल्न खोजेको अनुभूति हुन थालेको थियो । उपलब्ध केन्द्रीय नेता तथा अन्य कार्यकर्ताले झलनाथ खनाललाई कार्यबाहक महासचिव बनाएर पार्टी अघि बढ्न थाल्यो । भूमिगत बसेका झलनाथ खनाल नेतृत्वले पार्टीले विगतमा धेरै गल्ती गरेको निष्कर्ष निकाल्दै पार्टीलाई अघि बढायो । त्यसवेला पार्टीले लिएको नीतिका कारण पार्टीमा केही उत्साह र उर्जा थपियो । तर तीन महिना पछि माधव कुमार नेपाल रिहा भएर पार्टी नेतृत्व सञ्चालन गर्न थालेपछि फेरि पुरानो धरातल तर्फ पार्टी फर्किन थाल्यो । त्यस्तै अवस्था राष्ट्रिय/अन्तराष्ट्रिय दवावका कारण मुलुकमा संकटकाल हट्यो । नेताहरू जेलवाट छुटे । २०५९ फागुन १४ गते वामदेव गौतमले सार्वजनिक समारोहमा संविधानसभाको पक्षमा वकालत गर्दा माधव कुमार नेपालले पार्टी विपरित भनेर चेतावनी दिएको परिस्थिति रहेन ।[७०] युवा तथा विद्यार्थी नेताहरूको दवावका कारण २०६२ भाद्र ९ गतेको बैठकमा एमाले संविधानसभालाई स्वीकार गर्ने परिस्थितिमा पुग्यो । गणतन्त्रको एजेण्डामा जान पनि काँग्रेस नगइ जान सकिँदैन भन्ने माधव कुमार नेपालको भनाईलाई पार्टीका युवा तथा पूर्व विद्यार्थी नेताहरूले चुनौति दिएपछि संविधानसभाको माध्यमवाट लोकतान्त्रिक गणतन्त्र तर्फ उन्मुख हुने घोषणा एमालेले गर्न पुग्यो । २०६२ साल कार्त्तिक २ गते माओवादीसँग वार्ता गर्न संसदीय आन्दोलनकारी दलहरूको वैठकको निर्णयले आन्दोलनको नेतृत्व गरेका नेता गिरिजाप्रसाद कोइराला र माधव कुमार नेपाललाई माओवादीसँग वार्ता गर्न जिम्मेवारी दिइयो । यो अवस्थामा गिरिजाप्रसाद कोइराला र माधव कुमार नेपाल दिल्ली तर्फ लागे । एमालेकै अर्का प्रभावशाली नेता बामदेव गौतमले भने रोल्पामा गएर माओवादी नेतृत्वसँग सहमतिमा हस्ताक्षर समेत गरे । तर कोइराला र नेपाल रोल्पा जान नसकेका

---

[६९] .*www.cpnuml.org*. October 12, 2004 AD.

[७०] नेपाल, *पूर्वोक्त* नं. ४५ ।

कारण भारतको राजधानी दिल्लीमा २०६२ साल मंसिरको ७ गते नेपालका सात दल आन्दोलनकारी संसदीय राजनीतिक दल र माओवादी शक्तिका वीच १२ बुँदे समझ्दारी भयो । त्यसपछि एमाले केही फरक भएर गणतन्त्रको पक्षमा देखिँदै आयो । तर नेतृत्वको विगतमा देखिएको ढुलमुलेपनका कारण आम मानिसमा एमाले यसैमा अडिने हो वा होइन भन्ने आशंका संविधानसभाको निर्वाचनसम्म पनि मौजुद थियो । यी तथ्यहरूका आधारमा संविधानसभाको माग नेकपा (एमाले) को थियो भन्न सकिँदैन ।

२.८. माओवादी माग र संविधानसभा

नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा नेपालका कम्युनिष्टहरूनै रहे जसले सुरु देखिको पछि सम्म पनि संविधानसभाको मागलाई कुनै न कुनै रूपमा बोकीरहे । माथिनै चर्चा गरिसकिएको छ संसद या संविधानसभा भन्ने विवादको सवालमा पनि राजा महेन्द्रको कदमलाई रायमाझीहरू जस्ता दक्षिणपंथी विसर्जनवादी विचार राख्नेहरूले समर्थन गरेको भएपनि पुष्पलालहरू जस्ताले संविधानसभाको मागलाई उठाइरहेका थिए । राजा महेन्द्रले संसदको विघठन गरी आफ्नो हातमा शासन लिएपछि पुष्पलालले आफ्नो कार्यनीति विघठित संसदको पुर्नःस्थापना बनाएपछि उनले त्यस मागलाई उठाइरहेनन् भने मोहन विक्रम सिंह त्यसपछि संविधानसभाको माग उठाउने नेताका रूपमा चिनिएका थिए । २०४६ सालमा संयुक्त वाममोर्चा तथा नेपाली कांग्रेसले आन्दोलनको माग संसदीय व्यवस्थाको पुर्नःस्थापना बनाएका थिए भने बाबुराम भट्टराई प्रवक्ता भएको "संयुक्त राष्ट्रिय जनआन्दोलन" नामक वामपंथीहरूको अर्को मोर्चाले भने संविधानसभाको मागलाई उठाएको थियो । यसरी कुनै न कुनै रूपमा नेपालका कम्युनिष्टहरूले संविधानसभाको मागमा निरन्तरता दिइरहेका थिए ।" नेकपा (माओवादी)ले केही पहिले सामान्यतया संविधानसभाको नारा दिएको भएपनि २०५७ को अन्ततिर सम्पन्न दोस्रो राष्ट्रिय सम्मेलनबाट संविधानसभाको नारा परित्याग गरेको थियो ।[७१] तत्कालीन एकता केन्द्र मसालका नेता प्रकाशको भनाइ रहेको भए पनि यो भनाइमा प्रष्टता पाइँदैन । यथार्थतालाई हेर्दा यस्तो देखिँदैन । माओवादी पार्टीभित्र दुई ध्रुवका बिचारहरू मौजुद देखिन्थे । २०४७ सालको संविधान निर्माणको समयदेखि संविधानसभाको पक्षमा वकालत गर्दै आइरहेका बाबुराम भट्टराई र दीर्घकालीन जनयुद्धको नीतिमा अघि बढेका प्रचण्ड बीच पार्टीगत एकता भएपनि बैचारिक मतान्तर देखिएको थियो । प्रचण्डले लेखेका छन् :

> बैधानिक सरकारको हल्ला गर्दै नक्कली संविधान र त्यसबाट बनेको ब्रिटिस, अमेरिकी र फ्रान्सका सरकारहरूलाई मान्छेको मासु खानेहरूको सरकारको संज्ञा दिदै माओले भन्नुहुन्छ, "संवैधानिक सरकारका उनीहरूको कुरा केवल

[७१] प्रकाश (२०६२), *पुर्ववत् नं. ६६ ।*

> खसिको टाउको झुण्डयाएर कुकुरको मासु बेच्ने बरावर हो" ठीक यस्तै माओ बिचारधारा मान्ने मित्रहरूले राजा र अन्तरिम सरकारसँग संविधानसभाको माग गर्नुको सिधा अर्थ प्रतिक्रियावादीहरूसँग "खसिको टाउको झुण्डयाएर कुकुरको मासु बेच" भन्नु नै हुन्छ ।...तर सिङ्गो आनदोलनभरी बहुदल होइन जनताको जनतन्त्र हुनु पर्छ भनि अलग मोर्चा बनाएर पञ्चायतका बिरुद्ध संघर्ष गर्ने संयुक्त जन आनदोलन संयोजन समितिले पनि वाममोर्चाभैं संविधानको कुरा गर्नु एउटा बिडम्बना नै मान्नु पर्दछ ।[७२]

यत्ति मात्र होइन संविधानसभाको नारालाई प्रचण्डले शहरीया "निम्न पूँजिवादी बुद्धिजिवीहरू अवसरवादीहरूको सनकद्वारा सिर्जिएको भ्रामक नारा"का रूपमा चित्रित समेत गरेका थिए ।[७३] यसबाट के बुझिन्छ भने माओवादी जनयुद्ध सुरु हुनु भन्दा केही पहिले संविधानसभाको नारा उठाउने सोच प्रचण्डमा आएको थिएन । जनयुद्ध सुरु भएको पाँच वर्षको अवधिमा राजनीतिक रूपमा आफू सबै तिरबाट एक्लिदै, शहरीया आन्दोलनले गति लिन नसकेको र आँफै भित्र बिकृतिहरू बढ्न थालेको कारणका साथै आफूप्रति निम्न पूँजिपति तथा मध्यम वर्गीयहरूको समर्थन जुटाउन माओवादीले संविधानसभाको नारालाई गन्तब्यमा पुग्नु अघिको बिश्राम थलोको रूपमा उठाएको बुझ्न सकिन्छ । कुनै समय क्रान्तिका चर्का नारा दिई संविधानसभाको विरोध गर्दै हतियार उठाउने राजनीतिमा पुगि हतियारबाट सत्ता प्राप्ती गर्ने कल्पनामा पुगेका प्रचण्डको नेतृत्व पछि गएर हतियारबाट सत्ता प्राप्ती नहुने देखि आफ्नो बचाउका लागि संविधानसभाको मागलाई उठाउने र स्वीकार गर्ने अवस्थामा पुगेको देखिन्छ । संगठन निर्माणमा रहेको कमजोरी, वैचारिक विचलन यहाँनिर उनीमा पनि देखियो । यो उनको नेतृत्व क्षमताको कमजोरी हो । देउवा सरकारसँग वार्तामा आउनु भन्दा पहिलेनै माओवादीले सरकारसँग वार्ता भएमा आफ्नो गन्तब्यमा जाँदा बिश्राम गर्ने थलो संविधानसभा हुने बिचार लिई सकेको थियो । तसर्थ कमरेड प्रकाशको माथि उल्लेखित भनाइमा सत्यता पाइएन । यस सम्बन्धमा बाबुराम भट्टराई भन्छन् :

> यसमा सबै भन्दा पहिले हामी के प्रष्ट पार्न चाहन्छौं भने यो हाम्रो पार्टीको कुनै नयाँ प्रस्ताव नभएर त्यो २०४८ सालको सम्पन्न पार्टीको एकता महाधिवेशनले पारित गरेको र त्यसपछि जनयुद्धको थालनी पूर्व संध्यामा सार्वजनिक रूपमा प्रस्तुत ४० सूत्रीय मागको प्रमुख मागको रूपमा रहेको र गतबर्ष (२०५५ साल) देखि बिशेष तिब्रता र जोडका साथ उठाउँदै आएको पुरानो प्रस्ताव र माग हो । अलि फरक के मात्र हो भने हामीले त्यसलाई प्रचारात्मक अर्थमा मात्रै उठाउँदै आएका थियौं भने जनयुद्धले गत पाँच बर्षमा हासिल गरेको यो उचाईपछि अहिले हामीले यो नारालाई क्रियात्मक अर्थमा समेत अघि सारेका हौं । किनकी तिब्ररूपले बदलिंदो राजनीतिक शक्ति सन्तुलनको अहिलेको अवस्थामा संविधानसभा नै सबै भन्दा उपयुक्त तात्कालीक राजनीतिक निकास हो भन्ने हाम्रो पार्टीको ठहर हो ।[७४]

भट्टराईको यस अभिब्यक्तिबाट के बुझिन्छ भने माओवादी पार्टी सुरुकै दिन देखि संविधानसभाको पक्षमा थियो । २०५२ सालको माघमा अघि सारिएको ४० सूत्रीय मागमा पनि यो

---

[७२] . प्रचण्ड (२०५२), *नेपाली क्रान्तिका समस्याहरू*, भाग-१, केन्द्रीय प्रकाशन विभाग, नेकपा (माओवादी), पृ. ६५-६६ ।

[७३] ऐ. ।

[७४] बाबुराम भट्टराईसँगको अन्तरवार्ता, *अर्को विकल्प*, मासिक, झापा, असोज २०५७, वर्ष १, अंक १, पृ. ५ ।

नारालाई मागका रूपमा प्रस्तुत गरिएको थियो र २०५७ साल देखि यसलाई तात्कालीक राजनीतिक संकटको निकासको रूपमा अघि साऱ्यो । तर के चाँही प्रष्ट हो भने तत्कालीन संयुक्त जनमोर्चा नेपालले चालिस सूत्रीय माग लिएर सिंहदरवार जाँदा संविधानसभाको मागलाई किटानीका साथ उठाइएको थिएन । जनतन्त्र सम्बन्धि मागको पहिलो बुँदामा र आम मागको दशौं बुँदामा "जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनु पर्छ" भन्नुले जनगणतन्त्र (People's Republic) बाहेकका ब्यक्तिहरू संविधानसभाले चुन्नै नसक्ने गरि निषेध गरिएको अवस्थामा त्यो माग उठाइएको देखिन्छ । तसर्थ २०५२ मा जनयुद्ध सुरु गर्दा अहिले भनिए जस्तै बुर्जुवा गणतन्त्र प्राप्तीका लागि संविधानसभामा जाने भनेर सुरु गरिएको थिएन र माओवादी भित्रको बैचारिक बहसलाई हेर्दा बिचारको क्रममा प्रचण्ड भन्दा भट्टराईका बिचार र अभिब्यक्तिले अग्रता पाएको देखिन्छ । त्यो कुरा संविधानसभाको मागदेखि लोकतान्त्रिक गणतन्त्रको बिषय उठाउँदाको अवस्थासम्मले यहि कुरालाई देखाएको छ ।[७५]

जनयुद्ध सुरु भएको पाँच वर्ष पछि माओवादीमा एक्लै लडेर नेपालको भू-बनावट र राजनीतिक परिवेशमा लडाइँ जित्न असम्भव देखेपछि माओवादी भित्र आन्दोलनमा वार्ता र बिश्रामले पनि स्थान पाउन थाल्यो । नेपालको कम्युनिष्ट आन्दोलनमा सुरुदेखि नै हुर्कदै आएको एउटा सोच के हो भने पहिले जनगणतन्त्रको कल्पना गर्ने तर त्यसको स्थापनाको निम्ति सबै भन्दा बाधक राजतन्त्र भएको देख्दै त्यसलाई कमजोर पार्ने अनि मात्र फ्याक्ने भन्ने पछि गएर सोच्ने र त्यो चेतले बुर्जुवा प्रजातन्त्रमा गएर अडिन खोज्ने । नेपालका कम्युनिष्ट आन्दोलनका संस्थापक पुष्पलालमा पनि यस्तै बिचारको विकास भएको थियो । त्यसैले उनले २०१३ सालदेखि नै अर्थात राजा महेन्द्रले २००७ सालको अन्तरिम शासन विधान र राजा त्रिभुवनको शाही घोषणामा उल्लेखित प्रजातान्त्रिक पक्षलाई उल्टाउने प्रयास गरेदेखिनै पुष्पलालले राजदरवारको शक्ति कटौतीका लागि जोडदार आवाज उठाउन थालेका थिए । त्यस पछिदेखि नै उनले नेपालमा प्रजातान्त्रिक शक्तिहरू बीचमा एकता हुनु पर्ने कुरामा जोड दिन थालेका थिए ।[७६] वि.सं.२०१५ सालमा राजा महेन्द्रले अन्तरिम शासन बिधान २००७ लाई खारेज गरी अर्को संविधान बनाई संसदको चुनाव गराउने घोषणा गर्दा पनि पुष्पलालले भनेका थिए अरु प्रजातान्त्रिक मुलुकमा संसदको निर्वाचन जनताले, जनताका लागि, र जनताद्वारा गरिन्छ तर हाम्रो देशमा त राजाले राजाका लागि र राजाद्वारा हुँदैछ । यस्तो संसद राजाद्वारा कुनै पनि बेला भंग हुन

[७५] पोखरेल, *पूर्ववत्* नं. २४ ।

[७६] बलराम उपाध्याय (मिति अनु.), "सच्चा क्रान्तिकारी शिक्षक महान जननेता," *नयाँ जनवाद*, पुष्पलाल स्मृति, अंक, नेपाल कम्युनिष्ट पार्टी, पृ. १५ ।

सक्छ ।[७७] पुष्पलाल पछि संविधानसभाको माग धेरैदिन सम्म मोहन बिक्रमले उठाइरहे । झापा बिद्रोहबाट बिकसित नेकपा (माले)ले पनि झापा बिद्रोह सुरु गर्दा र पछिल्ला दिनमा पनि नयाँ जनगणतन्त्र बाहेकको कुनै पद्धतिमा नअल्मलिने अठोट बोकेको उक्त पार्टी पनि कालान्तरमा झापा बिद्रोहदेखि नै पार्टी नेतृत्व गर्दै आएका सी. पी. मैनालीको नेतृत्वकालमा राजाको निरंकुशता समाप्त पार्ने दायित्व तत्कालका लागि पहिलो भएको महसुस गर्न पुग्यो । २०३८/०३९ सालतिर पुग्दा पार्टीले आफ्ना कार्यकर्तालाई दिएको निर्देशनमा भनिएको छ :

> राजाको निरंकुशता र तानाशाही शासनका बिरुद्ध जन संघर्ष उठाउन मूलतः जनताको जनजिबीका, र राष्ट्रियता सम्बन्धि न्युनतम तात्कालीक मागहरू (पार्टी केन्द्रद्वारा अघि राखिएको तात्कालिक मागहरूको सेरोफेरोमा नै रहने प्रयत्न गर्नेछ) मा सहमत हुने कुनै पनि राजनीतिक बिचारधारा मान्ने तर वास्तबिक रूपमा जनसंघर्षमा उत्रन चाहने शक्तिसँग पनि निरंकुश तानाशाही बिरोधी संघर्षको वर्तमान चरणमा मिलेर संघर्ष गर्न तयार रहनु ।[७८]

एक्लै लडेर निरंकुश शासनलाई जित्न सकिँदैन र निरंकुशता बिरोधी शक्तिहरूको साझा प्रयत्न गर्नु पर्ने महसुस त्यसबेला गर्न पुगेको थियो । भलै तत्कालीन माले समुह भित्र गणतन्त्रवादी कार्यक्रम प्राप्त गर्ने कार्यदिशाको मातहत निरंकुश तानाशाहीको अन्त्य र पार्टी स्वतन्त्रता प्राप्ती गर्ने कार्यदिशाको तत्कालीन बिचारलाई अस्वीकार गरि अन्तरिम जनवादी सरकार र सशस्त्र संघर्षको कार्यनीति तर्फ नै जोड दिन जाँदा ब्यवहारमा लागू हुन नसकी २०४६ सालको आन्दोलनको माध्यमबाट संवैधानिक राजतन्त्रमा सीमित बन्न पुगेको थियो । अहिले माओवादी पनि तत्कालिन मालेको जस्तै एक्लै लडेर जित्न नसक्ने अनुभूतिमा पुगेको महसुस भएकोछ । कार्यदिशा परिवर्तन गरि सम्मानजनक अवतरणमा जान संविधानसभाको सवाललाई जोडतोरका साथ उठाउदै आएकोछ । देउवा सरकारसँग वार्ता गर्दा गणतन्त्रको सवालको मुद्धा पनि लगभग छोडि सकेको थियो । पछिल्लो राजनीतिक घटना क्रमले लोकतान्त्रिक गणतन्त्रको मागलाई साझा माग बनाउने र त्यो प्राप्त गर्ने माध्यम संविधानसभा हुने कुरा माओवादीले पनि बताउन छोडेन । प्रचण्डले खुला राजनीतिमा आएपछि कान्तिपुर दैनिक तथा बिबिसी रेडियो सेवालाई दिएको अन्तरवार्ताको अध्ययन गर्दा पनि यस्तै कुरा उठाएको देखिन्छ । भारतबाट प्रकाशित The Hindu पत्रिकाको Februry 8, 2006 को अंकमा "Prachanda Unveils roadmap for change in Nepal" भनेर दिएको समाचार र सोही पत्रिकामा

---

[७७] ऐ. ।

[७८] नेकपा माले (२०४७), पूर्ववत नं. ५४ ।

अन्तरवार्ता दिँदै प्रचण्डले संविधानसभाले सक्रिय राजतन्त्र नै चाहिन्छ भन्ने निर्णय गऱ्यो भने त्यो पनि स्वीकार गर्न तयार भएको प्रतिक्रिया दिँदै के भन्दछन् भने :

> तीन वर्ष अघि राजनीतिक प्रतिस्पर्धामा जानु पर्ने हामीले ठेगान गऱ्यौं । किनभने प्रतिस्पर्धा नहु□दा अव्यवहारिक यान्त्रिक र मेटाफिजिकल) हुने हामीले देख्यौं । तसर्थ प्लेनममा हामीले लिएका निर्णय नया□ कुरा होइन । संसदीय दलहरूस□ग सहकार्य गर्ने व्यवहारिक उपाय बारे निर्णय लियौं । जनयुद्ध वहुदलीय लोकतन्त्रलाई मुख्य तारो बनाएर चालिएको कदम थिएन । तारो त सामन्ती संरचनालाई बनाईएको थियो ।[७९]

यसबाट के देखिन्छ भने प्रतिस्पर्धात्मक जनवादका कुरा गर्दै माओवादीहरू संविधानसभाको निर्वाचन तर्फ उन्मुख बन्दै आए । प्रचण्डका यी भनाईहरु अन्तस्करणले स्वीकार गरिएका विषयहरु नभएर वाध्यतावस व्यक्त गरिएका विचारहरु थिए । बाबुराम भट्टराईले "जनयुद्धका उपलब्धी र चुनौतिहरू" भन्ने लेख लेख्दै के भनेका छन् भने "समाजवादी क्रान्तिपछि पनि वहुदलीय प्रतिस्पर्धात्मक जनवादको प्रणाली लागू गर्नु पर्ने अवधारणा अघि सारेका छौं ।[८०] यस अर्थमा यसबेला माओवादीहरूले उठाएको संविधानसभाको सवाल जनयुद्धको हतियार विसाउने थलोको रूपमा रूपान्तरित हुन सक्छ । यस्तै गरी संविधानसभाको मागमा अन्य संसदीय दलहरू भन्दा अघि नै अर्थात् २०५८ सालदेखि नै राजी भएको तत्कालीन एकता केन्द समूहभित्रको एउटा तप्का तथा जनमोर्चा नेपाल पनि यसैको पक्षमा उभियो । अन्य ठूला संसदीय दलहरू संविधानसभाबाट मुलुकको राजनीतिक समस्याको निकास हुन्छ भन्ने पक्षमा पुगिसकेका थिएनन् । माओवादी वाहेक अन्य समूह त्यस पक्षमा नदेखिँदै पनि प्रकाशद्वारा नेतृत्व गरिएको समूह माओवादी स□गस□गै संविधानसभाको पक्षमा उभिन पुगेको देखिन्छ । विद्यमान राज्य सत्ताले देश र जनताका समस्या समाधान गर्न नसकी भ्रष्टाचार, महंगी, अभाव र वेरोजगारीवाट उत्पन्न गराएको र मुलुकमा वस्तुगत संकटका पृष्ठभूमिमा माओवादी जनयुद्ध सृजना भएको उल्लेख गर्दै प्रकाश लेख्छन् :

> नेकपा माओवादीलाई सहमतिमा ल्याई माओवादी जनयुद्धलाई निकास प्रदान गर्न सकिन्छ भन्ने कुरामा ध्यान नदिने हो भने त्यसरी खोजिने कुनै पनि निकास र विकल्पले वर्तमान संकट र समस्या समाधान गर्न नभई झन् चर्काउने काम मात्र गर्नेछ । त्यसैगरी नेपाली समाजको वस्तुगत संकट र माओवादी जनयुद्ध जन्मनुको पछाडि रहेको जरो कारणको पूर्ण र अन्तिम समाधान नया□ जनवादी क्रान्ति र आमूल परिवर्तनबाट मात्र हुन सक्ने भएपनि वर्तमान सन्तुलनमा (२०४६ सालभन्दा प्रगतिको पक्षमा एक स्तर माथि उठेको शक्ति सन्तुलनमा) क्रान्ति नै सम्पन्न गर्न सक्ने स्थिति नभएर एक स्तरको महत्वपूर्ण अग्रगामी परिवर्तन मात्र गर्न सकिने स्थिति छ भन्ने कुरा प्रति ध्यान नदिइकन पनि राजनीतिक निकासको वारेमा सही र उपयुक्त निष्कर्षमा पुग्न सकिँदैन । बरु त्यसले प्रतिगमन र विदेशी हस्तक्षेपको खतरालाई बढाउनेछ । यस परिस्थितिमा उपरोक्त सबै पक्षलाई संवोधन र समाधन गर्ने कार्य

---

[७९] *The Hindu*, Februwary 8, 2006.

[८०] *हिमाल खवर पत्रिका*, पाक्षिक, १-१५ फागुन २०६२, पृ. ३७ ।

संविधानसभाको निर्वाचन र त्यसले निर्माण गर्ने संविधान मार्फत हुने अग्रगामी परिवर्तनबाट मात्र सम्भावना हुने छ ।[८१]

यसपछि क्रमशः अन्य दलहरू पनि संविधानसभाको पक्षमा उभिन आएको पाईन्छ । खासगरी राजा ज्ञानेन्द्रले २०६१ साल माघ १९ गते सम्पूर्ण राजनीतिक दलहरूलाई उपेक्षा गर्दै शासनको सारा बागडोर आफ्नो हातमा लिएपछि २०६२ साल मंसिर ७ गते तत्कालीन सशस्त्र विद्रोही नेकपा (माओवादी) र आन्दोलनरत संसदवादी सात राजनीतिक दलहरूको बीचमा १२ बुँदे समझदारी भएपछि नेपालका सबै संसदवादी दलहरू संविधानसभाको पक्षमा उभिन पुगे र जन आन्दोलन २०६२/०६३ को मूल माग नै संविधानसभाको निर्वाचन गराउने हुन गयो । आन्दोलनपछि स्थापित नयाँ सरकारले २०६४ साल चैतमा संविधानसभाको निर्वाचन गरायो । राजा ज्ञानेन्द्रको शाही सरकारमा सामेल मन्त्रीहरू, शाही सरकारको समर्थन गर्ने व्यक्ति तथा संस्थाहरू र पुराना राजतन्त्रवादीहरू भित्रभित्रै संविधानसभाको विपक्षमा उभिने चेष्टा गरेका भएपनि खुलेर उभिन उनीहरूको तागतले सकेन ।

संविधानसभाको विपक्षमा उभिने कम्युनिष्ट नेता मोहनविक्रम सिंह पनि हुन् । तत्कालीन राज्य सत्ताकै हाराहारीमा उभिएर संविधानसभाको नारालाई उनले विरोध गरिरहे । लामो समयसम्म संविधानसभाका पक्षमा वकालत गर्दै आएका मोहनविक्रम सिंहले माओवादीले संविधानसभाको नारा अघि सारेपछि उनले त्यस नारालाई नकार्न थालेका थिए । पञ्चायती व्यवस्थाको सुत्रपातसँगै नेकपाको दरभंगामा भएको प्लेनममा मत मतान्तर हुँदा संविधानसभाको पक्षमा वकालत गरेर सबैभन्दा धेरै मत मोहनविक्रम सिंहले नै प्राप्त गरेका थिए । त्यो बेलादेखि आजका दिनसम्म संविधानसभाको वकालत गर्ने व्यक्ति माओवादीका रिसले आज पिठ्यूँ फर्काएका हुन कि भन्ने आशंका पैदा भएको छ । उनी भन्दै थिए "अहिले संविधानसभामा जाँदा जनता होइन राजा बलियो हुने सम्भावना छ । माओवादी शक्तिशाली हुनुका पछाडि मूलतः दरवार र भारतीय विस्तारवादको हात छ ।[८२] तर मोहन विक्रम सिंहले के कसरी र कुन अवस्थामा ती शक्तिहरुको हात छ भन्ने कुरा प्रष्ट पारेनन् । पछिल्ला दिनमा माओवादीले गणतन्त्रका लागि व्यवस्थापिकामा उठाएको सवाल र प्रचण्ड प्रधानमन्त्रि भएपछि राजीनामा दिनुको पछाडी भारतीय शक्तिको दवाव रहेको कारणले मोहन विक्रमको भनाईलाई सत्य मान्न सकिदैंन । संविधानसभाको परिणामले राजतन्त्र नै अन्त्य गरिदियो । यसरी संविधानसभा नेपालको इतिहासमा कम्युनिष्ट माग अझ खासगरी माओवादी मागको रूपमा स्थापित हुन पुग्यो ।

---

[८१] प्रकाश (२०५९), *क्रान्तिकारी मार्क्सवाद र नेपाली क्रान्ति,* नेपाल : नेकपा (एकताकेन्द्र), केन्द्रीय विभाग, पृ. ३२९ ।

[८२] *नेपाल,* पाक्षिक, १६-३० मंसिर २०६९, पृ. १५ ।

माओवादीले आफ्नो एजेण्डा र अडानमा संविधानसभालाई नसमेटेको भए संविधानसभाको निर्वाचन हुन कठिन थियो । त्यसैले नेपालमा संविधानसभा माओवादी मागको रूपमा देखिन गयो ।

नेपालको राजनीतिक संकटकै माझबाट पूर्ण समावेशी लोकतन्त्रको माग गर्दै अप्रिल २००६ मा जनआन्दोलन थालिएको र आन्दोलनले त्यसैमा विकास गरेको पाईन्छ । आन्दोलनको बलमा स्थापित सरकार सामु संविधानसभाको निर्वाचन गराउने र समावेशी लोकतन्त्रको संस्थागत स्थापना दुई अभिभारा मूलरूपमा थिए । सोही कुरा पूरा गर्ने क्रममा अप्रिल १०, २००८ का दिन संविधानसभाको निर्वाचन गरियो र सोही वर्षको मई २८ का दिन राजतन्त्रको अन्त्य भएको घोषणा संविधानसभाले गऱ्यो । यसरी हेर्दा मोहन विक्रम सिंहको भनाई जस्तो संविधानसभाले राजतन्त्रलाई बलियो बनाएको नभएर समाप्तै नै पारीदिएको पाईन्छ । माओवादीभित्र भारतीय स्वार्थको राजनीतिको प्रयोग भएको पनि पाईन्छ । ज्ञानेन्द्र शाह राजा भएपछि राजतन्त्रका विरुद्ध जनता खुलेर आउने वातावरण एकातिर वन्दै थियो भने अर्कातिर उक्त आशंका पूरा गर्ने काम स्वयं ज्ञानेन्द्र शाहबाट पनि हुँदै गयो । माओवादी भित्रपनि भारतीय खुपिया एजेन्सीको प्रभाव पर्न थालेको र राजतन्त्रको अन्त्य गर्न लागेको कुरासँगै ज्ञानेन्द्र राजा भएपछि माओवादी राज्यसत्ता विषेश गरी राजतन्त्र विरुद्ध अलिक धेरै खुलेर आउन थाल्यो । यो वीचमा भारतको भूमिका नेपालको राज्यसत्ता र विद्रोही दुवै वीचमा पहुँच विस्तार गर्ने देखिन्थ्यो । नेपालका सशस्त्र प्रहरीलाई तालिम दिईएको स्थानमा भारतले नेपालका माओवादीलाई समेत तालिम दिईएको चर्चा आउन थाल्यो । नेपाली सेनाका अधिकारीहरूले खुलेर नै भारतले माओवादीलाई एकातिर आश्रय स्थल दिनुका साथै अन्य सहयोग गरेको र अर्कातिर नेपाली सेनालाई युद्ध सामग्री लगायत आर्थिक सहयोग पुऱ्याएर दोहोरो भूमिका खेलेको भनेर सुधीर शर्माले लेखेका छन् । स्वयं माओवादी अध्यक्ष पुष्पकमल दाहाल अथिति वनेर विमोचन गरिएको सुधीर शर्माद्वारा लिखित एक पुस्तकमा भनिएको छ ।

> माओवादी र दरवार एक अर्का विरुद्ध लडिरहेका थिए । अनि दिल्लीसँग चाँही दुवैले सहयोग माग्दै थिए । दिल्ली पनि छिमेकी मुलुकका द्वन्द्वरत पक्षसँग समानान्तर सम्वन्ध राख्दै थियो । भारतले नेपाल राज्यको तत्कालीन संस्थापन (दरवार)लाई सघाउनु बुझ्न सकिने कुरा हो । तर त्यही संस्थापन विरुद्ध लडिरहेका गुरिल्लाहरूलाई वल पुऱ्याउने विरोधाभाषी काम लोकतान्त्रिक भारतले किन गऱ्यो ? सम्भवतः यसको लोकतान्त्रिक उत्तर थिएन । त्यसैले यसको जिम्मा राजनीतिक गुप्तचरीमा दक्षता राख्ने 'र' लाई दिईयो । २०५९ सालमा 'र' ले जिम्मा लिएको नेपाल मिसनको एउटा उद्देश्य राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना थियो । जुन कुरा हासिल गर्न ६ वर्ष पनि लागेन । 'र' लाई दिईएको त्यो विशेष जिम्मेवारीको उच्च स्तरीय स्रोतहरूबाट पुष्टि भएपनि त्यसको अन्तिम लक्ष्य गणतन्त्र बाहेक अरु पनि हो कि भन्ने पहेले चाँही भेटिएन ।[८३]

अझ अगाडी वढेर उनै सुधीर शर्मा लेख्छन् ।

[८३] सुधीर शर्मा (वि.सं.२०७०), *प्रयोगशाला, नेपाली संक्रमणमा दिल्ली, दरवार र माओवादी,* काठमाडौं : फाइनप्रिन्ट बुक्स, पृ. १२३ ।

तोमर सहित माधुर र हर्मिजको 'र' टोलीले नेपालको संकट हल गर्ने मार्ग चित्रका रूपमा फ्युचर रोडम्याप तयार पारेको थियो । दिल्ली पुग्नासाथ गिरिजाप्रसाद कोइरालालाई त्यो उपलब्ध गराईयो । अनि माओवादी र एमालेका शिर्ष नेता समक्ष पनि पुऱ्याईयो । उक्त अवधारणापत्र हेर्न पाएका उच्च स्रोतका भनाईमा, त्यसमा मुख्यतः निम्न विषयवस्तु समेटिएका थिए: सात दल र माओवादी बीच सहमतिको बटमलाइन संविधानसभालाई बनाउने । राजालाई सेरोमोनियल मोनार्कीका रूपमा राख्ने । सेनालाई संसद मातहत ल्याउने । माओवादीका छापामारलाई तिनको क्यापाबिलिटी र ट्रेनिङका आधारमा विभिन्न सुरक्षा निकाय (सेना र दुइटा प्रहरी)मा समावेश गर्ने ।[८४]

सुधीर शर्माको उल्लेखित भनाईबाट के बुझ्न सकिन्छ भने गणतन्त्र स्थापनाको सवालमा आफ्नो ध्येय पुरा गर्न भारतले माओवादीलाई प्रयोग गऱ्यो र यसमा संविधानसभालाई वैधानिक औजारको रुपमा प्रयोग गरियो । नेपालमा राजतन्त्र हटाउन भने भारतले धेरै पहिले देखि रचेको षड्यन्त्र हुन सक्छ । यस अर्थमा नेपालमा संविधानसभाको माग र गणतन्त्रको स्थापना स्थापना गराउन भारतले निकै ठूलो भूमिका खेलेको देखिन्छ । नेपालमा लोकतन्त्र स्थापनाको सकारात्मक पक्षमा एकातिर भारतीय पहल भएको देखिन्छ भने नेपाली राजनीतिलाई आफ्नो नियन्त्रणभित्र राख्ने र सार्वभौम शक्तिलाई संकुचित र कमजोर पार्ने जस्तो गम्भिर नकारात्मक खेलमा पनि भारतको कुटिल चालवाजी देखिन्छ । तसर्थ नेपालको संविधानसभाको निर्वाचन, माग र त्यसको परिपूर्तिको सवालमा नेपालमा राजतन्त्रको अत्यका लागि माओवादी विद्रोह भन्दा भारतीय भूमिका प्रभावशाली र वलशाली रहेको देखिन्छ ।

२.९. संविधानसभा के कम्युनिष्ट एजेण्डा हो ?

विश्वमा भएका कुनै कम्युनिष्ट क्रान्ति अघि र पछि कम्युनिष्टहरूले राजीतिक प्रतिस्पर्धाका आधारमा जनताले गरेको फैसला स्वीकार गर्ने कबोल गरी गएको देखिँदैन । बरु आफ्नै बल-बुतामा संविधान बनाएर लागू गर्ने गरिएकोछ । पश्चिमी तथा अन्य प्रजातान्त्रिक वुर्जुवा व्यवस्थाहरूमा नै संविधानसभाद्वारा संविधान बनाईएकाले संविधानसभाको मागलाई कम्युनिष्ट माग हो भन्न कदापि सकिँदैन । नेपालका तत्कालीन गृहमन्त्री कमल थापाले सात राजनीतिक दलहरू माओवादी एजेण्डामा प्रवेश गरे [८५] संविधानसभाको मागलाई स्वीकार गर्ने र सात दल माओवादी समझ्दारीले माओवादी एजेण्डामा पार्टीहरूलाई प्रवेश गराएकै हो त ? यो प्रश्नको उत्तर तत्काल आउन गाह्रो छ । तथापि घटना-क्रमहरूले के देखाउँछ भने माओवादीले पहिले देखिनै उठाउदै आएको नारा हुनाले संविधानसभाको नारा माओवादी एजेण्डा जस्तो देखिएकोछ । आफू सत्तामा हुँदा उक्त नारा स्वीकार गर्ने पक्षमा सात संसदवादी दलभित्र रहेको कांग्रेसका दुवै समूह र एमाले तयार थिएनन् । सत्ता बाहिर

---

[८४] . ऐ. पृ. २२३ ।

[८५] .२०६२ चैत्र १२ गतेको रेडियो नेपाल समाचार ।

आएर माओवादीसँग पटक-पटक वार्ता भएपछि उक्त नारा स्वीकार गर्नुले माओवादी एजेण्डामा प्रवेश गरेको देखिन्छ । तर यस्तो निष्कर्ष निकाल्नु भनेको अध्ययनको गहिराईमा नपुग्ने एकतर्फी एकांकी विश्लेषण मात्र हुन जान्छ । किन भने नेपालको सन्दर्भमा संविधानसभाको नारा माओवादी एजेण्डा भएपनि दार्शनिक तथा सैद्धान्तिक मान्यताका आधारमा यो मार्क्सवादी वा माओवादी एजेण्डा भने होइन । तर त्यो प्रस्ताव अन्य वुर्जुवा लोकतन्त्रवादी शक्तिले उठाउन र अघि सार्न नसकेको अवस्थामा माओवादीले अघि सारेकाले संविधानसभामा प्रवेश गर्ने एजेण्डा माओवादीको बन्न गयो । सैद्धान्तिक तथा वैचारिक परिकल्पनाका आधारमा भन्ने हो भने संविधानसभाको माग वुर्जुवा शक्तिले ल्याउनु पर्ने थियो । सन् १९५० मा संविधानसभाको माग भारतमा भएको दिल्ली सम्झौतामा भारतीय शासक वर्गको इच्छा र भरोसाभित्र नेपाली कांग्रेसले उठाएको थियो । त्यो माग कालजन्य परिस्थिति र नेपाली काँग्रेसको वैचारिक अस्पष्टताका कारण थाँती रहन पुग्यो । नेपाली कांग्रेसले कालान्तरमा गएर त्यो मागलाई गल्लीमै छोडेर हिड्यो । त्यसपछि बेला-मौकामा नेपालका कम्युनिष्टहरूले पनि उठाए । स्वयं शाह वंशीय परम्परागत राज्यका नायक स्व. त्रिभुवनबाट नै वि.सं.२००७ साल फागुन ७ गतेको शाही घोषणामा संविधानसभाको निर्वाचन गर्ने कुरा आएको थियो । यस प्रकार इतिहासको कुनै कालखण्डमा राजा र जनता सवैको साझा एजेण्डा बनेको संविधानसभाको मागलाई माओवादी एजेण्डा भन्ने हो भने राजा त्रिभुवनलाई पनि माओवादी भन्न सक्नु पर्दछ । पछिल्ला दिनहरूमा नेकपा (माओवादी)ले व्यापक रूपमा उठाएकाले र हिंसात्मक द्वन्द्वको निकासको रूपमा यो माग पूरा हुन आवश्यक छ भन्ने तर्क अघि सारेका कारण तथा त्यसमा विस्तारै सहमति बन्दै जाँदा त्यसको श्रेय भने उनीहरूमा गएको छ । तथापि भारतीय शासक वर्गको छहारीमा भारतमा १२ बुँदे समझदारी नभएसम्म यसले सार्थकता पाउन सकेन । जे होस् नेपालमा २८ चैत्र २०६४ मा भएको संविधानसभाको निर्वाचन माओवादी जनयुद्धको प्रयास परिणामको उपज हो भन्दा अत्युक्ति हुने छैन । माओवादी जनयुद्ध, संविधानसभाको निर्वाचन र २०६२/०६३ सालको जनआन्दोलनको उपलब्धी नै नेपालमा सुरु भएको राज्यमा समावेशीकरण हो भन्दा फरक पर्ने छैन र राज्यमा समावेशीकरण थालिएको छ र संविधानसभाको निर्वाचन त्यसको पहिलो प्रयोग भएको छ ।

२.१०.नेपाली राजनीति : संविधानसभा तर्फ

वि.सं.२०६२/०६३ सालको जनआन्दोलनको मूल माग सात संसदीय दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझ्दारीले तय गरेको थियो । १२ बुँदे समझ्दारीको बुँदा नं. ३ मा लेखिएको छ :

देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रकृयागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं । यस प्रकृयाद्वारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न नेकपा (माओवादी) प्रतिवद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्र संघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझ्दारी भएको छ । वार्ता प्रकृयामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं ।[८६]

उल्लेखित बुँदा नै सात दल र माओवादी बीच भएको सहमतिको एजेण्डा जसले संविधानसभाको निर्वाचनभित्र प्रवेश गर्ने बाटो खोलेको थियो । सोही १२ बुँदे समझ्दारीको बुँदा नं.२ मा विघठित संसदको पुर्नःस्थापना जनआन्दोलनको बलमा गर्ने र त्यसलाई सार्वभौम अधिकार सम्पन्न बनाई अन्तरिम सरकार गठन गर्ने कुरा पनि उल्लेख गरियो । त्यही १२ बुँदे समझ्दारीको जगमा भएको जनआन्दोलनले वैशाख ११ को शाही घोषणाले विघठित प्रतिनिधिसभाको पुर्नःस्थापना भयो । २०६३ साल जेठ १२ गते तत्कालीन विद्रोही नेकपा (माओवादी) र सरकारका बीचमा युद्ध विराम भयो । यसै साथ २५ बुँदे आचार संहिता समेत जारी गरी माओवादी औपचारिकरूपमा शान्ति प्रकृयामा प्रवेश गरेको घोषणा गरिएको छ । पुर्नःस्थापित प्रतिनिधिसभाको जेठ ४, २०६३ को घोषणाबाट जनआन्दोलनमा सात राजनीतिक दलको मार्गचित्र र सातदल र नेकपा (माओवादी) बीचको १२ बुँदे समझ्दारी अनुरूप जनताले संविधानसभा मार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुर्नःसंरचना सहित समावेशीताको आधारमा समावेशी राज्य व्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेश पूरा गर्ने संकल्प गरेको थियो । यसका साथै राजामा भएको अधिकार प्रतिनिधिसभाको उक्त घोषणाले खोसी प्रतिनिधिसभालाई सार्वभौम शक्ति सम्पन्न घोषणा गरेपछि संविधानसभाको निर्वाचनको आधार तयार हुने काम भएको थियो ।

वि.सं.२०६३ साल असार २ गते माओवादी तथा सात राजनीतिक दल बीच भएको शिखर वार्ताले संविधानसभाको प्रकृयाको विषयमा टुङ्गो लगाईएको थियो । अन्तरिम संविधान तथा अन्तरिम सरकारको निर्माण, प्रतिनिधिसभा विघठन गरी अन्तरिम व्यवस्थापिका संसदको गठन गर्ने, संविधानसभाको निर्वाचनका मिति तय गर्ने जस्ता कुराहरू समावेश भएको आठ बुँदे सम्झौता भएको थियो ।[८७] यी समझ्दारीले अन्तरिम संविधान निर्माणका लागि आयोग गठन गर्ने र उक्त आयोगले अन्तरिम संविधान तयार पार्ने, २०४७ को संविधान खारेज गर्ने जस्ता कुराको तय गऱ्यो । २०४७

[८६] *कान्तिपुर दैनिक,* मंसिर ६, २०६२ ।

[८७] *कान्तिपुर,* दैनिक, ३ असार, २०६२ ।

सालको संविधानमा संविधानसभाको निर्वाचन गर्ने कतै उल्लेख थिएन । सो संविधानको खारेजी तथा नयाँ अन्तरिम संविधानको तयारीले संवैधानिक रूपमा नै मुलुक संविधानसभा तर्फ प्रवेश गर्ने आधार उल्लेखित ८ बुँदे समझ्दारीबाट बन्न गयो । तर उक्त कुराले मात्र संविधानसभाको ग्यारेण्टी भएको थिएन । सोही वर्षको कार्त्तिक महिनाको २२ गते सरकार तथा माओवादी बीच भएको ६ बुँदे सम्झौता भयो र १२ बुँदे समझ्दारीदेखि त्यस अघि सम्मका सवै समझ्दारी तथा सम्झौताको जगमा ५ मंसिर २०६३ मा सरकार तथा माओवादीका बीचमा बृहत शान्ति सम्झौता भयो । सात संसदवादी दल तथा माओवादी बीच सहमति भएर २०६३ साल माघ १ गते नेपालको संविधान २०४७ लाई खारेज गर्दै अन्तरिम संविधान घोषणा गरियो ।[८८] अन्तरिम संविधान जारी भएपछि सोही वर्षको चैत १ गते माओवादी समेत सम्मिलित अन्तरिम सरकारको गठन भयो । यस भन्दा पहिले जेठ महिनामा संविधानसभाको निर्वाचन हुने भनिए पनि अन्तरिम सरकारको गठनमा भएको ढिलाई तथा तयारीको काम पूरा नभएको भनी निर्वाचन आयोगले सो अवधिमा निर्वाचन गराउन नसकिने भनेपछि सरकारले संविधानसभाको निर्वाचन सार्ने भयो । निर्वाचन सार्ने कुराको व्यापक विरोध हुँदै राजतन्त्रको उन्मुलन तथा पूर्ण समानुपातिक निर्वाचनको माग बढ्न थाल्यो । अन्ततः आठ दलीय सहमतिले २०६४ साल मंसिर ६ गते संविधानसभाको निर्वाचन गर्ने घोषणा गरियो । तर सो कुराप्रति माओवादी पार्टीलाई विश्वास भएन । त्यसै वेला बसेको बालाजु ल्पेनमको निर्णय र तत्कालीन राजनीतिले माओवादीलाई विद्रोह तर्फ नै मोड्ने प्रयास हुन थाल्यो । माओवादी कार्यकर्ताको दवावको कारण माओवादीले तत्कालै संसदबाटै राजतन्त्रको अन्त्यको घोषणा गरिनु पर्ने लगायतका २२ सूत्रीय माग सोही वर्षको भाद्र ३ गते सरकार समक्ष प्रस्तुत गऱ्यो ।[८९]

माओवादीले लगभग १ महिनाको अल्टिमेटम दिएर गणतन्त्र घोषणा, समानुपातिक निर्वाचनको माग गरेपनि सरकारले सो मागमा केही विचार नगरेका कारण आश्विन १ गते टुँडिखेलको खुलामञ्चबाट माओवादीका तर्फबाट सरकारमा सामेल मन्त्रीहरूले राजिनामाको घोषणा गरे । त्यसवेला राष्ट्र प्रमुखको समेत जिम्मेवारी लिएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले नेपाली कांग्रेसको आसन्न महासमितिको बैठकले काँग्रेस एकीकरण तथा गणतन्त्रको सम्बन्धमा निर्णय गर्ने भएकाले सो महासमितिको वैठकसम्म धैर्य गर्न उनले माओवादलिाई आग्रह गरेका कारण माओवादीले तत्काल आन्दोलन भने गरेनन् । तर नेपाली कांग्रेसको एकीकरण गणतन्त्रको घोषणा र समानुपातिक

[८८] *गोरखापत्र*, दैनिक, वर्ष १०६ , अंक २४६, २०६३ साल माघ २ गते मंगलवार ।

[८९] *गोरखापत्र*, दैनिक, ४ भाद्र, २०६४, गोरखापत्र संस्थान ।

निर्वाचनमा जानका लागि अनिर्णित हुन पुगेकाले नेकपा (माओवादी)ले व्यवस्थापिका संसदको विशेष अधिवेशन बोलाउनका लागि आश्विन ११ गते प्रस्ताव दर्ता गऱ्यो । सो प्रसतावमा माओवादीका ८४ जना सांसद, नेकपा (एकीकृत)का २ तथा मालेमाका १ सभासदले हस्ताक्षर गरेका थिए ।[९०] सो समावेदन दर्ता गरिएपछि नेपाली राजनीतिमा गतिरोध जस्तै देखिएको वार्ता प्रकृयामा खुकुलोपन आयो र ६ संसदवादी दल तथा माओवादी बीच गम्भीर वार्ता सुरु भयो । माओवादीले दर्ता गराएको माथि उल्लेखित प्रस्तावमा सहमति जुटाउन भन्दै एमालेले संशोधनको एकल प्रस्ताव दर्ता गऱ्यो । सो संशोधन प्रस्तावमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्न आवश्यक प्रकृया तत्काल थाल्न संसदले सरकारलाई निर्देशन दिने र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जान कानुनी प्रकृया पूरा गराउन माग गरिएको थियो । तर राष्ट्रिय जनमोर्चा तथा नेपाल मजदुर किसान पार्टीले समानुपातिक निर्वाचन प्रणालीको विरोध गर्दै संशोधन प्रस्ताव दर्ता गराएका थिए । समानुपातिक निर्वाचन प्रणाली र गणतन्त्रको घोषणा सम्बन्धि प्रस्तावलाई अल्पमतमा पर्न नदिनका लागि प्रमुख वामपंथी दलहरू, माओवादी, एमाले तथा जनमोर्चाका बीचमा त्यसवेला सहमति पनि बन्यो । अन्ततः एमाले तथा माओवादीका बीचमा एकले अर्काको प्रस्ताव स्वीकार गर्ने सहमति बनेपछि कार्त्तिक १८ गते बसेको संसदको विशेष अधिवेशनले नेपाललाई संघीय गणतन्त्र घोषणा गर्ने र समानुपातिक निर्वाचन प्रणालीमा जाने प्रस्ताव पारित गरेको थियो । तर दलहरू बीचको सहमतिले अझै प्रष्ट आकार लिन सकेको थिएन । निर्वाचनको मिति घोषणा गर्न व्यापक जन दवाव परिरहेको थियो । वास्तवमा समानुपातिक निर्वाचन प्रणालीको विषयमा प्रष्ट नभएर पनि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जान कांग्रेस सहमत भइरहेको थिएन । अन्ततः उल्लेखित राजनीतिक उतार चढावका बीचमा पनि दलहरू पौष ८ गतेका दिन २२ बुँदे सहमतिको स्थानमा आइपुगे २८ चैत २०६४ (१० अप्रिल २००८) का दिन संविधानसभाको निर्वाचन गर्ने, तत्काल मुलुकलाई लोकतान्त्रिक गणतन्त्र घोषणा गरेपनि त्यसको कार्यान्वयन संविधानसभाको पहिलो वैठकले गर्ने, संविधानसभाको निर्वाचनमा प्रत्यक्ष निर्वाचन तर्फको सिट संख्या नबढाई २४० लाई नै कायम राखी समानुपातिक तर्फको संख्या बढाउने र संविधानसभा ६०१ सदस्यीय बनाउने कुरामा सवै राजी भए । यही निर्णय अनुसार संविधान संशोधन गरियो र माओवादीले सरकारमा पुनः प्रवेश गऱ्यो र संविधानसभाको निर्वाचनको प्रकृया अघि

[९०] *कान्तिपुर*, दैनिक, १२ आश्विन, २०६४ ।

बढाइयो ।[९१] २०६४ साल चैत २८ गते संविधानसभाको निर्वाचन त्यही २३ बुँदे समझ्दारीका आधारमा भयो र संविधानसभाको निर्वाचन सम्म यही २३ बुँदे सहमतिले काम गरेको थियो ।

निष्कर्ष

यस अध्ययनमा यी तमाम् घटनाहरूले के देखाउँछ भने संविधानसभाको निर्वाचनको माग वैचारिक तथा दार्शनिक आधारमा कम्युनिष्ट माग होइन । कम्युनिष्टहरू निर्वाचनको पूँजीवादी शैलीलाई अपनाउने दर्शन र विचारबाट प्रभावित होइनन् । नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचनको प्रस्ताव वि.सं. २००७ साल अर्थात सन् १९५० को राणा विरोधी आन्दोलनको अन्त्य गर्ने सवालमा गरिएको थियो । भारतमा भएको दिल्ली सम्झौताको एक महत्वपूर्ण बुँदा संविधानसभाको निर्वाचन गराईने भन्ने थियो । राणा विरोधी आन्दोलनको एकमात्र निर्णायक शक्ति नेपाली काँग्रेसले संविधानसभाको निर्वाचनबाट निर्मित संविधानले नेपालको शासन सञ्चालन गर्ने परिकल्पना गरेको थियो । नेपाली काँग्रेसले वि.सं.२०१५ सालमा उक्त माग छोडेपछि नेपाली कम्युनिष्टहरु मध्ये लामो समयसम्म संविधानसभाको माग मोहनविक्रम सिंहले उठाईरहेका थिए । नेकपा (माले)ले २०४६ सालमा आफ्नो चौथो महाधिवेशनको समयमा संविधानसभाको निर्वाचन गराएर संविधान बनाउने कुरा उठाएको थियो । तर संसदीय राजनीतिमा प्रवेश गरेपछि नेकपा (एमाले)ले उक्त मागलाई भुल्न पुग्यो । २०४० को दशकदेखि विभाजित हुँदै आएको तत्कालीन नेकपा (चौथो महाधिवेशन) समूह मोहन विक्रम सिंह, निर्मल लामा तथा मोहन वैद्य समूह गरी तीन चिरामा विभाजित भएपछि संविधानसभाको मागलाई मोहन विक्रमले उठाईरहेका थिए । तर २०५२ सालमा माओवादी निकट मानिएको तत्कालीन संयुक्त जनमोर्चाले राज्य सामु प्रस्तुत गरेको ४० सूत्रीय मागमा एउटा वुँदा संविधानसभाको निर्वाचनको माग गरिएको र जनयुद्धको थालनी पछि पछिल्लो समयमा माओवादीले राजनीतिको निकासको रूपमा संविधानसभाको मागलाई प्रस्तुत गरेपछि मोहन विक्रम सिंह संविधानसभाको विरुद्धमा देखा पर्न गए भने माओवादीले त्यही मागलाई जोडदाररूपमा उठाउन पुग्यो । माओवादीले संविधानसभाको निर्वाचनको माग गर्न थालेपछि त्यसको सवै राजनीतिक दलहरूले सुरुका दिनमा विरोध गर्न थाले । कांग्रेसको नेतृत्वको देउवा सरकार, राजा ज्ञानेन्द्रले गठन गरेको लोकेन्द्रबहादुर चन्द तथा सूर्यबहादुर थापाको सरकारसँग माओवादी वार्ता नमिल्नुको कारण पनि संविधानसभाको निर्वाचनवारे थियो । अन्तिममा संसदवादी सात राजनीतिक दल र माओवादीका

[९१] B.C.Upreti (2010), *Nepal, transition to democratic republican state*, Delhi : Kalpaz Publication, p.61.

बीचमा समझ्दारी स्थापना हुनुको प्रमुख कारण संविधानसभाको निर्वाचन गर्ने कुरालाई सात दलीय गठवन्धनले स्वीकार गरेकाले पनि हो । त्यस कारण पछिल्लो दिनमा संविधानसभाको माग केवल माओवादी माग मात्र बन्न गयो । त्यसलाई अरु दलहरूले स्वीकार गरेपछि साझा माग बनेको भएपनि नेपाली राजनीतिमा संविधानसभाको निर्वाचनमा नेपाल प्रवेश गर्नुमा माओवादीको प्रमुख भूमिका रहेको तथ्य प्रष्ट हुन आउँछ । नेपाली राजनीतिको सन्दर्भमा संविधानसभाको निर्वाचन कम्युनिष्ट राजनीतिको उपज देखिन्छ । नेपालमा संविधानसभाको उठान र प्रसंग लामो समयसम्म चले तापनि धेरै समयपछि २०६४ चैत्र २८ गते (१० अप्रिल २००८) मा निर्वाचन गर्ने घोषणा भई संविधानसभाको निर्वाचन सम्पन्न भयो ।

अध्याय : ३

विश्वका केही देशहरूका संविधानसभासँग नेपालको संविधानसभाको तुलनात्मक अध्ययन

संविधानसभा के हो र यसको संरचनामा समावेशीकरण कस्तो हुन्छ ? भन्ने जस्ता कुराको विषयमा हामीले अघिल्लै अध्यायमा चर्चा गरिसकेका छौं । नेपालको सन्दर्भमा संविधानसभाको माग र यसको औचित्यताको विषयमा पनि सोही अध्यायमा चर्चा भई सकेकोछ । यस अध्यायमा केही देशका संविधानसभा र शासन प्रणालीका विषयमा चर्चा गरिएकोछ । कुन देशमा कस्तो संविधान निर्माण गर्ने भन्ने कुरा त्यहाँको स्थापित राजनीतिक प्रणालीले निर्देशित गर्दछ । त्यसरी निर्देशित भएर संविधानसभाको गठन गरिएको हुन्छ र त्यही अनुसार संविधानको निर्माण पनि भएको पाईन्छ । विश्वमा धेरै प्रकारका राजनीतिक व्यवस्थाहरू छन् । कुनै एक देशको राजनीतिक व्यवस्था अर्को देशसँग हु-वहु मिलेको कतै पाँईदैन । राजनीतिलाई त्यहाँको भू-वनावट तथा अन्य कुराहरूले पनि प्रभाव पारेको हुन्छ । राजनीतिक व्यवस्थाले त्यस देशको नियम, कानुन तथा संविधान प्रभावित भएको हुन्छ । तथापि विद्वानहरूले आस्था र विचारका आधारमा विश्वमा निम्नानुसार राजनीतिक प्रणाली भएको उल्लेख गरेका छन् ।

३.१. राजनीतिक व्यवस्थाहरू

(क) नरम प्रजातान्त्रिक व्यवस्था

यस्तो राजनीतिक व्यवस्था भएका देशहरू संसारमा ७४ वटा भएको पाइन्छ । यस्तो विचारको व्यवस्था भएका प्रणालीहरू मूलतः दुई विचारबाट उत्पादित हुन्छ । जसमा (१) नरम प्रजातान्त्रिक व्यवस्थामा जनप्रतिनिधि मूलक सरकारलाई अधिकार दिईएको हुन्छ । (२) व्यक्तिगत स्वतन्त्रताको अधिकार रक्षित प्रजातन्त्र हुन्छ । भारत, सिंगापुर, मलेशिया, जापान, आदि एशियाका देशहरू यस्तो प्रजातन्त्र भएका देशका रूपमा गनिएका छन् ।[१] उदारवादी नरम प्रजातान्त्रिक राजनीतिक प्रणालीको विश्लेषण गर्दा समाज वा समुदाय साथै राज्यलाई अलग-अलग स्थानमा राखी

[१] J. Denis Derbyshire & Ian, Derbyshire (1999), *Political system of the world, vol.1*, London : Helicon Publishing Ltd. 42 Hythe Bridge Street Oxford, p. 28.

हेरिएको हुन्छ । समाज समावेशी र बहुलवादी (Plurastistic) हुन सक्छ तर राज्यका काम कारवाहीहरू जनतासँग सिमित गरिएका हुन्छन् भनिएको पाईन्छ ।[२]

(ख) उदाउँदो प्रजातन्त्र

उदाउँदो प्रजातन्त्र भनेको यस्तो प्रणाली हो जसमा राजनीतिक व्यवस्थामा स्थायीत्व आएको हुँदैन । उक्त स्थायीत्वको सवाल बाहेक अन्य सबै कुरा नरम प्रजातन्त्रका गुणहरू यस प्रकारको प्रजातन्त्रमा समावेश भएका हुन्छन् र वेला-मौकामा अप्रजातान्त्रिक हस्तक्षेपको शिकार यस परिपाटीमा देखिने गर्दछ । नेपाल, पाकिस्तान, मंगोलिया, कम्बोडिया, इण्डोनेशिया, दक्षिण कोरिया, किर्जिस्तान, थाइलेण्ड आदि एशिया महादेश भित्रका र अन्य धेरै देशहरू (संसारका ७१ देशहरू) यो प्रकारको प्रजातन्त्र भएका देशहरूका सूचिमा पर्दछन् ।[३]

(ग) साम्यवाद

सन् १९९० भन्दा पहिले संसारका धेरै देशमा साम्यवादी शासन व्यवस्था थियो । पूर्वी युरोपको साम्यवादी राज्यसत्ता र सोभियत संघको पतनपछि साम्यवादी देशहरूको संख्या निकै घटेर गयो । अहिले विश्वमा केवल चीन, उत्तर कोरिया, भियतनाम, लाओस र क्युवामा मात्र साम्यवादी राजनीतिक सत्ताले राज्य सञ्चालन गरेको पाईन्छ । कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा प्रतिपादित तथा लेनिनद्वारा व्यवहारतः पहिलो पटक प्रयोगमा ल्याईएको राजनीतिक प्रणाली जसमा निजी सम्पत्ति तथा समाजमा वर्ग अस्तित्वको उन्मूलन गर्ने परिकल्पनाको लक्ष्य राख्ने व्यवस्थालाई साम्यवादी राजनीतिक प्रणाली भनिन्छ । अर्थात अर्को शब्दमा भन्ने हो भने मार्क्सवादी-लेनिनवादी विचार तथा दर्शनबाट निर्देशित राजनीतिक व्यवस्था नै साम्यवादी व्यवस्था हो ।[४]

(घ) राष्ट्रवादी समाजवाद

विशेषताका हिसावले धेरै कुरा साम्यवादसँग मिल्दोजुल्दो देखिने यो व्यवस्था ठ्याक्कै साम्यवादी व्यवस्था भने होईन । यस्तो व्यवस्था साम्यवादी देशहरूमा जस्तो कम्युनिष्ट पार्टीको मात्र बाहुल्यता नरहेर अरु पार्टीहरू पनि हुन सक्छन् । अति कम विकसित तथा भरखरै स्वतन्त्रता प्राप्त

---

२. George H. Sabine & Thomas L.Thorsen (1973), *A history of political theory*, New Delhi : Oxford & IBM publishing Co.Pvt.Ltd., p. 678.

३. Derbyshire & Derbyshire, *op.cit* No.1, p. 34.

४. *Ibid*, p. 37.

गरेका देशहरूले प्रायजसो यस्तो प्रकारको राजनीतिक प्रणाली अवलम्वन गरेको पाईन्छ । यस्ता प्रणाली अन्तरगत उद्योग तथा व्यापारमा निजी लगानी पनि प्रवर्द्धन गरिएको हुन्छ र केही राज्यको जवाफदेहीता र लगानी पनि हुने गर्दछ । यस्ता प्रणालीहरूले मुलुकको आर्थिक रूपान्तरणमा आमुल परिवर्तनको कल्पना पनि गरेको हुन्छ तर कम्युनिष्ट प्रणालीको जस्तो निजी सम्पत्ति उन्मुलनको अवधारणा भने राखिएको हुँदैन । यस्ता प्रणाली भएको संसारमा ८ वटा देशहरू रहेको पाईन्छ । जसमा एशियाका इराक, सिरिया, लिविया, ट्युनिसिया आदि तथा अफ्रिकी देशहरूमा जिम्वावे, सिनेगल, इरिट्रिया आदि रहेको छ ।[५]

(ङ) प्राधिकारिक राष्ट्रवाद

आफ्नो देशको मूल राष्ट्रियता बाहेक अन्य राष्ट्रियतालाई स्वीकार गर्न नसक्ने राष्ट्रवादी चिन्तन बोकेको राजनीतिक प्रणालीलाई अधिनायक राष्ट्रवादी भनेर नामाकरण गरिएको पाईन्छ । नाजी जर्मनीलाई यसको उदाहरण दिने गरिएको छ । वर्तमान विश्वमा काजकिस्तान, मालदिप्स, उज्वेकिस्तान आदि देशहरू लगायत विश्वमा १२ देशहरू यस्तो व्यवस्था अपनाउने देशहरू भएको पाईन्छ ।[६]

(च) मुस्लिम राष्ट्रवाद

संसारका दुई देशहरू इस्लाम धर्मका आधारमा राष्ट्रवादी शासन चलाईरहेका छन् । इस्लाम धर्ममा आधारित भई त्यही धर्मको वाहुल्यताको जगमा अपनाईएको राजनीतिक पद्धतिलाई इस्लाम राष्ट्रवाद भनिएको छ । यस्ता देशहरूमा इरान र अफगानिस्तानलाई लिईएको छ ।[७]

(छ) अधिनायकवाद

Thomas Hobbes (1588-1679) द्वारा लिखित The Leviathan बाट नक्कल गरिएको एक प्रकारको विचार पद्धतिलाई अधिनायकवाद भन्ने गरिएको छ । राजालाई दैवी अधिकारको सिद्धान्तका आधारमा परिभाषित गरी त्यही आधारमा राजनीतिक स्थायित्व देखाउने पद्धतिलाई अधिनायकवादी राजनीतिक व्यवस्था भनिएको छ । यस्ता देशहरूमा भुटान ब्रुनाई आदि देशहरूलाई लिने गरिएको छ

---

५. *Ibid*, p. 38.

६. *Ibid*, p. 39.

७. *Ibid*, p. 41.

र यस्ता देशहरू संसारमा १२ वटा छन् ।[८] माथि उल्लेखित राजनीतिक व्यवस्थाको परिभाषासँगै विसौं शताब्दीमा राजनीतिक विचारकको उदय भएको भनी कतिपय विद्वनहरुले उल्लेख गरेका छन् । ती विचारहरुमा उदारवाद, समाजवाद, अराजकतावाद, मार्क्सवाद, सामाजिक जनवाद, अनुदारवाद, राष्ट्रवाद, फाँसीवाद र क्रिश्चियन प्रजातन्त्र थिए भनी उल्लेख गरिएको छ ।[९] उल्लेखित राजनीतिक प्रणाली जे भए पनि नेपालमा पटक-पटक र फरक-फरक राजनीतिक व्यवस्था लागू भएको पाईन्छ ।

३.२.संविधान र संविधानसभा

माथि उल्लेखित राजनीतिक व्यवस्था अन्तरगत नै प्रत्येक देशहरूमा संविधान निर्माण फरक-फरक ढंगले भएका छन् । संविधान निर्माणका लागि यदि संविधानसभाको गठन गरिएकोछ भने ती संविधानसभाहरू पनि फरक-फरक ढंगले र फरक-फरक परिवेशमा गठन गरिएका छन् । विश्वका संविधानसभाको गठन कतै पनि एकै प्रकारले र एउटै परिवेशमा भएको छैन । मूलतः कस्तो संविधान बनाउने भन्ने निश्चित वैचारिक धरातलको आधारमा संविधानसभाको गठन भएको छ । उदाहरणका लागि साम्यवादी देश र पूँजीवादी देशहरूको संविधानसभाको गठन अलग-अलग परिवेशमा भएको देखिन्छ । तर दुवैको उद्देश्य संविधान बनाउन नै रहेको हुन्छ ।

विद्वानहरूले विश्वमा संविधान दुई प्रकार रहेको उल्लेख गरेका छन् (१) लिखित संविधान र (२) अलिखित संविधान । त्यस्तै अर्को तरिकाले नरम र कठोर प्रकृतिको संविधान पनि उल्लेख गर्ने गरिएको छ । संसदीय परिपाटीको अभ्यास हुँदै आएका कानुनी कुराहरू, सभा सम्मेलनले तय गरेका नियमहरू नै वेलायतको संविधान हो र वेलायतमा लिखित संविधान छैन ।[१०] भुटानमा राजाको असिमित अधिकार छ र उनलाई नियन्त्रण गर्ने कुनै कानुन छैन । शाही परामर्श परिषदले राष्ट्रियसभाको निर्वाचनका लागि केही लिखित नियमहरू मात्र बनाउने गरेकोछ, वास्तविक लिखित संविधान छैन ।[११] अन्य थुप्रै देशहरूमा लिखित संविधान रहेको छ । उदाहरणका लागि स्वीजरलैण्डको संविधानलाई लिखित र विस्तृत (Lengthy) मानिएको छ । स्वीजरलेण्डको संविधान निर्माण हुँदा

---

८. *Ibid*, p. 42.

९ Samuel P. Huntington (1996), *The clash of civilizations and the remarking of world order*, New York : Simon & Schuster Rockfeller Center, pp. 53-54.

१० V.D. Mahajan (1998), *Select modern governments*, New Delli: S.Chanda & Company Ltd., p.1.

११ Samuel P. Huntington (2006), *Political order in changing society*, forwarded by Francis Fukuyama, New Delhi: Adarsh Books, p.13.

जनमत संग्रहको संवैधानिक प्रकृयाबाट निर्माण भई गणतन्त्रात्मक र संघीय संविधान तयार भएको पाईन्छ ।[१२] यो संविधानलाई १९औं शताब्दीको नरम दर्शनका रूपमा लिईएको छ ।[१३] जवकी जापानको संविधानलाई कठोर मानिएको छ ।[१४]

नेपालमा संविधानसभाको मागको पछिल्लो दिनको प्रस्तोता तत्कालीन विद्रोही शक्ति नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले आफू भएको दावी गर्दै आएको छ । यसलाई क्रान्तिको एउटा चरणको रूपमा उसले परिभाषित गर्ने गरेको छ । तर वास्तवमा संविधानसभाको प्रस्तुतिले कम्युनिष्ट एजेण्डालाई कतै पनि बोकेको देखिँदैन र नेपालको सन्दर्भमा यसले कम्युनिष्ट सत्ता र संविधान निर्माण तर्फ लैजाने प्रयत्न गरेको पनि देखिँदैन । नेपालमा भएका अहिलेसम्मका राजनीतिक परिवर्तनहरू मध्यम वर्गको एजेण्डा भन्दा बाहिर जान सकेको छैन । औद्योगिक सर्वहारा र मुर्ख घुमन्ते सर्वहारा दुवै सरकार विरोधी हुन सक्छन् तर क्रान्तिको अन्तसम्म दुवैसँग हुँदैनन् । पहिलोले यथास्थितिवादको विरोधमा ठूलो प्रहार गर्छ र दोस्रोले तत्कालको परिवर्तन मात्र खोज्छ र समाज आधुनिकीकरणमा मध्यम वर्गको भूमिका महत्वपूर्ण हुन्छ भन्ने विद्वानहरूको भनाईलाई[१५] हेर्दा नेपाली राजनीतिमा त्यसले मेल खाएको देखिन्छ । वास्तवमा मार्क्सवाद वा साम्यवादको पनि एउटै प्रयोग र दर्शन व्यवहारमा वन्न सकेको छैन । मार्क्सवाद एउटा सामाजिक विकासको सिद्धान्तको रूपमा आएको दर्शन हो । तर घटनाहरूले मार्क्सले परिकल्पना गरेको विचारलाई गलत सावित पनि गरिदिएको छ । मार्क्सवाद आफैं कहिल्यै व्यवहारमा आएन । जव लेनिनवाद आयो यसले राजनीतिक कार्यको क्षेत्रमा सही सावित गरेर देखायो । मार्क्सवादले गैह्र औद्योगिक क्षेत्रमा वा पिछडिएको क्षेत्रमा शक्ति हात पार्ने कुरा स्वीकार गरेको पाँईदैन तर लेनिनवादले रुस र चीनमा क्रान्ति गरेर त्यसको व्यवहारतः प्रयोग गर्दा पूँजिवाद वा औद्योगिक विकास नभएको ठाउँमा पनि साम्यवादी सत्ता हात लिन सकिन्छ भन्ने प्रमाणित गरिदिएको छ र लेनिनले कामदार र वौद्धिक वर्गको संयुक्त प्रयासबाट शक्ति निर्माण गरेका थिए भने माओले किसान र वौद्धिक वर्गको संयुक्त प्रयासबाट सत्ता हात लिएका थिए ।[१६] नेपालमा त्यसको नक्कल गर्न प्रयास पनि नभएको होइन । तर नेपालको आफ्नै भू-बनावटका कारणले प्रभावित बनेको राजनीति

[१२] Bhagwan, Vishnoo, Vidya & Bhushan (2011), *World constitution: A comparative study*, New Delhi: starling Publishers, Pvt.Ltd. p.266.

[१३] *Ibid*, p.267.

[१४] *Ibid*, p.400.

[१५] Huntington, *op.cit* No.11, p.289.

[१६] *Ibid*, pp.339-338.

अरुबाट साभार हुन सकेको पाँईदैन । यसरी राजनीतिक प्रणालीहरूको स्थापित परिभाषाका आधारमा संसारमा संविधानसभाको गठन वा निर्माण र त्यसका माध्यमबाट संविधानहरू जारी भएका छन् । नेपाल पनि आफ्नै भू-धरातलीय राजनीतिको आधारमा संविधानसभाको गठन भएको हो । कुनै उपनिवेशबाट मुक्त हुनका लागि नयाँ संविधान जारी गर्ने प्रकृयामा नभएर आन्तरिक द्वन्द्वको निरूपणका लागि नेपालमा संविधानसभाको गठन भएकाले यसको स्वरूप र चरित्रलाई अन्य मुलुकको संविधानसभासँग तुलना गर्न सकिन्न ।

संसारमा अनेक प्रकारका शासन व्यवस्थाहरू पाईन्छन् । जे जस्ता शासन व्यवस्था भएका मुलुकहरू भए पनि तिनीहरूमा कुनै न कुनै रूपको विधिको संग्रह निर्माण गरिएको हुन्छ । त्यही विधिको संग्रहको मूल दस्तावेजलाई संविधान भनिन्छ र सो संविधान निर्माणका लागि जन-अनुमोदित संस्था संविधानसभा हो । संविधानसभाको परिभाषाका विषयमा अघिल्लो अध्यायमा वर्णन गरिएको छ । यस अध्यायमा विश्वका केही देशहरूको संविधानसभाको गठनको परिवेश र अनुभव समेट्ने प्रयास गरिएकोछ ।

३.२.१. विश्वका केही देशहरूको संविधानसभाहरू

विश्वमा जे जति संविधानसभाहरू भएका छन् तिनिहरूको पृष्ठभूमि अलग-अलग रूपमा स्थापित भएर आएको देखिन्छ । तसर्थ विश्वका केही देशहरूको संविधानसभाको वारेमा क्रमशः प्रस्तुत गरिएकोछ ।

३.२.१.१.अमेरिकी संविधानसभा

अमेरिकी नयाँ महादेश पत्ता लागिसकेपछि युरोपका विभिन्न शक्तिहरू जस्तै स्पेन, इङ्गलैण्ड, फ्रान्स, निदरलैण्ड तथा स्वीडेन आदि देशहरू आफ्नो उपनिवेश विस्तार गर्न लागेका थिए । स्पेनले ल्फोरिडामा आफ्नो उपनिवेश स्थापना गरेको थियो । फ्रान्स उत्तरी अमेरिका (क्यानडा तथा लुसियाना)मा आफ्नो उपनिवेश स्थापना गर्न अग्रसर भयो । समुद्री किनारसँग जोडिएका १३ अमेरिकी राज्यहरूमा ब्रिटिस उपनिवेशले जरा गाड्ने मौका पायो । ब्रिटिस उपनिवेश बनाउन वेलायतको राजमुकुटले खेलेको भूमिका निकै प्रभावकारी थियो । भर्जिनियाको जेम्स टाउन सन् १६०७ मा कायम भएको ब्रिटिसहरूको पहिलो उपनिवेश थियो । ब्रिटिस उपनिवेश विस्तारमा व्यापारिक महत्वाकाँक्षा तथा धार्मिक प्रचारले प्रमुखता पाएको थियो । भर्जिनिया व्यापारिक कम्पनीको स्थापनासँगै पिलग्रिम फादर्श (Pilgrim Fathers)को विस्तारले पनि उपनिवेश कायम गर्न जिम्मेवारी निर्वाह गर्न पुग्यो । त्यहींबाट

क्रमश अमेरिका ब्रिटिस उपनिवेशको अधिनमा आयो ।[१७] फिलग्रिम फादर्सको अमेरिका आगमन पछि अमेरिकामा उपनिवेशको विस्तार हुन थालेपछि "नयाँ इङ्गलैण्ड युग"को थालनी भयो । त्यसवेला फ्रान्स र वेलायतको प्रतिद्वन्दिता पनि भएकाले उत्तरतिरबाट फ्रान्सको सम्भावित आक्रमण र अमेरिकी आदिवासी रेड इण्डियनहरूको पश्चिमतिरबाट हुने विद्रोह तथा आक्रमणबाट बचाउन वेलायतले ब्रिटिस जनसंख्याको उल्लेख्य वृद्धि गर्ने रणनीति पनि तय गर्न पुग्यो । जसको परिणाम स्वरूप अठाह्रौ शताब्दीको मध्यतिर पुग्दा त्यहाँको जनसंख्या धेरै बृद्धि One and half million हुन गयो ।[१८]

ब्रिटेनका राजा जर्ज तृतीयले आफ्नो शासनकालमा अेमेरिकामा व्यापार विस्तार, सुदृढिकरण र सुरक्षाका लागि सेना परिचालन गर्न Mercantilist Regulations दवाव दिँदै अमेरिकामा सेना पठाए पछि ब्रिटिस एजेण्टहरू त्यहाँ हुने व्यापारको तस्करी नियन्त्रण र शंङ्का लागेका निजी निवासमा खानतलासी लिनका लागि आधिकारिक बनाईए । पश्चिम क्षेत्रका व्यापारीहरू, साना किसानहरू तथा अन्य केही अमेरिकीहरू यो कदमसँग सन्तुष्ट हुन सकेनन् । सस्तोमा सामान पाउने कुरामा महँगाई वढेकोमा उनीहरू आक्रोशित बनेका थिए । मोलाससमा व्यापारीहरू तस्करी व्यापार गरेर सर्व साधारणलाई सस्तोमा सामान दिई रहेकोमा ब्रिटिस सरकारले सन् १७६४ मा Sugar Act जारी गऱ्यो । यो कानुन लागू गर्न उपनिवेश राज्यमा ब्रिटिस फौज तैनाथ गरिएको थियो । यत्तिले मात्र नपुगेर अमेरिकामा हुने सवै कारोवारलाई वैधानिक बनाउन र सरकारको नियन्त्रणमा राख्ने उद्देश्यले तथा कर प्रणालीलाई व्यवस्थित गर्न सन् १७६५ मा प्रधानमन्त्री George Grenville ले Stamp Act ल्याए । ब्रिटिस सरकारको यो कदमले उसको अधिनमा रहेका नौ वटा उपनिवेशका जनतामा ब्रिटिस प्रतिको आक्रोश चुलिएर जान थाल्यो ।[१९] ग्रेनभिल पछि पिट Pitt ब्रिटेनका प्रधानमन्त्री बने । यसका Chancellor of Exchequer, Charls Townshend ले उपनिवेशमा आयात गर्ने सिसा, रंग रोगन, कागज तथा चियामा केही कर लगाउने प्रस्ताव गरे । ठीक यसैवेला सन् १७६५ को Mutiny Act जारी नगर्न न्युयोर्क सभालाई निलम्बन गरे । यसले गर्दा बोस्टन्, फिलाडेल्फीया र न्यु योर्कका व्यापारीहरूले ब्रिटिस सामानहरू भण्डारण नगर्ने विद्रोहको सुरुवात गरे । उनीहरूले स्टाम्प एक्टलाई खारेज गर्न माग गरे । अमेरिकामा बनेका घरेलु सामानहरूको प्रयोगको आवाज त्यहाँका जनताले

[१७] B.V.Rao (91984), *World history*, New Delhi: sterling Publishers, p.235.

[१८] *Ibid*, p.236.

[१९] Harry J. Carman, Harold C. Syrett & Benard W. Wishy (1960), *History of the American people to 1877* vol. 1, New York: Alfred A. Knof, p.1704.

उठाउन थालेकै समयमा टाउनसेण्डको मृत्यु भयो र लर्ड नर्थले चियामा लगाइने बाहेकको टाउनसेण्डले लगाएका सबै करहरू खारेज गरिने घोषणा गरे । बोस्टनका विद्रोही नेता स्यामुल एडम्सको नेतृत्वमा ब्रिटिस विरोधी आन्दोलन चल्यो र त्यो आन्दोलनलाई दवाउन वेलायती सरकारले गोली प्रहार गर्दा "बोस्टन हत्याकाण्ड" भयो ।[२०]

चियामा लगाइएको कर अमेरिकामा ब्रिटिसले आफ्नो शासकीय उपस्थिति जनाउनका लागि लगाएको थियो र सो हटाउँदा उसको उपस्थिति समाप्त भएको देखिने भएकाले उसले चियामा लगाएको कर हटाउन चाहेको थिएन । अमेरिकी जनताले अमेरिकी जनताको प्रतिनिधि नभै कर लगाउन नपाइने र भारतीय भूमिमा विक्री नभएर उम्रिएको चिया अमेरिकी जनताको बीचमा विक्रि गर्न यस्तो नीति अंग्रेज सरकारले ल्याएको भनेर अंग्रेज सरकारको विपक्षमा उभिए । East India company बाट चिया ल्याएका जहाजहरूमा बोस्टनका जनता आफैं चढेर डिसेम्बर १६, १७७३ का दिन चिया समुद्रमा फ्याँकिदिए । यो आनदोलनलाई "बोस्टन टी पार्टी" भनिन्छ । यो आन्दोलनको समाचार तिव्र गतिमा सारा अमेरिका भरी फैलियो । यसपछि अमेरिकामा अमेरिकी जनता र ब्रिटिस सरकारको बीच दमन र प्रतिरोधको आन्दोलनले विकास गऱ्यो ।[२१] भर्जिनियाको औपनिवेशिक सभाले ब्रिटिस सरकारका कदमहरूको विरोध गर्दै एक महादेशीय अधिवेशनको लागि आह्वान गऱ्यो । फलस्वरूप सेप्टेम्बर १७७४ मा फिलाडेल्फियामा जर्जिया बाहेकका सबै उपनिवेश राज्यहरूका प्रतिनिधिहरू भेला भएर अधिवेशन हुन गयो । यो अधिवेशनमा जर्ज वासिङटन, जोन, स्यामुल एडम्स, तथा जोन जेय जस्ता नेताहरूले संयुक्त राज्य अमेरिकाको इतिहास रचनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न पुगे । यही पहिलो सभाबाट युद्धको वातावरण बन्न थाल्यो । मेसाचुसेट्सका जनताले हतियार संकलन गर्न थाले । ब्रिटिस जनरल थोमस गेजले बोस्टनतिर जनतासँग भएका हतियारहरू खोस्न सेना पठाए । जव सेना Lixington पुग्यो त्यसले त्यहाँ गरेको व्यवहारले सशस्त्र युद्ध सृजना भयो ।[२२] अमेरिकी महादेशीय सभाका प्रतिनिधिहरूले युद्धको समर्थन गरे । जनवरी १७७६ मा थोमस पेनले Common Sense नामको पर्चा निकालेर सबै उपनिवेशहरूलाई भ्रष्ट ब्रिटिस राजतन्त्रबाट स्वतन्त्र हुन वकालत गरेका थिए । दोस्रो महादेशीय सभाले अमेरिका स्वतन्त्र हुने घोषणा गऱ्यो र ४

---

[२०] *Ibid*, p.1.

[२१] Jagadish, P. Sharma (1993), *World history*, Delhi: Low Price Publication, p.75.

[२२] Rao, *op.cit*, No.17, p.240.

जुलाई १७७६ का दिनलाई अमेरिकी स्तन्त्रताको घोषणा गरिएको थियो ।[२३] दोस्रो महादेशीय सभाले जनरल वासिङटनलाई महादेशीय सेनाको कमाण्डर नियुक्त गरिएको थियो । अमेरिकी स्वतन्त्रताका लागि लड्नेहरूलाई फ्रान्सेलीहरूले पनि सहयोग गरेका थिए । ब्रिटिस सेना र अमेरिकी स्तन्त्रताका सेनाहरूको बीचमा भयंकर ठूलो युद्ध हुन थाल्यो । त्यो युद्ध निरन्तर सन् १७८३ सम्म जारी रह्यो । वासिङटनले नेतृत्व गरेको उपनिवेशहरूको सेनाले सानदार विजय प्राप्त गरेको थियो । त्यही वर्ष ब्रिटिसले १३ उपनिवेशहरू स्वतन्त्र रहेको पेरिसमा एक सन्धिमा हस्ताक्षर गऱ्यो । यो नै अमेरिकी स्वतन्त्रता संग्रामको एक महत्वपूर्ण परिणाम थियो ।[२४]

अमेरिकी विज्ञ व्राइसले ब्रिटिस उपनिवेशबाट विद्रोह गरी मुक्त भएपछि अमेरिकामा सन् १७८७ मा फिलाडेल्फियामा भेला भएका प्रतिनिधिहरूले संविधानको मस्यौदा तयार पारेका थिए र तिनीहरूको त्यो भेला संघीय संवैधानिक सभा (Federal constitutional convention) मा जन प्रतिनिधिका रूपमा रूपान्तरित भएपछि केवल पाँच राज्यका प्रतिनिधिहरूको मात्र प्रयत्न सुरुका दिनमा भए पनि सन् १७८७ को फिलाडेल्फियाको रोडे आइलेण्ड बाहेकका सवै राज्यका ५५ प्रतिनिधिहरूको अनुमोदनबाट संयुक्त राज्य अमेरिकाको निम्ति नयाँ संविधान तयार पारिएको थियो भनि लेखेका छन्[२५] ५५ राज्यका प्रतिनिधिहरूले सोही वर्ष एकमतले अमेरिकाको नयाँ संविधान अनुमोदन गरेका थिए ।[२६] तर त्यसवेला सम्पूर्ण राज्यहरूले संविधान स्वीकार गरेका थिएनन् । पछि गएर मार्च ४, १७९८ मा नर्थ क्यारोलिना र रोडे आइलेण्डले पनि स्वीकार गरेपछि मात्र संविधान सम्पूर्ण अमेरिकाको लागि मान्य हुन गएको थियो । संसारको सवै भन्दा छोटो र कठोर मानिएको उक्त संविधानमा २५५ वर्षमा २६ पटक मात्र संशोधनहरू भए । अमेरिकी संविधानलाई विश्वव्यापी रूपमा "राजनीतिक आत्म निर्णयको औजार" पनि भन्ने गरिएको छ ।[२७] यसरी हेर्दा के देखिन्छ भने अमेरिकी संविधान मुक्ति युद्धको उपज थियो । ब्रिटिस उपनिवेशबाट मुक्ति युद्धमा लागेका अग्रणी नेताहरूको एक सामुहिक प्रयत्नले नै संविधानसभा गठन भएको थियो । अमेरिकी अनुभवलाई हेर्ने हो भने संविधानसभाको निर्वाचन जनताले मत दिएर अनुमोदन गरेको नभएर जनताले सडकबाटै संघर्षको माध्यमबाट

[२३] Sharma, *op.cit*, No.20, p. 77.

[२४] Rao, *op.cit. No*.17, p.243.

[२५] James Brise (1988), *The American common welth*, vol.1, Mackmilan and company, p.45.

[२६] Keneth Janda Berry, M Jephery & Jerry Goldman (1992), *The challenge of democracy and government in America*, Boston: Egton Vifin Company, p.92.

[२७] M.K. Munsi (1967), *Indian constitution document* vol.1, Bombay: Bharatiya Vidya Bhawan, p.72.

अनुमोदित प्रतिनिधिहरूको भेला वा सभा थियो र सोही सभाले संविधानसभाको आकार लिएको पाईन्छ । यसलाई नेपालको अन्तरिम संविधान २०६३ सँग तुलना गर्न सकिन्छ । सो संविधान जनताले आन्दोलनको माध्यमबाट अनुमोदन गरेका राजनीतिक शक्तिहरूको भेलाले जारी गरेको थियो । नेपाली जनताले २०६२ साल चैत्र महिना देखि २०६३ साल वैशाख ११ गते सम्म गरेको देशव्यापी सडक आन्दोलनले त्यस वेला राजा ज्ञानेन्द्रलाई झुकाएर विघठित प्रतिनिधिसमाको वैठक डाक्न र आन्दोलनकारी शक्तिलाई सत्ताको बागडोर सुम्पन वाध्य पारेका थिए । यसरी आन्दोलनबाट स्थापित प्रतिनिधिसभाले सो अन्तरिम संविधान पारित गरेको थियो । नेपालमा चलेको लामो माओवादी सशस्त्र संघर्ष र संसदीय राजनीतिक दलहरूको शान्तिपूर्ण जनआन्दोलनको उपज संविधानसभाको निर्वाचनको घोषणा गर्ने काम भएको थियो । जनताको बल र विद्रोहको उपलब्धिका रूपमा अमेरिका तथा नेपालको संविधानसभाको स्थापना समान रूपमा पाईन्छ भने नेपालको संविधानसभा जनताबाट निर्वाचीत संविधानसभा पनि हो, जुन अमेरिकी संविधानसभामा पाँईदैन ।

३..२.१.२.दक्षिण अफ्रिकाको संविधानसभा

विश्वको दोस्रो ठूलो महादेश अफ्रिका विविधि प्रकारको हावा-पानी र भू-संरचनाबाट निर्मित छ । हिरा, सुन, तामा तथा फलामको धनी यो महादेश लामो समयसम्म अर्काको पराधिनता स्वीकार गर्न विवस थियो । पन्ध्रौं शताब्दीको पहिलो समयमा अफ्रिकाका पश्चिमी किनारामा पोर्तुगिजहरूको केही थोरै व्यापारिक कोठीहरू स्थापित थिए । पोर्तुगिजहरूको पाईलालाई पछ्याउदै स्पेन, हलैण्ड र अरु युरोपेली शक्ति देशहरूले पनि व्यापारिक केन्द्रहरूको स्थापना गर्न थाले । शताब्दीको मध्य समय सम्ममा अफ्रिकाको प्राय सवै भू-भाग उपनिवेशले ढाकिन पुगे जस्तै बनेको थियो र तिनमा पनि ब्रिटिस मिसिनरी डेविट लिभिङस्टोनको प्रभाव ठूलो थियो । अफ्रिका त्यसवेला सम्म ज्यादै पिछडिएको कारणले त्यसलाई "अन्धकारको महादेश" भनिन्थ्यो । त्यहाँका आदिवासी काला (Negroid) जातिका मानिसहरू ज्यादै पिछढिएका र असभ्य थिए । त्यसैले पनि विकसित देशहरूका व्यापारी र उद्योगीहरू अफ्रिकाको प्राकृतिक स्रोत र साधनको शोषण गर्न निकै लालयित भएका थिए ।[२८] सन् १९१४ सम्ममा ब्रिटिस साम्राज्यवादीहरू अफ्रिकी महादेशमा उपनिवेश बनाउने सवै भन्दा ठूलो शक्तिको रूपमा देखा पऱ्यो । बहु संस्कृति र बहुजाति जनता भएको दक्षिण अफ्रिकामा लामो समय सम्म बहु संख्यक काला जाति माथि दमन गरेर अल्पसंख्यक गोरा जातिले शासन गरेको भएपनि लामो मुक्ति युद्धपछि

[२८] Rao, *op.cit*,No.17, p. 314.

अन्तर्राष्ट्रिय मध्यस्थता र सहयोग समेत प्राप्त भएका कारणले काला जातिका नेता नेल्सन मण्डेलाले नेतृत्व गरेको अफ्रिकी राष्ट्रिय कंग्रेस र अल्प संख्यक गोराका शासक राष्ट्रपति एफ.डब्लु.डी.क्लर्कका बीचमा युद्ध विराम सम्झौता भयो । त्यसपछि त्यहाँ आपसी मेल-मिलापको वातावरणमा संवैधानिक सिद्धान्तहरू तथा प्रविधिहरू देखिन थाले । यी सम्झौतामा हस्ताक्षर गर्ने दुई मूल शक्ति बाहेक तिनीहरू भित्र पनि प्रसस्तै अन्तरविरोधहरू राख्ने समूह र जातिहरू थिए । इन्काथा फ्रिडम पार्टी, द पान अफ्रिकन कंग्रेस, द अजानियर पिपल्स पार्टी जस्ता विद्रोही समूहहरू थिए भने गोराहरूका बीचमा पनि असन्तुष्टि जनाउने समूहहरू थिए । तर समग्रमा गोराहरूको नेतृत्व ल्कर्कका हातमा छोडिदिएको र कालाहरूको नेतृत्व मण्डेलाले गरेकाले मण्डेला तथा ल्कर्कले गरेको निर्णय सवैले स्वीकार गर्ने गर्दथे र संक्रमणकालीन समझ्दारीको राम्रो अभ्यास गरेकाले यी दुई नेतृत्व नै आ-आफ्नो तर्फका निर्णायक बन्दथे ।[२९] लामो समय सम्मको विवाद र राष्ट्रिय द्वन्द्व निवारण गर्ने क्रममै त्यहाँ अप्रिल १९९४ मा संविधानसभाको निर्वाचन गरियो । जसमा कुल जनसंख्याको ८६% जनताले मतदानमा भाग लिएका थिए । त्यहाँ संविधान कस्तो बनाउनुपर्छ भन्ने ठूला-साना धेरै बहसहरूमा जनताको अपार संख्याको सहभागिता थियो । संविधानसभाले आवश्यक ठानिएका व्यक्तिहरू, कानुन व्यवसायीको समूह, व्यवसायिक तथा सार्वजनिक सेवा संगठनहरू, अन्य समूहबाट लाखौंको मत संकलन गरेको थियो ।[३०] यस प्रकार के देखिन्छ भने अफ्रिकाको संविधानसभाको औचित्य त्यहाँको लामो समय देखिको राज्यमा उत्पन्न द्वन्द्व समाधान गर्नका लागि अपनाईएको कानुनी विधि थियो । अनेकौं समूहहरू भए पनि काला जातिले एउटालाई नेतृत्व सुम्पेका थिए र गोराले अर्कालाई नेतृत्व सुम्पेर बहु केन्द्रीय विवाद तथा द्वन्द्वका मामलालाई दुई केन्द्रमा राखी समाधान खोज्ने उपाय अवलम्वन गरिएको थियो र सफल संविधानसभाका रूपमा अफ्रिकी संविधानसभालाई लिन सकिन्छ । यो अनुभवको विषय हो । सफलताको बाटो कसरी पक्रिन सकिन्छ र संविधान निर्माण हुन्छ भन्ने कुरामा यसबाट नेपालको संविधानसभाले पनि शिक्षा लिन सक्छ । दक्षिण अफ्रिकी संविधानसभा र नेपालको संविधानसभाको बीचमा कुनै अर्थमा पनि तुलना गर्न सकिँदैन । दक्षिण अफ्रिका र नेपालको बीच न भौगोलिक समानता, न ऐतिहासिक समानता छ न त साँस्कृतिक समानता नै छ । दुवै देशको भू-राजनीति र संस्कृति तथा इतिहास फरक-फरक रहेको पाईन्छ । तथापि संविधानसभाको उद्भवको अवस्थालाई

---

[२९] Haysom Nicholan (2002), "Negotiating the Political Settlement in South Africa: Are There lessons for other countries", *Track two*, Vol. II May 23, 2002, p.11.

[३०] Vivien Hart (2004), "Democratic constitution making: The South African Experience", *In issues of democracy*, vol.9, No.1, p.31.

हेर्दा कतिपय विषयमा समानता पनि पाईन्छ । लामो समय अल्पसंख्यक गोराहरूको दासताबाट काला जातिले मुक्त हुन चाहेको दक्षिण अफ्रिका र २४० वर्ष सम्मको सामन्त राजतन्त्रको दासताबाट मुक्त हुन चाहेका नेपाली जनताको आन्दोलनमा केही समानता पाईन्छ । काला जातिका नेता नेल्सन मण्डेला र गोरा जातिका नेता डे.क्लार्कले अन्तिम निर्णय गरी हस्ताक्षर गरेपछि शान्ति प्रकृयाको थालनी भएको र त्यसले अफ्रिकी संविधानसभाको निर्वाचन गराएको परिवेशमा अफ्रिकी शान्ति प्रकृया र नेपाली शान्ति प्रकृयाका बीचमा तथा संविधानसभाको गठनका बीचमा केही कुरा मिल्दा जुल्दा पाईन्छन् । नेपालमा पनि संसदीय शासन अर्न्तगत सत्तामा रहेका संसदीय राजनीतिक दलहरू र तिनीहरूमा पनि नेतृत्वकर्ता गिरिजाप्रसाद कोइराला र विद्रोही माओवादी नेता पुष्पकमल दाहाल (प्रचण्ड) बीच हस्ताक्षर भएपछि नेपालको शान्ति प्रकृया र संविधानसभाको गठनले मूर्त रूप पाएको थियो । यो अवस्था बाहेक अन्य कुरामा दक्षिण अफ्रिकी संविधानसभाबाट अनुभव हासिल गर्ने बाहेक कुनै कुरामा समानता पाँईदैन । संविधानसभाको समावेशी संरचना पनि अफ्रिका र नेपालको बीचमा भिन्नता छ । वर्गीय असमानताको चरम अवस्थामा रहेको नेपाल, धेरै जातिहरू बीच सद्भाव रहेपनि असन्तुलित र असमान अवस्था रहेको नेपाल, भू-वनावटमा सुगम र दुर्गमका बीच ज्यादै ठूलो असमानता रहेको नेपाल र लैङ्गिक काम कारवाहीहरूमा पनि सामाजिक असमानता रहेको नेपाल र गोरा र काला बीचको जातीय विभेदले द्वन्द्वमा फसेको दक्षिण अफ्रिका बीच अन्य कुरामा समानता देखिँदैन ।

३.२.१.३.भारतीय संविधानसभा

पुरानो ढाँचाको प्रजातान्त्रिक पद्धति अवलम्बन गर्ने देशहरूमा भारत पनि एक हो । यसको संवैधानिक प्रयागको लामो अभ्यास रहेको छ । लामो समयसम्म अंग्रेज उपनिवेशमा परेको भारतबाट दोस्रो विश्वयुद्धको अन्त्यसँगै सेप्टेम्वर १९४५ मा वेलायतको नयाँ निर्वाचीत लेवोर सरकारले भारत छोड्ने योजना बनाएपछि त्यसै वर्षको शिशिर ऋतुमा प्रान्तीय व्यवस्थापिकाको निर्वाचनको घोषणा गऱ्यो । त्यही निर्वाचीत निकायनै संविधानसभाको रूपमा प्रयोग भयो र संविधान निर्माणको कार्यमा जुट्यो । यो कामको प्रारूप पहिले ब्रिटिस सरकारले तयार पारेको भएपनि पछि Cabinet Mission Plan गठन गरी त्यही Mission Plan ले संविधानसभाको गठनका निम्ति काम गरेको र भारतीय स्वतन्त्रतालाई संवैधानिक मान्यताबाट संक्रमण गर्दै अगाडि लगेको पाईन्छ । उक्त मिसन ल्यानले विविध योजना सहित मुलुकलाई मुस्लिम, शिख तथा अन्य समुदाय बीचमा सिटहरूको विभाजन गरी प्रान्तीय निर्वाचन गर्ने योजना बनाएको थियो । समानुपातिक प्रतिनिधित्वको पद्धतिले व्यवस्थापिकाको

निर्वाचन पनि यिनै समुदाय बीचमा हुने व्यवस्था पनि गरिएको थियो । यसरी सिङ्गै भारत राष्ट्रका निम्ति संविधानसभाको प्रस्ताव गरिएको थियो । तर पछिल्ला दिनमा गएर मुस्लिमहरू सिङ्गो भारतमा बस्न नसक्ने भनिएपछि मुस्लिम लिगको विरोधले गर्दा पाकिस्तान भारतबाट अलग हुन पुग्यो । पश्चिम वंगाल र पञ्जावमा निर्वाचन सकिएपछि भारतको संविधानसभाले पूर्णता पाएको थियो र २६ सेप्टेम्बर १९४९ मा भारतमा २८४ सदस्यहरूले हस्ताक्षर गरेर संविधान जारी गरेका थिए ।[३१] ब्रिटिस साम्राज्यको प्रत्यक्ष अधिपत्य भएको उपनिवेशबाट मुक्त भारतले स्वतन्त्र भएर शासन गरेको झण्डै सात दशक ७० वर्ष गुजार्न लागेको छ । नेपालको इतिहासमा कहिल्यै कसैको प्रत्यक्ष उपनिवेश त बनेन तर परोक्ष दवाव विदेशी दवाव र प्रभाव झेल्नबाट भने अझै मुक्त छैन । यी दुवै देशको ऐतिहासिक अवस्था भिन्न भिन्न रहेको छ । तर पनि नेपाली समाजमा भारत छिमेकी देश भएकाले र सभ्यताको विकासको उद्गम स्थल भएकाले नेपालमा त्यहाँको सामाजिक, साँस्कृतिक तथा अन्य धेरै खाले प्रभाव पर्ने गर्दछ । संविधानसभाकै विषयमा चर्चा गर्दा ब्रिटिस उपनिवेशबाट मूक्त हुन निर्मित भारतीय संविधानसभा र नेपालको आन्तरिक शान्ति स्थापनाको धेयार्थ स्थापित संविधानसभाका बीच सात दशक लामो समयको अन्तराल समेतलाई हेर्दा कुनै समानता वा भिन्नता भनेर अध्ययन गर्ने तथ्यहरू पाँईदैनन् । तथापि भारतीय संविधानसभा र त्यसले निर्वाह गरेको भूमिका तथा अनुभव नेपालका लागि अनुभव र अध्ययनका विषय भने बन्न सक्छन् ।

३.२.१.४.केन्याको संविधानसभा

सन् १९७३ मा ब्रिटिस उपनिवेशबाट मुक्त भएको केन्या, सिलोनमा जस्तै ब्रिटिस संसदले एक संविधान जारी गरिदिएको थियो । चालिस वर्ष सम्म अफ्रिकी नेशनल युनियनले शासन गरेको केन्यामा प्रस्तुत गरिएका संविधानका केही प्रावधानहरूसँग स्वतन्त्रताका पक्षधर नेताहरू सन्तुष्ट थिएनन् । केन्याको राजनीतिक जीवनमा स्थिरता पनि प्राप्त हुन सकेको थिएन । स्वतन्त्रताका पक्षधर नेताहरूको असन्तुष्टिका कारण ब्रिटिस संरचनामा तयार पारिएको संसदीय प्रणाली नष्ट भएर राष्ट्रपतिमा राज्यको सारा अधिकार निहित हुने गणतन्त्रात्मक प्रणालीको माध्यमबाट राज्य एकदलीय प्राधिकार तर्फ उन्मुख हुन गयो ।[३२] यो एक दलीय प्राधिकार पनि धेरै दिन रहन सकेन । व्यापक जन दवाव परेपछि

---

[३१] Durga D. Basu (1994), *Introduction to the constitution of India*, New Delli: Prenting Hall of India, p.18.

[३२] Yash Ghai (2002), *Reviewing the constitution: A guid to the Kenya constitution*, Nairobi: The constitution of Kenya review constitution, pp. 34-35.

सरकारले संसदलाई व्यवस्थित गर्नै पऱ्यो । सन् २००० मा गएर केन्यामा संविधान रिभ्यू कमिशन संसदले The Constitution of Kenya Review Act 2000 पारित गऱ्यो र नोभेम्बर २००२ मा केन्याको संविधान रिभ्यु कमिशनले २९ सदस्यीय एक समिति गठन गऱ्यो, जसमा १७ जना Constitution of Kenya Review का, १० जना जन कमिशनका र २ जना संसदले मनोनीत गरेका व्यक्तिहरू थिए । यसै समितिले जनताबाट अभिमत सङ्कलन गरी प्रजातन्त्र, जन सहभागिता, दक्षता, मानव अधिकार र सामाजिक न्यायको सिद्धान्तमा आधारित भएर संविधानको मस्यौदा तयार पाऱ्यो ।[३३] यसरी हेर्दा के देखिन्छ भने ब्रिटिस उपनिवेशबाट मुक्त भएको केन्यामा ब्रिटिस मोडालिटीमा तयार पारिएको वा ब्रिटिसले प्रदान गरेको संविधान केन्यामा लागू हुन नसकेको र आफ्नै अनुभव, सक्रियता तथा सहभागितामा संविधानसभा निर्माण भई जारी भएको पाईन्छ ।

उल्लेखित अध्ययनले नेपालको संविधानसभासँग केही अर्थमा समान अवस्थाको अनुभूति दिन सक्छ । नेपालमा सन् १९९० (वि सं २०४७)मा ब्रिटिस मोडलको संसदीय व्यवस्था लागू भएको थियो । सो व्यवस्थामा भाग लिएर पनि व्यवस्था ठीक र उपयुक्त भएन वि.सं. २०४८ सालको संसदमा तेस्रो ठूलो दलको रूपमा स्थापित संयुक्त जनमोर्चा नेपाल र त्यसको माउ पार्टी नेकपा (माओवादी) सदनको राजनीति छोडेर सशस्त्र संघर्षमा लाग्यो । माओवादी जन विद्रोहको बीचमा संसदीय व्यवस्थाको प्राय असफलता नै ठानेर नेपालमा राजा ज्ञानेन्द्रले शासन गरेपछि एकतन्त्रीय शासनको सूत्रपात हुन गयो । त्यो अवस्थामा नेपालमा जनआन्दोलन भयो र संविधानसभाको निर्वाचन भयो । नेपालमा गणतान्त्रिक शासन सञ्चालन हुन थाल्यो । जसरी केन्यामा एकदलीय प्राधिकार अस्वीकृत भयो । त्यस्तै नेपालमा पनि एक दलीय राजाको प्राधिकारलाई जनताले रुचाएनन् र संविधानसभाले बहुदलीय अभ्यासलाई नै आत्मसात गर्न पुगे । यसका अतिरिक्त केन्याको संविधानसभा र त्यसका काम कारवाहीहरू नेपालको सन्दर्भमा अनुभवका दस्तावेज बाहेक केही हुन सक्दैनन् र त्यहाँको संविधानसभासँग अन्य कुराको तुलना गर्न आवश्यक पनि देखिँदैन ।

३.२.१.५.फ्रान्सको संविधानसभा

माथि उल्लेखित मुलुकहरूको भन्दा फ्रान्सको संविधानसभाको अनुभव भने भिन्न प्रकारको छ । सन् १७८९ मा फ्रान्समा क्रान्ति भएपछि शासन तथा संविधानमा विभिन्न प्रकारका प्रयोगहरू हुँदै

[३३] Constitution of Kenya review commission (2002), *The people's choice: The report of the constitution of Kenya review commission short vertion*, Mombasa, p.1.

आएका छन् । वर्गीय धरातलमा उभिएको स्टेट जनरलको वैठक बोलाउने मागका साथ गरिएको आन्दोलनले क्रान्तिको आकार लिन पुग्यो । तल्लो वर्ग तथा मध्यम वर्गको प्रतिनिधित्व गर्ने तेस्रो स्टेटका सदस्यहरूले पुरानो मान्यता र प्रयोगलाई चुनौती दिँदै पहिलो र दोस्रोलाई समेत आफूसँगै बस्न वाध्य पार्ने र सहमत गराउने काम गरिसकेपछि त्यसले National Assembly को स्वरूप ग्रहण गर्न पुग्यो । १४ जुलाई १७८९ मा बस्तिलको पतनले त्यसलाई National Constituent Assembly निर्माण गर्ने काम गऱ्यो । त्यसपछि संविधान बनाउने प्रयास पनि सुरु भयो । महिलाहरूको भर्सेलिज दरवार माथिको अभियानले समाजमा तिव्र परिवर्तनको माग गरिरहेको थियो । त्यही अवस्थामा संविधान जारी गऱ्यो । संविधानले व्यवस्थापिकालाई Legislative Assembly को नामाकरण गरेको थियो । त्यो एसेम्बली सन् १७९१ देखि १७९२ सम्म रहन गयो । त्यो एसेम्बलीकै समयमा ज्याकोविन दल र जिरोण्डिस्ट दलहरू बीचको झगडा एकातिर र अर्कातिर केही संवैधानिक संकट खडा भयो । यो संकटकै समयमा १० अगष्ट १८७२ मा पेरिस कम्युनको स्थापना भयो । फ्रान्समा राजतन्त्र समाप्त हुने दिशातिर गएको र विशेषतः अष्ट्रियन राजतन्त्रसँग नातेदारी पनि भएकाले राजतन्त्रको पतनको अवस्थाले अष्ट्रिया लगायतका छिमेकी देशहरूमा निरंकुश राजतन्त्र रहेकै कारण फ्रान्सले विदेशी हस्तक्षेपको सामना गर्दै विदेशी देशहरूसँग युद्ध मोल्न वाध्य भयो । प्रतिक्रान्ति र क्रान्तिको बीचको युद्ध भनेर इतिहासमा नामाङ्कन गरिएको त्यो घटनाले परिस्थितिलाई अर्कै मोडमा उभ्यायो । लेजिस्लेटिभ एसेम्ब्लीले नेशनल कन्भेन्सनको आकार सन् १७९२ मा लिन गयो र सन् १७९५ सम्म कायम रह्यो । यसै वेला राजा लुई १६औं को हत्या भई गणतन्त्र घोषणा भयो । फ्रान्सका लागि पहिलो गणतन्त्र थियो । अस्थिरता र अराजकताको जगमा आतंकको राज्य पनि चल्यो । त्यहि परिवेशमा एउटा सेनाको जवान नेपोलियन आफ्नो क्षमताको प्रदर्शन गर्दै सत्तामा उदायो । नेपोलियनले आफूलाई कन्सुल बनाउदै सम्राट समेत घोषित गरेपछि गणतन्त्र समाप्त भयो । तर पनि बंशानुगत राजतन्त्र भने नेपोलियनले ब्रिटिस सेनासँग पराजित भएर सत्ताबाट हटेपछि भने वुर्वोन वंशकै राजतन्त्रको उदय भयो ।[३४] सन् १८४८ मा अर्को क्रान्ति भएपछि पुनः फ्रान्समा अर्को गणतन्त्र आयो । त्यसपछि सत्तामा आएका लुई नेपोलियनले फेरि आफूलाई सम्राट घोषणा गर्न पुगेपछि गणतन्त्र पुनः समाप्त भयो । सन् १८७१ मा फ्रान्सले जर्मनी एकीकरणको समयमा प्रशासँग युद्ध झेल्नु पऱ्यो युद्धमा सेडानको मैदानमा भएको युद्धमा विस्मार्कसँग लुई नेपोलियनको पराजयले फ्रान्समा स्थापित दोस्रो साम्राज्य पनि समाप्त भई तेस्रो गणतन्त्रको उदय भयो । त्यो बीचमा The Ordre Moral Government ले १६ मई १८७७

[३४] www.*French-revolution.com*, 3/16/2010, p.1-17.

मा जन अभिमत समेत लिएर आफैं भने राजतन्त्रवादी भएका Patrice de Mac-Mohan लाई राष्ट्रपति चयन गरेपछि राजतन्त्रवादी र गणतन्त्रवादी बीचको झगडा पुनः मौलाएर आयो । यो युद्धको कारण राजतन्त्रवादी राष्ट्रपतिले दुई वर्ष पछि गएर राजिनामा गरे । त्यो परिवेशमा फ्रान्स Opportunist Republican को हातमा सत्ता गयो । तर त्यसले पनि लामो समय शासन गरेन । त्यसपछि रेडिकल सोसलिष्ट पार्टीको स्थापनापछि फ्रान्सको राजनीतिले अर्को मोड लियो । राजनीतिक दलहरूको बीचमा एकता नहुने, मुलुकमा अराजकता र नीतिहीन गतिविधिको बढ्दो अवस्थाको कारणले तेस्रो गणतन्त्र असफल बनिसकेको थियो ।[३५] सन् १८९० मा Political and Military scandal भएपछि फ्रान्स संकटमा परिसकेको थियो र त्यसै वेला विश्व युद्ध सुरु भयो । जसले तेस्रो गणतन्त्रलाई मृतक घोषित गरिदियो । त्यसपछि फ्रेन्च स्टेट तथा प्रोभिजनल स्टेटको अभ्यास गर्दै फेरि १९४६ मा चौथो गणतन्त्र फ्रान्समा उदायो । त्यो गणतन्त्र पनि १२ वर्ष सम्मको आयु बाँच्न सक्यो सन् १९५८ मा चौथो गणतन्त्रको अन्त्य भई पाँचौं गणतन्त्र सुरु भयो जुन अहिलेसम्म चलिरहेकोछ ।[३६] लामो अस्थिरताको अध्याय र लामो आन्तरिक विवादको सामना गर्दै आएको इतिहास फ्रान्सले बोकेको पाईन्छ । अन्य देशको जस्तो विदेशी उपनिवेशको लामो अधिन फ्रान्सले झेलेन तर पनि स्थिर संविधान र सरकार यसले १९५८ पछि मात्र पाएको देखिन्छ ।

माथिको अध्ययनले के देखाउँछ भने फ्रान्स लामो समय सम्म अस्थिर राजनीतिको चपेटामा पर्‍यो । राजतन्त्र र गणतन्त्रका बीच मात्र शताब्दी लामो तनाव र लडाईं भई रह्यो । लामो राजनीतिक आन्तरिक विग्रहमा फ्रान्स फसेको थियो । तरपनि यसले वाह्य उपनिवेशको सामना भने कहिल्यै पनि गरेन । यी कुराहरूमा नेपालको इतिहाससँग फ्रान्सको इतिहास समान पाईन्छ । नेपाल पनि लामो आन्तरिक संक्रमणमा परेको भए पनि वाह्य उपनिवेशको सामना गरेको छैन । यो समान राजनीतिक परिवेश भए पनि नेपालको संविधानसभा र फ्रान्सको संविधानसभाका बीचमा समानता र असमानताको तुलना गर्न लायक कुनै कुरा पाँइदैन किनभने नेपाली समाज र फ्रैन्च समाज बीच धेरै कुरामा भिन्नता छ ।

[३५] www.french_*third_republic.com*, 3/16/2010: pp.1-10.

[३६] www.f*rench-revolution*, 3/16/2010 : pp.1-17.

३.२.१.६.नर्वेको संविधानसभा

सन् १८१३ मा स्वीडिस शक्तिले डेनमार्क माथि आक्रमण गरेको थियो । जनवरी १८१४ मा डेनमार्कलाई नर्वेको समर्थनमा स्वीडेनलाई समर्थन गर्न वाध्य पारियो । सन् १८१४ मा नेपोलियनसँगको युद्धमा केइलको सन्धि फ्रान्ससँग गरेपछि नर्वे डेनमार्कका राजाले स्वीडेनको राजा हुन नपाउने भए नर्वेका जनताले त्यस्तो राजकीय व्यवस्थालाई कहिल्यै पनि चासो दिएनन् । डेनमार्क नर्वेका भाइस राय र उत्तराधिकारका दावेदार क्रिस्चियन फ्रेडरिकले Eidsvol df constitutional assembly भनिने एउटा विद्रोहको नेतृत्व गरेपछि डेनमार्कको युनियनबाट लगभग ४०० वर्ष पछि स्वतन्त्र भई १७ मईका दिन नर्वेको संविधान निर्माण हुन गएको थियो । त्यो संविधान निर्माण गर्ने संविधानसभा जर्मनको संसदीय ढाँचाको जस्तै थियो । त्यो संविधानसभाले १८ मई १८१४ मा संविधान जारी गरेको थियो भने १७ मईलाई राष्ट्रिय दिवसका रूपमा स्वीकार गरेको थियो । तर यो धेरै दिन सम्म रहेन । नोभेम्बर ४ का दिन गएर संविधानमा संशोधन गरिएपछि स्वीडिस राजा चार्ल्स तेह्रौं नर्वेको पनि राजा चुनिए । तर पनि दुई प्रान्त भने स्वतन्त्र नै रहेका थिए र पछि विस्तारै अन्य नर्वेका प्रदेशहरू पनि स्वतन्त्र हुने बाटोमा गए ।[३७] उपनिवेशको चपेटा वा विदेशी प्रभुत्वको चपेटा झेल्न नपरेको नेपालको भू-राजनीतिक अवस्थासँग नर्वेको संविधानसभाको तुलना गर्न सकिँदैन । तथापि संविधानसभाले निर्माण गर्ने संविधानको सवालमा भने नर्वेको संविधान नेपालका लागि अनुभव सिद्ध हुन सक्दछ ।

३.२.१.७. रुसको संविधानसभा

सन् १९१७ को क्रान्तिको समयमा जार निकोलस द्वितीयबाट रुसी अन्तरिम सरकारले राज्य सत्ता हातमा लिएपछि सामाजिक प्रजातन्त्रवादीहरूको नेतृत्वमा रहेको नरम विचारको ड्युमाले संविधानसभाको निर्वाचन गराएको थियो । यो सरकार फेब्रुवरी देखि अक्टोवर महिना सम्म रहेको थियो । संविधानसभाको परिणाम यस प्रकारको रहेको थियो :

[३७] www.*norwegian_constituent_assembly.com*, 3/8/2010: pp.1-2.

तालिका १ : रुसको संविधानसभा

राजनीतिक दल	प्राप्त भोट	डिपुटी संख्या
सामाजिक प्रजातन्त्रवादी	१७४९००००	३७०
बोल्सेविक	९८४४०००	१७५
मेन्सेविक	१२४८०००	१६
संवैधानिक प्रजातन्त्रवादी	२००००००	१७
अल्पमतहरू	-	७७
बाम सामाजिक प्रजातन्त्रवादी	२८६१०००	४०
जनताका समाजवादीहरू	-	४
जम्मा	४१७०००००	७०३

स्रोतः www.historyof rusia.com, 2010 AD.

त्यो परिणामले लेनिनले नेतृत्व गरेको सोभियत वोल्सेविक दलले संविधानसभाको दोस्रो स्थान मात्र प्राप्त गरेको थियो । यो परिणाम प्राप्त संविधानसभाले राम्रो काम गर्न नसके पछि All Power to the Soviets को नारा दिएर लेनिन स्वीजरलैण्डबाट फर्किएपछि बोल्सेविक पार्टी सत्ता कब्जाको अभियानमा लाग्यो । सोही वर्षको सेप्टेम्बर १२ देखि १४ सम्म बसेको बोल्सेविक पार्टीको केन्द्रीय समितिको बैठकमा लेनिनले सवै सत्ता कब्जा गर्ने लिखित प्रतिवेदन बनाएपछि संविधानसभाको परिणाम, बैठक तथा तिनीहरूको निर्णयले पेट्रोगार्डका प्रधानमन्त्री करेन्स्कीलाई बलियो बनाउने भएकाले ती कुनै कुराको पनि पछि नलाग्ने भन्दै अर्को बलपूर्वक क्रान्तिको तयारी गरे । अक्टोवर महिनामा पुरानो प्रकारको अस्थायी सरकारलाई अपदस्त गर्दै नोभेम्बर महिनामा नयाँ खालको अस्थायी सरकार निर्माण हुन गयो । लेनिनको नेतृत्वमा भएको उक्त क्रान्तिलाई अक्टोवर क्रान्ति भनियो । रुसको संविधानसभाले काम गर्न सकेन र सफल पनि भएन ।[३८] नेपालको राजनीतिक तथा भू-राजनीतिको अवस्थाले स्थापित भएको संविधानसभाको सन्दर्भमा रुसी अक्टोवर क्रान्तिको अवस्था अहिले नै देखिँदैन । नेपालको संविधानसभा विना उपलब्धि विघठन हुने अवस्था आयो र संविधान नबन्दै असफल भएर पतन भयो त्यस पछिको परिणाम पनि रुसी अक्टोवर क्रान्तिकै अवस्थामा पुग्ने कुरा भू-राजनीति र समयकालले पनि दिन सक्दैन । तसर्थ उक्त संविधानसभासँग नेपालको संविधानसभाको कुनै तुलना हुन सक्दैन ।

[३८] *www.historyofrussia.com.* 3/8/2010.

३.२.१.८.लक्जेम्वर्गको संविधानसभा

लक्जेम्वर्ग युरोप महादेशको एक देश हो । यहाँको भाषा Luxembourgish हो जुन डच, पुरानो जर्मनी र फ्रेन्चिसका तत्वहरू मिलेर बनेको छ । यहाँ भाषामा विविधता छ । यहाँ नेपालमा जस्तै बहुभाषा भाषीहरू छन् तर तिनीहरूलाई अवलम्वन गर्ने विधि भने फरक-फरक रहेको छ । जस्तै सरकारी भाषा, कानुन तथा संसदमा फ्रेन्च भाषा, अपराधी (Criminal) र कानुनी विवादमा (legal debates) मा आंशिक रूपमा Luxembourgish, police case रेकर्ड गर्दा, प्रेसको प्राथमिक भाषा तथा प्राइमरी स्कुल लेवलमा शिक्षा आर्जन गर्दा अपनाईने भाषा जर्मन, माध्यमिक तहको शिक्षामा फ्रेन्च भाषा अवलम्बन गरिने गरिएको छ ।[३९]

सन् १९०७ क्याथोलिक इन्साइक्लोपेडियामा त्यस देशका जनताको पहिलो इतिहास Caesar's को पाँचौं पुस्तक "Commentarii de Bellow Gallico" हो भनिएको छ । त्यस देशको मुख्य शक्तिशाली जाति भनेको Treviri जो जनतासँग एकाकारको शक्ति बनाएर बसेको थियो । यहि जातिले रोमनहरूलाई ठूलो संकटमा पारेको थियो । त्यसले छिट्टै सभ्य जातिको दर्जा समेत पाएको थियो ।[४०] इतिहासलाई हेर्दा नेपालको खस जातिसँग त्यसको तुलना गर्न सकिन्छ । नेपालको पश्चिमी क्षेत्रमा खस जाति उदाएको भए पनि यो जातिको शक्ति र क्षमताले नेपाली जनतामा ज्यादै ठूलो प्रभाव पाऱ्यो । यसले नेपाली जगतमा दुई कुराको निकै प्रभाव पारेको थियो : (१) नेपालभरी भाषाको प्रचार र (२) सैन्य शक्तिको विस्तार ।[४१] लक्जेम्वर्ग ज्यादै पुरानो इतिहास बोकेको मुलुक हो । सम्राट constantine (323-337) ले Trier (Augusta Trevirorum लाई Belgica Prima प्रान्तको राजधानी बनाएपछि Gaul दरवार निर्माण गरेका थिए । त्यहाँ उत्तर पूर्व प्रान्तहरूबाट जर्मन जातिको बसोबास हुन थालेपछि रोमन साम्राज्य भत्किन थालेको थियो । लक्जेम्बर्गको इतिहासलाई हेर्दा नेपालको पूर्वी तराईको इतिहाससँग तुलना गर्न सकिन्छ । कुनै समय नेपालको पूर्वी क्षेत्रको तराईमा वा कोशी पूर्वको तराईमा कोच राजबंशी जातिको राज्य थियो । भारतको आसाम देखि कोशी नदीसम्म फैलिएको थियो । तर नेपालमा भारतीय विहारी मुलका मानिस तथा नेपाली मुलका मानिसहरूको वसाई-सराईसँगै

---

[३९] *www.history of lucxembourg.com*. 22/03/2011.

[४०] *Ibid*.

[४१] Suryamani Adhikary (1988), *The Khasa Kingdom, A trans-himalayan empire of middle age*, New Delli: Nirala Publication, pp.89-110.

स्थापित सेन राज्यको उदयले त्यो कोच राज्य समाप्त हुन गएको थियो ।[४२] नेपालको मध्य तराईमा भारतीय मूलका मधेशी भनिने मानिसहरूको बसाईले त्यहाँका आदिवासीलाई प्रभावित गरेको छ । नेपालको यो घटनासँग लक्जेम्बर्गको प्रस्तुत इतिहासलाई तुलना गर्न सकिन्छ । नेपालमा खस राज्यको पतन सुरु भएपछि वाइसी चौविसी राज्यको उदय भए जस्तै लक्जेम्वर्गमा पनि Chartemaqne को सांम्राज्य (1843) को समयमा प्रान्तहरू सम्राट Lothair सँग विभाजित बन्न पुगे र त्यसपछि रजौटा र सामन्तहरू पनि शासकका रूपमा देखिए । त्यो इतिहास बोकेको लक्जेम्वर्ग कुनै समय उपनिवेशको चपेटामा पनि पर्न गयो ।[४३] सन् १८३० को बेल्जियन क्रान्तिदेखि निदरलेण्डको संयुक्त अधिराज्यबाट ग्राण्ट डची प्रशासनिक रूपमा अलग भएको थियो । तर पनि कर्मचारी यन्त्र भने निदरलैण्डसँगै रहेको थियो । सन् १८४१ मा लिविया दोस्रोको अधिनमा एउटा ज्यादै पुरातनपंथी (Conservative) दस्तावेजका रूपमा पहिलो संविधान पास गरियो जुन राजा ग्राण्ट ड्युकको अधिनायक तन्त्र (Autocracy) को समर्थनमा तयार पारिएको थियो । १८४८ ई.को क्रान्तिको परिणाम राजा willam मै पुरातनपंथी चिन्तनमा केही परिवर्तन आएपछि राजतन्त्रको रक्षार्थ नरम दिशा लिन पुगे । त्यसै वर्षको मार्चमा सरकारको रक्षा गर्ने हेतुले १५ सदस्यीय आयोगको गठन गरे । ३० मार्चका दिन त्यो आयोगले संविधान पुर्नलेखन गर्न संविधानसभा बोलाउने निर्णय गऱ्यो । यो कुरालाई राजा ग्राण्ट ड्युकले १ अप्रिलका दिन स्वीकार गरे र १९ अप्रिल १८४८ मा संविधानसभाको निर्वाचन भयो । त्यो सभाले संविधान निर्माण गऱ्यो र राजाले १० जुलाईमा त्यसलाई स्वीकार गरे । त्यो संविधान वेल्जियन उदार संविधान जस्तै भएको भनियो । तर वेल्जियन संविधान समावेशी चरित्रको थियो भने लक्जेम्वर्गको भने समावेशी चरित्रको थिएन ।[४४] इतिहासका माथि उल्लेखित घटनाहरू बाहेक नेपालको संविधानसभा र लक्जेम्बर्गको संविधानसभाका बीचमा तुलना गर्न सकिने अन्य कुराहरू पाँईदैनन् ।

निष्कर्ष

नेपालको संविधानसभाले सफलताको आकार लिन सकेन र त्यसबाट वन्ने संविधान निर्विवाद हुने पूर्ण ग्यारेण्टी नै थिएन । पाकिस्तान तथा अन्य मुलुकहरूका आफ्नै किसिमका संविधानसभाहरू

[४२] See in details, Nalini Ranjan Ray (2007), *Koch rajbangshi and kamatapuri, The truth unveiled*, Gauhati Assam: Vicky Publishers.

[४३] *www.history ofnations.net*/europe/luxembourg.html, 1/3/2011.

[४४] *http://www.constituent_assembly_luxembourg*, 3/8/2010:

गठन भएका र अलग परिवेशमा तिनीहरूले काम गर्दा कतिपय असफल भएको पनि पाईन्छ। नेपालको परिवेशमा नेपाली संविधानसभा ती भन्दा छुट्टै प्रकारको थियो तथापी सफल हुन सकेन। तसर्थ कुनै पनि देशको संविधानसभाको चरित्र, स्वरूप तथा बनावट अर्को देशकोसँग मिल्दैन भन्ने कुरा माथिको अध्ययनले पुष्टि गर्दछ। तर कुनै पनि देशको शासकीय स्वरूपको ढाँचा, प्रयोग, प्रयोग हुँदाको परिवेश, संविधान निर्माणका तौर तरिका तथा तिनले अपनाएको विधि अर्को देशको संविधान निर्माण गर्दा तथा राज्यको पुर्नःसंरचनाका लागि अनुभव साट्ने माध्यम भने बन्न सक्दछन्। नेपालमा लामो हिंसात्मक द्वन्द्व अन्त्यका लागि अपनाईएको एक विधिको रूपमा आएको संविधानसभा र अन्य कतिपय मुलुकहरू बाह्य शक्तिबाट स्वतन्त्र हुँदा संविधान निर्माणका लागि गठन गरिएको संविधानसभाका बीचमा संविधानसभाले लिने उद्देश्य र भावी दिनमा अपनाईने मुलुकको रणनीतिका कारण पनि समानता कतै पाईदैन। तसर्थ एक देशको संविधानसभा अर्को देशका लागि अनुभव साट्ने दस्तावेज बाहेक अन्य कुनै पनि कुरामा समानता र विमति बीच तुलना गर्न सकिँदैन। माथिको अध्ययनबाट के पाईन्छ भने कुनै पनि देशका संविधानसभाहरूको उपयोगिता र गठनको प्रकृया समान छैनन्। संसारका प्राय धेरै देशका संविधानसभाहरू आ-आफ्नै देशका भू-राजनीतिका परिणाम हुन् भनि बुझ्नु पर्ने हुन्छ।

अध्याय : ४

नेपालको विधायिकाहरूको इतिहास र समावेशी संरचना

४.१. समावेशीको अर्थ

राष्ट्रको मूल प्रवाहमा समावेश हुन नसकेका समूह, वर्ग, जाति, धर्म, लिङ्ग तथा भाषा-भाषीका मानिसहरूलाई सो मूल प्रवाहमा समावेश गरी शक्ति स्रोत र अवसरमा न्यायोचित साझेदारी (Rightful sharing) सुनिश्चित गर्नुलाई समावेशीकरण भनिन्छ । समावेशीकरण शब्दका जनक राजनीतिशास्त्रका विज्ञ Takis Fotopoulos हुन् । समावेशीकरण बहिष्करण (Exclusion)को विरुद्ध लड्ने एउटा रणनीति हो । यो सबै मानिस जन्मजात रूपमा समान छन् तसर्थ सबै मिलेर बाँचौ, संगै मिलेर बसौं र खाऔं वा कसैलाई पनि एक्लै विचल्लीमा नपार्ने रामराज्यको कल्पनामा मानवीय मूल्य, मान्यता र आदर्शमा अडिएर समावेशीकरणको सोचलाई अघि ल्याएको पाईन्छ । समावेशीकरण भनेको विद्यमान अवसर र पहुँचको अन्तराललाई कम गर्दै बहिष्करणमा परेका समूह र सुविधा सम्पन्न समूह बीचको असमानता घटाउँदै हरेक व्यक्ति, समूह वा जातिको स्वभिमान र उनीहरूको आफ्नै विशिष्टताको सम्मान गर्दै Physical and emotional आवश्यकताहरूको परिपूर्ति गर्नु हो ।[१] समावेशीकरणको मुद्धा विभिन्न कोणहरूबाट उठ्दै आएको छ । समावेशीकरणका लागि हालसम्म Reforming approach, income approach, welfare approach, participatory approach and distributive and redistributive approach आदि विधिहरू अपनाइएको पाइएको छ । तर समयको अन्तरालमा यी धारहरू कुनै पनि सफल हुन सकेनन् । तथापि समावेशीकरणको प्रयोगमाथि जोड दिई नै रहिइएको छ । समावेशीकरणको सवालमा अधिकारवादी धार पहिले देखा पर्ने र पछि क्रान्तिकारी धारमा परिणत हुने सम्भावना पनि रहन जान्छ ।

समावेशीकरणको सवाललाई विरोध गर्दै एक लेखकले यसरी लेखेका छन् :

> समावेशीकरण समाज विकासको नियम विरुद्ध आएको परिकल्पना हो । समाज विकासको वर्ग संघर्षको नियम विपरित वर्ग समन्वयको परिकल्पनाले र विश्वका सर्वहारा वर्गको चेतना र अधिकारलाई भुत्ते बनाउने पुँजीवादीहरूको कुटिल चालवाजी हो । यो विशेषत युरोपेली पूँजीवादीहरूले समाजवादीहरूको बढ्दो प्रभावलाई अन्यत्र मोड्न गरिएको परिकल्पना हो । यो मार्क्सवाद सम्मत छैन ।[२]

---

[१] राष्ट्रिय योजना आयोग (२०६४) , *त्रिवर्षिय अन्तरिम योजना, २०६४-६७ ,* नेपाल सरकार, राष्ट्रिय योजना आयोग, नेपाल, पृ. ७४ ।

[२] Mikhael Demitrikov (2010, January 2nd), "Inclusive democracy : An anti communist thesis", *www.inclusivedemocracy.com*, p.3.

तर नेपालमा भने कम्युनिष्टहरू समावेशी लोकतन्त्रका पछि धेरै लागेको पाईन्छ । वास्तवमा पूँजीवाद र समाजवाद जस्ता दुई विपरित धारलाई एउटै विन्दुमा ल्याउन गरिएको सैद्धान्तिक खोज र प्रयास बनेको छ समावेशी प्रजातन्त्र । समावेशी भनेको के हो ? भन्ने विषयमा प्रष्ट पार्दै काशीराज दाहालले लेखेका छन् "समावेशी लोकतन्त्रको अवलम्वनद्वारा मुलुकको राजनीतिक, आर्थिक, साँस्कृतिक जस्ता विविध विषयको निर्णय प्रकृयामा सवै वर्ग, जाति, भाषा, सम्प्रदाय, लिङ्ग, र क्षेत्रको समान सहभागिताको सुनिस्चितता हुनु हो ।[३] तर यो विचारले मात्र समावेशीको अर्थलाई प्रष्ट पार्दैन । विश्वका विभिन्न विद्वानहरूले समावेशीको वास्तविक अर्थ र परिभाषा अलग ढंगले दिएका छन् । आजको समयमा समावेशी प्रजातन्त्रका कुराहरू धेरै उठ्ने गरेका छन् । मूलतः राज्यका निर्णायक तहमा नपुगेका वा बहिस्करणमा परेकालाई राज्यको हरेक निर्णायक तहमा उचित प्रतिनिधित्व सहित समावेश गरिने प्रणालीलाई समावेशी भन्ने गरिएको छ । समावेशी कसरी हुन्छ भन्ने कुरामा अन्तर्राष्ट्रिय मान्यता अनुसार यसरी लेखिएको छ :

> In this conception of democracy, the public realm includes not just the political realm, as its usual in the republican or democratic project (Hannah Arendt, Cornelius, Murry Bookchin et.al,), but also the economic, 'social' and ecological realms. The political realm is the sphere of political decision-making, the area in which political power is exercised. The economic realm is the sphere of economic decision-making, the area in which economic power is exercised with respect to the broad economic choices that any scarcity society has to make. The social realm is the sphere of decision-making in the workplace, the education place and any other economic or cultural institution which is a constituent element of democratic society.[४]

यस्तै गरी प्राकृतिक प्रजातन्त्र (Ecological democracy) भनेको समाज र प्रकृतिसँग बीचको सम्बन्ध राख्ने जहाँ मानवीय गतिविधिहरू सामुहिक र प्रजातान्त्रिक निर्णयमा लागेका हुन्छन्, निजी प्रभूत्वलाई कम गरेर सार्वजनिक प्रभूत्वलाई महत्व दिइन्छ भनिएको छ ।[५] यसको अर्थ समावेशी संरचनाभित्र राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक तथा प्राकृतिक विषयसँग सम्बन्धित कुराहरू पर्दछन् । केवल राजनीतिक तथा प्रशासनिक समावेश वा उन्नतीको बाटो मात्र समावेशी हुँदैन भन्ने बुझिन्छ । यो परिभाषा अनुसार नेपालमा समावेशी संरचनाको विषय हठेको छ या छैन भन्ने कुराले नेपाली विधायिका, राज्यका अंग वा नीति निर्णयको तहमा समावेशीको माग र पहलभएको छ कि छैन र संविधानसभा समावेशी हुन सक्यो या सकेन भन्ने कुराको निर्धारण गर्दछ । राजनीति क्षेत्रमा मात्र होइन आर्थिक गतिविधिका विषयमा खासगरि आर्थिक शक्तिको समान वितरणका मामलामा सम्बन्ध

---

[३] काशीराज दाहाल (२०६३), *संविधानसभा र संवैधानिक विकास,* काठमाण्डौ : निरन्तर प्रकाशन, पृ. ६९ ।

[४] *www.inclusivedemocracy.com*. January10, 2010, p.2.

[५] *Ibid.*

राख्दै अपनाइने विधि पनि समावेशी विधि हो भनिएको छ ।[६] विश्वव्यापीरूपमा देखिएका आर्थिक गतिविधिहरू जस्तै उत्पादन, लगानी, व्यापार, कामको रकम, फुर्सदको प्रयोग, तथा प्रविधि आदिका विषयहरूका निर्णयहरूमा समेत नागरिकहरूको विना प्रतिनिधित्व सामुहिक उपस्थिति समावेशी आर्थिक प्रजातन्त्र भनिएको छ । यस्तो प्रजातन्त्र पूँजीवादी तथा समाजवादी अर्थतन्त्र भन्दा व्यापक फरक हुने भनिएको छ ।[७] समावेशी सहभागिताले समाजमा रहेका प्राकृतिक स्रोत र साधन अर्थात भौगोलिक अवस्थालाई विद्वानहरूले 'ecological' भने पनि वास्तवमा प्रकृतिसँग सम्बन्धित भएकाले यसलाई प्राकृतिक स्रोत तथा भौगोलिक स्रोत वा अवस्थितिको अर्थमा बुझ्दा गलत नहुने देखिन्छ । राजनीतिक, आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक समान सहभागिता र उपस्थिति नै समावेशी हो भन्ने अर्थ माथिका भनाईहरूबाट बुझ्न सकिन्छ । यस्तो बुझाईबाट नेपाली विज्ञहरू पनि अनभिज्ञ भएको मान्न हुँदैन । नेपाली विज्ञहरू पनि के भन्दछन् भने : "समावेशी लोकतन्त्रको अवलम्वनद्वारा मुलुकको राजनीतिक आर्थिक, साँस्कृतिक जस्तो विविध विषयको निर्णय प्रकृयामा सवै वर्ग, जाति भाषा, सम्प्रदाय, लिङ्ग र क्षेत्रको समान सहभागिताको सुनिश्चितता हुनु पर्दछ" ।[८] यसको अर्थ समावेशी भनेको राजनीतिक, आर्थिक, साँस्कृतिक, क्षेत्रीय तथा प्राकृतिक असन्तुलन वा बहिस्करणलाई त्यागेर ती बहिस्करणमा परेका समुदायलाई राज्यको हरेक अंगमा समावेश गरिने प्रकृया नै समावेशी हो भन्ने बुझ्नु पर्दछ ।

४.२. नेपालको सन्दर्भमा समावेशीकरणको सवाल

नेपाली समाजमा वर्ग, जाति, लिङ्ग, क्षेत्र तथा धर्मका आधारमा विभेदहरू छन् । ती विभेदहरूलाई न्युनिकरण गर्दै समतामुलक समाजको निर्माणका लागि पिछडिएको वर्ग जाति, लिङ्ग र क्षेत्रका जन समुदायलाई राज्यका हरेक तहमा समावेश हुने अवसर प्रदान गर्ने कुरालाई समावेशीकरण भन्ने बुझिन्छ । नेपालको रीति परम्परा, धर्म संस्कृतिका साथै भू-वनावटका कारणले नेपालमा धेरै ठूलो मानवीय शक्ति बहिष्करण (Exclusion) मा परेको छ ।[९] तिनलाई राज्यको हरेक अंगमा समावेश हुने अवसर दिई क्षमताको अभिवृद्धि गराउने कुरालाई समावेशीकरण भनिन्छ । समावेशीकरणको सिधा अर्थ

---

[६] *Ibid*, p.3.

[७] *Ibid.*

[८] दाहाल, *पूर्ववत्*,नं.३, पृ.६९ ।

[९] Harka Gurung (2007), *From exclusion to inclusion socio political agenda for Nepal*, Nepal: inclusion research fund, pp.14-15.

कसैको वाहुल्यता र कसैको शून्यता, कसैको प्रभूत्व र कसैको पछौटेपन, कसैलाई राज्यको संरक्षण र कसैप्रति वेवास्ता कसैलाई अवसर र कसैलाई वन्चित नभई सवैप्रति समान व्यवहार, समान सहभागिता र सवैलाई समान व्यवहार भन्ने नै हो ।

धेरै लेखकहरूले नेपालमा समावेशी संरचनाको विषयलाई जात जातिसँग मात्र जोडेर हेर्ने गरेका छन् । विद्वान व्यक्तित्व हर्क गरुङले समावेशी संरचनाको आधार अर्थतन्त्र पनि हो भन्ने कुरा उल्लेख गर्दा गर्दै आर्थिक असमानताको आधार जातीय भेदभाव नै भएको बताउन पुगेका छन् र राज्य तथा समाजको बहिस्करणको नीतिका कारण राजनीतिक असमानता, आर्थिक असन्तुलन तथा शैक्षिक असमानता समाजमा खडा भएको उल्लेख गरेका छन् ।[१०] उनले नेपालमा ती बहिस्करणमा परेका समुदायलाई समावेशी बनाउन विभिन्न समयमा राज्यले तयार पारेका नीति नियम तथा संविधानहरू नै बाधक रहेको उल्लेख गरेका छन् । २०४७ सालको संविधानमा उल्लेखित "हिन्दू राज्य"को सवालले बहिस्करणको काम गरेको भन्दै समावेशीका धेरै एजेण्डाहरू प्रस्तुत गरेका छन् । तथापि जातीय अवधारणालाई अघि सारी दलित, जनजाति तथा मधेसीहरू बहिस्करणमा परेको उल्लेख गर्दै आर्थिक असमानताको सवाललाई पनि समेट्न प्रयास गरेका छन् । आर्थिक सवालमा आदिवासी जनजातिहरूको परम्परागत जमिन माथिको स्वामित्व अन्य समुदायले दखल गरेको उल्लेख गर्दै त्यसको राज्यले संरक्षण गर्नु पर्ने धारणा पनि व्यक्त गरेका छन् । उनले दलित बाहेक कुनै पनि जनजातिको सवालमा सामाजिक बहिस्करणमा नपरेको चर्चा गर्दै मानव स्रोत साधनको परिचालन र उचित वितरण, सीमान्तकृत समुदायको जनतालाई विकास गर्दै गरिवीको रेखालाई घटाउने र कुनै खास समूहको साँस्कृतिक प्रभूत्वको अन्त्य नै समावेशीताका आधारहरू हुन् भनेर उल्लेख गरेका छन् ।[११] समग्रतामा महिला, आदिवासी जनजाति तथा दलित समूदाय बहिस्करणमा परेको उल्लेख गरिएको छ । तर पनि कतै-कतै भौगोलिक धरालतका आधारमा पिछडिएको क्षेत्रलाई पनि बहिस्करणमा परेको भनि लिने प्रयास गरिएको छ । समावेशी समाज र संरचनाको विषयमा अनुसन्धान गर्ने अर्का अध्येता महेन्द्र लावतीले नेपाली समाजमा रहेको वहिस्करणका कारण नेपालमा माओवादी जनयुद्धको विकास भएको उल्लेख गर्दै यस्तै अन्य केही हिंसात्मक घटनाको समेत चर्चा गरेका छन् । नेपालमा बहिस्करणको स्रोत नेपालको प्रचलित कानुन तथा संविधान भएको बताउँदै शक्तिको बाँडफाँड र स्वशासनको अधिकारलाई

[१०] *Ibid*, pp. 5-17.

[११] *Ibid*, pp. 30-36.

समावेशीताको आधार मान्न समेत पुगेका छन् ।[१२] गरिवी निवारण भयो भने सवै बहिस्करणका समस्याहरू हल हुन्छन् भन्ने तर्कको खण्डन गर्दै र बहिस्करणको उदाहरण दिँदै लावतीले यसरी लेखेका छन्:

> पहिलो गरिव बाहुनले साँस्कृतिक, भाषिक र धार्मिक विभेदको सामना गर्दैन । यसरी अरु समूहका सदस्यहरूको भाषा धर्म, परम्परा र समुदायहरूको विरुद्ध विकासलाई अवरुद्ध गर्छ जवकी गरिव बाहुनले यस्तो अवरोधको सामना गर्नु पर्दैन । उदाहरणका लागि एउटा गरिव दलित (त्यो कुरामा चाँही धनी दलित पनि)ले पनि धेरै मन्दिरहरूमा प्रवेश गर्न अनुमति पाँउदैन जवकी एउटा गरिव बाहुनले यस्तो समस्या भोग्नु पर्दैन । दोस्रो, राज्यको मूल्य र मान्यताहरू प्रभूत्व समूहहरूको मूल्यहरूमा आधारित छन् र सीमान्तकृत सामाजिक साँस्कृतिक समूहहरूका सदस्यहरूसँग प्रतिस्पर्धा गर्न यसले गरिव बाहुनलाई साथ दिन्छ । उनीहरूकै मातृभाषामा सञ्चालन गरिएका नागरिक सेवाका परीक्षाहरूमा ठूलो संख्यामा बाहुनहरू नै पास हुनु आश्चर्यको विषय होइन, जवकी अरु नै मातृभाषा बोल्नेहरूले यो परीक्षामा नराम्रो नतिजा प्राप्त गर्दछन् । तेस्रो मानवशास्त्र अध्ययनहरूले के देखाएका छन् भने जिल्ला प्रशासनमा उही जातको प्रशासकहरूको उपस्थितिको जटिलतासँगै प्राय ग्रामिण क्षेत्रहरूमा अरु समूहहरूको बाँकी सुविधाहरू पनि लिएर गरिब बाहुनहरू शोषक बनेका छन् ।[१३]

लावतीको उक्त भनाईलाई सत्य मान्ने आधार पाँइदैन । किन भने गरिवले आर्थिक शोषणको भार खेप्नु परेको हुन्छ । सम्पन्न तल्लो जाति र विपन्न माथिल्लो जातिको वीचको विभेदलाई लावतीले प्रष्ट पार्न खोजेको देखिदैंन र आफ्नो जातीय आग्रहता उनमा देखिन्छ । लावतीको विश्लेषण वा तर्क माथि उल्लेखित हर्क गुरुङको विश्लेषणसँग मेल खाँदैन । जातीय रूपमा दलित बाहेक अरु जातिहरूमा सामाजिक साँस्कृतिक विषयमा खासै समस्या पाँइदैन । लोक सेवा आयोगको परीक्षामा पनि त्यस्ता बाहुनहरू मात्रै पास हुने कुरा ओरोपमात्र भएको पाईन्छ । प्रथमतः गरिव बाहुनले गरिवीको कारण पढ्न सक्ने अवस्थानै रहँदैन । बिना शैक्षिक योग्यता लोक सेवाको परीक्षा दिने कुरा पनि स्वभाविक हुँदैन । तसर्थ लावतीको भनाईलाई सत्यको नजिक रहेको मान्न सकिदैन । तथापि सामाजिक तथा साँस्कृतिक विभेदको सामना भने गरिव बाहुनले गर्नु नपर्ने भन्ने कुरामा भने विमति राख्न सकिदैन । लावतीको उक्त भनाईले नेपाली समाजमा रहेको बर्गीय असन्तुलन र उपेक्षालाई प्रतिनिधित्व गर्दैन । वर्गीय समजमा वर्गीय विभेदले वर्ग संघर्षलाई उत्तेजित बनाउने कुरामा लावतीको बुझाई केही कम या त्यतातिर ध्यान नगएको देखिन्छ । माओवादी विद्रोहको विकास विद्रोहको सुरुका दिनहरुमा उसले उठाएका वर्ग संघर्षका कदमहरु जस्तै भाटे कारवाही तथा अन्यायका विरुद्ध समाजमा चालिएका कदमहरुको कारण थियो भन्ने कुरा लावतीले नजर अन्दाज गरेको पाईन्छ । नेपाली समाजको मूल शासक वा शोषक वर्ग लावतीले भने जस्तो Caste Hill Hindu Elites Males (CHHEM छेम) मात्र होइन । बहुसाँस्कृतिक, बहुधार्मिक, बहु वर्ग, असमान भौगोलिक अवस्थिति तथा लैंगिक विभेद समेत

---

[१२] महेन्द लावती (२०६३), *लोकतन्त्र उन्मुख नेपाल, बहुसाँस्कृतिक समाजका लागि समावेशी राजीतिक सीस्थाहरू,* .राजेन्द्र सुब्बा (अनु), ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, संस्थागत सुदृढिकरण परियोजना, पृ. १०७-१५२ ।

१३. *उही*, पृ. १०२ ।

रहेको नेपाली समाजमा जातीय उत्पीडनको समस्या भित्र मात्र अध्ययन गरेर जातीय धरातलमा मात्र समाधान खोजियो भने त्यो प्रत्युत्पादक हुन जान्छ तर यसको अर्थ जातीय उत्पीडनलाई पनि नजर अन्दाज भने गर्न पनि हुँदैन । तसर्थ नेपाली समाजमा समावेशी प्रतिनिधित्व र विकासको कुरा गर्दा जाति, वर्ग, लिङ्ग, क्षेत्र र सकेसम्म भाषा र धर्मलाई पनि समावेश गरेर हेरिनु पर्दछ । नेपाली समाजमा इतिहासको कुनै कालखण्डमा जातीय विभेद नरहेको पनि पाईन्छ । नेपाली इतिहासको जनक मानिएको लिच्छविकालमा नेपाली समाजमा अन्तरजातीय विवाह पनि भएको र खानपानमा जातीय छुवाछुत पनि नरहेको पाईन्छ ।[१४] यसले के देखाउँछ भने त्यो समयमा जव खानपानमा जातीय छुवाछुत र वैवाहिक विभेद नभए पछि समाजमा जातीय विभेद थियो भन्न मिल्दैन । नेपालमा जातीय प्रथाको विषयमा इतिहासका एक विद्वानले यसरी लेखेका छन् :

> नेपालमा सामन्ती राजसत्ताको जग पृथ्वी नारायण शाहले बनाएको नभएर विश्व सभ्यताको विकाससँगै विकसित हुँदै आएको छ । नेपाल मूलतः दुई विश्व सभ्यताको बीच भागमा रहेको र दुवै सभ्यताबाट धेर थोर प्रभावित बनेको क्षेत्र हो । ह्वाङहो र याङ सिक्याङ नदीको किनारबाट विकसित चीनीयाँ सभ्यता र सिन्धु, गंगा र ब्रम्हपुत्र नदीको किनारबाट विकसित महेन्जोडारो र हरप्पाको भारतीय (हिन्दू) सभ्यताको प्रभावबाट नेपाली जनजीवन प्रभावित छ । नेपालमा जन्मिएका गौतम बुद्धले जाति प्रथाको विरुद्ध अर्ति उपदेश दिएका भए पनि बौद्धमार्गीहरू समेत यस प्रथाबाट अलग हुन सकेनन् । नेपालमा शासन गर्ने गोपाल बंशी तथा महिषपाल वंशीहरूको समयमा वा लिच्छवि कालको समयसम्म पनि जाति प्रथाले जरो गाडेको पाँइदैन जाति प्रथालाई सामाजिक व्यवस्थापन भित्र हाल्ने र शासनमा सुधार गर्ने नाममा जयस्थिति मल्लले बाँधेको थितिदेखि नेपालमा जातिप्रथा सामाजिकरूपमा विभेदपूर्ण हुँदै आयो ।[१५]

यसले के देखाउँछ भने इतिहासको अघिल्लो समयमा नेपालमा जात प्रथा विभेदपूर्ण थिएन । विश्वका अन्य मुलुकमा पनि जात भन्ने कुरा रहेको पाईन्छ । भनिन्छ नेपाली समाजमा मात्र होइन विश्वका अन्य मुलुकमा पनि जाति प्रथा थियो । युरोपीय समाजमा पादरी भन्नुको अर्थ बाहुन जाति भएको बुझ्न सकिन्छ भने चीनीयाँ समाजमा त्यहाँ हान वंशको शासन रहेको समयमा स्थानीय गन्यमान्यका सिफारिसमा ब्राह्मण (scholar) वा विद्वान नियुक्ति गर्ने चलन थियो, जसको काम समाजमा धार्मिक कार्य तथा शिक्षा दिक्षा दिन तोकिएको थियो ।[१६] चीनमा यस्ता मान्छे छान्ने कुरा वंशाणुगत नभएर क्षमताको आधारमा नियुक्ति गर्ने परम्परा बसेकाले जातजाति प्रथाले विभेदकारी परम्पराको विकास गर्न सकेन भने युरोप र नेपालमा तथा अन्य कतिपय मुलुकमा वंशाणुगत नियुक्ति गर्ने चलनले जातीयताका आधारमा आफ्नो बर्चस्व समाजमा बनाई राख्न त्यसले विभेदकारी भूमिका

---

[१४] ढुण्डिराज भण्डारी (मिति अनु.), *नेपालको ऐतिहासिक विवेचना,* वाराणासी, बाबु माधवप्रसाद शर्मा, पृ. ७० ।

१५. राजकुमार पोखरेल (२०६५ चैत), "ऐतिहासिक धरातलमा जातीय राज्यको सवाल," *सरोकार नेपाल,* मासिक, काठमाण्डौ : राष्ट्रिय सरोकार नागरिक समाज, पृ. १४ ।

[१६] H. A. Devis (1975), *An outline of the history of the world,* (International edition), Oxford University Press, p .77.

खेलेको पाईन्छ । भारतमा भने छैटौं शताब्दीमा सुद्र मानिएको जातिमात्र अठार जातमा विभाजित भएको पाईन्छ ।[१७] यसरी हेर्दा जातीय विभेदको परम्परा हिन्दू सभ्यताको जगमा तत्कालीन केही टाठा-बाठाहरूले आफ्नो बर्चस्व समाजमा बनाई राख्न र शोषणलाई कायम राख्ने उपायका रूपमा ल्याइएको अस्त्र भन्ने बुझ्न सकिन्छ । नेपालमा पछि गएर मल्ल कालमा राजा जयस्थिति मल्लको शासनको समयमा तान्त्रिक बुद्धहरूको प्रभाव बढ्दै गएको र वर्णाश्रम धर्मको विरोधमा उठेको वौद्ध धर्म विकसित हुने घटनाले बर्णाश्रम समाप्त हुने खतरा देखि जातीय विभेदबाट समाज सञ्चालन गर्ने नियम बसाल्न पुगे । उनले पूर्वीय पण्डित कीर्तिनाथ उपाध्याय, काब्य कुञ्ज, दक्षिणतिरका मैथिली पण्डित रघुनाथ झा र रामनाथ झा तथा पश्चिम क्षेत्रका पण्डित श्रीनाथ भट्ट र महिनाथ भट्टको सहयोग र सल्लाहमा सूवर्ण हिन्दु जातिको प्राचीन आर्यवर्ण व्यवस्थाको विधि बाँधे ।[१८] यसपछि देखि नेपाली समाजमा जातीय विभेदकारी प्रथा मजबुत बन्न पुगेको देखिन्छ । तर नेपालमा धार्मिक, क्षेत्रीय, लैंगिक तथा वर्गीय विभेद भनेको समाजको विकास क्रमसँगै हुर्कदै आएको छ । यी विभेदहरूले सृजना गर्ने सामाजिक द्वन्द्वलाई न्युनिकरण गर्न विश्वका राजनीतिक अनुसन्धाताहरूले समवेशी संरचनाको परिकल्पना गरेको पाईन्छ । अहिले नेपाल पनि यो प्रकृयाबाट अलग हुन सक्दैन ।

४.३. नेपालमा समावेशी संरचनाको माग

नेपालमा समावेशी संरचनाको माग भएको लामो समय देखिदैन । तथापि परोक्ष माग र समावेशी संरचनाको आवश्यक्ताको बोध भने धेरै पहिले देखिनै हुँदै आएको हो । राजा पृथ्वीनारायण शाहको उपदेशमा भनिएको "यो मुलुक मेरा साना दुःखले अर्ज्याको होइन, यो चारवर्ण छत्तिस जातको साझा फूलवारी हो सवैलाई चेतना भया" भन्ने कुरा नै समावेशी अवधारणाको एक अभिव्यक्ति हो । किन भने नेपाल एकीकरण गर्दा पृथ्वीनारायण शाहले सवै जाति जस्तै हरिनन्दन उपाध्याय, झागल गुरुङ्ग देखि विसे नगर्ची (दलित) सम्मले उनको कार्यमा सहयोग गरेका थिए र यसबाट पृथ्वीनारायण शाह प्रभावित थिए । तर समावेशी संरचनाको वैधानिक निर्माण र व्यवहारिक प्रयोगका अभावमा नेपालमा धेरै विभेदकारी घटनाहरू र बहिस्करणको प्रयोग हुँदै आयो । राणा शासनको समयमा त नेपालमा बहिस्करणको जड नै तयार भयो । राज्यले दिने दण्ड सजायमा पनि जाति अनुसार अलग-अलग दिने गरियो । पछि सामाजिक विभेद झनै गहिरो बन्दै गयो । राणा शासनको समाप्ती पछि पनि

---

[१७]. ऐ. ।

[१८] . वालचन्द्र शर्मा (वि.सं.२०३३), *नेपालको ऐतिहासिक रूपरेखा,* वाराणसी : कृष्णकुमारी देवी, पृ. १३८ ।

बहिस्करण न्युन गर्नका लागि कुनै ठोस् कदम अवलम्वन गरिएन । वि.सं.२०२० सालमा आएको नयाँ मुलुकी ऐनले यस्तो विभेद र बहिस्करणलाई अन्त्य गर्ने सानो प्रयास मात्र गरेको पाईन्छ । पञ्चायती शासनको समयमा विभिन्न वर्गीय संगठनका माध्यमबाट राज्यको नीति निर्माणको तहमा सम्बन्धित वर्गलाई पुऱ्याउने भनिए पनि त्यो व्यवहारिक प्रयास थिएन । २०४६ सालको आन्दोलन पछि २०४७ सालमा बनेको संविधानले पनि महिलाको हकमा ५ प्रतिशत निर्वाचनमा उठाउनु पर्ने प्रावधान बाहेक केही दिन सकेन । प्रायः जसो निर्वाचनमा पराजित हुने स्थान मात्र महिलालाई उमेद्वारी दिने जस्ता कामहरूले व्यवहारिक रूपमा त्यो सही प्रतिनिधित्व हुने प्रकृया थिएन । वि.सं.२०६२/०६३ सालको जन आन्दोलन भन्दा पहिलेका आन्दोलनहरूमा कहिल्यै पनि समावेशी संरचनाका कुरा नेपालमा जोड तोडका साथ उठेनन् । यद्यपि नेपालको राज्य सत्तामा आमूल परिवर्तन र राज्य पुर्नःसंरचनाको माग नेपालका कम्युनिष्टहरूले सुरु देखिनै गर्दै आएका थिए । पछिल्लो चरणमा नेपालका कम्युनिष्टहरूले पनि वर्गीय विभेदको अन्त्य गर्ने कुरालाई राजनीतिक नारा समावेशीकरणको विचारको यथार्थको धरातलमा पुग्न सकेका थिएनन् । २०५२ सालको फागुन महिनादेखि नेपालमा जनयुद्धको नाममा सशस्त्र संघर्षको थालनी भयो । यो जनयुद्धको थालनी भएपछि जनयुद्धको आवश्यकता बारे प्रष्ट पार्दै नेकपा (माओवादी) का नेता बाबुराम भट्टराईले साम्राज्यवादी उत्पीडनबाट मुक्ति पाउन, आन्तरिक सामाजिक तथा क्षेत्रीय सम्बन्धहरूको द्वन्द्व हल गर्न, अर्ध सामन्ती सम्बन्धहरू तोड्न औधोगिक क्षेत्रमा देखिएका दलाल तथा नोकरशाही पूँजीवादी शोषण खत्तम गर्न, क्षेत्रीय असमानता र राष्ट्रियताका सवालहरू हल गर्न जनयुद्ध सञ्चालन गर्नु परेको उल्लेख गरेका छन् ।[१९] उनले आफ्नो पार्टीको नेतृत्वमा चलेको जनयुद्धकै समयमा त्यसबाट प्राप्त अनुभवहरूलाई समेत समेट्दै जनयुद्ध सुरु भएको तीन वर्ष पछि एक पुस्तकमा राज्यमा जातीय, क्षेत्रीय, वर्गीय तथा लैंङ्गिक असमानता र विभेद तथा अन्तरविरोधहरू रहेको र तीनको समाधान सामन्तवाद तथा साम्राज्यवाद विरोधी मुक्ति आन्दोलनबाट मात्र हुने उल्लेख गरेका छन् । त्यही मुक्ति आन्दोलनसँग गाँसिएका सवालहरू भएकाले नेपाली समाजमा Territorial Autonomy भन्दा पनि Cultural Autonomy का आधारमा राज्यको रूपान्तरण गर्नु पर्ने र ती तमाम् अन्तरविरोधको हल गरिनु पर्ने उल्लेख गर्दै वर्गीय र जातीय प्रश्नको अन्तरसम्बन्ध, जातीय तथा क्षेत्रयि प्रश्नको भिन्नता, आत्म निर्णयको अधिकार र स्वशासनको प्रश्नमा जातीय तथा क्षेत्रीय सवालहरू र उत्पीडनको स्थितिलाई प्रष्ट पार्ने प्रयास गरेका छन् । स्थानीय सत्ता, जन सहकारिता, जनसत्ताको स्वरूप र पद्दति, आदि विषयमा समेत अरु भन्दा फरक तरिकाले चित्र

[१९] . For detail, Baburam Bhattarai (1998), *Politico-economic rational of people's war in Nepal*, Kathmandu: Utprerak Publication, Pvt. Ltd.

प्रस्तुत गर्ने प्रयास गरे । उनको तर्कका आधारमा नेपालमा विभेद वा बहिस्करणका चार पक्ष रहेको मानिन्छ जो निम्नानुसार छन् । १)जातीय, २) वर्गीय ३) लैंगिक तथा ४) क्षेत्रीय भन्ने अर्थमा बुझ्नु पर्ने हुन्छ । यी चार प्रकारका अन्तरविरोधहरूबाट सृजना हुने द्वन्द्वलाई न्युनिकरण गर्न समावेशी संरचना निर्माण गर्दा उल्लेखित चार प्रकारका अन्तरविरोधहरूलाई हल गर्ने प्रयत्न गरिनु पर्ने विचार माओवादी नेतृत्वले अघि सारेको पाईन्छ । माओवादी जनयुद्धको समयमा माओवादीले उठाएको वर्ग संघर्षका विविध कदमका अतिरिक्त यस्ता विचारहरू पनि अघि सारिएपछि विद्रोहले विकास गरेकाले यी अन्तरविरोध तथा समस्याहरू नेपाली समाजमा विद्यमान रहेको कुरालाई कसैले नकार्न सकेन । यसरी माओवादी जनयुद्धको विकास र प्राप्त गर्दै गएको विजय भनेकै नेपाली राज्यमा समावेशी संरचनाको आवश्यकता रहेको हो भन्ने ठहर अन्य सबै राजनीतिक दलहरुले जवरजस्ती स्वीकार गर्न थालेपछि समावेशीकरणले स्थान पाउन थाल्यो । यही क्रममा त्यसवेला विद्रोहमा रहेको नेकपा (माओवादी)ले क्रान्तिकारी जन परिषद गठन गर्दै ७५ बुँदे आम नीति तथा कार्यक्रम अघि सार्न पुग्यो । त्यो कार्यक्रम आइसकेपछि त माओवादी विद्रोहको विकास नेपालमा केवल राजनीतिक कारणले मात्र भएको होइन र यस्तो विद्रोहको मागलाई संवोधन गर्ने सवालमा वा त्यसको समाधान राज्यका हरेक क्षेत्रमा समावेशी आधारमा पुर्नःसंरचना गरिनु पर्ने स्वीकार आम रूपमा नै हुन थाल्यो । नेपालको वौद्धिक जनमत पनि यसबाट प्रभावित बन्दै गयो । माओवादी विद्रोही शक्तिसँगको वारम्वारको छलफल तथा सम्बन्धले नेपालमा शान्ति स्थापना गर्ने हेतुले २०६२ साल मंसिर ७ गते नेपालका संसदवादी प्रमुख सात दल र नेकपा (माओवादी)का बीचमा १२ बुँदे समझदारी भयो र नेपालमा अभूतपूर्व जनआन्दोलन भयो । जन आन्दोलनमा उठाईएका प्रसंगहरूमा समावेशी लोकतन्त्र पनि मागको रूपमा अघि आयो । वास्तवमा माओवादीले अघि सारेको राज्यको पुर्नःसंरचनाको मागले संसदवादी दलहरू मात्र होइन पुराना पञ्चहरूलाई समेत आकर्षित गरेको पाईन्छ । सत्तामा बसेर माओवादीसँग वार्तामा आएका तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले नेतृत्व गरेको राष्ट्रिय जनशक्ति पार्टीले पनि पछि सत्ताबाट हटेपछि राज्य पुर्नःसंरचनामा समावेशीकरणको उपादेयतालाई स्वीकार गर्न पुग्यो । यी तमाम् तथ्यहरूले के देखाउँछन् भने नेपालमा समावेशीकरणको आवश्यकता छ र त्यसैको अभावमा हिंसात्मक विद्रोहहरू विकसित हुने गर्दछन् । नेपालमा समावेशीकरणकै मुद्दालाई उठाएर नेकपा (माओवादी) १० वर्षसम्म जनयुद्धमा टिक्न सक्यो र संविधानसभाको पहिलो निर्वाचन २०६४ मा सवैभन्दा ठूलो दल हुनुको पछाडि पनि उसले अघि सारेको समावेशीकरणको माग पनि एक रहन गएको छ । नेपालमा समावेशीकरणका लागि बहिस्करणको अवस्थालाई पहिचान गर्न जरुरी छ र बहिस्करणमा परेका क्षेत्रहरूको पहिचान गरी

समावेशी संरचनाको आधारहरू तय गर्न सकिन्छ । अध्ययनका तथ्यहरूले नेपालमा बहिस्करणका निम्न तथ्यहरू रहेको पाईन्छ । १) जातजाति, २) वर्ग, ३) लिङ्ग ४) भू-धरातल ।

४.३.१.जातजाति

नेपालमा इतिहासको कालखण्ड वा सभ्यताको विकास क्रममा जातीय विभेद प्रचुररूपमा नभए पनि पछि विकसित भएर आयो भन्ने कुरा माथि नै उल्लेख गरि सकिएको छ । पेशागतरूपमा रहेका सीप र व्यवहारलाई जातिमा परिणत गरी विभेदको सृजना गर्ने काम नेपालका शासकहरूले नै गरेका थिए । लिच्छविकालमा नभएको जातीय छुवाछुत र विहेवारीमा समेत जातीय रोकटोकलाई पछिल्लो चरणमा समाजमा स्थापित गरियो । मल्लकालीन नेपालमा यसलाई कानुनी प्रकृयामा रूपान्तरण गरेपछि यसले विकराल रूप लिँदै गयो र राणा शासनमा यसको झन् धेरै प्रयोग भयो । जसका कारणले नेपालमा जातीय विभेद र बहिस्करणको अवस्थाले मौलाउने मौका पायो । यस सन्दर्भमा एउटा अन्तरवार्तालाई यहाँ उल्लेख गर्न सान्दर्भिक ठानिन्छ । धनकुटाका पण्डित स्व. छविलाल पोखरेलका अनुसार वि.सं.२००४ सालको घटना हो । राणा शासनको समयमा अछुत मानिएका जातिहरूलाई धनकुटाको विहिवारे हाटमा समेत प्रवेश गर्न रोक थियो । हाट भन्दा करिव १०० मिटर बाहिर बसेर ती जातिहरूले हाटभित्र प्रवेश गर्ने अन्य जातिका मान्छेलाई पैसा दिएर आफ्नो सामान किन्न पठाउनु पर्दथ्यो । त्यसवेला समाजमा पढेका मान्छेहरू पाउन कठिन थियो । वि सं. १९८९ मा धनकुटामा गोकुण्डेश्वर हाई इङ्गलिस स्कुल खुलेको थियो । बनारसबाट आचार्य पास गरेर आएका पण्डित पोखरेललाई राणा शासकहरूले २००४ सालमा त्यो स्कुलमा अध्यापन गर्न अनुमति दिए । स्कुलमा अछुत जातिका मानिसलाई प्रवेशमा रोक थियो । कक्षा कोठामा अन्य जातिका मानिसहरू पढ्ने गर्दथे तर अछुतहरू भने झ्याल बाहिर बसेर हेर्ने गर्दथे । अरु जातिका सँग-सँगै राखेर उनीहरूलाई पढाउन पाँइदैन थियो । एक दिन पण्डित पोखरेलले ती अछुत जातिका मानिसलाई स्कुलमा हुलेर पढाउने प्रयास गरे र उनीहरूलाई शनिवारका दिन पढ्न बोलाए जुन दिन अरुका लागि विदाको दिन थियो । स्कुलभित्र हुलेर पढाएपछि राणा बडा हाकिम माधव सम्शेरले उनलाई बोलाएर अपराध गरेको आरोप लगायो । उनले पनि आफूले शास्त्रका नीतिहरु सवै हेरेर उनीहरूलाई स्कुलमा प्रवेश गराउन हुँदैन भन्ने कतै नभनिएकाले स्कुलमा हुलेको हो र यदि कसैले हुँदैन भनेर लेखेको आफूलाई देखाए अपराध अनुसार सजाय पाउन तयार भएको बताए । अर्को दिन बडा हाकिमले जिल्ला भरीका सवै पण्डितहरूलाई बोलाएर सोधेछन् र छविलाल पोखरोलले गरेको भनेको सुनेपछि ती सरहदका विद्वानहरूले “उहाँ त हामी सवैको गुरु उहाँले हुन्छ भनिसकेपछि त्यसको विकल्प छैन” भन्ने

जवाफ दिएपछि उनलाई अपराधबाट मुक्त गरेको बताए ।[२०] यसले के देखाउँछ भने जातीय विभेदको विरुवा शासकहरूले नै रोपेका थिए । यो विभेदमा हर्क गुरुङले माथि भने जस्तै अछुत भनिएका जाति बाहेक अरुमा भने त्यस्तो धेरै समस्या होइन । तथापि जात अनुसार पेशा गर्नु पर्ने र अन्यले बहिस्करणमा पर्नु पर्ने अवस्थाले समाजमा असमानतालाई नै प्रोत्साहन गर्दछ र समाज विकासको नियमलाई अवरोध गर्दछ । यो बहिस्करणलाई अन्त्य गरी समाजमा सामान्जस्यता कायम गर्न पनि समावेशी संरचनाको आवश्यकता रहेको पाईन्छ । नेपालमा विगतमा राणा शासन वा त्यस अघिका एकतन्त्रीय हुकुमी शासनमा मात्र होइन पछिल्ला प्रजातान्त्रिक भनिएका शासनमा पनि राज्य संरचनामा जातीय समावेशी उपस्थिति गराउने प्रयास भएन । राज्यको नीति निर्माण गर्ने मूल थलो व्यवस्थापिकामा कहिल्यै पनि समावेशी उपस्थितिको लागि न कुनै नियम बने नत कुनै व्यवस्थाका लागि व्यवहारिक प्रयोग नै भयो । यसलाई पुष्टि गर्नका लागि जातीयरूपमा नेपालको व्यवस्थापिका खास गरेर प्रतिनिधीसभा वा जनताबाट निर्वाचीत राष्ट्रिय पञ्चायतमा भएको उपस्थितिलाई हामी उदाहरणको रूपमा लिन सक्छौं । जहाँ कुनै प्रकारको समावेशीकरण भएको पाँइदैन । कानुन बनाउने मूल थलो नै समावेशी चरित्रको नभए पछि त्यसले समावेशी नीति नियम तथा कानुनहरू बनाउने काम गर्दछ भन्ने कल्पना गर्न सकिँदैन । अझ समावेशी चरित्रको राज्य व्यवस्था तथा नियम कानुन बनाउने सोच लामो समयदेखि थोरैले उठाउँदै आएका भए पनि ज्यादै पातलो आवाज त्यसले दिइरहेको थियो । नेपालमा समावेशी राज्य निर्माणमा योगदान पुऱ्याउने विधायिकाको समावेशीकरणको अवस्थाको यहाँ अध्ययन गर्न सान्दर्भिक हुन्छ ।

कतिपय लेखकहरूमा नेपालको न्यायपालिकाका साथै कर्मचारीयन्त्र भित्रको जातीय समावेशीकरणको अवस्थाको निकै नाजुक रहेको आफ्ना अनुसन्धानमुलक पुस्तकहरू मार्फत पनि प्रस्तुत गर्दछन् । खास गरी जातिवाद तथा र भू-धरातलीय असन्तुलनमा केन्द्रित रहेर नेपालमा समावेशीकरण नभएको उनीहरूले तर्क प्रस्तुत गरे पनि ।[२१] वर्गीय वा आर्थिक असन्तुलनलाई ध्यान नदिएर गरिने अध्ययनले समावेशीकरणलाई पूर्णत आकार दिन सक्दैन । विशेषगरी जातिवाद माथि बढी केन्द्रित हुने र समाजको वर्गीय असन्तुलन प्रति आँखा चिम्लने प्रवृत्तिले समाजमा द्वन्द्वको हल गर्न सक्दैन । सीताराम तामाङद्वारा सम्पादित पुस्तकका कुनै पनि लेखहरू वर्गीय असन्तुलन र त्यसले जन्माउने परिणाम प्रति भने धेरै मौनता साँधिएको छ । यसबाट विगतका निर्वाचनहरूबाट

---

[२०] .छविलाल पोखरेलसंगको राजकुमार पोखरेलले लिएको अन्तरवार्ता २०५१ साल भदौ १५ ।

[२१] .पूर्ण विवरणका लागि, सिताराम तामाङ (सं) (२०६३), *नेपालको सन्दर्भमा राज्यको पुन संरचना,* काठमाण्डौ : सामना प्रकाशन ।

व्यवस्थापिकामा हुने लैङ्गिक तथा जातीय उपस्थितिमा ज्यादै ठूलो असमानता भएको पाईन्छ । यसलाई बहिस्करण भनिएको छ । महिलाहरूलाई जित्ने निर्वाचन क्षेत्रमा उम्मेदवारी दिन नदिएको गुनासो पनि सुन्नमा त्यसवेला नआएको होइन । यो बहिस्करणलाई अन्त्य गर्दै समान उपस्थिति जनाउने अवस्थाको सृजना नै समावेशी हो । नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरे अनुसार धर्म निरपेक्षतालाई अवलम्वन गरेर धार्मिक विभेदको अन्त्य गर्ने प्रयास गरिएको छ भने जाति, लिङ्ग, क्षेत्र आदिमा समावेशी प्रकृयाले समानुपातिक निर्वाचन विधि अपनाईएको छ । जस अनुसार संविधानसभाको निर्वाचनबाट बनेको व्यवस्थापिका संसद विगतको व्यवस्थापिकाको तुलनामा जातीय तथा लैङ्गिक रूपमा तुलनात्मक रूपमा समावेशी भएको पाईन्छ ।

४.३.२. वर्गीय समावेशीताको सवाल

समाजको विकासक्रमसँगै मानिसहरू जंगली अवस्थाबाट सामाजिक अवस्थामा परिणत भएकै अवस्था देखि समाजमा धनी गरिव, सानो ठूलो, आदि वर्गको उत्पत्ति भएको र एकले अर्को माथि शोषण र शासन गर्ने गरेको पाईन्छ । वर्गीय विभेद समाजमा ज्यादै डर लाग्दो हुन्छ । यही वर्गीय विभेदका आधारमा संसारमा ठूला-ठूला लडाईहरू भएका छन् । नेपाली समाजमा पनि शासक तथा शाषित वर्ग र शोषक तथा शोषित वर्ग भएको पाईन्छ । यो वर्गको विभाजन जातीय आधारमा नभएर आर्थिक उपार्जन तथा उत्पादनका सम्बन्धहरूको आधारमा रहेको पाईन्छ । विगतका दिनमा नत वर्गीय आधारमा कुनै प्रतिनिधित्व व्यवस्थापिकामा भयो नत सरकारका वा राज्यका कुनै अंगमा । तल्लो वर्गको जीवन उकासेर माथि ल्याउने न कुनै नियम तथा पर्याप्त कानुनहरू नै बने । पञ्चायती शासनकालमा बनेको भूमि सुधारले भूमि व्यवस्थामा मात्र केही सुधार गर्ने मौका मिल्यो । तथापि यसको कार्यान्वयन गर्ने ठाउँमा खास गरेर किसान तथा जोताहाको पहुँच पुग्न नसक्दा त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेन । पञ्चायती निर्वाचनहरूमा वर्गीय संगठनहरूको उपस्थिति हुने व्यवस्था भए पनि त्यहाँ जाने वर्ग किसानको ठाउँमा जमिन्दार, मजदुरको ठाउँमा पूँजीपति हुने हुँदा त्यसले वर्गीय हितमा खासै काम गर्न सकेन । विगतका निर्वाचनहरू ज्यादै महँगो परेकाले तल्लो वर्गको व्यक्ति निर्वाचन लडेर जितेर माथि जाने सम्भावना नै थिएन । गरिवलाई व्यवस्थापिकामा ल्याउने काम सदनमा राष्ट्रिय सभामा मनोनयन गर्दा मात्र गर्न सक्ने भए पनि त्यसको प्रयोग भएन । वर्गीय रूपमा रहेको असमानताकै कारण विगतमा माओवादी जनयुद्धले विकास गरेको तर्क दिँदै वि.सं.२०५६ सालमा भएको प्रतिनिधिसभाको निर्वाचनबाट विजयी बनेका सांसदहरूको आर्थिक विवरणका आधारमा तयार पारिएको र संसद सचिवालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा केन्द्रीय तथ्याङ्क विभागबाट लिइएको

विवरणको आधारमा एक विद्वानले आफ्नो अनुसन्धान कृतिमा वि.सं.२०५६ सालको निर्वाचनबाट गठन भएको प्रतिनिधिसभामा भएको वर्गीय असमानताको चित्र यसरी प्रस्तुत गरेका छन् ।[२२]

तालिका २ : वि.सं.२०५६ सालको निर्वाचनबाट गठित प्रतिनिधिसभा

वर्गीय उपस्थिति	प्रतिनिधि सभामा उपस्थिति	देशभरिमा जनसंख्याको वर्गीय उपस्थिति प्रतिशतमा	कैफियत
जुनदिन कमायो त्यसैदिन सक्ने सर्वहारा वर्ग	छैन	२५.१४	यो वर्गको प्रतिनिधित्व भएन
वार्षिक १ लाख मुनी आयश्रोत भएको बलैले खानपुग्ने निम्न मध्यमवर्ग	सम्बन्धित व्यक्तिले उल्लेख गरेको विवरणका आधारमा संख्यामा ५ जना	२२.४८	यो वर्गको समुचित प्रतिनिधित्व भएन
१लाख देखि ३लाख वार्षिक आम्दानी भएको मध्यम वर्ग	सम्बन्धित व्यक्तिले उल्लेख गरेको विवरणका आधारमा संख्यामा ८१ जना	४०.१२	यो वर्गको प्रतिनिधित्व लगभग हाराहारीमा भए पनि केही प्रतिशत कम उपस्थिति छ
३ लाखभन्दा माथिको आयस्रोतको उच्च वर्ग	सम्बन्धित व्यक्तिले उल्लेख गरेको विवरणका आधारमा संख्यामा ११९ जना	१२.२६	यो वर्गको अत्यधिक प्रतिनिधित्व भयो

स्रोतः Pokhrel (2008 AD), p.280.

पोखरेलद्वारा प्रस्तुत आय आर्जन र वर्ग स्रोतको सवाल आज भन्दा ६ वर्ष अगाडीको देखिन्छ । उक्त ५ वर्ष अघिको आय आर्जन आजका दिनमा दुई गुणा फरक परिसकेकोछ । तसर्थ एक लाख भन्दा कम आय स्रोत भएको व्यक्ति निम्न मध्यम वर्ग भन्ने कुरा अथवा ३ लाख भन्दा माथिको आम्दानी भएको व्यक्ति उच्च वर्गको भन्ने आजको समय सापेक्षतामा सही देखिँदैन र भोलिका दिनमा झनै फरक पर्दै जान्छ । तथापि वर्ग स्रोत पहिचान गर्न भने यस तथ्यले सहयोग पुऱ्याउँछ ।

द्वन्द्व उत्पन्न हुने एक महत्वपूर्ण कारण वर्गीय विसमता पनि हो । यो वर्गीय विषमतालाई आजका दिनसम्म पनि नजर अन्दाज गरिदै आएको छ । गरिवीका आधारमा खडा भएका मानिसहरूको प्रतिनिधित्व कतै समाविष्ट छैन र यो वर्गीय विसमताले वर्ग संघर्षको जन्म गराउँछ । विगतमा भएको यो पक्षलाई नजर अन्दाज गर्ने काम संविधानसभाको निर्वाचनमा र त्यसपछि बनेका कानुनहरूमा

[२२]. राजकुमार पोखरेल, (२०६३ मंसिर १९ गते), "संविधान सभाको प्रकृया र राज्यको पुनः संरचना, झापाको दमकमा आयोजित नेपाल बद्धिजीवी परिषद झापाले आयोजना गरेको विचार गोष्ठीमा प्रस्तुत " कार्यपत्र, अप्रकाशित ।

राज्यका हरेक अङ्गमा जाति, क्षेत्र तथा लिङ्गको समावेशी प्रतिनिधित्वको परिकल्पना गरिए पनि वर्गीय प्रतिनिधित्व भएको पाँइदैन । एउटा मजदुर उद्योगको मालिक बन्ने वा त्यस वर्गको राज्यको नीति निर्माण तहमा पुगेर आफ्नो वर्गीय हितको विषयमा सोच्ने अवस्था नबनेसम्म वर्गीय विभेदले खडा गर्ने समस्या समाजमा यथावत रहिरहन्छ र नेपालको अन्तरिम संविधान २०६३ ले समावेशी राज्यको कल्पना गरेको भए पनि वर्गीय प्रतिनिधित्वको वारेमा परिकल्पना गर्न सकेको देखिँदैन ।

४.३.३.लैङ्गिक सवाल

लैङ्गिक सवालमा नेपालमा धेरै पहिलेदेखि महिलाहरूको समान अवसरको आवाज उठ्दै आएको भएपनि नेपालको अन्तरिम संविधान २०६३ लागू हुनु भन्दा पहिले व्यवहारिक ढंगले समावेशी प्रयोग भएको थिएन । तर त्यसपछि भने सरकारी सेवा देखि हरेक क्षेत्रमा समावेशीकरणको अवधारणा र प्रयोग हुन थालेको छ । जग्गा जमिन खरिद गर्दा लाग्ने राजस्व देखि विभिन्न कुराहरूमा महिलालाई छुट आरक्षणको व्यवस्था गरिएको छ । नेपालमा पछिल्ला दिनमा लैंङ्गिक समावेशीलाई धेरै मात्रामा सहज बनाइएकोछ । जुन विगतका दिनमा थिएन । संविधानसभाको निर्वाचनमा समानुपातिक निर्वाचनमा राखिएको ५० प्रतिशतको व्यवस्थाले नीति निर्माण तहमा महिलाको उपस्थिति राम्रै रहेको छ । तथापि बहुमतीय निर्वाचन प्रणालीका कारण महिलाको उपस्थिति पूरुषको तुलनामा न्युन नै रहेको पाईन्छ, जसको तथ्याङ्क निर्वाचन प्रणाली सम्बन्धि उप शीर्षकमा उल्लेख गरिने छ ।

४.३.४.क्षेत्रीय वा भू-धरातलीय सवाल

नेपाल विविध भौगोलिक धरातलले बनेको मुलुक हो । यहाँ अति विकट हिमाली क्षेत्र तथा सुगम तराईका फाँटहरू पनि छन् । पहाडी धरातलमा कम जनसंख्या हुनु र तराईको भागमा बढी जनसंख्या हुनुको कारण पनि त्यही धरातलीय स्वरूपनै हो । स्वास्थ्य, शिक्षा, यातायात, तथा अन्य सुविधाका क्षेत्रमा नेपालको हिमाली जिल्लाहरू धेरै पिछडिएका छन् । ती पिछडिएका स्थानका मानिसहरू पनि पिछडिएका अवस्थामा छन् र तिनीहरूको आर्थिक अवस्था पनि कमजोर रहेको छ । ती स्थानको विकासका लागि ती ठाउँहरू कानुनी रूपले आरक्षणको अवस्थामा वा अवसरको अवस्थाको दायरामा आउन जरुरी छ । अरुसँग प्रतिस्पर्धामा ल्याउन उनीहरूको विकासका लागि राज्यले नै पहल गर्न जरुरी छ । यसरी हेर्दा नेपालको संसदीय शासन प्रणालीको काल खण्ड अर्थात नेपालको अन्तरिम संविधान २०६३ जारी हुनु भन्दा पहिलेसम्मको नेपाली शासन प्रणाली तथा व्यवस्थापिका समावेशी थिएन । अन्तरिम संविधान २०६३ लागू भएपछि भने पिछडिएको क्षेत्रलाई पनि ध्यान दिएर

समानुपातिक प्रणाली अवलम्वन गरिएको छ । जुन कुरा विगतमा थिएन । अव नेपालको विगतका व्यवस्थापिकाहरूको समावेशी चरित्रका विषयमा केही चर्चा गरौं ।

४.४.व्यवस्थापिका

संवैधानिक पदावलीमा राज्यका तीन अङ्ग न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको उल्लेख औपचारिकरूपमा गरिएको हुन्छ । तिनीहरू मध्ये सभा (Assembly) ले मूलतः व्यवस्थापिकालाई इङ्गित गर्दछ । किनभने आजसम्मको विश्व राजनीतिमा व्यवस्थापिकाको अधिक बहुमतले कानुन निर्माण र विधि तय गर्न भूमिका निर्वाह गर्ने गरेको छ । तसर्थ त्यही भारी बहुमतद्वारा निर्मित नै कानून हो । राजनीतिक व्यवस्था अन्तरगत संसद (parliament or *parlement)* भन्ने शब्द जुन अहिले पनि प्रयोगमा आइरहेकोछ । त्यो फ्रान्सेली क्रियापद 'parler' बाट बनेको हो र त्यसले सदन (chamber) र परिचय दिन्छ भन्ने राजनीतिक व्यवस्थाका विद्वानहरूको राय रहेकोछ ।[२३] सभा (Assembly) ले कानुन निर्माणमा मुख्य भूमिका निर्वाह गरेको हुन्छ । निर्वाचीत सभाहरूले सधैं प्रजातन्त्र (Democracy) लाई आत्मसात गरेको हुन्छ भनिन्छ । निरङ्कुश शासकहरूले आफ्नो शासनलाई आदरणीय (Respectable) भएको बताउँछन् र लाचार सभाहरू गठन गरी तिनीहरूको माध्यमबाट आफ्नो शासनमा प्रजातन्त्र भएको देखाउने प्रयास गर्दछन् । १९ औं शताब्दीका सभाहरू स्वतन्त्र ढंगले कानुन निर्माण गर्ने निकाय भएकाले १९औं शताब्धीलाई यस क्षेत्रमा स्वर्णयुग भन्ने गरिएको छ । अमेरिकन राजनीतिक वैज्ञानिक नेलशन पोल्स्बी (Nelson Polsby)ले यस्ता सभालाई Transformative legislature भनेर उल्लेख गरेका छन् । परम्परागत संसदको उदाहरण लण्डन जहाँ संसदका सदस्यहरूको व्यक्तिगतरूपमा कानुन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् र यस्तो कार्य पछि पनि रह्यो भन्ने विद्वानहरूले उल्लेख गरेका छन् ।[२४]

उक्त भनाईहरूबाट के बुझ्न सकिन्छ भने संसारमा कतै पनि न राजनीतिक प्रणालीको सन्दर्भमा होस् या व्यवस्थापिकाको गठन विधि, सञ्चालन र प्रकृयाको विषयमा एकरूपता पाईन्छ । जुन देशमा जस्तो प्रकारको राजनीतिक प्रणाली अवलम्वन गरिएको हुन्छ त्यस्तै प्रकारको संविधान निर्माण गरिएको हुन्छ र सो संविधानले व्यवस्थापिकाको स्वरूप, आकार, गठन तथा सञ्चालन विधि निर्धारण गरिएको हुन्छ । व्यवस्थापिकाको नाम पनि त्यही अनुसारले दिइएको हुन्छ । उदाहरणका लागि

---

[२३] . Denis Derbyshire & Ian Derbyshire (1999), *Political system of the world* ,Vol. 1, London: 42 hythe bridge street: Oxford, Helicon, p. 64 .

[२४] . *Ibid.*

बंगलादेशको व्यवस्थापिकालाई "जातीय संसद" भुटानको व्यवस्थापिकालाई "राष्ट्रिय सभा" भनिन्छ भने चीनको व्यवस्थापिकालाई "राष्ट्रिय जन कङ्ग्रेस" भनिन्छ । त्यस्तै गरी भारतको संसद हो र तल्लो सदन लोकसभा जनप्रतिनिधिमूलक सदन मानिन्छ भने उत्तर कोरियाको व्यवस्थापिकालाई "सर्वोच्च जनसभा" भनिन्छ । नेपालमा सन् १९५९ ई.को संसद दुई सदनात्मक प्रतिनिधिसभा र महासभाको संयोजनबाट बनेको थियो भने पञ्चायती राजनीतिक प्रणालीको प्रादुर्भाव भएपछि एक सदनात्मक राष्ट्रिय पञ्चायतले व्यवस्थापिकाको काम गरेको थियो । सन् १९९० ई.को जनआन्दोलन पश्चात संसदीय प्रणालीको पुर्नःस्थापनाले प्रतिनिधिसभा र राष्ट्रियसभाको संयोजनबाट पुनः संसदको स्थापना गरेको थियो । सन् २००६ को जनआन्दोलन पछि २००७ मा जारी गरिएको अन्तरिम संविधानबाट स्थापित व्यवस्थापिका संसदले एक सदनात्मक व्यवस्थाको आकार ग्रहण गर्न पुग्यो । यसबाट के देखिन्छ भने राजनीतिक प्रणालीको फेरबदलसँगै व्यवस्थापिकाको स्वरूप र प्रक्रियामा पनि फेरबदल हुने गरेको हुन्छ । जे होस् एकै वाक्यमा भन्नु पर्दा व्यवस्थापिका भनेको देशको कानुन निर्माण गर्ने सर्वोच्च अङ्ग हो ।

४.४.१.नेपालको विधायिकाको समावेशी संरचना

समावेशी शब्दको अर्थ मोटामोटीरूपमा अघिलो अध्यायमा चर्चा गरि सकिएको छ । तथापि समावेशी भन्नुको अर्थ राज्यका गतिविधिहरूमा बहिस्करणमा परेर समानरूपमा सहभागिता जनाउने अवसरबाट विमुख भएकाहरूलाई गतिविधिमा सरिक हुने अवसर दिएर समान अधिकारको दायरामा ल्याउने प्रक्रियालाई समावेशी भनिन्छ । राज्यका सबै नागरिकहरूको हकमा समान अधिकार र अवसरको व्यवस्था हुनु नै समावेशी व्यवस्था हो । के पनि भनिन्छ भने राज्यको कुन क्षेत्रमा असमानताको अवस्था सृजना गरिएको छ र नागरिकहरूमा विवेद कुन-कुन क्षेत्रमा खडा भएको छ र को-कसलाई कुन-कुन क्षेत्रमा समावेशीताको अवसर दिनु पर्दछ भन्ने कुरा राज्यले सही ढङ्गले निर्धारण गर्नु पर्दछ र यस्ता कुराहरूको पहिचान गरेपछि समावेशी कानुन बनाएर राज्य प्रणाली सञ्चालन गर्दा त्यसले सार्थकता पाउन सक्छ ।[२५]

जुन समयदेखि मानव समाजको स्थापना भयो र समाजमा वर्गीय विभेद खडा हुन गयो त्यही समयदेखि नै समाजमा वर्ग तथा शक्तिका बीचमा एकता भएको पाँइदैन । बलियोले कमजोर माथि शोषण र शासन गर्ने, टाठा-बाठाले निर्धा र निमुखा माथि दमन गर्ने, बलियो राज्यले कमजोर माथि

---

[२५] .राजकुमार पोखरेल, विधायिकामा समावेशी संरचना : एक ऐतिहासिक अध्ययन, *कस्तुरी*, (२०६६), बागबजार काठमाण्डौः पद्मकन्या बहुमुखी क्याम्पस, पृ. ८५ ।

हुकुम चलाउने जमाउने काम निरन्तर रूपमा नै हुँदै आएको छ भने अर्कातिर समानता, स्वाधिनता, स्वतन्त्रता र अनुचित हैकमका विरुद्ध आवाज र संघर्षहरू पनि निरन्तर रूपमा हुँदै आएका छन् । समाज विकासको यही प्रक्रियासँगै समाजमा उत्पन्न भएका संघर्ष, द्वन्द्वहरू हल गर्न र सकेसम्म समतामूलक समाजको निर्माण गर्न समावेशी संरचनाको आवश्यकताको बोध राजनीतिमा गर्ने गरिएको छ । नेपालको राजनीतिमा पनि यही परिप्रेक्ष्यमा समावेशी संरचनाको माग र आवाज उठ्ने गरेको हो । के कुराले बहिस्करणको विकास गरेको छ भन्ने कुराको पहिचान गरी सही अर्थमा समस्याको जड पहिल्याएर समावेशी कानुन निर्माण गरी समावेशी राज्य संरचना स्थापना गर्ने हो भने त्यसले समाज तथा राज्यमा उत्पन्न द्वन्द्वलाई निराकरण गर्न सहयोग पुऱ्याउँछ र त्यसको सही पहिचान हुन सकेन भने समावेशीताको नाममा अपनाईएका विधिले झनै जटिलता पैदा गर्दछ भन्ने पनि विद्वानहरूको राय रहेको छ ।[२६]

यी विषयहरूमा चर्चा गर्दा अन्य मुलुकका अनुभव पनि हेर्नु पर्ने हुन्छ । पहिलो विश्व युद्धको समयमा पराजित बनेर भसैलिज सन्धिको अपमानको पीडा भोगेको जर्मनीमा अगष्ट १४, १९१९ देखि लागू हुने Hugo Pressure ले मस्यौदा गरी नरम प्रकृतिको संविधान जारी गरिएको थियो र त्यसमा सामाजिक न्यायको सिद्धान्त स्थापित गरिएको थियो । त्यसमा मानिसको व्यक्तिगत स्वतन्त्रताको ग्यारेन्टी गर्दै राज्यको शक्ति संसद (Reichstag) लाई दिईएको थियो । संविधान सही तरिकाले लागू भएन र त्यसैको जगमा हिटलरको उदय भयो । पार्टी स्वार्थले प्रेरित भएर मानिसको क्षमताको मूल्याङ्कन गर्ने, पार्टी स्वार्थको कामले राज्य स्वार्थको काममा कटौती गर्ने परिपाटीको विकास नै वाइमर गणतन्त्रको कमजोर पक्ष थियो ।[२७] यो अवस्था नेपाली राजनीतिका कतिपय सवालसँग मिल्दो-जुल्दो छ ।

नेपाली समाज विभेदयुक्त र असमान रहँदै आएको कुरामा कसैमा दुई मत नहोला । समान भौगोलिक बनावट नभएर कुनै भू-भाग ज्यादै होचा तथा समथर रहेको र कुनै ज्यादै विकट पहाडी धरातल रहेकाले भौगोलिक बनावटका दृष्टिले पनि असमान मानिन्छ । यो असमानताले मानिसको जीवनमा पनि असमानता पैदा गरिदिएको छ । यसले आर्थिक रूपमा वर्गीय विभेद पनि खडा गरेको छ । सामाजिक परम्परागत मान्यता र चिन्तनका कारणले सामाजिक तथा साँस्कृतिक रूपमा पनि

---

[२६] . David Bohaman, Problems and challenges in establishment of inclusive state, www.inclusivedemocracy.com, June23, 2007, p.2.

[२७] . C.D. Hazen (1979), *Modern Europe up to 1945*, New Delhi: S Chand and Co.Ltd. p.145.

सवैमा समान स्तर र व्यवहार पाँइदैन । नेपालमा धेरै पटक राजनीतिक परिवर्तनहरू भए तर ती परिवर्तनहरूले सामाजिक, साँस्कृतिक तथा आर्थिक रूपान्तरण गर्न सकेन । सामाजिकरूपमा जातीय विभेदको खाडल व्यवहारिकरूपमा पुर्न सकेको पाँइदैन । प्राचीन नेपालको इतिहासमा नेपाली समाजमा जातीय विभेद थिएन । मानिस-मानिसमा जात जातिको विभाजन भए पनि उचो जातिले निचो जातिसँग विहेवारी गर्न नहुने तथा सहभोजन गर्न नहुने वा छुत अछुत जस्तो भावना र व्यवहार भएको पाँइदैन । इतिहासकारहरू के भन्छन् भने नेपालमा लिच्छविहरूले शासन गरेको समयमा पनि जातिप्रथा त थियो तर छुवाछुत र विहेवारीमा भेदभाव भने थिएन । सहभोजनमै पनि कुनै रोक-टोक थिएन । सो समयमा अन्तरजातीय विवाह तथा सहभोजन प्रसस्तै मात्रामा भएको पाईन्छ भन्ने कुरा माथि उल्लेख भईसकेको छ । यो प्रकृया मल्ल कालको थालनीमा जारी नै थियो । जयस्थिति मल्ल राजा हुनु भन्दा अघि नेपालमा चारैतिर अराजकता र विसंगतिले भरिएको अवस्था सृजना भएको थियो । रजौटाहरू स्वतन्त्र हुने र राजा हुने जस्ता गतिविधिमा लागेका थिए भने समाज पूरै भाँडिएको अवस्थामा थियो । त्यसवेला तान्त्रिक बुद्ध धर्मावलम्वीहरूको प्रभाव बढ्दै गई वर्णाश्रममा ह्रास आउन थालेपछि त्यसले मानिसको पारिवारिक जीवनमा प्रभाव पार्न थाल्यो । त्यसलाई सुधार र नियन्त्रण गर्न सामाजिक थिति बाँध्ने भनेर उनले नियम बसालेका थिए ।[२८] पेशा अनुसार कामकाजी गर्ने र जाति प्रथा अवलम्वन गर्ने गरी बसालिएको उनको थितिले कालान्तरमा गएर समाजमा जाति प्रथाले जरो गाड्न गयो र जातीय विभेद खडा हुन पुग्यो । त्यसवेला उनले यस्तो थिति बाँध्न देशका पूर्व पश्चिम तथा दक्षिण तिरका केही पण्डीतहरूको सल्लाह लिएका कारण ती पण्डीतहरूले आफ्नो वर्गीय तथा जातीय स्वार्थ पूरा गर्न राजालाई प्रयोग गरेनन् भन्न सकिँदैन । राणाकालीन समयमा शासकहरूले यस्तो विभेदकारी अवस्थालाई नै कानुनको रूपमा पालन गर्नाले बहिस्करणको अवस्था झनै विकराल बन्दै गयो । २००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा विभेद गर्न हुन्न भन्ने मान्यता स्थापित हुँदै गएपनि व्यवहारत त्यसले समाजमा खासै कुनै परिवर्तन ल्याउन सकेन । पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएपछि बनेको नयाँ मुलुकी ऐनले सामाजिक विभेदलाई अन्त्य गर्ने कानुनी घोषणा गरेपनि व्यवहारिकरूपमा त्यो खाडल पुरिने अवस्था रहेन । त्यसैले पछिल्ला दिनहरूमा समावेशीताको आवाज उठ्न थाल्यो । अहिले सम्मको अध्ययनले नेपाली समाजमा मूख्यतः विभेदका चार क्षेत्रहरू पाईन्छन् : १) लैङ्गिक असमानता र विभेद २) जातीय विभेद ३) वर्गीय विभेद र ४) क्षेत्रीय असन्तुलन तथा विभेद । पहिलो, दोस्रो तथा तेस्रो विभेद तथा असमानता पुराना परम्परागत मान्यता तथा चाल-

---

[२८]. शर्मा *पूर्वक्त* नं. १८, पृ. १३८-१३९ ।.

चलनले समाजमा खडा गरेको असमानता हुन् भने चौथो प्रकारको विभेद भनेको भौगोलिक बनावटले खडा गरेको असमानता वा विभेद हो । त्यो भौगोलिक बनावटले खडा गरेको विभेदले वर्गीय असन्तुलन बढाउन मद्दत गरेको छ । यी चार कुरालाई आधार मानेर नेपालको व्यवस्थापिकाको समावेशी स्वरूप र चरित्रको अध्ययन गरिनु पर्दछ र व्यवस्थापिका समावेशी हुनु पर्ने आवश्यकता त्यसले मात्र सावित गर्ने छ ।

४.४.२. नेपालमा व्यवस्थापिकाको इतिहास र समावेशी अवस्था

नेपालमा व्यवस्थापिकाको इतिहास त्यत्ति लामो छैन । नेपालको इतिहासमा भारदारहरूले राजाको सल्लाहकारका रूपमा काम गर्दाको अवस्थालाई व्यवस्थापिका मान्न सकिँदैन । तर नेपालमा धेरै पटक र धेरै प्रकृतिका व्यवस्थापिका स्थापना भएको पाईन्छ । राणा शासनको समयमा व्यवस्थापिकाको व्यवस्था थिएन । कानुनतः नेपालमा व्यवस्थापिकाको स्थापना राणा प्रधानमन्त्री पद्म शम्सेर राणाले नेपालको वैधानिक कानुन २००४ जारी गर्ने घोषणा गरेर मुलुकलाई सञ्चालन गर्ने प्रयासको फलस्वरूप उनले तयार पारेको उक्त वैधानिक कानुनको भाग ४ मा व्यवस्थापिका सम्बन्धि व्यवस्था गरिएको पाईन्छ । त्यसको तल्लो इकाई ग्राम पञ्चायत र व्यवस्थापिकाको रूपमा राष्ट्रियसभा र भारदारीसभाको द्विसदनात्मक सदनको संयुक्त व्यवस्थाको उल्लेख गरिएको थियो । दुवै सदनको प्रमुख भने राणा प्रधानमन्त्री हुने व्यवस्था थियो ।[२९] तर उनको यो प्रयास उनका कट्टरपंथी भाई मोहन शम्सेर तथा बबर सम्शेरको विरोधका कारण उक्त कानुन वा संविधानले कार्यान्वयनका अवसर पाउन सकेन । त्यसवेलाको सामन्ती अधिनायकवादी राणा शासन अन्तरगत प्रजातान्त्रिक सुधारको कल्पना गर्न सकिँदैन थियो । माथि उल्लेखित चार क्षेत्रमा देखिएका विभेदहरूलाई न्युनिकरण गर्न राणाकालीन उक्त सुधार उद्देश्य राख्यो या राखेन भन्ने कुरा त्यसवेला गरिएको घोषणालाई आधार मानेर विश्लेषण गरिनु पर्दछ । उक्त घोषित वैधानिक कानुनको धारा २२(ख) अनुसार राष्ट्रसभामा ६० देखि ७० जनासम्म सदस्य रहने जसमा निर्वाचीत र राणा प्रधानमन्त्रीले मनोनीत गर्ने व्यवस्था गरिएको थियो भने भारदारीसभा भने राष्ट्रिय स्वार्थ र गतिविधिमा लागेका मुख्य मानिसहरूलाई प्रधानमन्त्रीले नियुक्ति गर्ने सोही धाराको उपधारा (ग) मा उल्लेख भएको थियो ।[३०] यसरी हेर्दा उक्त

---

[२९] . Ram Kumar Dahal (2001), *Constitutional and political development in Nepal*, Kathmandu: Ratna Pustak Bhandar, p.290–291.

[३०] . *Ibid*, p. 291.

वैधानिक कानुनमा कार्यकारी तथा व्यवस्थापिका दुवैको प्रमुख एकै जना भएको र त्यसले राणा वर्ग तथा समुदायको हित विपरित जान नसक्ने भएकाले त्यो व्यवस्थापिकाको संगठनमा समावेशीताको कल्पना गर्नु नै वेकार हुनेछ । उक्त कुरा जान्न सो विधान कार्यान्वयनमा नै नआएकाले त्यसको समावेशी स्वरूपको वारेमा चर्चा गर्न सकिदैन । तथापि सो विधान तयार गर्न गठित मस्यौंदा समितिको संरचना भने कुनै समावेशी आधारमा भएको पाँइदैन । जसलाई तल उल्लेखित तालिकामा राखेर हेर्ने प्रयास गरिएको छ ।

सो वैधानिक कानून मस्यौदा समितिको गठन लिङ्ग, जात र क्षेत्रको आधारमा निम्नानुसार प्रतिनिधित्व प्रतिशत रहेकोछ ।[३१]

तालिका ३ : वैधानिक कानून मस्यौदा समिति

लिङ्ग	क्षेत्री-वाहुन	आदिवासी/जनजाती	तराई आदीवासी	दलित	मधेसी	भारतीय	जम्मा	प्रतिशत
महिला	-	-	-	-	-	-	-	-
पुरुष	२	-	-	१	-	३	६	१००
जम्मा	२	-	-	१	-	३	६	-
प्रतिशत	३३.३	-	-	१६.६	-	५०	-	१००%

स्रोतः निर्वाचन आयोगको अभिलेख/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

उल्लेखित तालिकालाई हेर्दा न जातिगत , न क्षेत्रगत, न लैङ्गिक आधारमा समावेशीताको कुनै सानो सम्बोधन सम्म पाँईदैन । भारतीय नागरिकलाई समावेश गरेर गर्न लागिएको वैधानिक सुधारले देशी नागरिक होइन विदेशी स्वार्थ पूरा गर्ने धेय राखेको पाईन्छ । भारतीय नागरिकका अलावा जातिगत रूपमा ब्राह्मण तथा क्षेत्री समुदायको र लैङ्गिकरूपमा पुरुषहरूको वर्चस्व रहेको देखिन्छ । उक्त समितिको गठनको सकारात्मक पाटो के देखिन्छ भने समाजमा अपहेलित तथा तिरस्कृत मानिएको दलित समुदायको प्रतिनिधित्व भने जनसंख्याको कुल प्रतिशतमा रहेको त्यो जाति र समुदायको संख्या भन्दा औसत नै बढी नियुक्ति गरेको पाईन्छ । राणा शासनको जग बसाल्ने जंगबहादुरले राजा सुरेन्द्रको नाममा जारी गरेको ऐनमा दलीतलाई छोइ-छिटो हाल्नु पर्ने स्थानमा राखेर कानुन बनाएर जारी गरेको अवस्थामा ।[३२] पनि पद्म सम्शेरले कानुन मस्यौदा समितिमा दलितलाई स्थान दिएको ज्यादै प्रगतिशील मान्नु पर्दछ ।

वि.सं.२००७ सालमा राणा शासनको पतन भयो । त्यस वेला राणा शासनको अन्त्यसँगै राजा त्रिभुवनले देशको भावी शासन जनताले निर्वाचीत गरेका संविधानसभाका सदस्यहरूले बनाएको

---

[३१] . लोक दर्शन पण्डित (२०६७), *नेपालको संसदीय निर्वाचन दर्पण,* काठमाडौं, निर्वाचन आयोग, पृ. १ ।

[३२]. ऐ. ।

संविधानद्वारा निर्धारित हुने घोषणा गरेको कुरा अघिल्लै अध्यायमा चर्चा गरि सकिएको छ । वि.सं. २००७ साल देखि २०१५ सालको बीचमा संविधानसभाको निर्वाचन पनि हुन सकेन र व्यवस्थापिकाको गठन पनि हुन सकेन । तथापि व्यवस्थापिकाको अधिकार नभएको भएपनि त्यसको अभ्यास गराउने नाममा राज्य सत्ता सञ्चालनार्थ आवश्यक सुझाव, सल्लाह र सहयोगका निमित्त भन्दै २००८ साल आश्विन १६ गते सल्लाहकार सभाको गठन भएको थियो जसमा लिङ्ग र जातिगत प्रतिशत निम्नानुसार रहेको छ :

तालिका ४ : सल्लाहकार सभाको गठन ।

लिङ्ग	क्षेत्री-वाहुन	आदिवासी/जनजाति	तराई आदिवासी	दलित	मधेसी
महिला	-	-	-	-	-
पुरुष	१८	८	२	१	-
जम्मा	१८	८	२	१	-
प्रतिशत	५१.४२%	२२.८५%	५.७१%	२.८५%	-

स्रोत निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

उक्त तथ्याङ्कलाई हेर्दा जातिगत, क्षेत्रगत, लैङ्गिक तथा वर्गीय कुनै पनि आधारमा समावेशी भएको पाँइदैन । तथापि पहिले राणा शासनमा तर्जुमा गरेको व्यवस्था भन्दा क्षेत्र र जातिका आधारमा भने केही प्रगतिशील समावेशी भएको पाइँन्छ ।

वि.सं.२००७ सालमा जारी भएको अन्तरिम संविधानलाई खारेज गर्दै २०१५ सालमा राजा महेन्द्रले अर्को संविधान जारी गरे । नेपालको अन्तरिम शासन विधान २००७ को भाग ३ को अध्याय २ मा व्यवस्थापिकाको अधिकार राजा र मन्त्री परिषदमा निहित रहने उल्लेख थियो ।[३३] तर उक्त विधान अन्तरगत वास्तविक व्यवस्थापिकाको स्थापना हुने व्यवस्था पनि थिएन र हुन पनि सकेन । २०१५ सालमा संविधानसभाको निर्वाचन गर्ने पूर्व कानुनी व्यवस्थालाई खारेज गर्दै राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान २०१५ जारी गरे । उक्त संविधानको भाग ५ अध्याय ५ मा व्यवस्थापिकाको विधि र सोही भागको अध्याय १ मा व्यवस्थापिकाको गठन सम्बन्धि उल्लेख थियो । दुई सदनात्मक व्यवस्थापिकामा प्रतिनिधिसभा र महासभा दुईको संयोजनबाट संसद बनेको थियो र सो संसद नै व्यवस्थापिका थियो । जसमा महासभामा वर्गीय आधारमा प्रतिनिधित्व कस्तो भएको थियो भन्ने कुरा तथ्य प्राप्त हुन नसकेकाले उल्लेख गर्न नसकिने भए पनि क्षेत्रगत आधारमा प्रतिनिधित्व गर्नेहरूको बीचमा भने खास ठूलो अन्तर र विभेद भने पाँइदैन । तर जातिगत तथा लैङ्गिक आधारमा भने त्यहाँको समावेशी अवस्थालाई तल तालिकामा उल्लेख गरिएको छ । विक्रम सम्वत् २०१५ मा

[३३]. Dahal, *op.cit. No. 30,* p.314.

प्रतिनिधी सभाबाट महासभामा निर्वाचीत र मनोनीत महासभा सदस्यहरूको जातीय तथा लैङ्गिक प्रतिनिधित्वको अवस्था प्रतिशतमा यस्तो थियो ।

तालिका ५ : वि.सं.२०१५ सालमा प्रतिनिधिसभाबाट महासभामा निर्वाचीत

लिंङ्गिय प्रतिशत	निर्वाचीत (प्रतिनिधि सभाबाट)					मनोनीत (श्री ५ बाट)				
-	क्षेत्री वाहुन	आदिवासी जनजाति	तराई आदिवासी	दलित	मधेसी	क्षेत्री वाहुन	आदिवासी जनजाति	तराई आदिवासी	दलित	मधेसी
पुरुष	१३	५	-	-	-	१२	३	१	-	२
महिला	-	-	-	-	-	१	-	-	-	-
जम्मा	१३	५	-	-	-	१३	३	१	-	२
प्रतिशत	७२.२२	२७.७७	-	-	-	७२.२२	१६.६६	५.५५	-	११.११

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

माथि उल्लेखित तथ्याङ्कका आधारमा भन्ने हो भने पुरुषको तुलनामा महिलाको उपस्थिति न्युन देखिन्छ भने दलितको उपस्थिति सुन्य नै रहेको छ । क्षेत्रीयताको आधारमा मधेसीहरूको न्युन उपस्थिति रहेको छ भने तराईका आदिवासीको उपस्थिति शुन्य हुन पुगेको छ । वर्गीय मापन कसैले सम्पत्ति विवरण प्रस्तुत गर्न नसकेको अवस्थामा गर्न सकिदैन । तथापि के भन्न सकिन्छ भने मनोनीत तथा प्रतिनिधि सभाबाट निर्वाचीत हुने सदनको माथिल्लो इकाई महासभामा पनि समावेशी संरचना तर्फ ध्यान दिइएको पाँइदैन । विक्रम सम्वत् २०१५ सालमा तल्लो सदन प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचीत सदस्यहरूको जातीय र लिङ्गको आधारमा प्रतिनिधित्व प्रतिशत निम्नानुसार रहेकोछ ।

तालिका ६ : वि.सं.२०१५ सालमा प्रतिनिधिसभा सदस्यहरू ।

लिङ्ग	क्षेत्री-वाहुन	आदिवासी/जनजाति	तराई आदिवासी	दलित	मधेसी
महिला	-	-	-	-	-
पुरुष	७७	२०	४	२	६
जम्मा	७७	२०	४	२	६
प्रतिशत	७०.६४	१८.३४%	३.६६%	१.८३%	५.५%

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

विक्रम सम्वत् २०१५ सालमा तल्लो सदन प्रतिनिधिसभा सदस्य निर्वाचनमा क्षेत्रगत प्रतिशत निम्नानुसार रहेको छ ।

तालिका ७ : वि.सं.२०१५ सालमा प्रतिनिधिसभा सदस्यहरूको क्षेत्रगत प्रतिशत ।

क्षेत्र	निर्वाचीत	जम्मा	प्रतिशत
हिमाल	१२	१२	११%
पहाड	६५	६५	५९.६३%
तराई/मधेश	३२	३२	२९.३५%

स्रोत: निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

प्रस्तुत तथ्याङ्क अनुसार जातीय आधारमा हेर्दा सवैभन्दा धेरै क्षेत्री ब्राह्मण समुदायको उपस्थिति देखियो भने आदिवासी जनजातिको स्थान पनि उल्लेख्य रहेको पाईएको छ । तर तराई आदिवासी तथा मधेशीहरूको उपस्थिति केही कम रहेको पाईन्छ भने दलित न्युन स्थानमा रहेको पाईएको छ । लैङ्गिक आधारमा हेर्दा महिलाको स्थान शुन्यमा छ । यसर्थ उक्त समयको नेपालको विधायिका जाति, वर्ग, क्षेत्र तथा लैङ्गिक कुनै पनि आधारमा समावेशी भएको पाँइदैन । नेपाल अधिराज्यको संविधान २०१५ अनुसार स्थापित नेपालको विधायिका लामो समयसम्म रहन सकेन । राजा महेन्द्रले २०१७ पौष महिनामा चालेको कदमले नेपालमा संसदीय व्यवस्थाको अन्त्य गरि दियो । २०१९ पौष १ का दिन निर्दलीय राजनीतिक व्यवस्था अन्तरगत व्यवस्थापिकाको स्थापना भयो । जसलाई राष्ट्रिय पञ्चायत भन्ने गरियो । विक्रम सम्वत् २०१९ देखि २०३७ साल सम्म अर्थात नेपालमा राष्ट्रिय जनमत संग्रह भई पञ्चायती संविधानमा तेस्रो संशोधनले बालिग मताधिकारको आधारमा राष्ट्रिय पञ्चायतको गठन नभए सम्मको अवस्थामा क्षेत्रगत निर्वाचीत सदस्यहरू ४१४ जना, जनवर्गिय संगठन तथा पेशागत संगठनद्वारा निर्वाचीत सदस्यहरूमा नेपाल किसान संगठनबाट १० जना, नेपाल युवक संगठनबाट १० जना, नेपाल महिला संगठनबाट ६ जना, नेपाल मजदुर संगठनबाट ४ जना, नेपाल भूतपुर्व सैनिक संगठनबाट ४ जना, योग्यताको आधारमा स्नातक तह र डिग्रीबाट ११ जना र श्री ५ बाट मनोनीत ७८ जना गरी जम्मा ५३७ जना राष्ट्रिय पञ्चायतमा निर्वाचीत र मनोनीत भएका राष्ट्रिय पञ्चायत सदस्यहरू निम्नानुसार रहेका छन् । तिनीहरूको जातीय तथा लिङ्गीय संख्या तथा प्रतिशत निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

तालिका ८ : संविधानको तेस्रो संशोधन हुनु भन्दा ठीक अगाडीसम्मको राष्ट्रिय पञ्चायत सदस्यहरूको जातीय तथा लिङ्गिय उपस्थिति

निर्वाचीत											मनोनीत									
साल	क्षेत्री वाहुन		आदीवासी जनजाति		तराई आदीवासी		दलित		मधेशी		क्षेत्री वाहुन		आदीवासी जनजाति		तराई आदीवासी		दलित			मधेशी
	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म	पु	म
२०१९	७३	-	२६	१	२	-	-	-	३	-	६	-	६	-	-	-	१	-	२	-
२०२१	२३	१	४	-	-	-	१	-	२	-	-	-	१	-	-	-	-	-	-	-
२०२२	-	-	-	-	-	-	-	-	-	-	-	-	१	-	-	-	-	-	-	-
२०२४	३१	२	१४	-	१	-	-	-	-	-	७	-	५	-	१	-	-	-	२	-
२०२५	१९	-	७	-	-	-	-	-	१	-	-	-	-	-	-	-	-	-	-	-
२०२६	-	-	१	-	-	-	-	-	-	-	१	-	-	-	-	-	-	-	-	-
२०२७	२१	१	४	-	-	-	१	-	१	-	३	-	१	-	-	-	-	-	-	-
२०२८	८	१	२	१	-	-	१	-	१	-	१३	-	१	-	-	-	१	-	१	-
२०२९	४	-	१	-	-	-	-	-	-	-	२	-	-	-	-	-	-	-	-	-
२०३०	१७	-	९	१	२	-	-	-	१	-	२	-	-	-	-	-	-	-	-	-
२०३१	१९	-	६	-	२	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
२०३२	-	-	-	-	-	-	-	-	-	-	११	-	३	-	-	-	१	-	२	-
२०३३	४५	१	१३	१	३	-	२	-	५	-	४	-	१	-	-	-	-	-	१	-
२०३४	१२	-	१	-	-	-	-	-	१	-	-	-	-	-	-	-	-	-	-	-
२०३५	१९	-	१०	-	१	-	१	-	५	-	१	-	-	-	-	-	-	-	-	-
२०३६	-	-	-	-	-	-	-	-	-	-	११	१	२	-	-	-	१	-	१	-
२०३७	-	-	-	-	-	-	-	-	-	-	२	१	१	-	-	-	-	-	-	-
जम्मा	२९१	६	९८	४	११	-	६	-	२०	-	६३	२	२२	-	१	-	४	-	९	-
प्रतिशत	५४	१	१८	०.५	२	-	१	-	८	-	१२	०.२	४	-	.०२	-	०.२		२	-

स्रोतः निर्वाचन आयोगबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

माथि उल्लेखित तथ्याङ्क अनुसार जातिगत आधारमा यो व्यवस्था अन्तरगत पनि तत्कालीन व्यवस्थापिकामा अर्थात राष्ट्रिय पञ्चायतमा क्षेत्री बाहुन समुदायको उपस्थिति उल्लेख्य रहेको छ । जनसंख्याको ठूलो हिस्सा यो समुदायले ओगटेको भएपनि जनसंख्याको अनुपात भन्दा पनि धेरै यो समुदायको उपस्थिति रहेको छ । लैङ्गिक आधारमा भन्ने हो भने सो समुदायकै हकमा पनि महिलाको उपस्थिति निर्वाचीत तथा मनोनीत दुवै क्षेत्रमा ज्यादै न्युन रहेको छ । आदिवासी जनजाति तथा तराईका आदिवासी जनजातिको हकमा पहिलेका दिनमा तुलनात्मक केही वृद्धि देखिए पनि यिनीहरूले समुचित स्थान पाएको देखिँदैन । दलितहरू सामान्यतया मनोनीत भएर नै स्थान पाएको पाईन्छ । तसर्थ दलितको उपस्थिति सन्तोषजनक रहेको देखिँदैन । निर्दलीय राजनीतिक व्यवस्था अन्तरगत स्थापित पञ्चायती संविधान अर्थात नेपालको संविधान २०१९ लाई २०२३ साल माघ महिनामा पहिलो संशोधन गरियो । यसले केही वर्गीय तथा व्यवसायिक संगठनहरूको स्थापना गर्ने संवैधानिक व्यवस्था गरेको थियो । जसमा नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल प्रौढ संगठन, नेपाल मजदुर संगठन तथा शैक्षिक योग्यताको हकमा स्नातक गरेकाहरू मध्येबाट समेत राष्ट्रिय पञ्चायतमा चुनिएर जाने व्यवस्था गरिएको थियो ।[३४] तर यस्ता वर्गीय तथा व्यवसायिक

[३४] . टोपबहादुर सिंह (२०४६), *नेपालको संविधान र संवैधानिक कानुन,* काठमाण्डौ : रत्न पुस्तक भण्डार , पृ. ४०५ ।

संगठनहरूको माध्यमबाट निर्वाचीत भई राष्ट्रिय पञ्चायतमा हुने उपस्थिति संख्या ज्यादै न्युन रहेको थियो । कुनै पनि संगठनबाट ३ देखि ४ जनाको संख्यामा मात्र निर्वाचीत हुने व्यवस्था थियो ।

उल्लेखित संगठनहरूको स्थापना र तिनीहरूबाट व्यवस्थापिकामा प्रतिनिधित्व गर्ने जुन कानुनी तथा संवैधानिक व्यवस्था गरिएको थियो । त्यसबाट त्यो समयमा व्यवस्थापिकालाई वर्गीय आधारमा पनि समावेशी गर्ने सोच भने लिईएको पाईन्छ । यो सोचलाई समावेशी दृष्टिले सकारात्मक मान्नु पर्दछ । जनसंख्याको अनुपातमा त्यसको उपस्थिति न्युन रहेपनि सोचको भने प्रारम्भ गर्ने प्रयास भएको देखिन्छ । यो वर्गीय हितका लागि सो क्षेत्रमा देखिएको विभेद हटाउने ध्येयले ल्याईएको हुनु पर्दछ । पञ्चायती संविधानमा वर्गीय संगठनहरूको स्थापना बारेमा लेखिएको थियो :

> व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्गको हितमा सामाञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषण रहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने पञ्चायत प्रणालीको उद्देश्य अनुरूप विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्र निर्माणको काममा लगाउन र स्थानीय पञ्चायतहरूलाई जन परिचालनमा सघाउ पुऱ्याउन गाउँ वा नगर, जिल्ला अञ्चल र केन्द्रीय स्तरमा समेत संगठन रहने गरी वर्गीय संगठनहरूको स्थापना र सञ्चालन गरिने छ ।[३५]

यस सिद्धान्तले के देखाएको छ भने विभिन्न वर्ग, उमेर, लिङ्ग र समुदायका मानिसहरूलाई राजनीतिमा समेटेर राख्ने ध्येयका साथ वर्गीय संगठनको स्थापना गरेको पाईन्छ । पञ्चायती राजनीतिमा राजनीतिक दल वा दलीय स्वार्थ पूरा गर्ने ध्येयका साथ संगठनहरू खोल्न नपाउने कानुनी व्यवस्था भएको अवस्थामा पञ्चायती राजनीतिको स्वार्थ पूरा गराउने हिसावले वर्गीय संगठनहरूको स्थापना गर्दा सम्बन्धित वर्गको प्रतिनिधित्व सम्बन्धित वर्ग संगठनमा हुन सकेन भन्ने यही कानुनी व्यवस्थाले सृजना गरेको देखिन्छ । शक्ति र पहुँच स्थापना गर्ने निहित स्वार्थले प्रेरित भएर विपरित वर्ग अर्थात मजदुर संगठनमा मजदुरका नाममा कारखाना मालिक, किसानका नाममा जमिन्दार आदिको उपस्थितिले माथि उल्लेखित "शोषणरहित समाजको सृजना" गर्ने कुरा हावादारी गफमा रूपान्तरित हुँदै गयो । उमेरका आधारमा पनि व्यवस्थापिकामा उपस्थिति गराउने, स्नातकको प्रावधान राखेर देशका त्यस वेलाको शैक्षिक उत्पादनका आधारमा दक्ष जनशक्तिलाई व्यवस्थापिकामा समावेश गराउन खोजिएको पाईन्छ । यी सवै सकारात्मक पक्ष हुन् । तर प्रयोगमा आउँदा र त्यसको कार्यान्वयनको पक्षमा हेर्दा सम्बन्धित वर्ग वा समुदायको मानिसलाई मुलुकको राजनीतिको उपल्लो अंग व्यवस्थापिकामा उपस्थितिलाई हेर्दा सो वर्गको प्रतिनिधित्व भएको पाँईदैन । मजदुरको ठाउँमा उद्योगपतिले निर्वाचनमा भाग लिने र प्रतिनिधित्व गर्ने, किसानको स्थानमा जग्गा धनी अर्थात सामन्तको प्रतिनिधित्व गर्ने व्यवहारिक प्रयोगले किसान तथा मजदुर वर्गको हितमा तत्कालीन

---

[३५] . ऐ. पृ. ४०९ ।

व्यवस्थापिकाले कुनै प्रभावकारी कदम चाल्न सकेको देखिँदैन । उमेरका कारणले युवकको ठाउँमा युवक, प्रौढका ठाउँमा प्रौढ तथा महिलाको स्थानमा महिला नै जानु पर्ने वाध्यता भए पनि तल्लो वर्गको प्रतिनिधित्व राष्टिय पञ्चायतमा हुन सकेन । जातीय आधारमा पनि सवै जाति र समुदायको उचित प्रतिनिधित्व नभएको त तथ्यले नै प्रस्तुत गरि रहेको छ । तसर्थ पञ्चायती संविधान अर्न्तगत स्थापित व्यवस्थापिका वा राष्टिय पञ्चायतमा तत्कालीन संविधानको पहिलो संशोधनको कार्यकाल भरी समावेशी दृष्टिबाट सोच र विचारका आधारमा धेर थोर जे जस्तो अवस्थामा भए पनि समावेशी बनाउने ध्येय राखेको थियो तर त्यसको कार्यान्वयनमा इमान्दारी प्रयत्न नभएको र स्वयं पञ्चायती राजनीतिक प्रणाली सामन्तवादमा आधारित भएकाले राष्टिय पञ्चायतको प्रतिनिधित्व समावेशी हुन सकेन । संविधानको दोस्रो संशोधन वि.सं.२०३२ सालमा भयो । सोही दोस्रो संशोधनले त वर्गीय तथा व्यवसायिक संगठनहरूबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने प्रावधान नै खारेज गर्न पुग्यो ।[३६] यसबाट पञ्चायती संविधानमा रहेको वर्गीय समावेशीता, उमेरको समावेशीता तथा लैङ्गिक समावेशीता तथा लक्षीतको उपस्थितिको लागि राखिएको सानो स्थान पनि समाप्त हुन गयो । पञ्चायती व्यवस्थाका समर्थनमा लागेका मानिसहरू मध्येबाट राजाले मनोनीत गर्दा राजनीतिक क्षेत्र, वर्गीय संगठन, वौद्धिक क्षेत्र, नेपाली समाजका विभिन्न समुदाय, तथा राजाले चाहेका व्यक्ति मनोनीत गर्ने उल्लेख गरिएको भए पनि त्यसले पनि वास्तविक वर्गीय तथा पेशागत हितका लागि प्रतिनिधित्व गर्न सक्दैन थियो । राजाले मनोनीत गर्दा केही अर्थमा जाति, क्षेत्र, वर्ग तथा लिङ्गका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था भएको भए पनि त्यसले सो समुदायको उच्च घरानाको मात्र प्रतिनिधित्व गराईएको र त्यसले समावेशी आकार लिन सकेको थिएन ।

वि.सं.२०३६ सालको विद्यार्थी तथा अन्य तप्काको आन्दोलनले त्यसवेला निर्विकल्प भनी प्रचारमा ल्याईएको पञ्चायती व्यवस्थालाई निकै ठूलो धक्का दियो । त्यही आन्दोलनको परिणाम राजा वीरेन्द्रले २०३६ साल जेठ १० गते एकाविहानै निर्दलीय पञ्चायती व्यवस्थामा सुधार गर्ने कि बहुदलीय शासन प्रणाली अवलम्वन गर्ने भनी जनमत संग्रह गराईने घोषणा गरेका थिए ।[३७] यसै अनुरूप २०३७ साल वैशाख २० गते राष्ट्रिय जनमत संग्रह भएको थियो । सो जनमत संग्रह हुनु भन्दा पहिले २०३६ साल पुस १ गते संविधान दिवस तथा महेन्द्र जयन्तीको अवसरमा राष्ट्रको नाममा सम्बोधन गर्दै

---

[३६]. उहीं पृ.४०६ ।

[३७]. Rajkumar Pokhrel (nd), *A journey of the communists of Nepal, twenty three years' history of the CPN-UML*, Damak Jhapa, Mass line Publication, p.101.

राजाले जनमत संग्रहमा जुनसुकै व्यवस्थाले विजय गरेपनि व्यवस्थापिकामा जनताद्वारा प्रत्यक्ष निर्वाचीत प्रतिनिधिहरूले प्रतिनिधित्व गर्ने कुरा उल्लेख गरेका थिए । जनमत संग्रहमा झिनु बहुमतले पञ्चायती व्यवस्था विजयी भएको घोषणा गरियो र त्यो घोषणा पछि पञ्चायती संविधानमा संशोधन गरियो । सो संशोधन पञ्चायती संविधानको इतिहासमा तेस्रो संशोधन थियो । पञ्चायती संविधानमा तेस्रो संशोधन भएपछि तत्कालीन व्यवस्थापिका अर्थात राष्ट्रिय पञ्चायतमा एकै सदन भए पनि दुई खाले प्रतिनिधि रहने व्यवस्था गरियो । पहिलो जनताले निर्वाचीत गरेर पठाएका तथा दोस्रो भने राजाले मनोनीत गरेका । २०३८ सालमा पञ्चायती व्यवस्था अर्न्तगत राष्ट्रिय पञ्चायतमा पहिलो पटक प्रत्यक्ष निर्वाचन गरिएको थियो । सो निर्वाचनमा ११२ जना सदस्यहरू चुनिने व्यवस्था गरिएको थियो । २०३८ सालको राष्ट्रिय पञ्चायतको निर्वाचनमा जातिगत तथा लैङ्गिक परिणाम यस प्रकार आएको थियो ।

तालिका ९ : वि.सं.२०३८ सालमा राष्ट्रिय पञ्चायत सदस्यहरूको जातीय तथा लिङ्गिय परिणाम ।

लैङ्गिक स्थिति	निर्वाचीत (राष्ट्रिय पञ्चायत सदस्यहरू)					
-	क्षेत्री वाहुन	आदिवासी जनजाति	तराई आदिवासी	दलित	मधेसी	जम्मा
पुरुष	६३	२५	१०	-	१२	११०
महिला	१	१	-	-	-	२
जम्मा	६४	२६	-	-	-	११२
प्रतिशत	५७.५%	२३.३%	८.४%	-	१०.८	१००%

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

उल्लेखित तथ्याङ्कलाई आधार मानेर हेर्ने हो भने जातिगत आधारमा दलितको उपस्थिति शुन्य रहेको पाईएकोछ भने तराई आदिवासी तथा मधेशीहरूको उपस्थिति पनि उल्लेख्य पाईदैन । तथापि पहिलेको तुलनामा भने वृद्धि भएको पाइन्छ । सवैभन्दा उच्च स्थानमा क्षेत्री तथा ब्राह्मण समुदायको देखिएको छ भने आदिवासी जनजातिहरूको दोस्रो स्थान मानिएको छ । लैङ्गिक आधारमा हेर्ने हो भने जनसंख्याको ५० प्रतिशत भन्दा बढी स्थान ओगट्ने महिलाको स्थान निर्वाचनमा केवल १.८ प्रतिशत मात्र विजय भएको देखिन्छ । वर्गका आधारमा त निर्वाचनमा विजय भएकाहरूमा तत्कालीन वर्ग स्रोत तथा आय आर्जनको अवस्था र निर्वाचनमा उठेकाहरूले लिएको वर्गीय संगठनको सदस्यतालाई आधार मानेर हेर्दा तल्लो वर्गको उपस्थिति ज्यादै न्युन देखिन्छ । तराईमा सयौं विघा जमिन हुनेले किसान संगठनको सदस्यता लिएको र पहाडमा सयौं रोपनी जग्गा हुनेले पनि सोही संगठनको सदस्यता लिएको कुरालाई छोडेर निर्वाचनमा गरेको खर्चको विवरणलाई आधार मानी

हेर्दा तल्लो वर्गका मानिसहरूको उपस्थिति १.८८ प्रतिशत माात्र पाईन्छ ।[३८] क्षेत्रगत आधारलाई हेर्ने हो भने हिमाल, पहाड तथा तराईलाई पञ्चायती निर्वाचनमा मिलाएर नै स्थान दिईएको पाईन्छ । कुनै पनि जिल्लालाई थोरैमा एक र बढीमा दुई जना मात्र निर्वाचीत हुने व्यवस्था त्यसवेला गरिएको थियो । समावेशी दृष्टिले हेर्दा भौगोलिक आधारमा भू-भाग र जनसंख्याको समोचित व्यवस्था गर्न खोजेको देखिन्छ । राष्ट्रिय पञ्चायतमा २०३८ सालमा राजाबाट मनोनीत हुने २८ स्थानमा २८ नै स्थान पूरै मनोनीत गरेको पाईन्छ । जस अनुसार मनोनीतहरूको जातीय तथा लैङ्गिगक उपस्थितिलाई तालिकामा राखेर यस प्रकारले प्रस्तुत गरिन्छ ।

तालिका १० : वि.सं.२०३९ सालमा राष्ट्रिय पञ्चायतमा मनोनीत सदस्यहरूको प्रतिशत

लैङ्गिगक स्थिति	२०३८ सालमा राष्ट्रिय पञ्चायतमा मनोनीत सदस्यहरू						प्रतिसत
	क्षेत्री वाहुन	आदिवासी जनजाति	तराई आदिवासी	दलित	मधेसी	जम्मा	
पुरुष	१२	६	१	१-	३	२३	८२.१५
महिला	३	२	-	-	-	५	१७.८५
जम्मा	१५	८	१	१	३	२८	
प्रतिशत	५३.५७	२८.५७	३.५७	३.५७	१०.७१	१००	१००%

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

संविधानतः वर्गीय संगठन, वौद्धिक क्षेत्र तथा विभिन्न समुदायबाट मनोनीत गर्ने उल्लेख भएको भए पनि मनोनीतमा लैङ्गिगकरूपमा निकै ठूलो विभेद पाईएको छ । ५०% भन्दा बढी जनसंख्याको हिस्सा ओगटेका महिलाहरूको मनोनयन केवल १७.८५ प्रतिशत मात्र भएको छ र पुरुषहरूको मनोनयन भने ८२.१५ प्रतिशत हुन गएको छ । तसर्थ लैङ्गिगक आधारमा पञ्चायती प्रणालीको व्यवस्थापिका कदापी पनि समावेशी देखिँदैन । जातिगत रूपमा पनि ब्राह्मण तथा क्षेत्री समुदायको उपस्थिति घनामात्रामा रहेकोछ भने आदिवासी जनजातिको उपस्थिति सामान्यतया ठीकै अवस्थामा रहेपनि तराई आदिवासी तथा दलितको उपस्थिति जनसंख्याको अनुपातमा ज्यादै न्युन रहेको छ । यसर्थ त्यसलाई समावेशी विधायिका भन्ने आधार केही पाईदैन । वर्गीय आधारमा तल्लो वर्गको पहुँच राजनीतिमा स्थापित हुन नसकेको र मनोनीत हुँदा दरवारसम्म त्यो वर्गले पहुँच विस्तार गर्न नसकेकाले पनि वर्गीय आधारमा सो विधायिकामा समावेशीताको कुनै गुञ्जायस थिएन । तसर्थ सो विधायिका समावेशी नभएको प्रष्ट छ । त्यस्तै गरी पञ्चायती राजनीतिकालीन विधायिकाको आम निर्वाचन अर्को पटक २०४३ सालमा भएको थियो । सो निर्वाचनको समावेशी संरचनाको विषयमा पनि केही छोटो समिक्षा गर्न सान्दर्भिक हुन्छ । सो निर्वाचनबाट गठित तत्कालीन विधायिकाको

[३८] . केन्द्रीय तथ्याङ्क विभाग तथा निर्वाचन आयोगको रेकर्डका आधारमा ।

निर्वाचीत प्रतिनिधिको उपस्थितिलाई तालिकामा प्रस्तुत गर्न सकिन्छ । जसको लैङ्गिक तथा जातिगत उपस्थिति यस प्रकार रहेको थियो ।

तालिका ११ : वि.सं.२०४३ सालमा निर्वाचीत प्रतिनिधिहरूको लैंङ्गिक तथा जातिय उपस्थिति

लैङ्गिक स्थिति	निर्वाचीत (राष्ट्रिय पञ्चायत सदस्यहरू)					
-	क्षेत्री वाहुन	आदिवासी जनजाति	तराई आदिवासी	दलित	मधेसी	जम्मा
पुरुष	६७	२८	३	-	१२	११०
महिला	२	०	-	-	-	२
जम्मा	६९	२८	-	-	१२	११२
प्रतिशत	६१.६१	२५.००	२.६८	०	१०.७१	१००

स्रोत : निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

उल्लेखित निर्वाचीत विधायिका वर्गीय आधारमा कुनै पनि अर्थमा समावेशी मान्न सकिँदैन । क्षेत्रगत आधारमा पञ्चायतकालीन विधायिकाको अवस्था भौगोलिक आधारमा सामान्यतयाः समावेशी नै मान्नु पर्दछ । तर लैङ्गिक आधारमा ११२ जना प्रतिनिधिको स्थानमा केवल दुई जना मात्र महिला निर्वाचीत हुन्छन् र ११० पुरुषको वर्चस्व देखिन्छ भने त्यो भन्दा असमान सभा कुनै हुन सक्दैन । तसर्थ २०४३ सालको राष्ट्रिय पञ्चायत समावेशी दृष्टिले ज्यादै असमान मानिन्छ । यसमा राजाले मनोनीत गरेका सदस्यहरूको समावेशी अवस्थालाई यसरी तालिकामा प्रस्तुत गरेर हेर्न सकिन्छ ।

तालिका १२ : वि.सं.२०४३ सालमा राजाद्वारा मनोनीत अवस्था

लैङ्गिक स्थिति	२०४३ सालमा राष्ट्रिय पञ्चायतमा मनोनीत सदस्यहरू						प्रतिशत
	क्षेत्री वाहुन	आदिवासी जनजाति	तराई आदिवासी	दलित	मधेसी	जम्मा	
पुरुष	११	४	१	१-	३	२०	८०
महिला	३		-	-	२	५	२०
जम्मा	१४	४	१	१	५	२५	१०० %
प्रतिशत	५६%	१६%	४%	४%	२०%	१००	

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

मनोनीत सदस्यहरूको अवस्था पनि समावेशी दृष्टिले सकारात्मक देखिँदैन । उच्च जाति भनिएकाहरूको ५६ प्रतिशतको उपस्थिति रहेकोमा आदिवासी जनजातिको केवल १६ प्रतिशत मात्र मनोनयन भएको छ । तराईको आदिवासी भनिएको जातिको मनोनयन तथा दलितको मनोनयनमा तत्कालीन राजदरवार पनि सकारात्मक नरहेको उक्त तथ्याङ्कले देखाएको छ । जनसंख्याको अनुपातमा मधेशीहरूको मनोनयन भने तुलनात्मकरूपमा राम्रो नै मान्नु पर्दछ ।

४.४.३. व्यवस्थापिकामा समावेशी अवस्था

वि.सं.२०४६ सालमा नेपालमा निर्दलीय भनिएको पञ्चायती व्यवस्थाका विरुद्धमा नेपालका राजनीतिक दलहरूले आन्दोलन गरे । २०४६ सालमा सञ्चालित जनआन्दोलनको उपज नेपालमा पुनः संसदीय राजनीतिक प्रणालीको प्रादुर्भाव भयो । सो प्रणालीलाई संस्थागत गर्न २०४७ साल कात्तिक २३ गते नेपालमा एक संविधान जारी भयो । उक्त संविधानले व्यवस्था गरे अनुसार नेपालमा द्विसदनात्मक व्यवस्थापिकाको व्यवस्था गरिएको थियो । जसमा तल्लो सदन प्रतिनिधिसभा जसको गठन देशभरमा २०५ निर्वाचन क्षेत्रबाट वालिग मताधिकारको आधारमा निर्वाचीत प्रतिनिधि रहने व्यवस्था थियो । संविधानको भाग ८ धारा ४५ को उपधारा १ देखि ९ सम्म प्रतिनिधिसभाको निर्वाचनको वारेमा उल्लेख गरिएको थियो भने धारा ४६ मा राष्ट्रियसभा अर्थात माथिल्लो सदनको बारे उल्लेख गरिएको थियो ।[३९] सो संसदीय राजनीतिक व्यवस्थाको कार्यकाल झण्डै १६ वर्ष रहन गयो । सो अवधिमा बहुदलीय शासनकालको १५ वर्ष प्रतिनिधिसभा निर्वाचन २०४८, २०५१ र २०५६ मा जातजाति, आदिवासी जनजातिहरूको प्रतिनिधित्व प्रतिशत यस प्रकार रहेकोछ ।

तालिका १३ : वि.सं.२०४८, २०५१ र २०५६ सालमा जातिगत प्रतिनिधित्व

जाति/जनजाति	बहुदलीय शासनको १५ वर्ष					
	२०४८		२०५१		२०५६	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
ब्राम्हण	७९	३८.५४	९०	४३.९०	८०	३९.०२
क्षेत्री	३४	१६.५९	३६	१७.५६	४३	२०.९७
आदिवासी/जनजाति	६३	३०.७३	५३	२५.८५	५२	२५.३६
मधेसी	२०	९.७६	२१	१०.२५	२६	१२.६८
मुस्लिम	५	२.४४	४	१.९६	२	०.९८
दलित	१	०.४८	-	-	-	-
अन्य बाँकी	३	१.४६	१	०.४९	२	०.९८
जम्मा	२०५	१००	२०५	१००	२०५	१००%

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

बहुदलीय शासनकालको १५ वर्ष र अन्तरिम व्यवस्थापिका सदस्य निर्वाचनमा प्रतिनिधित्व गर्ने महिला सदस्यहरूको सहभागिताको अवस्था यस प्रकार रहेको छ ।

[३९] . Dahal, *op.cit.30*, p. 473-476.

तालिका १४ : बहुदलीय शासनकालको १५ वर्षे कार्यकालमा महिलाको सहभागिता ।

	बहुदलीय शासनकालको १५ वर्ष			अन्तरिम व्यवस्थापिका
	२०४८	२०५१	२०५६	२०६३
कूल	२६५	२६५	२६५	३२९
महिला	१०	१०	१९	४९
प्रतिशत	३.७७	३.७७	७.१६	१४.८९

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट/लेखक, लोक दर्शन पण्डित (वि.सं.२०६७) ।

निर्वाचन सम्बन्धि कानुनमा महिला ५ प्रतिशत निर्वाचनमा उठाउनै पर्ने भए पनि निर्वाचनमा जिताउनै पर्ने व्यवस्था नहुँदा संसदको माथिल्लो सदन बाहेक तल्लो सदनमा ५ प्रतिशत महिलाको उपस्थिति पनि पाँईदैन थियो । जुन कुरा माथिको तथ्याङ्कले देखाएको छ । यसर्थ विगतको राणा कालदेखिको पञ्चायतकाल हुँदै संसदीय प्रणालीको अभ्यास सम्ममा पनि नेपालको व्यवस्थापिकामा समावेशी व्यवस्था भएको पाईदैन । नेपालको व्यवस्थापिका इतिहासको कुनै कालखण्डमा पनि समाज सुहाँउदो समावेशी हुन नसकेको कुरा माथिका तथ्यहरूले प्रष्ट पारी सकेकोछ ।

राज्यको मूल प्रवाहमा समावेश हुने अवसरबाट वञ्चित समुदाय, वर्ग तथा लिङ्गको कानुन बनाउने उपल्लो निकायमा प्रतिनिधित्व नहुँदा सो वर्गको हितमा मुलुकमा कानुन बन्दैन र त्यसले राज्यको मूल प्रवाहमा समावेश हुने अवसरबाट वञ्चित रहन जान्छ । नेपालको सन्दर्भमा व्यवस्थापिका समावेशी हुनु पर्ने कारणबारे प्रष्ट पार्दै विभिन्न नेपाली विज्ञहरूले विभिन्न अवधारणा व्यक्त गरेका छन् । समावेशी भनेको समानताको अधिकारसँग सम्बन्ध राख्ने भन्दै एउटा राज्यभित्र एउटा कानुनको सर्वव्यापी प्रयोग (Universal application) हुनु भनेको परिस्थितिको परिकल्पनालाई आत्मसात नगर्नु हो भन्ने अवधारणा भएको बताईन्छ । पिछडिएको वर्ग, समुदायका मानिसहरूका लागि राज्यले समान अवस्थाको वर्ग वा समुदायको पहिचान गर्न उचित वर्गीकरणको सिद्धान्त (Doctrine of reasonable classification) अवलम्वन गर्दछ । तथापि राज्यको अन्तिम लक्ष्य समानता नै हो भन्ने विचार व्यक्त गरेको पाईन्छ ।[४०] आर्थिक विकास नभएका वर्ग तथा समुदायको संरक्षण गरी उनीहरूको स्तरलाई उकास्न पनि नेपालमा समावेशीताको आवश्यकता पर्दछ । मूलतः यस्ता वर्गको आफैं प्रतिनिधित्व हुन सके आफ्नो वर्गको वा समुदायको हित अनुकुल कानुन बनाउन सक्ने भएकाले वा वर्ग स्वार्थमा कानुन बनाउन विचार पुऱ्याउने भएकाले पनि नेपालमा विधायिका समावेशी हुनु पर्दछ भन्ने राय पनि रहेको छ । तर उनी के पनि भन्छन् भने समावेशीताको नाममा

[४०] . भीमार्जुन आचार्य, दलित गैह्न सरकारी महासंघले मिति २०६५।८।२८ मा आयोजना गरेको कार्यशाला गोष्टिमा प्रस्तुत विचार ।

प्रतिस्पर्धाबाट विमुख गराईनु हुँदैन ।[४१] समावेशीताको नाममा सामर्थ्यलाई निरुत्साहित गर्न नहुने यो रायले जातीय समावेश मात्र समावेशी होईन भन्ने अर्थ बुझाउँछ । कानुन क्षेत्रका अनुभवीहरू नेपाल बहुभाषिक तथा बहुजातीय मुलुक भएको हुँदा प्रत्येक जातिको समावेशीमा आधारित व्यवस्थापिकाको औचित्य रहेको बताउँछन् ।[४२] वास्तवमा समावेशीताको मूल लक्ष्य समानतालाई मान्ने हो भने जातीय समावेशीताले मात्र नेपाली समाज न्यायपूर्ण र समान हुन सक्दैन । तसर्थ यी कानुन क्षेत्रका अनुभवी व्यक्तिको भनाईलाई पूर्ण सत्य मान्न सकिँदैन । तथापि यिनको राय पनि समावेशीताको आवशयकता रहेको अर्थमा बुझ्न सकिन्छ । नेपालका एक मानव अधिकार कर्मी तथा प्राध्यापक पनि नेपालको विधायिका समावेशी हुनु पर्ने बताउदै के भन्छन् भने यसले सिमान्तकृत समुदायलाई प्रतिनिधित्व गराउने, उत्तरदायित्वको बोध गराउने र अपनत्व पैदा गर्ने भएकाले यसको औचित्य रहेको छ र यसले प्रजातन्त्रलाई सुदृढ गर्दछ भनि बताउछन् । तथापि समावेशी मात्र प्रजातन्त्रको सफलताको आधार हुन सक्दैन भन्ने समेत उल्लेख गर्दछन् ।[४३] कानुन क्षेत्रका अर्का विज्ञ समावेशी भनेको जाति, भाषा, धर्म, वर्ग, क्षेत्र आदिका आधारमा व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका लगायतका निकायहरूमा समान पहुँच र सहभागिता गराउन अवलम्वन गरिएको सिद्धान्त भएकाले यसको प्रयोग नेपाली व्यवस्थापिकामा अनिवार्य रहेको बताउँछन् ।[४४] शासन सत्तामा समान पहुँचको अवसर सवै वर्ग, समुदाय र जातिलाई प्राप्त होस् भन्ने धेयले शासन सञ्चालनमा पछाडि पारिएका वर्ग समुदायलाई आफ्नो प्रतिनिधि मार्फत आफ्नो वर्गको वर्गीय समस्याको निदान आफैंले खोज्न सकुन् (The voice of the voiceless) भन्ने पवित्र उद्देश्यका साथ समावेशीताको सिद्धान्त आत्मसात गरिएकाले पनि नेपाल जस्तो विविध सामाजिक संरचना भएको मुलुकमा समावेशीताको औचित्य रहेको बताईएको छ ।[४५] नागरिकको यो हिस्साले नेपालमा समावेशी विधायिकाको औचित्यता वा आवश्यकता देखेको छ ।

समावेशीताको नाममा नेपालमा भईरहेको जातीय सद्भाव खलवलाउने र धार्मिक विवाद बढाउने काम भईरहेको प्रतिपनि आम नागरिकको चासोको विषय रहेको छ । मूलत माथि नै एक रुसी

---

[४१] .स्टेण्डर्ड कम्पनी फाइनान्स लिमिटेडका सचिव सीताराम श्रेष्ठसँग २०६९ । २ । २५ मा लिएको अन्तरवार्ता ।

[४२] कानून व्यवसायी तथा सम्वन्धित विषयसँग चासो राख्ने देवेन्द्र मैनालीसँगको २०६९। २।२५ मा लिएको अन्तरवार्ता ।

[४३]. कपिल श्रेष्ठसँग लिईएको मिति २०६९। २।२५ को लिखित अन्तरवार्ता ।

[४४] . कानून व्यवसायी तथा सम्वन्धित विषयसँग चासो राख्ने टीकाराम लिम्बुसँग लिएको अन्तरवार्ता मिति २०६९। २।२५ ।

[४५] कानून व्यवसायी तथा सम्वन्धित विषयसँग चासो राख्ने लोकनाथ खरेलसँग मिति २०६९। २।२४ मा लिएको अन्तरवार्ता ।

लेखकको भनाईलाई हेर्ने हो भने समावेशीताको नारा वर्ग संघर्षको नियमको विरुद्ध कम्युनिष्टहरूलाई भ्रष्ट बनाउने पश्चिमा साम्राज्यवादीहरूको योजना हो भन्ने भनाई उल्लेख गरि सकिएको छ ।[४६] खासगरी जातीय विभेदको कुरा उचालेर समाजमा द्वन्द्व सृजना गरी वर्ग संघर्षको अवस्थालाई जातीय तथा क्षेत्रीय कुरा निकालेर विथोल्ने र आफ्नो स्वार्थ पूरा गराउने निहित योजनामा समावेशीताको कुरा उठेको छ भन्ने भनाईलाई समर्थन गर्दै क्यानडामा विद्यावारिधि गरेर बसेका टंकराज निरौला नेपालमा बढ्दो साम्यवादी लहरलाई निस्तेज पार्न समावेशीताको विउ छरेर आफ्नो स्वार्थ सिद्ध गर्ने खासगरी नेपाललाई विखण्डनको भूमरीमा फसाएर नेपालको बाटो भएर तिब्बतलाई चीनबाट अलग राख्ने रणनीति अर्न्तगत अमेरिकी साम्राज्यवादी योजना र युरोपेलीहरूको नेपाललाई क्रिश्चियन राज्य बनाउने योजना अन्तरगत ल्याईएको समावेशी नारा हो र नेपाल अहिले यसैको चपेटामा परेको छ भनेर लेख्दै यसका लागि युरोपका स्केयडेनेभियन देशहरू बढी सक्रिय रही नेपालका माओवादीलाई जनयुद्धको समय देखि नै प्रयोग गर्दै गरेका हुन् भनि उल्लेख गरेका छन् ।[४७] निरौलाको यो भनाईलाई हेर्दा माओवादी विद्रोह काल देखि यो नाराले प्रमुखता पाएको र नेपालमा यो सामाजिक झगडाको रूपमा झाँगिदै गएकाले यसलाई पूर्णत असत्य मान्न सकिँदैन । श्रीलंकामा तमिल विद्रोह भई रहेको समयमा तमिलहरूलाई लिएर आफ्नो स्वार्थ पूरा गराउन खोज्ने युरोपेली मुलुकहरूले धेरै दिन सम्म झगडाको अन्तिम निर्णय गराउन अवरोध खडा गरि रहे जव सरकारले कठोर कदम अवलम्वन गर्न पुग्यो तव तमिल समस्याको अन्त्य नै भयो । अहिले पश्चिमा मुलुकहरू त्यसमा मुकदर्शक मात्र बन्न पुगेका छन् । तसर्थ यो भनाईलाई असत्य मान्न सकिँदैन । जर्मनीमा व्यवसाय गरेर बसी रहेका झापाका लीलाराज कार्की समावेशीताको नाममा जातीय नारालाई उरालेर वर्ग संघर्षको पक्ष र पाटोलाई वा त्यो विचारलाई अन्यत्र मोड्न साम्राज्यवादीहरूले नेपालमा समावेशीताको नारा धकेलेको कुरा स्वीकार गर्दै नेपालमा वर्ग संघर्षको विषयलाई ओझेलमा पार्ने काम माओवादी मार्फत गराईएको छ भन्दै नेपालमा साम्यवादी विचारको अवसान गराउने श्रेय पनि माओवादीलाई नै कालान्तरमा जानेछ र माओवादी नेपालको गोर्भाचोभ हुने सम्भावना प्रवल रहेको विचार व्यक्त गर्दछन् ।[४८] यी भनाईमा कुनै सत्यता छ त ? माथि उल्लेखित प्रश्नको जवाफमा विदेशमा बसेका अन्य नेपालीको पनि सहमति रहेको पाईन्छ । साउदी अरवमा रहेका झापाका राजकुमार खड्का, (खड्का, जून ३०,

---

[४६]. Demitrikov (A.D.2010 junawary), op.cit, No. 2 .

[४७] . अमेरिकामा वस्ने एक नेपाली वौद्धिक व्यक्तित्व टंकराज निरौलाको जुलाई १९, २०१२ को इमेलबाट प्राप्त लिखित प्रतिक्रिया ।

[४८] जर्मनमा वस्ने नेपाली व्यवसायी लीलाराज कार्कीले जुलाई १५, २०१२ का दिन इमेलबाट दिईएको प्रतिक्रिया ।

२०१२ इमेल प्रतिक्रिया) क्यानडामा रहेकी सम्झना क्षेत्री, (जून २७, २०१२ फेसबुक प्रतिक्रिया) क्यानडा मै रहेकी विजया हमाल (हमाल, अप्रिल २५, इमेल प्रतिक्रिया) माथि उल्लेखित भनाईहरूसँग सहमत राख्दछन् । अव नेपाल सरकारले वर्तमान अवस्थामा ल्याएको समावेशी अवधारणा र प्रयोगलाई पनि हेरौं । सरकारी निकायमा नियुक्ति देखि विभिन्न ठाउँमा समावेशीतालाई आधार बनाउँदा जनजाति, दलित, आदिवासी जनजाति, महिला, मधेशी र अन्य भन्ने शब्दावलीलाई अघि सारेर समावेशीता र आरक्षणको व्यवस्था गरेको छ । अन्य भित्र पर्ने समुदायको स्पष्ट पहिचान छैन । त्यसैले ब्राह्मण तथा क्षेत्री, दशनामी, दलित, ठकुरी र सन्यासीहरूले यो अवधारणाको विरोध गरिरहेका छन् भने अर्कातिर मधेशी समुदायभित्र आफूलाई पारेकोमा तराईका आदिवासी जनजाति तथा मुस्लिम समुदायले विरोध जनाई रहेको छ । मधेसी, जनजाति वा अरु कुनै होस् सुविधा भोग्ने स्थानमा सभ्रान्त परिवारकै मानिसहरू पुगेका पाईन्छन् । तसर्थ यसले समाजमा देखा परेको शोषण र उत्पीडनको अन्त्य भने गर्न सक्दैन । किनकी यसले आर्थिक विपन्नतालाई उठाउने र वर्ग विहिन समाजतर्फ उन्मुख गराउने होइन आफ्नै समुदायभित्र हुनेखाने र हुँदा खाने वर्गको जन्म गराउने देखिन्छ । भोलीका दिनमा आफ्नै जाति र समुदाय बीचमा वर्ग संघर्षको अर्को युद्ध चल्ने सम्भावना प्रवल रहन जान्छ । यसको अर्थ के समावेशीताको आवश्यकता नै छैन भन्ने हो त ? यो प्रश्नको जवाफमा आरक्षण ज्यादै पीडित समुदाय जस्तै दलित, र वर्गीय रूपमा विपन्न वर्ग मजदुर, किसान तथा श्रमजीवीहरूलाई दिएर अरु सवैका लागि प्रतिस्पर्धाकै ढोका खोलेको भए राम्रो हुने थियो । कानुन बनाउने निकाय विधायिकालाई समावेशी बनाउन उचित हो तर विद्यमान समावेशी शैलीले जातीय विभेदको नाममा एउटै जाति भित्र शोषण र उत्पीडनको अवस्था एकातिर खडा गर्दछ भने अर्कातिर जातीय विवादको भूमरीमा मुलुकलाई भविष्यमा लैजान्छ । यसले मुलुकलाई दिगो शान्ति र स्थिरता दिँदैन । समावेशीको आवश्यकता पर्दछ तर वर्गीय विभेद हल गर्ने धेयले जातीय विभेदलाई त्यसको सेरोफेरोमा राखेर हल गर्ने प्रयास गर्ने हुनु पर्दछ । नेपालमा वर्गीय सवाललाई पछि पारेर जातीय सवाल अघि सारेकाले वा त्यसले बढी महत्व पाँउदै गएकाले यो समावेशी अवधारणा त्रुटीपूर्ण छ भनि विदेशमा रहेका अरु नेपाली सचेत नागरिकहरूको पनि राय रहेको पाईन्छ । उनीहरू नेपालमा जातीय विभेद रहेको भन्ने कुरालाई स्वीकार गर्दै त्यसको जड विगतका कानुनहरू, जंगबहादुर कालीन ऐन समेतले व्यवस्था गरेको परम्पराले खडा गरेको भन्दै त्यसको हल वर्ग विभेदको अन्त्य भित्रबाट खोज्दा मात्र मुलुक दिगो शान्ति र समृद्धिको बाटोमा जाने बताउँछन् ।[४९] माओवादी नेतृत्वले पनि यसलाई

[४९] . नर्वे बस्ने वौद्धिक व्यक्तित्व लोक सुब्बा, अमेरिका बस्ने कृष्ण उपाध्याय, इजरायल बस्ने साहित्यकार तथा लेखिका कविता शर्मा आदिको विभिन्न मितिको इमेल प्रतिक्रिया ।

सही पहिचान गरेर स्पष्ट धारणा ल्याउन सकेको छैन ।[५०] *Hu Kang Fung* नामक लेखकले नेपालको बारेमा चर्चा गर्दै नेपालमा जातीय राज्यको विजारोपण गरेर सिआइएले हिमाल, पहाड र तराई टुक्र्याउने र तिब्बतमा गडबढी गरेर कथित तिब्बती स्वतन्त्रताको नाममा चीनमा अस्थिरता पैदा गर्ने योजना भारतसित समेत मिलेमतो गर्दै योजना बनाएकोमा नेपालको संविधानसभाको अवसानले त्यो स्थितिलाई तत्काल समाप्त गरेको उल्लेख गर्दै नेपालमा नव गठित माओवादी पार्टीलाई सच्याउन सहयोग गर्न सके नेपाल चीन मित्रतामा एउटा भरपर्दो शक्ति देखिने समेत उल्लेख गरेको छ ।[५१] लेखको आशय हेर्दा पुष्पकमल दाहाल नेतृत्वको माओवादी माथि चीनियाँहरूको विश्वास गुम्दै गएको र त्यसको खास कारण बाबुराम नेतृत्वको सरकार भएको अनुभूति लेखबाट गर्न सकिन्छ । विद्वन्हरुले संसारको भू-राजनीतिलाई सभ्यतासँग जोड्दै धेरै कुराहरु उल्लेख गरेका छन् । एक अमेरिकी विद्वनले यस सन्दर्भमा के लेख्छन् भने संसार गरीव समाज र धनी समाजमा विभाजित छ । धनी देश र गरीव देशहरु वीच भिन्नताहरु छन् । आधारभूत दर्शन, मूल्य-मान्यता, जीवन-शैली सवै क्षेत्रमा यी दुईको वीचमा भिन्नता छ । यही भिन्नताका कारण धनी र आधुनिक समाजहरु गरीव र परम्परावादी समाज माथि अधिपत्य जमाउन र उपनिवेश वनाउन खोज्छन् ।[५२] उक्त भनाईले के देखाउँछ भने एशियाका कमजोर मुलुकहरु माथि पश्चिमा पुँजीवादीहरु आफ्नो अधिपत्य जमाएर आफ्नो स्वार्थ पुरा गर्न चाहन्छन् । नेपाल यही कमजोर देश भित्र पर्दछ । नेपाल माथि पश्चिमाहरुको स्वार्थ के होला त ? यो प्रश्नको जवाफ यही सिलसिलामा खोजिनु पर्दछ । नेपालको भू-राजनीतिको अवस्था र छिमेकी देशहरूको पीडा र चासोलाई समेत मध्यनजर राख्दै नेपालमा समावेशी लोकतन्त्रको कुरा गर्ने हो भने नेपालको विधायिका समावेशी हुनु पर्दछ तर समावेशीको वर्तमान संरचना उपयुक्त छैन । जातीय समस्यालाई हल गर्ने विधि वर्गीय समस्याको जगमा खोजिनु पर्दछ । अहिले नेपालमा भई रहेको समावेशी अवधारणाको कानुनी प्रयोग पश्चिमाहरूको नेपाललाई क्रिस्चियन समुदायको खेल मैदान बनाउने र साम्यवादी आन्दोलनलाई दिग्भ्रमित बनाउने प्रकारकोछ । युरोप (अमेरिकी योजनामा आएको भन्ने भनाईलाई असत्य मान्न सकिदैन । माओवादी सशस्त्र विद्रोहकालमा नै अमेरिकी केही

---

[५०] पूर्ण विवरणका लागि संविधानसभा २०७० को दोस्रो निर्वाचनको एनेकपा (माओवादी)द्वारा प्रस्तुत घोषणा पत्र तथा हेटौडा महाधिवेशन २०७० मा प्रस्तुत राजनीतिक दस्तावेज ।

[५१] . HU kang Fung, "China- Nepal relation and Tibet" year 1, issue No. 3, *www.beijeengnews.com*, 15 July, 2012. p.3 .

[५२] Samuel P. Huntington (1996), *The clash of civilizations and the remarking of wirld order*, New York : Simon & Schuster Rockfeller Center, pp.32-33.

नेपालका पूर्व कम्युनिष्टहरूलाई प्रयोग गरेर माओवादीलाई पथबाट विचलित गराउन यस्तो योजना ल्याएको भन्दै यस्ता प्रयोगमा आएका व्यक्तिहरूमा झापा विद्रोह कालमा विद्रोही भई जेल बसेका र पछि जेलबाट छुटेपछि राजनीतिबाट पर बसी प्लान इन्टरनेशनलका कन्ट्री डाइरेक्टर सम्म हुन पुगेका गोविन्द नेउपाने नेपालको राजदरवारमा पहिले उच्च तहमा काम गरि सकेका व्यक्तिहरू बताउँछन् ।[५३] गोविन्द नेउपानेको विषयमा नेपालको कम्युनिष्ट आन्दोलनमा नै विद्यावारिधि गरेका एक लेखकले आफ्नो पुस्तकमा यसरी लेखेका छन् :

> Man Kumar Gautam, a leader of Jhapa, gives his opinion about Neupane in this way: " Govind Neupane gave up the politics after his release from jail and never joined the party CPN (ML). He became a top officer of an international non-government organization "Plan International" funding by American Government… Nowadays I hear he has become a plan maker of Maoist Party. If it is true, he has to be suspected. But it cannot be said certainly how hebecame so.[५४]

गोविन्द नेउपानेका यी क्रियाकलापहरू प्रति उनका सहकर्मीहरूले प्रश्न उठाएको देखिन्छ । माओवादी विद्रोही र सरकारका बीचमा विगतमा वार्ता चल्दाको समयमा सञ्चार माध्यमहरूमा समेत माओवादी माग र अवधारणाहरूको समर्थन गर्दै देखा परेका गोविन्द नेउपाने विगत केही पहिले जातीय विभेदको खरो कुरा ओकल्दै पुस्तक समेत बजारमा ल्याएर देखा परेका थिए । तर माओवादी सरकारमा आएपछि वा त्यो भन्दा केही समय पहिले देखि नै राजनीतिक मञ्चहरूबाट उनी अस्ताएको देखिन्छ । यसर्थ यस्ता व्यक्तिहरूको प्रभावमा जनयुद्धकालमा नै माओवादीको विचार सम्प्रेषण गरेन भन्न सकिँदैन । यसको अर्थ नेउपाने जस्ता धेरै नेपालीहरु छन् । जो पश्चिमा शक्तिको प्रभावमा परेर नेपालमा जातीय द्वन्द्वको वकालत गर्दछन् । जातीय द्वन्द्वको भूमरीमा नेपाललाई फसाएर पश्चिमा मुलुकहरुको स्वार्थ के होला त ? यसको जवाफ खोज्न एक पटक सामुईल पी. हन्टिङटनले लेखेका कितावलाई उदृत गर्नु सान्दर्भिक हुनेछ । उनी के लेख्छन् भने मार्क्सवाद युरोपेली सभ्यताका उपज थियो तर यसले त्यहाँ न जरा गाड्न सक्यो नत सफल नै भयो । गैह्र पश्चिमी समाजहरुमा आधुनिककालमा त्यो आयात गरियो । लेनिन, माओ र होचि मिन्हहरुले यसलाई प्रयोगमा ल्याएर पश्चिमी शक्तिका सामू चुनौती खडा गरे । पश्चिमा शक्तिका विरुद्ध जनतालाई परिचालन गरेर स्वतन्त्र पहिचान स्थापित गरे ।[५५] यसले के देखाउँछ भने पश्चिमा पुँजीवादी समाजका विरुद्ध साम्यवादी समाज खडा गरेर पूर्वीय देशहरुले तिनीहरुलाई चुनौती दिए । जसले गर्दा वैचारिक

---

[५३] नाम नखोल्ने शर्तमा राजदरवारका एक पूर्व सचिव, मिति २०६८ वैशाख ४ गते, अन्तरवार्ता ।

[५४] Rajkumar Pokhrel, (nd), *A Journey of the communists of Nepal, twenty three years' History of the CPN-UML*, Damak Jhapa, Mass line publication, p.69-70.

[५५] Huntington, *op.cit*. No. pp. 52-53.

सभ्यताका वीच द्वन्द्व सृजना भयो । वीसौं शताव्दीको अन्त्यतिर सोभियत संघको पतन भएपछि चीन मात्र पश्चिमा शक्तिको चुनौतीको रुपमा रहन गयो । नेपालसँग उनीहरुको स्वार्थ केही छैन तर छिमेकी देश चीनको वढ्दो प्रगति र शक्तिलाई रोक्न र चीनमा विखण्डन ल्याउन पश्चिमा शक्तिहरु लागि परेको पाईन्छ । नेपालमा पहिले विखण्डन ल्याउन र त्यसलाई आफ्नो खेल मैदान वनाउन चाहेका हुन् भन्ने देखिन आउँछ । अन्तर्राष्ट्रिय क्षेत्रमा चीनलाई एक्लो वनाउन अमेरिका र पश्चिमा पुँजीवादीहरुले हरेक प्रकारका प्रयासहरु गरेका उदाहरणहरु पाईन्छन् । सन् १९९५ अगष्ट महिनामा तत्कालीन चीनका राष्ट्रपति जियाङ जेमिनले भनेका थिए "पश्चिमा शक्तिहरु चीनमा पश्चिमीकरण गर्न र चीनमा विभाजन ल्याउन रणनीतिक तथा आर्थिक रुपमा प्रयास गरिरहेको छ ।" चीनमा विभाजन ल्याउन तिव्वत माथिको विभाजनको भूमिका निर्धारण गर्दै ताईवानलाई १५० एफ-१६५ वेच्यो र चीनले मानव अधिकार हनन् गरेको आरोप लगायो । चीनमा हुने सन् २००० को ओलम्पिक खेललाई अस्वीकार गऱ्यो ।[५६] अर्को एउटा उदाहरण के पनि पाईन्छ भने सन् १९९४ मा सवै एशियाका मुलुकहरु, अष्ट्रेलिया देखि मलेसिया र दक्षिण कोरिया सम्म अमेरिकी मागको प्रतिरोधमा जापानको पक्षमा उभिए । त्यसवेला अमेरिकाले चीनलाई MFN को सुविधा नदिने उद्घोष गरेको थियो । अमेरिकी प्रयासको विपक्षमा जापानका प्रधानमन्त्री होसोकावा उभिए र उनले "पश्चिमा मानव अधिकारको अवधारणालाई अन्धाधुन्द स्वीकार गर्न एशियाले सक्दैन" भनेका छन् । त्यसमा सिंगापुरका लि क्वान यीले त "चीनलाई दवाव दिने हो भने अमेरिकाले प्यासिफिक क्षेत्रमा एक्लो भएको पाउँने छ ।" भनी चेतावनी दिए ।[५७] चीन विरुद्धको योजनामा नेपाललाई प्रयोग गर्न नेपालमा हर तरहले जातीय विखण्डनको विउ रोप्न पश्चिमाहरुको प्रयास देखिन्छ । नेपालमा जातीय विखण्डन ल्याउन एनेकपा (माओवादी) माध्यमबाट भएमा पश्चिमाहरुको लागि दुई कुराको फाईदाहरु देखिन्छन् । (१) नेपालबाट चीनभित्र प्रवेश गरी तिव्वत अलग पार्दै चीनमा विग्रह ल्याउने । (२) माओवादी जस्तो साम्यवादी शक्तिलाई प्रयोग गरेर वैचारीक सभ्यताको क्रममा साम्यवादी विचारलाई पतन गराउने । पश्चिमाहरुको यस्तो योजना वुझेर नै माओवादी गोर्भाचोभ हुने दिशामा गयो भन्ने विदेशमा बसेका नेपालीहरूको अनुभव वा मूल्याङ्कन सत्य देखिन गएको छ । यसको आसय के हो भने नेपालमा माओवादी विद्रोहले जे जस्तो जातीय विभेदको अवधारणा अघिसारेको छ त्यो अमेरिकी डिजायनमा आएको देखिन्छ र त्यो नेपाली समस्याको सही समाधान हुन सक्दैन । नेपालमा विद्यमान समयमा

[५६] *Ibid*, p. 223.

[५७] *New York Times*, 2 May 1994, P. A 10.

ल्याईएका समावेशी कानुन पनि सहि छैन । नेपालको विधायिका समावेशी बनाउनु पर्छ तर वर्गीय विभेदको हल गर्ने दिशामा उन्मुख हुने र त्यसै भित्र जातीय लगायतका विभेदको अन्त्य गरिने योजनाका साथ आउनु पर्दथ्यो । जातीय तथा क्षेत्रीय मुद्धालाई अघि सारेर आउने समावेशीकरण राष्ट्रिय अखण्डताका दृष्टिले खतरनाक देखिन्छ ।

निष्कर्ष

नेपालमा वर्गीय जातीय तथा लैंङ्गिक विभेद भएको र राज्ययन्त्र जातीय वर्गीय तथा लैंङ्गिक विभेदको थितिबाट चल्दै आएको कुरा इतिहासले देखाएकोछ । तथापि नेपालको समावेशीकरणको सवालमा जातीय विभेदको कुरालाइ मात्र आफ्नो स्वार्थका लागि पश्चिमा पुँजिवादी देशहरुले उठाउनु भनेको नेपालमा अस्थिरता सृजना गर्ने र समावेशीताको नाममा कम्युनिष्टहरुले सुरु गरेको वर्ग विभेद विरुद्धको कारवाही र विचारबाट कम्यनिष्टहरुको शक्तिको विकास हुन थालेपछि वर्ग संघर्ष र वर्ग मुक्तिको अवधारणालाई अन्यत्र मोड्ने प्रयास कम्युनिष्टभित्रै पसेर पश्चिमाहरुले थालेको देखिन्छ । माओवादी विद्रोहभित्र पसेर माओवादीले उठाएको वर्ग संघर्षको कदमलाई वैचारिक परिणाममा नै फेरबदल ल्याई समावेशीताको नाममा अन्यत्र मोडियो र जातीय विचारको रुप दिने काम भयो । यसले गर्दा एकातिर कम्युनिष्टहरुको पतन गराउने र अर्कातिर नेपाली समाजमा जातीय सद्भाव खलबल्याई अस्थिरता पैदा गर्न उनीहरु सफल भए । तर यसमा उनीहरुलाई मात्र दोष दिनु उचित हुँदैन । विगतका नेपाली शासकहरुले नेपालमा भएको जातीय विभेदलाई अन्त्य गर्न समयमानै सम्बोधन गर्न सकेको भए पश्चिमाहरुले मौका पाउने थिएनन् र माओवादीले पनि पश्चिमाहरुको खेललाई बुझ्न सकेको भए सायद परिस्थिति अर्कै हुने थियो । नेपालका विगतका विधायीकाहरुमा देखिएको सामाजिक असन्तुलनको उपस्थिति तथ्यहरुले प्रष्ट पारिसकेका छन् । नेपालमा विधायीकामा समावेशीकरण आवश्यक छ भन्ने कुरा स्वीकार गर्न सकिन्छ । तथापि अहिले भएको समावेशीकरणको प्रयोग भने रुसी लेखक दिमित्रिकोभले भने जस्तै वर्ग संघर्ष र वर्ग मुक्तिको सवाललाई भुत्ते वनाएको छ । आवरणमा जे भए पनि छिमेकी चीन विरुद्ध जान नेपाललाई खेल मैदान वनाउने पश्चिमा शक्तिको योजनाको रुपमा जातीय समावेशीकरणको चर्को नारा नेपालमा लगाईएको छ । तसर्थ वर्गीय असन्तुलनलाई समाप्त पार्ने अभिप्रायका साथ त्यसैको जगबाट जातीय, क्षेत्रीय तथा लैंङ्गिक असमानताको कारण खोज्दै तिनीहरुको हल गर्ने दिशामा जाने हो भने उचित समावेशी सामाजिक संरचनाको निर्माण हुन सक्छ ।

अध्याय : ५

नेपालमा संविधानसभाको निर्वाचन २०६४ मा समावेशी अवस्था

५.१. पृष्ठभुमि

समाजको विकास क्रममा राज्यको उदय भएपछि राज्य सञ्चालनका लागि संविधान निर्माण गर्ने प्रकृया विगत सवा दुई सय वर्ष देखि चल्दै आएको भएपनि समाज र राज्यको वनावटको कारण सवै देशमा एकै प्रकारले संविधान निर्माण हुन सकेन । कुनै राज्यमा संविधानसभा मार्फत संविधान निर्माण भयो भने कुनै मुलुकमा शासकहरूले नै संविधान प्रदान गर्दै आए । नेपालमा भने संविधान बनाएर शासन गर्ने कामको थालनी भएको ६० वर्ष हुँदैछ । २००७ सालको राजनीतिक परिवर्तनपछि संविधान निर्माणको थालनी भएपनि राणा शासक जङ्ग बहादुर राणाले जारी गरेको मुलुकी ऐन तथा पद्म शम्शेर राणाले जारी गर्ने प्रयास गरेको वैधानिक कानुन २००४ पनि संवैधानिक विकासका आधारहरू हुन् । राणा शासनको अन्त्यसँगै नेपालमा संविधानसभा मार्फत् संविधानको निर्माण गर्नका लागि प्रयास भएको हो तर विभिन्न षड्यन्त्र, आरोह-अवरोहका कारणले गर्दा संविधानको निर्माण संविधानसभा मार्फत् हुन सकेन र यसको सट्टा राजाद्वारा संविधान प्रदत्त हुने कुरा अभ्यासमा आयो । संविधानसभा मार्फत संविधान बनेको अवस्थामा सार्वभौम सत्ता सम्पन्न जनताबाट संविधान निर्माण र घोषणा गरिने भएकाले जनतामा विधिवत् सत्ता हस्तान्तरण गर्ने प्रकृयाका रूपमा संविधानसभाबाट संविधान जारी गरिनु पर्ने आवाज उठ्दै आएको थियो । संविधान सार्वभौम सत्ताबाट शक्तिको स्वरूपको निर्धारण गर्ने र शक्तिको वाँडफाँड गर्ने बैध पद्धति हो । यो सार्वभौमिकताले आफ्नो अधिकारलाई राजकीय सत्ताको रूपमा शक्तिको निर्धारण र विभिन्न अङ्गहरूमा वितरण गर्ने एक-अर्का बीचको सम्बन्धको निर्धारण गर्ने कार्य गर्दछ । संविधान भनेको शक्तिको निर्धारणको प्रकृया हो र सार्वभौम शक्तिले नै यसको निर्धारण गर्ने भएकाले संविधानसभा मार्फत जनताले आफ्ना प्रतिनिधिद्वारा शक्तिको स्वरूपको निर्धारण, वितरण गर्ने पद्धतिका रूपमा रहन्छ । नेपालमा संविधानसभाको प्रसङ्ग उठेको ५८ वर्ष पछि जनताले सार्वभौम अधिकारको प्रयोग संविधानसभा मार्फत गरी संविधानको निर्माणको प्रकृयामा प्रवेश गरेको हुँदा नेपालमा २०६४ साल चैत २८ गते संविधानसभाको पहिलो निर्वाचन हुन गयो ।

वि.सं.२००७ सालको राजनीतिक परिवर्तनको समयमा भरखरै अंग्रेज उपनिवेशबाट स्वतन्त्र भएको भारतका प्रधानमन्त्री जवाहर लाल नेहरूको दवाव, सशस्त्र युद्धको प्रभाव र जनतामा देखिएको

आन्दोलनको भावनाले गर्दा आफ्नो सत्ता समेत गुम्ने डरले राजा त्रिभूवनले संविधानसभा मार्फत गणराज्य स्थापना गर्न सहमति जनाए पनि सत्ता प्राप्त हुनासाथ नेपालमा राजतन्त्रले यसको विरूद्ध षड्यन्त्र सुरू गरेको थियो ।[१] राजा त्रिभुवनले २ वर्ष भित्रमा संविधानसभाको निर्वाचन गर्ने घोषणा गरेको भए पनि संविधानसभा मार्फत गणतन्त्र स्थापना हुनेहुँदा राजतन्त्रलाई जोगाउनका लागि संविधानसभालाई तुहाउन र गुमेको सार्वभौमिक अधिकार आफ्नै हातमा लिनका लागि राजाबाट षड्यन्त्र सुरु भएको थियो । पछिल्ला दिनमा पटक-पटक राजाले सक्रिय भएर राजनीति गर्ने र जनताका अधिकारहरू खोस्ने परिपाटीका विरुद्ध आवाज उठ्दै आयो र देशमा पटक-पटक राजाको राजनीतिक कदमहरूका विरुद्ध आन्दोलनहरू हुँदै आए ।

राजा महेन्द्र गद्दीमा बसेपछि उनले विभिन्न तरिकाबाट संविधानसभाको निर्वाचन नगराउने कामलाई महत्व दिँदै गए । उनकै शासनकालमा प्रधानमन्त्री बनाईएका टंकप्रसाद आचार्यले राजामा नै सार्वभौम सत्ता निहित भएकाले अव संविधानसभाको निर्वाचन हुँदैन भनि २०१२ सालमा घोषणा गरेपछि संविधानसभा २००७ सालमा संविधानसभाको निर्वाचन गर्ने भनिएको घोषणा तुहाउन राजा लागेको अनुभूति त्यसवेला गरिएको थियो । त्यसबेला ऋषिकेश शाह के. आई. सिंह लगायतले संविधानसभा निर्वाचन सार्वभौम सत्ता विभाजित हुने तर्क अघि सारी राजामा नै सार्वभौम अधिकार भएकाले संविधानसभाको निर्वाचन हुन नसक्ने भनि यसलाई असान्दर्भिक भएको बताउँदै हिडेका थिए।[२] २०१४ माघ १९ गतेको शाही घोषणाबाट संविधानसभामा जाने २००७ सालको घोषणा खारेज गरेको भए पनि त्यसवेला राजनीतिक दलहरूको गतिविधि र कमजोरीका कारण कुनै कदम राजाको कदम विरुद्ध उठ्न सकेन । २०१७ सालको राजाको कदम विरुद्ध सशस्त्र संघर्षहरू हुँदै आए । २०१८ सालदेखि नेपाली कांग्रेसले चलाएको सशस्त्र संघर्ष, २०२७ देखि २०३० बीचमा नेपाली कम्युनिष्टहरूले चलाएको झापाको सशस्त्र विद्रोह, २०३२ सालको विद्यार्थी आन्दोलन, २०३६ सालको विद्यार्थी आन्दोलन, २०४६ सालको जनआन्दोलन आदि सवै आन्दोलनहरू राजाको एकल शासनका विरुद्ध लक्षित थिए तथापि नेपालमा संविधानसभाको निर्वाचनको मागको जोड भने २०५२ साल फागुन १ गतेबाट नेपालमा माओवादी जनयुद्धको थालनी भएपछि भएको पाईन्छ । जनयुद्धको थालनी गर्दा संविधानसभामा जाने उद्देश्य नलिएको भए पनि पछिल्ला दिनमा युद्ध लडाइँ र अनुभवले युद्धबाट

---

१. गोपाल सिवाकोटी र अमन श्रेष्ठ (२०६५ वि.सं), *संविधानसभा महासंग्राम विश्व क्रान्तिमा नयाँ आयाम,* मधुवन प्रकाशन, पुतलीसडक काठमाडौं, पृ. ९ ।

२ Bhuwan Lal Joshi & Leo E. Rose (1966), *Democratic innovation in Nepal, A case study of political acculturation*, Berkley & Los Angeles: University of California, Press, P. 115.

मात्र सत्ता प्राप्ती गर्न सकिँदैन भन्ने बुझाई माओवादीमा आएपछि २०५७ सालमा भएको नेकपा (माओवादी)को दोस्रो राष्ट्रिय सम्मेलनले राजनीतिक निकासका लागि तीन नाराहरू (१) गोलमेच सम्मेलन, (२) संविधानसभाको निर्वाचन, (३) अन्तरिम सरकारको गठन गर्ने मागहरू नाराका रूपमा अघि सारेपछि नेपालमा संविधानसभाको निर्वाचनको चर्चा व्यापक रूपमा हुन थाल्यो ।[३] माओवादी जनयुद्धलाई पनि संवोधन गर्ने र तत्कालीन राजा ज्ञानेन्द्र शाहले २०५९ असोज १८ देखि उठाउँदै आएको कदमका विरुद्ध आन्दोलन गर्ने गरी २०६२ साल मङ्सिर ७ गते माओवादी र संसदवादी सात दलीय गठबन्धन बीच भएको समझदारीका आधारमा नेपालमा २०६२ चैत अन्तिम साताबाट नेपालमा जनआन्दोलन भयो र त्यसको परिणाम स्वरूप नेपालमा संविधानसभाको निर्वाचन हुन गयो । तसर्थ नेपालमा संविधानसभाको माग २००७ सालमा जनताको या आन्दोलनको माग थिएन । भारतमा गरिएको सम्झौताको प्रस्ताव बन्न गएको थियो र शाही घोषणामा उल्लेख भएको थियो भने पछिल्ला दिनमा नेपालमा राजतन्त्र नै समाप्त गर्न माओवादीबाट संविधानसभाको माग गरियो । संसदीय दलहरूले पटक-पटक राजतन्त्रबाट पाएको धोकालाई चिर्न र माओवादी विद्रोहलाई शान्तिपूर्ण राजनीतिमा रूपान्तरित गर्ने उद्देश्यले स्वीकार गरेको पाईन्छ । तथापि त्यो संविधानसभाको निर्वाचन पनि सहजै हुन सकेको देखिँदैन । त्यसले विभिन्न आरोह-अवरोहहरू पार गर्दै आएको थियो । जसलाई यसरी चर्चा गर्न सकिन्छ :

५.२.माओवादी मागका रूपमा संविधानसभा

२०४६ सालको जन आन्दोलनले नेपालको संविधान २०१९ लाई विस्थापित गऱ्यो र २०४७ सालमा नेपाल अधिराज्यको संविधान २०४७ जारी भयो । २०४७ सालमा बनाईएको संविधानले पनि मुलुकको समस्या समाधान गर्न नसकेपछि सशस्त्र युद्धमा जानु अगाडि संयुक्त जनमोर्चा नेपालले संविधानसभाको माग पुनः २०५२ माघ २१ गते प्रस्तुत गरेको थियो । चालिस सुत्रीय मागहरूमा १० औँ बुँदामा जनगणतन्त्रात्मक व्यवस्था स्थापनाको लागि चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनु पर्दछ भन्ने माग प्रस्तुत गरिएको थियो ।[४] त्यसले संविधानसभाको गन्तव्य गणतन्त्रको स्थापना गर्ने र नेपालमा समाजवादी राज्य व्यवस्थाको संस्थागत विकास गर्ने रहेको देखिन्छ । यसले राजा र राजपरिवारको विशेषाधिकारको अन्त्य, सेना र प्रशासन जनताको अधिनमा

---

[३] राजकुमार पोखरेल (२०६९ साउन), *नेपाली कम्युनिष्टहरूको यात्राको गन्तव्य,* भक्तपुर, मोलुङ फाउण्डेशन, पृ. १४८ ।

[४] रामकृष्ण तिवारी (२०६८), *नेपाली राजनीतिमा माओवादी जनयुद्धको प्रभाव,* त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र संकाय, राजनीति शास्त्र विषयको विद्यावारिधि उपाधि प्राप्तीका लागि प्रस्तुत शोध प्रवन्ध पत्र, अप्रकाशित, पृ. २९४ ।

हुनुपर्ने, दमनकारी ऐनहरू खारेज गरिनु पर्ने, धर्म निरपेक्षता, लिङ्ग भेदको अन्त्य, जातीय शोषण र उत्पीडनको अन्त्य, दलित माथिको भेदभावको अन्त्य, भाषा समानता, वाक प्रकाशन स्वतन्त्रता, पहाड र तराईको भेदभाव अन्त गरिनुपर्ने जस्ता कुरालाई संविधानसभाको मार्ग निर्देशन वा गन्तव्यको रूपमा स्थापित गरिएको थियो ।

जनयुद्धको क्रममा सरकारसँग भएका विभिन्न चरण र समयका वार्ताहरूमा माओवादीहरूले संविधानसभाको निर्वाचनलाई प्राथमिकतासाथ आफ्नो मागको रूपमा अगाडि सारेका थिए । २०५८ सालमा ने.क.पा. (माओवादी) र सरकारबीच भएको वार्तामा ने.क.पा. माओवादीका तर्फबाट प्रस्तुत २३ सुत्रीय विषय-वस्तुहरूमा मुख्य राजनीतिक विषयको रूपमा संविधान निर्माण गर्न जनतालाई अधिकार दिईनु पर्ने माग प्रस्तुत गरेको थियो । त्यसपछि २०६० सालको वार्तामा संविधानसभाको मार्ग चित्र सहितको प्रस्ताव प्रस्तुत गरेको देखिन्छ । जस अनुसार (१) आन्दोलनकारी शक्ति र देशका प्रमुख राजनीतिक शक्तिहरूका सहमतिमा आन्दोलनद्वारा जनतामा स्थापित प्रजातान्त्रिक, देशभक्त र वामपन्थी शक्तिहरूको बृहत गोलमेच सम्मेलन आयोजना गरिनु पर्दछ (२) सो गोलमेच सम्मेलनले २०४७ सालको संविधानले प्रत्याभूत गरेका प्रजातान्त्रिक अधिकारहरू कटौती नहुने गरी र नयाँ राजतीतिक शक्ति सन्तुलन प्रतिविम्बित हुने गरी अन्तरिम विधानको निर्माण गर्नुपर्छ र आन्दोलनकारी शक्तिको नेतृत्वमा सर्वपक्षीय अन्तरिम सरकार गठन गरिनु पर्दछ । (३) अन्तरिम सरकारको मातहतमा ६ महिनाभित्र विभिन्न वर्ग, जाति, क्षेत्र, लिङ्ग र समुदायको समुचित प्रतिनिधित्व हुने गरी संविधानसभाको निर्वाचन गरिनु पर्दछ र सो संविधानसभाले नयाँ संविधान निर्माण गरी जारी गरिनु पर्दछ भन्ने रहेको थियो । यसपछि संविधानसभाको बहसले औपचारिकरूपमा स्थान पाएको देखिन्छ ।[५] २०५७ सालपछि जाति, आदिवासी जनजाती, बुद्धिजीवी, पेशाकर्मी लगायतले संविधानसभाको पक्षमा आवाज उठाउन सुरू गरेका थिए । तर संसद्वादी दलहरू साखगरी गैर वामपन्थी दलहरूले संविधानसभालाई कम्युनिष्टहरूको मागको रूपमा प्रस्तुत गर्ने काम गरे भने संसदका वामपन्थी दलहरूले पनि संविधानसभा भएमा यसबाट देश विखण्डनतर्फ जान विदेशीहरूको हस्तक्षेप हुनसक्ने र दरवारले आफ्नो शक्ति पुनः प्राप्त गर्न सक्ने भएकाले यसबाट प्रतिगामीलाई नै फाईदा पुग्ने जस्ता तर्क अगाडि सारेका थिए । यसले गर्दा संविधानसभाको पक्ष र विपक्षमा राष्ट्रिय बहस नै सुरू भयो । संविधानसभाको माग २००७ साल देखि उठेको भएपनि पछिल्ला दिनहरूमा माओवादीको जोडतोड र

[५] *गोरखापत्र,* वर्ष १०२, अंक ३४९, २०६० साल वैशाख १४ गते आइतवार ।

अथक प्रयासबाट यसमा स्वीकृति जनाउन अन्य राजनीतिक दलहरू सहमत भएकोले यो माग माओवादी मागको रूपमा स्थापित हुन पुग्यो ।

५.३.संविधानसभा साझा एजेण्डाको रूपमा

२०५८ साल जेठ १९ गतेका दिन नारायणहिटी दरवारमा नेपाली जनताले उदार र प्रजातान्त्रिक भनी विश्वास गरेका राजा वीरेन्द्रको बंश विनास हुनेगरी भएको नरसंहार र राजपरिवारको हत्याले नेपाली राजनीतिमा निकै ठूलो मोड ल्यायो । दरवार हत्याकाण्ड पछि वीरेन्द्रका माइलाभाई, ज्ञानेन्द्र शाह नेपालका राजा घोषित भए । दरवार हत्या काण्डमा युवराज दीपेन्द्रको हात रहेको शाही छानविन समितिले प्रतिवेदन दिएको भएपनि त्यसमाथि आम नागरिकले विश्वास गरेनन् । पछिल्ला दिनमा नारायणहिटी दरवारको हत्याको विषयमा एक इतिहास विद्ले पनि ज्ञानेन्द्र परिवार, तत्कालीन मुमा रानी रत्नराज्य, शाही नेपाली सेनाको उच्च निकाय, विदेशी शक्तिहरूको षड्यन्त्रमा दरवार हत्या काण्ड भएको भन्दै युवराज दीपेन्द्रलाई आफ्नो पिताका विरुद्ध प्रयोग गर्न प्रयास गरिँदा उनले अस्वीकार गरि दिएपछि उनलाई पनि समाप्त पार्ने गरि षड्यन्त्र रचिएको भन्दै उक्त दरवार हत्या काण्ड "राजपरिवार भित्रको आन्तरिक झगडालाई प्रयोग गर्दै विदेशी शक्तिहरूको योजनामा रचिएको सैनिक षड्यन्त्र भएको" उल्लेख गरेका छन् ।[६] वास्तवमा नेपाली जनताको बुझाई पनि यस्तै थियो । यही बुझाईको कारण नेपाली राजनीतिमा राजतन्त्रप्रतिको वितृष्णा जनतामा पर्न थाल्यो र संविधानसभाको माग तर्फ जनताको आकर्षण बढ्न थालेको थियो ।

दरवार हत्या काण्ड पछि जनताका बीचमा शंकास्पद व्यक्ति ज्ञानेन्द्र शाह नेपालको राजगद्दीमा आरोहित भएका थिए । उनी गद्दीमा बसेको एक वर्ष पछिनै उनले राजनीतिक हस्तक्षेप सुरु गरे । उनको शासनकालको समयमा लगाईएको संकटकाल लगायतका घटनाहरूले आम नागरिकले सास्ती व्यहोरी रहेका थिए । जनताहरू मओवादी विद्रोहलाई सम्बोधन गरी हिंसात्मक विद्रोहको अन्त्य र शान्ति चाहिरहेका थिए तर एकातिर आम नागरिकले शंकास्पद व्यक्तिका रूपमा हेर्नु र अर्कोतिर आम नागरिकको चाहना विपरित राजाका कदमहरू लक्षित हुनाले जनताहरू राजाको कदमप्रति रुष्ट हुँदै गएका थिए । यस्तै अवस्थामा तत्कालीन मन्त्री परिषदले तत्कालीन संविधानको धारा १२७ प्रयोग गर्दै बाधा अड्काउ फुकाउने गरी निर्वाचन पछि सार्न गरिएको सिफारिसलाई निर्वाचन गर्न असक्षम प्रधानमन्त्रीलाई बरखास्त गरिएको घोषणा गरे । २०५९ साल असोज १८ मा सम्पूर्ण कार्यकारी

[६] राजकुमार पोखरेल (२०६८), *नारायणहिटी दरवार र देशभक्तको अवसान,* काठमाडौं: ओरिएण्टल प्रकाशन, पृ. ११३ ।

लगायत शक्तिहरू हातमा लिएपछि नेपालको राजनीतिक बृत्तमा नयाँ मोड लिन पुग्यो । नेपालका राजनीतिक दलहरूले राजाको कदमलाई प्रतिगामी कदम र उक्त राजनीतिक कार्यलाई प्रतिगमन भन्न थाले । उक्त प्रतिगमन सच्याउनका लागि आन्दोलनको सुरुवात भयो । तर राजा ज्ञानेन्द्रले दलहरूबीचमा रहेको अन्तरकलह र फरक-फरक मागको फाईदा उठाउँदै र दलहरूलाई प्रयोग गर्दै आफ्नो शासन सुदृढ गराउन तिर लागे । अझ २ वर्ष पछि गएर माघ १९, २०६१ का दिन सम्पूर्ण अधिकार आफ्नो हातमा लिई शासन सुरू गरे । राजाका यी कदमले राजाको प्रत्यक्ष शासन नेपालमा थालनी भएको अनुभूति गरियो । राजाका यस कदमका विरुद्ध जान सत्तामा यस अघि रहँदा बदनाम भएका दलहरूलाई पनि सजिलो थिएन । माओवादी विद्रोहबाट पनि नेपाली जनताले हैरानी महसुस गरिरहेका थिए । तसर्थ माओवादी विद्रोहलाई सम्बोधन गरी शान्तिपूर्ण बाटोमा ल्याउन सकिएको खण्डमा नै जनताको विश्वास जित्न सकिने भएकाले माओवादीले उठाएको संविधानसभाको मागलाई संसदवादी दलहरूले पनि स्वीकार गर्न पुगे । संविधानसभाले संविधान बनाएमा त्यसलाई राजाले खोस्न नसक्ने उनीहरूको ठहर रहन गयो । यसैको फलस्वरूप ७ मंसिर २०६२ मा सातदलीय गठबन्धन र सशस्त्र युद्धमा रहेको नेकपा (माओवादी) बीच १२ बुँदे सम्झौता भई संविधानसभाको निर्वाचनका लागि संयुक्त सहकार्य गर्न सहमत भएका थिए । यो १२ बुँदे सम्झौताको बुँदा नं. २ मा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर देशमा विद्यमान द्वन्द्वको समाधान गर्ने कुरामा सहमति गरिएपछि मुलुक एक किसिमले संविधानसभाको लागि साझा सहमतिमा पुग्न गएको थियो । यसरी संविधानसभाको निर्वाचनको माग अब साझा मागका रूपमा देखिन पुग्यो । यही १२ बुँदे सम्झौतापछि माओवादी र सात दलीय गठबन्धनबाट गरिएको १९ दिनको विराट जनआन्दोलनले राजालाई आन्दोलनका अगाडि घुँडा टेक्न वाध्य पाऱ्यो ।

५.४. संविधानसभाको आधार

२०६२ साल चैतको अन्तिम सातादेखि सुरु भएको राजनीतिक दलहरूको आन्दोलनका सामु अन्ततः राजाले झुक्नुनै पऱ्यो । २०६३ साल ११ वैशाखका दिन विघठित प्रतिनिधिसभा (संसद)को स्थापना राजाले गरे ।[७] प्रतिनिधिसभाको पुर्नःस्थापना भएपछि संविधानसभाको निर्वाचनका लागि आवश्यक तयारी सुरू भएको हो । यसका साथै १२ जेठ २०६३ मा सरकार र माओवादीबीच युद्धविराम सम्झौता भयो । युद्धविराम सम्बन्धमा २५ बुँदे आचार संहिता समेतको घोषणा गरी

[७] *गोरखापत्र दैनिक,* वर्ष १०५, अंक ३४९, २०६३ साल वैशाख १२ गते मङ्गलवार ।

यसलाई संयुक्त समितिद्वारा पर्यवेक्षण गर्ने समेत व्यवस्था गरिएको थियो । माओवादी औपचारिकरूपमा शान्ति प्रकृयामा समावेश भएको थियो । पुर्नःस्थापित प्रतिनिधिसभाको ४ जेठ २०६३ को घोषणाबाट जनआन्दोलनमा सात राजनीतिक दलको मार्ग चित्र र सात दल नेकपा (माओवादी) बीचको १२ बुँदे समझदारी अनुरूप जनताले संविधानसभा मार्फत नयाँ संविधान निर्माण गरी लोकतन्त्र, राज्यको पुर्नःसंरचना सहित समावेशी राज्य व्यवस्था र दिगो शान्ति स्थापना गर्न दिएको जनादेश पूरा गर्ने संकल्प गरेको थियो ।[८] साथै यसले राजामा भएका अधिकारहरूलाई खोस्ने काम समेत गरी प्रतिनिधिसभालाई सार्वभौम शक्ति सम्पन्न घोषणा गरेपछि संविधानसभाको आधार तयार गर्ने काम सुरू भयो ।[९]

प्रतिनिधिसभाको घोषणा तथा माओवादीसँगको शान्ति सम्झौता भएपछि २ असार २०६३ मा माओवादी र सात दलका शीर्ष नेताहरू बीचको शिखर वार्ता भयो । भूमिगत भएका माओवादी नेताहरू एकाएक प्रधानमन्त्री निवास बालुवाटारमा देखा परे सो सम्पन्न शिखरवार्ताले संविधानसभाका प्रकृया बारेमा निर्णय गरेको थियो । शिखर वार्तामा भएका ८ बुँदे सम्झौतामा संविधानसभाको स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका लागि दुवै पक्षका सेना र हतियारको व्यवस्थापनमा सहयोग गर्न र त्यसको अनुगमन गर्न संयुक्त राष्ट्रसंघलाई अनुरोध गर्ने, २०४६ सालको जनआन्दोलन र २०६२/०६३ को जनआन्दोलनबाट प्राप्त लोकतान्त्रिक अधिकारहरूको प्रत्याभूति गर्दै र १२ बुँदे समझदारीमा व्यक्त प्रतिवद्धता र युद्धविराम आचार संहिताका प्रस्तावनाको भावनालाई आधार बनाउँदै अन्तरिम संविधान निर्माण गर्ने, सोही अनुरूप अन्तरिम सरकार गठन गर्ने, संविधानसभाको निर्वाचनको मिति घोषणा गर्ने, सहमतिद्वारा अर्को व्यवस्था गरी प्रतिनिधिसभा भङ्ग गर्ने, नेकपा माओवादीद्वारा गठित जनसरकारहरू विघटन गर्ने, दुरगामी प्रभाव पार्ने राष्ट्रिय महत्वका विषयहरूमा सहमतिका आधारमा निर्णय लिने, नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाक, धम्की र हिंसाको प्रभाव विना नै संविधान निर्माणको प्रकृयामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्ने, निर्वाचनमा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय पर्यवेक्षण तथा अनुगमन गराउने, संविधानसभाको निर्वाचन मार्फत वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय लगायतका समस्याहरूको समाधान गर्ने गरी राज्यको अग्रगामी पुर्नःसंरचना गर्ने, लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगमन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै नेपाल सरकार र नेकपा (माओवाद)

---

[८] *कान्तिपुर दैनिक,* वर्ष १४, अंक ९०, ५ जेठ २०६३ शुक्रवार ।

[९] *गोरखापत्र दैनिक* , वर्ष १०६, अङ्क १३, २०६३ साल जेठ ५ गते शुक्रवार ।

बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्ने, वार्ताको माध्यमबाटै समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने तथा सरकार माओवादी वार्ता टोलीलाई दिईएका जिम्मेवारी तत्काल पूरा गर्ने भन्ने उल्लेख थियो ।[१०] संविधानसभाको लागि यो आठ बुँदे सम्झौता नै मूल आधार थियो । जे भएपनि जे जति प्रतिवद्धता जनाए पनि तिनलाई हुवहु अक्षरस पालना सम्झौताकर्ताहरुबाट भयो या भएन भन्ने विषयमा छुट्टै अध्ययन हुन सक्छ । यसै आठ बुँदे सम्झौता अनुसार अन्तरिम संविधानको निर्माण गर्नका लागि ८ जना रहेको आयोगको गठन गरिएको थियो । यसलाई एक महिनाभित्र कार्य पूरा गर्ने समेत जिम्मेवारी दिईएको थियो तर यसमा समावेशी नभएको र सबैको प्रतिनिधित्व हुन नसकेको भन्ने विवाद उठेपछि अरू ८ जना प्रतिनिधि थप गरी १६ सदस्य अन्तरिम संविधान मस्यौदा समितिको गठन सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा गठन गरियो ।[११] त्यही संविधान मस्यौदा समितिले अन्तरिम संविधान तयार पारेपछि दलीय सहमतिमा सो संविधान जारी गरियो र नेपाल अधिराज्यको संविधान २०४७ लाई खारेज गरियो ।

५.४.१.संवैधानिक गतिविधि

लामो समयसम्म चलेको बहस र छलफलपछि सात दल र नेकपा (माओवादी)का शीर्ष नेताहरू बीच २२ कार्तिक २०६३ मा ६ बुँदे सम्झौता सम्पन्न भयो । जुन छलफलमा यस अगाडि संयुक्त राष्ट्रसंघलाई सरकारले लेखेको पत्रमा सुधार गर्ने, अन्तरिम संविधान जारी गर्ने मिति तोक्ने आदि जस्ता विषयमा सहमति भएको थियो । ६ बुँदे सहमतिमा विगतका सहमतिहरूको कार्यान्वयन गर्ने कुरामा पुर्नपुष्टि गरियो । साथै सेना र हतियार व्यवस्थापन सम्बन्धमा २०६३ साल साउन २४ गते नेपाल सरकार र नेकपा (माओवादी)को तर्फबाट संयुक्त राष्ट्रसंघलाई पठाईएको पत्रमा व्यक्त प्रतिवद्धता अनुसार माओवादी सेनाका लडाकुहरू कैलाली, सुर्खेत, रोल्पा, पाल्पा, काभ्रे, सिन्धुली, इलामका मुख्य शिविर र ३/३ वटा सहायक शिविरमा राखिने र मंसिर ५ गतेभित्र यी अस्थायी शिविरमा माओवादी लडाकुहरू प्रवेश गरि सक्ने कार्यक्रम निर्धारण गरियो । संयुक्त राष्ट्रसंघलाई प्रेषित पत्र अनुसार नेपाली सेना व्यारेक भित्र सीमित रहने व्यवस्था पनि गरियो । सेनालाई व्यारेकभित्र राख्ने सहमतिमा नेपाली सेनाको स्वीकार नभएपनि वाध्यताको उपज थियो । यस बाहेक अन्तरिम संविधानको विषय वस्तुका सम्बन्धमा अन्तरिम संविधान मस्यौदा समितिले प्रस्तुत

---

[१०] ऐ. ।

[११] शान्ति समिति (२०६३), *शान्ति अभियान अभिलेख संगालो २०६३*, सिंहदरवार, शान्ति समिति, शान्ति सचिवालय, पृ.४३ ।

गरेको मस्यौदालाई पूर्णता दिने, अन्तरिम व्यवस्थापिका संसदका बारेमा सात राजनीतिक दल र अन्य दलका पुर्नःस्थापित प्रतिनिधिसभा र राष्ट्रियसभाका निर्वाचीत सदस्यहरू तर जनआन्दोलनका विपक्षमा गएका वाहेक प्रतिनिधिका हकमा समेत गरी २०९ जना, संयुक्त वाममोर्चाका प्रतिनिधिको थप मनोनयन गर्ने र माओवादीको तर्फबाट ७३ जना, जनवर्गीय र पेशागत संगठन, उत्पीडित जाति तथा क्षेत्रका प्रतिनिधिहरू र राजनीतिक व्यक्तित्वहरूबाट ४८ जनाको प्रतिनिधित्व हुने गरी अन्तरिम व्यवस्थापिका संसदको गठन गर्ने सहमति गरियो । अन्तरिम मन्त्रीपरिषदको गठन सहमतिको आधारमा गरिने, न्यायपालिकालाई अन्तरिम संविधानप्रति प्रतिवद्ध बनाउने , सहमतिबाट स्थानीय निकायको गठन गर्ने, संविधानसभाको निर्वाचन अगावै नागरिकताको समस्या समाधान गर्ने तथा २०६४ जेठ महिना भित्र संविधानसभाको निर्वाचन गर्ने भन्ने निर्णय गरिएको थियो । यसले संविधानसभाको निर्वाचनको मितिलाई निश्चित गर्ने काम गरेको थियो । शीर्ष बैठकले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुर्नःसंरचना गर्ने तथा संविधानसभाको लक्ष्य समेत निर्धारण गऱ्यो । आर्थिक तथा सामाजिक रूपान्तरणका लागि निर्देशिका समेत तर्जुमा गऱ्यो । द्वन्द्व पीडितको व्यवस्थापन तथा सहमतिका कार्यान्वयन सम्बन्धमा अनुगमनका लागि उच्च स्तरीय समिति गठन गर्ने पनि सहमति गरेको थियो । यसले मंसिर ५ गतेसम्म लडाकुलाई शिविरभित्र राखि सक्ने, १० गते भित्र अन्तरिम संविधान घोषणा गर्ने र अन्तरिम सरकारको गठन गर्ने समेत कार्यतालिका तयार गरेको थियो । तर व्यवहारमा यो कार्यतालिका अनुसार काम पूरा हुन सकेन । २०६३ कार्तिक २२ को सात दल र माओवादीबीचका ६ बुँदे सम्झौता अनुसार युद्धविरामलाई शान्ति सम्झौताको रूपमा परिवर्तन गर्न ५ मंसिर २०६३ मा बृहत शान्ति सम्झौता सम्पन्न भयो । यो शान्ति सम्झौतामा १० बुँदा रहेका छन् । यी बुँदाहरूमा शान्ति सम्झौताको प्रारम्भिक अवधारणा, परिभाषा, राजनीतिक आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्व व्यवस्थापन सेना र हतियार व्यवस्थापन, युद्धविराम, युद्ध समाप्ति, मानवअधिकार, मौलिक अधिकार र मानवीय कानूनको परिपालना, मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र, कार्यान्वयन तथा अनुगमन लगायतका व्यवस्था समावेश भएका छन् ।[१२] बृहत शान्ति सम्झौताको साथै १२ मंसिर २०६३ मा सेना र हतियार व्यवस्थापन सम्बन्धी सरकार, विद्रोही पक्ष र संयुक्त राष्ट्रसंघ समेत भएको त्रिपक्षीय सम्झौता भयो । यो सम्झौतमा सात बुँदा समाहित छन् । यसमा सम्झौताको प्रारूप, रिपोर्ट गर्नु र

[१२] . *नेपालको अन्तरिम संविधान २०६३*, (२०६४, दोस्रो संशोधन), काठमाडौं : शीतल सुलभ प्रकाशन, पृ. ७६-८६ ।

रूजु गर्नु, सेनाको पुनः परिचालन र माओवादी सैनिक शिविर, नेपाली सेनालाई व्यारेकमा राख्ने र हतियार नियन्त्रण, सम्झौतामा सहमति, संयुक्त राष्ट्रसंघको नेपाल मिसन सम्बन्धी व्यवस्था समावेश गरिएको थियो ।[१३]

५.४.२.अन्तरिम संविधानको घोषणा

अन्तरिम संविधानको मस्यौदा तयार हुना साथै यसलाई घोषणा गरिएन । यस बीचमा विभिन्न विवाद समेत सृजना भयो । २०६३ साल कात्तिक २२ गतेको ६ बुँदे सम्झौतामा अन्तरिम संविधान सोही वर्षको मंसिर १० गते भित्र घोषणा गर्ने भनिएको थियो तर काम पूरा नभएको जनाउँदै सो मितिमा संविधान जारी भएन । दलहरू बीचको आन्तरिक विवाद समाधान गर्दै यसै वर्षको पुस १ गतेमात्र अन्तरिम संविधानमा अन्तिम सहमति बन्न पुगेको थियो । यसलाई घोषणा गर्ने कार्यविधि अनुसार मन्त्रीपरिषदले अनुमोदन गरेपछि पुर्नःस्थापित प्रतिनिधिसभामा प्रस्तुत गर्ने र त्यसबाट अनुमोदन भएपछि प्रतिनिधिसभा विघटन गरी संविधानमै संलग्न भएका सूची अनुसारको ३३० जना विभिन्न समूहका अन्तरिम संसदका प्रतिनिधिहरूको अन्तरिम व्यवस्थापिकाको बैठक बसी त्यसको घोषणा गर्ने व्यवस्था मिलाई वल्ल-वल्ल माघ १ गते २०६३ मा अन्तरिम संविधान घोषणा गरियो । अन्तरिम संविधान धारा १६७ र भाग २५ मा विभाजित गरिएको छ । यसमा लेखिएकोछ : आजसम्मका क्रान्ति र आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संधिवानसभाबाट नयाँ संविधान नबने सम्मका लागि राजनीतिक सहमतिबाट तयार भएको यो नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको घोषणा गर्दछौं[१४] भनि यसको घोषणा अन्तरिम संसदबाट भएको थियो । यो नेपालको छैठौं संविधान र जनताले आफ्ना लागि आफूले बनाई जारी गरेको पहिलो संविधानको रूपमा रहेको छ । यस अघि राजाबाट संविधानको घोषणा गर्ने परम्परालाई समाप्त गरी राजामा भएका राजकीय र सार्वभौमिक अधिकार जनतामा निहित गर्ने युगान्तकारी घटनाको रूपमा लिईएको छ । २०६३ कात्तिक २२ गतेको ६ बुँदे सहमति बृहत शान्ति सम्झौता लगायतले निर्धारण गरेको कार्यतालिका अनुसार माओवादी सहितको अन्तरिम सरकार गठन गर्ने, सेना व्यवस्थापन गर्ने र निर्वाचनको लागि आवश्यक ऐन कानूनको निर्माण गरी जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन गर्ने भनिए तापनि सो अनुसार दुवै कार्य हुन सकेन ।

---

[१३] . *गोरखापत्र दैनिक,* वर्ष १०६, अंक १९८, बुधवार, १३ मंसिर, २०६३ ।

[१४] . *नेपालको अन्तरिम संविधान २०६३, पूर्ववत्* नं. १३ ।

निर्वाचन आयोगले आफूलाई आवश्यकता पर्ने ऐनहरू फागुन मसान्तभित्र उपलब्ध नभएमा समयमा निर्वाचन हुन नसक्ने भन्दा पनि दल, सरकार र संसद त्यसप्रति गम्भीर हुन सकेनन् । त्यसका लागि चाहिने संविधानसभाका सदस्यहरूको निर्वाचन सम्बन्धी ऐन राजनीतिक दल दर्ता नियमावली आदि समयमा तयार हुन सकेनन् । दलहरूबीच नै मतभिन्नता उत्पन्न भएपछि त्यो बीचमा संविधानसभाको निर्वाचन नै अन्यौलमा पुगेको थियो ।[१५] यसबाट के देखिन्छ भने निर्वाचन सम्पन्न गर्न आन्तरिक रूपमा दलहरू तयार भएका थिएनन् । त्यसैले निर्वाचन गराउन आलेटाले गरेको देखिन्छ ।

५.४.३.अन्तरिम मन्त्रिपरिषद

२०६३ चैत्र १ गते अन्तरिम मन्त्रिपरिषदको गठन भयो । मन्त्रीपरिषदमा संसदवादी दलहरूबाट प्रतिनिधित्व गर्ने अधिकांश सदस्यहरू पूरानै रहेका र माओवादी समेतलाई त्यसमा थप गरिएको थियो । त्यो मन्त्रिपरिषदको गठन अन्तरिम संविधानमा उल्लेख भएर बनेको अन्तरिम व्यवस्थापिका संसदको संरचनामा आठ दलीय उपस्थितिको अनुपात मिलाए जस्तै गरियो । जसमा नेपाली कांग्रेसलाई प्रधानमन्त्री र २५ प्रतिशत, नेकपा (माओवादी)लाई २५ प्रतिशत, नेकपा (एमाले)लाई २५ प्रतिशत, नेपाली कांग्रेस (प्रजातान्धिक)लाई १२.५ प्रतिशत र बाँकी ३ दललाई १२.५ प्रतिशत गरी गठन गर्ने निर्णय गऱ्यो ।[१६] यसमा नेमकिपा समावेश भएन । मन्त्रिपरिषदमा माओवादीका तर्फबाट कृष्णबहादुर महराको नेतृत्वमा ५ जना मन्त्री राखिएका थिए भने एमालेले आफ्नो मन्त्रीहरू परिवर्तन गरेका थिए । त्यसै गरी सद्भावना (आनन्दीदेवी) र बाममोर्चाले समेत परिवर्तन गरेका थिए ।[१७]

अन्तरिम मन्त्रिपरिषद गठन भएपनि प्रधानमन्त्री सार्क सम्मेलनमा भाग लिन गएका कारण उनको अनुपस्थितिमा तत्काल निर्वाचन सम्बधि कार्य अघि बढ्न सकेन र निर्वाचनको माग पनि पूरा गर्न नसकेपछि चैत्र २९ गते निर्वाचन आयोगले सरकारलाई जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन हुन नसक्ने भनि पत्र पठायो । त्यसपछि निर्वाचन नै अनिश्चित हुन पुग्यो । निर्वाचन आयोगले संविधानसभाको निर्वाचन समयमा गर्न नसकिने भनि जानकारी दिएपछि तत्काल समयमै संविधानसभाको निर्वाचन गर्न र विविध राजनीतिक दाउपेचले संविधानसभाको निर्वाचन हुन नसक्ने

---

[१५] . सिवाकोटी र श्रेष्ठ, *पूर्ववत् नं १* पृष्ठ १२ ।

[१६] . *कान्तिपुर दैनिक,* वर्ष १५, अंक २६, २ चैत्र २०६३ शुक्रवार ।

[१७] . *नागरिक दैनिक,* वर्ष ४, अंक १९, शुक्रवार, २२ वैशाख २०६९ ।

हुँदा तत्काल राजतन्त्रलाई उन्मुलन गर्नु पर्ने तथा पूर्ण समानुपातिक पद्धतिको आधारमा निर्वाचन हुनु पर्ने माग राखी एकाएक देशव्यापीरूपमा आन्दोलन सुरू भयो । नेकपा (माओवादी) लगायतले व्यवस्थापिका संसदको कारवाही अगाडि बढ्न दिएन । सत्तामै रहेको पार्टीबाट संसद संचालन गर्न नदिएपछि निर्वाचनको दिन समेत निश्चित हुन नसक्ने अवस्था सृजना भयो । व्यापक जनदवाव आएपछि माओवादीले आफ्नो स्थगन कार्य रोक्यो । तर राप्रपा र मधेशी सांसदहरूले भने अवरोध जारी नै राखेकाले अन्ततः लामो विवाद र अन्यौलपछि आठ दलको बीचमा सहमती संविधानको दोस्रो संशोधन गर्ने सहमति भयो र आन्दोलन स्थगित हुन पुग्यो ।

५.४.४.आठ दलबीच भएको राजनीतिक सहमति

संविधानसभाको निर्धारित मितिमा निर्वाचन हुन नसकेपछि राजतन्त्रको खारेजी, समानुपातिक निर्वाचन पद्धतिको माग राख्दै तत्काल संविधानसभाको निर्वाचनको मिति तोक्न माओवादीबाट दवावमूलक आन्दोलन भयो र आठ बुँदे सहमतिबाट संविधानसभाको निर्वाचनको लागि नयाँ मिति निर्धारण लगायतको सहमति हुन गयो । यस सहमतिमा प्रधानमन्त्री विरूद्ध अविश्वासको प्रस्ताव ल्याउन सक्ने व्यवस्था संविधानमा थप गर्ने, प्रधानमन्त्रीले व्यवस्थापिका संसदबाट विश्वासको मत लिनु पर्ने, एक चौथाई सदस्यले व्यवस्थापिका संसदको विशेष अधिवेशनको लागि निवेदन दर्ता गराउन सक्ने व्यवस्था थप गर्ने, प्रतिपक्षको व्यवस्था गर्ने, सहमतिको आधारमा संसद सदस्य नरहेका व्यक्तिलाई पनि मन्त्रीमा नियुक्ति गर्न सक्ने, राजाले संविधानसभा विथोल्न खोजेमा तत्काल हटाउन सक्ने व्यवस्था थप गर्ने, संविधानसभाको निर्वाचन २०६४ मंसिर ६ गते गर्ने सहमति जस्ता कुराहरूमा राजनीतिक सहमति भयो ।[१८]

आठ दलको आठ बुँदे सहमति भएपनि यसमा नेकपा (माओवादी)ले तत्काल राजतन्त्र हटाउन र समानुपातिक निर्वाचन पद्धति अपनाउनको लागि आफ्नो फरक मत लेख्यो तापनि संविधान संशोधन गर्नका लागि बाधा भने गरेन । फलस्वरूप सरकारले प्रस्तुत गरेको दोस्रो संशोधन २०६४ साल जेठ ३० गते पारित गरी सहमती अनुसारका बुँदा थप भए र संविधानसभाको निर्वाचन २०६४ साल मंसिर मसान्तभित्र गर्ने उल्लेख गरिएको थियो । जेठ मसान्तभित्र संविधानसभाको निर्वाचन गराउँदा विभाजित नेपाली कांग्रेस हार्ने सम्भावना रहेको र जनआन्दोलनको अन्त्यमा राजासँग गोप्य सम्झौता भएकाले राजतन्त्रलाई कुनै पनि रूपमा बचाउन नेपाली कांग्रेस लगायतका केही दलहरू लागेकाले

[१८]. *गोरखापत्र दैनिक,* वर्ष १०७, अंक १९४, शुक्रवार, ७ मंसिर २०६४ ।

निर्धारित समयमा संविधानसभाको निर्वाचन हुन नदिन अवरोध खडा गरेको, रायमाझी आयोगले अपराधी ठहऱ्याएकाहरूलाई सरकारले कारवाही नगरेको, २०६३ फागुन ७ गते राजाले दिएको आपत्तिजनक अभिव्यक्तिका सम्बन्धमा सरकारले कारवाही गर्न नसकेको, राजदरवारबाट सेना नहटाइएको, राजा वीरेन्द्रका सम्पत्ति ट्रष्टमा ल्याउन नसकेको, राजदरवारका कर्मचारी समेत सरकारका अधिनमा नल्याएको र राजा सक्रिय रहेको, अन्य दलहरूले राजतन्त्र जोगाउन खोजेको र संविधानसभा हुन नदिई आफूलाई पनि संसदीय भासमा फसाउने षड्यन्त्र भएको भन्ने माओवादीको बुझाईको मानसिकताले विश्वासको सङ्कट कायमै रहयो । अर्कोतर्फ माओवादीका लडाकुहरूको उपस्थिति, योङ कम्युनिष्ट लिगको क्रियाकलाप, जनसरकार कायम रहेको, माओवादीले कब्जा गरेका सम्पत्ति फिर्ता प्रकृयालाई सत्ता कब्जा गर्ने रणनीति मात्र हो भन्ने धारणा सात दल तथा अमेरिका लगायतका विश्वका कम्युनिष्ट विरोधी शक्तिहरूलाई रहेकोले माओवादीको व्यवहार नसुधिएसम्म संविधानसभाको निर्वाचन गर्न नहुने मानसिकता पनि कायम रहेको हुँदा सात दल, माओवादी र अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूबीच यो विवादको श्रृंखला बढ्ने क्रम टुटेन ।[१९] दलीय असमझ्दारीका बीच विवाद उठेपछि नेकपा (माओवादी)ले आफ्ना सेनाको दोस्रो चरणको प्रमाणिकरण विलम्व गरि पर धकेल्ने रणनीति अपनाउन थाल्यो भने अर्कातिर विभिन्न क्षेत्रबाट आन्दोलन चर्काउन पनि थाल्यो । त्यसैवेला तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि माइनर किङ्गको अवधारणा अघि सारे ।[२०] यस सन्दर्भमा अमेरिका, वेलायत, चीन भारत लगायतका शक्ति राष्ट्रहरूले नेपालको मामलामा प्रतिक्रिया दिने काम जारी राखे भने अर्कातिर अमेरिकी राजदुत जेम्स एफ मोरियार्टीको गतिविधिले त झनै आशंका बढाएको अनुभव चौतर्फी हुन थाल्यो । यसै अवस्थामा सरकारले प्रस्तुत गरेको बजेट वक्तव्यमा राजदरवारको लागि सोझै बजेट विनियोजन नगरी षड्यन्त्र मूलक ढङ्गबाट बजेट व्यवस्था गरेकाले सरकारले राजा राख्न खोजेको आशंका चौतर्फि रूपमा बढ्न गई यसको व्यापक विरोध समेत हुन पुग्यो । यही समयमै मधेशी समुदाय तथा विभिन्न जातीय संघ, संस्थाहरूबाट पूर्ण समानुपातिक निर्वाचन पद्धति र जातीय आत्मनिर्णयको अधिकार सहितको संघीय राज्यको माग राखि आन्दोलन गर्न थाले । तराईमा सशस्त्र हतियारधारीहरू समेत सक्रिय भई तराईलाई छुट्टै स्वतन्त्र राज्यको माग राखि संघर्ष सुरू गरे । एकातिर माओवादीले थाँती राखेका मागहरूलाई नै उठाएर आन्दोलन गर्ने र माओवादीसँग गरिएका सम्झौता अनुसार जनसेनाको

---

[१९] . सिवाकोटी र श्रेष्ठ, *पूर्ववत्, नं.* १ ।

[२०] . *कान्तिपुर,* वर्ष १५, अंक १२०, ४ असार २०६४ सोमवार ।

व्यवस्थापन, वेपत्ता गरिएका नागरिकहरूको सार्वजनिक गर्ने काम नहुनु र रौतहटमा ठूलो संख्यामा माओवादी कार्यकर्ता मारिने जस्ता कार्यले माओवादी नेतृत्वमाथि आन्तरिकरूपमा गम्भीर दवाव पर्न थाल्यो भने अर्कातिर सात दलीय गठबन्धनलाई पनि दरवारिया, अमेरिका, भारत आदिबाट माओवादीका गतिविधि नियन्त्रणका लागि र माओवादीले तत्काल गरेका गतिविधि नछोडेमा उनीहरूलाई सत्तामा राख्न नहुने दवावहरू सृजना भएकाले संविधानसभाको निर्वाचन पुनः अन्योलमा पर्न गयो । यसै बीच ने.का.पा.(माओवादी)को २०५७ मा सम्पन्न दोस्रो केन्द्रीय समितिको सम्मेलनले सशस्त्र युद्धको कार्यक्रम पारित गरेकोमा बदलिँदो भूमिका अनुसार बैधानिक रूपले आन्दोलनलाई रूपान्तरण गर्न आवश्यक भएको ठहर २०६४ साउनको तेस्रो हप्तामा काठमाडौंमा आयोजित तेस्रो विस्तारित बैठकले गऱ्यो । यो विस्तारित वैठक माओवादी राजनीतिको खुल्ला अभ्यासमा आउने एक महत्वपूर्ण कदम थियो । खासगरी समानुपातिक निर्वाचन पद्धति गणतन्त्र, वेपत्ता नागरिक, जनयुद्धका घाइते आदिको बारेमा नेतृत्व वर्गले बढी आलोचना सहनु परेको थियो । यस अवस्थामा माओवादी बीचमै दुई धार जस्तो देखा परेपनि पछि नेतृत्व वर्गले थामथुम गर्न सफल भयो । यो विस्तारित बैठकपछि कामिडाँडाको अर्को बैठकमा पुग्दा सम्ममा पार्टी भित्रको आन्तरिक दवावमा उठेका मागहरूलाई समेत हेर्दा माओवादी वढी गम्भिर संकटमा परेको थियो । एकातिर कार्यकर्ताको आवाज र माग तथा अर्कातिर राष्ट्रिय अन्तर्राष्ट्रिय प्रभाव र दवावका बीच वैचारिक अन्तरद्वन्द्वले शान्ति प्रक्रिया माथिनै प्रश्न उठ्न पुग्यो ।

यसै बीच विभाजित नेपाली कांग्रेसका दुई समूह बीच एकीकरण भयो । तरपनि गणतन्त्र र समानुपातिक निर्वाचन पद्धतिमा जानका लागि अनिश्चित भएपछि नेकपा (माओवादी)ले एकाएक व्यवस्थापिका संसदको विशेष अधिवेशन बोलाउनको लागि २०६४ असोज ११ गते संसदमा प्रस्ताव दर्ता गऱ्यो । सो प्रस्तावमा माओवादीका ८४ जना सांसद तथा नेकपा (एकिकृत) का २ र मालेमाका १ गरी ८७ जना सदस्यको हस्ताक्षरबाट समावेदन दर्ता गरेपछि नेपालको राजनीतिले एकाएक नयाँ मोड लिन पुग्यो । यसैबीच नेकपा (माओवादी) र ६ दलबीच गम्भीर वार्ता प्रारम्भ भयो । १३ असोजका लागि बन्दसूची पेश गर्ने निर्वाचन आयोगको कार्यक्रममा समय नपुगेको भनि ५ दिन पर सार्न अनुरोध गरेपछि निर्वाचनको कार्यक्रम असोज १८ सम्मको लागि पर सारियो । सो अवधिसम्ममा पनि वार्ताको गतिरोध अन्त भएन प्रधानमन्त्रीले संसदको अधिवेशन असोज २४ गतेका दिन बोलाएका थिए । गतिरोध अन्त्य नभएको र संसदको बैठक समेत बोलाएको अवस्थामा सरकारको अनुरोधमा निर्वाचन आयोगले दोस्रो चोटी संविधानसभाको निर्वाचनको कार्यक्रम पनि स्थगित गर्न पुग्यो ।

निर्वाचन कार्यक्रमको स्थगनले संविधानसभाको निर्वाचन नै हुन नसक्ने आशंङ्का राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा समेत हुन पुग्यो ।

यो स्थगनप्रति राष्ट्र संघीय मिशन (अनमिन) प्रमुख एवं राष्ट्रसंघ महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनले एक विज्ञप्ति जारी गरी निर्वाचन स्थगितले धेरै नेपालीहरू र अन्तर्राष्ट्रिय समुदायलाई निरासा पारेको बताएका थिए । यस घडीमा राजनीतिक दलहरूले आफ्नो गठबन्धन कायम राख्न र संविधानसभाको निर्वाचनका लागि कसरी परिस्थिति तयार गर्ने भन्नेमा सहमत हुन एवं शान्ति प्रकृया त्यसको कार्यान्वयनलाई कसरी दिगो र दह्रो वनाउने भन्नेतर्फ अग्रसर हुन जरूरी छ भनि प्रतिक्रिया दिएका थिए ।

निर्वाचन स्थगित हुनासाथ भारतको विदेश मन्त्रालयले निर्वाचन सार्ने निर्णय प्रति असन्तुष्टि जाहेर गर्नुका साथै पटक-पटक निर्वाचन सार्ने कार्यबाट नेपालको शान्ति प्रकृयाको वैधानिकता र औचित्यमाथि पनि प्रश्न उठेको भनि यसतर्फ सचेत गराउने काम पनि गरेको थियो । भारतको विदेश मन्त्रालयले जारी गरेका विज्ञप्तीमा हामी संविधानसभा निर्वाचन सार्ने कार्यप्रति असन्तुष्ट छौं, तेस्रो पटक निर्वाचन सार्ने जुन निर्णय भएको छ । यसले नेपालको शान्ति प्रकृया र लोकतान्त्रिक रूपान्तरणमा प्रभाव पार्छभने यसको बैधानिकतामा समेत प्रश्न उठ्छ भनिएको थियो ।[२१] यसै विषयलाई लिएर परामर्शका लागि नेपालका लागि भारतीय राजदूत शिवशंकर मुखर्जी तत्कालै भारत गएका थिए । वेलायतका विदेश सचिव सइमन फ्रेजरले शान्ति प्रक्रियामा 'गम्भिर धक्का' र 'पछाडी फर्केको अवस्था' भनेकाछन् । यस घटनाले भारतलाई विशेष गम्भिर र चिन्तित पारेको अनुभव समेत गरियो । अमेरिकाले पनि निर्वाचन स्थगित भएकोमा तत्कालै निराशा व्यक्त गरेको थियो । काठमाडौं स्थित अमेरिकी दूतावासको पब्लिक अफेयर्स कार्यालयद्वारा ५ अक्टोवर, २००७ का दिन विज्ञप्तिमा संविधानसभाको निर्वाचन कार्यक्रम स्थगित गर्ने निर्णयबाट अमेरिका निराश भएको छ । निर्वाचन स्थगित हुँदा नेपाली जनता नेपालको आगामी सरकारको स्वरूप निर्धारणका लागि प्रतिनिधिहरू समयमै निर्वाचन गर्न पाउने अवसरबाट बञ्चित भएको बताएका थिए । संविधान नवनेकोमा अन्य मुलुकलाई गम्भिर आपत्ति समेत परेकोछ । युरोपियन युनियनले पनि निर्वाचन स्थगित भएकोमा चिन्ता व्यक्त गरेको थियो युनियनका तर्फबाट अध्यक्ष राष्ट्रको राजदूतको हैसियतले बेलायती दूतावासद्वारा जारी विज्ञप्तिमा नयाँ परिस्थितिमा सरकार, दल, नागरिक समाज र नेपाली जनताले थप जिम्मेवार भएर काम गर्नु पर्ने अवस्था रहेको जनाउँदै बेलायतले बदलिँदो परिस्थितिमा शान्ति

---

[२१] . *कान्तिपुर दैनिक,* वर्ष २०, अंक १०३, १८ जेठ २०६९ विहिवार ।

प्रकृयालाई निर्णायक टुङ्गोमा पुऱ्याउन दल र सरकार सक्षम हुने आशा व्यक्त गर्नुका साथै आफ्नो सहयोगको आश्वासन समेत दिएको थियो । त्यसैगरी अन्य मुलुकहरू चीन, जापान, अष्ट्रेलिया लगायतका मुलुकहरूले पनि संविधानसभाको निर्वाचन स्थगितबाट शान्ति प्रकृयामा असर पर्न सक्ने चिन्ता व्यक्त गर्नुका साथै तत्काल संविधानसभा निर्वाचनको नयाँ मिति तोक्ने आग्रह गरेका थिए ।[२२] नेपालभित्र पनि नागरिक समाज विभिन्न संघ, संस्था तथा सात दल बाहेकका दलहरूबाट समेत निर्वाचन स्थगित भएकाले शान्ति प्रकृया भंङ्ग हुने र संविधानसभाको निर्वाचन समेत हुन नसकी लोकतन्त्रको संस्थागत विकास हुन नसक्ने र नयाँ द्वन्द्वमा मुलुक फस्ने आशंकायुक्त प्रतिकृया व्यक्त गर्नुका साथै सात दलको एकतामा आँच आउन नदिन, शान्ति प्रकृया भंङ्ग हुन नदिन र तत्काल निर्वाचनको मिति तोक्न आग्रह र खबरदारी गरेका थिए ।

निर्वाचनको स्थगनले अन्योलपूर्ण सिर्जना गरेको थियो । यसै बीच निर्वाचनको मिति स्थगित गरेको ५ दिन पछि निर्वाचन आयोगका प्रमुख आयुक्त भोजराज पोखरेलले निर्वाचनको मिति २०६४ साल चैत्र मसान्तभित्र तोक्नुपर्ने धारणा राखेका थिए । शान्ति र विकासका लागि आदिवासी जनजाति मञ्चले आयोजना गरेको असोज २२ गतेको गोष्ठीले तत्काल संविधानसभाको निर्वाचन सुनिश्चित गर्न माग गरेको थियो । संविधानसभाले निर्माण गर्ने संविधानले आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने भएकाले संविधानसभाको निर्वाचन यथाशीघ्र गर्नु पर्ने धारणा समेत अघि सारेका थिए । देशमा राजा रहेसम्म र गणतन्त्रको घोषणा नभएसम्म संविधानसभाको निर्वाचन हुन नसक्ने धारणा पनि व्यक्त गर्न थालेका थिए ।[२३] संविधानसभा निर्वाचन नहुँदा विगतको कालखण्डमा संविधानसभाको निर्वाचनमा राजाले अवरोध गरेकाले राजतन्त्र रहेसम्म संविधानसभाको निर्वाचन हुन सक्दैन भन्ने मानसिकताको उपज राजतन्त्र विरोधी आवाज प्रवल हुन थाल्यो ।

५.४.५.राजतन्त्र विरुद्ध सहमति प्रयास

माओवादीले व्यवस्थापिका संसदमा गणतन्त्र र समानुपातिक निर्वाचन पद्धतिमा जानु पर्ने प्रस्ताव प्रस्तुत गरेपछि वामपन्थीहरू प्रस्तावका सम्बन्धमा सहमति खोज्ने प्रयासमा लागेका थिए । माओवादीले गणतन्त्र र समानुपातिक निर्वाचन पद्धतिको प्रस्ताव राखेको थियो । यसको लागि २०६४ साल असोज २५ गते साढे २ घण्टा छलफलमा सहमति जुटाउने प्रयास गरिए पनि सफल हुन सकेन । सहमति जुटाउन नेकपा माओवादी, एमाले, एकता केन्द्र मसाल, जनमोर्चा सहभागी रहेको

---

[२२] ऐ.।

[२३] . *गोरखापत्र*, वर्ष १०७, अङ्क १५६, गोरखापत्र, २०६४ साल असोज २२ गते मङ्गलवार ।

प्रचण्ड निवासमा भएको बैठकमा माओवादीका अध्यक्ष प्रचण्डले समानुपातिक निर्वाचन प्रणालीको प्रस्तावलाई नेकपा (एमाले)ले समर्थन गर्नुपर्ने प्रस्ताव राखेका थिए । यस्तै एमालेका झलनाथ खनालले संसदबाट गणतन्त्र घोषणा गर्ने र त्यसको अनुमोदन संविधानसभाको पहिलो बैठकबाट सहमती जुटाउनु पर्ने प्रस्ताव प्रस्तुत गरेका थिए । बैठक सकारात्मक भएपनि निर्णयमा पुग्न सकेन । सोही दिन एमाले नेता खनालले राजनीतिक सहमति नबने व्यवस्थापिका संसदबाट गणतन्त्रको घोषणा गरी संविधानसभाको पहिलो बैठकले अनुमोदन गरी लागू गर्न संशोधन गर्ने प्रस्ताव प्रस्तुत गर्ने कुरा सार्वजनिक गरेका थिएँ । संसदबाट सिधै गणतन्त्र घोषणा गरी लागू गर्नु लोकतान्त्रिक र विधि सम्मत नहुने उनको धारणा थियो । वामपन्थी दलहरूबीचमा नै आरोप-प्रत्यारोप चलिरहेको अवस्थामा यसलाई समाधान गर्नका लागि बामदलहरूका बीच भएको बैठकले सात दलीय एकता खोज्न र वाम एकता सुदृढ गर्न सहमत खोज्न सहमति भई मंसिर ३ गते माओवादी, एमाले र एकता केन्द्रका शिर्षस्थ नेताहरूका बीच छलफल भई एक सहमति गरिएको थियो । सोही दिन माओवादी र एमालेका बीच सहमतिका आधार खोज्न दुवै दलका तीन–तीन सदस्य रहने कार्यदल बनाउने पनि निर्णय गरियो । सात दलको शिर्षस्थ नेताहरूको बैठकले चैत्रभित्रै चुनाव गर्न सहमति भएपछि एमाले र माओवादीका बीच भएको बैठकमा आपसी समझदारी र विश्वास बढाउने संसदीय मामिला सम्बन्धी राजनीतिक एजेण्डामा समान दृष्टिकोण तयार गर्ने समेत सहमति गरेका थिए । एमाले र माओवादी बीचको सहमतिले मुलुकमा वाम ध्रुविकरण हुने देखिएको थियो । विदेशीहरूसँग यस पहिले नै आत्म समर्पणको अवस्थामा रहेको एमाले वाम ध्रुविकरणको सन्देश दिन चाहि रहेको थिएन । मदन भण्डारीको देहवसान पश्चात एमाले नेतृत्वका सम्पूर्ण काम कारवाहीहरू फितलो रूपमा देखा पर्दै आएका थिए र भारत तथा पश्चिमा मुलुकहरूको दवाव वढ्ने देखि त्यसको प्रतिरोध गर्ने मानसिकता र शक्ति गुमाई सकेको एमाले वामपन्थि ध्रुविकरणको सन्देश जाने कुराबाट डराई रहेको थियो । वामपन्थी र दक्षिणपन्थी ध्रुवीकरण रोक्नका लागि एमाले भित्र दवाव पनि सुरु भयो । एमालेका सल्लाहकारले मुलुकमा बामपन्थी र दक्षिणपन्थी ध्रूवीकरणको सम्भावना बढ्दै गएको निष्कर्ष निकाली त्यसलाई रोकन पार्टी नेतृत्वलाई आग्रह गऱ्यो ।

वास्तवमा मदन भण्डारीको मृत्यु पछि दासढुंगा विरोधी आन्दोलन समाप्त गर्न २०५१ साल भाद्र १ गते कांग्रेस-एमाले बीच सम्झौता भएयता एमालेको वामपन्थी शक्तिहरूसँगको सहकार्य र एकता टुटेको थियो । विदेशी शक्तिहरूको दवाव र प्रभावमा परेको एमाले नेतृत्वले वामपन्थी ध्रुविकरण भन्दा पनि कांग्रेसको सहयात्री भएर जाने दिशा अवलम्वन गऱ्यो । त्यस पछिको वामपन्थी सहकार्यको लागि पाइला चालेको एमालेको यो घट्ना थियो । गणतन्त्र स्थापना गर्न नसकिने र

माओवादी विना संविधानसभा चुनाव हुन नसक्ने धारणा एमालेले राखेको थियो । वामध्रुवीकरण भएमा कांग्रेस प्रतिगामी शक्तिसँग मिलेर जाने खतरा, कांग्रेसको अनुपस्थितिमा गणतन्त्र सम्भव छैन भन्ने सोचले वामपन्थीबीच तत्काल मोर्चा निर्माण हुन गई गणतन्त्र स्थापनाका निमित्त एमाले र माओवादीको तालमेल घातक हुन जाने भन्दै हुने संविधानसभाको चुनावलाई दृष्टिगत गरी ध्रुविकरण नगरी सहमती खोज्नु पर्ने कुरामा एमाले सल्लाहकार समितिको आफ्नो राय रहन गएको थियो ।[२४] निर्वाचन स्थगित भएपछि यसअघि निर्वाचनका लागि विभिन्न समूहसँग भएका सम्झौताहरू भंङ्ग भएको र पुनः अन्यौलको अवस्था सृजना भयो । यसपछि माओवादीले संसदमा दर्ता गराएको गणतन्त्र र समानुपातिक निर्वाचन प्रणालीको वारे टुंङ्गो लगाउन दलका नेताहरूको गोप्य छलफल सुरू भयो । छलफल एमाले, नेपाली कांग्रेस, माओवादी र एकता केन्द्र मसालका नेताहरूबीच दुई पक्षीय, त्रिपक्षीय र बहुपक्षीय रूपमा गोप्य र गम्भिर छलफलहरू भएका थिए तर परिणाम निस्केन । आखिर संसदमा माओवादीको प्रस्तावको संशोधन प्रस्ताव दर्ता गर्ने म्याद असोज २६ गतेसम्म मात्र रहेकोमा २ दिन बढाए तापनि कुनै सम्झौतामा पुग्न नसकेपछि असोज २८ गते प्रस्ताव माथिको संशोधन दर्ता गर्ने काम एमालेबाट भएको थियो । प्रस्तावमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्न आवश्यक प्रक्रिया तत्काल थाल्न संसदले सरकारलाई निर्देशन दिनुपर्ने उल्लेख गरिएको थियो । सो संशोधन प्रस्तावमा पूर्ण समानुपातिक निर्वाचन प्रणालीका लागि आवश्यक कानूनी प्रक्रिया पूरा गर्नु पर्ने समेत उल्लेख गरियो । प्रस्ताव दर्ता गर्न अगाडि एमालेले कांग्रेस र माओवादीसँग साझा संशोधन प्रस्तावको लागि प्रयास गरेको थियो । एमालेका साथै नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमोर्चा लगायत अन्य दलका संसदहरूले पनि संशोधन प्रस्ताव दर्ता गराएका थिए ।

वाम दलहरूको निवेदन अनुसार संसदको विशेष अधिवेशन सुरु भयो । असोज २४ गतेको सदनमा आफ्नो प्रस्ताव प्रस्तुत गर्दै नेकपा (माओवादी)का नेता कृष्णवहादुर महराले माओवादी अरू दलले भने जस्तो पूरानो राजनीतिको नयाँ मूलधारमा आउन तयार नभएको राजतन्त्र राखेर निर्वाचन सम्भव नहुने राजतन्त्रको अन्त्य गरी गणतन्त्रको घोषणा गर्न र पूर्ण समानुपातिक निर्वाचन पद्धतिको आधारमा संविधानसभाको निर्वाचन गराउने जरूरी सार्वजनिक महत्वको प्रस्ताव पस्तुत गरेका थिए ।[२५] प्रस्तावलाई नेकपा (एमाले)का सांसदले संविधान र नियमावली विरूद्ध रहेको दावा गरेका थिए । प्रस्तावले सात दलको गठबन्धनमा विभाजन ल्याउने र संविधानसभा हुन नदिई राजतन्त्रलाई

---

२४ . पोखरेल, *पूर्वक्त* नं.३, पृ. १६० ।

२५ . *अन्नपूर्ण पोष्ट*, दैनिक, वर्ष ६, अंक १६३, बुधवार, २३ असोज, २०६४ ।

जोगाउने प्रपञ्च माओवादीले गरेको भनि आलोचना गरिएको थियो । नेकपा (एमाले) महासचिव माधवकुमार नेपालले अन्तरिम व्यवस्थापिका संसदमा प्रस्तुत माओवादी प्रस्तावले राजनीतिक गतिरोध अन्त्य नहुने प्रतिक्रिया दिएका थिए । उनले बैकल्पिक उपाय खोज्नु पर्ने र माओवादीले संसदमा प्रस्ताव प्रस्तुत गरी खेलका नियमहरूलाई भंङ्ग गरेको समेत आरोप लगाएका थिए । आरोप प्रत्यारोपकै बीचमा विशेष अधिवेशन स्थगित भयो । स्थगनको माग माओवादीले नै गरेको थियो । दलीय सहमतिका लागि वैठक स्थगन भएको थियो । संसदको दिन निकट हुँदै गएको र व्यापक दवाव समेत बढ्दै गएपछि माओवादीले कार्तिक १० गते अन्तिरिम संविधानमा गणतन्त्र र प्रत्यक्ष चुनावमा समेत समानुपातिकको व्यवस्था भएमा आफ्नो दल सहमत हुन सक्ने बताएपछि सात दल बीचको राजनीतिक गतिरोध अन्त्य हुन सक्ने सम्भावना बढेको थियो । १२ दिन अघि स्थगित भएको विशेष अधिवेशनको बैठक १२ दिनपछि तोकिएको समय भन्दा तीन घण्टा ढिला सुरु भएको बैठकमा एमाले, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीले फरक-फरक संशोधन प्रस्ताव राख्दै समानुपातिक निर्वाचन प्रणालीको विरोध गरेका थिए । नेपालमा समानुपातिक निर्वाचन प्रणाली उचित नभएको धारणा राखेका थिए । नेमकिपाले माओवादीद्वारा प्रस्तुत गणतन्त्रको प्रस्तावमा समर्थन गरेपनि समानुपातिक निर्वाचन प्रणालीको विपक्षमा मतदान गर्ने समेत जानकारी दिए । माओवादीले भने संसदमा दर्ता भएको प्रस्ताव अस्वीकार गरिए सात दलीय गठबन्धन टुट्ने चेतावनी सहित समानुपातिक निर्वाचन प्रणालीलाई मतदानबाट पराजित गरिए सात दलीय गठबन्धनमा रहनुको अर्थ नरहने बताएका थिए ।

५.४.६.वामपंथी सहमति

माओवादीले संसदमा प्रस्ताव प्रस्तुत गरे देखिनै नेकपा (एमाले) संकटमा परेको थियो । अन्तरिम संविधान वने देखिनै प्रत्यक्ष निर्वाचनका विरुद्ध पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा उभिदै आएको एमाले आफ्नो माग छोडेर गई सकेको थियो । त्यही मागमा पछि माओवादीले अडान राखेपछि एकातिर माओवादीसँग सहकार्य गर्दा विदेशी शक्तिका सामू वाम गठवन्धनमा लागेको देखिने र माओवादीसँग सहकार्य नगरे आफ्नो माग छोडेको देखिने अवस्थामा रह्यो । उसले आफ्नो इज्जत जोगाउन एकातिर सहकार्यको हात वढायो भने अर्कातिर विदेशीहरू रिजाउन संशोधन प्रस्ताव दर्ता गऱ्यो । माओवादी प्रस्तावमा समर्थन जनाउन एमालेले नेपाली कांग्रेसको पनि बाटो कुर्न थाल्यो । तर नेपाली कांग्रेससँग सहमति हुन नसकेपछि गणतन्त्र र समानुपातिक निर्वाचन पद्धतिलाई अल्पमतमा पारिँदा आफ्नो कार्यकर्ता विच्किने र प्रतिष्ठामा आँच आउने भएपछि नेकपा (एमाले)ले यसलाई

अल्पमतमा नपार्नका लागि उपाय रच्न थाल्यो । कात्तिक १४ गते प्रमुख वामपन्थी दलबीच संसदबाट गणतन्त्र र समानुपातिक निर्वाचन प्रणालीको मुद्दालाई अल्पमतमा पार्न नदिने सहमति भयो । संसदको विशेष अधिवेशनमा मतदान हुनुअघि नै राजनीतिक सहमतिका लागि प्रयत्न गर्ने तथा सहमति नभए गणतन्त्रको पक्षमा माहौल सृजना गर्ने समेत ती दलबीच समझदारी भएको थियो । यसै बीच संविधानसभाको निर्वाचन पर सार्ने निर्णय समेत गरियो ।

५.४.७.भारतीय सक्रियता

सात दलले संविधानसभाको चुनाव सार्ने निर्णय गरेकै दिन अचानक नयाँ दिल्ली पुगेका भारतीय राजदूत शिवशंकर मुखर्जी नेपाल फर्किए । उनी नेपाल आए लगत्तै राजनीतिक गतिविधि तीव्र बनाएका थिए । नेपालको राजनीतकि गतिरोधबारे ब्रिफिङ गर्न तीन साता भारतमा बिताएका राजदूत मुखर्जीले नेपाल फर्किए लगत्तै प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, माओवादी अध्यक्ष प्रचण्ड र एमाले महासचिवसँग भेटघाट गरे । सो भेटघाटहरूका सम्बन्धमा भारत सात दलका सहमतिबाट सात दलको गतिरोध समाप्त भएको हेर्न चाहन्छ भन्ने कुरा मात्र जानकारीमा ल्याईएको थियो । २०६४ साल कात्तिक १४ गतेकै दिन नेकपा माओवादीका अध्यक्ष प्रचण्ड, नेता बाबुराम भट्टराई सहित भारतीय राजदूताबासमा परामर्शका लागि पुगेको समाचार सार्वजनिक भएको थियो । उनले पनि सो भेटघाट राजनीतिक अन्यौल समाप्त पार्न भएको भन्ने बाहेक अरु कुरा बताउन चाहेनन् ।[२६] तर यसवेला चलेको चर्चा र परिचर्चा अनुसार भारतीय राजदुत नेपालमा राजतन्त्र समाप्त पार्ने भारतीय अवधारणासाथ नेपाल फर्किएका थिए र नेताहरूसँग त्यसै विषयमा छलफल गरे । उक्त छलफलमा भारतीय राय समेत बुझेपछि एमाले भने गणतन्त्रको प्रस्तावको पक्षमा पुग्यो भने कांग्रेसले तत्काल भारतीय प्रस्ताव स्वीकृत गरेन । यसबाट के बुझिन्छ भने नेपालमा राजतन्त्र उन्मूलनको प्रमुख कारण भारतीय इच्छा भएको देखिन्छ जसमा नेपालका वामपंथी पार्टीहरु तीनको हतियार वने ।

५.४.८.एमाले–माओवादी सहिमति

भारतीय राजदुतको मन्त्र पाएपछि संसदको मतदानबाट माओवादी प्रस्तावको निर्णय हुन अगाडि सहमतिको लागि व्यापक प्रयास हुन थाले । कांग्रेस सहमत नभएपछि बामपन्थीहरूबीच सहमति कायम गर्ने प्रयास भएको थियो । यसपछि बामपन्थीहरू एमालेको संसदीय दलमा भएको

---

[२६] . *अन्नपूर्ण पोष्ट*, दैनिक, वर्ष ६, अंक १८१, बुधवार, १४ कात्तिक, २०६४ ।

बैठकमा एमाले र माओवादीबीच सहमति गराउन सकेका थिएनन् । तर भारतीय धारणाको विषयमा छलफल गर्न एमालेको केन्द्रीय कमिटिको बैठक वस्यो । उक्त बैठकले गणतन्त्रको प्रस्तावलाई समर्थन गर्ने भएपछि एमाले र माओवादीबीचमा सहमतिको लागि सकारात्मक स्वरूप ग्रहण गर्ने अवस्था सिर्जना भयो ।

संसदमा मतदान भए एमाले र माओवादी मिल्ने हल्ला धेरै दिनदेखि थियो तर अन्तिम घडी सम्म पनि सहमति हुनसकेको थिएन । बैठकमा माओवादीले एमालेले राखेको गणतन्त्रको प्रस्ताव मान्ने र माओवादीको समानुपातिक निर्वाचनको प्रस्ताव एमालेले मान्नुपर्ने प्रस्ताव राखेको थियो । एमाले सकारात्मक भएपछि बामदलहरूबीच पुनः वार्ता भयो । अन्तिम प्रयासका लागि माओवादीले कृष्ण वहादुर महरालाई प्रधानमन्त्री कहाँ पठाएको थियो । सात दलको बैठक बालुवाटारमा भएको थियो तर सहमतिमा पुगेन । नयाँ प्रस्ताव लानका लागि एमाले र माओवादीले सभामुखलाई प्रक्रियाको बारेमा छलफल गर्दा सभामुखले सहमति जनाउन नसकिने धारणा राखेका थिए । त्यसपछि एमाले संसदीय दलको कार्यालय सिंहदरवारस्थित एमाले महासचिव माधवकुमार नेपालको कार्यकक्षमा बसेको तीन बामपन्थी दलको संयुक्त बैठकमा समानुपातिक निर्वाचन प्रणाली सम्बन्धी माओवादी प्रस्तावमा एमालेले समर्थन जनाउने सहमति भएको थियो तथापि कतिपय एमालेका सांसदहरूले मतदानको समयमा आफूलाई उपस्थित नगराई असन्तुष्टि प्रदर्शन गरेका थिए । एमाले तथा माओवादी बीचको यो सहकार्य र कार्यगत एकतामा भारतले भूमिका निर्वाह गरेको देखिन आउँछ र भारतीय चाहना नेपालबाट राजतन्त्रको अन्त्य गराउने र समानुपातिक निर्वाचन प्रणाली लागू गराउने भएको बुझ्न सकिन्छ । संसदको विशेष अधिवेशनले माओवादी तथा एमाले दुवैको प्रस्ताव पारित गरेको थियो ।

मतदानपछि प्रधानमन्त्री कोइरालाले संसदीय प्रक्रियाबाट समस्याको समाधान गर्ने प्रक्रियामा आएकोमा माओवादीलाई विशेष धन्यवाद दिएका थिए । यो घटनालाई विश्वले महत्व दिएर हेरेका र ऐतिहासिक भएको धारणा पनि कोइरालाको थियो । यसरी २५ दिनको अन्योलपूर्ण स्थितिको अन्त भई संसदले ऐतिहासिक निर्णय गर्न सकेको प्रति विशेष महत्व दिईएको थियो ।

५.४.९.चुनाव गर्न सहमति र विदेशी चासो

निर्वाचन रोकिएर अन्योल सृजना भई नयाँ निर्वाचनको मिति तय गर्न व्यापक दवाव आईरहेको अवस्थामा संसदबाट गणतन्त्र घोषणा र समानुपातिक निर्वाचन प्रणालीको प्रस्ताव पारित भएपछि पहिलो पटक बसेको सात दलको बैठकले चैत्रभित्रै संविधानसभा चुनाव गर्ने सहमति गरेको थियो । दलहरू भित्र आन्तरिक विवाद पनि भएको देखिन्छ ।

संसदको विशेष अधिवेशनमा नेकपा (एमाले)ले नेकपा (माओवादी)लाई साथ दिएदेखि नै त्यसको विरोधमा देखिँदै आएका एमाले नेता केपी शर्मा ओलीले माओवादी प्रस्तावको र त्यसमा नकरात्मक टिका-टिप्पणी गरेका थिए । माओवादीको पूर्ण समानुपातिकको प्रस्ताव अनुसार संविधानसभाको निर्वाचन गरिएमा त्यो संविधानमा नभई जातीयसभा हुने कुरा बताएका थिए । तथापि एमाले माओवादी सहमति भएको थियो । एमाले र माओवादी सहमतिको रोचकता के देखियो भने पहिले देखि नै गणतन्त्रको मुद्धा उठाउँदै आएको माओवादीले सो मुद्धामा पछि हटि एमालेको मागमा सहमति जनायो भने अन्तरिम संविधान २०६३ जारी हुँदा पूर्ण समानुपातिक निर्वाचन प्रणालीको उठाउँदै सो मागका सम्वन्धमा नोट अफ डिसेन्ट लेख्ने एमालेले समानुपातिक निर्वाचनको मुद्धालाई माआवादीमा हस्तान्तरण गरि दियो ।

नेपालको शान्ति प्रकृया र संविधानसभाको निर्वाचनको लागि पर्यवेक्षण गरिरहेका सेन्टरका अध्यक्ष तथा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर २०६४ साल मंसिरको पहिलो साता नेपालको तीन दिने भ्रमणमा आएका थिए । उनले कांग्रेसले समानुपातिक र माओवादीले गणतन्त्रमा पुर्नविचार गरी तत्काल संविधानसभाको निर्वाचन गर्न सुझाव दिएका दिए । यसबाट के देखिन्छ भने अमेरिका नेपालबाट राजतन्त्र हटाउने कुरामा सहमत नभएको भन्ने बुझिन्छ । समानुपातिक निर्वाचन प्रक्रियाको पक्षमा भने अमेरिका पनि रहेको देखिन्छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६४ भित्रै चुनाव गराउने आश्वासन कार्टरलाई दिए उनले चुनाव लगायत मुद्दाहरू समझदारीमा हल गरिने कार्टरलाई बताएका थिए । शान्ति प्रक्रिया अघि बढाउँदै सक्दो छिटो संविधानसभा निर्वाचन हुनु पर्ने आफूले प्रधानमन्त्री समक्ष राखेको कार्टरले भ्रमणको अन्तमा जानकारी गराएका थिए । कार्टरले संविधानसभाको निर्वाचनका लागि ७०% र ३०% को सूत्र समेत दल र सरकारसँग प्रस्तुत गरेका थिए । समानुपातिकबाट ७०% र सवै निर्वाचन क्षेत्रबाट निर्वाचीत ३०% गरी समन्वय गर्नु पर्ने उनको धारणा थियो ।[२७] कार्टरले यो प्रस्ताव राखेकै अवस्थामा नेपालका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भने माओवादीको पूर्ण समानुपातिक निर्वाचन प्रणालीको माग पूरा हुन नसक्ने भनि नेपाली कांग्रेससँग आवद्ध ट्रेड युनियन कांग्रेसको प्रतिनिधिमण्डलसँग शनिवार भएको भेटमा बताएका थिए ।[२८] यसबाट के बुझिन्छ भने समानुपातिक तथा समावेशी नारामा नेपाली राजनीति भित्र मात्र होइन अमेरिकी

---

[२७]. *गोरखापत्र, वर्ष* १०७, अङ्क १९६, २०६४ साल मङ्सिर ९ गते आइतवार ।

[२८]. *ऐ ।*

लगायत पश्चिमा शक्तिहरूको पनि टट्कारो स्वार्थ रहेको प्रष्ट हुन आउँछ । नेपालमा उठेको समानुपातिक र समावेशीताको आवाज पछाडी पश्चिमा देशहरूको स्वार्थ र वलले काम गरेको कुरा काट्नेको अभिव्यक्तिले पनि जनाउँछ । प्रधानमन्त्रीको यस्तो खालको दृष्टिकोण आएको लगत्तै अर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रभावशाली नेता रामशरण महतले संसदबाट पारित भएका प्रस्तावलाई कार्यान्वयन गरिए संविधानसभाको निर्वाचन हुन नसक्ने भन्ने धारणा सार्वजनिक गरेका थिए । उनले विशेष अधिवेशनबाट पारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली गणतन्त्र घोषणा वर्तमान संविधानको खिलाफमा रहेको दावी गर्दै संसदको प्रस्ताव पास भएमा चुनाव हुन सक्दैन, कांग्रेसले नचाहँदासम्म सरकार परिवर्तन र संविधान संशोधन कुनै पनि हालतमा हुन नसक्ने, सहमतिमा बनेको सरकार सहमतिले नै परिवर्तन हुन्छ बहुमतका कुरा गर्नुको अर्थ छैन भनि संसदको प्रस्तावलाई नमान्ने धारणा अघि सारेर सहमति विथोल्ने कुरा गरेका थिए ।[२९]

यसरी जनआन्दोलनको नेतृत्वकारी दलहरूबीच बढ्दै गएको असमझदारीले शान्तिको व्यवस्थापनमा दल कमजोर भएको भनि एमालेका नेता केशव वडालले सात दल असफल भएको टिप्पणी गरेका थिए । उनले एमाले वनेपा नगर कमिटीद्वारा २०६४ मंसिर ८ गते आयोजित पार्टी कार्यालय उद्घाटन समारोहमा जनताको बलमा राजनीतिक लँडाई कहिले जित्ने ? त्यसको व्यवस्थापन गर्न नसकेर प्रतिगमनलाई आधार दिने काम भएको बताएका थिए । जनआन्दोलनको परिणामलाई संस्थागत गर्ने मुद्दामा सात दल एक ठाउँमा उभिन नसके शान्तिको व्यवस्थापन हुन नसक्ने र आन्दोलनकारी शक्तिबीच एकता कायम राख्न एमाले क्रियाशिल रहेको पनि उनले जानकारी गराएका थिए । नेताहरू बीचमा आएका यस्ता अभिव्यक्तिहरूले निर्वाचनलाई अझ अन्यौल वनाउँदै लगेको थियो ।

असहज परिस्थिति र मुलुकमा द्वन्द्व बढ्नुका साथै सत्तारुढ सात दलबीचकै मतभेदका कारणले सरकारका कामहरू समेत प्रभावित भएपछि त्यसको निकासका लागि प्रधानमन्त्री, नेकपा (माओवादी) र नेकपा (एमाले)का शीर्ष नेताबीच भेटवार्तामा प्रधानमन्त्रीले एमाले र माओवादीलाई समेत दलबीच रहेको अविश्वास हटाई सहमति गरेर जान आफूले तुरुन्त पहल गर्ने र सबै दल संविधानसभा चुनाव यसै वर्ष भित्र सम्पन्न गराउन तथा इमान्दार भएर अघि बढ्नु पर्ने कुरामा आश्वस्त पारेका थिए ।

---

[२९] . *गोरखापत्र*, दैनिक, वर्ष १०७, अङ्क २०९, २०६४ साल मङ्सिर २२ गते शनिवार ।

सो भेटमा प्रधानमन्त्रीलाई माओवादी निर्वाचनबाट भाग्दैन भनि दलको दृष्टिकोण राखेपछि सबै मिली सहमति खोज्न तयार भएको कुरा बाबुराम भट्टराईले खुलासा गरेका थिए ।

संसदले संकल्प प्रस्ताव पारित गरि गणतन्त्र स्थापना गर्ने प्रतिवद्धता जनाएपछि नेपाली कांग्रेसका केही नेताहरू राजतन्त्रका परोक्ष समर्थनमा देखिन पुगे । यिनीहरूमा कार्यवाहक सभापति सुशिल कोइराला, केवी गुरुङ्ग, गोविन्दराज जोशी, विनयध्वज चन्द लगायतको समूह आफ्नै पार्टीका मन्त्रीहरूको राजिनामा माग गर्न पुगेका थिए । २०६४ साल मंसिर ११ गते प्रधानमन्त्री निवासमा भएको पार्टी पदाधिकारीहरूको अनौपचारिक बैठकमा कार्यवाहक सभापति शुशिल कोइरालाले मन्त्रीहरूले राजिनामा दिनु पर्ने भनेपछि कांग्रेसमा तीब्र विवाद हुन पुग्यो । यस अघिदेखि नै गृहमन्त्री शान्ति सुरक्षा गर्न असक्षम भएको र माओवादीप्रति नरम नीति लिएको भनी राजीनामा माग भईरहेको थियो भने शान्ति मन्त्री रामचन्द्र पौडेलको कार्यशैलीप्रति पनि कांग्रेसका नेताहरू सन्तुष्ट थिएनन् । यिनीहरूलाई त्यसवेला राजावादी काँग्रेसीहरू भन्ने गरिएको थियो । प्रस्ताव विना नै बसेको कांग्रेसको बैठकमा विवाद भई निष्कर्षहीन पुगेकै अवस्थामा मंसिर ११ गते संसदको नियमित अधिवेशन अघि नै राजनीतिक सहमति कायम गर्न बसेको प्रमुख बामपन्थी दलको बैठक पनि निष्कर्ष विहिन रह्यो । कांग्रेसी राजनीतिमा देखिएको यो उतार-चढावले नेपाली राजनीतिमा निकै ठुलो हलचल मच्चाएको थियो ।

५.४.१०.गणतन्त्रको संविधान

लामो गतिरोध र कसरत पछि २०६४ साल मंसिर १२ गते संविधान संशोधन गरी नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक घोषणा गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सहमत हुन पुगे । साथै समानुपातिक प्रतिनिधित्वको प्रतिशत बढाउने तर प्रत्यक्ष निर्वाचन २ सय ४० सिट नै रहने र यसै अनुपातमा संविधानसभा ६ सय भन्दा बढी सदस्य हुने कुरामा पनि सहमतिको नजिक पुगेको राजनीतिक दलहरूबीचको लामो कसरतपछि सोही वर्षको मंसिरभित्रै संविधान संशोधन गर्ने र अन्तरिम संविधानको प्रस्तावनामा नै नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक लेख्न सहमति भएको थियो । यसले नेपाल चुनाव अघि नै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हुन गएको थियो ।

२०६४ साल मंसिर १२ गते दलहरूका शिर्ष नेताहरूको गोप्य बैठकमा अन्तरिम संविधान गणतन्त्र लेख्न प्रधानमन्त्री सहमत भएका थिए । तर कांग्रेसभित्रकै आन्तरिक दवाव र किचलोको कारणले तथा गणतन्त्रमा गएमा माओवादीको मार्गचित्र अनुसरण हुने देखिएकाले कांग्रेसले आफ्नो

अस्तित्व गुमाउनेछ भन्ने मनोभावनामा फसेका कांग्रेसी नेताहरूको कारण प्रधानमन्त्री संकटमा परेका थिए । तथापि मंसिर महिनाभित्र अन्तरिम संविधानमा संशोधन नभएमा अन्तरिम संविधान र सरकार दुवैको वैधानिकता गुम्ने देखिएपछि २०६४ साल मंसिर २७ गते अन्तरिम संविधानमा संशोधन नगरी गणतन्त्र लेख्ने सहमति भएको थियो । यसअगाडि प्रधानमन्त्रीले चारैतिरबाट सरकार र सात दललाई असफल वनाउन षड्यन्त्र भईरहेको भनि सचेत गरेको लगत्तैपछि संविधानसभा पहिलो बैठकबाट कार्यान्वयन गर्नेगरी तत्काल गणतन्त्र घोषणा गरी त्यसलाई अन्तरिम संविधानमा लिपिबद्ध गर्न कांग्रेस, एमाले र माओवादीबीच समझदारी भएको थियो ।[३०] यो सहमतिपछि यसको अनुमोदनका लागि सात दलको बैठक बोलाउने पनि निर्णय गरिएको थियो । गणतन्त्रलाई संविधानमा उल्लेख गरी संविधानसभाको बैठकबाट निर्णय गर्ने कुरामा एक किसिमको सहमति भएपनि निर्वाचनबारे कांग्रेस, एमाले र माओवादीबीच विवाद भने यथावत रह्यो । अर्कोतिर मधेशमा आन्दोलन चर्किरहेको र दलहरूबीचमा समेत राजनीतिक गतिरोध आईरहेकै अवस्थामा नेपाली कांग्रेसका नेता महन्त ठाकुर लगायत केही मधेशी मूलका नेताहरूलाई वोलाएर भारत, अमेरिका तथा यूरोपेली युनियनका कुटनीतिक व्यक्तिहरूले ललितपुर स्थित होटल हिमालयमा भेट गरे । यो भेटघाट पछि मधेशवादी नयाँ दल खोल्नका लागि नेपाली कांग्रेसका मन्त्री महन्थ ठाकुरसहित ४ जना मधेशी सांसद र अन्य दलका नेताहरूले समेत आ-आफ्ना दल र मन्त्री तथा सांसद पदबाट राजिनामा दिए । यसरी राजिनामा दिनेमा कांग्रेसका महन्थ ठाकुर, नेपाल सदभावना पार्टीका हृदयेश त्रिपाठी, सांसदहरूमा एमालेका महेन्द्र यादव र राप्रपाका रामचन्द्र राय थिए । उनीहरूका साथै राष्ट्रिय जनशक्ति पार्टीका प्रवक्ता सर्वेन्द्रनाथ शुक्ला, कांग्रेसका पूर्व सांसदद्वय अनिश अन्सारी, रामचन्द्र कुशवाहा, पूर्वमेयर वृषेशचन्द्र लाल र एमालेका श्रीकृष्ण यादव रहेका थिए । उनीहरूले राजधानीमा मधेशी राजनीतिक नेता तथा कार्यकर्ताको बृहत भेला गरी १०/१५ दिनभित्रै नयाँ दल खोल्ने समेत घोषणा गरेका थिए । मधेशी नेताहरू दलबाट फुटेर नयाँदल गठन गर्न गएको कुरालाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले यसलाई विदेशीको स्वार्थको कोणबाट समेत हेर्नु पर्ने प्रतिक्रिया दिए ।[३१] एमालेले आफ्ना सांसद यस अगाडि नै निष्क्रिय भइसकेको हुँदा यसबाट खासै प्रभाव नपर्ने प्रतिक्रिया जनाएको थियो ।

२०६४ साल मंसिर २९ गतेभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने भनि अन्तरिम संविधानमा दोस्रो संशोधनमा व्यवस्था भएकोमा सो मिति पूरा हुने दिनमा मात्र संविधानसभाको

---

[३०] *अन्नपूर्ण पोष्ट,* दैनिक, वर्ष ६, अंक २२४, शुक्रवार, २८ मंसिर २०६४ ।

[३१] .२०६४ साल पुस ३ गतेको कान्तिपुर एफ.एम.को साँझ ६:३० वजेको समाचार प्रसारण ।

निर्वाचन २०६४ साल चैत्र मसान्तभित्र सम्पन्न गर्ने भनि सात दलका नेताहरूको बैठकले निर्णय गरेपछि सोही दिन बसेको संसदमा मन्त्री परिषद्को बैठक लगत्तैपछि शान्ति तथा पुनःनिर्माणमन्त्री रामचन्द्र पौडेलले संविधान संशोधनको विधेयक दर्ता गराएका थिए । सो संशोधन विधेयकको मस्यौदा तयार पार्न सातै दलबाट एक/एक नेता सम्मिलित कार्यदल गठन गऱ्यो र बैठकले चैत्रभित्र चुनाव गर्ने गरी मिति तोक्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको थियो । संविधान संशोधन गर्ने र चैत्रभित्र निर्वाचन सम्पन्न गर्ने सहमति भई संशोधन दर्ता गरिएपनि निर्वाचन प्रक्रिया र गणतन्त्रको कार्यान्वयनका सम्बन्धमा विवाद बाँकी रहेकाले यसबारेमा भने प्रस्ताव दर्ता गर्न सकेनन् । यसरी हरेक पाइला र निर्णयमा विवादै विवादले समय खेर गएको अवस्था हेर्दा नेपालका राजनीतिक दल र तिनका नेताहरू राष्ट्रिय स्वार्थ भन्दा दलीय स्वार्थले बाँधिदै गएको र निर्णय शक्तिमा ह्रास आउँदै गएको संकेत यि घट्नाहरूले दिई रहेको थियो ।

५.४.११.सात दल बीचको २३ बुँदे सहमति

२०६४ साल पौष ७ गते दलहरूबीच २३ बुँदे सहमति भयो र भोलि पल्ट त्यसलाई औपचारिक रूप दिई ८ गते सात दलका शीर्षस्थ नेताहरूबीच उक्त सहमति पछि सम्झौतामा हस्ताक्षर गरी औपचारिक रूप दिईयो । त्यसपछि गतिरोध समाप्त भएको घोषणा गरियो । यसले संविधानसभाको निर्वाचनका लागि बाटो खुल्ला भयो । सम्झौतामा नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गर्दै चैत्रभित्र संविधानसभा चुनाव गर्न सात दल सहमत भएका थिए र संधिानसभामा ६०१ जना सदस्य रहने पनि सहमत भएको थियो । प्रधानमन्त्री निवास बालुवाटारमा पुष ८ गते आइतवार सात राजनीतिक दलका शीर्ष नेताहरूको बैठकमा दस्तखत गरेको २३ बुँदे सम्झौतामा अन्तरिम संविधानको धारा १५९ को उप शीर्षक र उपधारा (१), (२), (३) क को सट्टा नेपाल गणतन्त्रात्मक राज्य हुने, गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो वैठकले गर्ने तर राजाले संविधानसभाको निर्वाचन हुन नदिन व्यवधान खडा गरे संविधानसभा निर्वाचन अगावै राजतन्त्र उन्मुलनको घोषणा हुन सक्ने जस्ता प्रावधानहरू पनि राखिए ।

१. संधिवानको धारा १५९ को उप शीर्षक र उपधारा (१), (२), (३) (क) को सट्टा देहाय वमोजिमको संशोधन मिलाउने :

(क) नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।

(ख) गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट गरिनेछ । तर राजाले संविधानसभाको निर्वाचन हुन नदिन गम्भीर व्यवधान खडा गरेमा संविधानसभाको निर्वाचन अगावै पनि

व्यवस्थापिका संसदको तत्काल कायम रहेका कम्तिमा दुई तिहाई सदस्यहरूको बहुमतले प्रस्ताव पारित गरी गणतन्त्र कार्यान्वयन गर्न सक्नेछ । यस्तो प्रस्ताव पेश गर्ने निर्णय मन्त्रिपरिषद्ले गर्नेछ र मन्त्रीपरिषद्ले सो प्रस्ताव व्यवस्थापिका संसद समक्ष पेश गर्नेछ ।

(ग) मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन ।

(घ) मुलुकको शासन व्यवस्था सम्बन्धी सबै काम प्रधानमन्त्रीले गर्नेछ ।

(ङ) गणतन्त्र कार्यान्वयन नहुञ्जेलसम्मको लागि राष्ट्र प्रमुखले गर्ने काम प्रधानमन्त्रीले गर्नेछ ।

२. वर्तमान अवस्थामा कायम रहेको पहिलो हुने निर्वाचीत हुने २४० निर्वाचन क्षेत्रलाई कायम राख्ने र समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचीत हुने २४० सदस्य संङ्ख्याको ठाउँमा ३३५ सदस्य सङ्ख्या कायम गर्ने र सहमतिको आधारमा मन्त्रीपरिषद्ले मनोनयन गर्ने १७ जनाको सट्टा २६ जना कायम गर्ने गरी संविधानको सम्बन्धित धाराहरूमा संशोधन गरी मिलाउने । मनोनीत हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजाति मध्येबाट समेत समावेश गर्ने गरी संशोधन गर्ने ।

३. व्यवस्थापिका संसदको महासचिवको नियुक्ति सम्बन्धी आवश्यक प्रावधान संविधानमा राख्ने ।

४. नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक)को एकिकरण भई अवदेखि नेपाली कांग्रेस भएको अनुसार संविधाानमा आवश्यक संशोधन गरी मिलाउने ।

५. निधन भएका, राजिनामा दिएका, निष्काशित गरिएका व्यवस्थापिका संसदका सदस्यहरूको ठाउँमा नियुक्ति सम्बन्धी व्यवस्थाबारे संविधानमा संशोधन गरी आवश्यक प्रावधान राख्ने ।

६. देहाय वमोजिमको आयोग एवं समितिहरू सरकारले सहमतिको आधारमा एक महिनाभित्र गठन गर्नेछ :–

(क) वेपत्ता पारिएकाहरूबारे छानविन आयोग,

(ख) सत्य निरूपण तथा मेलमिलाप आयोग,

(ग) राज्यको पुर्नःसंरचना सम्बन्धी आयोग,

(घ) वैज्ञानिक भूमिसुधार सम्बन्धी अध्ययन तथा सुझाव आयोग,

(ङ) विस्तृत शान्ति सम्झौता तथा त्यसपछि भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि उच्चस्तरीय अनुगमन समिति,

(च) विस्तृत शान्ति सम्झौता अनुरूप उच्च स्तरीय शान्ति आयोग गठन गरिनेछ । योसँग समन्वय गरी शान्ति मन्त्रालयले काम गर्नेछ ।

७. स्थानीय निकायमा सहमतिका अधारमा संयन्त्र निर्माण गर्ने यस सम्बन्धी निर्णय शीर्ष नेताहरूको रहेको समन्वय समितिले गर्ने,

८. सशस्त्र द्वन्द्वका क्रममा मारिएका परिवारलाई विस्तृत शान्ति सम्झौता वमोजिम माघ महिनाभित्रमा राहत उपलब्ध गराउने । बेपत्ता पारिएकाहरूको हकमा छानविन आयोगको प्रतिवेदनको आधारमा राहत दिईनेछ । छानविन आयोगले काम सुरु गरेको एक महिनाभित्रमा प्रारम्भिक प्रतिवेदन दिने ।

९. सशस्त्र द्वन्दका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घरजग्गा जमिनहरू एक महिनाभित्रमा सम्बन्धित व्यक्तिहरू तथा निकायहरूलाई फिर्ता गरिसक्ने । यो सहमतिलाई जिल्लामा कार्यान्वयनका लागि प्रजिअको अध्यक्षतामा एउटा संयन्त्र बनाउने विस्थापितहरूलाई आफ्नो घर जग्गामा स-सम्मान पुनः स्थापना गराउने ।

१०. बुँदा नं. ८ र ९ को बारेमा अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध गर्ने ।

११. माओवादी सेनाको प्रमाणित लडाकुहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम किस्तावन्दीमा माघ महिनाभित्र चुक्ता गर्ने तथा आगामी दिनमा मासिक रूपमा दिदै जाने प्रमाणिकरणबाट अयोग्य ठहरिएकाहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम दिएर अविलम्ब घर फर्कन व्यवस्था गर्ने ।

१२. माओवादी सेनामा प्रमाणित लडाकुहरूको समायोजनका लागि अन्तरिम संविधानमा उल्लेख भए वमोजिम मन्त्रिपरिषदले बनाएको विशेष समितिद्वारा छलफल गरी कार्य अघि बढाउने ।

१३. अन्तरिम संविधानको धारा १५४ मा व्यवस्था भएको तर गठन नभएको आयोगहरूको गठन एक महिनाभित्र गर्ने ।

१४. सशस्त्र द्वन्द्वको दौरान विभिन्न मुद्दा लगाएर नेपालभित्र जेलमा रहेका रिहाई हुन बाँकी माओवादीबन्दीहरू सबैलाई पुस महिनाभित्र रिहाई गर्ने र माओवादी नेता तथा कार्याकर्तामाथि लगाईएका मुद्दाहरू मध्ये खारेज गर्न बाँकी रहेको मुद्दाहरू खारेज गर्ने, त्यस्तै सशस्त्र द्वन्द्वको क्रममा विदेशी जेलमा रहेका नेपाली माओवादी बन्दीहरूको रिहाईको लागि कूटनीतिक तहमा पहल गर्ने नेपाल सरकार समक्ष विभिन्न राजनीतिक दलहरूद्वारा विगतमा सिफारिस गरिएका राजनीतिक व्यक्तिहरूमाथि राजनीतिक कारणले चलाईएका मुद्दाहरू फिर्ता गर्ने ।

१५. संविधानसभाको निर्वाचन, संघीय गणतन्त्रात्मक राज्य र बहुदलीय लोकतान्त्रिक शासन प्रणाली सहितको नयाँ संविधानको निर्माण तथा अन्तरिम सरकारको सु–शासन प्रणाली सहितको नयाँ संविधानको निर्माण तथा अन्तरिम सरकारको सञ्चालनका लागि सहयोग र समन्वय गर्न

शीर्ष नेताहरू रहेको एक समन्वय समिति हुनेछ । यसको संयोजक पालै-पालो गरी समितिले आफै तोक्नेछ समितिको कार्यविधि समितिले आफैले निर्धारण गर्नेछ ।

१६ देशमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था, जनताको दैनिक आवश्यकता वस्तुहरूको सुलभ र सुपथ आपूर्ति, सु-शासन, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र र निष्पक्ष ढंगले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने कार्यलाई अन्तरिम सरकारले उच्च प्राथमिकता दिनेछ ।

१७. आगामी संविधानसभाको निर्वाचन सम्पन्न नहुन्जेलसम्म निर्वाचनलाई अवरुद्ध गर्ने वा नकारात्मक प्रभाव पार्ने कुनै पनि प्रकारका कामहरू राजनीतिक दलहरू तथा त्यससँग आवद्ध संघ, संस्थाहरूबाट गरिने छैन । कुनै पनि राजनीतिक दलका कार्यकर्ताहरू तथा त्योसँग आवद्ध संघ, संस्थाहरूले बल प्रयोग गर्ने, हतियारको प्रयोग र प्रदर्शन गर्ने, ठाउँ–ठाउँमा क्याम्प वा ढाट राखेर कर उठाउने, पर्यटक, शिक्षक, कर्मचारी, व्यवसायी, व्यापारी तथा अन्य कुनै पनि व्यक्तिहरूसँग धम्की वा दवावमा चन्दा, कर लगायतका रकमहरू संकलन गर्ने, कुटपिट, अपहरण गर्ने सम्पत्ति कब्जा गर्ने लगायतका कामहरू तत्काल बन्द गर्नेछ ।

१८. कुनै पनि राजनीतिक दल र दलका कार्यकर्ताहरूलाई शान्तिपूर्ण तवरले आफ्नो संगठनको राजनीतिक गतिविधि गर्न र प्रचार–प्रसार गर्न कसैबाट पनि डर धम्की लगायत कुनै किसिमले वाधा व्यवधान गर्ने तथा रोक्ने काम गर्ने छैन ।

१९. बृहत शान्ति सम्झौता उल्लेख भएका सबै विषयहरूलाई सम्बन्धित सबै पक्षहरूबाट पूर्णरूपमा पालन र कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरिन्छ ।

२०. पुनःर्निमाण, पुर्नःव्यवस्थापन, पुर्नःस्थापना, पुनर्वास, द्वन्द्व पीडितको राहत समेतको आर्थिक दायित्व तत्काल कार्यान्वयनको लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन नेपाल सरकारले पहल गर्ने ।

२१. संविधानसभाको निर्वाचनमा सबै जनतालाई भाग लिन संयुक्तरूपमा अपिल गर्नका लागि देशका विभिन्न भागमा सात वटै दलहरूले सात वटा आमसभा आयोजना गर्ने ।

२२. यस सहमतिसाथ नेकपा (माओवादी) तत्काल सरकारमा सामेल हुने ।

२३. संविधानसभाको निर्वाचन सम्पन्न गराउनु हामी सबैको पहिलो राष्ट्रिय एजेण्डा हो । नेपाल सरकारद्वारा मिति तोक्ने गरी २०६४ साल चैत्रभित्र निर्वाचन सम्पन्न गराउने निर्णय सात दलको बैठकबाट गरि सकिएकोछ । स्वतन्त्र, निष्पक्ष र भय रहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सबै राजनीतिक दलहरू समस्त नागरिक समाज एवं सबै पेशा व्यवसायीहरू लगायत सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरूलाई हार्दिक अपिल पनि गरिने । २३ बुँदे यो समझदारीले माओवादीले प्रस्तुत गरेको भदौ ३ को मागका साथै अन्तरिम संसदले पारित गरेको प्रस्तावलाई

आंशिक रूपमा सम्बोधन गरेकाले ४ महिना देखिको गतिरोध अन्त भएको थियो । यसले नेपालमा गणतन्त्रको लागि आधार तयार हुन पुग्यो । माओवादी र ६ दलबीचको सहमति भएपनि मधेस, जाति, आदिवासी जनजाति अन्य समुदायहरूले गरिरहेको आन्दोलन हिंसा हत्या, बिस्फोटन, अपहरण जस्ता कुराहरूले संविधानसभाको कार्यक्रम स्थगित भएको असोज १८ गते पछिको स्थितिमा सुधार आउने लक्षण देखा पर्दै गयो । उक्त २३ बुँदे सम्झौतामा उल्लेखित गणतन्त्र सम्वन्धि र सेना समायोजन वाहेकका अधिकांश बुँदाहरू आजका दिनसम्म कार्यान्वयन भएको देखिदैन । वेपत्ता छानविन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुर्नःसंरचना, भूमिसूधार जस्ता विषयहरू आज सम्म पनि कार्यान्वयनमा आउन सकेको छैन । राज्य पुर्नःसंरचनाको विषयले पछिल्ला दिनमा गएर संविधान निर्माणलाई समेत पारी संविधानसभाको अवसान हुन गएको देखियो ।

सात दलको २०६४ साल पुष ८ गते राती २३ बुँदे सम्झौता भएपछि अन्तरिम संविधानमा संशोधन गरी यी प्रावधानहरू राख्नका लागि अन्तरिम संसदको चलिरहेको अधिवेशनमा अन्तरिम संविधान २०६३ को तेस्रो संशोधन प्रस्तुत गरिएको थियो । संशोधन प्रस्ताव प्रस्तुत भएपछि पुष ९ गतेदेखि सो संशोधन प्रस्तावको सामान्य सिद्धान्तमाथि छलफल भई सरकारले एक साता अघि मंसिर २९ गते संसदमा दर्ता गरेको संशोधन विधेयक फिर्ता लियो र अन्तरिम संविधान संशोधन विधेयक संसदमा प्रस्तुत गरिएको थियो । पुष ९ गतेको संसदको दोस्रो बैठकमा संविधान संशोधनको विधेयक प्रस्तुत गरेका भयो । सो बैठकमा संविधानसभाको निर्वाचन मंसिर मसान्तभित्र गर्ने भन्ने घोषणाको सट्टामा चैत्र मसान्तभित्र गर्ने भनी संशोधन प्रस्ताव पेश भयो । बैठकले प्रस्तुत संशोधन प्रस्तावलाई छलफलका लागि समितिमा पठाउने प्रस्तावलाई स्वीकृति दिएको थियो । सोही बैठकमा गृहमन्त्री कृष्णप्रसाद सिटौलाले सात दलको शीर्ष बैठकमा भएको २३ बुँदे सहमतिको विवरण पेश गरे । सोही सहमति वमोजिम ऐनको विधेयकमा अन्तरिम संविधान, २०६३ को धारा १५९ को उपधारा १ मा नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने भन्ने उल्लेख गरिएको थियो ।

२३ बुँदे सहमति भएपछि समझदारीका आधारमा नै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पुष ९ गतेका दिन असोज १ गते माओवादी मन्त्रीहरूले दिएका सामुहिक राजिनामालाई स्वीकृत गरी मन्त्रिपरिषदको पुर्नगठनको लागि बाटो खुला गरे । मन्त्रीपरिषदमा पुनः सम्मिलित हुने प्रतिवद्धता माओवादीबाट आएपछि संचार मन्त्री कृष्ण वहादुर महरा, भौतिक योजना मन्त्री हिसिला यमी, स्थानीय विकास मन्त्री देव गुरुङ र महिला बालबालिका तथा समाज कल्याण मन्त्री खड्गवहादुर

विश्वकर्माको राजिनामा स्वीकृत गरिएको थियो । यसअघि नै मतभेद देखाई मन्त्रीपरिषदबाट बाहिरिएका वन मन्त्री मातृका यादवको राजिनामा स्वीकृत भईसकेको थियो ।

संयुक्त राष्ट्रसंघका महासचिव वानकी मुनले नेपालका सात दलबीच २०६४ पुष ८ मा भएको २३ बुँदे सहमतिको स्वागत गरेका थिए । महासचिव मुनले चैत्रभित्रमा संविधानसभा चुनाव गर्नका लागि गरेको सहमति स्वागत योग्य भएको वताएका थिए । साथै महासचिवका तर्फबाट राष्ट्रसंघका प्रवक्ताद्वारा न्यूयोर्कमा पुष १२ गते जारी विज्ञप्तिमा माओवादीले अन्तरिम सरकारमा सहभागी हुन गरेको निर्णय स्वागत योग्य रहेको उल्लेख गरेको थियो । विज्ञप्तिमा महासचिवले सहमति भएका विषयको प्रभावकारी कार्यान्वयन र विश्वसनीय संविधानसभा निर्वाचन सुनिश्चित गर्न आह्वान गरेका थिए । नेपाललाई आवश्यक पर्ने सबै किसिमका आवश्यक सहयोग गर्न राष्ट्रसंघ सदैव तत्पर रहेको जानकारी गराईएको थियो ।[३२] यस घटनालाई छिमेकी मुलुक चीनले पनि शान्ति प्रक्रियामा गति दिने र संविधानसभा निर्वाचन गर्नेबारे सात दलले गरेको २३ बुँदे समझदारीलाई स्वागत गर्दै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता किन.डान.ले "एउटा असल छिमेकीका रूपमा हामी नेपालमा राजनीतिक स्थिरता र आर्थिक समुन्नतिको कामना गर्दछौं ।" भनी प्रतिक्रिया व्यक्त गरेका थिए । अन्तरराष्ट्रिय क्षेत्रको यो अभिव्यक्ति नेपालको राजनीतिमा उत्प्रेरणा वन्न सक्दथ्यो ।

५.४.१२.गणतन्त्रात्मक देशको घोषणा र निर्वाचनको निश्चितता

लामो छलफल विवाद र २३ बुँदे सहमतिको निर्णय अनुसार पुस १३ गते बसेको बैठकले नेपालको अन्तरिम संविधान २०६३ लाई तेस्रो संशोधन गरी मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउने निर्णय गरेको थियो । संसदको दुई तिहाईले संविधानमा तेस्रो संशोधन पारित गरी सभामुख सुभाषचन्द्र नेम्वाङले प्रमाणिकरण गरेपछि मुलुकलाई गणतन्त्रात्मक राज्य बनाईयो । यदि राजाले संविधानसभा निर्वाचन हुन नदिन व्यवधान खडा गरेको पाइए संविधानसभा निर्वाचन अगाडि नै गणतन्त्र कार्यान्वयन गर्न सक्ने व्यवस्था सो संशोधनमा उल्लेख गरिएको थियो । संविधानको तेस्रो संशोधनको संसदले २७० मतले पारित गरेको थियो । सो संशोधनको विपक्षमा राप्रपाका अध्यक्ष पशुपतिशमशेर राणा, कृष्णप्रताप मल्ल तथा नेकपा एकीकृतका परी थापाले मात्र विपक्षमा मतदान दिएका थिए । राज संस्था राख्ने वा नराख्ने संविधानसभाबाट मात्र गर्नुपर्ने अडान राख्दै राष्ट्रिय जनशक्ति पार्टीका सांसदहरूले मतदानमा भाग लिएनन् । सांसद भने संविधान संशोधन

[३२] *हिमालय टाइम्स,* दैनिक, वर्ष १३, अंक ४०, शनिवार, माघ १९, २०६४ ।

गरी गणतन्त्रको घोषणा गर्ने कार्यलाई अमेरिका, भारत तथा युरोपेली संघले सोही दिन स्वागत गरेको थियो । यसलाई नेपाली जनताको महत्वपूर्ण उपलब्धिको रूपमा लिएका थिए र यसबाट लोकतन्त्रको संस्थागत विकास हुने कुरामा समेत विश्वास दिलाएको र आफ्ना मुलुकहरूले आवश्यक सहयोग गर्न सक्ने कुरा उल्लेख गरेका थिए । शक्ति राष्ट्रहरूबाट अन्तरिम संविधानमा गणतन्त्र लेखिएकोलाई स्वागत गर्नाले नेपालमा अन्तरिम संसदबाट राजतन्त्रको अन्त गरी गणतन्त्रको घोषणा गर्दा अन्तर्राष्ट्रिय समुदायले मान्यता नदिने भनी गरिएका आशंङ्काहरू र प्रतिकृयाहरू फजुल र भ्रामक भएको ठहर हुन गयो । यो घोषणाले गर्दा २३८ वर्ष अघि सुरु भएको शाहबंशीय राजतन्त्रको औपचारिक अन्त हुन पुग्यो । औपचारिक निर्णय नेपालमा नै भएपनि त्यसमा भारतीय स्वार्थको प्रभाव र दवावले पनि काम गरेको कुरा यस अघि पनि चर्चा गरिएको छ । यसरी देशभित्र र बाहिरको शक्तिको प्रयासमा राजतन्त्रको अन्त्य भयो भन्न सकिन्छ । यस अघि राजतन्त्रलाई संविधानसभाको पहिलो बैठकले निर्णय गर्ने भनिएकोमा सो प्रावधान हटेपछि संविधानसभाको पहिलो बैठकले गणतन्त्रको कार्यान्वयन गर्ने भनि राखियो । संविधानसभाको पहिलो वैठक सम्मको अवधिलाई राजालाई गद्दी छोडी आफ्नो व्यवस्था गर्न समय मात्र उपलब्ध गराएको रूपमा पनि हेरिएको थियो । संविधानको यो संशोधन पछि अरु प्रतिकृयाहरू पनि आउन थाले । राजावादीहरू समेतले राजतन्त्रको पक्षमा खुलेर प्रतिक्रिया जनाउन अप्ठ्यारो मानिरहेको अवस्थामा प्रधानमन्त्रीकी पुत्री तथा नवनियुक्त विना विभागिय मन्त्री सुजता कोइरालाले भने गणतन्त्र घोषणा गरेको २ हप्तापछि २०६४ पुस २८ गते संसदबाट भएको गणतन्त्र घोषणा गलत भएको र त्यसले राजतन्त्रको अन्त्य नगर्ने र गर्न पनि नहुने तर्क अघि सार्दै प्रतिक्रिया दिएकी थिइन् ।[३३] पश्चिमा शक्ति राष्ट्रहरूले नेपालमा राजतन्त्र समाप्त भएकोमा स्वागत गर्नुका पछाडी भारतीय कुटनीतिको प्रभाव एकातिर परेको देखिन्छ भने अर्कातिर नेपालमा हिन्दु राजाको अवधारणा विरुद्ध क्रिश्चियनहरूको प्रभावले पनि काम गरेको अनुमान गर्न सकिन्छ ।

२०६४ असोज १ गते राजिनामा दिई माओवादी अलग भएपछि खाली भएको मन्त्री पदमा आउन माओवादी तयार भएपछि २०६४ पौष १५ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले माओवादी सहितको मन्त्रीपरिषद विस्तार गरेका थिए । प्रधानमन्त्रीले माओवादीका ५ जना मन्त्री नियुक्ति गरेका थिए । माओवादी सरकारमा सामेल भएपछि मुलुक चुनावी वातावरणमा होमियो । माओवादीको केन्द्रीय समितिको बैठक २०६४ साल पुषको तेस्रो हप्तामा काठमाडौंमा वसेको थियो । सो बैठकले

[३३] .२०६४ साल पुस २८ गतेको नेपाल एफ.एम.को साँझ ८ वजेको समाचारमा प्रसारण ।

उम्मेदवारीको चयन र घोषणा पत्रको सम्बन्धमा पनि छलफल गरेको थियो । २०६४ साल पुष २१ गते काभ्रेको फूलवारी स्थित कानाकोट रिसोर्टमा सुरु भएको बैठकमा प्रचण्डले बदलिएको परिस्थिति र चुनावको बारेमा अपनाउनु पर्ने रणनीतिका बारेमा राजनीतिक प्रस्ताव प्रस्तुत गरेका थिए । यसपछिका बैठकहरूमा निर्वाचनका लागि संयन्त्रहरू निर्माण गर्नका लागि जिम्मेवारीहरूमा समेत हेरफेर गर्ने कार्य भएको थियो । यसले माओवादीले सम्पूर्ण शक्ति निर्वाचनमा केन्द्रित गर्ने निर्णय गरेको थियो ।

संविधानसभा निर्वाचनका लागि आवश्यक तीनवटा कानून संसदबाट २०६४ साल पुष २० गते पारित भई सभामुखबाट प्रमाणिकरण समेत गरिदिए । उक्त कानूनमा मतदाता नामावली, निर्वाचन आयोग र संविधानसभा सदस्य निर्वाचन ऐनका दफाहरू संशोधन गरी निर्वाचनका लागि ढोका खोलिदियो ।

सात दलको संयन्त्रले सहमति गरेपछि निर्वाचन आयोगको समेत परामर्शमा मन्त्रीपरिषदले पुष २७ गते शुक्रवार बसेको संविधानसभाको चुनाव चैत्र २८ गते एक चरणमा निर्वाचन सम्पन्न गर्ने गरी मिति तोक्यो । जेठ, असार र मंसिरका लागि तीनपटक निर्धारित तिथिमा संविधानसभा चुनाव हुन नसकेपछि सरकारले चौथो पटक मिति तय गरेको हो । मिति तोकिएपछि सात दलको बैठकले निर्वाचनको सम्बन्धमा जनतामा भएको भ्रम र आफ्नो प्रतिवद्धता समेत जनता समक्ष राख्नका लागि शीर्षस्थ नेताहरूले काठमाडौं विराटनगर नेपालगञ्ज, भैरहवा, वीरगञ्ज धनगढीमा वृहतसभा गरी सम्बोधन गर्ने कार्यक्रम पनि निर्धारण गरेको थियो । सात दलको बैठकले लामो गृहकार्य गरेपछि समानुपातिक निर्वाचनको विवादलाई ५८ र ४२ प्रतिशत गरी ३३५ समानुपातिक र २४० प्रत्यक्ष निर्वाचनबाट तथा संविधानसभामा प्रतिनिधित्व गर्न नसकेका आदिवासी जनजाति, सिमान्तकृत क्षेत्रका व्यक्तिलाई २६ पदमा मनोनीत गरी सबैको प्रतिनिधित्व मिलाउने गरी सहमति कायम पनि गऱ्यो । सरकारले संविधानसभाको मिति तोकेपनि सुरक्षाको स्थिति भने चिन्ताजनक भएकोले निर्वाचन सम्पन्न हुनेमा ढुक्क हुने स्थिति रहेन । यसै परिप्रेक्षमा निर्वाचनको मितितय हुना साथ राष्ट्रसंघका महासचिव वानकी मुनले नेपालमा आउँदो चैत्रमा तय भएको निर्वाचनका लागि केही जिल्लाको सुरक्षा स्थिति पहिले भन्दा पनि अप्ठ्यारोमा हुन सक्ने भनी पुष २७ गते यो स्थितिलाई सुधार गर्न आग्रह गरेका थिए ।[३४] सम्झौतामा उल्लेखित समय तालिका निकै चुनौतिपूर्ण भएको भन्दै सुरक्षा परिषद बैठकमा नेपाल प्रतिवेदन पेश गरेका थिए । नेपालको शान्ति प्रक्रिया सफल पार्न

[३४] *कान्तिपुर,* दैनिक, वर्ष १५, अंक ३२२, २८ पुष २०६४ शनिवार ।

आवश्यक पर्ने राष्ट्रसंघीय दक्षता र अनुभव प्रयोग गर्न पनि उनले आग्रह गरेका थिए । यसले गर्दा नेपालमा संविधानसभाको मिति तोकिएपछि संयुक्त राष्ट्रसंघ र विदेशी मित्र राष्ट्रहरू समेतबाट चासो र सुरक्षा स्थितिको वारेमा चिन्ता गरेका थिए भने नेपालले सुरक्षा स्थिति सुधार गर्ने प्रतिबद्धता दोहोऱ्याई कुनै पनि हालतमा अब संविधानसभाको चुनाव समयमै सम्पन्न गर्ने दृढता देखाएकाले मुलुक संविधानसभा प्रक्रियामा प्रवेश हुन पुग्यो । संविधानसभाको निर्वाचनका लागि मिति तोकिए पनि दलीय स्वार्थ र दाउपेचका कारण विवाद समयमा नटुङ्गिएको देखिन्छ । वाहिर जे देखिए पनि दलहरू निर्वाचनमा जान तयार नभएसम्म र लेखाजोखा नमिलेसम्म निर्वाचनको मिति तोकिएको थिएन । यसरी दलीय स्वार्थको कारण विवाद खडा गर्दै कार्य सम्पादनमा आलेटाले गर्ने प्रकृयाले राष्ट्रिय एकताका लागि बाधा पुग्ने स्पष्ट देखिन्छ । जुन भविश्यका लागि शुभ संकेत होइन भन्ने थियो ।

संविधानमा संशोधन गरी संविधानसभाका सदस्य निर्वाचन विधि र प्रकृयाको टुंगो लगाएपछि निम्नानुसार संवैधानिक व्यवस्था गरियो । विधानसभाको निर्वाचनको लागि निर्वाचन आयोगको व्यवस्था गरेको छ । धारा १२८ ले गरेको व्यवस्था वमोजिम निर्वाचन आयोग गठन गर्न प्रमुख निर्वाचन आयुक्त लगायत निर्वाचन आयुक्तहरू नियुक्ति गरिए । निर्वाचन आयोगले कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित मतदान वा मतगणनाको काम वा निर्वाचनको कामसँग सम्बन्धित अन्य काम कारवाहीको पर्यवेक्षण गर्नका लागि यस सम्बन्धी अनुभव, विश्वसनीयता लगायत तोकिएको आधारमा अनुमति दिने व्यवस्था गऱ्यो । पर्यवेक्षणका लागि अनुमति प्राप्त व्यक्ति वा निकायले आयोगले निर्धारण गरेको विधिअनुसार कार्य नगरेमा अनुमति खारेज गर्न सक्ने पनि व्यवस्था गरियो । पर्यवेक्षक व्यक्ति वा निकायले काम सकेपछि पर्यवेक्षणको प्रतिवेदन आयोगलाई बुझाउनु पर्नेछ । पर्यवेक्षकले अचारसंहिता पालना गर्नुपर्दछ भन्ने व्यवस्था पनि गरियो । यसरी पर्यवेक्षणको व्यवस्था गरेर निष्पक्ष निर्वाचनको वातावरण तयार पार्न निर्वाचन आयोग सक्रिय रहेको अनुभूति दिलाएको थियो ।

निर्वाचन आयोग ऐनको दफा १९ देखि २५ सम्म निर्वाचन प्रयोजनका लागि दल दर्ता गर्ने व्यवस्था गरियो । यसमा दल दर्ता गर्नका लागि समय तोक्ने, दर्ताका लागि निवेदन दिएका दलहरूको आवश्यक छानविन गरी दलको मान्यता दिन सक्ने, चुनाव चिन्ह तोक्ने अधिकार आयोगलाई छ भनि उल्लेख गरियो । दल विभाजित भएमा वा एकीकृत भएर आएमा त्यसको दर्ता गर्ने सम्बन्धी दलको नामावली प्रकाशन गर्ने, दलको दर्ता खारेज गर्न सक्ने पनि व्यवस्था गरियो । दर्ता नगरी निर्वाचन लड्न नपाउने कानूनी व्यवस्था राखियो । यस्तै दफा २६ र २७ मा दलको मान्यता सम्बन्धी विवादको निर्णय आयोगबाट गर्न सकिनेछ भन्ने व्यवस्था गरिएको छ ।

आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरणमा कायम राख्न नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरू, सरकारी तथा निजी क्षेत्रका आमसञ्चारका माध्यमहरूले पालना गर्नु पर्ने आचारसंहिता वनायो । आयोगले यसरी आचारसंहिता बनाउँदा सम्बन्धित सरोकारवालासँग परामर्श गरेको थियो । आचारसंहिता वनाउँदा निर्वाचनको स्वच्छता, निष्पक्षतामा प्रभाव पार्ने नेपाल सरकारले नयाँ नीति, योजना तथा कार्यक्रम घोषणा गर्न, जनशक्ति तथा साधन स्रोतको परिचालन गर्न तथा निर्वाचन प्रचार प्रसारका लागि सरकारी सञ्चार साधनको प्रयोग गर्न नपाउने उल्लेख आचासंहितामा गरिएको थियो । आचारसंहिताको उल्लङ्घन गरेको खण्डमा आयोगले आदेश दिने, जरिवाना तोक्ने, स्पष्टिकरण सोध्ने आदि जस्ता व्यवस्था पनि गरिएको थियो ।

निर्वाचन सम्बन्धी कुनै उजुरी परेमा उजुरी हेर्न एक संविधानसभा अदालत गठन गरिने र यस्तो अदालतको गठन न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका ३ जना न्यायाधीशबाट गरिने व्यवस्था गरिएको थियो । त्यसमा १ जना अध्यक्ष र २ जना सदस्य रहने व्यवस्था थियो । यसको कार्यालय सर्वोच्च अदालतको परिसरमै राखिएको थियो । निर्वाचन सम्बन्धी उजुरीहरू सुन्ने यसको अधिकार क्षेत्रभित्र पर्दछ । यस संविधानसभा सम्बन्धी सबै खालका उजुरीहरू यसै अदालतबाट हेरिनेछ संविधानसभाको निर्वाचन प्रक्रिया आरम्भ भएपछि निर्वाचन अवरुद्ध हुनेगरी कुनै अदालतमा प्रश्न उठाउन नसक्ने व्यवस्था संविधानको धारा ११८ मा गरिएको छ ।

सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न नेपाली जनताले आफ्नो लागि आफैले नयाँ संविधानको निर्माण गर्ने, प्रयोजनका लागि संविधानसभाको गठन गर्न संविधानसभा सदस्यको निर्वाचन तथा निर्वाचन प्रणाली र निर्वाचन प्रक्रिया सम्बन्धी कानूनी व्यवस्था गर्न संविधानसभा सदस्य निर्वाचन ऐन, २०३४ मा जारी गरिएको थियो । यस ऐनको दफा ३ ले निर्वाचन तथा निर्वाचन प्रणालीको व्यवस्था गरियो । संविधानमा उल्लेख भए अनुसार संविधानसभा गठनका लागि प्रत्यक्ष निर्वाचन, समानुपातिक निर्वाचन तथा सरकारद्वारा मनोनीत सदस्यको व्यवस्था आदिवारे ऐनमा प्रष्ट पारियो । नेपालको संविधानसभामा ६०१ सदस्य रहने व्यवस्था गरिएको थियो ।

ऐन र आचारसंहिता विपरित गएर कसैले मतदान गरेमा, मतदानलाई प्रभावित गरेमा, कसैमाथि आक्षेप लगाउने, चरित्र हत्या गर्ने, निषेधित सामग्रीको प्रयोग गरेमा, कर्मचारीलाई निर्वाचनमा प्रभाव पारी शान्ति भङ्ग गरेमा, हातहतियार लिएर हिँडेको र प्रयोग गरेमा गैरकानूनी किसिमले मतपत्र लिए-दिएको भेटिएमा निषेध गरिएको सवारी साधनको प्रयोग गरेमा, निर्वाचन

अपराध हुने कार्यमा दुरुत्साहन वा सहयोग गरेमा आदि जस्ता अपराधहरूलाई निर्वाचन अपराध मानी सजाय गर्ने व्यवस्था पनि गरिएको थियो । अपराधहरू गर्ने वा प्रोत्साहन गर्नेलाई मतदान केन्द्रबाट बाहिर निकाल्ने, पक्राउ गर्ने जस्ता कार्य पनि ऐनमा व्यवस्था गरेको थियो । यस्तो कसुर गर्नेलाई जरिवाना गराउने देखि कैद गर्ने सम्मको व्यवस्था गरिएको थियो । यसका साथै निर्वाचन सम्बन्धी कसुर गरेमा निर्वाचन बदर गर्न सकिने वैधानिक व्यवस्था दफा २७ देखि ३१ सम्म गरिएको थियो । तर मतदान गरेको विषयमा भने कुनै अदालतमा प्रश्न उठाउन सकिने गरी मतदानको संरक्षण गरिने व्यवस्था दफा ३२ ले गरेको थियो । साथै निर्वाचन सम्बन्धी उजुरीमा दश हजार धरौटी राख्नुपर्ने व्यवस्था पनि गरिएको छ ।

५.५. संविधानसभाको निर्वाचनको गतिविधि

अन्तरिम संविधानको व्यवस्था ऐन कानून र नियमावली समेतको आधारमा निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचनको पद्धति र प्रकृया सम्बन्धी पुस्तिकामा ४६ बुँदामा के कस्ता प्रकृया कसरी अपनाउने भन्ने विवरण दिएको देखिन्छ । यसमा संविधानसभा निर्माणका लागि मिश्रित निर्वाचन प्रणाली वमोजिम बालिग मताधिकारका आधारमा नेपाली जनताले निर्वाचीत गरेका जनप्रतिनिधि दल वा स्वतन्त्र उम्मेदवार र सहमतिका आधारमा मन्त्रिपरिषदबाट मनोनीत व्यक्तिहरूको भेला नै संविधानसभा हो भनि परिभाषा गरेको छ । संविधानसभाको सदस्य निर्वाचनका लागि मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको छ । मिश्रित निर्वाचन प्रणाली भित्र दुई किसिमका निर्वाचीत पद्धति पर्दछन् । जसमा १) पहिलो हुने निर्वाचीत निर्वाचन प्रणाली र २) समानुपातिक निर्वाचन प्रणाली । यसै अनुसार मनोनयन पत्र दाखिला गर्ने व्यवस्था पनि मिलाईयो ।

संविधानसभाको निर्वाचनको मिति तोकेको तेस्रो दिन पुष २९ गते निर्वाचन आयोगले निर्वाचन कार्यक्रम सार्वजनिक गऱ्यो मंसिरमा तोकिएको चुनावका लागि दर्ता गरेका दलहरू बाहेकले चुनावमा भाग लिन चाहने दललाई ३० पौष भित्र निर्वाचन आयोगमा दर्ता पनि आह्वान गरेको थियो । कार्यक्रममा समानुपातिक निर्वाचनको लागि दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्न फागुन ८ गते समानुपातिकमा कूल ३३५ मध्ये कम्तिमा १० प्रतिशत उम्मेदवार दिनुपर्ने गरिएको थियो । फागुन ९ गते देखि १५ गते सम्म बन्दसूचीमा भएको त्रुटि सच्याउन दललाई सूचित गर्ने फागुन १६ गते देखि २२ भित्र संशोधन बन्दसूची पेश गर्ने, चैत्र १ देखि ७ गते सम्म बन्दसूचीमा समावेश उम्मेदवार माथि दावी विरोध गर्ने, चैत्र ९ र १० मा नाम फिर्ता लिने र चैत्र १२ गते अन्तिम सूची प्रकाशन र निर्वाचन चिन्ह प्रदान गर्ने रहेको छ । प्रत्यक्ष निर्वाचनको लागि फागुन १३ गते मनोनयन

पत्र दर्ता, फागुन १५ सम्म उजुरी दिने फागुन १७ गते उम्मेदवारी फिर्ता, फागुन १८ गते अन्तिम नामावली प्रकाशन र १९ गते चुनाव चिन्ह प्रदान गर्ने कार्यक्रम प्रकाशित गरेको थियो तर पछि तराई र पूर्वी पहाडको आन्दोलनकारीसँग भएको सहमतिले यो कार्यक्रममा केही हेरफेर हुन पुग्यो ।

निर्वाचनमा वामपन्थी शक्तिहरूले आपसी तालमेल गरी एकवाम एक ठाउँ उम्मेदवार खडा गर्नुपर्छ भनी दवाव उत्पन्न भईरहेको र माओवादीले समेत एमाले सहित सबै वामपन्थीहरूसँग तालमेल गरी जानुपर्छ भनि प्रस्ताव गरिरहेको थियो । यसै अवस्थामा माओवादी र एकता केन्द्र मसाल समेत एकीकरण हुने कुरा प्रकाशमा आएको अवस्थामा नेकपा (एमाले)को निर्वाचन सम्बन्धी नीति तयार गर्न बसेको केन्द्रीय समितिको बैठकले माओवादीसँग केन्द्रीय स्तरमा तालमेल गर्न नहुने अधिकांश सदस्यहरूले मत जाहेर गरेका थिए । उनीहरूले राजावादीले चुनाव जित्ने सम्भावना भएको स्थान र परिस्थितिमा मात्र माओवादी वा कांग्रेससँग तालमेल गर्नुपर्ने कुरामा जोड दिए । तर नेता बामदेव गौतमले वामपन्थीबीच तालमेल गरेर कांग्रेस सहितका यथास्थितिवादी र प्रतिगामी समूहलाई परास्त गर्नुपर्ने, चुनावी प्रतिद्वन्द्वी कांग्रेस नै भएको ठोकुवा गर्दै कांग्रेस परास्त भए राजावादी समेत परास्त हुने र वामपन्थीको बर्चश्व कायम हुने अभिमत दिएका थिए । एमालेले भने चुनावी तालमेलमा नजाने निर्णय गर्न पुग्यो र २०६४ फागुन १५ गते अन्तरराष्ट्रिय सम्मेलन केन्द्रबाट तालमेल विरोधी अभिव्यक्ति जाहेर गर्न पुग्यो ।

५.५.१.संविधानसभा अदालत गठन र उम्मेदवारी दर्ता

सरकारले संविधानसभा निर्वाचन सम्बन्धी विवाद सुनुवाईका लागि संविधानसभा अदालत माघ २७ गते गठन गऱ्यो । सो अदालतमा सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्माको अध्यक्षतामा तपवहादुर मगर र रामकुमार प्रसाद शाह रहेका थिए ।

अदालत गठन भएपछि निर्वाचनको कार्यक्रम फागुन १ गतेबाट सञ्चालन गरिने भएकाले निर्वाचन आयोगले माघ मसान्त भित्र संविधानसभाको निर्वाचनको लागि सबै खालका असमझदारी हटाउन सरकारलाई आग्रह गऱ्यो । आयोगले मुलुकका केही भागमा देखिएका जटिलताहरू लम्ब्याई रहनु नहुने भनी तराईमा समझदारी कायम गर्न आग्रह गरेको थियो । यसै बीच निर्वाचन आयोगले समानुपातिक सिटका लागि उम्मेदवारको व्यवस्था सम्वन्धि नियम र तालिका पनि प्रकाशित गऱ्यो ।

संविधानसभाको पहिलो निर्वाचन वि.सं.२०६४ चैत्र २८ गते सम्पन्न हुने निर्वाचनका लागि निर्वाचन आयोगले तोकेको मितिमा उम्मेदवारी दाखिला गर्ने काम सुरु भए तापनि यो कार्य तीन चरणमा पुगेर सम्पन्न भएको थियो । यसअघि निर्वाचनमा भाग लिनका लागि तयारी भएका

दलहरूले संविधानसभाको लागि निर्वाचन आायोगले तोकेको मितिमा नै उम्मेदवारीको बन्दसूची र क्षेत्रगत रूपमा निर्वाचन हुने बहुमतीय पद्धतिको निर्वाचनको उम्मेदवारी दर्ता गरेका थिए । तर मधेसमा आन्दोलनरत दलहरूसँग भएको सहमतिको आधारमा त्यस क्षेत्रमा भने समय थप गरिएको थियो । पछिल्लो पटक गणतान्त्रिक मोर्चासँग भएको सम्झौतापछि उनीहरूलाई समेत निर्वाचनमा भाग लिने व्यवस्था मिलाउन सात दलको सहमतिबाट सरकारले निर्वाचन आयोगलाई अनुरोध गरेपछि सो प्रयोजनका लागि उम्मेदवारी दाखिला गर्नका लागि नयाँ मिति तोकी सो समयमा निर्वाचनका लागि उम्मेदवारीको मनोनयन दर्ता भएका थिए । यसैले निर्वाचनको उम्मेदवारीको मिति पनि पहिला, दाखिला भईसकेका उम्मेदवारहरूलाई यथावत राख्दै आन्दोलनमा उत्रिएकाहरूको सम्झौता अनुसार अलग–अलग मितिमा उम्मेदवारी दाखिला गर्ने काम सम्पन्न हुन पुग्यो । आन्दोलनका लागि सम्झौता गरेर निर्वाचनमा आएका नभई मधेसका समस्या समाधान नभई निर्वाचनमा भाग नलिने निर्णय गरेका राष्ट्रिय जनशक्ति पार्टी तथा राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल समेतले पहिलो कार्यक्रम अनुसार उम्मेदवारी दाखिला नगरेकाले उनीहरूलाई पनि मधेसी मोर्चाहरूका साथै उम्मेदवारी दर्ता गराउने मिति मिलाईएको थियो । यसबाट सुरुमा निर्वाचनका लागि आवदेन दिने ३७ वटा दलहरू र पछि पटक-पटक गरी थपिएका समेत ५४ दलले उम्मेदवारी दर्ता गरी संविधानसभाको निर्वाचनमा आफूलाई सम्मिलित गराएका थिए । यिनै दलहरूले समानुपातिक निर्वाचनका लागि वन्दसूचि पनि प्रस्तुत गरे ।[३५]

निर्वाचन आयोगको निर्धारित कार्यक्रम अनुसार मुलुकका २४० निर्वाचन क्षेत्रमा पहिलो हुने पद्धतिको उम्मेदवार २०६४ फागुन १३ गते दाखिला गरिएको थियो सो दिन संविधानसभा चुनावको प्रत्यक्ष प्रणाली तर्फ दलहरूले देशभरी नै उम्मेदवारी दर्ता गरेका थिए । काठमाडौंका १० क्षेत्रका लागि २१५ जनाले उम्मेदवारी मनोनयन दर्ता गराएका थिए । माओवादी अध्यक्ष प्रचण्डले काठमाडौं क्षेत्र नं. १० एमाले महासचिव माधवकुमार नेपालले क्षेत्र नं. २, कांग्रेस उपसभापति प्रकाशमान सिंहले काठमाडौं क्षेत्र नं.१ कांग्रेसका उपसभापति सुशील कोइरालाले बाँके, शेरवहादुर देउवाले कञ्चनपुर र डडेलधुरा, माओवादी नेता बाबुराम भट्टराईले गोर्खा र राम वहादुर थापाले चितवन, सभामुख सुवाचन्द्र नेम्बाङले र एमाले नेता झलनाथ खनालले इलाम, गृहमन्त्री कृष्णप्रसाद सिटौला र एमाले नेता के.पी.शर्मा ओलीले झापा, शान्तिमन्त्री रामचन्द्र पौडेलले तनहुँ गोपाल मान श्रेष्ठले स्याङजा, महामन्त्री रामवरण यादव र विमलेन्द्र निधिले धनुषा, राप्रपाका अध्यक्ष पशुपतिशमशेर राणाले

[३५].निर्वाचन आयोगको रेकर्ड वमोजिम ।

सिन्धुपाल्चोक, नेमकिपा अध्यक्ष नारायणमान विजुक्छेले भक्तपुर, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचनले चितवन, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रवहादुर केसीले बाग्लुङ्ग, सञ्चारमन्त्री कृष्णवहादुर महराले दाङ, स्थानीय विकास मन्त्री देव गुरुङले मनाङ, भौतिक योजना मन्त्री हिसिला यामीले काठमाडौं, अर्थ मन्त्री रामशरण महतले नुवाकोट, गृह राज्य मन्त्री रामकुमार चौधरीले सप्तरी, नेकपा (एमाले)का स्थायी कमिटि सदस्य भरतमोहन अधिकारी मोरङ्ग क्षेत्र नं.२ सोही क्षेत्रमा प्रतिस्पर्धि नेकपा (माले)बाट तत्कालीन केन्द्रीय कमिटी सदस्य देउमान सम्वाहाङ्गफे पनि थिए । प्रत्यक्षबाट उम्मेदवारी दाखिला गर्नेहरू २१९१ को उम्मेदवारी परेको थियो ।

संविधानसभा निर्वाचनको प्रत्यक्ष सिटका लागि यस अघि छुटेको दल र व्यक्तिले फागुन २३ गते मुलुकभर उम्मेदवारी दिएका थिए । आन्दोलनरत संयुक्त मधेसी लोकतान्त्रिक मोर्चा र संघीय गणतान्त्रिक मोर्चा बीच सहमति भएपछि सरकारको आग्रहमा सो दिन प्रत्यक्ष सिटको लागि उम्मेदवारी दिने समय थपिएको थियो । निर्वाचन आयोगका अनुसार सोही दिन राति सम्म ५६ जिल्लामा राजनीतिक दल र स्वतन्त्र गरी ८१८ जनाको उम्मेदवारी परेको थियो । तराईमा आन्दोलनरत मधेसी जनअधिकार फोरम तराई मधेस लोकतान्त्रिक पार्टी, सद्भावना पार्टीले तराईका सबै जिल्लामा उम्मेदवारी दिएका थिए । बन्दका कारण यस अघि उम्मेदवारी दर्ता गर्न नपाएकाले पनि यसै अवस्थामा मनोनयन दाखिला गरेका थिए । अघि बहिष्कारको घोषणा गरेका राजावादी दलहरू राप्रपा नेपाल २४० र पूर्व प्रधानमन्त्री सुर्यवहादुर थापाको राष्ट्रिय जनशक्ति पार्टीले २३५ स्थानमा उम्मेदवारी दिएका थिए । तराई मधेस पार्टीले जिल्लामा करिव एक सय सिटमा मधेसी जनअधिकार फोरमले १०६ र राजेन्द्र महतोको सदभावनाले ८९ स्थानमा उम्मेदवारी दिएका थिए । दलित जनजाति पार्टीले संविधानसभाको प्रत्यक्ष सिटका लागि १६ जिल्लामा ५२ जनाको उम्मेदवारी दिएको थियो । उम्मेदवारी दिनेमा ४१ दलित, ९ जनजाति, एक महिला, एक मधेसी समुदायका रहेका थिए । उम्मेदवारी दिएको जिल्लाहरूमा मोरङ, सुनसरी, सप्तरी, सिराहा, उदयपुर, ओखलढुंगा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुपाल्चोक, काठमाडौं, तनहुँ र कास्की रहेका थिए ।[३६]

संविधानसभाको लागि दलहरूले उठाएका उम्मेदवारहरूमा एउटै परिवारबाट प्रत्यक्ष र समानुपातिकमा उठ्ने र दलले उम्मेदवारीको टिकट नदिएपछि विद्रोहीको रूपमा उम्मेदवारी दिनेहरू पनि विशेष चर्चामा रहेको देखियो । एउटै परिवारबाट उम्मेदवारी दिनेहरूमा प्रधानमन्त्रीदेखि अन्य दलका नेताहरू र साना दलका नेताहरू पनि पछि परेनन् । एकै परिवारमा गिरिजाप्रसाद कोइराला

[३६] . ऐ. ।

नेपाली कांग्रेसको तर्फबाट समानुपातिकको तर्फबाट १ नम्बरमा उम्मेदवार बन्नुभयो भने उनकी छोरी सुजाता कोइरालालाई प्रत्यक्ष निर्वाचनमा यसअघि गिरिजाप्रसाद कोइरालाले जितेको सुनसरी ५ बाट उम्मेदवार बनाईयो । कांग्रेस सभापति कोइरालाका परिवारकै सदस्य शेखर कोइराला, शशांक कोइराला पनि प्रत्यक्ष उम्मेदवार बनेका छन् । कार्यवाहक सभापति सुशिल कोइराला नातालै भतिजा पनि प्रत्यक्ष निर्वाचनमा बाँकेबाट उठेका थिए । नेकपा (माओवादी)का अध्यक्ष दुई ठाउँबाट प्रत्यक्ष निर्वाचन उम्मेदवार भए भने छोरी रेणु दाहाल समानुपातिककी उम्मेदवार बनेकी छिन् । नेकपा (माओवादी)का वरिष्ठ नेता बाबुराम भट्टराई गोरखा २ हिसिला यमी (भट्टराई) काठमाडौं ७ बाट उम्मेदवार बने । नेपाली कांग्रेसका शेरबहादुर देउवा डडेलधुरा, कञ्चनपुर ४ र उनकी श्रीमती आरजु राणा देउवा समानुपातिककी उम्मेदवार बनाईयो । नेकपा (एमाले)का भरतमोहन अधिकारी मोरङ २ बाट उम्मेदवार वने भने उहाँकी श्रीमती सविता अधिकारी समानुपातिककी उम्मेदवार बनिन् । यस्तै दाजुभाई अर्थमन्त्री रामशरण महत नुवाकोट २ बाट उम्मेदवार बने भने प्रकाशशरण महत समानुपातिकका उम्मेदवार बनाईए । यस्तै माओवादीका हितमान शाक्य काठमाडौ ६ बाट उमेद्वार थिए भने श्रीमती अमृता थापा समानुपातिककी उम्मेदवार वनिन् । नेपाली कांग्रेसका अर्जुन नरसिंह केसीलाई प्रत्यक्ष र उनका भाई जगदीश्वर नरसिंह केसीलाई समानुपातिक उम्मेदवार बनाईए । जनमोर्चा नेपालका उपाध्यक्ष लीलामणी पोखरेल र श्रीमती शशी श्रेष्ठ पनि चुनावी मैदानमा उत्रिए । नेकपा (एमाले)का स्थायी समितिका सदस्य अमृतकुमार बोहोरा र अष्टलक्ष्मी शाक्य, एमालेकै बामदेव गौतम र श्रीमति तुलसा थापा, नरेश खरेल र श्रीमती पवित्रा निरौला, गोविन्द कोइराला र श्रीमति गौरा कोइराला, प्रत्यक्ष र समानुपातिक तर्फ उठाईएकामा एउटै परिवारका परेका छन् । युवराज ज्ञवालीका तिनै भाई रामकुमार ज्ञवाली र लक्ष्मण ज्ञवाली उम्मेदवार रहेका छन् । मुकुन्द न्यौपाने र भाई केदार न्यौपानेलाई पनि उम्मेदवार वनाईयो । माओवादीका नेताहरू वर्षमान पुन 'अनन्त' देव गुरुङ् कुल वहादुर केसी सोनाम टेकेन्द्र भट्ट, खगराज भट्ट, दिलीप प्रजापति तुलाराम धनी, हरि दाहाल, गणेश पुनका पनि श्रीमान् र श्रीमति दुवै उम्मेदवार भए । यस्तै अन्य नेताका परिवारहरू श्रीमति, छोरी, बुहारी, भाई, भतिजाहरू उम्मेदवारको सूचीमा देखिएका छन् । यसले नेतृत्वको परिवारतन्त्र प्रतिको मोह रहेको र सो दृष्टिकोणको आलोचना जनमानसबाट आलोचना पनि भएको थियो तापनि ती परिवारभित्रका मानिसहरू पनि अधिकांश राजनीति पृष्ठभूमिमा भएको देखिन्छ ।

नेपाली कांग्रेसका केही तराई मूलका नेताहरूले आफ्नो पार्टीबाट चुनावका टिकट नपाएपछि उनीहरू मधेशी जनअधिकार फोरमबाट उम्मेदवारी दिएका थिए । यसमा विजयकुमार गच्छदार, शरदसिंह भण्डारी, रामजनम चोधरी, लक्ष्मण प्रसाद मेहता, मंगलप्रसाद थारु, हरिनारायण चौधरी र

अर्जुन थापा रहेका थिए । पहिला उनीहरूलाई कांग्रेसबाट टिकट दिंदा मेधशको आन्दोलनको समर्थन गरी निर्धारित समयमा उम्मेदवारी नदिएपछि नेपाली काग्रेसले वैकल्पिक उम्मेदवार खडा गऱ्यो । पछि सो स्थानमा पुनः टिकट माग्दा नेपाली कांग्रेसले टिकट नदिएपछि पार्टी नै परित्याग गरी मधेशी जनअधिकार फोरममा प्रवेश गरेका थिए । नेकपा (माले) का जिल्ला सचिव तथा वैकल्पिक केन्द्रीय सदस्य तिलक बहादुर रिज्याल, उनकी श्रीमती तारा कुमारी रिज्याल र उनका भाई निरवहादुर रिज्यालले उम्मेदवारी दिएका थिए । यसरी दलहरूले निर्वाचनको लागि आकांक्षी व्यक्तिहरूलाई उम्मेदवारी नदिएपछि बागी उम्मेदवारका रूपमा पनि दलले उठाएका विरुद्ध उम्मेदवारहरू थुप्रै खडा भएका देखिन्छन् । खासगरी यस्तो बागी उम्मेदवार नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी)मा बढी देखिएका थिए । माओवादी जस्तो कडा अनुशासन भएको दलबाट पनि वागी उम्मेदवार खडा भए भने नेपाली कांग्रेसमा सबै भन्दा बढी समस्या देखा पऱ्यो । कांग्रेसका देउवा विरुद्ध डडेलधुराबाट रामचन्द्र चटौत र दान वहादुर खड्काले बागीको रूपमा उम्मेदवार दिए । सुशिल कोइराला विरुद्ध बाँकेबाट विजय गुप्ताले उम्मेदवारी दिएका थिए । रामचन्द्र पौडेल विरुद्ध तनहुँमा बसन्त आले गोविन्दराज जोशी विरुद्धमा परशुराम अधिकारी र मीनराज गुरुङ विद्रोही उम्मेदवार खडा भए । एमालेका युवराज ज्ञवाली विरुद्ध दाङमा डम्बर ओलीले उम्मेदवारी दिएकाथिए । यसरी मुलुकभरमा नै विभिन्न बागी उम्मेदवार खडा भएको देखियो । काठमाडौं क्षेत्र नं. १० पुष्पकमल दाहाल (प्रचण्ड)को ठाउँमा १५ जना उम्मेदवार उठेकोमा पछि प्रचण्डको समर्थनमा उम्मेदवारी फिर्ता लिएका थिए । संसदीय निर्वाचनमा जस्तै संविधानसभाको निर्वाचनमा पनि वागी वा विद्रोही उम्मेदवारी देखा पऱ्यो दलहरू भित्रको खिचातानीले नै यो बागी देखिएको हो ।

मन्त्रिपरिषदमा रहेका ३० जनालाई प्रत्यक्ष र समानुपातिक गरी सबै मन्त्री र राज्यमन्त्रीहरूले उम्मेदवारी दिएका थिए । यसमा मन्त्रिपरिषदका ३० जना सदस्य मध्ये २० जना प्रत्यक्ष निर्वाचन प्रणाली १० जना समानुपातिक निर्वाचन प्रणालीमा उम्मेदवारी दिएका थिए । जसमा प्रत्यक्ष निर्वाचनमा रामचन्द्र पौडेल तनहुँ २ गृहमन्त्री कृष्ण प्रसाद सिटौला झापा–३, संचारमन्त्री कृष्ण वहादुर महरा दाङ–३, शिक्षामन्त्री प्रदीप नेपाल काठमाडौं–१, उद्योगमन्त्री श्यामसुन्दर गुप्ता रूपन्देही –७, स्वास्थ्यमन्त्री गिरिराजमणि पोखरेल महोत्तरी, भूमिसुधारमन्त्री जगत वहादुर बोगटी अछाम–२ परराष्ट्रमन्त्री साहना प्रधान समानुपातिक, स्थानीय विकासमन्त्री देव गुरुङ, मनाङ/कास्की–१, भौतिक योजना मन्त्री हिसिला यमी काठमाडौं–७, विनाविभागीय मन्त्री सुजाता कोइराला सुनसरी–५, अर्थमन्त्री रामशरण महत नुवाकोट–२, श्रममन्त्री रमेश लेखक समानुपातिक, पर्यटनमन्त्री पृथ्वी सुब्बा गुरुङ लमजुङ–२, जलश्रोतमन्त्री ज्ञानेन्द्र वहादुर कार्की भोजपुर–२, कानूनमन्त्री नरेन्द्र विक्रम नेम्बाङ

झापा–१, वनमन्त्री मातृका प्रसाद यादव समानुपातिक र यसमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, शशी श्रेष्ठ समानुपातिक, पम्फा भुसाल ललितपुर–३, रामचन्द्र यादव सप्तरी, पदम राई भोजपुर लगायतका मन्त्रीहरूले आफ्नो उम्मेदवारी दिएर चुनावी मैदानमा उत्रिएका थिए । संविधानसभाको निर्वाचनका लागि ठूला दलहरूले पहिलो पटक व्यापारिहरूलाई पनि उम्मेदवारीको लागि टिकट दिएका थिए । यस अघि चन्दा मात्र लिने गरेका दलले व्यापारीलाई टिकट दिँदामा व्यापारी वर्ग उत्साहित भएका देखिए । यो निर्वाचनमा व्यापारीहरूबाट झण्डै २ दर्जनले उम्मेदवारी दिएका थिए । नेपाली कांग्रेसले नेपाल उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष दिवाकर गोल्छालाई समानुपातिक तर्फ उम्मेदवार बनाएको थियो । यसैगरी उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीलाई समावेशी उम्मेदवारी वनाएको थियो भने वीरेन्द्रकुमार कनौडियालाई कपिलवस्तु क्षेत्र नं.४ बाट, वीरगञ्ज वाणिज्य महासंघमा क्रियाशिल प्रकाश शर्मा र इलामका हिमालय कर्माचार्यलाई पनि टकट दिएको थियो ।

यसैगरी नेकपा (एमाले)ले नेपाल उद्योग परिसंघका अध्यक्ष विनोदकुमार चौधरी, पर्यटन व्यवसायी टिकाचन्द्र पोखरेल, शेयर व्यवसायी निरञ्जन टिवडेवालाई पनि समानुपातिक उम्मेदवारी वनाएको थियो । राष्ट्रिय जनशक्ति पार्टीले चौधरी ग्रुपका संचालक अरुण चौधरीलाई मधेसी जनअकिार फोरमले नेपाल उद्योग परीसंघका उपाध्यक्ष आत्मराम मुरारका, नेपाल उद्योग परिसंघ सम्बद्ध श्रवण अग्रवाल, वीरगञ्जका सीताराम अग्रवाललाई समानुपातिक उम्मेदार वनाएको थियो । तराई मधेश लोकतान्त्रिक पार्टीले विमल केडिया, कविन्द्र ठाकुर, सतिश अग्रवाललाई समानुपातिक सूचीमा राखेको थियो र सद्भावना पार्टीले विराटनगर स्थित स्पाइसेसका मोती दुगड, हिमालयन डिस्ट्रिलरीका अध्यक्ष विजय शाह र उद्यमी चिरञ्जीवि सराबगी नेपाललाई समानुपातिकमा उम्मेदावरी वनाएको थियो । यस कार्यालयलाई उद्योग वाणिज्य संघका अध्यक्ष चण्डीराज ढकालले निजी क्षेत्र उद्यमी तथा व्यवसायी सम्मानीत गरेको रूपमा स्वीकार गरेको आर्थिक भने उनीहरूको उम्मेदवारीले संविधानसभामा आर्थिक पक्षलाई जोड दिइने कुरामा विश्वास गरिएको थियो । उम्मेदवार दर्ता गरेपछि विभिन्न क्षेत्र र समुदायबाट ठूला दलहरूले आफूलाई उम्मेदवारी नबनाएकोमा व्यापक असन्तुष्टि पनि देखाएका थिए । संविधानसभाको निर्वाचनमा संविधान निर्माण गर्न सक्ने विशेषज्ञहरूको उम्मेदवारी नपरेकामा आफूलाई विज्ञ मान्नेहरूले विरोध गरेका थिए । यस्तै महिलाले समानुपातिकमा ५१ प्रतिशत उम्मेदवार रहेपनि प्रत्यक्षमा कम उम्मेदवारी परेको भनी व्यापक विरोध गरेका थिए । महिलामा खासगरी एमाले र कांग्रेसमा यो असन्तुष्टि बढी देखियो । माओवादीले प्रत्यक्षमा १८ प्रतिशत महिला उम्मेदवार उठाएको भएपनि एमाले र कांग्रेसले ऐनको न्युनतम् शर्त १०% मात्र

उठाएकालाई पनि हार्ने सिटमा मात्र उठाएको भनि त्यसको व्यापक विरोध गरी महिलाले हल्ला खल्ला नै मच्चाएका थिए । यस्तै दलितले पनि कम उम्मेदवारी पाएको भनि विरोध भएको थियो । मधेशी महिला तथा आदिवासी जनजातिले कम मात्र उम्मेदवारी पाएको पनि व्यापक गुनासो रहेको थियो । यस्तै अपाङ्गले ठूला दलले आफूलाई उम्मेदवारी नबनाएको भनि विरोध गरेका थिए । यसैले उम्मेदवारी वनाउँदा कसैलाई पनि सन्तुष्ट पार्न सकेको देखिएन ।

५.५.२.उम्मेदवारीमा समावेशीताको स्थिति

संविधानसभाको उम्मेदवारी दिँदा समावेशी सिद्धान्तलाई अपनाउनु पर्ने भन्ने संवैधानिक र कानूनी व्यवस्था तथा स्वीकार गरिएको सिद्धान्त विपरित प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी दर्ता गराईएको थियो । यसमा समावेशीकरणलाई कुनै दलले पनि खासै वास्ता गरेनन् । निर्वाचन आयोगमा ३०% भन्दा बढी उम्मेदवारी दिईने १६ वटा दलहरूले प्रत्यक्ष निर्वाचनमा प्रस्तुत गरेको उम्मेदवारी हेर्दा महिला, आदिवासी जनजाति, मधेशी र दलित समुदायको जनसंख्याको अनुपातमा प्रतिनिधित्व भएको देखिँदैन । मुलुकमा महिलाको कूल संख्या ५१% भएपनि उम्मेदवारीमा १०% को हाराहारीमा मात्र उठाईएको देखिन्छ । नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले सबैभन्दा बढी २७.५% महिला उम्मेदवार उठाएको देखिन्छ । नेकपा (माओवादी)ले १७.५%, नेकपा (एमाले)ले १०.८% नेपाली कांग्रेसले १०.४%, मधेसी जनअधिकार फोरम, नेपालले २.८% महिला उम्मेदवार उठाएको देखिन्छ । यसैगरी तराई मधेस लोकतान्त्रिक पार्टीले ४.१% सद्भावना पार्टीले ५.३% प्रतिशत महिला उम्मेदवारी दिएको थियो । आदिवासी जनजातिको जनसंख्या ३७.८% भएपनि र राष्ट्रिय जनमुक्ति पार्टीले ८४.५% नेकपा (एकीकृत)ले ४७.८% नेकपा (माओवादी)ले ३५.४% नेकपा (एमाल)ले २७% नेपाली कांग्रेसले २५.८% नेकपा (माले)ले १२.५% र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)ले १६.१% आदिवासी जनजाति उम्मेदवार उठाएको थियो । यसैगरी मधेशीको जम्मा जनसंख्या प्रतिशतमा ३१.२% देखिएको छ र उम्मेदवारमा नेमकिपाले ३४.६% सद्भावना पार्टीले ९३.५% मधेशी जनअधिकार फोरम, नेपालले ९१.४% तराई–मधेस लोकतान्त्रिक पार्टीले ९०.६%, नेपाल सद्भावना पार्टी २१%, नेकपा (एकिकृत) ९.८% राष्ट्रिय जनमुक्ति पार्टीले ११.९% उम्मेदवार उठाएका थिए । २०५८ सालको जनगणना अनुसार दलितको संख्या १३% भए तापनि उम्मेदवारी यो भन्दा कमी देखिन्छ । जसमा जनमोर्चा नेपालले १२.१४% , नेकपा (माओवादी)ले ६.६%, नेपाली कांग्रेस र सद्भावना पार्टीले भने दलित उम्मेदवार नै

उठाएनन् । संविधानसभा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिला, आदिवासी जनजाति, मधेशी र दलित सहभागिताको तालिका निम्नानुसार प्रस्तुत गरिएको छ ।[३७]

तालिका १५ : संविधानसभा २०६४ को निर्वाचनमा प्रत्यक्ष तर्फ महिला, जनजाति, मधेशी र दलित

पार्टी	कूल उम्मेदवार	महिला	प्रतितशत	जनजाति	प्रतिशत	मधेशी	प्रतिशत	दलित	प्रतिशत
नेकपा (एमाले)	२४०	२६	१०८	६५	२७.०८	६५	२७.०८	२	०.८
नेपाली कांग्रेस	२४०	२५	१०४	६२	२५.८	५१	२१.२	१	०.४
नेकपा (माओवादी)	२४०	४२	१७.५	८५	३५.४	६८	२८.३	१६	६.६
राष्ट्रिय प्रजातन्त्र पार्टी	२३७	२५	१०.५	७७	३२.४८	६७	२८.२	३	१.२
जनमोर्चा नेपाल	२१४	२९	१३.५	४७	२१.९	५४	२५.२	२६	१२.१४
राष्ट्रिय जनमोर्चा	१२५	१४	११.२	३२	२५.६	१६	१६.८	१२	९.६
नेकपा (एकीकृत)	१४२	१०	७.०४	६८	५७.८	१८	९.८	४	२.५
मधेशी जन धिकार फोरम	१०५	३	२.८	२०	१९.०४	९६	९१.४	०	०
तराई मधेश लोकतान्त्रिक पार्टी	९६	४	४.१६	२७	२८.१२	८७	९०.६	१	१.०४
सद्भावना पार्टी	९३	५	५.३	२०	२१.५	८७	९३.५	०	०
राष्ट्रिय जनशक्ति पार्टी	२०१	१४	६(९	५९	२९.३	४८	२३.८	६	२.९
राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)	२०७	९	४.३	५५	२६.५	५०	२४.१५	२	०.९६
नेकपा(माले)	१२०	१२	१०.०	१५	१२.५	२८	२३.३	१०	८.३
नेपाल मजदुर किसान पार्टी	९८	२७	२७.५	३३	३३.६	३४	३४.६	६	६.१
राष्ट्रिय जनमुक्ति पार्टी	८४	८	९.५	७१	८४.५	१०	११.९	६	७.१

स्रोत: निर्वाचन आयोगको अभिलेख/गोरखापत्र २०६४ फागुन २९ ।

(क) महिला समावेशीताको स्थिति

समावेशीको नारा दिईएको संविधानसभाको निर्वाचनमा १६ जिल्लाबाट महिला उम्मेदवारी शुन्य रहेको छ । ७५ जिल्लाका २४० चुनाव क्षेत्र मध्ये ६७ वटा निर्वाचन क्षेत्रमा कुनै पनि दलले महिला उम्मेदवार उठाएका थिएनन् । प्रत्यक्ष चुनावमा देशभरिबाट ४२ स्वतन्त्र सहित कूल ३६७ जना महिला प्रतिस्पर्धामा उत्रिएका थिए । उम्मेदवारी दिएका ५४ वटा दल मध्ये १६ जिल्लाबाट एकजना पनि महिलाको सहभागिता छैन । विभिन्न दलहरूले आफ्नो अवस्था कमजोर भएका क्षेत्रहरूमा महिला उम्मेदवारी अवस्था दयनीय रहेको छ । महिलाको उम्मेदवारी नपर्ने हिमाली जिल्लाहरूमा मुगु,

[३७]. *गोरखापत्र* दैनिक, वर्ष १०७, अङ्क ३०४, २०६४ साल फागुन २९ गते बुधवार ।

जुम्ला, डोल्पा, सोलुखुम्बु, ताप्लेजुङ्ग, संखुवासभा र मनाङ रहेका छन् । त्यस्तै गरी पहाडी जिल्लामा ओखलढुंगा, पाँचथर, कालिकोट, बाजुरा, अछ्राम, बझाङ, डोटी, दार्चुला र डडेलधुरा पर्दछन् । तराईका सबै जिल्लामा महिला उम्मेदवारी परेको छ ।

९ वटा जिल्ला ७२ क्षेत्रमा एक/एक जना मात्र महिला उम्मेदवार छन् । एक्ला महिला भएका जिल्लामा पनि पहाडी र हिमाली बढी रहेका छन् । सल्यान, तेह्रथुम मुस्ताङ, धनकुटा, दोलखा, रामेछाप, प्यूठान, हुम्ला र म्याग्दी एक/एक महिला उम्मेदवार भएका जिल्लाहरु हुन् । धेरै महिला प्रभावशाली प्रतिद्वन्द्वीको क्षेत्रमा परेका छन् । धनकुटाको एक मात्र महिला उम्मेदवार कांग्रेसकी टीका भण्डारी रहेकी छिन् । जिल्लाहरू मध्ये १६ जिल्लामा महिला उम्मेदवार नै थिएन । निर्वाचन क्षेत्रहरू ४२ क्षेत्रमा महिला उम्मेदवारहरू थिएनन् । देशका २४० निर्वाचन क्षेत्रहरू मध्ये ७३ निर्वाचन क्षेत्रमा एक मात्र महिला उम्मेदवार थिए ।[३८]

महिला उम्मेदवारी शुन्य भएका जिल्लाहरू:

क्रसं.	महिला उम्मेदवारी शुन्य भएका जिल्ला	जम्मा क्षेत्र
१.	ओखलढुंगा	२
२.	सोलुखुम्बु	१
३.	ताप्लेजुङ	२
४.	पाँचथर	२
५.	संखुवासभा	२
६.	डोल्पा	१
७.	मुगु	१
८.	जुम्ला	१
९.	कालिकोट	१
१०.	बाजुरा	१
११.	अछ्राम	२
१२.	बझाङ	२
१३.	डोटी	२
१४.	दार्चुला	१ क्रमशः

[३८]. निर्वाचन आयोगको रेकर्डबाट ।

१५.	डडेलधुरा	१
१६.	मनाङ	१
	जम्मा	२३

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट ।

महिला उम्मेदवारी नभएको क्षेत्रः

क्र.सं.	जिल्ला	क्षेत्र	महिला उम्मेदवारी नभएका क्षेत्र
१.	इलाम	२	१
२.	झापा	५	१
३.	भोजपुर	२	१
४.	धनकुटा	१	१
५.	मोरङ	२,३	२
६.	सुनसरी	४	१
७.	खोटाङ	१	१
८.	सप्तरी	१	१
९.	दोलखा	२	१
१०.	रामेछाप	१	१
११.	सिन्धुली	२	१
१२.	धनुषा	५	१
१३.	महोत्तरी	२	१
१४.	सर्लाही	२	१
१५.	धादिङ	१	१
१६.	सिन्धुपाल्चोक	३	१
१७.	रौतहट	५	१
१८.	बारा	१,२,४,५ ४	
१९.	पर्सा	५	१
२०.	गोरखा	३	१
२१.	कास्की	१	१
२२.	तनहुँ	१	१ क्रमशः

२३.	स्याङ्जा	१	१
२४.	गुल्मी	२,३	२
२५.	पाल्पा	३	१
२६.	रूपन्देही	५	१
२७.	कपिलवस्तु	१,४	२
२८.	रूकुम	२	१
२९.	प्यूठान	१	१
३०.	सल्यान	२	१
३१	दाङ	१	१
३२	जाजरकोट	२	१
३३.	सुर्खेत	१	१
३४.	बैतडी	१	१
३५.	कञ्चनपुर	१	१
३६.	नुवाकोट	३	१
		जम्मा	४२

स्रोतः निर्वाचन आयोगको अभिलेखबाट ।

महिला उम्मेदवार एकमात्र भएका जिल्लाहरूः

क्रसं.	महिला उम्मेदवार जिल्ला	क्षेत्र	जम्मा क्षेत्र
१.	सल्यान	१	१
२.	तेह्रथुम	१	१
३.	मुस्ताङ	१	१
४.	धनकुटा	२	१
५.	रामेछाप	२	१
६.	प्युठान	२	१
७.	हुम्ला	१	१
८.	म्याग्दी	१	१
९.	दोलखा	२	१
१०.	मोरङ	३,६,९	३ क्रमशः

११.	सुनसरी	५,६	२
१२.	उदयपुर	१,२,३	३
१३.	सप्तरी	३	१
१४.	सिराहा	१,५	२
१५.	रामेछाप	२	१
१६.	धनुषा	२	४
१७.	सर्लाही	३,४,५	३
१८.	धादिङ	२,३	२
१९.	भक्तपुर	१	१
२०	काभ्रेपलाञ्चोक	१,३,४	३
२१.	सिन्धुपाल्चोक	१,२	२
२२.	मकवानपुर	१	१
२३.	रौतहट	२,३	२
२४.	पर्सा	३,४	२
२५.	चितवन	४,५	२
२६.	गोरखा	१	१
२७.	लमजुङ	१,२	२
२८.	तनहुँ	३	१
२९.	स्याङजा	३	१
३०.	पाल्पा	२	१
३१.	अर्घाखाँची	१	१
३२.	नवलपरासी	२,५	२
३३.	रूपन्देही	४,७	२
३४.	कपिलबस्तु	२,५	२
३५.	बाग्लुङ	१,२,३	३
३६.	पर्वत	२	१
३७	रोल्पा	१,२	२
३८.	दाङ	३	१ क्रमशः

३९.	दैलेख	१,२	२
४०.	सुर्खेत	३	१
४१.	बाँके	१,२,३	३
४२.	कैलाली	२,४	२
४३	कञ्चनपुर	२,३	२
		जम्मा	७३

स्रोतः संविधानसभा संसद सचिवालय ।

संविधानसभा निर्वाचनको प्रत्यक्ष र समानुपातिक अर्न्तगत महिला उम्मेदवारी दिँदा तीन मधेशी दल र राप्रपा, नेपाल र राष्ट्रिय जनशक्ति पार्टीले न्यून संख्यामा महिला उम्मेदवार उठाएको देखियो । मधेसमा समानुपातिक प्रतिनिधित्वको माग राखेर सद्भावना पार्टी महिला उम्मेदवारी दिँदा महिलाको समानुपातिकलाई भने वास्ता गरेनन् र ३३ प्रतिशत उम्मेदवारी पुग्न सकेन । एउटाले प्रत्यक्षतर्फ १०% महिला उठाउनु पर्ने भनिए तापनि फोरमले प्रत्यक्ष निर्वाचनका लागि १०५ जना उम्मेदवार उठाएकोमा ३ जना मात्र महिला उठायो । तराई मधेस लोकतान्त्रिक पार्टीले ९६ उम्मेदवारी दिएकोमा ४ जना मात्र महिला र सद्भावनाले ९३ जना मध्ये ५ जना महिला उम्मेदवार उठाएको देखिन्छ । यो तथ्याङ्कले संविधानसभा निर्वाचनमा लैङ्गिक समावेशिताका आधारमा उम्मेदवार उठाएको देखिँदैन ।

(ख) उम्मेदवारको उमेर समूह र नयाँ अनुहार

संविधानसभाको लागि विभिन्न उमेर समूहका उम्मेदवारहरू उठेको पाईन्छ । यसमा संवैधानिक व्यवस्था अनुसार २५ वर्ष पूरा भएको उम्मेदवार हुनु पर्ने व्यवस्था रहेको छ तर कतिपय पार्टीले उमेर नपुगेको जसमा १७ वर्ष माथिका व्यक्तिलाई उम्मेदवार बनाएकोले यस्ता उम्मेदारको उम्मेदारी रद्द भएको थियो भने यो उम्मेदारीमा ९४ वर्षका वृद्धले समेत उम्मेदारी दिएको देखिन्छ । ७५ वर्ष पुगेका ३६ जना व्यक्तिले उम्मेदवार दिएका छन् । स्वयं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पनि ८५ वर्ष उमेरको हुनु हुन्थ्यो । प्रत्यक्ष तर्फ ५४ दलका ३११२ र स्वतन्त्र ८१७ गरी जम्मा ३९४९ उम्मेदवारमा युवाको संख्या भने नगन्य रहेको छ । उम्मेदवारको उमेरको आधारमा विभिन्न समूहमा राखी हेर्दा सबैभन्दा बढी उमेर समूहको उम्मेदवारमा ४५ देखि ५४ वर्ष उमेर समूह नै बढी देखिएका छन् ।

सबै भन्दा बढी युवा उम्मेदवार माओवादीले उठाएको पाईन्छ । अन्तरिम संसदमा रहेका प्रमुख दलहरूले प्रत्यक्ष विर्वाचन प्रणाली तर्फ दिएको उम्मेदवारीलाई विभिन्न उमेर समूहमा विभाजन गरी विश्लेषण गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीले सबै भन्दा बढी जेष्ठ उम्मेदवार उठाउने पार्टी बनेको छ । जसमा माओवादीले २५ देखि ३४ वर्ष उमेर समूहबाट ८८ जना उम्मेदवार, नेकपा (एमाले)ले सो उमेर समूहबाट ५ जना उम्मेदवार, नेपाली कांग्रेसले सो उमेर समूहबाट ६७ जना उम्मेदवार, नेमकिपाले ३५ जना राष्ट्रिय प्रजातन्त्र पार्टीले २४ जनालाई उठाएका थिए । यसैगरी ३५ वर्षदेखि ४४ वर्षको उमेर समूहमा माओवादीले ९२ जना, एमाले ८८, कांग्रेसले ४६ जनमोर्चा नेपालले ६७ राप्रपाले ४४ र नेमकिपाले ३२ जनाको उम्मेदवारी उठाएका छन् ।

नेपालको ऐतिहासिक चुनावमा ४५ देखि ५४ वर्ष उमेर समूहबाट एमालेले ११७ जना, नेपाली कांग्रेसले ११० जना, माओवादीले ४७ जना, राप्रपाले ७४३ जना, जनमोर्चाले ६३ र नेमकिपाले २६ जना उम्मेदवार उठाएको थियो । त्यसैगरी ५६ देखि ६४ वर्ष उमेर समूहभित्रमा बढी उम्मेदवारी दिनेमा नेपाली कांग्रेस र राप्रपा पर्दछन । नेपाली कांग्रेसले सो उमेर समूहबाट ६५ र राप्रपाले ७५ जना उम्मेदवारी उठाएको थियो । नेकपा (एमाले)का ६० वर्ष उमेर पुगेका उम्मेदवारहरूको संख्या १० रहेको छ । माओवादीका ६० वर्ष उमेर पुगेका संख्या १० जना रहेका छन् । माओवादीका तर्फबाट धनुषा–३ का उम्मेदवार सोभित यादवको उमेर ६६ वर्षका नै जेष्ठ उम्मेदवार हुन् ।

नेपाली कांग्रेसका २४० उम्मेदवार मध्ये ६० वर्ष उमेर पुगेका ४२ जना उम्मेदवार थिए । ३१ वर्ष भन्दा मुनिका कसैले पनि नेपाली कांग्रेसबाट टिकट पाएनन् । कैलाली २ की टीका चौधरी कांग्रेसकी सबैभन्दा कान्छी उम्मेदवार हुन् । त्यसैले त्यस वेला नेपाली कांग्रेसलाई युवा वर्गको सहयोग कम भयो कि भन्ने अनुमान गर्न सकिन्छ । यसैगरी ६५ वर्ष भन्दा माथिको उमेर समूहबाट कांग्रेस र राप्रपाले १६/१६ जनाको उम्मेदवारी दिएको थियो । माओवादीबाट ५ जना, एमालेले ४ जना, जनमोर्चाले ३ जना र नेमकिपाले २ जना उम्मेदवार उठाएको थियो ।

संविधानसभाको प्रत्यक्ष निर्वाचन तर्फ सबै भन्दा ज्येष्ठ उम्मेदवारमा सर्लाही क्षेत्र नं. २ बाट स्वतन्त्र उम्मेदवार बन्नु भएका विद्यानन्द राय यादव हुनुहुन्छ । उहाँको उमेर भनेको ९९ वर्षको थियो । यसैगरी महिला उम्मेदवारमा उमेर बढी हुनेमा नेपाली कांग्रेसकी मैयादेवी श्रेष्ठ हुनुहुन्छ उहाँ सबै भन्दा ज्येष्ठ महिला उम्मेदवार हुनुहुन्छ । चितवन–३ बाट उम्मेदवारी दिनुभएकी जेष्ठको

उमेर ८१ वर्ष रहेको थियो । सबैभन्दा कम उमेरका कान्छा उम्मेदवार अरविन्द झा हुन उनी महोत्तरी ३ बाट चुनाव लडेका थिए ।[३९]

(ग) उमेर आधारमा मतदाता

उमेर समूह	मतदाता सङ्ख्या	प्रतिशत
२५	३८५४३८८	२२
२६–३५	५०८७४०६	२९
३६–४५	३५४३१६४	२०
४६–५५	२४६१४१७	१४
५६–६५	१५५४४८१	९
६६–७५	७४८६८१	४
७५ माथि	३६०३५८	२
जम्मा	१७६०९८९५	१००

स्रोतः संविधानसभा संसद सचिवालय ।

उमेर समूहको आधारलाई हेर्दा सबै भन्दा धेरै २६ देखि ३५ वर्ष बीचको समूह देखिन्छ । दोस्रोमा २५ देखि ४५ वर्षको उमेर समूह देखिन्छ र तेस्रोमा ३५ देखि ४५ वर्षको उमेर समूहहरूको आधार र सम्वन्धका कारण पनि विजयी उम्मेदवारहरूमा विशेषतः युवा समूहको वर्चस्व निकै देखिन्छ । नेपालमा कूल मतदाता संख्या १ करोड ७६ लाख भएको र आफैँ वसेको स्थानबाट स्थायी मतदाताले निर्वाचनमा भाग लिन पाउने व्यवस्था रहेको थियो तापनि माओवादी शिविर, सेना, प्रहरी, कर्मचारी लगायतको लागि २ लाख ५० हजार अस्थायी मतदानको व्यवस्था गरिएको थियो । उनीहरूले समानुपातिकमा मात्र मत हाल्न पाउने व्यवस्था कानूनले गरेको थियो । देशभर चुनावी गतिविधि भई रहँदा झण्डै ८० हजार मतदाता भएका सेनाका व्यारेक र गुल्ममा १५० व्यारेक मतदान केन्द्र राखिएको थियो । १ सय ५० भन्दा माथि भएको व्यारेकमा एउटा केन्द्र राखिने व्यवस्था मिलाईएको थियो । अस्थायी मतदाताका रूपमा मत हाल्ने अधिकार पाए पनि चुनावी गतिविधिबाट

[३९] . ऐ. ।

उनीहरू अलग रहेका छन् । माओवादी लडाकुका लागि प्रत्येक शिविरमा एक/एक मतदान केन्द्र राखिएको थियो ।[४०]

(घ) उम्मेदवारहरूको प्रकृति

संविधानसभाको यो निर्वाचनमा आफ्नै उपस्थिति भएमा मात्र एक अधिकार सुनिश्चित हुन्छ भन्ने दवाव दिनका लागि विभिन्न खालका उम्मेदवारहरू समेत उठेका देखिएका छन् । उनीहरूको आ–आफ्नो प्रचार शैली र तरिकाले गर्दा उनीहरू आकर्षणको केन्द्र रहेको पाईएकोछ । नेपालमा पहिलो पटक तेस्रो लिङ्गि पनि उम्मेदवार भएका छन् । यसै गरी तेस्रो लिङ्गिको उम्मेदवार दिनेमा २७ वर्षीय श्रवणकुमार चौधरी र ३२ वर्षीय दीपक राईले नेकपा (संयुक्त) सुनसरी १ र ६ वाट उम्मेदवारी दिएको थिए । तेस्रो लिङ्गिलाई समान अधिकार दिने भनि सर्वोच्च अदालतको फैसला गरेको केही समयपछि सम्पन्न हुन लागेको संविधानसभामा आफ्नो हकहितका लागि आवाज उठाउन भनि विभिन्न ठाउँबाट ६ जना तेस्रो लिङ्गि उम्मेदवार उठेका थिए । उनीहरूले संविधानसभामा पुगेर आफ्ना अधिकारहरूको प्रश्न संविधानमा लेख्ने भनी प्रचार-प्रसार गरिरहेको देखिएको थिए ।

संविधानसभाका लागि अत्यन्त पिछडिएको समुदाय चेपाङ्ग समुदायबाट पनि उम्मेदवार उठाईएका थिए । यी चेपाङ उम्मेदवार दिनभरी जङ्गल गई गिठ्ठा, भ्याकुर कन्दमूल खोज्ने र विहान बेलुका कन्दमूल खोज्न जाँदा आफ्नो चुनाव प्रचार गर्ने कार्य समेत गरी सबैको आकर्षण खिच्न सफल भएका थिए । दुर्गाबहादुर चेपाङलाई नेकपा (एकिकृत)ले प्रत्यक्ष निर्वाचनमा उम्मेदवार वनाएको थियो ।

सद्भावना पार्टीले रौतहटबाट पाटनमा जुत्ता पालिस गर्ने गरेका व्यक्ति भागनारायण महरालाई समेत उम्मेदवार उठाएको थियो । उनी उम्मेदवार भई निर्वाचन चिन्ह पाएर पनि पाटनमै रहेर जुत्ताको पालिस गर्ने काममा व्यस्त थिए । भागनारायण महरालाई काठमाडौं क्षेत्र नं. २ मा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालका विरुद्ध उम्मेदवारी दिईएको थियो । भागनारायण महरा पनि माधव कुमार नेपालकै गृह जिल्ला रौतहटवासी हुन् ।

अपाङ्गले पनि उम्मेदवारी सानादलबाट पाएका छन् । ठूलादलले उम्मेदवारी नदिएकोमा उनीहरू रुष्ट थिए । यसरी उम्मेदवारी दिनेमा बोल्न नसक्ने, देख्न नसक्नेहरु समेत चुनावी प्रचार-प्रसारमा लागेका थिए । उनीहरूलाई अपाङ्गहरूले नै चुनाव प्रचारका लागि सहयोग गरिरहेकाले आफूतर्फ आकर्षण दिन सफल भएका छन् । लगभग २४ लाख अपाङ्गहरू रहेको र जनआन्दोलनको

[४०] .ऐ. ।

समयमा समेत उनीहरूबाट सक्रिय भूमिका निर्वाह भएकाले आफ्नो अधिकार स्थापित गर्नका लागि स्वयं अपाङ्ग नै संविधानसभामा पुग्नु पर्छ भन्ने उनीहरूको मान्यता देखिएको थियो । उनीहरू साथै पत्रपत्रिका बेच्ने हकरलाई पनि उम्मेदवार बनाईएको थिए । हकर उम्मेदवार पत्रिका घर-घरमा पुऱ्याउँदै मत माग्दै हिडेका थिए र उनले संविधानसभामा निर्वाचीत भैसकेपछि पनि पत्रिका घर-घरमा पुऱ्याउने कामलाई निरन्तरता दिने समेत दावा गरेका थिए ।

नेपालमा अल्प संख्यक मध्येमा रहेको लेप्चा समुदायबाट पनि उम्मेदवारी दिईएको थियो । लेप्चा उम्मेदवार पनि सक्रिय भएर आफूलाई संविधानसभाको उम्मेदवार बनाईएकोमा सन्तुष्ट देखिएका थिए । करिब ४ हजार लेप्चाहरू पूर्वी नेपालमा बसोवास गरेकोमा अहिलेसम्म कसैले पनि उनीहरूलाई उम्मेदवारी बनाउने र नीति निर्माणको तहमा पुऱ्याउने कार्य नगरेकोमा संविधानसभाको उम्मेदवार बनाएकोले लेप्चा समुदायलाई पनि प्रतिष्ठा दिईएको रूपमा उनीहरूले लिएको देखिएको थियो ।

५.५.३.निर्वाचनमा भाग लिने केही राजनीतिक दलहरू र निर्वाचन चिन्ह

संविधानसभाको पहिलो निर्वाचन २०६४ मा निर्वाचनमा सहभागिता जनाउन र सहभागिताको लागि दलहरूले आ-आफ्नो चुनाव चिन्ह र पार्टीको कार्यक्रम घोषणा गरि चुनावी मैदानमा प्रतिस्पर्धाको लागि उत्रेका थिए सोही आधारमा दलहरूले दलगत हैशियतलाई स्थापित गरेका थिए ।

५.५.३.१.नेकपा (माओवादी): गोलाकार घेराभित्र हसिँया हथौडा

निर्वाचनको घोषणा भएपछि विभिन्न राजनीतिक दलले आ-आफ्नो विचार जनता समक्ष पुऱ्याउन र आफ्ना योजना जनता समक्ष राख्न निर्वाचन घोषणा पत्र जारी गर्ने काम गर्न थाले । लामो समय विद्रोह र सशस्त्र युद्धमा रहेको नेकपा (माओवादी)ले २०६४ फागुन २४ गते संविधानसभाको निर्वाचनलाई आफ्नो दलको एजेण्डा भएको वताउँदै निर्वाचन घोषणा पत्रका रूपमा निर्वाचन प्रतिबद्धता पत्र जारी गऱ्यो । जसमा निम्न कुराहरू प्रमुख रूपमा उठाईएका थिए ।

(१) नेपाललाई ४० वर्षमा विश्वको नै समुन्नत राष्ट्रको रूपमा उभ्याउने ।

(२) सार्वभौम सत्ता तथा राजकीय सत्ता जनतामा निहित, संविधानको सर्वोच्चता, विधिको शासन, वहुदलीय प्रतिस्पर्धा, वालिग मताधिकार, स्वतन्त्र एवं निष्पक्ष आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, सक्षम न्यायलयको स्थापना, नागरिक समाजको प्रत्साहन, कार्यकारी अधिकार सहितको राष्ट्रपति,

सरकार प्रमुख प्रधानमन्त्री, मुख्य मन्त्री र गर्भनर प्रान्तीय राज्यमा रहने जस्ता राज्य संरचनाका कुराहरू प्रतिबद्धता पत्रमा जाहेर गरिएको थियो ।

(३) राज्य संरचनामा ११ राज्य र ३ उप स्वायत्त राज्यको प्रस्तावित संरचना प्रस्तुत गरिएको थियो । जुन राज्यहरू जातीय, भाषिक र क्षेत्रीय धरातलका आधारमा नामाकरण गरिएको थियो ।

(४) नेपाली सेनाको लोकतान्त्रिकरण तथा जनमुक्ति सेनाको व्यवसायीकरण गरेर दुबैलाई उचित ढंगले समायोजन गरिने । सेना, प्रहरी, सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धान विभाग समेत समग्र सुरक्षा क्षेत्रमा पुर्नःसंरचना गरिने ।

(५) न्यायलयमा ३ तह राख्ने केन्द्रमा सर्वोच्च अदातल, संघीय राज्यमा उच्च अदालत तथा जिल्लामा जिल्ला अदालत राख्ने, संवैधानिक अंगहरूलाई वढी स्वतन्त्र र पारदर्शी वनाउने ।

(६) अधिकार र कार्यक्षेत्रको सन्दर्भमा भूमिसूधार, सैन्य व्यवस्थापन, वैदेशिक सम्वन्ध, अन्तर्राष्ट्रिय व्यापार, मौद्रिक नीति र केन्द्रीय बैंक, भन्सार, राजश्व, ठूला जलविद्युत परियोजना, रेलवे, हवाई मार्ग, राष्ट्रिय मार्ग, केन्द्रीय विश्वविद्यालय, नाप तौल आदी केन्द्रको अधिकारमा हुने र बाँकी अरु स्वायत्त राज्यमा रहने गरी कार्यक्षेत्रको बाँडफाँड पनि गरिएको थियो ।

(७) केन्द्रमा दुई सदन र राज्यमा एक सदनको व्यवस्थापिका रहने ।

(८) १८ वर्ष भन्दा माथिका निश्चित योग्यता पुगेका नागरिकलाई सैनिक शिक्षा तथा तालिमको व्यवस्था गर्ने ।

(९) नयाँ संक्रमणकालीन अर्थ नीति लागू गरिने, जसमा १० वर्षमा मध्यस्तर, २० वर्षमा उच्च स्तर र ४० वर्षमा अति उच्च स्तरको विकासको कोटीमा पुग्ने प्रकारको अर्थ नीति लागू गर्ने, जल, जमिन र जनशक्तिलाई आर्थिक विकासको नीतिका मुख्य प्राथमिकता भित्र पर्ने उल्लेख गरियो ।

(१०) पर्यटकको क्षेत्रमा विकास गर्ने ।

यसले उठाएका सार्वभौम सत्ता र राजकीय सत्ता जनतामा, वालिग मताधिकार, स्वतन्त्र एवं आवधिक निर्वाचन, सक्षम न्यायालय, संविधानको सर्वोच्चता वहुदलीय प्रतिस्पर्धा आदि जस्ता कुराहरू २०४९ सालमा तत्कालीन नेकपा (एमाले)का महासचिव मदन भण्डारीले वहुदलीय जनवादका विशेषतामा समेटेका विषयहरू नै हुन् भने राष्ट्रपति र प्रधानमन्त्री दुवै हुने राज्य सत्ता संरचना र जन निर्वाचीत (प्रत्यक्ष) राष्ट्रप्रमुखको प्रस्ताव माओवादीले गरेको पाईन्छ तर यस्तो राष्ट्रप्रमुख हुँदा राष्ट्रलाई के फाईदा हुने विषय भने प्रष्ट खुलाईएको पाईदैन ।

जलस्रोत र जलविद्यूत विकासलाई नयाँ नेपाल निर्माण एक मुख्य आधार बनाई अल्पकालीन र दीर्घकालीन योजना बनाएर १० वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन गरिनेछ र सबैलाई कक्षा

१२ सम्म निःशुल्क शिक्षाको व्यवस्था जसमा ५ वर्ष भित्रमा निरक्षरता पूर्ण उन्मूलन गरिनेछ भनि प्रतिवद्धता पत्रमा उल्लेख गरिएको छ । माओवादीले निर्वाचनका लागि प्रतिवद्धता पत्रमा आफ्ना नाराहरू निर्धारण गरेको छ ।

- जनयुद्ध र जनआन्दोलनका एउटै मात्र स्वाधीन र जनमुखी संघीय लोकतान्त्रिक गणतन्त्र ।
- नेकपा (माओवादी) को परिकल्पना समुन्नत नयाँ गणतान्त्रिक नेपालको स्थापना ।
- नेपाली जनता एकभए जनमुखी गणतन्त्रको नाराले माओवादी रोज्दैछन् शोषित–उत्पीडित साराले ।
- राष्ट्रियता र गणतन्त्र । नेकपा (माओवादी) को मूल मन्त्र ।
- शिक्षा, स्वास्थ्य र रोजगार सबै नेपालीको मौलिक अधिकार ।
- सबैलाई हेर्‍यौं पटक पटक, माओवादीलाई हेरौं यसपटक ।
- नयाँ नेपाल निर्माणको पहिलो आधार माओवादीको नेतृत्वमा देशभक्त र गणतन्त्रवादीको सरकार ।[४१]

५.५.३.२.नेकपा (एमाले) : सूर्य

नेकपा (एमाले)ले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं । सबल र समृद्ध नेपालको निर्माण गरौ भन्ने नारा सहित संविधानसभा निर्वाचन घोषणापत्र सार्वजनिक गरेको थियो । घोषणापत्रमा जनताबाट प्रत्यक्ष निर्वाचीत प्रधानमन्त्री र संसदबाट निर्वाचीत सेरेमोनियाल राष्ट्रपतिको प्रस्ताव गरेको थियो । निर्वाचन घोषणापत्रमा पूर्ण लोकतान्त्रिक मूल्य मान्यता र आवधिक निर्वाचनमा आधारित राष्ट्रपति र प्रधानमन्त्री दुवैको व्यवस्था भएको शासन प्रणालीको अवधारणा अघि सारिएको थियो । राज्य पूर्ण लोकतान्त्रिक संघात्मक राज्यका रूपमा रहने पनि घोषणापत्रमा प्रस्ताव गरिएको छ । नयाँ लोकतान्त्रिक व्यवस्थाको आधारका रूपमा समाजवाद उन्मुख लोक कल्याणकारी अर्थ राजनीतिक दिशा अवलम्बन गरिने, अधिकार र दायित्वको वाँडफाँड गरिएको केन्द्र, प्रदेश र स्थानीय निकाय गरी ३ तहको शासन ढाँचाको विकास गरिने प्रारूप पनि प्रस्तावित गरिएकोछ ।

प्रस्तावमा श्रम र पूँजीबीच सन्तुलन कायम गरी नयाँ सामाजिक सुरक्षा, प्रणालीको सुरुवात गरिने जलस्रोतको उपयोगमा राष्ट्रिय हितलाई ध्यानमा राखि बाह्य र बहुपक्षीय सहयोग लिने नीति अवलम्बन गरिने, शिक्षा स्वास्थ्य, आवास खाद्य सम्प्रभुता जस्ता आधारभूत आवश्यकताका कुरा

[४१] *.नेकपा (माओवादी)को संविधानसभा निर्वाचनका लागि प्रतिबद्धतापत्र २०६४,* केन्द्रीय कार्यालय, नेकपा (माओवादी) ।

जनतालाई उपलब्ध गराउन विशेष कर तथा बीमा व्यवस्था लागू गरिने, दलितको उत्थानका लागि प्रगतिशील आरक्षणको नीति अवलम्बन गरिने, तराईबासी मधेसी जनतालाई राज्यका विभिन्न अङ्गमा समावेशी नीति लागू गरिने, लोकतान्त्रिक मूल्यप्रति पूर्ण समर्पित हुने गरी नेपाली सेनाको लोकतान्त्रिकरण र व्यवसायीकरण गरिने, स्वतन्त्र र निष्पक्ष प्रेसको अवधारणालाई अघि बढाइने, प्रेस माथिको सबै हस्तक्षेपलाई निषेध गरिने प्रस्ताव गरिएको छ ।

घोषणापत्रमा कतिवटा प्रादेशिक राज्य हुने भनी स्पष्ट गरिएको छैन, त्यसको सट्टा संघीय राज्यको आधार प्रस्तुत गरिएकोछ । यसमा संघीयताको आधार ८ विषयलाई बनाईएको छ । भौगोलिक अवस्थिति, जातीय बसोवासको अवस्था, मातृ भाषा, प्रशासनिक सुगमता, आर्थिक अन्तरसम्बन्ध, प्राकृतिक स्रोतसाधनको उपलब्धता, साँस्कृति सम्मेलनको अवस्था र ऐतिहासिकता विषयहरू रहेका छन् । केन्द्रमा २ सदन र संघीय प्रवेशमा विधायिका रहने, जस अनुसार केन्द्रमा राष्ट्रियसभा र प्रतिनिधिसभा रहनेछन् भनि प्रस्ताव गरेकोछ । केन्द्र प्रदेश र स्थानीय निकायबीच अधिकारको बाँडफाँड सहयोगात्मक तथा समन्वयात्मक हुने प्रस्ताव गरिएकोछ ।

आर्थिक प्रस्तावमा शिक्षा, स्वास्थ्य, रोजगार, सिंचाई, खानेपानी लगायतलाई आधारभूत आवश्यकता जसमा मेची-महाकाली रेलमार्ग निर्माण गर्ने प्रस्ताव गरिएकोछ । तिब्बतबाट राजधानी लगायतका शहरहरू जोड्ने रेलमार्ग, उपत्यकामा बाहिरी चक्रपथ, पूर्व-पश्चिम बैकल्पिक सडकमार्ग, मध्य पहाडी राजमार्ग, तराईमा हुलाकी सडक, उत्तर दक्षिण सडक सञ्जाल, राजधानीलाई जोड्ने द्रुतमार्ग, रोप्वे लगायतका प्रताव उल्लेख गरेको छ । ३ वटै तह जसमा केन्द्र, प्रदेश र स्थानीय निकाय गरी सबै तहमा अदालत हुने प्रस्ताव राखेको छ । संविधानको सुपरीवेक्षण गर्ने अधिकार सहितको सर्वोच्च अदालत केन्द्रमा हुने, संघीय प्रदेशहरूमा पुनरावेदन अदालत र स्थानीय तहमा पनि अदालत स्थापना गर्ने घोषणा-पत्रमा उल्लेख गरिएको छ । यो प्रस्तावहरू सामाजिक सुधारवादी कार्यक्रम अर्न्तगत आउने विषय वस्तु हुन् ।

संघात्मक र विकेन्द्रित शासन–प्रणाली अन्तर्गत सुरक्षा क्षेत्रको पुर्नःसंरचना गर्नुपर्ने प्रस्ताव एमालेको छ । सेनाको लोकतान्त्रिकरण र व्यवसायीकरणमा जोड दिदै राष्ट्रिय सुरक्षासँग जनतालाई जोड्नु पर्ने तथा शान्ति प्रक्रियामा भएका सम्झौता कार्यान्वयनमा एमालेले घोषणापत्रमा जोड दिएको छ ।[४२]

[४२]. नेकपा (एमाले), संविधानसभा निर्वाचन २०६४ को चुनाव घोषणा पत्र ।

५.५.३.३.नेपाली कांग्रेस : रुख

पटक-पटक निर्वाचनका माध्यमबाट सत्तामा गईसकेको र आफूलाई पुरानो र प्रजातन्त्रवादी भन्ने नेपालको सबैभन्दा ठूलो गैर वामपन्थी दल नेपाली कांग्रेसले संविधानसभाको निर्वाचनका लागि बहुलवादी गणतन्त्रात्मक व्यवस्थाको प्रस्ताव गरेको थियो । २०६४ साल फागुन ३० गते यसले संविधानसभा निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेको थियो । ७ प्रकरणको ३२ पृष्ट लामो संविधानसभा निर्वाचन २०६४ नेपाली कांग्रेसको घोषणापत्रमा जनताको चाहना र युगको मागलाई सम्मान गर्दै संविधानसभामा नेपाललाई संघीय गणतन्त्रात्मक राज्य बनाउने र बुहलवादमा आधारित बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको अवलम्बन गर्ने प्रमुख एजेण्डा सहित जनताको माझमा आएको छ भनि कांग्रेसले यसका लागि नेपालमा हाल सम्म कायम रहेको शाहवंशीय राजतन्त्रलाई समाप्त गरी नेपाललाई एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न लोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्यको कार्यान्वयन गर्ने प्रस्ताव अघि सारेको थियो ।

घोषणापत्रमा राष्ट्र प्रमुखमा सेरेमोनियल राष्ट्रपतिको प्रस्ताव गरिएको छ र राष्ट्रपतिको निर्वाचन केन्द्रीय संसद र प्रादेशिक संसदका सदस्यहरूबाट चयन गर्ने, राष्ट्रको कार्यकारी प्रमुखका रूपमा प्रधानमन्त्रीलाई अगाडि सारेको छ । संसदीय प्रणाली प्रति प्रतिबद्धता जनाउँदै केन्द्रमा २ सदन रहने र प्रदेशमा एक सदन रहने संसदको प्रस्ताव गरिएको थियो । नेपाल स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न पूर्णलोकतान्त्रिक संघीय गणतन्त्रात्मक राज्य हुने प्रस्ताव गरिएको थियो । अधिकारको बाँडफाँड सम्वन्धमा केन्द्र अर्न्तगत पररराष्ट्र सम्बन्ध, मुद्रा नीति, राष्ट्रिय सुरक्षा लगायतका प्रदेशहरूबीच समन्वय गर्नु पर्ने विषयहरूमा हवाई यातायात, राजमार्ग, ठूला जलविद्युत लगायत राष्ट्रिय महत्वका आयोजना केन्द्रीय सरकारमा रहने प्रस्ताव गरिएको थियो । प्रादेशिक सरकारमा घर-जग्गा, सम्पत्ति कर, सवारी साधन, रजिष्ट्रेशन दस्तुर लगायतका राजश्वका अन्य स्रोत प्रदेश र स्थानीय सरकारसँग रहने प्रस्ताव गरिएको थियो । प्रदेश अर्न्तगत स्वशासितको अधिकार सहितका गाउँ र नगरमा स्थानीय स्वायत्त सरकारको पुर्नःसंरचना गर्ने एजेण्डा समेत अधिसारेको थियो । केन्द्रीय राजश्व र अनुदान बाँडफाँडका लागि वित्तिय आयोग गठन गर्ने र पूर्वाधार निर्माण प्रयोजनका लागि प्रादेशिक सरकारलाई ऋण परिचालन गर्ने अधिकार प्रदान गर्ने प्रस्ताव गरिएको थियो । संघीय संरचना वमोजिम केन्द्र र प्रदेशका आ–आफ्नै निजामती प्रशासन रहने र लोकसेवाको संरचना पनि सोही वमोजिम हुने घोषणापत्रमा उल्लेख छ ।

राजतन्त्रको अन्त्यले मात्र वास्तविक गणतन्त्रको सुनिश्चितता नहुने उल्लेख गर्दै घोषणापत्रमा जनताको सम्प्रभुत्ता, संविधानको सर्वोच्चता, जनप्रतिनिधि शासन र नागरिक अधिकार तथा

स्वतन्त्रतायुक्त संवैधानिक प्रत्याभूतिले वास्तविक गणतन्त्र सुनिश्चित हुने उल्लेख थियो । गणतन्त्रको नाममा साम्यवाद, पार्टी विशेषको अधिनायकवाद वा धार्मिक एकाधिकारवादको पक्षपोषण गर्ने विचार, दर्शन र प्रयोग नेपाली जनतालाई स्वीकार्य हुने घोषणापत्रमा उल्लेख गरिएको थियो । राजतन्त्रलाई घोर दक्षिणपन्थी अतिवाद र माओवादीलाई उग्रवामपन्थी अतिवादले ग्रस्त रहेको उल्लेख गरेको थियो । हिंसा र सैन्य वलको चक्रव्यूहबाट देशलाई जोगाउन राजतन्त्रको अन्त्य गर्दै र उग्रवामपन्थीको लोकतान्त्रिक रूपान्तरणमा जोड दिदै शान्ति र समृद्धि सहितको लोकतान्त्रिक नेपालको निर्माण गर्नु नै संविधानसभाको निर्वाचनमा कांग्रेसको प्रमुख एजेण्डा रहेको घोषणापत्रमा उल्लेख थियो ।

राष्ट्रिय सुरक्षा प्रणाली केन्द्रिकृत हुने भएपनि शान्ति सुरक्षासँग सम्बन्धित नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायत सुरक्षा निकायलाई संघीय संरचना अनुकुल हुने गरी पूर्ण व्यवस्थित, सीमा सुरक्षा र आन्तरिक शान्ति सुरक्षा मुलुकको राष्ट्रिय सुरक्षा नीतिको केन्द्रीय विषय रहने र गम्भीर वित्तिय संङ्कट, प्राकृतिक विपद, खाद्य एवं ऊर्जा संङ्कट आदिबाट उत्पन्न हुन सक्ने सुरक्षा संङ्कट समेतलाई मध्यनजर राखि बृहत राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिने कुरा घोषणापत्रमा उल्लेख गरिएको थियो । नेपाली सेनालाई लोकतान्त्रिक, समावेशी र व्यवसायिक स्वरूप प्रदान गरिने, संसदप्रति उत्तरदायी हुँदै केन्द्रीय सरकारले नेपाली सेनाको नियन्त्रण र व्यवस्थापन र संचालन गर्ने, समाजमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, धार्मिक एवं क्षेत्रीय विविधतालाई नेपाली राष्ट्रियताको धरोहर जसमा आदिवासी जनजाति, मधेसी लगायत विभिन्न क्षेत्रबाट पहिचान र स्वायत्तताको आकाङ्क्षा सहित मुखरित भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य पुर्नःसंरचनाको मागलाई संवैधानिक प्रणालीमा मूर्तरूप दिने कुरा घोषणापत्रमा उल्लेख गरिएको थियो । नेपाली कांग्रेसको घोषणा पत्र अध्ययन गर्दा नेपाली कांग्रेस संघीयताको मामलामा प्रष्ट देखिँदैन । अनिच्छामा वल पूर्वक संघीयताको मामलामा लतारिएको देखिन्छ । राज्य पुर्नःसंरचना आयोगको टाउको माथि राज्य पुर्नःसंरचना र संघ निर्माणको जिम्मा हालेर आफू अलग बस्न खोजेको देखिनुले राज्य पुर्नःसंरचनाका विषयमा प्रष्ट दृष्टिकोण देखिँदैन । गैर वामपन्थी दलहरू सवै भन्दा सशक्त र पुरानो राजनीतिक दलमा देखिएको यो दृष्टिकोण र विचारको संकटले संविधानसभाको निर्णयहरू प्रभावित हुने देखिन्छ ।[४३]

[४३] *. संविधानसभा निर्वाचनका लागि नेपाली कांग्रेसको घोषणा पत्र २०६४।*

५.५.३.४.जनमोर्चा : पाँचकुने तारा

वामपन्थी दल जनमोर्चा नेपालले राष्ट्र प्रमुख र कार्यकारी प्रमुख राष्ट्रिपति हुने प्रस्ताव राख्दै आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरेको थियो । बालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट राष्ट्रपति निर्वाचीत हुने प्रस्ताव, प्रधानमन्त्रीको निर्वाचन दुवै सदनको संयुक्त बैठकको बहुमतद्वारा गरिने घोषणापत्रमा उल्लेख गरिएको थियो । राष्ट्रपति जनताप्रति र प्रधानमन्त्री व्यवस्थापिकाप्रति पूर्णउत्तरदायी हुने प्रस्ताव अघिसारेको छ । घोषणापत्रमा राष्ट्र प्रमुख र कार्यकारी प्रमुख राष्ट्रपति हुने र राष्ट्रपतिको निर्वाचन बालिग मताधिकारका आधारमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट हुनेछ जसमा सँधै जनताप्रति उत्तरदायी हुनेछन् । राज्यको पुर्नःसंरचनातर्फ जनमोर्चाले अखण्ड, अविभाज्य सार्वभौमसत्ता सम्पन्न नेपालभित्र आत्मनिर्णयको आधारमा स्वशासन सहितको स्वायत्त प्रदेशहरू रहने, संघीय राज्यको स्वायत्तता, जाति, भाषा, जनसंख्या भुगोल, प्रशासनिक अनुकूलता, प्राकृतिक सम्पदा एवं आयस्रोत समेतलाई ध्यान दिएर केन्द्रमा जन प्रतिनिधिसभा र माथिल्लो सभा २ सदनात्मक व्यवस्थापिका रहनेछ । जनप्रतिनिधिको निर्वाचन प्रत्यक्ष बालिग मतदानद्वारा समानुपातिक प्रतिनिधित्वका आधारमा हुनेछ ।[४४] समग्रमा हेर्दा जनमोर्चा नेपालको घोषणा पत्र नेकपा (माओवादी)को भन्दा तात्विक रूपमा भिन्न देखिएन । विगत केही समय देखि नै सहकार्य गर्दै आएका जनमोर्चा नेपाल र माओवादी बीच घोषणा पत्रमा समानता देखिनु र निर्वाचनमा तालमेल र आपसी सहयोग हुनुले दुई पार्टी बीचको एकता नजिकिएको प्रष्ट देखिएको थियो ।

५.५.३.५.नेपाल मददुर किसान पार्टी : मादल

नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्र अरुको भन्दा पृथक देखिन्छ । सो पार्टीले समाजवादी गणतन्त्रको प्रस्ताव समेत गरेको छ । ठूलो उद्योग धन्दाहरूलाई राष्ट्रियकरण गर्ने रोजगारीको अधिकार, काम अनुसारको ज्याला जस्ता विषयहरूलाई अगाडि उठाई मजदुर र किसानको नेतृत्वमा नयाँ नेपाल बन्नुपर्ने धारणा अघि सारेको देखिन्छ । नेमकिपाको समाजवाद नेपालको परिकल्पना घोषणापत्र मार्फत गरेको छ ।

जनताद्वारा प्रत्यक्ष निर्वाचनका माध्यमबाट निर्वाचीत राष्ट्रपति, राष्ट्रपतिले इच्छाए अनुसारको मन्त्री परिषद गठन गर्न पाउने । आवश्यक्ता ठानेमा राष्ट्रपतिले प्रान्तीय सरकार र विधानसभा समेत

---

[४४] .संविधानसभा निर्वाचनका लागि *जनमोर्चा नेपालको घोषणा पत्र २०६४ ।*

विघठन गर्न पाउनु पर्ने, सेना, सरकार र राष्ट्रको प्रमुख राष्ट्रपति हुने जस्ता अधिकार प्राप्त सर्वशक्तिमान राष्ट्रपतिको परिकल्पना र प्रस्ताव नेमकिपाले गरेको थियो ।

राष्ट्रिपतिलाई पदमुक्त गर्न सकिने नियन्त्रात्मक व्यवस्था पनि घोषणापत्रमा थियो । संघीय लोकतान्त्रिक गणतन्त्रले कामदार वर्ग माथि सामन्त वर्गको थिचोमिचोलाई अन्त्य गर्न नसक्ने भएकाले जनताका सबै समस्या समाधानका लागि समाजवादी गणतन्त्र आवश्यक भएको प्रस्ताव उल्लेख घोषणा पत्रमा गरिएको थियो । हाल १४ अञ्चललाई नै प्रान्तीय रूप दिनुपर्ने प्रस्ताव अघि सारेको थियो ।

प्रान्त र केन्द्रको अधिकारको बाँडफाँड सम्वन्धमा केन्द्रीय सरकारको मातहतमा रक्षा, परराष्ट्र, यातायात, संचार, मुद्रा, अन्तर्राष्ट्रिय व्यापार, विज्ञान प्रविधि, हुलाक, भन्सार र यस बाहेक कृषि, उद्योग, शिक्षा, स्वास्थ्य राज्य स्तरको यातायात, घरेलु, कुटीर व्यवसाय, प्रान्तीय कर, भाषा, कला–संस्कृति लगायतलाई भने प्रान्तीय सरकारको मातहतमा हुनुपर्ने पनि प्रस्ताव थियो । केन्द्रीय व्यवस्थापिका २ सदनात्मक माथिल्लो सदन जातजातिको राष्ट्रियसभा र तल्लो सदन प्रतिनिधिसभा हुने घोषणापत्रमा उल्लेख थियो । माथिल्लो सभामा प्रयेक प्रान्तबाट चुनिएका तीन /तीन जना सदस्यहरू रहनेछन् र सो सदन स्थायी रहनेछ भनि घोषणामा उल्लेख गरिएको थियो ।

प्रान्तमा भने १ सदनात्मक विधानसभा रहने व्यवस्थाको प्रस्ताव थियो । नेमकिपाको घोषणा पत्र हेर्दा यो दल पूर्ण रूपमा शक्तिशाली राष्ट्रपतीय शासन प्रणालीको पक्षमा रहेको पाईन्छ । राष्ट्रपति जनताबाट निर्वाचीत हुनु पर्ने प्रस्ताव यसले गरेकोछ र समाजवादी अर्थ राजनीतिको पक्षमा नेमकिपा उभिएको देखिन्छ ।[४५]

५.५.३.६.नेकपा (माले) : हसिँया तारा

नेकपा (माले)ले संविधानसभालाई नेपाली मात्रको लोकतान्त्रिक पविर्तनको एजेण्डा बनाउने कुरा घोषणापत्रमा उल्लेख गरिएकोछ । राजतन्त्रको उन्मुलन, निर्वाचीत राष्ट्रपति राष्ट्रप्रमुख र सेनापरमाधिपति रहने र सरकारको कार्यकारी प्रमुख प्रत्यक्ष मतदानद्वारा निर्वाचीत प्रधानमन्त्री हुने, प्रधानमन्त्रीले संसदभित्र र बाहिरका व्यक्तिहरू समेतलाई लिई मन्त्रिपरिषद गठन गर्न सक्ने अवधारणा घोषणापत्रमा उल्लेख गरिएको थियो भने २ सदनात्मक राष्ट्रिय संसद र १ सदनात्मक प्रान्तीय विधायिका रहने तथा मिश्रित सदस्य समानुपातिक प्रणालीद्वारा प्रतिनिधिसभा र प्रादेशिक विधायिका

[४५] *. नेपाल मजदुर किसान पार्टीको संविधानसभा निर्वाचन घोषणा पत्र २०६४ ।*

सदस्यहरूको निर्वाचन गरिने व्यवस्था सहितको प्रगतिशील लोकतान्त्रिक गणतन्त्रको अवधारणा घोषणापत्रमा उल्लेख गरिएको छ । राज्य पुर्नःसंरचनाको सवालमा नेपालको हिमाल देखि तराई सम्म हुनेगरी ६ प्रदेशको खाका प्रस्तुत गरी यस पार्टीले कांग्रेस र एमालेको त्यसप्रतिको मौनता भन्दा पृथक विचार प्रस्तुत गरेको थियो । तराई देखि हिमाल सम्म प्रान्तीय राज्य जोडिएन भने अखण्डतामा आँच आउन सक्ने यस पार्टीको ठहर देखिन्छ । प्रदेशको नामाकरणमा जातीय तथा साँस्कृतिक सोचलाई यो पार्टीले अस्विकार गरेकोछ । घोषणा पत्रलाई हेर्दा यो पार्टी अन्यको तुलनामा राष्ट्रिय अखण्डताको सवालमा वढी संवेदनशील रहेको देखिन्छ । शासन स्वरूपको सवालमा निर्वाचीत प्रधानमन्त्री र कार्यकारी प्रमुख उल्लेख गरीएको प्रस्ताव प्रस्तुत गरिएको थियो ।[४६]

५.५.३.७.नेकपा (एकीकृत) : दियो

नेकपा (एकीकृत)को घोषणापत्रमा आत्मनिर्णयको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा संघीय स्वरूपको राज्य संरचनालाई मूल आधार मानी संघीय राज्यको पुनःसंरचना गर्ने प्रस्ताव राखेको छ । परराष्ट्र सम्बन्ध, राष्ट्रिय सुरक्षा, मौद्रिक प्रणाली, राष्ट्रिय अन्तरप्रादेशिक महत्व राख्ने प्राकृतिक श्रोतसाधन, राष्ट्रिय राजमार्ग उड्यन, विशेष राजश्व संकलन आदिको अधिकार केन्द्रमा निहित राखि अन्य राजनीतिक आर्थिक, सामाजिक, भाषिक, धार्मिक, साँस्कृतिक, आदि विकास र उन्नतिका लागि स्वतन्त्ररूपले नीति निर्माण, निर्णय योजना र कार्यान्वयनका अधिकार स्वशासित प्रदेशमा रहने शासन प्रणाली रहने भनि केन्द्र र प्रादेशिक राज्यको विभाजनको प्रस्ताव राखेको छ । घोषणापत्रमा संघीय गणतान्त्रिक नेपालको प्रमुख राष्ट्राध्यक्ष हुने, संघीय व्यवस्थापिकाको दुवै सदन र प्रादेशिक व्यवस्थापिकाका सदस्यहरूले राष्ट्राध्यक्षको निर्वाचन ५ वर्षको लागि गर्ने १ कार्यकाल भन्दा बढी राष्ट्राक्षय हुन नपाउने प्रस्ताव गरेको छ । साथै संघीय लोकतान्न्कि गणतन्त्र नेपालको राष्ट्राध्यक्ष प्रत्येक अवधिमा अलग–अलग जाति समुदायबाट आएको व्यक्ति हुनेछ दैनिक कार्यकारी कामहरू प्रधानमन्त्रीले गर्ने, प्रधानमन्त्री र मन्त्रीहरू संघीय व्यवस्थापिका प्रति उत्तरदायी हुने व्यवस्थापिकाको सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति राष्ट्रपतिले गर्ने तथा प्रधानमन्त्री व्यवस्थापिकाको सदनको सदस्य हुन अनिवार्य भएपनि मन्त्रीहरू बाहिरबाट नियुक्ति गर्न सकिने प्रस्ताव गरेको छ । मन्त्रीपरिषद समावेशी हुनु पर्ने र मन्त्रीपरिषदको नियुक्तिलाई सदनले अनुमोदन गर्नु पर्ने पनि प्रस्ताव गरेको छ ।

[४६] *.नेकपा (माले)को संविधानसभा निर्वाचन घोषणा पत्र २०६४ ।*

लोकसेवा आयोग, प्रहरी प्रशासन सेवालाई पनि पुर्नःसंरचना गर्ने प्रस्ताव राखेको छ । व्यवस्थापिका २ सदनात्मक संघीय व्यवस्थापिका र १ सदनात्मक प्रादेशिक व्यवस्थापिका हुने, माथिल्लो सदन जातीय सदनको रूपमा र तल्लो सदन जनप्रतिनिधि सभा हुने प्रस्ताव गरेको छ । न्यायपालिकालाई ३ तहमा तहगत गरिएको र २५ प्रतिशत निर्वाचनबाट न्यायाधीशको नियुक्ति गर्ने नयाँ प्रस्ताव गरेको छ । प्रतिस्पर्धात्मक लोकतान्त्रिक व्यवस्था समानुपातिक प्रतिनिधित्व, मौलिक अधिकारको प्रत्याभूति, मानव अधिकार, कल्याणकारी राज्य र बहुलवादी समाज कानूनी राज्यको अवधारणा, प्रेस स्वतन्त्रता, जनमुखी प्रशासन, समानुपातिक भेदभावको अन्त, प्रतिगमनलाई नियन्त्रण गरी अग्रगमनलाई सुनिश्चित गर्ने तथा राजा र राजपरिवार र ओहदामा वसेका भ्रष्ट प्रशासकहरूको नाममा देश विदेशमा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति र साधन-श्रोतलाई जफत गरी राष्ट्रियकरण गर्ने प्रस्ताव गरेको छ । साथै गणतान्त्रिक नेपालको आर्थिक तथा सामाजिक रूपान्तरण, क्रान्तिकारी भूमिसुधार, उद्योग नीति, श्रम रोजगार र वातावरण, गणतन्त्र नेपालको विदेश नीति, योजना तथा विकास नीति, जनस्वास्थ्य, महिला बालबालिका र युवा सम्बन्धी नीति, असक्त अपाङ्ग र दलित सम्बन्धी नीति, जाति, भाषा, धर्म र सँस्कृति सम्बन्धी नीति, शिक्षा खेलकूद, जलश्रोत वन तथा वातावरण, साहित्य कला-सँस्कृति जस्ता कुरालाई भावी संविधानमा समेट्ने प्रस्ताव अघि सारेको देखिन्छ ।[४७]

५.५.३.८.नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी) : त्रिशुल

नेपाल कम्युनिष्ट पार्टी (संयुक्त मार्क्सवादी)ले नेपाल अब एउटा अविभाज्य सार्वभौमसत्ता सम्पन्न तथा धर्मनिरपेक्ष संघीय गणतान्त्रिक लोकतन्त्रमा आधारित राज्य हुनेछ । नेपालको भूगोल, जनसंख्या, सामाजिक, साँस्कृतिक बनौट, राज्यहरू र केन्द्र प्रशासनको सुगमता र आवश्यकता मानवशास्त्रीय समाजशास्त्रीय दृष्टिकोण सबै हिसावले गणराज्यहरूको निर्माण गरिनेछ र ती गणराज्यहरूमा नेपालको बहुभाषिक बहुसाँस्कृतिक, बहुजातीय र बहुधार्मिकता प्रतिविम्बित गरी निर्माण गर्ने प्रस्ताव गरेको छ । केन्द्रले राष्ट्रिय सुरक्षा, पररार्ष्ट्र सम्बन्ध, मौद्रिक तथा वित्तीय नीति तथा राष्ट्रिय विकासका पूर्वाधार निर्माणका क्षेत्रहरू बाहेक सवै क्षेत्रमा समान व्यवहारको सम्बन्ध हुनेछ र गणराज्यहरूका बीचको पारस्परिक सम्बन्धलाई पारस्परिक सद्भाव, मित्रता, सहयोग र एकताको आधारमा तय गरिने र खँदिलो तुल्याउने सहकारी किसिमको साझा व्यवस्था हुने प्रस्ताव गरेको छ । आर्थिक समाजिक अग्रगमनकारूपमा रूपान्तरणको नीति तयगर्ने, लोकतान्त्रिक पारदर्शि,

[४७] *. नेकपा (एकिकृत)को संविधानसभा निर्वाचन घोषणा पत्र २०६४ ।*

खुल्ला तुल्याउने अवधारणा पनि प्रस्तुत गरिएको छ । समानताको आधारमा सन्धिगरिने, अर्थ राजनीतिमा आउने अन्तर्राष्ट्रिय दवावको विरोध गरिने, नेपाल भारत सीमाको वैज्ञानिक सिमाङ्कन गरिने, पञ्चशील, संयुक्त राष्ट्रसंघको बडापत्रको सिद्धान्तको आधारमा संचालन गरिने, मुलुकलाई आर्थिक समृद्धपार्ने जस्ता कार्यक्रम पनि प्रस्तावित गरिएको थियो । महिला दलित आदिवासी जनजाति मधेशी तथा अल्पसंख्य सम्बन्धी प्रस्ताव, स्वास्थ्य रोजगारी, नारिकताको समस्या पनि अघि सारिएको थियो ।[४८]

५.५.३.९.राष्ट्रिय जनमोर्चा : गिलास

राष्ट्रिय जनमोर्चाले आफ्नो ३६ पेजको निर्वाचन घोषणा पत्रमा प्रमुख राजनीतिक कार्यहरूमा संविधानसभाको निर्वाचन तोकिएको मितिमा हुनुपर्ने, संविधानसभा पहिलो बैठकबाट गणतन्त्रको कार्यान्वयन, सामन्ती र नोकरशाही एकीकृत प्रणालीलाई अन्त्य गरी विकेन्द्रिकृत तथा स्थानीय स्वायत्त शासनको आधारमा एकात्मक राज्य प्रणाली स्थापित गर्ने, देशलाई टुक्राउने भएकाले संघीय शासन पद्धतिको विरोध गर्ने, जातीय क्षेत्रीय र राष्ट्रिय एकता सुदृढ गर्ने, सबै शोषित, उत्पीडित र मेहनेतीको जनताको हित र उनीहरूको समावेश हुने गरी राज्यको पुर्नःसंरचना गर्ने, बहुदलीय व्यवस्थाको सुदृढिकरण गर्ने मुख्य राजनीतिक कार्यक्रम रहेको छ ।

राष्ट्र प्रमुख राष्ट्रपति हुने र शासन प्रणाली प्रधानमन्त्रीय हुने प्रस्ताव गरेको छ । उपराष्ट्रपतिको पनि व्यवस्था गरिएको छ । प्रधानमन्त्रीलाई संसदप्रति उत्तरदायी हुने र राष्ट्रपतिले प्रधानमन्त्रीको सल्लाह अनुसार काम गर्नु पर्ने मौन प्रस्ताव छ । व्यवस्थापिका सभा २ सदनात्मक हुने उल्लेख गरिएको छ । राजा र राजपरिवारको सम्पत्तिको राष्ट्रियकरण पद्धतिमा सुधार, राष्ट्रिय अर्थतन्त्रको अर्थनीति अपनाउने, क्रान्तिकारी भूमिसुधार र कृषि पद्धतिमा सुधार राष्ट्रिय वैज्ञानिक र जनवादी शिक्षा, सर्वधारणलाई निःशुल्क स्वास्थ्य सेवा, सन्तुलित विकास नीति र सामाजिक सुरक्षा, धर्म निरपेक्षता, भाषिक समानता, पुरातात्विक सम्पदाको संरक्षणमा जोड दिई संस्कृतिको प्रगतिशील र जनवादी खारेजी विश्वका सबै राष्ट्रसँग मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने, साम्राज्यवादको विरोध र स्वतन्त्र पररराष्ट्रनीति, अर्ध सामन्ती र अर्द्ध औपनिवेशिक अवस्थामा आमूल परिवर्तन नयाँ जनवादी व्यवस्थाको स्थापनाको कार्यक्रमको प्रस्ताव गरिएको छ ।[४९]

---

[४८] *.नेकपा (संयुक्त-मार्क्सवादी)को संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

[४९] *.राष्ट्रिय जनमोर्चा को संविधानसभा निर्वाचन घोषणा पत्र २०६४ ।*

५.५.३.१०.मधेशी जनअधिकार फोरम : हातले समातेको मसाल

मधेशीको अधिकारको आन्दोलन स्थापित गर्न २ पटकसम्म मधेश आन्दोलन चलाएको मधेशी जनअधिकार फोरमले आफ्नो निर्वाचन घोषणापत्रमा राष्ट्रपतीय पद्धतिको प्रस्ताव प्रस्तुत गरेको छ । वालिग मताधिकारको आधारमा बहुदलीय प्रतिस्पर्धा सहित प्रत्यक्ष मतदानबाट राष्ट्रपति निर्वाचीत हुने प्रस्ताव, राष्ट्रपतिको कार्यकाल ५ वर्षको रहने, एउटै व्यक्ति २ पटकसम्म हुन सक्ने व्यवस्था गरिएको छ ।

केन्द्रीय संसदमा जनप्रतिनिधि सभा र राष्ट्रिय अथवा जातीय सभा गरी दुई सदनात्मक व्यवस्था हुने, जनप्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचीत प्रतिनिधि रहने र जातीय सभामा तोकिएको संख्यामा प्रत्येक प्रदेशका विधायिकाद्वारा निर्वाचीत सदस्य रहने व्यवस्था घोषणापत्रमा उल्लेख छ । राष्ट्रपतिद्वारा राष्ट्रिय क्षेत्रमा उल्लेखनीय ख्याति कमाएका विशिष्ट व्यक्तिहरूलाई पनि मनोनय गर्न सकिने, नेपाल स्वायत्त एवं अधिकार सम्पन्न प्रदेश सहितको संघीय लोकतान्त्रिक गणतन्त्र हुनुपर्ने, मुलुकमा स्वायत्त प्रदेश र प्रादेशिक सरकार रहने व्यवस्था घोषणापत्रमा उल्लेख गरिएकोछ । आत्मनिर्णयको अधिकार सहित स्वयत्त शासनको प्रत्याभूति गर्ने प्रादेशिक सरकारको माग मधेशी समुदायले गर्दै आएको संवैधानिक व्यवस्था अनुसार निर्माण गरेको विधान र कानून अनुसार पूर्ण स्वायत्तता र समानताका आधारमा आफैंले सत्ता संचालन गर्ने घोषणापत्रमा उल्लेख गरेको छ ।[५०]

५.५.३.११.राष्ट्रिय प्रजातन्त्र पार्टी : हलो

पुराना पञ्चहरू र राजावादीको रूपमा चिनिएको राष्ट्रिय प्रजातन्त्र पार्टीले संविधानसभाको उम्मेदवारी दिने वित्तिकै सबैभन्दा पहिला संविधानसभा निर्वाचन घोषणापत्र–२०६४ फागुन २२ गतेका दिन पत्रकार सम्मेलन गरी घोषणा गरेको थियो । सो घोषणापत्रमा राजतन्त्रको फैसला जनताको सहभागितामा मात्र हुनुपर्ने भन्ने उल्लेख गरिएको थियो तर जनताको प्रत्यक्ष सहभागितालाई जनमतसंग्रहको रूपमा नलिई अन्तरिम संविधान घोषणा हुँदाको प्रावधान राजतन्त्रको फैसला संविधानसभाको रूपमा नलिई संविधानको तेस्रो संशोधनबाट राजतन्त्रलाई हटाउने निर्णय र पहिलो बैठकबाट गणतन्त्रको कार्यान्वयन गर्ने कुराको भने राप्रपाले विरोध गरी सात दलको बैठक र मनोनीत संसदबाट हुन नसक्ने भन्ने पनि स्पष्ट गरेको छ । घोषणापत्रमा राजतन्त्रको टुङ्गो लगाउन जनताको प्रत्यक्ष सहभागिता हुनुपर्ने उल्लेख गरिए पनि यसमा कसरी गर्ने भन्ने स्पष्ट उल्लेख नगरिएको तर

[५०] *. मधेशी जनअधिकार फोरमको संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

यसका नेताहरूलाई नै आफ्नो मार्गचित्र बनाएको देखिन्छ । राप्रपाको घोषणापत्रमा भूगोल, जनसंख्या जातीय, भाषिक प्राकृतिक स्रोत साधनका आधारमा राज्यको पुर्नःसंरचना गर्नु पर्ने संघीय व्यवस्था अर्न्तगत केन्द्रीय सरकारले देशको अर्थ, मौद्रिक, परराष्ट्र, सुरक्षा, संचार, वैदेशिक, वाणिज्य र राष्ट्रिय महत्वका विकास योजनामा नियन्त्रण गर्ने र अन्य विषयमा प्रान्तीय सरकारको गठन विशेषको संलग्नतामा उच्च स्तरीय आयोगको सिफारिसको आधारमा सर्वदलीय सहमतिमा हुनुपर्ने, शिक्षा, स्वास्थ्य र रोजगार सबैलाई प्रत्याभूति गराउनु पर्ने, नयाँ संविधानले प्रेस स्वतन्त्रताको प्रत्याभूति गर्नुपर्ने, श्रमजीवी पत्रकारको हकहित संरक्षण एवं संचार माध्यममा विदेशी लगानीको पारदर्शिताप्रति सचेत महिला, दलित, मधेशी, आदिवासी जनजाति तथा पिछडिएको वर्गको पूर्ण साझेदारी हुनुपर्ने, देशको प्राकृतिक सम्पदा, पर्यटन एवं जैविक विविधतामा आधारित उद्योग धन्दाको विकास गरी फराकिलो आर्थिक वृद्धि हासिल गर्ने र २० वर्षमा गरिबी निवारण गर्ने कार्यक्रम घोषणापत्रमा जारी गरिएको छ । घोषणापत्रमा केन्द्रीय र प्रान्तीय सरकार तथा क्षेत्रीय तथा जिल्ला परिषद रहने संघीय राज्य व्यवस्थाको खाका प्रस्तुत गरेको छ । परराष्ट्र मौद्रिक, राष्ट्रिय सुरक्षा नीति सार्वभौमसत्ता, संचार र राष्ट्रिय महत्वका ठूला विकास निर्माणका कार्यहरूलाई केन्द्रीय सरकार अर्न्तगत राख्नुपर्ने र अरु प्रान्तीय सरकारबाट संचालन गरिने पनि उल्लेख गरिएको छ । केन्द्रमा २ सदनात्मक संसदीय व्यवस्था र सरकार प्रधानमन्त्रीय पद्धतिको हुने प्रान्तीय तहमा १ सदनात्मक व्यवस्थापिका मुख्यमन्त्री प्रमुख रहने योजना प्रस्तुत गरेको थियो । राप्रपाले आफूलाई मध्यमार्गी राजनीतिक दलको रूपमा प्रस्तुत गरी उग्रवामपन्थी र उग्रदक्षिणपन्थी धारबाट देशलाई बचाउने दावा पनि गरिएको थियो । उदारवादी अर्थनीति अघिसारेको छ र शहरी अर्थतन्त्रलाई राज्यले अनावश्यक नियन्त्रण नगर्ने तथा असङ्गठित ग्रामिण अर्थतन्त्रलाई टेवा दिनु पर्ने मार्गचित्र प्रस्तुत गरेको थियो ।[५१]

५.५.३.१२.राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल : गाई

शाही शासनकालमा सक्रिय रूपमा राजालाई सहयोग गरेकाहरूबाट राप्रपालाई फुटाएर गठन गरिएको पार्टी राप्रपा, नेपालले गणतन्त्रलाई धान्नै नसक्ने भनी संवैधानिक राजतन्त्रको प्रस्ताव सहित आफ्नो घोषणापत्र जारी गरेको छ । राजा र माओवादीसँग सम्पूर्ण प्रजातन्त्रवादी शक्ति अटाउन राजा सहितको प्रजातन्त्र उपयुक्त र भरपर्दो विकल्प प्रस्ताव गरेको थियो ।

[५१] *.राष्ट्रिय प्रजातन्त्र पार्टीको संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

अन्तरिम संविधानको तेस्रो संशोधन अस्वीकार गर्दै राजसंस्थाको निर्क्यौल जनमत संग्रहबाट गर्नु पर्ने, मुलुकलाई पुनः हिन्दु र अधिराज्य बनाउनुपर्ने, हिन्दु संवैधानिक राजतन्त्रात्मक अधिराज्य राष्ट्रियता र राष्ट्रिय एकताको प्रतीक हुने, राष्ट्र प्रमुखमा राजा र शासकीय कार्यकारी अधिकार सहित सरकार प्रमुखमा प्रधानमन्त्री रहने संवैधानिक राजतन्त्रात्मक संसदीय व्यवस्थाको आवश्यक रहेको कुरा घोषणापत्रमा उल्लेख थियो ।

जन आकाङ्क्षा अनुरूप स्वायत्त संघीय राज्य प्रणाली स्वीकार गरेपनि त्यसको आधार राष्ट्रिय अखण्डता एवं एकतामा आघात नपुग्ने गरी जातीय, भौगोलिक एवं आर्थिक सम्भाव्यतालाई आदिवासी जनजाति, मधेशी, समुदाय, दलित एवं पिछडिएका क्षेत्र उत्थानका लागि राज्य संरचनामा आमुल परिवर्तन हुनुपर्ने र अर्थतन्त्र, जनमुखी भूमिसुधार, मौलिक हक र स्वतन्त्रता तथा आस्था, विश्वास र अभिव्यक्ति स्वतन्त्रतालाई ग्यारेन्टी गरिने घोषणापत्रमा उल्लेख गरिएको छ ।[५२]

५.५.३.१३.राजपा : छाता

राष्ट्रिय जनशक्ति पार्टीले संविधानसभा निर्वाचनको घोषणापत्रमा शक्तिशाली सरकार प्रमुखको रूपमा र प्रधानमन्त्री पद्धति प्रस्तावित गरेको थियो भने राष्ट्र प्रमुखका वारेमा घोषणापत्र मौन छ । राजतन्त्रको सम्बन्धमा जनताको प्रत्यक्ष अभिमतबाट मात्र निर्णय गरिनु पर्ने भन्ने अरुको मत रहेकाले राष्ट्र प्रमुखको बारेमा मौन रहेको हो । यस्तै केन्द्रमा २ सदनात्मक व्यवस्था र प्रान्तमा एकात्मक सदन रहने पनि प्रस्ताव गरेको थियो । राजपाले संघीय स्वरूपलाई स्वीकार गरिए पनि कतिवटा प्रदेशमा बाँड्ने भन्ने बारेमा स्पष्ट गरेको देखिँदैन । तर राज्यका सबै संरचनाहरूमा समावेशी सहभागितालाई भने जोड दिईएको छ । आर्थिक नीतिमा उद्दार आर्थिक नीतिलाई मुख्यरूपमा जोडदिएको पाईन्छ । राष्ट्रियता र राष्ट्रिय अक्षुणता जस्ता विषयहरूलाई घोषणापत्रमा प्रमुख रूपमा उठाएको पाईन्छ । सात दलीय अधिनायकताको विरोध गरेको छ ।[५३]

५.५.३.१४.लोकतान्त्रिक समाजवादी दल : कल

प्रधानमन्त्रीलाई शक्तिशाली बनाउने प्रस्ताव सहित जातीय आधारमा बहुमतद्वारा राष्ट्रपतिको चयन हुनपर्छ, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, संघीय गणतन्त्रात्मक राज्य रहेको प्रणालीमा ३

---

[५२] *. राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

[५३] *. राजपाको संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

सदन परिकल्पना घोषणापत्रमा जारी गरिएको छ । प्रधानमन्त्रीलाई कार्यकारी अधिकार दिईने र जातीय समुदायको मतद्वारा राष्ट्रपति निर्वाचीत गर्ने प्रस्ताव राखेको ।[५४]

५.५.३.१५.नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) : कोदालो

नेकपा (मार्क्सवादी)ले संविधानसभा निर्वाचन घोषणापत्रमा संविधानसभाको चुनाव, पूर्णगणतन्त्रको निर्माण भन्ने मूल नाराका साथ अगाडि बढाएको थियो । घोषणापत्रमा शोषित पीडित तथा दबिएको सर्वहारा वर्गलाई शोषणबाट मुक्त गर्न, महिला उत्पीडित, अछुत जाति, मधेसी र पिछडिएका आदिवासी जनजातिका साथै पिछडिएको क्षेत्रको जनतालाई पनि नीति निर्माणमा समेत सहभागी बनाउन सक्ने संविधान बन्नुपर्ने प्रस्ताव राखेको छ । घोषणापत्रमा राज्य संयन्त्रमा परिवर्तन सम्बन्धी अवधारणा प्रस्तुत गर्दै केन्द्रीय सरकारमा राष्ट्रपति कार्यकारी प्रमुख हुनेछ र राष्ट्रपतिको चुनाव जनताको प्रत्यक्ष मतद्वारा गरिने, प्रधानमन्त्री तल्लो सदनले चुन्नेछ र प्रधानमन्त्रीको सीमित अधिकार हुनेछ । केन्द्रमा २ सदनात्मक तथा संघमा १ सदनात्मक व्यवस्थापिका रहनेछन् । संघमा मुख्यमन्त्री प्रमुख हुनेछ र त्यसको चुनाव संघीय विधायिकाले गर्नेछ, परराष्ट्र नीति, नेपाली सेना, तथा मुद्रा नीति केन्द्र सरकारको अधिनमा रहनेछ भन्ने प्रस्ताव गरेको थियो । संघीयता सम्बन्धमा घोषणापत्रमा जातीय, धार्मिक, सम्प्रदायिक तथा क्षेत्रीय प्रभुत्व वा दमनकारी हुने खालको आत्मनिर्णयको अधिकार संघ राज्यलाई दिनु हुँदैन, राष्ट्र र समाज विखण्डन हुने तथा प्रोत्साहन हुने देशको अखण्डतामा आँच आउने बाहेक जनसंख्या, भूगोल प्राकृतिक श्रोत साधनको समान वितरण सहितको वैज्ञानिक तरीकाबाट संघीय राज्य निर्माण हुनुपर्ने प्रस्ताव राखेको थियो । विदेशीसँग गरिएका असमान सन्धिहरूको खारेजी र समानताको आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने, प्राकृतिक श्रोत साधनको अत्याधिक उपयोग गरेर आर्थिक विकास गर्ने, निकासी र पैठारीमा सन्तुलन कायम राख्ने, पिछडिएको क्षेत्रलाई आरक्षण सहितको विशेष व्यवस्था गरी राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने, जनजीवन र आर्थिक संमृद्ध गर्ने, सुकुम्बासी, आदिवासी जनजातिलाई जमिन उपलब्ध गराउने, अछुतहरूलाई समान बनाउनको लागि कानूनी, व्यवहारिक र कडा दण्डात्मक व्यवस्था गर्ने, महिलाहरूका लागि विशेष संरक्षणका व्यवस्था लागु गरिने, स्वास्थ्यलाई राज्यले मौलिक अधिकारको रूपमा स्थापित गरिने र शिक्षालाई माध्यमिक स्तरसम्म निःशुल्क गरिने प्रस्ताव गरिएको छ ।[५५]

---

[५४]. *लोतान्त्रिक समाजवादी दलको संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

[५५]. *नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)को संविधानस निर्वाचन घोषणा पत्र २०६४ ।*

५.५.३.१६.नेपाः राष्ट्रिय पार्टी : खड्ग

मुलुकमा युग सुहाँउदो संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न, प्रत्यक्ष निर्वाचनबाट राष्ट्राध्यक्ष चुनिने राष्ट्रपतीय प्रणाली लागु गराउनु विभिन्न क्षेत्रहरूमा त्यहाँकै आदिवासी जनजातिलाई अग्राधिकार सहितको स्वशासन दिएझै ऐतिहासिक, साँस्कृतिक र निरन्तर बसोवासको आधारमा निर्माण गरिने नेवाः प्रदेशमा यहींकै आदिवासी नेवार जातिलई स्वशासनको अधिकार दिलाउन राज्यको हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउनु पर्ने, राज्यमा मानव अधिकार, बाल अधिकार र वाक स्वतन्त्रताको ग्यारेन्टी गराउनु पर्ने र प्रत्येक अपाङ्ग नागरिकलाई दयाको पात्र होईन स्वाभिमानपूर्ण जीवन जिउने अवसर दिलाउने कुरा घोषणापत्रमा उल्लेख गरिएको छ।[५६]

५.५.३.१७.दलित जनजाति पार्टी : जग

पछाडि पारिएका दलित, आदिवासी जनजाति, मधेशी, मुसलमान र महिला हक अधिकारका लागि आरक्षणको व्यवस्था सहित मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुनुपर्ने, विभिन्न जातजाती, भाषा-भाषी र समुदायको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व एवं आरक्षण प्राप्ति र वर्गीय मुक्तिको निर्णय हुनुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ।

स्वायत्त शासन आत्मनिर्णयको अधिकार र संघीय शासन प्रणालीको व्यवस्था, धर्म जातजाति, रङ्ग, लिङ्ग, क्षेत्र, पद, भाषा र जन्मका आधारमा गरिने सबै खाले विभेदका लागि रु. १ लाख जरिवाना सहित १० वर्ष जेल सजाय तथा रोजगारीका लागि प्राथमिकता, दलितका लागि ५० वर्ष देखि वृद्ध भत्ता र कमजोर वर्गलाई रासनकार्ड व्यवस्था हुनुपर्ने, जनजातिका दर्जामा नपरेका तराई मूलबासी केवट, धानुक, कुर्मी अमात, विन, मलाह, बरही, सोनार, लोहार, कोइरी, गडेरी, हलुवाई, हजाम, भाली, कुम्हार, तमोली, कसेरा, कथबनिय, केवरत, सुतिहार, शिल्पी लहेरी, बरइ बेल्दार, ठेरा लगायतलाई जनजाति तथा यादव, सुडी, कानु, कलवारलाई पिछडा वर्ग घोषणा गर्नुपर्ने घोषणापत्रमा उल्लेख गरिएको छ।[५७]

---

[५६] *.नेपाः राष्ट्रिय पार्टीको संविधानस निर्वाचन घोषणा पत्र२०६४।*

[५७] *.दलित जनजाति पार्टीको संविधानस निर्वाचन घोषणा पत्र २०६४।*

निष्कर्ष

संविधानसभा नेपालमा आफैं स्थापित एजेण्डा होईन । वि.सं.२००७ सालको राणा विरोधी आन्दोलनको अन्त्य गर्ने क्रममा भारतीय प्रधानमन्त्री जवाहरूलाल नेहरूको मध्यस्थतामा राजतन्त्रको स्थापनाको सवालमा राणा, कांग्रेस र राजाका बीचमा गरिएको एक सम्झौता थियो । नेपालमा त्यसपछि संविधानसभाको निर्वाचन गर्ने घोषणा राणा प्रधानमन्त्री, राजा त्रिभुवनले समेत गरेपछि नेपाली राजनीतिको एजेण्डा वन्यो । त्यसपछिका सात वर्ष सम्म नेपाली राजनीतिक क्षेत्रमा संविधानसभाको निर्वाचन हुने कुरामा विश्वास टुटेको थिएन । जव तत्कालीन प्रधानमन्त्री टंकप्रसाद आचार्यले आफ्नो पार्टीको अधिवेशन ताका विरगंजमा संविधानसभाको होईन संसदको निर्वाचन गर्ने वक्तव्य दिएपछि र राजा महेन्द्रको उदय पश्चात संविधानसभाको निर्वाचन विवादमा परेको थियो । राजा महेन्द्रको कदमले त्यो सदाका लागि अन्त्य गरिएको थियो ।

मूलतः नेपालमा संविधानसभाको निर्वाचन भारतीय भूमिबाट आयातित भएकोले र पछि त्यसलाई माओवादी विद्रोहको समयमा माओवादीले विकल्पको रूपमा प्रस्तुत गरेका थिए तर त्यसको पनि ठेगान भारतमा माओवादी र संसदवादी शक्तिहरू बीच सम्झौता भई १२ बुँदे समझदारी भएपछि मात्र लगाईयो । संविधानसभाको निर्वाचन गर्ने घोषणा गरिए पनि त्यसलाई राजतन्त्रको अन्त्य गर्ने वैधानिक औजारका रूपमा प्रयोग गर्ने माओवादी तथा भारत दुबैको चाहना अनुसार निर्वाचन भएको हो । काठमाडौं स्थित होटल हिमालयमा भारतीय लगायत विदेशी राजदुतहरूसँगको छलफल पछि विभिन्न दलहरूबाट मधेशी नेताहरू निस्कनु र मधेशमुखी दलहरू गठन गर्नु, पटना बैठक र मधेश विद्रोह, अन्तरिम व्यवस्थापिका संसदमा एमाले र माओवादी बीच भारतीय राजदुतको सक्रियतामा गणतन्त्र सम्वन्धि संकल्प प्रस्ताव पेश गर्ने र त्यसमा मतदान गर्ने सहमति आदि जस्ता विषयलाई हेर्दा राजतन्त्रको अन्त्यका लागि नेपालमा संविधानसभाको निर्वाचनमा भारतीय स्वार्थ थियो भन्न सकिन्छ । माओवादीका लागि सत्तामा दखल पुऱ्याउन अन्य दलहरूसँग सहकार्य र सहमतिको धरातलमा आफ्नो राजनीतिक लक्ष्य प्राप्ति गर्ने उपकरणको रूपमा संविधानसभाको प्रयोग भएको थियो । तर अन्य संसदवादी दलहरूको कुनै व्यवहारिक योजना थिएन । त्यसैले अन्य दलहरू सत्तामा केन्द्रीत भए । दलहरू दलीय स्वार्थ भन्दा माथि उठेर राष्ट्रिय स्वार्थ र जनभावनामा केन्द्रित हुन सकेनन् । त्यसैले अन्ततः संविधानसभाको निर्वाचन ढिलो हुन गयो ।

संविधानसभाको निर्वाचनले एकातिर भारतको स्वार्थ पुरा भयो भने अर्कातिर माओवादी राजनीतिले नेपाली जनताका बीच स्थापित हुने मौका पायो । अन्तरिम संविधान निर्माण गर्दा नेकपा (एमाले)ले पूर्ण समानुपातिक निर्वाचन प्रर्णालीको पक्ष लिँदै असहमति जाहेर गरेपछि नेकपा (एमाले)

आफ्नो अडानमा निरन्तर अडिन सकेन । तर पछि गएर माओवादीले त्यही मुद्धामा अडान राखेर सो मागलाई आफ्नो वनायो र निर्वाचनमा जनताको ध्यान केन्द्रीत गरायो । यो कुरालाई माओवादीले अवसरका रूपमा प्रयोग गऱ्यो । संविधानसभामा उठाएका नाराहरू समावेशी र समानुपातिक प्रतिनिधित्वको कुराले जनतालाई आकर्शित गऱ्यो र परिणाम उसको वसमा तुलनात्मक रूपले सकारात्मक देखियो । उमेर, जाति र क्षेत्रका आधारमा पनि कतिपय उम्मेदवारहरूले विजय प्राप्त गरे । विगतका संसदहरू भन्दा संविधानसभा २०६४ को निर्वाचनमा युवा वर्गको उल्लेख्य उपस्थिति रहेकाले त्यही उमेरका उम्मेदवारहरू विजयी भए । समग्रतामा संविधानसभा विगतका संसदका तुलनामा वढि नै समावेशी तथा सकारात्मक देखिए पनि संविधानसभा हरेक दृष्टिकोणले तुलनात्मक रूपमा प्रगतिशील भएको देखिन्छ । तर नेपाली राजनीतिमा दलीय स्वार्थ दल भित्रको विविध स्वार्थ, जनभावना र राष्ट्रिय आकांक्षा नबुझ्ने नेतृत्वको अकर्मण्यताको कारण संविधानसभाको निर्वाचन समयमा हुन सकेन ।

अध्याय : ६

समावेशी दृष्टिकोणमा नेपालको संविधानसभा २०६४ को संरचना

६.१.पृष्ठभूमि

नेपालमा संविधानसभाको प्रसङ्ग राणा शासनको अन्त्य गर्दा तत्कालीन राजा त्रिभुवनले वि.सं.२००७ साल फागुन ७ गते र त्यस अघि दिल्लीमा भएको सम्झौता अनुसार राणा प्रधानमन्त्रि मोहन शमशेरले घोषणा गरेको भए तापनि राजा त्रिभुवनको शासनकालमा राजनीतिक वातावरण स्पष्ट हुन नसकेको अवस्था थियो । राजदरवार भित्रनै संविधानसभाको विपक्षमा शक्ति प्रवल वन्दै गएको र नेपालका राजनीतिक शक्ति वीच एकताको अभाव र राजा त्रिभुवनको स्वर्गरोहरण पश्चात राजा महेन्द्र संविधानसभाको विपक्षमा रहेका कारण त्यस वेला संविधानसभाको निर्वाचन हुन सकेन । महेन्द्र नेपालको राजा भएपछि संविधानसभाको निर्वाचनको सवालनै नेपाली राजनीतिमा अन्त्य भयो । धेरै लामो समयपछि नेपाली राजनीतिमा राजनीतिक सहभागिता, गोलमेच सम्मेलन, अन्तरिम सरकार, संविधानसभाको प्रसङ्ग उठ्दै अन्ततः राजनीतिक परिवर्तन भयो ।

वि.सं.२०४६ को जनआन्दोलन सफल भएर नेपालमा संसदीय व्यवस्थाको पुर्नःस्थापना भएपनि संविधान निर्माणको कार्य शाही आयोगबाट नै भएको थियो । संसदीय व्यवस्थाको पुनः स्थापना भएको ६ वर्ष पछि नेपालमा नेकपा (माओवादी)ले संसदीय व्यवस्था विरुद्ध सशस्त्र विद्रोह सुरु गऱ्यो । सशस्त्र विद्रोह सुरु गर्दा संविधानसभाको मागलाई मूर्तरूपमा उठाएको थिएन । उक्त पार्टीको खुला मोर्चा संयुक्त जनमोर्चाले तत्कालीन सरकार समक्ष प्रस्तुत गरेको ४० सूत्रीय मागको एउटा बुँदामा संविधानसभाद्वारा संविधान वनाउन माग गरेको भएपनि उक्त मागले मूर्त रूप लिन सकेन । माओवादी सशस्त्र विद्रोहमा गएपछि तत्काल संविधानसभाको माग उक्त विद्रोही शक्तिले पनि गरेको थिएन तर विद्रोहमा गएको केही वर्ष पछि मात्र संगठनको अवस्था, पार्टीको सैन्य शक्ति, अन्तर्राष्ट्रिय दवाव आदिका कारण नेपालमा नयाँ जनवादी क्रान्तिको सम्भावना नदेखेपछि प्रतिष्ठा सहित विद्रोह अवतरण गराउन राजनीतिक निकासका लागि भन्दै तिनवटा कुराहरू अघि सारेको थियो । जो निम्नानुसार छन् (१) संविधानसभाको निर्वाचन, (२) अन्तरिम सरकार, (३) गोलमेच सम्मेलन । सुरुका दिनमा माओवादीको माग प्रति कसैको चासो र सरोकार देखिएको थिएन । विद्रोहको रफ्तार, राजा ज्ञानेन्द्रको शासन शैली, संसदीय दलहरूको अकर्मण्यताका कारण राज्य सत्ता र विद्रोहीहरूको व्यवहारबाट आजित जनता माओवादी विद्रोहको शान्तिपूर्ण अवतरण चाहिरहेका थिए । यसै अवस्थामा

सात संसदवादी दलहरूको गठवन्धन र विद्रोही माओवादी बीच २०६२ साल मङ्सिर ७ गते १२ बुँदे समझदारी भयो । सो समझदारीले संसदवादी सात दलीय गठवन्धन र माओवादी संयुक्त रूपमा शान्तिपूर्ण आन्दोलनमा जाने निर्णयमा पुगे । उक्त समझदारी भन्दा पहिले माओवादीले मात्र उठाउँदै आएको संविधानसभाको निर्वाचन र संविधानसभाको गठन गर्ने कुरा १२ बुँदे सहमतिपछि सवै राजनीतिक शक्तिको साझा माग वन्न गयो । यही समझदारीको जगमा २०६२/०६३ को जनआन्दोलन भयो । जनआन्दोलनको वल र दवावमा तत्कालीन राजा ज्ञानेन्द्र शाहले हातमा लिएको अधिकार २०६३ वैशाख ११ गतेको शाही घोषणाद्वारा फिर्ता गर्दै पहिलेनै विघटन गरिएको प्रतिनीधिसभा पुर्नःस्थापना गरेको घोषणा गरे । स्थापित प्रतिनीधिसभाको २०६३ साल जेठ ४ गतेको वैठकले नेपाल अधिराज्यको संविधान २०४७ लाई नै संशोधन हुने गरी ऐतिहासिक घोषणा गऱ्यो । उक्त घोषणामा श्री ५ को सरकारको सट्टा नेपाल सरकार भनिने, शाही नेपाली सेना शव्दको सट्टामा नेपाली सेना हुने, राज संस्थालाई पूर्णरूपमा शक्तिहीन वनाउँदै राजाले प्रयोग गर्दै आएको लालमोहरको अधिकारलाई खोसेर सभामुखलाई प्रमाणिकरण गर्न दिने, राजाबाट गरिदै आएका अन्य नियुक्तिहरू, राजदुतको अहोदाको प्रमाणपत्र बुझ्ने आदि जस्ता अधिकार प्रधानमन्त्रिले प्रयोग गर्ने निर्णय गऱ्यो ।[1] २०६३ साल जेठ ६ गते विद्रोही माओवादीसँग वार्ता गर्नका लागि सरकारी टोली वनाउने देखि माओवादीसँग वार्ता गर्ने, जेठ १२, २०६३ का दिन २५ बुँदे आचार संहिता जारी गर्ने, २०४७ सालको संविधानका विभिन्न धाराहरू खारेजी गरेको घोषणा गर्ने काम गर्दै शान्ति प्रक्रिया अघि वढेको थियो । यसै गरी वृहत शान्ति सम्झौता गर्दै नेपालको अन्तरिम संविधान जारी गर्ने सम्मका कामहरू गरियो । नेपालको अन्तरिम संविधान २०६३ मा व्यवस्था भए अनुरूप नेपाल एक समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्र मुलुक हुने सम्मका निर्णयहरू भए । यद्यपि गणतन्त्रको घोषणा भने निर्वाचनपछि गठित संविधानसभाको पहिलो वैठकले गर्ने उल्लेख गरियो । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सहितको नेपालको संविधान वनाउन नेपालमा पहिलो पटक संविधानसभाको पहिलो निर्वाचन २०६४ साल चैत्र २८ गते हुन गयो । मुलुकको संविधान निर्माण गर्ने महत्वपूर्ण भूमिका बोकेको संस्था संविधानसभा, कानून तथा ऐनको तर्जुमा गर्ने विधायिका अधिकार समेत प्राप्त भएको संविधानसभा आफैमा कतिको समावेशी भयो या भएन भन्ने विषयको प्रश्न पेचिलो बन्न गयो । १० वर्ष सम्मको विध्वंशकारी परिवेशबाट भावी पुस्तालाई मुक्त पार्न र मुलुकमा सँधैका लागि अमनचैन तथा शान्ति स्थापना गर्ने धेयका साथ गठन भएको संविधानसभा आफैमा के

[1]. २०६३ साल जेठ ४ गते प्रतिनीधि सभाद्वारा जारी गरिएको घोषणा-(अप्रकाशित), संसद सचिवालय, नेपाल ।

कति अर्थमा समावेशी थियो र यसले लिएको लक्ष्य प्राप्त गऱ्यो या गरेन भन्ने विषयमा यो अध्ययन एक महत्वपूर्ण प्रयास हो ।

६.२. समावेशीताको सैद्धान्तिक पक्ष

नेपालमा प्रचलित कानून अनुसार समावेशीकरण निम्नानुसार वर्गीकरण गरिएको संविधानसभा निर्वाचनको समानुपातिक तर्फको व्यवस्थालाई हेर्दा यस्तो पाईन्छ । जुन वर्गीकरण निर्वाचन भन्दा पहिले भएको जनगणनालाई आधार मानिएको थियो । २०५८ सालको जनगणना अनुसार नेपालको जनसंख्या यस प्रकार रहेको थियो । महिला संख्या ११५८७५०२, पुरुष संख्या ११५६३९२१ गरी कुल जनसंख्या २३१५१४२३ हो । जातिगत जनसंख्यामा आदिवासी जनजातिहरू मध्ये मगर १६२२४२१/७%, थारु १५३३८७९/६.२%, गुरुङ्ग ५४३५७१/२.३४%, लिम्बु ३५९३७९/१.५५%, राई ६३५१५१/२.७४%, हायु १८२१, चेपाङ्ग (प्रजा) ५२२३७, क्षेत्री ३५९३४९६, वाहुन (पहाडे) २८९६४७७, दलित १७३४०१ रहेकाछन् ।[२] सो जनसंख्याको आधारमा नेपालको कानून परिमार्जन गरी आरक्षणको व्यवस्था पनि कानूनी रूपमा गरियो । सरकारी सेवामा नियुक्ति देखि सवै क्षेत्रमा आरक्षणको व्यवस्था गरी समावेशी गर्ने भनियो । नियम विषेशतः संविधानसभाको निर्वाचनपछि कार्यान्वयनमा आएको हो । नेपालको प्रचलित कानूनले संविधानसभामा समावेशीकरण गर्न लैंङ्गिक आधारमा महिला र पुरुषका लागि ५०/५० प्रतिशत जो वरावर छुट्याएको थियो । लैंङ्गिक आधारमा जनसंख्याको अन्य जाति र क्षेत्रलाई समावेशीकरण गर्न निर्वाचनलाई समानुपातिक र प्रत्यक्ष गरी दुवै प्रक्रियाबाट सम्पन्न गर्ने मिश्रित प्रणाली अवलम्वन गरिएको थियो । जसमा संविधानसभाको संरचनामा प्रत्यक्ष निर्वाचनबाट २४० निर्वाचीत हुने, समानुपातिक निर्वाचनबाट ३३५ र मन्त्रिपरिषदको निर्णयले मनोनयन गर्ने २६ गरी जम्मा ६०१ जना रहेको संविधानसभा गठन गरिएको थियो ।[३] समानुपातिक निर्वाचनको लागि निम्नानुसारका आधार कानूनतः निर्माण गरिएकोछ ।[४]

१. मधेशी ।

२. दलित ।

३. आदिवासी जनजाति ।

४. पिछडिएको क्षेत्र ।

---

[२] .केन्द्रीय तथ्याङ्क विभागको रेकर्ड अनुसार ।

[३] .संसद सचिवालयको अभिलेख ।

[४]. ऐ.।

५. अन्य ।

प्रस्तुत व्यवस्थाका आधारमा समावेशीकरण गर्ने आधार वनाईयो । नेपाली समाजमा द्वन्द्वको मूल कारण जातीय तथा क्षेत्रीय असन्तुलनलाई आधार मान्दै जातीय तथा क्षेत्रीय अन्तरविरोधलाई नेपाली समाजको प्रधान अन्तरविरोध रहेको प्रस्तुत व्यवस्थाले देखाउन्छ । अव प्रश्न उठ्न सक्छ । के राज्यको यस्तो कानूनी प्रावधानले नेपाली समाजलाई सही समावेशीकरण गर्न सक्छ ? नेपाली समाजमा सम्पन्नता र विपन्नताको बीचको अन्तर हल गर्न सक्छ ? नेपाली राजनीतिको सेरोफेरोबाट यी प्रश्नहरूको उत्तर खोजिनु पर्दछ । यी प्रश्नहरूको जवाफ खोज्नु भन्दा पहिले नेपालमा संविधानसभाको पहिलो निर्वाचन (२०६४)मा भएको समावेशी/समानुपातिक अवस्थाको विषयमा चर्चा गर्न आवश्यक छ । नेपाली समाजमा समावेशीताको मूल आधार वर्ग, क्षेत्र, जात, लिङ्ग हुन् । यी आधारका अन्य पक्ष धर्म, उमेर आदि पनि हुन् । प्रस्तुत सरकारी समावेशी आधारहरू ठीक छन् या छैनन् भन्ने विषयमा संविधानसभाको संरचनालाई आधार मानेर हेर्न सकिन्छ । संविधानसभाको संरचनामा माथि उल्लेखित पक्ष वर्ग, क्षेत्र, जाति, लिङ्ग लगायत धर्म, उमेर समूह सवैको वारेमा अध्ययन आवश्यक छ । यिनै पक्षहरूका आधारमा संविधानसभाको संरचना समावेशी छ या छैन भन्ने विषयमा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

६.३. मधेशी

नेपालको तराई क्षेत्रलाई मधेश भनिन्छ भने त्यहाँका वासिन्दालाई मधेशी भन्ने गरिएकोछ । मधेशी शव्दको परिभाषा र अवस्था छुट्टै हुन्छ र यसमा विवादास्पद तर्कहरू धेरै भएकाले त्यतातिर अध्ययनको वहस केन्द्रित गर्नु भन्दा विषय-वस्तु तर्फ विचार गर्नु नै उचित हुनेछ । नेपालको तराई क्षेत्रमा वसोवास गर्ने मानिसहरूलाई मधेशी भन्ने गरिए पनि मधेशी भन्ने कुनै जाति, संस्कार, धर्म, वर्ग वा परम्परा होईन । जातिको परिभाषा खोज्ने हो भने जाति भनेको राष्ट्रियता र भौगोलिक सीमाका आधारमा छुट्टिने मनुस्यको विभाग हो ।[५] शव्दकोषले दिएको परिभाषा अनुसार राष्ट्रियता र भौगोलिक सीमाका आधारमा छुट्टिने विभाग अन्तरगत मधेश र मधेशी पहिचानलाई बुझ्न नेपालको ऐतिहासिक स्रोतहरूमा तथा मध्यकालीन नेपालदेखि आधुनिक नेपालको इष्ट इण्डिया कम्पनी बीच लडाँई भएर सुगौली सन्धि हुँदा पनि मधेश शव्दको प्रयोग भएको पाँईदैन । मधेशी आफैमा न कुनै खास जाति हो, न क्षेत्रीय वसोवासको पहिचान हो । अंग्रेजीमा जातिलाई यसरी परिभाषित गरिएकोछ :

[५]. वालकृष्ण पोखरेल (२०४० वि.स.), *नेपाली वृहत शव्दकोष,* काठमाडौं, नेपाल प्रज्ञा प्रतिष्ठान, पृष्ठ ४८६-४८७ ।

Birth, care, family, lineage, a caste, tribe or class, genes, kind, species fix the form of existence. The properties, which are peculiar to class and distinguish its from all others. The essential characteristics of species, a genetic property, position of life obtained led by a more birth.[६]

पारिवारिक जात वंश, वर्ग, आदिका आधारमा जाति वन्न सक्छ । पैत्रिक पारिवारिक सम्पत्तिको भोग चलनको आधारमा जाति वन्न सक्छ तर मधेश र मधेशी उक्त पारिवारिक जात, वंश या वर्गको सीमाभित्र कतै समेटिएको ऐतिहासिक प्रमाण छैन । सुगौली सन्धि यता आएर पनि धेरै मधेश र मधेशी शव्दको प्रयोग नेपालमा भएको पाईदैन । भाषिक आधारमा मैथिली, अवधि, भोजपुरी आदि जस्ता तराईमा वोलिने भाषाहरू नेपाली भूमि भित्र पाईन्छन् । तर मधेशी भनिनेहरूको न भाषा छ, न वर्ग, न त संस्कारै छ । नेपालको पूर्वी तराईमा रहेका राजवंशी, मेचे, कोचे, धिमाल, सतार, गन्गाई, ताजपुरिया आदि जस्ता थरका मानिसहरूको इतिहास नेपाल राज्यको उत्पत्ति हुनु भन्दा पहिले पश्चिममा सप्तकोशी नदी र पूर्वमा भारतको आसाम क्षेत्रसम्म फैलिएको कोच राज्यभित्र रहेको जातिको इतिहासमा पाईन्छ ।[७] भारतमा अझै पनि कुचविहार भन्ने ठाँउ अस्तित्वमा छ । त्यही कुचविहारको आदिवासी कोच जाति भएको इतिहासमा उल्लेख छ ।[८] तराईमा रहेका थारुहरू पूर्व मेची देखि पश्चिम महाकाली सम्म नै फैलिएका छन् । इतिहासमा स्थानीय पटवारीका रूपमा थारुहरूको नियुक्ति भएको र तिनीहरूलाई चौधरी पदवी दिईएको पाईन्छ भने मधेशीको कतै उल्लेख पाँईदैन । नेपालका तराईका आदिवासी मानिएकाहरू थारु, राजवंशी, धिमाल, मेचे, सतार आदि जस्ता जातिका मानिसहरूसँग "मधेशी" शव्द र "आदिवासी" शव्दको छनौटका विषयमा अध्ययनको सिलसिलामा राय लिने प्रयास गरियो । यस विषयमा तलको मत सर्वेक्षणको तालिकाले पनि प्रष्ट पार्दछ । एक मात्र प्रश्न तयार पारी गरिएको मत सर्वेक्षणमा "के तपाँई वर्तमान समावेशीकरण प्रक्रियामा 'मधेशी' भनेर तपाँईलाई पहिचान दिएको रुचाउनु हुन्छ ?" भन्ने प्रश्न सोधिएकोमा यस्तो उत्तर प्राप्त भएको थियो । जो निम्नानुसार तालिकामा हेर्न सकिन्छ ।

---

६. वामन शिवराम आप्टे (१९८२ ई.), *संस्कृत-इङ्लिस डिक्सनेरी,* पट्नाः मोतिलाल वनारसीदास, पृष्ठ २१९ ।

७ . Nalini Ranjan Ray (2007), *Koch rajbangshi and kamatipari a truth unveiled*, Gohati Assam, Vicky Publishers, p. 52.

८ . S.C. Ghosal (2005), *A history of Cooch Behar*, Siliguri: N.L. Publisher's.

तालिका १६ : फिल्ड सर्वे प्रत्यक्ष प्रश्नावलीको जवाफ

मत सर्वेक्षणमा सहभागी संख्या	जाति	उत्तर			
		रुचाउँदिन	थाह छैन	रुचाउँछु	स्थानको नाम
१५००	थारु	११२४	१५१	२२५	झापा जिल्लाः- हल्दीवारी, चकचकी, राजगढ गा.वि.स.हरू सुनसरी जिल्ला :- मधेली, मधेशा गा.वि.स.हरू सप्तरी जिल्लाः- वरियरपट्टि गा.वि.स. राजविराज नगरपालिका, दाङ्ग जिल्लामाः- तुलसीपुर, विजौरीक्षेत्र गा.वि.स.हरू कैलाली जिल्लाः- धनगढीनगरपालिका
१२००	राजवंशी	१०३३	४५	१२२	झापाः-चकचकी,राजगढ,हल्दीवारी, मोरङ्गः- वयरवन गा.वि.स.
३००	धिमाल	२२५	५०	२५	झापाः- दमकनगरपालिका,मोरङ्गः- पथरी गा.वि.स.
५०	मेचे	५०	-	-	झापाः- चकचकी गा.वि.स.
१५०	सतार	१५०	-	-	झापाः- चकचकी र हल्दीवारी गा.वि.स.

स्रोतः फिल्ड सर्वे २०७० ।

झापा जिल्लाको हल्दीवारी, राजगढ, चकचकी, मोरङ जिल्लाको पथरी, वयरवन, केरौन, रङ्गेली, सुनसरी जिल्लाको मधेली, मधेशा गा.वि.स.हरू, सप्तरी जिल्लाको वरियर पट्टी, राजविराज नगरपालिका, तथा दाङ जिल्लामा तुलसीपुर र कैलाली जिल्ला धनगढीमा रहेका थारु, राजवंशी, धिमाल, मेचे तथा सतार जातिका बीचमा लिईएको मत सर्वेक्षणले उनीहरू मध्येका अधिकांश प्राय सवैले आफूलाई मधेशी भन्न नरुचाउने र मधेश र मधेशीको पहिचान भित्र वस्न पनि नचाहने भन्ने प्रतिक्रिया पाईयो । राज्य पुर्नःसंरचनामा मधेश प्रान्त भन्ने र मधेशी भनी पहिचान दिने प्रक्रियासँग उनिहरूको प्रष्ट विरोध छ ।[१] यसरी एउटै क्षेत्रमा वसोवास गर्ने मानिसहरूका बीचमा देखिने यस्तो अन्तर विरोधले नेपाली समाजमा भविश्यमा नत शान्ति स्थापना गर्दछ न सामाजिक द्वन्द्व न्युनिकरण गर्न सहयोग पुग्दछ । तराई क्षेत्रमा नै वसोवास गर्ने मानिसहरूको बीचमा प्रष्ट अन्तर विरोध हुँदा-हुँदै यस्तो प्रक्रियामा फस्नु इतिहासमा गम्भिर भूल हुनेछ । यसले आपसमा कलह र विद्रोहको विजारोपण हुने कुरामा दुईमत हुन सक्दैन ।

तराईका दलित जातिहरू, उच्च जातका मानिसहरूबाट अपहेलित र तिरस्कृत हुने गरेका छन् । सप्तरी जिल्ला राजविराज वस्ने शिवु चमार उनीहरू राजपुत, मण्डल, दास, ठाकुर, यादव जस्ता जातिबाट पिडित भएको गुनासो सुनाउँछन् । उनीहरू पहाडी समुदायबाट भन्दा मधेशी समुदायको सभ्रान्तहरूबाट अपहेलित र शोषित भएको बताउँछन् । मधेशी समुदाय मानिने मानिसहरू

[१]. मत सर्वेक्षणका प्रश्न र परिणामको आधारमा मधेशी भन्न रुचाउने ज्यादै थोरै मात्र पाईएको छ ।

बीच नै मधेशी पहिचानका बारेमा ठूलो अन्तर विरोध भएको पाईन्छ । मधेश प्रान्तीय राज्यको उदय र मधेशी पहिचान नेपाली समाजमा देखिएको विभेदको समाधान होईन । मधेशी भनी तराईका आदिवासी र अन्य तराईवासी सभ्रान्त समुदाय जस्तै ठाकुर, सिंह (राजपुत), यादव, मण्डल, त्रिपाठी, महतो, झा आदि पनि पर्दछन् । सामाजिक रूपमा तिनीहरूबाट अपहेलित डुम, दुसार, चिडिमार आदि जस्ता दलितहरू पर्दछन् । विगतको सामाजिक संरचनालाई नै हेर्दा पनि दशनामी, सन्यासी र ब्राहमण-क्षेत्री समाजमा एकै स्थानमा पाईदैन । दशनामी सन्यासीहरूलाई "अन्य" मा राखेर कानूनी व्यवस्था गर्ने प्रक्रिया गलत छ । त्यस्तै गरी तराई दलितलाई मधेशी समुदाय भित्र राख्ने प्रकृया पनि गलत भएको पाईन्छ ।[१०] तराईका आदिवासी जनजातिहरू थारु, राजवंशी, धिमाल, मेचे, सतार आदिले आफूलाई मधेशी नभएर तराईको आदिवासी जनजाति भएकाले मधेशीको पहिचानबाट अलग राख्नु पर्ने आवाज वारम्वार उठाउँदै आएका छन् ।[११] तराई क्षेत्रका आदिवासी जनजातिहरू आफूहरूलाई मधेशी भन्न नरुचाएको कारण यस अध्ययनमा मधेशीबाट थारु, धिमाल, सतार, मेचे, राजवंशी जस्ता समुदायलाई अलग राखेर अध्ययन गरिएको र सो जातीय वा पहिचानको दृष्टिले समावेशीकरणलाई पहिल्याउन वैज्ञानिक हुने देखिन्छ । अव यहाँ मधेशको प्रसङ्ग कसरी उठ्यो ? भन्ने प्रश्न उठ्न सक्छ । मधेश र मधेशीका सवालमा लेख्ने एक लेखक यसरी लेख्छन्:

> महिषपाल शासकहरू राजपुत खानदानका ग्वालाहरूका राजा थिए र सिमौंनगढ र जनकपुरको बीच तराईमा सशस्त्र सैनिकहरू नेपाल तर्फ आएका हुन् । यसले पनि नेपालमा मानव वसोवासका क्रममा मधेशको इतिहास सवै भन्दा पुरानो रहेको मान्न सकिन्छ । प्राचीन इतिहास अनुसार किचक देश, विराट, कोचिला, मिथिला, कपिलवस्तु, कोलिया, विदेह, तिरहुत आदि राज्यहरू मधेशमा थिए भन्ने कुरामा कुनै विवाद छैन । विदेह, मिथिला, तिरमुक्ति वा तिरहुत जे भने पनि सो क्षेत्र नेपालको तराईसँग सम्वद्ध नै छ । त्यसैले पनि मधेशमा मानव वसोवास निकै पहिले देखि नै रहँदै आएको प्रमाणित हुन्छ । यसरी मधेश र मधेशीको इतिहास हजार वर्ष भन्दा वढी रहेको पाईन्छ ।[१२]

उल्लेखित वाक्यहरूमा इतिहासविद् ज्ञानमणि नेपालको "विदेह, तिरहुत, मिथिला आदि राज्यहरू तराईसँग सम्वद्ध छन्" भन्ने कुरालाई उल्लेख गरेका छन् । अहिलेसम्म मधेश र मधेशीका वारेमा चर्चा गर्ने लेखकहरूले "मधेश" शब्द कसरी आयो र "मधेशी" शब्द कसरी नेपाली धरतीको आदिमकाल देखिएको हो भन्ने कुरा प्रष्ट पार्न सकेको पाईदैन । यस वारेमा दीपक चौधरीले पनि प्रष्ट पारेका छैनन् । एक प्रसिद्ध कृतिमा के लेखिएको छ भने मेसोपोटामियाका सभ्यताको विकास क्रममा दुई मानव समुदाय बीचको झगडाको परिणाम आर्य र अनार्यको बीचमा द्वन्द्व सृजना भएको र ईशा पूर्व ५३९ मा मिदेश र पर्सिमनहरूद्वारा चाल्डियनहरू पराजित भएपछि वेविलोनियनहरू पतन भएको

---

[१०] .संविधानसभा २०६४ को सदस्य महेश चौधरीसँग मिति २०६७/४/१६ मा लिईएको अन्तरवार्ता ।

[११] . महेश चौधरी (२२ वैशाख, २०७१), थारु मधेशी एउटै हुन् ? *नागरिक दैनिक,* वर्ष ६, अंक १२ ।

[१२] . दीपक चौधरी (२०६५ वि.सं.), *नेपालको मधेशी समाज,* काठमाडौं: रत्न पुस्तक भण्डार, पृ. ९ ।

थियो । त्यसको पतनपछि पराजित वेविलोनियनहरू इशा पूर्वको सातौ शताब्दी तिर भारतको पश्चिम तटको प्रयोग गर्दै भारत आए र एउटा समेटिक वर्णको उत्पत्ति गराए[१३] भारतमा सिन्धुघाँटी, मोहन जोडारो हरप्पाको सभ्यताको विकासले आर्यहरूको ग्रिक सिटी राज्यहरूको जस्तै गणतन्त्रात्मक र राजतन्त्रीय शासनको विकास हुन गएको थियो । तिनीहरूका बीच आपसमा मेलमिलाप भन्दा झगडा धेरै हुन्थ्यो । तथापि भाषा र संस्कृति भने साझा थियो ।[१४] त्यही मेसोपोटामियाको सभ्यताको विकाससँगै राज्यका शासक वंशका रूपमा पर्सिमन र मिदेश सम्प्रदाय उद्भव भएको उल्लेख गरिएको छ । डेविजको यही भनाईलाई आधार मान्दै त्यो "मिदेश" सम्प्रदाय पर्सियाबाट भागेर भारत आएको र भारतको मध्यदेश हुँदै नेपाल पसेकोछ । त्यही "मिदेश" सम्प्रदायले वसोवास गरेको भाग "मदेश" हो र त्यो शब्द अपभ्रंश भई "मधेश" हुन गएको हुनसक्ने तर्क राख्दै "मधेश" तथा "मधेशी" शब्दले नेपाली इतिहासमा साँस्कृतिक, भाषिक वा क्षेत्रीय पहिचान राख्दैन[१५] भन्ने नेपालका एक इतिहासविद्को भनाई रहेको छ ।

उल्लेखित भनाईको तर्क, तथ्य र प्रमाण सहितको खण्डन अहिलेसम्म आउन सकेको छैन । त्यसैले नेपालको तराई भूमिमा वसोवास गर्ने तराईवासीहरूलाई मधेशी र त्यो क्षेत्रलाई मधेश भन्न उचित देखिदैन । तथ्य र तर्कको आधारमा दीपक चौधरीको भन्दा पोखरेलको तथ्यपरक प्रस्तुती सत्यको नजिक पाईन्छ । नेपालको तराई क्षेत्रमा रहेका ऐतिहासिक राज्यहरू विदेह, मिथिला, कपिलवस्तु, तिरहुत आदि राज्यहरू नेपालको तराईसँग सम्वन्धित छन् । यो सत्य हो तर मधेश राज्य भएको र त्यहाँका नागरिक वा शासक मधेशी थिए भन्ने कुराको प्रमाण कतै पाँइदैन । तराईमा वस्ने विभिन्न समुदायका नेपालीहरूप्रति राज्यका शासक वर्गले अपनत्वको व्यवहार गर्न नसकेको र उपल्ला वर्गका पहाडी समुदायको अपहेलना रहेको कुरालाई अस्विकार गर्न सकिदैन । नेपालमा जातीय विभेदको कर्मलाई वैधानिक मान्यता दिने नेपाली शासक जयस्थिति मल्लले आफ्नो शासनकालमा सुवर्ण हिन्दु जाति प्राचीन आर्य वर्ण व्यवस्थाको नियम वसाल्दा तराईका पण्डितहरू रघुनाथ झा, रामनाथ झा आदिलाई दरवारमा ल्याएर सल्लाह लिएका थिए ।[१६] अझ त्यो भन्दा अगाडी महिषपाल वंशीहरूले शासन गरेको, लिच्छवि शासनको बीच समयमा गुप्ताहरूको शासन हेर्दा तराईका

---

[१३] . H. A. Devis (1968), *An outline of the history of the world*, Landon: Oxford University Press, pp.58-72.

[१४]. Jawahar Lal Nehru (1997), *Glimpses of world history*, Delhi: Jawahrulal Nehru Memorial Foundation.

[१५] राजकुमार पोखरेल (वैशाख २०६८), "ब्राहमणवाद", *मोलुङ मञ्जरी*, वर्ष २, अंक १, कौशलटार, मोलुङ पब्लिकेशन, पृ.९५ ।

[१६] . वालचन्द्र शर्मा (२०३३), *नेपालको ऐतिहासिक रूपरेखा*, वाराणसीः कृष्णकुमारी देवी, पृ.१३८, १३९ ।

मानिसहरू सिंगो नेपालको शासक भएको पनि पाईन्छ । नेपाल एकिकरण पछिपनि तराईका राजपुत, यादव, झा तथा ठाकुर वा अन्य उपल्लो जातका मानिसहरू राज्यको कुनै न कुनै क्षेत्रमा रहेको पाईन्छन् । प्रत्यक्ष रूपमा हाम्रो सामू रामवरण यादव राष्ट्रपति र परमानन्द झा उपराष्ट्रपति रहनु भएका छन् । ती जातिका मानिसहरूलाई राज्यले विभेद गरेको पाँईदैन । सामाजिक रूपमा हेर्दा वर्गीय आधार कमजोर भएकाहरू भने तुलनात्मक रूपमा अपहेलित थिए । तिनीहरूप्रति भने उपेक्षा गरिएको मान्नु पर्दछ । नेपाल उपत्यकाभित्रका शासकहरूबाट भने सिम्रौनगढ राज्यका जनताहरूलाई "डोय" भनी अपमानित गर्ने गरेको पाईन्छ ।[१७] तराईवासीहरूलाई उपत्यकावासीहरूबाट त्यसैवेलादेखि अपहेलनाको दृष्टिले हेर्ने गरिएको थियो । चाहे ती कोचिला जाति हुन् चाहे मिथिला, अवधि, भोजपुरी वा थारु जातिका हुन् तिनीहरूप्रति गरिएको व्यवहार भने सन्तोषजनक थिएन । राजधानीको यो व्यवहार सिंगो राष्ट्रिय व्यवहार मान्ने तराईवासीहरूको चिन्तनलाई भने भूल भएको मान्नु पर्दछ ।

पछिल्ला दिनमा वि.सं.२०६३ सालमा भएको मधेश आन्दोलनमा मधेशीहरूमा राज्य व्यवस्था प्रतिको ठूलो आक्रोश देखिन्थ्यो र त्यसको मुल कारण नेपाल राज्यको एकीकरणपछि शाहवंशीय शासकहरूको जाति विशेषको शासकीय सोच र एकात्मक केन्द्रीकृत पञ्चायती पृष्ठभूमि मधेश आन्दोलनको उत्प्रेरणा भएको भन्ने तर्क केही लेखकहरूबाट भएको पाईन्छ ।[१८] वास्तवमा वाहिरी आवरण र सतहमा हेर्दा उक्त भनाईलाई नकार्न सकिदैन तर भित्री तथ्यगत आधार खोज्ने हो भने त्यसलाई सत्य मान्न सकिदैन । तराईको जनमानसमा उब्जिएको एक प्रकारको आक्रोश भएपनि आन्दोलनको उद्भव र कारण अर्कै हो । शाहवंशीय शासनलाई आरोप लगाउने हो भने मधेश विद्रोह शाह शासनको समयमा भएको थिएन । शाह शासनको अन्त्यपछि मधेश विद्रोह भयो । मधेश विद्रोहको परिणाम हेर्ने हो भने सो विद्रोह मधेशी भनिएका समुदायका मानिसहरूको राज्यका अंगहरूमा पहुँच विस्तार गरायो । त्यसमा संभ्रान्त समुदायको झा, राजपुत, यादव, मण्डल, ठाकुर आदि जस्ताको मात्र वर्चश्व रहेको देखिन्छ । अर्को कुरा मधेश विद्रोह लामो पृष्ठभूमिमा भएको थियो । मधेशी भनिएका तराई मूलका जनतामा अपहेलना भयो भन्ने अवधारणाको विकास हुनु स्वाभाविक थियो । तर मधेश विद्रोहले दिएको परिणाम हेर्दा पहाडी मूलका मानिसहरूलाई तराईका खास केही जिल्लाहरू सप्तरी, सिराहा, महोत्तरी, धनुषा, रौतहट, वारा, पर्सा आदि जिल्लाहरूबाट विस्थापित गराउने काम मूलरूपमा उपलब्धिको रूपमा लिईयो । नेपाली खस भाषी मानिसहरू भारतको आसाम

---

[१७] . Rajkumar Pokhrel (2012), *Historiography and history of Nepal*, Bhaktapur: Molung Foundation p. 74.

[१८] चौधरी, पूर्ववत्, नं. १२ ।

राज्यबाट त्यो भन्दा पहिले लखेटिए । वि.सं.२०४५ सालसम्म भारतका विभिन्न भागबाट नेपालीहरू विस्थापित भए । भारतको उत्तर पूर्व क्षेत्रमा गोर्खा ल्याण्ड आन्दोदन लामो समयदेखि चलिरहेकोछ र त्यो अध्यवधि कायम छ । त्यस्तै भारतीय सुरक्षा र विदेश सम्वन्धको प्रभावमा परेको भुटानबाट भारतीय भूमिनै प्रयोग गरी नेपाली भाषी जनतालाई लखेटियो । तिनीहरूलाई फिर्ता जान सोही भूमि प्रयोग गर्न भारतले दिएन । नेपाली भाषी माथिको दमनकै सिलसिलामा भारतीय आँखा नेपालको तराई क्षेत्रमा पर्न गयो । नेपालमा भारतीय दवाव र प्रभावका विरुद्ध उभिएको एक स्थापित संस्था राज संस्था थियो । नेपालमा राजसंस्था फ्याक्नको निमित्त भारतको योजना समेतको संलग्नतामा दरवार हत्याकाण्ड रचियो ।[१९] दरवार हत्याकाण्डपछि राजतन्त्र कमजोर भयो ।

भारतीय भूमिमा नेपाली संसदीय राजनीतिका अनुयायी सात राजनीतिक दल र विद्रोही माओवादीका बीचमा १२ बुँदे सम्झौता भई राजतन्त्रका विरुद्ध जान वातावरण भारतले वनाई दियो । त्यसवेला नेपाली कांग्रेस राजतन्त्र अन्त्य गर्ने पक्षमा थिएन । नेपाली कांग्रेस माथि राजतन्त्र अन्त्य गर्न दवाव भारतले दिएको थियो । यही सन्दर्भमा वोली चालीका शब्दमा मधेश र मधेशी शब्द पर्याप्त उठ्दै आएको हो । मधेशी भनिने तराईबासी मानिसहरूमाथि पहाडी समुदाय खासगरी उपत्यकाबासीले गर्ने अपमानको व्यवहार कालो अनुहार मात्र थिएन । खासगरी संस्कार र चाल-चलनले पहिले देखिनै फरक देखिएकाले अपहेलित भई आएका हुन् । चाल-चलन, लवाई-खवाई आदि जस्ता संस्कार र व्यवहारजन्य कुराहरूले पहाडी समुदायका मानिसहरूले कथित मधेशीहरूलाई असभ्य देख्नाको परिणाम केही अर्थमा अपहेलना देखिएको हो भनी पहाडी समुदायका तराईवासी मानिसहरू बताउँछन् । अझ दावा के पनि गर्छन् भने मधेश आन्दोलनको चपेटामा परेको राजविराज नगरपालिका क्षेत्रमा पहाडी समुदायको बसोवास हुँदा त्यहाँ सरसफाई र अहिले मधेशी भनिएका समुदायको वाहुल्यता हुँदा त्यहाँको विग्रेको सर-सफाईको अवस्थालाई उदाहरण दिने गर्दछन् ।[२०] उनको यो भनाईलाई पुष्टि गर्दै कथित मधेशी समुदायकै व्यक्ति हाल राजविराजमा पसल गरी बसेका सुनिल साहले समेत स्वीकार गरेकाले[२१] मधेशी समुदाय प्रति पहाडी समुदायको हेराईमा भिन्न संस्कार, सामाजिक व्यवहारकै कारण हो भन्न सकिन्छ । पहाडी समुदायका मानिसहरूको विस्थापन पछि राजविराज तथा जनकपुर क्षेत्रमा देखिएको अपहरण, असुरक्षा तथा फोहोर मैलाको अवस्थालाई

---

[१९]. राजकुमार पोखरेल (२०६८ वि.सं.), *नारायणहिटी दरवार र देशभक्तको अवसान,* काठमाडौं: ओरियण्टल पब्लिकेशन, पृ.३६-४९ ।

[२०]. राजविराजबाट मधेश आन्दोलनको दौरानमा विस्थापित एक अधिवक्ता रामकृष्ण गौतमसँग २०६७ साउन ४ मा लिइएको अन्तरवार्ता ।

[२१].राजविराजका एक व्यपारी सुनिल साहसँग २०६९ जेठ ३ गते भएको कुराकानी ।

हेर्दा मधेशी समुदायका मानिसहरू राज्य सत्ताबाट अपनत्व नपाएको भन्दा पनि आफ्नै खराब संस्कारले पछि परेको मान्न सकिन्छ ।

मधेश आन्दोलनको पछाडि अर्को पनि कारण भएको पाईन्छ । भारतीय भूमि तथा भुटानको भूमिमा नेपाली भाषीहरू माथि दमन गरिएपछि नेपालको तराईमा आक्रमण भएको छ । मधेशीका नाममा भद्रकाली मिश्रदेखि गजेन्द्रनारायण सिंह सम्मलाई प्रभावित गराएर राजनीतिमा उतारे पनि राजतन्त्रको स्थायीत्वका कारण नेपाली भाषी माथि दमन गर्ने आधार तयार भएन । जव मुलुकमा गणतन्त्र आयो तव तराईबासी मानिसहरू माथि गरिएको अपहेलनालाई आधार मानेर तराईमा विद्रोह गर्ने योजना बन्न थालेको देखिन्छ । २०६४ साल वैशाख २८ गते भारतको पटनामा भारतीय सहयोगमा नेपालबाट तराई टुक्र्याउने योजनाका साथ मधेशवादी सशस्त्र र संवैधानिक नेताहरू भेला भई सम्मेलनको आयोजना गरेका थिए । तर त्यसको खुलासा वेमौसममा नै रामराजाप्रसाद सिंहले गरिदिएको रिपोर्ट नेपाली पत्रकारहरूले छापे ।[२२] त्यसको खुलासा भएपछि अन्तरिम संविधान जारी हुँदा वहाना वनाएर मधेश विद्रोहको थालनी भयो । उक्त विरोधको पछिल्तिर भारतीय भूमिका रहेको पटना वैठकको घटनाले संकेत गर्दछ । जुन विद्रोह ताका लाहानमा एक जना युवकको माओवादीको उछृङ्खल व्यवहारको कारण ज्यान गयो र विद्रोहले उर्जा पायो । मधेश विद्रोहले उर्जा पाउनासाथ नेपाली खस भाषी नागरिकहरूमाथि आक्रमण गरियो । नेपाली खस भाषी मानिसहरू भारतीय भूमिसँग सीमाना जोडिएका क्षेत्रमा तारवार जस्तै सुरक्षा स्तम्भ भएका थिए । उनीहरूलाई त्यहाँबाट विस्थापित गरेपछि भारतीय योजना तराईका लागि सुगम वन्दै गयो । मधेशी भनिने राजनीतिक नेताहरूमा पलाएको हिन्दी भाषा मोह, एक मधेश प्रदेश र नेपाली खस भाषी नागरिकको विस्थापन आदिलाई हेर्दा मधेश विद्रोह तराईका नागरिकहरू माथिको अपमानको परिणाम आवरणमा भएपनि भित्री योजना भारतको स्वार्थमा आधारित थियो भन्न सकिन्छ । अहिले नेपालमा स्थापित मधेशी राजनीति नेपाली इतिहास र सार्वभौमिकताका विरुद्ध रहेको देखिन गएकोछ । तराईको कोचिला, मिथिला, भोजपुरा, अवध, थारुवान आदि जस्ता कुराहरू नेपाली धरतीको पहिचान भएपनि मधेश र मधेशी शब्दले कुनै साईनो राखेको देखिदैन । वर्तमान कानुन तथा राज्यले समावेशीकरणमा मधेशी शब्दको प्रयोग गरेकोले आरक्षण र समावेशीताको सवाल गलत भएको मानिन्छ । माओवादी शक्ति नेपालमा लामो संघर्ष गरेर स्थापित भएको र यसले आफ्नो युद्धकालमा कोचिला, मिथिला, भोजपुरा, अवध र थारुवान राज्य भनी जसरी वर्गीकरण गरेको थियो त्यो समावेशीताको आधारमा एक प्रकार

---

[२२].तिलक पाठक (२४ असार २०६४), "पटना वैठकको अन्तरकथा", *नेपाल साप्ताहिक*, काठमाडौं: कान्तिपुर पव्लिकेशन पृ.२५ ।

तराईलाई हेर्ने दृष्टिकोण ठीक थियो । पछिल्ला दिनहरूमा र २०६९ सालको हेटौडा महाधिवेशन सम्म आई पुग्दा स्वायत्त मधेश प्रदेशको कुरा जसरी गर्न पुग्यो[२३] त्यो राष्ट्रको स्वाधिनता र सार्वभौमिकताको संरक्षणको हिसावमा गम्भिर त्रुटि हो । मधेशकै सवालमा केही लेखकहरू तथा राजनीतिक कर्मीहरू मिथिला, विदेह, शाक्य र कोचिला राज्यहरूको उदाहरण दिँदै मधेशीहरू मधेशका आदिवासी हुन् भन्ने दावी गरेको पाईन्छ ।[२४] इतिहासको कालखण्ड २०६२/०६३ को जनआन्दोलन भन्दा पूर्व राष्ट्रिय अभिलेख तथा माआवादी विद्रोह र माओवादी दस्तावेजहरू वाहेक कतै पनि नेपाली भूमिमा मधेश शब्दलाई भुगोलको आधारमा परिभाषित वा प्रयोग गरेको पाईदैन । प्राचीन धार्मिक, पौराणिक ग्रन्थहरूदेखि पछिल्ला दिनका लिखतहरूमा पनि मधेश नभएर तराई भएको पाईन्छ । भारतमा लामो समय शासन गर्ने अंग्रेजहरूले नेपाल प्रवेश गर्दा प्रयोग गरेको भाषामा पनि मधेश उल्लेख भएको पाईदैन । नेपालको Plain land, Terai land आदि पाईन्छ । तिरहुत राज्यमा वसोवास गर्ने मध्यकालीन तिरहुति नागरिकलाई काठमाडौंका मानिसहरूले अपमानित ढंगले वोलाउँदा "डोय" भनी सम्वोधन गर्दथे भन्ने कुरा उल्लेख गरि सकिएकोछ । नेपाल एकीकरण पश्चात र त्यसको आसपासमा नेपाल आउने अंग्रेजहरूका लिखतमा "मधेश" शब्दको प्रयोग नभएर "तराई" शब्दको प्रयोग गरेको पाईन्छ । कर्क पेट्रिकले यस क्षेत्रमा उनले नेपाल भ्रमण गर्दा घना जंगल भएको उल्लेख गरेकाछन् ।[२५] नेपाल र अंग्रेज बीच भएको सुगौली सन्धिमा मधेश शब्दको प्रयोग नगरी तराई शब्दको प्रयोग गरिएकोछ । यस्तै गरी एक विद्वन्ले नेपालको प्रशासनिक विभाजनको इतिहास लेख्दा यसरी लेखेका छन् : "At the time at Kirkpatrick's visit in 1793 the Terai area from Gandaki to Tista was divided into five districts which were 1. Saptari, 2. Mahattari, 3. Rautahat, 4. Bara 5. Parsa."[२६]

उल्लेखित स्थानहरू नेपालका तराई क्षेत्रका भू-भाग हुन् । कतै पनि मधेश लेखिएको छैन । मधेशीको परिचय दिने क्रममा केही आफूलाई मधेशी समुदायको दावी गर्ने लेखकहरू लेख्छन् सिन्धु घाँटी देखि गंगाको मैदानी भू-भागसम्म वसोवास गर्ने मानिसहरू जो द्रविड र आर्यनहरूको

---

[२३]. एनेकपा (माओवाद), (२०६९), *सातौं राष्ट्रिय महाधिवेशनमा प्रस्तुत दस्तावेज,* नेपालः एकिकृत नेकपा (माओवादी), केन्द्रीय समिति, पृ. ५० ।

[२४].प्रभू साह (२०६५ पुस), *मधेसी समस्या र समाधानका आधारहरू,* नेपालः मधेशी राष्ट्रिय मुक्ति मोर्चा, पृ. ४ ।

[२५]. Kirkpatrick (1986), *An account of the kingdom of Nepal, a mission to that country in the year 1793,* New Delhi: Asian Educational service, P. 16.

[२६] Tulasi Narayan Shrestha (1984), *Nepalease administration a historical perspective*, Kathmandu: Rhino Publication, P. 183.

अन्तरघुलन (रक्त संमिश्रण)बाट विकशित वर्ण शंकर जाति मधेशी हो ।[२७] वास्तवमा उनको लेखको आधारमानै भन्ने हो भने उक्त मैदानी भू-भाग भारतको मध्यदेश हो । त्यो क्षेत्रमा मेसोपोटामिया सभ्यताको मिदिस सम्प्रदाय आएर वसोवास गरेकाले त्यसलाई मध्यदेश भनेको हुनु पर्छ । उनीहरू तराई क्षेत्रका द्रविडहरूसँग अन्तरघुलन भएपछि मध्यदेशमा बस्ने भएकाले मदेशी भनिए । त्यो "मदेश" शब्दको अपभ्रंस हुनुपर्छ "मधेश" शब्द । त्यसैले यसले नेपाली माटोसँग पहिचानको नाता राखेको पाँइदैन । त्यत्तिकै तराईका आदिवासी थारु, राजबंशी, गनगाई, तथा अन्य जातिहरू तराईका आदिवासी भएकाले उनीहरूकालागि तराईको भाषा र संस्कृतिगत नेपाली पहिचान आवश्यक देखिन्छ । उनीहरूको हकमा भने उनीहरूको पछौटेपनको विकास नभएसम्मको अवधि आरक्षणको आवश्यकता पर्दछ र तराईमा वस्ने उनीहरूको हकमा मात्र समावेशीकरण आवश्यक छ । नत्र मधेशीको नाममा तराईका सभ्रान्त समुदाय र जातिलाई पहिचान र आरक्षण दिनु गलत हुनेछ ।

६.४.दलित

नेपालमा जातीय विभाजनको कालदेखिनै समाजमा पानी नचल्ने तल्लो जात वा अछुत भनिएकाहरूलाई दलित भन्ने गरिएको छ । दलित आफैंमा उत्पीडित र सामाजिक रूपमा अपहेलित समुदाय हो । दलितहरूमा पनि पहाडी दलितहरू पहाडी समुदायबाट नै अपहेलनामा परेको र त्यसरी नै मधेशी दलितहरू तराईकै उच्च तथा सभ्रान्त परिवारबाट उत्पीडित भएको पाईन्छ । जनसंख्याको उपस्थिति हेरेर समावेशीकरणमा विषेश पहल हुनु उचित हुने भएकाले त्यो दुवै समुदायको तथ्य तथ्याङ्क पनि अलग-अलग गर्ने प्रयास हुनु जरुरी छ । नेपालको संविधानसभा २०६४ को समावेशी संरचनाको अध्ययन गर्ने प्रयास भएकोछ । दलित समुदाय नेपाली समाजमा उपेक्षित समुदाय हो । यो समुदाय इतिहासको प्रचीन कालमा जातिगत पहिचानमा मात्र रहेको भए तापनि मध्यकालीन समयमा आएर ज्यादै उपेक्षित, अपहेलित र शोषित वन्न पुगेको कुरा यस अध्ययनको अन्य अध्यायहरूमा चर्चा गरि सकिएकोछ । नेपालमा अल्पसंख्यक अवस्थामा रहेका दलितहरूको आरक्षण र संरक्षण जरुरी छ । नेपाली समाजमा तराई र पहाड गरेर दुई खाले दलित पाईन्छन् । धनकुटा नगरपालिका वडा नं. ३ वस्ने रामवहादुर सार्की भन्छन् 'कामको सिलसिलामा तराईतिर जाँदा तराईका सभ्रान्त मानिसहरूको घर भित्र पस्दा, वस्दा वा खानेकुरा खाँदा के जात वा जातिको भनी सोधिन्न र वास्ता पनि गरिएको

[२७]. प्रभू साह, *पूर्ववत्* नं. २४ ।

पाँईदैन तर पहाडका क्षेत्री-वाहुन समुदायबाट नै जातिका आधारमा छुवाछुत गरिन्छ ।[२८] त्यसरी नै सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ३ निवासी शिवु चमार भन्छन् । 'तराईका झा, ठाकुर, यादव, मण्डल जस्ता जातिहरूको घर कम्पाउण्डमा पस्न र इनार वा धाराको पानी छुन पनि हामी पाँउदैनौं तर पहाडी समुदायका मानिसहरूको घर भित्रको पाइखाना (चर्पी) सफा गर्न पाईन्छ । उनीहरूले डुम भनेर ज्यादै तिरस्कार गर्दैनन् मधेशी उच्च वर्ग वा जातका मान्छेले गर्छन् ।[२९] यी दुईको भनाईबाट के बुझिन्छ भने आ-आफ्नै धरातलीय समुदायका उच्च जाति बाट दलितहरू अपमानित वा तिरस्कृत हुने गरेका छन् । पहाडी समुदायमा भन्दा मधेशी समुदायमा जातीय संकिर्णता धेरै छ । जातीय संकिर्णताको कारण नै वावुले आफ्नै छोरी मारेका घट्नाहरू पनि अगाडी आएका छन् । एक अंग्रेजी समाचार पत्रले एउटा समाचार सम्प्रेशण गर्दै के भनेको छ भने प्रहरीको अनुसन्धान अनुसार May 21, 2013 का दिन आफ्नो १६ वर्षीय छोरी रवी राउतको फरक जातको उनको प्रेमी १७ वर्षीय छिमेकी अरुणकुमार साहसँग प्रेम विवाह गरी March 16, मा नयाँ दिल्लीतिर गएको अवस्थामा पनि घर फर्काई उनका पिता एलेन्द्र राउत वरईले आफ्नो छोरीलाई पेशेवर अपराधीको प्रयोग गरी अपहरण गराई मार्न लगाए ।[३०] उक्त अपराधको कारण एलेन्द्र राउत हाल प्रहरी नियन्त्रणमा छन् । उक्त समाचारमा अझ के पनि भनिएको छ भने केटा पक्षले केटी पक्षलाई केटी छुटाउन रु. ५०००० /- (पचास हजार) दिएका थिए । केटी पक्षले केटीलाई केटाबाट छुटाउन राजी भयो । भारतबाट दुवै पक्ष भएर केटा र केटीलाई नेपाल ल्याईयो र रु. १०००० /- (दश हजार) दिएर हत्यारा किनेर वावूबाट छोरीको हत्या गराईयो ।[३१] वराई थरको जात तराईवासीमा साह भन्दा सानो मानिन्छ । त्यसैले वरई जातकी केटी छुटाउन केटा पक्षले पैसा दियो । केटी पक्ष पनि जातीय असमानता मान्दै राजी भयो । केटीलाई केटाबाट छुटाउन वावुले हत्यारा किनेर हत्या नै गर्न लगायो । जातीय संकिर्णताले उत्पन्न गरेको अमानवीय व्यवहार यत्तिकासम्म नीच कार्य अरु केही हुन सक्दैन । पहाडी समुदायमा घर परिवार तथा समाजबाट निस्कासन गरेको त सुन्नमा आएकाछन् तर पैसा खर्च गरेर मार्न लगाएको घट्ना भने आजसम्म पाईएको छैन । जातीय संकिर्णता मधेशी समुदायमा जत्ति

---

[२८].धनकुटा नगरपालिका वडा नं.३ निवासी दलित व्यक्ति रामवहादुर सार्कीसँग २०६९/४/३ गतेको अन्तरवार्ता, निज किसान तथा मजदुरको काम गर्दछन् ।

[२९].सप्तरी जिल्ला राजविाज निवासी दलित व्यक्ति शिवु चमारसँग २०६९/४/२९ गतेको अन्तरवार्ता, निज सुँगुर पालन तथा काँचो छाला सङ्कलन गर्ने काम गर्दछन् ।

[३०] . *The Himalayan*, Daily, Vol.XII, No.205, Jun.15, 2013.

[३१]. ऐ. ।

धेरै छ त्यत्ति अन्य समुदायमा छैन । त्यसैले राज्य पुर्नःसंरचनामा मधेश राज्य हुने सवै जातजातिलाई एउटै डालोमा राखेर मधेशीको नाममा पहिचान वनाउने र आरक्षण दिने चलन राज्यले जसरी अवलम्वन गरेकोछ त्यसमा त्रुटी रहेकोछ । मधेशी पहिचानले तराईका दलितहरूमा पनि न्याय दिन सकेको छैन । तराईको यस्तो संरचना समावेशीकरणका दृष्टिले घातक छ । दलित जातिलाई निस्चित समय सम्मका लागि उनिहरूको उत्थान गर्ने उद्देश्यका साथ नेपालमा आरक्षण दिन आवश्यक छ र तराईमा मधेशीभित्र नै दलितलाई समावेश गर्ने पक्रिया समावेशीका दृष्टिले गलत मान्नु पर्दछ । मधेशी भनेर पहिचान दिनु वा मधेशी भित्र तराईवासी दलितहरूलाई समेत समावेश गर्नुको सट्टा मधेशी पहिचान हटाएर तराईवासी दलित भनेर सम्बोधन गरिनु उचित हुन्छ ।

६.५. आदिवासी जनजाति

शाब्दिक शब्द खोज्ने हो भने आदिवासी र जनजाति दुई भिन्न अर्थ लाग्ने शब्द हुन् । आदिवासी (Aboriginal) जसलाई अंग्रेजी Dictionary ले existing in a place from a very early period, esp. before the arriaval of colonist (aborigin tribes/inhabitants) भनी अर्थ लगाएको छ[३२] भने जनजाति Indigenous लाई Belonging naturally to a place, Native. भन्दै यसलाई भाषा र संस्कृतिसँग सम्वन्धित देखाएकोछ ।[३३] यसको वास्तविक अर्थ यो हो तराईमा अहिले पनि खास क्षेत्रमा वसोवास गरी रहेका राजवंशी, मेचे, कोचे, धिमाल, सतार, किसान, ताजपुरिया, गनगाई, थारु जाति तराईका आदिवासी मानिन्छन् । भाषा र संस्कृतिका हिसावले समग्र देश भित्रको अवस्थामा आदिवासी जनजाति भन्दा फरक पर्दैन । नेपालको पूर्वी पहाडमा वस्ने किराती जाति आदिमकालदेखि वसोवास गर्दै आएका छन् । भाषा र संस्कृतिको आधारमा जनजातिहरू आदिवासी मानिन्छन् । पहुँच, सभ्यता र संस्कृतिको विकासका आधारमा तराईका आदिवासी भन्दा पहाडका आदिवासी जनजातिहरू निकै अगाडी रहेको पाईन्छ ।[३४] आदिवासीकै सवालमा राज्यको स्थापना हुनु भन्दा पहिलेदेखि वसोवास गर्दै आएका खस जाति र भाषी मानिसहरुलाई आदिवासीको सूचीमा राखिएको छैन । एक स्रोतले उल्लेख गरेको राज्यका विभिन्न निकायमा रहेर सुविधा भोग गरिरहेका जातिहरूको तथ्याङ्कलाई तालिकामा राखेर यसरी पनि हेर्न सकिन्छ ।

---

[३२]. *Oxford advance learning dictionary*, Indian edition, (1998), New Delhi: Oxford University Press, P.3.

[३३]. *उही*, पृष्ठ ६०७ ।

[३४]. प्रस्तुत तथ्याङ्कको स्रोत नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग हो । यसमा सवै जाति समेटिएका छैनन । खास केही जातिहरूमात्र समेटिएका छन् । प्रतिशतमा ०.५ भन्दा तलरहेकाहरूलाई उल्लेख गरिएको छैन ।

तालिका १७ : राज्यका विभिन्न निकायमा सुविधा भोग गरीरहेका जातिहरूको अवस्था ।

जाति/आदिवासी जनजाति	जनसंख्याको आधारमा		राज्यका विभिन्न निकायमा रहेर सुविधा पाएकाहरू	कैफियत
	जनसंख्या	प्रतिशत	प्रतिशत	अवस्था
ब्राहमण/क्षेत्री	६४४९९७३	२८.०२	३३.३०	५ प्रतिशत भन्दा वढी
पहाडी दलित	१६१६५९२	६.९८	५.६५	१ प्रतिशत कम
आदिवासी जनजाति	४९८८२९८	२१.५४	२१.३०	लगभग वरावरी
नेवार	१२४५२३२	५.३७	५.१५	लगभग वरावरी
मधेसीआदिवासी जनजाति	२०५१५६९	८.८७	७.४	१ प्रतिशत कम
उच्च जातिको मधेसी	३३८१८५२	१४.६०	२०.४७	लगभग ६ प्रतिशत वढी
मधेसी दलित	१०३१२९२	४.४५	२.३२	२ प्रतिशत भन्दा कम
मुसलमान	९७१०५६	४.१९	३	१.५ प्रतिशत भन्दा कम
अन्य (अरु बाँकी)	१४१५९५९	६.११	६.११	वरावरी
जम्मा	२३१५१४२३ वि.सं.२०५८ को जनगणना अनुसार			

स्रोतः निर्वाचन आयोग, केन्द्रीय तथ्याङ्क विभाग, संसद सचिवालय ।

माथिको तालिकाको आधारमा निम्न कुराहरू प्रस्तुत गर्न सकिन्छ ।

१) समावेशीकरणमा पहाडी ब्राम्हण, क्षेत्रीलाई सवैभन्दा उच्च, सभ्रान्त र शासक तथा शोषक वर्गमा राखिएकै कारण प्रष्ट कतै उल्लेख नभए पनि अव्यक्त रुपमा परिभाषित गरी उनीहरूलाई कुनै पहिचान दिईएको छैन । यी जातिले जनसंख्याको कुल हिस्सामा राज्यबाट ५ प्रतिशतले बढी सुविधा पाएको देखिन्छ । उनीहरूलाई न आरक्षणको कुनै व्यवस्था गरिएको छ न पहिचानकै । तर तराईको उच्च जाति जसलाई मधेशीको पहिचान दिएर आरक्षणको पनि व्यवस्था गरिएको छ । उनीहरूले राज्यका विभिन्न क्षेत्र वा राज्यको अङ्गमा ६ प्रतिशत भन्दा धेरै सुविधा प्राप्त गरेका छन् । अन्तरिम संविधान २०६३ र समावेशी कानुनहरू बन्न थालेपछि यो संख्या ५ प्रतिशतले वृद्धि भएको छ भने पहाडी उच्च जातिको संख्या ६ प्रतिशतले घट्दै गएको छ ।[३५]

२) मधेशी भनेर तराईका उच्च जाति तथा तल्लो जातिलाई एउटै कोटीमा राखि समान समावेशीकरणको अवसर दिनु सिद्धान्ततः सामाजिक न्यायको दृष्टिले गलत देखिन्छ ।

३) आदिवासी जनजातिमा दर्जिएको नेवार जाति जनसंख्याको हिसावले लगभग ६% वढी देखिन्छ भने रोजगारी र आय आर्जन वा सरकारी सुविधा उपभोगका हिसावले लगभग १०.३% ले सुविधा

[३५].जनगणना २०६८ सालको तथ्याङ्कको आधारमा ।

उपभोग गरेको पाईन्छ ।[३६] यो संख्या उनीहरूले संख्याको हिसावले पाउने सुविधा भन्दा धेरै देखिन्छ ।[३७] यो जातिलाई मगर, थारु, गुरुङ, राई, चेपाङ, हायु, झाँगड, किसान, सतार, मेचे, कोचे, राजवंशी आदि सरह राखेर आदिवासी जनजातिमा सामेल गरेर एकै प्रकारको आरक्षण दिने सरकारी नीति जुन वनेकोछ त्यसमा त्रुटि छ । यसले पछाडि परेका आदिवासी जनजातिको आरक्षणलाई कटौटी गरेको कारण न्यायसंगत छैन । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका केन्द्रीय नेता राजेन्द्र लिङदेनको भनाईलाई यहाँ उल्लेख गर्न वाञ्छनीय देखिन्छ । उनले भनेका छन् :

> म लिम्बुको छोरो समावेशी आरक्षणमा परेको जाति । म मरो खेतवारी जोत्दिन, श्रम पनि गर्दिन, जाँडरक्सी पनि खान्न । जिल्ला विकास समितिको सभापति पनि भएँ, राजनीतिमा उपल्लो तहमा छु, मैले स्नातकोत्तर सम्मको अध्ययन नि गरेको छु, तर मेरो खेत कमाउने एक भट्टराई थरको मान्छे छ । उसंग मेरो खेत कमाएर खाने वाहेक बाँच्ने कुनै विकल्प छैन । तर उसले आरक्षण पाउदैन म पाउँछु । उ चाहिं शोषक तथा शाषक अरे अनि म उत्पीडित जाति । यो कस्तो न्यायसंगत कुरा हो ?[३८]

विद्यमान नेपालको समावेशीकरणको क्षेत्रमा यो गम्भीर विषय हो । नेपालको विद्यमान समावेशीकरणको प्रक्रियाले सामाजिक न्यायको प्रत्याभूति जनतालाई दिँदैन र समाजमा शान्ति स्थापना हुने पनि देखिदैंन । सिद्धान्ततः यो समावेशीकरणको विधि सही मान्न सकिदैन तथापि समग्रमा उच्च जातिका मानिसहरूको तुलनामा आदिवासी जनजातिहरूको पहुँच राज्यका निकायहरूमा निकै कम देखिन्छ । यसर्थ उनीहरू अरु सरह समान स्तरमा विकास गराउन केही जातिहरूलाई आदिवासी जनजातिमा सूचीकृत गर्नु, समावेशीकरण तथा आरक्षणको व्यवस्था गर्नु आवश्यक र उपयुक्त छ तर पनि समावेशी संरचनाको निर्माण र आरक्षणको व्यवस्थाको सवालमा नाक र जात हेरेर सुविधा बढी र कम प्राप्त गर्ने सवैलाई एउटै डालोमा सूचिकृत गरी समान स्तरमा आदिवासी जनजाति दर्जा दिनाले सम्पन्न र विपन्नताको खाडल अझ फरक भई रहेकोछ । यसरी दुरी लम्बिने क्रममा अगाडि बढेको र पिछडिएकाहरूको बीचमा समान प्रतिस्पर्धा हुन सक्दैन । उदाहरणका लागि नेवार समुदाय र झाँगड, लिम्वु वा मगर समान स्तरको आदिवासी जनजाति हुन सक्दैन । यस्तो समावेशीकरणले सुविधाकम पाएका वा पिछडिएकाहरूको अधिकार खोसिन गएको मान्न सकिन्छ । तसर्थ सिद्धान्ततः विद्यमान समावेशीकरणको प्रावधान न्यायसंगत छैन ।

---

[३६].राष्ट्रिय योजना आयोगको अभिलेखबाट ।

[३७]. ऐ. ।

[३८]. माउण्टेन टेलिभिजनसँग मिति २०७० भाद्र २९ गते राजेन्द्र लिङदेनको कुराकानी ।

६.६. पिछडिएको क्षेत्र

नेपाल एकै प्रकारको भू-वनावटबाट निर्माण भएको छैन । भू-धरातलका आधारमा नेपाल तराई, पहाड र हिमाल गरी तिन क्षेत्रमा विभाजित भएकोछ । समथर भूमि, उर्वर माटो, सहज भू-संरचनाका कारण तराई क्षेत्र पहाड र हिमालको तुलनामा सुगम हो । आर्थिक सम्पन्नता र विकासको दृष्टिले अगाडी वढेकोछ भने हिमाली क्षेत्र सवै भन्दा विकट पिछडिएको छ । त्यसैले हिमाली क्षेत्रका केही स्थानलाई पिछडिएको क्षेत्र मानिएकोछ । समावेशी संरचनामा विकट ९ जिल्लाहरूलाई कानूनमा व्यवस्था भए अनुरूप अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, वझाड, वाजुरा, मुगु हुम्ला छन् । पिछडिएको क्षेत्रको आरक्षणको जुन व्यवस्था छ त्यो उचित छ । त्यसमा भएको कानूनी व्यवस्था समग्रमा यो दृष्टिकोणलाई गलत मान्ने आधार पाईदैन । तथापी यि उल्लेखित जिल्लाहरू जस्तै पिछडिएको र विकट क्षेत्रहरू अरु पनि त्यतिकै छन् । त्यसको समेत सही सम्बोधन हुनु आवश्यक छ । समान समावेशीताको आधारमा समावेशीकरण हुनु पर्दछ अनि मात्र समानता र न्यासंगत हुन्छ ।

६.७. अन्य

खास गरी नेपाली समाजको आदिमकालदेखि चर्चामा रहेको र शासन सत्ताको वरिपरि रहेको समुदाय व्राह्मण क्षेत्रीलाई अन्य भनी उल्लेख गरिएकोछ । यिनका अतिरिक्त गिरी, पुरी, सन्यासी, दशनामी आदि पनि यसै भित्र परेका छन् । यिनीहरूका लागि आरक्षरण र समावेशिताको स्थान उल्लेख छैन । यिनीहरूको आफ्नो पहिचान राज्यले उपलब्ध गराएको छैन । राज्यको निर्माणमा एक प्रकारको भूमिका निभाएका यी जातिहरु माथि विद्यमान कानूनी मान्यताले अन्याय गरेको देखिन्छ । जसको कारण कालान्तरमा जातीय विभेदको चक्र उल्टो घुम्न सक्ने सम्भावना देखिन्छ । वि.सं.२०७० सालको संविधानसभाको निर्वाचन भन्दा पहिले नेपालको विद्यमान समावेशी संरचनाको वकालत गर्ने राजनीतिक दलहरु २०७० सालको निर्वाचनमा निकै तल झर्नुको एउटा प्रमुख कारण समावेशीकरणमा जातीय नाराको प्रयोग पनि थियो । त्यस्ता दलहरु संविधानसभाको निर्वाचनबाट धेरैपछि परेकाछन् ।[३९]विगतको गल्तीलाई प्रतिशोधको रूपमा ल्याईएको जस्तो देखिन्छ । अन्यले आफ्नो पहिचान खस, व्राहमण, खस क्षेत्री तथा दशनामी आदिबाट खोज्दै संविधानमा सुरक्षित हुन आवाज उठाउँदै आएका छन् । यसरी पहिचान नदिई दमन गर्ने प्रयास भएमा भविष्यमा यिनीहरूबाट हुने विद्रोहको प्रवल सम्भावना देखिन्छ । त्यस कारण "अन्य"को सन्दर्भ समावेशीतामा उचित देखिदैन

[३९] . हेर्नुहोस् निर्वाचनको परिणाम परिशिष्ट १ र ३ मा ।

। उल्लेखित तथ्यहरूको अध्ययनबाट संविधानसभाको संरचना निर्माणको कानूनी आधार सही मान्न सकिदैन । सिद्धान्त त समावेशीकरण सही तरिकाले भएको मान्न सकिदैन । जातिगत तथा क्षेत्रगत समावेशीकरणको सिद्धान्तले समाजमा स्थायी शान्ति र आर्थिक प्रगतिको सही दिशा दिन सक्दैन । जवसम्म मुलुक आर्थिक रूपले समृद्ध र वर्गीय असमानताको क्षेत्र न्युन हुन सक्दैन त्यस समयसम्म सामाजिक तथा आर्थिक क्षेत्रमा देखिने द्वन्दको निरूपण हुन सक्दैन ।

नेपालको संविधानसभा २०६४ सँग दोहोरो दायित्व थियो । एकातिर संविधान निर्माण र अर्कातिर व्यवस्थापिका संसदको काम गर्नु थियो । देशको मुल कानुन संविधान निर्माण गर्ने निकाय संविधानसभा भएकाले यसको संरचनाले संविधान निर्माणमा प्रभाव पार्दछ । उक्त संविधानसभा समावेशीताको दृष्टिले जाति, उमेर, क्षेत्र, वर्ग, लिङ्ग, धर्म आदिको तथ्यगत उपस्थितिलाई यसरी प्रस्तुत गरिएकोछ र त्यसको आधारमा संविधानसभा हरेक दृष्टिकोणले समावेशी भयो या भएन अध्ययन गर्न सकिन्छ ।

समावेशीकरणमा राखिएको विद्यमान कानुनी प्रवधानले मात्र सम्वोधन गरेको देखिदैन । यस अध्ययनलाई त्यो भन्दा फरक तरिकाले प्रस्तुत गर्न जातिगत रूपमा खस समुदायलाई ब्राहमण-क्षेत्री र अन्य, आदिवासी जनजाति, मधेशी, तराई आदिवासी (तराईका थारु तथा कोच जातिले आफूलाई भनेर पहिचान गराउन अस्वीकार गरी विभिन्न समयमा आन्दोलन समेत गरेकाले तराई आदिवासी गरिएको) मुस्लिम तथा दलित भनेर वर्गीकरण गर्न उचित हुनेछ । तिनीहरू बीचको समावेशीकरणको विषयमा चर्चा गरिनु सान्दर्भिक हुनेछ ।

कानूनी व्यवस्था अनुसार उल्लेखित आधारमा जातिगत समावेशीकरण गरेको पाईदैन । सरकारी वा कानूनी आधारमा "अन्य" भनी खस (ब्राहमण, क्षेत्री, ठकुरी, दशनामी, गिरी, सन्यासी) आदिलाई राखिएकोछ । मधेशी तथा पहाडी दुवै क्षेत्रका दलितलाई समेटिएकोछ भने आदिवासी जनजाति भित्र पनि पहाड तथा तराई दुवै तर्फका आदिवासी जनजाति उल्लेख गरिएकोछ । २०६४ सालमा गठित नेपालको संविधानसभामा निम्नानुसार उपस्थिति रहेको पाईन्छ । प्रत्यक्ष निर्वाचन प्रणालीबाट विजयी सदस्यहरू २४०, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचीत सदस्यहरू ३३५ र नेपाल सरकारद्वारा मनोनीत सदस्यहरू २६ गरी जम्मा संविधानसभा ६०१ जना सदस्यहरू रहेको थियो ।[४०] अन्य भनी पहिचान विहिन गरिएका खस, ब्राम्हण क्षेत्री समुदायका मानिसहरू वीचमा एउटै प्रश्न राखी मत सर्वेक्षण गरिएकोमा यस्तो जवाफ प्राप्त भएकोछ । प्रश्नः- 'ब्राम्हण क्षेत्री समुदायलाई

[४०] .संसद सचिवालय, २०६४ को अभिलेखबाट ।

अन्य भनी सूचिकृत गर्ने र पहिचान विहिन गरी आरक्षणमा विमुख गराईएकोमा तपाईंहरू कसलाई दोषी देख्नु हुन्छ ?

तालिका १८ : फिल्ड सर्वे प्रश्नावलीको उत्तर

क्षेत्र	तत्कालीन विद्रोही	अमेरिकी युरोपेली संगठनका देशहरू	छिमेकी राष्ट्र चीन	छिमेकी राष्ट्र भारत	अन्य नेपाली राजनीतिक दल	उत्तर दिनेको संख्या
पूर्वाञ्चल	४००	७००	X	५०	X	११५०
मध्माञ्चल	४००	७५०	X	X	X	११५०
पश्चिमाञ्चल	३००	५७०	X	X	X	८७०
मध्य पश्चिमाञ्चल	२००	३४०	X	९०	X	६३०
सुदुर पश्चिमाञ्चल	१३५	२४०	X	७०	X	४४५
जम्मा	१४३५	२६००	X	२१०	X	४२४५

स्रोतः फिल्ड सर्वे- २०७० ।[४१]

माथि उललेखित परिणामले के देखाउँछ भने 'अन्य' भनी पहिचान विहिन वनाईएका समुदायका अधिकतम शिक्षा हासिल गरेका र जिम्मेवारी वोध भएका मानिसहरूबाट आएको यस्तो अभिव्यक्तिले सो समुदाय असन्तुष्ट भएको प्रष्ट देखिन्छ । अर्को कुरा उल्लेखित परिणामले उक्त समुदायलाई यस्तो समावेशीताको दोषी माओवादी शक्ति र पश्चिमा पुँजिवादी देशहरू देखिएका छन् । यसर्थ पनि माओवादी शक्तिलाई पथ विचलित गराउन पश्चिमा शक्तिहरुले भूमिका खेलेनन् भनेर विश्वास गर्न सकिदैन । संविधानसभाको स्थापना र त्यसपछि वनेका कानुनहरूको कार्यान्वयनको परिणाम 'अन्य' भनी तोकिएका समुदाय पश्चिमा र नेपालका माओवादीप्रति रुष्ट वन्दै गएको पनि पाईएकोछ । वि.सं.२०७० सालको निर्वाचनमा माओवादी नराम्ररी तल झर्नुमा यो समुदायको भूमिकालाई नजर अन्दाज गर्न सकिदैन । तसर्थ पनि संविधानसभाको समावेशी संरचना गलत भएको देखिन्छ ।

६.८. समावेशीताका आधारहरू

संविधानसभालाई समावेशी गराउनुको अर्थ नेपालको राज्य व्यवस्थामा वहिस्करणमा परेका वा उपेक्षित ठानिएका समुदायलाई राज्यको मुल धारमा समावेश गर्न र राज्यमा सामाजिक हिंसा र

[४१] . प्राध्यापक, पत्रकार, नेपाल सरकारका सचिव, सहसचिव, उपसचिव स्तरका अधिकृतहरू, वैंकमा कार्गरत अधिकृत स्तरका कर्मचारीहरू, स्नातकोत्तर तहका विद्यार्थीहरू, माध्यमिक तहका शिक्षकहरू, अधिवक्ताहरू, ५०० सर्वसाधारण मानिसहरू वीच वितरण गरिएको प्रश्नावलीमा केवल ४२३ जनाबाट प्राप्त अभिमत ।

द्धन्दको अवस्थालाई न्युनिकरण गर्ने धेय राखेको देखिन्छ । तसर्थ उक्त धेयका आधारमा समावेशीकरणका आधारहरू छुट्याउँदा शान्ति र समृद्धिका दृष्टिले उपयुक्त हुने र समाजमा भावी द्वन्द्वको अवस्था सृजना नहुने आधारहरू खोजिनु पर्दछ । तसर्थ संविधानसभाको संरचना समावेशी भयो या भएन भनी निम्नानुसार आधारमा हेरिनु उचित ठानिएकोछ ।

क. जातिगत अवस्था ।

ख. क्षेत्रगत अवस्था ।

ग. वर्गीय अवस्था ।

घ. लैंङ्गिक अवस्था ।

६.८.१. जातिगत अवस्था

२०६४ सालमा संविधानसभाको निर्वाचन हुँदा २०५८ सालको जनगणनालाई आधार मानेर निर्वाचन क्षेत्र निर्धारण गरी समावेशीकरणको व्यवस्था गरिएको थियो । जनसंख्याको समग्र तथ्याङ्क २०५८ को जनगणना अनुसार निम्नानुसार रहेको पाईन्छ ।

महिला संख्या ११५८७५०२

पुरुष संख्या ११५६३९२१

जम्मा जनसंख्या २३१५१४२३

जनसंख्याको उक्त हिस्सा एकातिर देखिन्छ भने नेपालमा भएको निर्वाचनहरू र संविधानसभा सदस्य पहिलो निर्वाचन २०६४ को परिणाम माथि उल्लेखित उक्त तथ्यसँग मेल खाने देखिदैन । जनगणना २०५८ ले गरेको जनगणना र संविधानसभा २०६४ मा भएको जातिगत प्रतिनिधित्वलाई हेर्दा जातिगत तथ्याङ्क र जतीय नामाकरण वीच केही विमेल तथा भिन्नता हुन गएको छ । जातिगत जनसंस्यामा प्रतिनिधित्व गरेको जातिहरुमा मधेशी र अन्य भन्ने जातिको सूची भने जनआन्दोलन २०६२/०६३ ले स्थापित गरेको हो । उक्त कुरा तथ्याङ्क सङ्कलन गर्दा समयमा वा जनगण्ना २०५८ मा उल्लेख छैन । तथापि उक्त कुरा खोज अनुसन्धानमा प्राप्त भएको तथ्य र तथ्याङ्कलाई समावेश गरिएको छ । तसर्थ संविधानसभा २०६४ मा जातीय उपस्थितिको संस्या, प्रतिशत तथा तथ्यलाई हेर्दा पनि समावेशी भएको पाईदैन ।

आ.व.२०६४/०६५ को तथ्याङ्कको आधारमा राज्यको सुविधा भोग गर्ने र सम्पन्नताका दृष्टिले केही जातिहरुको सामाजिक हैसियतको अवस्था :

तालिका १९ : जातीय तुलनात्मक प्रतिनिधि

जातिहरु	प्रतिशत संख्या	सुविधा भोग गर्ने संख्या	प्रतिशत
ब्राम्हण/क्षेत्री	२८.२	३३.३०	५% भन्दा वढी
नेवार	५.३७	५.१५	लगभग वरावरी
लिम्बू	४.२७	५.३७	केही वढी
राई	४.६१	५.०३	केही वढी
गुरुङ्ग	२.३१	३.६१	केही वढी
मगर	२.६७	१.१२	आधा कम
पहाडी दलित	६.९८	५.६५	१% भन्दा पनि कम
तराई आदिवासी	८.८७	७.४	१% भन्दा पनि कम
उच्च जातिका मधेशी	१४.६०	२०.४७	६% भन्दा धेरै
तराई दलित	४.४५	२.३२	झण्डै आधा कम

स्रोत : राष्ट्रिय योजना आयोग/केन्द्रीय तथ्याङ्क विभाग (वि.सं.२०६६) ।

माथिको तथ्यले के देखाउँछ भने मधेशी तथा जनजातिको नाममा हुने सुविधा त्यहाँका उच्च, सम्पन्न र सभ्रान्त वर्गले उपभोग गरि रहेको पाईन्छ । संविधानसभा २०६४ मा जातीय, लिङ्गीय प्रतिशतको आधारमा प्रतिनिधित्वको अवस्था यस्तो पाईन्छ ।

तालिका २० : संविधानसभा २०६४ मा जातीय, लिङ्गीय अवस्था

जातिगत सूची	समानुपातिक तर्फ ३३५			प्रत्यक्ष तर्फ २४०			मनोनीत तर्फ २६			कूल	
	म	पु	जम्मा	म	पु	जम्मा	म	पु	जम्मा	जम्मा	प्रतिशत
तराई आदिवासी जनजाति	१३	१७	३०	१	१७	१८	१	४	५	५३	८.८१%
मधेसी	३२	३८	७०	४	४६	५०	-	३	३	१२३	२०.४७%
मधेसी दलित	९	४	१३	-	१	१	-	-	-	१४	२.३२%
मुसलमान	५	६	११	१	५	६	-	१	१	१८	३%
पहाडी आदिवासी जनजाति	४३	४५	८८	७	५४	६१	२	६	८	१५९	२६.४५%
पहाडी क्षेत्री-वाहुन	४६	४९	९५	१४	८३	९७	१	८	९	२०१	३३.३०%
पहाडी दलित	१३	१५	२८	२	४	६	-	-	-	३४	५.६५%
जम्मा	१६१	१७४	३३५	२९	२११	२४०	४	२२	२६	६०१	१००%
महिला	जम्मा									१९७	३२.७७%
पुरुष	जम्मा									४०४	६७.२२%

स्रोतः गौतम र खपाङ्गी मगर २०६५ ।

प्रथमतः मधेसी पहिचानमा रहेका उच्च जातिका मानिसहरू सभ्रान्त परिवारका भएकाले तल्लो वर्गका मानिसहरू माथि उनिहरूबाट हुने शोषण बन्द हुने छैन । यस्तो असमान प्रतिनिधित्वले जातीय असमानता न्युनीकरण गर्ने नाममा वर्गीय द्वन्द्वलाई उजागर गर्ने र गरिव र धनि बीचको असमानतालाई अझै धेरै वढाउने सम्भावना रहन्छ । मधेसी उच्च जातिका मानिसहरूको अध्याधिक सम्वन्ध जस्तै वैवाहिक, साँस्कृतिक, सामाजिक वा पारिवारिक भारतीय नागरीकसँग छ । नेपालमा यस्तै प्रकारको भारतीय आप्रवासन प्रत्येक वर्ष वढी रहेकोछ । यस्तो अवस्थामा नेपाल भन्दा धेरै गुणा बढी जनसंख्या भएको भारतको जनसंख्याको आप्रवासनले नेपाली मुल र नेपाली जनता अल्पमतमा पर्ने सम्भावना देखिन्छ । यस्तो अवस्थामा राष्ट्रको सार्वभौमिकता सिक्किमको जसरी नष्ट हुने देखिन्छ । नेपालको संविधानसभा संविधान वनाउने मात्र नभएर शान्ति पक्रियाको एक महत्पूर्ण तत्व पनि हो । नेपालमा नविन लोकतन्त्र स्थापना र त्यसको सँस्थागत गर्ने आधार पनि हो ।[४२] यो तथ्यको आधारमा हेर्दा नेपालको संविधानसभाको वनावटमा जुन जातीय समावेशीताको परिकल्पना गरिएकोछ वा जुन क्षेत्रीय धरातलीय आधारमा जातीय कानूनी व्यवस्था गरिएकोछ त्यो राष्ट्रको सार्वभौमिकता तथा दिगो शान्तिका लागि उचित छैन । तराई क्षेत्रमा मधेसी उच्च जाति, तराई आदिवासी जनजाति, मधेसी दलित र मुसलमानहरूलाई अलग-अलग राखेर मधेसी उच्च जाति भन्दा विपन्न र तल्लो वर्गलाई आरक्षीत गर्ने आरक्षण व्यवस्थालाई सही रुपमा ल्याए मात्र तल्लो जाति तथा तल्लो वर्गले राहत र समावेशीताको महशुस गर्न सक्छ । पहाडी उच्च जाति भन्दा पनि तराईको उच्च जातिको प्रतिनिधित्व जुन अनुपातमा पाईएकोछ त्यो क्षेत्रीय धरातलीय मानव वसोवास र समुदायको हिसावले उचित छैन । मधेसी पहिचानको वदला पहाडी समुदायमा आदिवासी जनजाति भित्रै कतिपय जातिहरूलाई तुलनात्मक रूपले प्राथमिकता दिनु पर्ने देखिन्छ । पहाडी समुदायमा अन्य जातिको तुलनामा संविधानसभाको प्रतिनिधित्वमा खस व्राहमण, क्षेत्री समुदाय केही धेरै अंशमा उपस्थित भएको पाईएको छ । तर त्यो समुदायलाई कानूनी आरक्षण नदिएकाले अहिले प्रतिरक्षात्मक स्थितिमा उभिन पुगेकोछ । संविधानसभामा दलित समुदायको उपस्थिति अझै पऱ्याप्त मात्रामा हुन सकेको देखिदैन । यस अर्थमा संविधानसभा पूर्ण जातीय आधारमा पूर्णत समावेशी हुन सकेन । समावेशीको अर्थ अपेक्षित र वहिस्कृतमा परेको समुदायको उत्थान हुनु हो । तसर्थ नेपालको विद्यमान कानून र समावेशी संरचनामा जातीय समावेशीता न्यायसंगत व्यवस्थापन गरेको देखिदैन । वि.सं.२०६४ सालमा संविधानसभा २०६४ को पहिलो निर्वाचनको परिणामबाट उठेका जातिगत मुद्धाले नेपाली

[४२] . B.C.Upreti (2010), *Nepal transition to democratic republican state*, Delhi: Kalpaz Publications, P.140.

जनतालाई सकारात्मक सन्देश दिन सकेन । फलस्वरूप २०७० सालमा भएको संविधानसभाको दोस्रो निर्वाचनले यस्तो परिणाम दियो । जसमा संविधानसभाहरुको अवस्था निम्नानुसार रहेकोछ ।

तालिका २१ : संविधानसभा २०६४ र २०७० मा जातीय तुलना

जाति/जातिगत	संविधानसभा			
	२०६४ (मनोनीत संख्या सहित)		२०७० (मनोनीत संख्या वाहेक)	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
ब्राम्हण, क्षेत्री	२२१	३३.३०%	२६२	४५.५७%
आदिवासी जनजाति (पहाडे)	१५९	२६.४५%	११३	१९.६५%
आदिवासी जनजाति (तराई)	५३	८.८१%	४४	७.६५%
मधेशी	१२१	२०.४७%	१०९	१८.९५%
दलित (पहाडे)	३३	५.६५%	२३	४%
दलित (तराई)	१४	२.३२%	२४	४.१७%

स्रोतः संविधानसभा/संसद सचिवालय, सिंहदरवार ।

उक्त तथ्यङ्कले के देखाउँछ भने वि.सं.२०६४को संविधानसभाको पहिलो निर्वाचनबाट वनेको संविधानसभा जातिगत संरचना र जातिगत रूपमा उठेका विचार, मान्यता र व्यवहारप्रति नेपाली जनता सन्तुष्ट भएको देखिदैंन त्यसैले २०७०को संविधानसभाको दोस्रो निर्वाचनमा परिणाम फरक आयो । तसर्थ संविधानसभाको जातिगत समावेशीकरणको संरचनाकको सिद्धान्त नेपाली समाज र जनताको चाहनासँग मिल्दो छैन भन्न सकिन्छ । २०६४ सालको निर्वाचनपछि जातिगत मुद्धाहरू जसरी समाजमा उठे ती मुद्धाहरूप्रति २०७० सालको निर्वाचनपछि मौनता देखिनुले पनि उल्लेखित सत्यतालाई प्रष्ट पार्दछ ।

६.८.२. क्षेत्रगत अवस्था

तालिका २२ : संविधानसभा २०६४ मा क्षेत्रगत आधार उपस्थिति

क्षेत्र	संख्या	प्रतिशत
हिमाल	२५	४.१५%
पहाड	२९९	४९.७५%
तराई	२७७	४६%
जम्मा	६०१	१००%

स्रोतः संविधानसभा/संसद सचिवालय, सिंहदरवार ।

माथिको तालिकाको तथ्यका आधारमा के भन्न सकिन्छ भने भू-धरातल धेरै भएको पहाडी क्षेत्रमा संविधानसभामा प्रतिनिधित्व पनि धेरै रहेकोछ । तर तराई र हिमाल हाराहारीमा भू-धरातल रहेपनि हिमाल र पहाडको तुलनामा तराईको उपस्थिति धेरै भएको पाईन्छ । नेपालको कुल १७

प्रतिशत भू-भाग ओगटेको तराईबाट प्रत्यक्ष तर्फ १२२ स्थान हुनु र सवै भन्दा धेरै ३ गुणा भन्दा वढी भू-भाग ओगटेको पहाडमा केवल १०२ स्थान मात्र हुनुले भू-क्षेत्रीय समावेशी प्रतिनिधित्व भएको मान्न सकिदैंन । पहाडी तथा हिमाली धरातलमा जनसंख्याको ५०% भन्दा धेरै हिस्सा भए पनि समानुपातिक र प्रत्यक्ष गरेर २८७ स्थान छ र प्रत्यक्ष निर्वाचन मार्फत प्रतिनिधित्व गर्ने केवल १०२ स्थान मात्र देखिएकोछ । तराईमा ५०% भन्दा कम जनसंख्याका बीचमा २८८ स्थान प्रत्यक्ष र समानुपातिक निर्वाचनमा देखिएकोछ । हिमाल र पहाडको भन्दा तराईको समानुपातिक र प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व गर्नेको संख्यामा तराईमा १ जना बढी पाईन्छ । जनसंख्याको सिंगो उपस्थिति र भू-धरातलको अवस्थालाई हेर्दा यो उपस्थितिलाई समावेशी भएको मान्न सकिदैंन । समावेशी हुन नसक्नुको आधार राजनीतिक दलहरूको छनौट र प्रतिनिधित्वको फरक हो ।

नेपालको कुल भू-भागको केवल १७ प्रतिशत भाग मात्र तराईमा पर्दछ । बाँकी भाग पहाड र हिमालमा पर्दछ । तर जनसंख्याको दर हेर्ने हो भने तराईमा झण्डै ५० प्रतिशत जनसंख्याको वसोवास भएको पाईन्छ । यस कारण क्षेत्रीयता वा भू-धरातलीय आधारमा नेपालको संविधानसभा या विधायिका कहिल्यै पनि समावेशी हुन सक्दैन । तर पनि पिछडिएका वा ज्यादै पछि परेका क्षेत्रहरूलाई अरु सरह विकास गर्न र माथि उठाउन आरक्षणको व्यवस्था गरिनु पर्दछ । नेपालको कानूनी व्यवस्था अनुसार पिछडिएका क्षेत्र भनि ९ जिल्लाहरू माथिनै उल्लेख गरिएकोछ । सँगैका पहाडी जिल्लाहरू जस्तै ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्वु, मुस्ताङ्ग लगायत पनि विकट र पिछडिएको क्षेत्रमा पर्नु पर्ने हो । तसर्थ सरकारी तथ्याङ्क पूर्णत उचित र समावेशी भएको देखिदैन । क्षेत्रगत रूपमा मधेश र मधेशी भनिने राजनीतिलाई त्यहींकै जनताले नरुचाएको कुरा संविधानसभा २०७० को तथ्याङ्कले प्रष्ट पारि दिएकोछ । मधेशवादी भनिने दलहरूको २०७० को निर्वाचनबाट आएको परिणामले २०६४ को भन्दा धेरै कम देखिएकाले पनि त्यसलाई प्रष्ट पार्दछ ।

६.८.३. वर्गीय अवस्था

संविधानसभा निर्वाचन २०६४ मा प्रतिनिधित्व गर्ने सभासद तथा संसद सदस्यहरूको वर्गीय अवस्था निम्नानुसार रहेकोछ । जसमा वर्गलाई ४ भागमा विभाजित गरिएकोछ जुन विभाजन आधार भने संविधानसभामा प्रतिनिधित्व गर्ने व्यक्तिहरूको पारिवारिक पृष्ठभूमि, निजहरूको शैक्षिक स्तर, पार्टीको जिम्मेवारी तह, क्षेत्रगत वसोवास, आर्थिक अवस्था आदी इत्यादी समेतलाई मध्यनजर गरी निजहरूलाई उपलब्ध गराईएको प्रश्नावलीको आधारमा छुट्याइएकोछ । प्रतिनिधित्व गर्ने सदस्य संख्या ६०१ जना मध्ये उच्च वर्ग ४९ जना ८.१५%, मध्यम वर्ग ३४५ जना ५७.४०%, निम्न मध्यम वर्ग

१८९ जना ३१.४४% र निम्न वर्ग १८ जना २.९९% रहेकोछ । जसलाई तालिकामा यसरी निम्नानुसार हेर्न सकिन्छ ।

तालिका २३ : संविधानसभा २०६४ मा वर्गीय उपस्थिति

वर्ग	संख्या	प्रतिशत
उच्च वर्ग	४९	८.१५%
मध्यम वर्ग	३४५	५७.४०%
निम्न मध्यम वर्ग	१८९	३१.४४%
निम्न वर्ग	१८	२.९९%
जम्मा	६०१	१००%

स्रोत: फिल्ड सर्वे २०६७ ।

नेपालमा भएको संविधानसभाको प्रथम निर्वाचन २०६४ को परिणामलाई हेर्दा वर्गीय आधारमा उक्त संविधानसभाको संरचना समावेशी भयो या भएन भनी अध्ययन गर्न त्यहाँ उपस्थित प्रतिनिधिहरूको वर्गीय धरातललाई अध्ययन गर्नु पर्ने हुन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरे अनुसार संविधानसभामा ३ प्रकारका सदस्यहरूको उपस्थिति रहेको पाईन्छ । (१) प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा जनताले प्रतिनिधि चुनी पठाएको । (२) समानुपातिक निर्वाचन प्रणालीद्वारा आफू खुशी पार्टीद्वारा चुनिएका । (३) मनोनीत वोलवाला र पहुँचवालाहरूको तर्फबाट आएका थिए । तथापि मनोनीत गर्दा राष्ट्रिय जीवनमा विशिष्ट योगदान गर्ने व्यक्ति, निर्वाचनद्वारा नसमेटिएका पिछडिएका आदिवासी जनजाति र सीमान्तकृत समुदाय, विशेषज्ञ र सम्वन्धित योग्यता हुनु पर्नेछ भनी कानूनले व्यवस्था गरे तापनि त्यसो भएको पाईदैन । सो विषयमा अध्ययन गर्नका लागि समाजमा उपस्थित जनताको पंक्तिलाई आर्थिक वर्गका आधारमा चार भागमा विभाजन गरिएकोछ । उच्च वर्ग, मध्यम वर्ग, निम्न मध्यम वर्ग र निम्न वर्ग[४३] अत्यन्त सभ्रान्त वर्गलाई उच्च वर्ग मानिएकोछ । खान पुग्ने र मौकामा केही सञ्चिति समेत हुनेलाई मध्यम वर्ग, सहरको रहन-सहनमा वसि श्रमको आधारमा खान लाउन पुऱ्याउनेलाई निम्न मध्यम र मिहिनेत र परिश्रम गरेर वल्ल-वल्ल (मुस्किलले) खान पुग्नेलाई निम्न मध्यम वर्ग मानिएकोछ । नेपाली राजनीतिमा अहिले सम्म समाजको वर्ग विश्लेषण गर्ने र

[४३] .संविधानसभा सदस्य हुनु पूर्व वार्षिक आय स्रोत १५लाख भन्दा माथि भएकालाई उच्च वर्ग, ३.५ लाख देखि १५ लाख सम्मलाई मध्यम वर्ग, १ लाख देखि ४ लाख सम्म आय आर्जन भएको ग्मिन मध्यम र १ लाख भन्दा कम आय भएकोलाई निम्न वर्ग मानिएको छ ।

योजना वनाउने कार्य भएको पाईदैन । वर्ग विश्लेशण गर्दा नेपाली समाजमा उल्लेखित चार वर्ग मध्ये कुल जनसंख्याको ३% उच्च वर्ग, २.५७% मध्यम वर्ग, ४२.६०% निम्न मध्यम वर्ग र २६.८९% निम्न वर्गमा रहेकोछ ।[४४] यसको आधारमा उक्त संविधानसभा समावेशी भयो या भएन भनि तालिका वमोजिम बुझ्न सकिन्छ । जसलाई पार्टीगत प्रतिनिधित्वको आधारमा वर्गीय समावेशीतालाई यसरी हेर्न सकिन्छ ।

तालिका २४ : पार्टीगत वर्गीय समावेशीता

वर्ग	पार्टीहरू					प्रतिशत	
	नेकपा (माओवादी) जनमोर्चा समेत	नेपाली कांग्रेस	नेकपा (एमाले)	मधेशवादी दलहरू	अन्य दलहरू	जम्मा	प्रतिशत
उच्च वर्ग	-	१८	५	१२	८	४३	७.४७%
मध्यम वर्ग	१५१	७८	६२	५८	३३	३८२	६६.४३%
निम्न मध्यम वर्ग	६९	१०	३३	१२	१०	१३४	२३.३०%
निम्न वर्ग	७	४	३	१	१	१६	२.७८%
जम्मा	२२७	११०	१०३	८३	५२	५७५	१००%

स्रोतः सम्वन्धित प्रतिनिधिहरूबाट प्राप्त जानकारी वमोजिम (वि.सं.२०६६) ।

यस तालिकाको मुख्य आधार भने सभासदहरूबाट नै फाराम भरि रुजु गरिएको सम्वन्धित सरोकारवालाहरूको प्राप्त जानकारीका आधारमा तयार पारिएको हो । संविधानसभामा उपस्थित ५७५ सभासदहरूसँग प्रश्नावली तयार पारी वर्ग खोल्न आग्रह गरिएको थियो । यसरी हेर्दा संविधानसभा वर्गीय आधारमा समावेशी भएको पाईदैन । लगभग ३ प्रतिशत उच्च वर्गका मानिसको स्थानमा झण्डै ८ प्रतिशतको उपस्थिति संविधानसभामा देखिन्छ । त्यस्तै कुल २७.५७ प्रतिशत मध्यम वर्गका जनताको उपस्थिति देखिन्छ भने संविधानसभामा ६६.४३ प्रतिशत उपस्थित भएका छन् । कुल ४२.६१ प्रतिशत निम्न मध्यम वर्गका जनताको प्रतिनिधित्व केवल २३.३० प्रतिशत सदस्यहरूले मात्र गरि रहेका छन् र २६.८९ प्रतिशत निम्न वर्गका जनता छन् भने संविधानसभामा प्रतिनिधित्व गर्ने त्यस वर्गको कुल संविधानसभा सदस्यको २.७८ प्रतिशत मात्र प्रतिनिधित्व रहेको पाईन्छ । यसरी हेर्दा संविधानसभामा वर्गीय प्रतिनिधित्व समावेशी भएको मान्न सकिदैन । अर्को तथ्य के पनि पाईन्छ भने

[४४] . CBS (2007), *Statistical pocket book*, Kathmandu: Central Statistical Bureau, Nepal.

समाजमा रहेका विभिन्न वर्गीय समुदाय जस्तै किसान, श्रमिक, मजदुर, बुद्धिजिवि, व्यापारी, उद्योगपति तथा अन्य वर्गको प्रतिनिधित्वको कुनै व्यवस्था भएको छैन । यी समुदायलाई पहिचान दिएर सम्बोधन गर्ने कुनै कानूनी व्यवस्था छैन । तसर्थ वर्गीय समावेशीकरण संविधानसभाको संरचनामा देखिदैन । वर्गीय सामाजिक संरचनाका आधारमा देशको संविधान वनाउने संविधानसभा र कानून निर्माण गर्ने व्यवस्थापिका संसदले वर्गीय स्वार्थलाई वोक्ने र प्रतिनिधित्व गर्न सक्ने कुनै कानूनी आधार छैन ।

संविधानसभा २०६४ मा प्रतिनिधित्व गर्ने सभासद तथा सांसद सदस्यहरूको वर्गीय अवस्था निम्नानुसार रहेकोछ । वर्ग विभाजनमा प्रत्येक वर्गमा प्रत्यक्ष, समानुपातिक र मनोनीत समूहमा निम्नानुसार प्रतिशत रहेकोछ ।

तालिका २५ : संविधानसभा २०६४ मा प्रत्यक्ष, समानुपातिक, मनोनीत

निर्वाचीत	उच्च वर्ग	%	मध्यम वर्ग	%	निम्न मध्यम वर्ग	%	निम्न वर्ग	%
प्रत्यक्ष	१७	२.८२	१८३	३०.४४	३७	६.१५	३	-
समानुपातिक	२७	४.४९	१४६	२४.२९	१४७	२४.४५	१५	२.४९
मनोनीत	५	-	१६	२.६६	५	-२	-	-

स्रोतः निर्वाचन आयोग, संसद सचिवालय (वि.सं.२०६७) ।

माथिको तथ्यले के देखाउँछ भने प्रत्यक्ष निर्वाचन प्रणाली उच्च तथा मध्यम वर्गको वाहुल्यतामा रहेकोछ भने समानुपातिक प्रणालीमा पनि निम्न वर्गको मानिसलाई स्थान दिईएको पाईदैन । तसर्थ वर्गीय असन्तुलन संविधानसभामा देखिएकोछ । नेपालमा माओवादी विद्रोह सुरुका दिनहरुमा सर्वहारा वर्गीय मुक्तिका लागि भनेर उठेको थियो । संविधानसभाको पहिलो निर्वाचन २०६४ पछि देशको सवै भन्दा ठूलो पार्टीको हैसियत प्राप्त गऱ्यो । उक्त हैसियत प्राप्त गर्नुलाई उसले वर्गीय सोच चिन्तनलाई छोडेर जातिगत समावेशीतालाई वढी महत्व दिन थाल्यो । नेपाली जनताले उक्त पार्टीमाथि पनि विश्वास गर्न नसकेको कुरा २०७० को परिणामले देखाउँछ । त्यसको परिणाम वर्गीय उपस्थितिमा समेत २०७० को निर्वाचनमा परिवर्तन आएको कुरा तलको तथ्याङ्कले देखाएकोछ ।

तालिका २६ : संविधानसभा २०६४ र २०७० मा वर्गीय तुलना

वर्ग	संविधानसभा			
	२०६४ (मनोनीत संख्या सहित)		२०७० (मनोनीत संख्या वाहेक)	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत
उच्च वर्ग	४९	८.१५%	१२५	२१.७३%
उच्च मध्यम वर्ग	३४५	५७.४०%	३९२	६८.१७%
निम्न मध्यम वर्ग	१८९	३१.४४%	५३	९.२१%
निम्न वर्ग	१८	२.९९%	५	०.८६%

स्रोतः फिल्ड सर्वे २०७०, संविधानसभा/संसद सचिवालय, सिंहदरवार ।

उक्त निर्वाचनको परिणाम जनताले सभ्रान्त र सम्पन्न वर्गलाई रुचाएका मान्न सकिदैंन । तर त्यसैको आधारमा उच्च वर्गले विजय प्राप्त गरेको भनेर पनि भन्न सकिदैन । माओवादीको विद्रोहको समयमा देखाएका कतिपय सामाजिक अन्याय विरुद्धका काम कारवाहीहरु र विद्रोहपछिका दिनमा तिनीहरुले अपनाएको व्यवहार जनताले तुतनात्मक ढंगले हेर्दा कथनी र करनीमा फरक देखिएपछि त्यसको नकरात्मक सन्देशको रुपमा २०६४ सालमा भएको संविधानसभाको निर्वाचनमा तल्लो वर्गको उपस्थिति बढी भएको दल माओवादीको संख्या २०७० सालको निर्वाचनमा घट्न गएपछि वर्गीय उपस्थितिको परिणाम फरक पर्न गयो । अर्को कुरा २०६४ सालमा भएको संविधानसभाको निर्वाचन ताका माओवादी सभासद्हरुको वर्ग स्रोत खुलेको थिएन । तर उक्त निर्वाचनपछि उनीहरुको आम्दानीको स्रोतमा वृद्धि हुनु र उठाई वसाई तथा लवाई खवाईमा जनताले अपेक्षा गरे भन्दा फरक देखिएपछि उनीहरु निर्वाचनमा पराजित भए र संविधानसभामा आय आर्जनमा बृद्धि भएका व्यक्तिहरु वा उच्च वर्गको प्रतिनिधित्वमा वृद्धि भएको देखिन गएकोछ ।[४५]

६.८.४. लैङ्गिक अवस्था

नेपालको संविधान २०४७ अनुसार स्थापित ३ वटा प्रतिनिधि सभाको कार्यकालमा अर्थात ३ वटा आम निर्वाचनको अवधिमा महिलाहरूको विजयी अवस्था यस्तो रहेकोछ ।

[४५] .संविधानसभा सदस्यहरुको पूर्ण विवरणका लागि हेर्नुहोस् परिशिष्ट १ र ३ ।

तालिका २७ : महिला प्रतिनिधित्वको अवस्था ।

पार्टी/स्वतन्त्र	२०४८		२०५१		२०५६	
	विजयी संख्या	महिला संख्या	विजयी संख्या	महिला संख्या	विजयी संख्या	महिला संख्या
नेपाली कंग्रेस	११०	५	८३	४	११३	५
नेकपा (एमाले)	६९	२	८८	३	६८	६
राप्रपा (चन्द)	१	-	-	-	-	-
राप्रपा	-	-	२०	-	१२	१
नेपाल सद्भावना पार्टी	६	-	३	-	४	-
नेमकिपा	२	-	४	-	१	-
संयुक्त जनमोर्चा नेपाल	९	-	-	-	१	-
नेकपा (संयुक्त प्रजातन्त्र)	२	-	-	-	-	-
राष्ट्रिय जनमोर्चा, नेपाल	-	-	-	-	५	-
स्तन्त्र	३	-	-	-	-	-
जम्मा	२०५	७	२०५	७	२०५	१२

स्रोतः संविधानसभा/संसद सचिवालय, सिंहदरवारको अभिलेख ।

उल्लेखित तालिकाको अध्ययनबाट महिला उपस्थिति व्यवस्थापिकामा समेत उल्लेख्य हुन नसकेको प्रष्ट देखिन्छ । तसर्थ उक्त व्यवस्थापिका लैङ्गिगक समावेशीताको दृष्टिकोणले उचित थिएन । उक्त संविधानले समाजको दुई हिस्सामा एक महत्वपूर्ण रहेको महिलालाई राज्यको मुल धारमा समेट्न उचित प्रयास नगरेको देखिन्छ । विगतका इतिहास भन्दा महिला सशक्तिकरणका लागि प्रयास हुँदै आएको भएपनि नेपालको अन्तरिम संविधान २०६३ जारी हुनु पूर्व र संविधानसभा २०६४ गठन हुनु पूर्व महिला समावेशीकरणमा राज्यको ध्यान नपुगेको प्रष्ट देखिन्छ ।

वि.सं.२०५२ साल देखि नेपालमा माओवादी विद्रोह सुरु भयो । माओवादी विद्रोहको क्रममा अध्याधिक महिलाहरू युद्ध मोर्चामा वन्दुक बोकेर सेनाको रूपमा लड्न पुगे । महिलाहरू युद्धमा उत्रिएको अझ खासगरी सेनामा नै सामेल भएर लडेको नेपालको इतिहासमा यो पहिलो घट्ना थियो । उक्त घट्नाले राज्यको नेपाली सेनामा महिलाको प्रवेशलाई बाटो खुल्ला गऱ्यो । विद्रोहको क्रममा विद्रोहीले उठाएको आवाजमा महिला सहभागिता र सशक्तिकरणले प्राथमिकता पाएको थियो । माओवादी विद्रोहपछि वनेको अन्तरिम व्यवस्थापिकामा सवै भन्दा धेरै महिला सदस्य उठाउने शक्ति पनि माओवादी नै थियो भने संविधानसभा २०६४ मा महिला सहभागिताको ठूलो संख्या नेकपा (माओवादी) नै भएको थियो । यसर्थ नेपालमा महिला समावेशीताको सवालमा माओवादी विद्रोहको

भूमिका महत्वपूर्ण रहन गयो । तर पछिल्ला दिनहरूमा आफैले उठाएको माग र प्रस्तावलाई माओवादीले संस्थागत गराउन केही अर्थमा सफल भए तापनि पूर्ण सफल नभएको र विचमा अल्मलिएको वा असफल हुन गयो । के यसको अर्थ नेपालको संविधानसभा समावेशी छैनन् ? यो प्रश्न खडा हुन्छ । विगतका व्यवस्थापिकाहरू भन्दा संविधानसभा २०६४ धेरै समावेशी र उचित थियो । विक्रम सम्वत् २०६४ सालमा भएको संविधानसभाको पहिलो निर्वाचन त्यही २०५८ सालमा लिईएको जनगणनाको आधारमा गरिएको थियो । उक्त जनगणना तत्याङ्कलाई हेर्ने हो भने ०.५% जनसंख्या महिलाको बढी देखिन्छ । संविधानसभामा त्यो जनसंख्याको हैसियतमा महिलाको उपस्थिति देखिदैन । यसरी संविधानसभामा महिलाको संख्या कम हुनुको पछाडी नेपाली समाजको सामाजिक संरचना, परम्परागत सोच नै जिम्मेवार भएको कुरा कोही कसैले वताउछन् ।[४६] कोही चेतनाको स्तर, शैक्षिक अवस्था, तथा सामाजिक संस्कारका कारण हो भन्छन् । कानूनले पनि वरावर हिस्साको अधिकार नदिएर ५०% भित्र ३३% मात्र दिईएकाले पनि यस्तो समान उपस्थिति कतै हुन नसकेको वताउछन् ।[४७] वास्तवमा चेतनाको स्तर र सामाजिक अवस्थाले पुरुषको तुलनामा महिला अझै धेरै पछाडि छन् । यो अवस्थाको जानकारीका लागि स्वयं महिला सभासदहरूको शिक्षा स्तर र शैक्षिक तहगत तालिकालाई यसरी हेर्न सकिन्छ ।[४८]

तालिका २८ : २०६४ सालको संविधानसभाका महिला प्रतिनिधि

शैक्षिक स्तर	संख्या	प्रतिशत
साधारण लेखपढ (सभासद भए पश्चात अक्षर चिन्ने गरि पढाएकाहरू समेत)	३५	१७.९%
माध्यमिक शिक्षा	२२	११.२%
प्रवेशिका उतिर्ण	४८	२४.५%
प्रमाण पत्र तह	२९	१४.८%
स्नातक तह	३३	१६.८%
स्नातकोत्तर तह	२९	१४.८%
जम्मा	१९७	१००%

स्रोतः संविधानसभा/संसद सचिवालय, सिंहदरवारको अभिलेख (वि.सं.२०६७) ।

[४६]. तत्कालीन सभासद सरला यादवसँग मिति २०६७ साल चैत्र २ गते भएको कुराकानी ।

[४७].सभासद विमला सुवेदीसँग मिति २०६७ साल फागुन २५ गते भएको कुराकानी ।

[४८]. नेपाल कानून समाज, वि.सं.२०६८, *संविधानसभाका महिला सदस्यहरू*, नेपालको संविधान निर्माणमा महिलाको योगदान सम्वन्धि अध्ययनः नेपाल कानून समाज, पृ.६९ ।

उक्त तथ्याङ्कलाई हेर्दा उच्च शिक्षा हासिल गरेका देखि साधारण लेखपढ र अक्षर बुझ्नै नबुझ्नेकाहरू सभासद निर्वाचीत भए पश्चात पार्टीको प्रतिष्ठाका लागि पढाउनु पर्नेहरू समेत संविधानसभामा पुगेका देखिन्छन् । ठूलो हिस्सा ५३.६% ले प्रवेशिका तह भन्दा माथि जान सकेको देखिदैन । यसको ठीक विपरित पुरुष सभासदमा सो भन्दा माथि ५४.३% छ । अव उक्त संविधानसभामा पार्टीगत आधारमा महिलाको उपस्थितिलाई निम्नानुसार हेर्न सकिन्छ ।

वि.सं.२०६४ सालको संविधानसभा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूमा महिलाको प्रतिनिधित्व यस प्रकार रहेकोछ ।

तालिका २९ : संविधानसभा २०६४ मा दलगत महिला प्रतिनिधित्व

महिला सदस्यहरू					
क्र.स	राजनीतिक दल	समानुपातिक प्रतिनिधित्व	प्रत्यक्ष निर्वाचन	मनोनयन	कुल जनसंख्या
१	नेकपा (माओवादी)	५२	२४	३	७९
२	नेपाली कांग्रेस	३६	२	१	३९
३	नेकपा (एमाले)	३५	१	२	३८
४	मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)	६	१	-	७
५	मधेसी जनअधिकार फोरम नेपाल	१	१	-	२
६	तराई-मधेस लोकतान्त्रिक पार्टी	२	-	-	२
७	तराई-मधेस लोकतान्त्रिक पार्टी-नेपाल	३	१	-	४
८	राष्ट्रिय प्रजातन्त्र पार्टी	४	-	-	४
९	नेकपा (माले)	३	-	-	३
१०	नेकपा (एकीकृत)	२	-	-	२
११	सद्भावना पार्टी	१	-	-	१
१२	राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)	२	-	-	२
१३	नेकपा (संयुक्त)	१	-	-	१
१४	राष्ट्रिय जनशक्ति पार्टी	१	-	-	१
१५	राष्ट्रिय जनमोर्चा	१	-	-	१
१६	नेपाल मजदुर-किसान पार्टी	१	-	-	१
१७	नेपाल जनता दल	१	-	-	१
१८	संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च	१	-	-	१
१९	नेपाल सद्भावना पार्टी (आनन्ददेवी)	१	-	-	१
२०	नेकपा (माले समाजवादी)	१	-	-	१
२१	राष्ट्रिय जनमुक्ति पार्टी	१	-	-	१
२२	मधेसी जनअधिकार फोरम नेपाल (गणतान्त्रिक)	४	-	-	४
२३	संघीय सद्भावना पार्टी	१	-	-	१
कुल		१६१	३०	६	१९७

स्रोतः संविधानसभा/संसद सचिवालय, सिंहदरवारको अभिलेख (वि.सं.२०६७) ।

उक्त तथ्याङ्कलाई हेर्दा महिलाहरूको समान समावेशीता पाईदैन । तथापि विगतको तथ्याङ्कको आधारमा महिलाहरूको सहभागिता र समावेशीता प्रगति उन्मुख भएको मान्नु पर्दछ । समग्रमा अध्ययन गर्ने हो भने नेपालमा २०६४ सालको संविधानसभा लैङ्गिक आधारमा समावेशी भएको मान्न सकिदैन । माथि उल्लेखित तथ्यको आधारमा २०६४ सालको संविधानसभा र नेपालको अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको समावेशीताको सवाल सही नभएको भन्न सकिन्छ । समावेशीता सामाजिक द्वन्द्व र विभेद अन्त्यका लागि अपनाईने एउटा विधि हो । उक्त विधि अपनाउदा नेपालको सामाजिक संरचनाको गहिरो अध्ययन गर्नु पर्दछ । नेपालको कुनै पनि राजनीतिक दल तथा सरकारी निकायले सामाजिक संरचनाको अध्ययन गर्दै त्यसको फेरवदलमा अपनाईने राजनीतिक नीति र तौर तरिकाको बारेमा ठोस् अध्ययन वाहिर आएको छैन । लैङ्गिक असमानतालाई छाडेर प्रत्येक जाति भित्र वर्गीय विभेद छ । विभेद रहेसम्म समाजमा शान्ति स्थापना हुने र द्वन्द्वको अन्त्य हुने अवस्था देखिदैन । नेपालमा माओवादी विद्रोह भएपछि विद्रोहको उत्कर्षको मुल कारण माओवादीले उठाएको समावेशी र समानुपातिक प्रवृत्तिको नारा र प्रयोग हो भन्ने कुराको मान्यता नेपाली राजनीतिका अन्य शक्तिहरूमा पनि स्थापित हुन गयो । तसर्थ नेपालका सवै राजनीतिक शक्तिहरू माओवादी मान्यताका पछिल्तिर विश्वास गर्न पुगे र अन्तरिम संविधान २०६३ मा जातिगत र लैङ्गिक सवाललाई प्राथमिकतामा राखेर समावेशी संरचना निर्माण गर्न तयार भए । माओवादी विद्रोहको विकास समावेशीताको नाराबाट नभएर सामाजिक विकृतिका विरुद्ध सुरु गरिएका भाटे कारवाहीहरू (माओवादी शब्दमा) जन अदालत र जन सरकारको पहिलो पहल कदमीमा भएको थियो । तर पछि अमेरिकी तथा अन्य युरोपेली मुलुकहरूको योजनामा जातीय समावेशीता र विभेदका कुरा जोडतोड रूपमा माओवादीमा पनि उठ्न पुग्यो । अमेरिकी खर्चमा सञ्चालित संस्था "ल्पान इन्टरनेशनल"का डाईरेक्टर गोविन्द नेउपाने लगायतका मानिसहरू जो पुरानो वामपन्थि पृष्ठभूमिका थिए । उनिहरूमा एका-एक देखिएको राजनीतिक सक्रियता[४९] र उनले लेखेका पुस्तकहरू अनि माओवादी विद्रोह त्यही विचारमा अघि वढ्न खोज्नुले यी अन्तर्राष्ट्रिय शक्तिहरूको अदृश्य गतिविधिको प्रचुर गन्ध आउँछ । वि.सं.२०६८ जेठ १४ गते संविधानसभाको विघटन हुनुपूर्व नेपाली समाजमा जातीय कलह रोपिएको कुरा उक्त दिन संविधानसभा भवन वाहिर लागेको दुई थरी नारा जातीय संरचनाको विरोध र सर्मथनका जुलुसले पुष्टि गर्दछ । माओवादी विद्रोह शान्तिपूर्ण राजनीतिमा आउँदा सवै कुरा प्रष्ट भई सकेका थिएनन् । त्यसैले संविधानसभाको पहिलो निर्वाचन २०६४ मा माओवादी ठूलो शक्तिको रूपमा

[४९].सुधीर शर्मा (वि.सं.२०७०), *प्रयोगशाला, नेपाली संक्रमणमा दिल्ली दरवार र माओवादी,* काठमाडौं: फाइन प्रिन्ट, पृ. ११३ ।

उदायो । नेपाली जनमानसले उक्त संरचनाको तितो अनुभव गर्न थालेका थिए । माओवादी उसको पुरानै एजेण्डा लिएर संविधानसभाको दोस्रो निर्वाचन २०७० मा गयो । परिणाम जनताले उसलाई पहिलो शक्तिबाट झरेर तेस्रो शक्तिका रूपमा उभ्याई दियो । जातिवादी, क्षेत्रीयतावादी राजनीतिक नारा लिएर चुनावमा गएका शक्तिहरूलाई निर्वाचन परिणामले धेरै पछाडि धकेलि दियो । यसले के देखाउँछ भने जाती तथा क्षेत्रीय समावेशीताको आधारमा अपनाईने समावेशी संरचना ठीक छैन । क्षेत्रगत आधारमा मधेस र मधेसी समुदाय भित्र नै भएको जातिगत विभेदलाई सम्बोधन नगरी समग्र मधेसी समुदायलाई एउटै डालोमा हालेर सम्बोधन गर्ने प्रकृया गलत छ । यस कारण उठेका आवाज र नाराको साहारामा निर्वाचनमा गएका मधेसवादी दलहरूले २०७० सालको संविधानसभाको दोस्रो निर्वाचनमा भोगेको पराजयको परिणामले त्यसलाई सचेत गरेकोछ । मूलतः वर्ग, पेशा, लैंङ्गिक सवाल र तत्सँग सम्वन्धित समुदायका पहिचानका आधारमा समावेशीकरण गरिनु उचित हुन्छ । जसले सामाजिक द्वन्द्वलाई समेत हल गर्दछ ।

माथि उल्लेखित जात, वर्ग, क्षेत्र, लिङ्गको आधार मात्र नभएर उमेर समुह हेर्ने हो भने यस्तो अवस्था पाईन्छ । नेपालको संविधानसभा २०६४ मा निर्वाचीत संविधानसभा सदस्यहरूको उमेर समूह निम्नानुसार प्रतिशतमा रहेकोछ ।

तालिका ३० : संविधानसभा २०६४ मा उमेर समूह

उमेर समूह वर्ष	पुरुष	महिला	जम्मा	प्रतिशत
२६-४०	१२३	१०९	२३२	३८.७%
४१-५५	२०१	७२	२७३	४५.४%
५६-७०	७६	१५	९१	१५.१%
७१ देखि माथि	४	१	५	०.९%
जम्मा	४०४	१९७	६०१	१००%

स्रोतः संविधानसभा/संसद सचिवालय, सिंहदरवारको अभिलेख (वि.सं.२०६७) ।

यसको अर्थ उमेरको आधारमा हेर्ने हो भने संविधानसभा विगतको तुलनामा निकै समावेशी छ । यसरी नै धर्मको आधारमा पनि विगतको व्यवस्था भन्दा अग्रगामी छ । तर जुन सामाजिक द्वन्द्व र मुलुकमा शान्ति स्थापित गर्ने उद्देश्यले संविधानसभाको संरचना भएको र समावेशी आधारमा अघि सारिएकोछ । त्यसले दिगो शान्ति स्थापना गर्नुको सट्टा जातीय विभेद र सामाजिक सद्भाव खलल गर्ने सम्भावना बढेर गएकोछ । तथापि समग्रमा हेर्दा शान्ति स्थापना र सामाजिक द्वन्द्व न्युनिकरणका दृष्टिले यो अझ पूर्ण समावेशी भने हुन सकेको देखिदैन । जनतालाई वाँच्नका लागि चाहिने आधारभूत

कुराहरूको परिपुर्ति नगरी नारामा मात्र आउने मानव अधिकार, स्वशासन जस्ता कुराले अर्थ राख्दैन । तसर्थ समग्र नेपाली जनताको जीविकोपार्जन र समृद्धि हुने प्रकारको समावेशी संरचना विद्यमान कानून र संविधानले प्रत्याभूत गरेको देखिँदैन । यही आधारमा नेपालको समावेशी संरचना नेपाली समाजको विविधता अनुकुल छैन जो ऐना भै छर्लङ्ग छ । वर्गीय विषमतालाई अन्त्य गर्ने मूल ध्येयका साथ जातीय, क्षेत्रीय तथा लैंङ्गिक विभेदको अन्त्यका लागि पहल गर्ने प्रयत्न नै वास्तविक समावेशीकरणको आधार वन्न सक्छ ।

अध्याय : ७

उपलब्धि तथा निष्कर्ष

७.१. शोधको उपलब्धि

१. नेपालमा पहिलो पटक संविधानसभाको निर्वाचन वि.सं.२०६४ मा भयो । कानूनी आधारमा संविधानसभाको निर्वाचनबाटै नेपालमा समावेशी राज्य व्यवस्थाको स्थापना भयो । तसर्थ संविधानसभाको संरचनाको समावेशीकरणको विषयमा अहिले सम्म प्रश्न उठाएर कसैले अध्ययन नगरेको विषयमा प्रस्तुत अध्ययन केन्द्रीत छ ।

२. संविधानसभाको संरचनाबाट सुरु भएको राज्ययन्त्र तथा व्यवस्थापिकामा समावेशीकरण गर्ने विद्यमान कानूनी व्यवस्थाको बारेमा विविध कोणबाट गरिएको यो पहिलो अध्ययनमा समावेशीकरणमा भएका त्रुटीहरुलाई प्रष्टसँगले औल्याईएकोछ ।

३. समावेशीकरणका आधारहरुको पहिचान गर्दै समावेशीकरणको उचित मोडलका विषयमा प्रस्तुत अध्ययनमा चर्चा गरिएको छ ।

७.२. नेपालमा संविधानसभाको प्रसङ्ग र स्थापना

नेपालमा संविधानसभा निर्वाचनको प्रसंग पहिलो प्रवेश भारतमा भएको थियो । वि.सं.२००७ सालको राजनीतिक परिवर्तनको सन्दर्भमा नेपालमा दरवार छोडेर भारत गएका राजा त्रिभुवन र उनको परिवारको दिल्ली वसाईपछि नेपालमा राजनीतिक परिवर्तनका लागि भारतीय सत्ता पक्षको दवाव पर्न थालेको थियो । यसै क्रममा भारतको नयाँ दिल्लीमा भारतीय प्रधानमन्त्री जवाहरूलाल नेहरूको मध्यस्थतामा नेपालको सत्ताधारी राणा शाही, प्रवासीएको शाही परिवार र राणा शासन विरोधी आन्दोलनकारी शक्ति नेपाली कांग्रेस बीच वार्ता र सहमति भएपछि नेपालमा संविधान निर्माण गर्न संविधानसभाको निर्वाचन गराईने कुरा प्रवेश पाएको थियो । यही सम्झौताको आधारमा पहिले राणा प्रधानमन्त्री मोहन शमसेर तथा पछि राजा त्रिभुवनले दिल्लीबाट फर्किई राजगद्धीमा पुनः फिर्ता आएर वि.सं.२००७ साल फागुन ७ गते गरेको शाही घोषणामा उल्लेख गरेपछि नेपालमा संविधानसभाको विषय र प्रसंगले प्रवेश पाएको थियो । तसर्थ नेपालमा संविधानसभाको निर्वाचनको पहिलो घोषणा राजाबाट नै भएको थियो ।

राजा त्रिभुवनले संविधानसभाको निर्वाचन गराउने कुरा गरेको भएपनि उनको जीवनकालमा राजनीतिक दलहरूको वेमेल र असक्षमता तथा राजनीतिक अस्थिरताको कारण त्यो सम्भव भएन ।

राजा त्रिभुवन आफै अस्वस्थताको कारण राजनीतिलाई ठीक बाटोमा ल्याउन सकिरहेका थिएनन् । स्वयं राजा त्रिभुवनमा पनि पछिल्ला दिनका राजनीतिक गतिविधिका कारण निर्वाचन प्रति इच्छा हराउँदै गएको थियो । यस्तै वेलामा राजा त्रिभुवनको मृत्यु भयो र उनका छोरा राजा महेन्द्र गद्धीमा वसे । महेन्द्र संविधानसभाका विरोधमा सुरु देखि नै थिए । सत्ताको वागडोर उनले हातमा लिएपछि उनी छलकपट र वलले संविधानसभाको निर्वाचन नगराउने पक्षमा गए । अन्ततः उनले यस मामलामा सफलता पनि हाँसिल गरे । संविधानसभाले नेपालमा राजतन्त्रको अन्त्य गर्दछ भन्ने ठहर उनमा थियो । आखिर संसदको निर्वाचन गराउने घोषणा गरेर संविधानसभाको निर्वाचनलाई पन्छाईदिए । उनको यस्तो कदमका विरुद्ध कुनै राजनीतिक दलले पनि प्रतिकार गर्ने आँट गर्न सकेनन् र राजाले दिएको संवैधानिक दायरामा वसी संसदीय निर्वाचनमा भाग लिन पुगे । नेपाली कांग्रेस जस्तो शक्ति पनि संविधानसभाको पक्षमा अडिक हुन सकेन । संसदीय निर्वाचनको परिणामपछि सत्ता र शक्तिमा त नेपाली कांग्रेस पुग्यो तर राजाको शक्तिले उनको सरकार र उनको नेतृत्वको संसदले दीर्घ जीवन जीउन पाएन । नेपाली कम्युनिष्टहरूले संविधानसभाको मागलाई आफ्नो कार्यक्रममा राख्दै आए । वि.सं.२०१७ सालमा भएको कम्युनिष्ट पार्टीको दरभङ्गा विस्तारित वैठकमा यो माग सशक्त रूपमा प्रस्तुत भयो । वि.सं.२०४६ सालमा भएको नेकपा (माले)को चौथो महाधिवेशनमा पनि एक सानो प्रस्तावको रूपमा यसले प्रवेश पाएको थियो । तर यी सवै माग र प्रस्तावहरू वि.सं.२०४६ सालको जन आन्दोलनपछि सेलाएका थिए । वि.सं.२०५२ साल देखि तत्कालीन नेकपा (माआवादी) नेतृत्वमा जनयुद्धको थालनी भएपछि खासगरी वि.सं.२०५७ सालमा दोस्रो सम्मेलनले माओवादी विद्रोहले उत्पन्न गरेको राजनीतिक संकटको समाधान वा निकासका लागि ३ मागहरू (१) संविधानसभाको निर्वाचन (२) गोलमेच सम्मेलन (३) अन्तरिम सरकारको गठन अघि सारेपछि नेपालमा संविधानसभाको निर्वाचनको मागले जोड पक्रियो । माओवादी विद्रोहलाई सम्बोधन गर्ने र त्यसलाई मूल धारमा ल्याउन सुरुका दिनमा नेपालका संसदवादी राजनीतिक दलहरूले संविधानसभाको मागलाई अस्वीकार गर्दै थिए । वि.सं.२०५८ साल जेठ १९ गतेको दरवार हत्याकाण्डपछि राजगद्धीमा वसेका राजा ज्ञानेन्द्र शाहले २०५९ आश्विन १९ गते देखि राजनीतिक दल प्रति नकारात्मक कदम चाल्न थालेपछि राजनीतिक दलहरू राजतन्त्रप्रति घृणा गर्दै गएका थिए । राजाको कदमले माओवादी र संसदवादी दलहरूलाई क्रमशः नजिक्याँउदै लग्यो । अन्ततः वि.सं.२०६२ साल मंसिर ७ गते विद्रोही माओवादी र नेपालका ७ संसदवादी दलहरू वीच भारतको दिल्लीमा १२ बुँदै सम्झौता भयो । जुन समझदारीको एउटा बुँदामा नेपालमा संविधानसभाको निर्वाचन गर्ने कुरा थियो । समझदारीको आधारमा नेपालमा जुन आन्दोलन भयो र जन आन्दोलनपछि संविधानसभाको

निर्वाचन भयो । तसर्थ नेपालमा संविधानसभाको निर्वाचन माओवादी माग पूरा गर्ने ध्येयले भएकाले उक्त संविधानसभा निर्वाचनको श्रेय माओवादी विद्रोहको परिणाम थियो ।

७.३. संविधानसभामा भारतीय स्वार्थ

नेपालमा भएको संविधानसभामा भारतीय स्वार्थ जोडिएकोछ भनी नेपाली राजनीतिमा चर्चा हुने गरेकोछ । वि.सं.२००७ सालको संविधानसभाको प्रसङ्ग नै भारतीय स्वार्थमा आएको हो भन्ने गरिएकोछ । भारतको नेपाल प्रतिको नीति सधैं छद्मरूपी कहिले विद्रोहीलाई साथ दिनेत कहिले सत्ता पक्षलाई साथ दिने देखिँदै आएकोछ । सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धि सकिएपछि राणा शासनको औचित्य भारतका लागि समाप्त भयो र तत्कालीन विद्रोही शक्ति नेपाली कांग्रेसलाई साथ दिएको थियो । राजा त्रिभुवनको शासनकालमा राजदरवारमा भारतीय नागरिकनै राजाका सल्लाहकारका रूपमा थिए । राजा त्रिभुवनको शासनको समयमा राणा कांग्रेस संयुक्त सरकारका गृहमन्त्री भएका वी.पी.कोइराला र भारतीय तत्कालीन राजदुत सि.पि.एन.सिंहका वीचमा पटक-पटक नेपाली आन्तरिक मामलाका विषयमा विवाद परेको थियो । फलतः वी.पी.कोइरालाले राजीनामा गर्ने वेलामा भारतीय साथ पाएनन् । स्वयं वी.पी.कोइरालाले नै भनेका थिए । "भारतको जहिले पनि आपसमा वाझिएको दुइटा दाँत हुन्थे जस्तो लाग्दछ, एउटा राजासँग टाँसिएर वस भन्ने र अर्को राजाको खिलाप गर"[1] यस्तो छद्म र कुटिल नीति नेपालप्रति भारतले लिँदै आएको हो । पछिल्ला दिनमा पनि यस्तो नीति लिँदै गरेको पाईन्छ । राजा महेन्द्रले भारतीय प्रभावबाट मुलुकलाई अलग राख्न निकै ठूलो प्रयत्न गरे । अझ उनी भन्दा पछि राजा वीरेन्द्रले राज्य भिषेकको समय देखिनै निरन्तर प्रयास गर्दै आए । नेपाललाई शान्ति क्षेत्रको प्रस्तावको घोषणा गर्ने, उत्तरी छिमेकी देश चीनबाट कोदारी राजमार्गको बाटो भएर हतियार ल्याउने, नेपालको राजधानी काठमाडौंमा भारतीय नागरिकहरूका लागि वर्क परमिट लागू गराउने प्रयास, भारतीय पक्षले राखेको सन्धि प्रस्तावलाई स्वीकार गर्नुको वदला नेपालबाट पञ्चायती व्यवस्थाको सट्टा संसदीय व्यवस्था पुर्नःस्थापना गर्ने, भारतीय हित अनुकुल हुने नागरिकता सम्वन्धि विधेयकलाई अस्वीकार गर्ने जस्ता कार्यहरू गरेका थिए । नेपालमा लामो समयदेखि सत्तामा रहेको राजतन्त्र एक अनुभवी, स्थायी र क्रियाशील संस्था थियो । भारतीय स्वार्थलाई राजतन्त्र रहेसम्म नेपालमा आफ्नो हित स्वार्थ सजिलै पुरा गर्न नसकिने भारतले ठानेकाले भारतीय सुरक्षा निकाय देखि भारतीय सत्ताधारीहरू नेपालमा राजतन्त्रको अन्त्य

[1] . गणेशराज शर्मा (वि.सं.२०५५), *वी.पी.काइरालाको आत्मवृतान्त,* ललितपुरः जगदम्वा प्रकाशन, पृ.३०५ ।

गराउन प्रयत्नशील देखिदैं आएका थिए । यही क्रममा नेपालमा राजदरवार हत्याकाण्ड घट्यो । दरवार हत्याकाण्डमा भारतीय खुपिया एजेन्सी RAW र अमेरिकी खुपिया एजेन्सी CIA को हात रहेका आधारहरू सहित आएका नेपाली तथा विदेशी लेखकहरूका लेख र पुस्तकहरूको कतैबाट पनि खण्डन भएन । तसर्थ त्यसलाई असत्य भन्ने आधार छैन । राजा वीरेन्द्रको हत्यापछि ज्ञानेन्द्र शाह नेपालका राजा भए । तत्कालीन विद्रोही शक्ति माओवादी र राजा वीरेन्द्रका वीच सम्वाद र वार्ता हुन लागिरहेको समयमा दरवार हत्याकाण्ड घटेपछि नेपाली राजनीतिले कोल्टे फेऱ्यो । माओवादीले दरवार हत्याकाण्डमा नयाँ राजाको पनि हात रहेको आशंका गरीरहेको थियो । उक्त आशंका पूरा गर्ने काम स्वयं ज्ञानेन्द्र शाहबाट पनि हुँदै गयो । माआवादीभित्र पनि भारतीय खुपीया एजेन्सीको प्रभाव पर्न थालेको र राजतन्त्रको अन्त्य गर्न लागेको कुरा पत्रकार सुधीर शर्माको भनाईबाट के बुझिन्छ भने भारतीय खुपिया एजेन्सी 'र' नेपालमा राजतन्त्रको अन्त्यको योजना वनाउँदै थियो । नेपालमा विद्रोही माओवादीले दरवारसँग मिलेर संसदीय शक्तिलाई किनारा लगाउने माओवादी रणनीतिमा दरवार हत्याकाण्डले तुषारापात गरिदिएपछि माओवादी योजना गणतन्त्र तर्फ उन्मुख हुँदै गयो । "नयाँ जनवादी" क्रान्तिको स्थानमा "एक्काइसौं शताव्दीको जनवाद" कार्यक्रमको रूपमा अघि सारेर "प्रतिस्पर्धाको राजनीतिमा" प्रवेश गर्ने घोषणा गर्न थालेका थिए । यो कार्यक्रमले नेपाली माओवादी र नेपालका संसदवादी दलहरू वीच सामिप्यता वढाउँदै लग्यो भने "र" का अधिकारीहरूले नेपालका संसदवादी शक्तिहरू र माओवादी वीच वार्ताको वातावरण पनि वनाईदिन थाले ।

उनले उल्लेख गरेका माथिका तथ्यहरू न माओवादी, न संसदवादी न त सेना न भारत कसैले खण्डन गरेनन् । वरु माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) सुधीर शर्माको उक्त पुस्तक विमोचनको अवसरमा उपस्थित भएर बोल्ने अवसर पाउँदा पनि खण्डन गर्न सकेनन् । प्रचण्डको उक्त स्वीकारोक्तिको अर्थबाट के बुझ्न सकिन्छ भने संविधानसभा माओवादीको तत्कालीन माग मात्र भएर यसको निर्वाचन भएको होईन यो राजतन्त्र उन्मुलन गर्ने औजारको रूपमा भारतीय योजनामा आएको थियो । त्यसपछि देखि प्रचण्डप्रति नेपाली जनताको आशंका झन वढ्न गयो र उनको उचाई तल झर्न थालेको अनुभव गर्न सकिन्छ ।

नेपालका विद्रोही माओवादीभित्र भारतीय योजना मुताविक नजाने विचार राख्नेहरू पनि थिए । तिनीहरू पार्टीमा निर्णायक वैठकहरूमा भाग लिँदासम्म भारतीय योजनामा माओवादी जान नसक्ने सूचनाबाट भारतीय खुपिया एजेन्सी विमुख थिएन । यस सन्दर्भमा भारतीय अधिकारीका नामबाट प्रकट खुपिया एजेन्सीका एक पात्रसँगको कुराकानीलाई उल्लेख गर्दै एक लेखकले भारतीय खुपिया एजेन्सीले तिक्डमवाजी लगाएर राजा ज्ञानेन्द्रलाई गलत तरिकाले उपयोग गर्न खोजेको,

माओवादी नेता मोहन वैद्य र सी.पी.गजुरेललाई भारतले पक्राउ गरेर माओवादीको धार परिवर्तन गराउन सफल भएको र पछिल्ला दिनमा नेपालको अन्तरिम व्यवस्थापिका संसदमा एमाले तथा माओवादी गठवन्धनलाई सहयोग गर्दै संसदमा गणतन्त्रको संकल्प प्रस्ताव पारित गराउन भूमिका खेल्नेसम्मको रणनीति भारतले तर्जुमा गरेको र कार्यान्वयनमा ल्याएको उल्लेख गरेकाछन् ।[२] वास्तवमा नेपालको राजनीतिमा घटित उक्त घट्नाहरूलाई हेर्दा लेखकहरूका यस्ता विचारहरूलाई गलत थिए भन्न सकिदैन । तसर्थ नेपालमा संविधानसभाको निर्वाचनको एउटा लक्ष्य संवैधानिक उपायबाट नेपालमा राजतन्त्रको अन्त्य गराउने भारतीय योजनाको उपज थियो । भारतीय खुपिया एजेन्सीको सहयोग मुताविक भारतको दिल्लीमा भएको १२ बुँदे समझदारी अनुरूप नेपालमा संविधानसभाको गठन भएकाले संविधानसभाको गठन भारतीय स्वार्थ मुताविक थियो ।

विश्वमा संविधानसभा विभिन्न कारणबाट विभिन्न तरिकाले स्थापित भए । कुनै स्वतन्त्र राष्ट्र वन्नका लागि संविधानसभाको माध्यमबाट राष्ट्रका रूपमा उदय भएकाछन् भने कुनै विदेशी प्रभुत्वबाट मुक्ति पाएपछि संविधान निर्माण गर्न संविधानसभाको निर्वाचनमा प्रवेश गरेकाछन् । तर नेपालमा भने संविधानसभालाई लोकतन्त्रको स्थापनाको ध्येयार्थ र त्यसको संस्थागत स्थायित्वको लागि संविधान वनाउने अङ्गका रूपमा स्वीकार गरिएकोछ । तसर्थ अन्य मुलुकका संविधानसभासँग नेपालको संविधानसभा धेरै अर्थमा मेल खाँदैन । नेपालमा गठन भएको संविधानसभाको उद्देश्य र अन्य देशका संविधानसभाको उद्देश्य पनि फरक-फरक भएको पाईएकोछ ।

७.४. नेपालमा संविधानसभा गठनको उद्देश्य

संविधानसभा मुलतः जनताद्वारा निर्वाचीत प्रतिनिधिहरूका माध्यमबाट जन इच्छा मुताविकको संविधान निर्माण होस् भन्ने उद्देश्यले संविधानसभाको गठन गरिएको छ । नेपाल एकीकरण भएयता कुनै संविधान पनि जनप्रतिनिधिद्वारा वनेनन् । राणा शासनको उदय पश्चात राणा प्रधानमन्त्री जंगवहादुर राणाले वि.सं.१९१० मा नेपालमा मुलुकी ऐन जारी गरेका थिए । तानाशाही शासनका सञ्चालक शासक वर्गको हातबाट जारी गरिएको उक्त कानुन शासक वर्गको स्वार्थ र हितलाई ध्यानमा राखेर निर्माण गरिएको थियो । राणा शासन विरोधी आन्दोलनले विकास गर्दै गएको र विश्व परिवेशले विधिको शासन तर्फ जनतालाई सचेत गराईरहेकाले राणा शासनको अन्ततिर वि.सं.२००४ सालमा तत्कालीन राणा प्रधानमन्त्री पद्म सम्शेर राणाले वैधानिक कानुन २००४ जारी गर्ने प्रयास

---

[२] . राजकुमार पोखरेल (२०६८), *नाराणहिटी दरवार र देशभक्तको अवसान,* काठमाडौं: ओरियन्टल प्रकाशन, पृ. ६२ ।

गरेका थिए । तर उनले सो संविधान जारी गर्न सकेनन् । वि.सं.२००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा राजा त्रिभुवनले अन्तरिम शासन विधान २००७ जारी गरे । यस्तै गरी उक्त संविधानलाई विस्थापित गराउँदै राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान २०१५ र उनैले नेपालको संविधान २०१९ जारी गरेका थिए । पञ्चायती व्यवस्था स्थापना गराउन जारी गरिएको वि.सं.२०१९ सालको संविधान नेपालमा ३० वर्ष सम्म कायम रह्यो । वि.सं.२०४६ सालको जन आन्दोलनबाट उक्त संविधान खारेज गरिएपनि वि.सं.२०४७ सालमा जारी गरिएको नेपाल अधिराज्यको संविधान २०४७ पनि राजाद्वारा नै जारी गरिएको थियो ।

नेपाली जनतामा वढ्दो प्रजातान्त्रिक सचेतना र संविधान निर्माणमा तालमेल कहिल्यै मिल्न सकेन । वि.सं. २०४७ सालको संविधान जारी गर्दा पञ्चायती व्यवस्थाको खारेजीका लागि गरिएको आन्दोलन कस्तो स्वार्थ, कुन उद्देश्य र कुन-कुन शक्ति र पक्षको सहभागिता र माग अनुसार भएको थियो भन्ने कुरामा ध्यान पुगेन । जन आन्दोलनमा एकातिर नेपाली कांग्रेस र केही वामपन्थी पार्टीहरूको संयुक्त मोर्चा "संयुक्त वाममोर्चा" नेपालमा संसदीय व्यवस्था पुर्नःस्थापनाका लागि आन्दोलनरत थिए भने अर्को वामपन्थीहरूको मोर्चा "राष्ट्रिय जन आन्दोलन समिति" पृथक उद्देश्यका साथ आन्दोलनमा सरिक भएको थियो । राज्यको सम्पूर्ण शक्ति हातमा लिएका राजासँग वार्ता गर्ने, सम्झौता गर्ने र संविधान जारी गराउने कुरामा नेपाली कांग्रेस र संयुक्त वाममोर्चा मात्र सरिक भए । संविधान जारी गरिसकेपछि त संयुक्त वाममोर्चा विभाजित नै भयो । तथापि संयुक्त वाममोर्चाभित्र सवै भन्दा ठूलो शक्ति देखिएको तत्कालीन नेकपा (माले) क्रमशः संवैधानिक दायरालाई स्वीकार गर्दै संसदीय राजनीतिमा प्रवेश गरी सकेको थियो । तरपनि संसदीय राजनीतिमा पनि संविधान वढी प्रजातान्त्रिक भएन भनेर यसले विमतिका २७ बुँदाहरू प्रस्तुत गरेको थियो । यस अर्थबाट के बुझिन्छ भने नेपाल अधिराज्यको संविधान २०४७ मूलतः राजा र नेपाली कांग्रेसको संसद, विचार र भावनामा आधारित भएर जारी भएको थियो । आन्दोलनमा पृथक तरिकाले सामेल भएको "राष्ट्रिय जन आन्दोलन समिति" ले राजा र आन्दोलनकारी वीच भएको समझदारीलाई स्वीकार गरेन । तसर्थ संविधान निर्माण र संविधानको पालना प्रति त्यो शक्ति वफादार पनि वन्न सकेन ।

संविधान मूलतः कांग्रेसी विचारबाट प्रभावित भयो भन्ने आम चर्चा रहन गयो । फलतः संविधान अनुसार भएको निर्वाचनपछि सत्ताको वागडोर पनि नेपाली कांग्रेसकै हातमा गयो । नेपाली कांग्रेस सत्ताको सञ्चालन एकमना तरिकाले गर्न थाल्यो । राज्यका हरेक क्षेत्रमा कांग्रेसीकरण भएको र अन्य शक्ति र पक्ष प्रति उपेक्षाभाव राखिन थालियो भन्ने आवाज उठ्न थाल्यो । जतिसुकै सक्षम र क्षमतावान व्यक्ति भएपनि राजनीतिक अवस्था कांग्रेस नभएकाले योग्यताको आधारमा राज्यले दिनु

पर्ने जिम्मेवारी र लिनु पर्ने सेवा लिन सकेन । सरकारी सेवा र हरेक माध्यमहरू राजनीतिकरणको घेरामा परे । यसले एकातिर आम जनतालाई असन्तुष्ट वनाउँदै लग्यो भने अर्कातिर संविधान निर्माणमा सहभागिता जनाउने अवसरबाट विमुख पारिएको शक्ति जनताको त्यो असतुष्टिभित्र राजनीति गर्न थालेको थियो । यसै वीच नेपाली कांग्रेसले आफैभित्रको आन्तरिक विवादका कारण संविधानले तोकेको अवधि ५ वर्ष सम्म सरकार नचलाई ३ वर्षमानै विघटन गर्दै मध्यावधि निर्वाचानमा मुलुकलाई लग्यो । निर्वाचनमा राज्य यन्त्रको आफ्नो अनुकुलताको प्रयोगका वावजुदपनि विजय हासिल गर्न सकेन । निर्वाचनपछि पूर्ण वहुमतको नभएपनि ठूलो पार्टीको हैसियतमा नेकपा (एमाले)ले सरकार गठन गऱ्यो । तर सरकारी कामकाजको कारवाहीको सकारात्मक/नकारात्मक पाटोको लेखा-जोखा हुन नपाउँदै उक्त सरकारको विरुद्धमा नेपाली काग्रेसकै अगुवाईमा सरकार ढाल्ने खेलको थालनी भयो । तत्कालीन संसदको संरचनाका कारण सरकार अस्थिर हुने, सरकार वनाउन र भत्काउन सांसद खरिद विक्रि गर्ने, होटलमा थुन्ने, सुरा-सुन्दरी काण्ड जस्ता अनेकन घट्नाहरू राजनीतिमा देखिए । यसले जनतामा संसदीय व्यवस्था प्रति नै निराशा र घृणा पैदा गर्दै लग्यो । यही परिप्रेक्ष्यमा संसदीय व्यवस्थाका विरुद्धमा देखिएको राजनीतिक शक्तिले जनताको मन र भावनालाई आफूतिर खिच्दै संसदीय व्यवस्थाको विरुद्ध सशस्त्र संघर्षको घोषणा गऱ्यो । संविधान निर्माणमा सहभागिता नभएको शक्ति अव राज्य व्यवस्थाको विरुद्ध हतियार उठाउने घोषणा गर्न थाल्यो ।

नेकपा (माओवादी)को नेतृत्वमा नेपालमा सशस्त्र विद्रोहको थालनी हुँदा सत्तामा नेपाली कांग्रेस थियो । नेपाली कांग्रेस एक त आफैंभित्र वेमेल र एकताको अभावमा गुज्रिरहेको थियो भने अर्कातिर राजनीतिक शक्तिप्रति सहिष्णु थिएन । वर्गीय आधारमा दार्शनिकरूपमा समाजवादको कुरा गरेपनि व्यवहारिकरूपमा सभ्रान्त वर्गको हित र स्वार्थमा काम गरेको र सोही वर्गको प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिका रूपमा देखा परेको थियो । कम्युनिष्ट पार्टीका नाममा आएका संसदीय राजनीतिमा लागेका शक्तिहरू पनि मध्यम वर्गीय चरित्र र स्वार्थमा रमाउन पुगेका थिए । राज्ययन्त्रमा वढ्दो घुसखोरी, भ्रष्टाचार, ढिला सुस्तिले जनताको तल्लो वर्गलाई आजित र हैरान पार्दै लगेको थियो । राज्यले तल्लो वर्गका जनताप्रति उपेक्षा गरेको प्रष्टै देखिदैं आएको थियो । जसका कारण राज्य सत्तामा पुगेकाहरू रातारात अरवपति हुने र जनताको ठूलो पंक्ति झन गरिव वन्दै जाने अवस्था सृजना भयो । यो वर्गीय विभेद नेपाली समाजमा झनै गहिरिएर गयो । एकातिर राजनीतिमा छुवाछुत, अर्कातिर वर्ग विभेद र असमानताको गहिरो खाडल पर्नाले नेपाली समाज द्वन्द्वको लपेटामा लपेटिने टट्कारो अवस्था वन्दै गयो । यही राजनीतिक शक्तिले चलाएको विद्रोह सजिलैसँगले दवाउन सकिने आँकलन गर्दै राज्यसत्ता दमनमा उत्रियो । तर राज्य सत्ता जन भावना भन्दा धेरै पृथक थियो । राज्य

यन्त्रमा देखिएको खरावीले जनताको ठूलो पंक्तिलाई विद्रोह तर्फ आकर्षित गराउँदै लग्यो । समाज र राज्यमा धन हुनेले अदालत, कानुन, अड्डा तथा कार्यालय र न्याय समेत खरिद गर्न सक्ने र गरिव विरुद्ध परिचालित गराउने परिपाटी वन्दै गएको अवस्थामा विद्रोहीहरूले तल्लो वर्गलाई लक्षित गरेर आफ्ना कार्यक्रमहरू अघि सारे । गाँउमा गरिवका लागि न्याय दिने शक्तिका रूपमा यिनीहरू परिचालित हुँदै गए । विद्रोहका सुरुकै दिनमा स्थापित जनअदालत, जनसरकार तथा जनसेना यस्ता गतिविधिमा सरिक भए । समाजमा देखिएको वर्गीय असमानताको धरातललाई प्रयोग गरेर चलाईएका विद्रोहका कार्यक्रमहरूले विद्रोही शक्ति दिन प्रतिदिन वलियो वन्दै गयो । यसले १० वर्षसम्म भिषण रक्तपातपूर्ण अवस्था पैदा गरी अशान्तिको अवस्था सृजना भयो । राज्यसत्ता र विद्रोही वीच युद्धका कारण लगभग १६००० नेपालीले ज्यान गुमाउनु पऱ्यो । यो अवस्था पुनः सृजना नहोस्, मुलुक र नेपाली समाज शान्तिपूर्णरूपले अग्रसर होस् भन्ने उद्देश्यबाट समाज अघि वढाउन सकियोस् भन्ने आम जनचाहना विद्रोहलेनै पैदा गऱ्यो । उक्त विद्रोहको शान्तिपूर्ण अवतरणको माध्यमको रूपमा संविधानसभालाई स्वीकार गरियो र संविधानसभाको निर्वाचन र गठन भयो । तसर्थ संविधानसभाको गठनको उद्देश्य नेपाली समाजमा देखिएको वर्ग विभेद हटाउने वर्ग विभेदका कारण हुने हिंसाजन्य घट्नाहरू हुन नदिने प्रकृतिको राज्य व्यवस्था खडा गर्ने उद्देश्य रहेको पाईन्छ । माओवादी विद्रोहको विकासको कारण नेपाली समाजमा देखिएको लैंङ्गिक विभेद पनि हो । नेपाली समाजमा पितृसत्ताको आडमा महिला माथि गरिने अत्याचार र अन्याय पनि थियो । परिवारबाट विछ्रोड हुने, पारिवारिक यातना भोग्नु पर्ने, समाजमा पुरुषहरू जाँड-रक्सी खाएर घरमा महिलाहरू माथि हिंसाजन्य व्यवहार गर्ने, घरेलु काम केवल महिलाहरूले मात्र गर्नु पर्ने, पुरुषहरू तास-जुवा खेलेर दिन विताउने आदि जस्ता व्यवहारिक पक्षका विकृति विरुद्ध माओवादी विद्रोहकालमा विद्रोहीहरूले आफ्नो विद्रोहलाई परिचालित गरे । कतिपय स्थानमा प्रेम प्रसङ्गबाट न घर न माइती भएका महिलाहरूलाई समाजमा स्थापित गराउने र न्याय दिने काम तत्कालीन जनअदालतबाट भए । रक्सी भट्टीहरू फोर्ने, तास जुवाका खालमाथि आक्रमण गर्ने र भाटे कारवाही चलाउने, तास जुवा विरुद्ध कारवाही गर्दै पुरुषहरूलाई शारिरिक श्रम गर्न वाध्य पार्ने र महिला हिंसा विरुद्धका प्रत्यक्ष अनुभुत गर्न सकिने खालका कारवाही गर्नाले धेरै महिलाहरूलाई विद्रोह तर्फ आकर्षण गरायो । समाजमा छोरा र छोरीका वीच हुने भेदभाव विरुद्धको कारवाहीले प्रभावित भई धेरै युवतीहरू विद्रोही वनेर विद्रोही सेना समेत भएर युद्धमा लडे । यसले के देखायो भने नेपाली समाजमा द्वन्द्वको एउटा मूल कारण लैंङ्गिक विभेद पनि हो । तसर्थ जनयुद्ध जस्तो हिंसात्मक घट्ना फेरी घट्न नदिने उद्देश्यबाट नेपालमा संविधान निर्माण गर्न संविधानसभाको गठन भएको हो । नेपालमा अन्तरिम संविधान २०६३ को पालना र

संविधानसभा गठन भएयता भएका कतिपय कानुनी प्रावधानहरूले महिलालाई समाजमा निकै वलियो वनाउँदै लगेकोछ । खासगरी जनयुद्ध पश्चात राज्यको नेपाली सेनामा महिलाको प्रवेश, पैतृक सम्पत्तिमा छोरीको अधिकार, अचल सम्पत्ति खरिद गर्दा नारीले पाउने सरकारी सहुलियत जस्ता काम कारवाही तथा समावेशी अवधारणा र प्रयोगले लैंङ्गिक असमानतालाई केही कम गरेकोछ । तसर्थ समाज वा राज्यमा उद्भव हुने द्वन्द्वको अर्को कारण लैंङ्गिक विभेद पनि हो र सो विभेद अन्त्य गर्ने प्रकारको संवैधानिक व्यवस्था गर्न र द्वन्द्व हुन नदिन संविधानसभा गठन भएको पाईन्छ ।

यस्तै गरी नेपालमा जातीय विभेद पनि रहेकोछ । जातीय रूपमा व्राम्हण, क्षेत्री, वैश्य र शुद्रको सामाजिक विभाजन देखिनै नेपाली समाजमा जातीय विभेद खडा हुँदै आएकोछ । नेपालमा कानुनी रूपमा वि.सं.२०२० सालमा नयाँ मुलुकी ऐन जारी गरियो र जातीय विभेद हटाउने कानुनी अवधारणा ल्याईयो । कानुनी रूपमा जातीय विभेद हटाउने कुरा गरिएको भए तापनि व्यवहारिक रूपमा उल्लेख्य काम गर्न सकेन । साँस्कृतिक र परम्परागत मान्यताका रूपमा स्थापित उक्त विभेद हटाउन व्यवहारिक पहल कदमीकै थालनी हुनु अनिवार्य थियो । माओवादी विद्रोह नेपालमा सुरु भएपछि माओवादीले नेपाली समाजका विभेदका क्षेत्रहरू निर्धारण गऱ्यो । यस्ता विभेदका मूल चार क्षेत्र जातीय, वर्गीय, लैंङ्गिक र क्षेत्रीय विभेद नेपाली समाजका असमानताका क्षेत्र भएको पहिचान गर्दै यसका विरुद्ध आफ्ना गतिविधि सञ्चालन गऱ्यो । आफ्नो सांगाठानिक संरचनानै त्यही प्रकृतिको निर्माण गऱ्यो । माओवादी विद्रोहले विकास गर्दै गएपछि माओवादी वाहेकका अन्य राजनीतिक शक्तिहरूले पनि विद्रोहको विकासमा जातीय तथा क्षेत्रीय असन्तुलन तथा विभेदको कारण पनि द्वन्द्व हुने गरेको स्वीकार गरे । पश्चिमा शक्तिहरू खासगरी युरोपेली अमेरिकीहरूले नेपालमा जातीय विभेद भएको कुरालाई निकै जोड्तोड्का साथ उठाए । सर्वत्र उक्त विभेदका कारण द्वन्द्व उत्पन्न भएको स्वीकार गरियो । त्यसको विकल्प समावेशी शासन प्रणालीको आवश्यक्ता स्वीकार गर्दै संविधानसभा देखिनै समावेशी वनाएर द्वन्द्वलाई उत्पन्न हुन नदिने प्रकृया अवलम्वन गरियो । यसर्थ संविधानसभाको निर्वाचन र समावेशी प्रकृया अवलम्वन गर्नु मूल उद्देश्य भनेको मुलुकमा द्वन्द्व उत्पन्न हुन नदिई शान्तिपुर्ण, समतामुलक, गतिशील समाजको निर्माण गर्नु रहेको देखिन्छ ।

७.५.संविधानसभा र समावेशीता

नेपालमा संविधानसभाको दोहोरो दायित्व छ । पहिलो संविधानसभाको दायित्व र दोस्रो देशको कानुन निर्माण गर्ने व्यवस्थापिकाको भूमिका जो सभा र संसद हो । नेपालको अन्तरिम संविधान २०६३ को पालना र संविधानसभा गठनको प्रक्रियामा समावेशी संरचना वनाउँदै राज्यका हरेक अंगमा

समावेशीकरण गर्ने नीति लिईयो । संविधानसभा लगायत राज्यका हरेक अंगमा जाति, क्षेत्र, लिङ्गका आधारमा समावेशीकरण गर्ने वैधानिक नीति तर्जुमा गरियो । जस अनुसार समावेशीताको आधार तयार पार्दा (१) आदिवासी जनजाति (२) मधेशी (३) दलित (४) पिछडिएको क्षेत्र (५) अन्य भनेर जातिगत तथा क्षेत्रगत आधार वनाईयो भने लैंङ्गिक विभेदलाई स्वीकार गर्दै महिला र पुरुषका वीचमा पनि समावेशीताको संरचना निर्माण गर्दै महिलाका लागि आरक्षणको व्यवस्था गरियो । अव यहाँ प्रश्न उठ्छः के नेपालको संविधानसभा उद्देश्य प्राप्ती गर्ने दिशामा अग्रसर हुने समावेशीकरण भएको अवस्था छ ? के यसले मुलुकमा समतामुलक समाजको निर्माणमा योगदान गर्न सक्छ ? यी प्रश्नहरूको उत्तर खोज्न संविधानसभाको संरचनाको आधार खोज्नु पर्ने हुन्छ । संविधानसभाको समावेशी संरचनाका आधार ३ प्रकारको भएको पाईयो । (१) जातिगत (२) क्षेत्रगत (३) लैंङ्गिक

७.५.१.जातिगत आधार

जातिलाई संवैधानिक व्यवस्थाले आदिवासी जनजाति, मधेशी, दलित र अन्य गरी उल्लेख गरिएकोछ । संवैधानिक व्यवस्थाले परिकल्पना गरे अनुसार आदिवासी जनजाति भित्र लिम्वु, राई, नेवार, थकाली, गुरुङ्ग, देखि झाँगड, सतार, माझी, चेपाङ्ग, थारु, राजवंशी, मेचे, धिमाल आदी जातिका मानिसहरूको पहिचान गरिईएकोछ । मधेशी भनेर तराईमा वस्ने सवै तराई मुलका मानिसहरूलाई समेटिएकोछ । जसमा उच्च जातिका झा, ठाकुर, मण्डल, देखि डुम, दुसार र अन्य दलित समुदायका मानिसहरू लगायत छन् । मधेशी भित्र उच्च घराना र सम्प्रदायका जातिदेखि आदिवासी जनजाति भित्र राखिएका थारु, राजवंशी, सतार, धिमाल आदि पर्दछन् र तराईका दलितहरू पनि पर्दछन् । दलित भनेर परम्परागतरूपमा “पानी नचल्ने” भनी चिनिएका तराई तथा पहाडमा वस्ने जातिलाई सम्बोधन गरिएकोछ । यो संवैधानिक सम्बोधनले जातीय विभेदलाई अन्त्य गर्न सक्छ या सक्दैन ? भन्ने प्रश्न खडा गर्दछ ।

आदिवासी जनजातिको सवाल छ पूर्वका लिम्वु, उपत्यकाका नेवार तथा पश्चिमका मगर, गुरुङ्ग र थकाली जाति अन्य जाति जस्तै झाँगड, चेपाङ्ग, सतार तथा मेचेको तुलनामा धेरै समृद्ध छ । यी समृद्ध जातिका मानिसहरू नेपाल राज्यको एकीकरण अघि र पछि राज्य सत्ताको वागडोर र दरवारीया रेखदेख र छहारीमा भन्दा वाहिर छैन । राजा पृथ्वीनारायण शाहको राज्य एकीकरण पुर्व नेवार जाति काठमाडौं उपत्यकाको शासक थिए । यो जाति शासक भएकाले गोर्खाली विजय पश्चात पनि राज्य सत्ताको प्रयोग र व्यापारिक गतिविधिका कारण उपेक्षित जाति हो भन्ने आधार पाँईदैन ।

अहिले पनि नेवार जातिको कुल जनसंख्या भन्दा राज्य सुविधा भोग गर्ने जातिमा नेवार जाति तुलनात्मक रूपले अगाडिनै छ । त्यस्तै लिम्बु जाति पछाडी र कमजोर मानिएको छैन । गुरुङ्ग तथा थकाली जाति पनि सभ्रान्तका दृष्टिले कमजोर छैनन् । यी सामाजिक तथा आर्थिक रूपले अन्य आदिवासी जनजाति भन्दा माथिल्लो स्तरमा छन् । अग्रस्थानमा रहेका यी जाति र कमजोर अवस्थामा रहेका आदिवासी जनजातिलाई एकै ठाँउमा राखेर समावेशीको आधार वनाउनु नितान्त गलत हुन्छ । तसर्थ नेपालको संवैधानिक व्यवस्थामा समेटिएको तथा संविधानसभाको संरचनामा प्रयोग भएको उक्त जातिगत समावेशी अवधारणा संविधानसभाको उद्देश्य मुताविक समतामुलक समाजको निर्माण र द्वन्द्वरहित समाज निर्माणमा सार्थक हुने समावेशीकरण भएको पाईदैन । आदिवासी जनजाति भनिएको दायराभित्रैबाट सभ्रान्तहरूले तल्लो वर्गको वा समुदायको त्यही दायरामा पर्ने समुदायमाथि शोषण र शासन गर्ने सम्भावना संवैधानिक परिपाटीले सृजना गर्ने देखिन्छ । उक्त समावेशी संरचना नेपाली समाज अनुकुल छैन ।

त्यस्तै गरी नेपाली भू-राजनीति र नेपालको इतिहासमा "मधेश र मधेशी" शव्दको कुनै अस्तित्व देखिँदैन । तथापि वोलि-चालीको भाषामा तराईमा वस्ने मानिसहरूलाई मधेशी र तराईलाई मधेश भन्ने गरिएकोछ । इतिहासको कुनै कालखण्डमा उपत्यकाका मानिसहरूले खासगरी सिमौनगढ राज्यको स्थापनापछि प्रचलितमा आएका तिरहुतिहरूलाई "डोय" भनेर हेलाको दृष्टिले हेर्ने गरिएको थियो । पहाडबाट तराई झरेका पहाडी समुदायका मानिसहरू तराई मूलका मानिसहरू भन्दा भू-धरातलका कारणले पनि वढी मेहनेती भएकाले वलिया थिए । उनीहरू तराई झरेपछि वसाई सराईका कारणले तराईमूलका समुदाय भन्दा चलाख र वलिया देखिँदै गए । विश्वका हरेक क्षेत्रमा आदिवासीहरू भन्दा वसाई सराई गरेर आएका मानिसहरूमा क्षमता र विकास भएको पाईएकोछ । उदाहरणका लागि अमेरिकी आदिवासी 'रेड इण्डियन'हरू भन्दा वाहिरबाट आएकाहरूको विकास द्रुतगतिले भएकोछ र सो क्षेत्रको विकासमा ती मानिसहरूको योगदान महत्वपूर्ण वनेकोछ । यस्तै गरी नेपालको तराई क्षेत्रका मानिसहरूको अवस्था पनि यही हो । मधेशी भनिएका मानिसहरू भन्दा वसाई-सराईबाट आएका मानिसहरूको श्रम, मेहनेत, चेतना स्तर र विविध प्रकारको साँस्कृतिक तथा आर्थिक घुलनका कारण ती मानिसहरूको क्षमतामा वृद्धि भएको हो । पहाडमा पनि व्यापार गर्न गएका तराईवासीहरू पहाडी धरातलमै पुर्ख्यौली थलो वनाएका मानिसहरू चाहे ती जुन जातिका हुन् ती भन्दा सम्पन्न र चलाख छन् । यस अर्थमा मधेशी जाति भनेर जसलाई भनिएकोछ र समावेशीकरणको दायरामा राखी पहिचानको विषय खडा गरिएकोछ त्यो गलत छ । मधेशी समुदाय कुनै उपेक्षित समुदाय होईन । यदि हो भने तराईकै तल्लो तहका जातिहरू तराईकै उच्च

घरानीयाहरूबाट शोषित, उत्पीडित र प्रताडित छन् । यसर्थ "मधेशी" शव्दमा गरिएको आरक्षण र त्यहाँका सवै जातिलाई समग्र मधेशी भनी गरिएको सम्बोधन गलत छ । मधेशी भनी आरक्षण दिनु र समावेशीभित्र राख्नु भन्दा तराईका आदिवासीहरूलाई आरक्षण वा समावेशी दायरामा राखी तराईका उच्च जातिलाई खुल्ला प्रतिस्पर्धामा समावेश गराउन उचित छ । तराईका आदिवासी थारु, राजवंशी, सतार, धिमाल, मेचे, कोचे गन्गाई, ताजपुरिया, माझी आदीलाई समावेशीताको अधिकारमा समावेश गरी मिश्र, झा, ठाकुर, मण्डल, यादव, साह, सिंह वा राजपुत आदि जस्तालाई खुला प्रतिस्पर्धामा छोड्नु उचित हुने देखिन्छ ।

मधेशी शव्द र पहिचानका कारण विदेशी हस्तक्षेप वढ्न थालेको टट्कारो देखिन थालेकोछ । खासगरी भारतीय खुपिया एजेन्सी 'र' को दवाव नेपालका हरेक मामलामा वढ्न थालेको पाईएकोछ । नेपालका एक पूर्व गृहमन्त्रीका अनुसार मधेशीहरूलाई सरकारी सुविधा उपलव्ध गराउन भारतीय शासक वर्ग र राजदुतावासबाटै सिधै दवाव आउने गर्न थालेकोछ । जवकी पञ्चायती व्यवस्थामा यस्तो दवाव कहिल्यै आउँदैनथ्यो ।[३] यो नेपाली सार्वभौमिकताको लागि शुभ सूचक होईन । दलित नेपाली समाजमा अपहेलित, तिरस्कृत तथा अपमानित जातिमा पर्दछ । जसको सीप र कला समाजमा हरेक क्षेत्रलाई स्वीकार्य छ तर छोएको पानी सवैलाई चल्दैन । पहाडी समुदायमा पहाडी कथित उच्च जातिबाट पहाडी दलितहरू र तराईमा तराईका कथित उच्च जातबाट तराईका दलितहरू ज्यादै अपहेलित र उपेक्षित भएका छन् । वर्गीय रूपमा समेत थर ढाँटेर व्यापार व्यवसायमा लागेका दलितहरू वाहेक समग्र दलितहरू कमजोर वर्गमानै देखिएका छन् । यसर्थ संविधानसभाको संरचनामा दलित उपस्थितिका लागि समावेशी व्यवहार देखाईनु तथा राज्यमा समतामुलक समाज निर्माण गर्न दलितलाई आरक्षण र समावेशी गराईने जुन प्रक्रिया छ त्यसलाई गलत मान्न सकिँदैन । उपेक्षित तथा उत्पीडित समुदायभित्र परेको दलित समुदायलाई राज्यले अन्य सरह माथि उठाउन आरक्षण तथा समावेशीता अवलम्वन गर्न जरुरीछ ।

अन्य भनी तोकिएको क्षेत्री-वाहुन, देखि दशनामी, ठकुरी, सन्यासी लगायत पर्दछन् । विद्यमान समावेशीकरणको व्यवस्थामा यी जाति उच्च जातिकै मानिएको भएपनि यस समुदायका मानिसहरू सवैको आर्थिक तथा वर्गीय आधार एउटै छैन । यसरी विभेदीत नीतिलाई राज्यले अवलम्वन गर्ने र इतिहासको भूललाई फेरी पनि दोऱ्याउने हो भने सोही वमोजिम नीति कार्यान्वयन हुँदा केही समयको अन्तरालमा यि जातिहरूको पहिचान त कुरै छाडौं कालान्तरमा इतिहासको पानामा समेत यी जातिको

[३] . पूर्व गृहमन्त्री दानवहादुर शाहीसँग मिति २०६५ श्रावण ४ गते भएको कुराकानी ।

उल्लेख हुनेछैन । समावेशीकरणको नाममा विभेदीत नीति ल्याईएमा यो भन्दा ठूलो भूल इतिहासमा अरु केही हुने छैन । तसर्थ समावेशीकरणको नीतिलाई ठीक ढंगबाट ल्याई सवैमा समानताको अवसरलाई सन्तुलन मिलाउनु पर्ने हुन्छ । अधिकार सम्पन्न र अधिकार विमुखको ठूलो अन्तर भएको खण्डमा कसैलाई आफू अपमानित भएको महसुश गऱ्यो भने यसबाट विद्रोह जन्मन्छ जो भयाभह र जातीय दंगाको रूप लिन्छ जुन कुराको हेक्का राख्नु नितान्त आवश्यक छ । जुन विद्रोहको सामना गर्न र शान्ति स्थापना गर्ने ध्येय प्राप्तीको लागि गरिएको समावेशीकरणको सवाल छ त्यो असफल हुन जान्छ । समावेशीकरणको मुख्य उद्देश्य समतामुलक समाजको स्थापना गर्दै सामाजिक द्वन्द्वलाई हल गर्नु हो । विगतका गतिविधि र भए रहेका कायम रही आएको परिवेशलाई मात्र आधार वनाई असमानता सृजना हुने किसिमको नीतिलाई समयमानै ध्यान पुऱ्याईनु उचित हुन्छ तसर्थ समावेशीकरण भित्रपनि समानताको सवाल जोडिएको छ । इतिहास देखि वर्तमानसम्म नै राज्य सत्ताको उच्च तहमा नेतृत्व गर्ने यी जाति अग्रस्थानमा छ । राज्यको सुविधा भोगेका छन् । हरेक दृष्टिले अरु समुदाय भन्दा अग्रस्थानमा रहेका छन् । राजनीतिक दलको प्राय प्रत्येक तहको नेतृत्व यही जाति देखिएकोछ तसर्थ यो जातिलाई आरक्षणको जरुरी छैन । तर यो जाति भित्रपनि वर्ग विभेदछ । सवैको एउटै आर्थिक स्तर छैन । यो समुदाय संविधानसभाको स्थापना देखिनै आफू पहिचान विहिन भएको अनुभूति गर्न थालेकोछ । कुनै जाति तथा समुदायले उत्ताउलो (आवश्यक्ता भन्दा वढी) तरिकाले समावेशीताको माग गर्ने र राज्यले ति मागहरू सम्बोधन गर्दै जाने क्रममा यी जाति समुदायले आफूलाई असुरक्षित महसुश गर्न गयो । फलतः संविधानसभा २०६४ को अन्ततिर यो समुदाय पनि आन्दोलित भयो । संविधानसभा २०६४ असफल हुनमा धेरै कारणहरू मध्ये यो पनि एउटा कारण हो । राष्ट्रमा दीर्घ शान्ति, स्थायित्व र समतामुलक समाज स्थापना गर्ने उद्देश्यले स्थापित संविधानसभा र त्यसको समावेशी संरचनाबाट यो समुदाय असन्तुष्ट वन्ने र विद्रोहमा उत्रने सम्भावना टट्कारो देखिएकाले समावेशी संरचनाको वर्तमान नेपाली तरिका ठीक छैन ।

७.५.२ क्षेत्रगत आधार

पिछडिएको क्षेत्र भनिएकोछ । सम्पन्न क्षेत्रका मानिस र पिछडिएका क्षेत्रका मानिसको आय स्रोत चिन्तन, सुविधा, वर्ग स्थिति एउटै हुँदैन । त्यसैले चेतनाको स्तर र सूचना प्राप्त गर्ने स्तर पनि पिछडिएका मानिसको भिन्न हुन जान्छ । यस कारण पिछडिएका क्षेत्रलाई विकास गर्न समावेशीताको आधारमा समावेशीकरण गर्ने र आरक्षण दिने व्यवस्थालाई अनुचित मान्न सकिदैन । तर पनि पिछडिएको क्षेत्र भनी पश्चिम नेपालका हिमाली क्षेत्रका केही स्थानहरूलाई मात्र पहिचान दिने र

आरक्षणको व्यवस्था गर्ने तर पुर्वी हिमाली क्षेत्रहरू जुन पश्चिमी विकट पिछडिएको क्षेत्रहरूकै हाराहारीमा रहेका छन् तिनिहरूलाई समावेशीकरणभित्र नसमेट्नु गलत भएकोछ । तसर्थ के पाईन्छ भने हिमाली तथा विकट क्षेत्रहरू सवैलाई पिछडिएको क्षेत्र घोषित गरी पिछडिएको क्षेत्रलाई उपलव्ध गराएको समावेशी आरक्षण समान गर्न जरुरीछ ।

नेपालमा जातीय र क्षेत्रीय समावेशीताको अवधारणा उत्पन्न हुनुमा राज्यको व्यवहार र गतिविधिको जगमा अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरुले पनि प्रयोग गर्न लागेको देखिन्छ । खासगरी नेपालको छिमेकी देश चीनको समृद्धिको विनासका लागि पश्चिमा शक्तिहरु योजनावद्ध ढंगले लागेको देखिन्छ । चीनलाई तहस नहस पार्ने रणनीति अनुरुप नेपाल विखण्डनको योजनामा समावेशीकरणको विचारको विउ छरियो । त्यसैले भारत अमेरिका सम्बन्धमा सुधार आउन थाल्यो । भारतलाई पनि त्यसका निम्ति प्रयोग गर्ने अमेरिकी रणनीति अनुरुप भारतको दिल्लीमा सिआईएको दिल्ली शाखा खोलियो । सिआईए, एफविआई र रअको संयुक्त प्रयास केन्द्रीत हुँदै गयो । नेपालमा माओवादी विद्रोह मार्फत प्रवेश गर्ने योजना वनाई विचारको विउ छर्नमा माओवादी शक्तिलाई प्रयोग गरियो । माओवादी शक्ति वैचारीक रुपमा अहिले पनि सिआईए वा पश्चिमा शक्तिको घेरामा रहेको पाईन्छ । भारतीय सहयोगमा भएको मधेश विद्रोह र जनजातिका नाममा भएका दवावमुलक कार्यक्रमहरुमा भारत तथा अमेरिकी साँठगाँठको प्रचुर गन्ध पाउन सकिन्छ । नेपालका विगतका शासकहरु र राज्यले खडा गरेको जनता जनता वीचको विभेदको गतिविधिका कारण त्यस्तो मौका विदेशी शक्तिलाई मिलेको हो । तसर्थ नेपालमा समावेशीकरणको अत्यन्त आवश्यक पनि छ तर यसमा सानो त्रुटी हुन गएमा राज्य नै विखण्डनमा जाने उत्तिकै खतरा पनि त्यत्तिकै छ ।

७.५.३ लैंङ्गिक आधार

समावेशी संरचनाको अर्को आधार लैंङ्गिक आधार हो । समाजमा ठूला-ठूला विद्रोहहरू हुने, संघर्ष हुने, अशान्ति निम्त्याउने कारण लैंङ्गिक विभेद हो । नेपालमा ठूला-ठूला राजनीतिक परिवर्तनहरू धेरै पटक भए । लैंङ्गिक विभेदलाई कम गर्ने प्रयास पनि धेरै पटक भए । पञ्चायती व्यवस्थाले परिकल्पना गरेको व्यवस्थापिकामा मजदुर संगठन, किसान संगठन, पौंढ संगठन आदिबाट प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउनु पनि वर्ग विभेद र लैंङ्गिक आधारमा प्रतिनिधित्व गराउनु नै थियो । लैंङ्गिक विभेदमा दुई प्रकारका लैंङ्गिक अवस्था पाईन्छ । १. महिला २. पुरुष भने आजकाल तेस्रो लिङ्गी रूप पनि चर्चामा आएको पाईन्छ । संविधानसभाको निर्वाचन अघि र पछि नेपाल वा नेपाली समाजमा विभेदको अर्को पाटो भनेको लैंङ्गिक विभेद हो । नेपाली समाजमा लामो समयदेखि

हिन्दु धर्मबाट प्रभावित वन्दै आएकोछ । हिन्दु धर्ममा प्रष्टसँग लैङ्गिक विभेद देखिएकाले त्यसको प्रभाव नेपाली समाजमा पनि पर्दै आएकोछ । हिन्दु धर्मभित्र कतिपय अवस्थामा नारी र पुरुष बीचको सम्वन्ध र अधिकारको क्षेत्रमा वरावरी हिस्सा देखाउन खोजे पनि प्रकारान्तले नारी भन्दा पुरुष श्रेष्ठ हो भन्ने धारणा अभिव्यक्त हुन गएकाले नेपाली समाजमा त्यसको प्रभाव प्रचुर मात्रामा पर्न गएकोछ । हिन्दु शास्त्रका अनुसार दानव शुम्भ निशुम्भलाई मार्न या महिशासुरलाई मार्न पुरुष सक्षम नभएकाले नारीको आवश्यक्ता देखिएकोछ । तथापि ति नारीको वल पुरुषबाट नै प्राप्ट भयो भन्ने उल्लेख गर्नाले पुरुष प्रभुत्व स्थापित गर्ने कार्य भएकोछ । यस्ता कुराको प्रभाव नेपाली समाजमा पर्दै आएकोछ ।

हिन्दू धर्मद्वारा प्रभावित नेपाली समाजमा नारी र पुरुषका वीच समान हैसियत देखिदैन । समाजको उत्पत्ति देखिनै विभेदयुक्त अवस्था देखिन्छ । खासगरी राज्यको उदय भएपछि शासकहरूले धर्म सँस्कृतिलाई आधार मानेर कानूनी शासन स्थापना गर्ने भएपछि नारी र पुरुष वीचको विभेद अझ वढ्न गएकोछ । नेपाल राज्यको उदय भएपछि शासकहरूले राज्य सम्प्रभूताको रक्षाका लागि छोरीलाई दाउमा राखेर विदेशी शासकहरूलाई ज्वाईं वनाएको उदाहरणहरू पाँउछौं । भृकुटीको विवाह तिव्वतका राजा श्रङ चङ गम्पोसँग हुनुलाई यही नियति मानिन्छ । तर कुनै पनि राजाले छोराको मुल्यमा यस्तो सौदावाजी गरेको पाँइदैन । नेपालमा मल्ल वंशको उदय र सत्तामा आएपछि कानूनी राज्यको अवधारणाको विकास गर्ने र कानुन (Codes) हरूको निर्माण गर्ने पहिलो श्रेय जयस्थिति मल्ललाई जान्छ । जयस्थिति मल्लले कानुनको निर्माण गर्दा हिन्दु धर्म शास्त्रका आधारमा अझ खासगरी मनुस्मृतिका आधारमा तयार पारेको पाईन्छ । हिन्दु धर्म शास्त्रमा मनुस्मृति यस्तो शास्त्र हो जुन स्त्रीहरूलाई अत्यन्त नीच र कतिपय अवस्थामा पशु भन्दा तल्लो दर्जाको अवस्थामा रहेको उल्लेख गर्दछ । नारी स्वतन्त्रताको सम्वन्धमा मनुस्मृतिमा भनिएकोछ : "पिता रक्षति कौमारे, मर्ता रक्षति यौवने । पुत्रा रक्षति वेधव्वे, नःस्त्री स्वतन्त्र मर्हति ॥"[४]

अर्थातः कुमारी अवस्थामा स्त्रीलाई उनका पिताले सुरक्षित राख्दछन् । जवानीमा उनका पतिले उनीलाई सुरक्षित राख्छन् । विधवा भएमा छोरो उनलाई सुरक्षित राख्छन् । यिनैको आड-भरोसामा स्त्रीले रहनु पर्छ वा स्त्रीहरू स्वाधिन हुन लायक छैनन् ।

यस्तै कुरामा विश्वास गर्दै जयस्थिति मल्लले वनाएको Code मा स्त्रीलाई कुनै अधिकार दिईएन । गोरखाका राजा राम शाहले वनाएको नियम अर्थात "न्याय नपाए गोरखा जानु" भन्ने उखान नेपाली जनजिब्रोमा चरितार्थ भई राम शाहको न्याय व्यवस्थालाई उच्च कोटीको मानिएपनि नारी

[४] .(सं) दिनेशराज पन्त, (२०६६), *न्यायविकासिनी (मानव न्याय शास्त्र),* काठमाडौं : युएनडिपी न्यायमा पहुँच अभिवृद्धि परियोजना कानून व्यवसायी ल्कव, पृ.२१५ ।

स्वतन्त्रता र अधिकारको सवालमा उनले पनि उल्लेख्य वयान दिएको पाईदैन । नेपालको राजनीतिक एकीकरण पश्चात शाह शासन नेपालमा रहँदा होस् या राणा शासन, कुनै समयमा पनि नारी अधिकारको विषयले महत्व पाएन । नारी नेपाली समाजको दोस्रो दर्जाका नागरिकका रूपमा देखा पर्दै रहे ।

वि.सं.२००७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा नारी स्वतन्त्रताका आवाजहरू उठ्न थाले । पहिलो पटक नारी भएर द्वारिकादेवी ठकुरानी मन्त्री भईन् । राजनीतिमा नेपाली महिलाको इतिहास केलाउँदै एक विद्वनबाट सन् १९१७ वा वि.सं.१९६४ मा "महिला संगठन" को नामको सिराहा जिल्लामा जनतालाई राजनीतिक र सामाजिक अवस्थाको वारेमा चेतना गराउने उद्देश्यले योगमाया र दिव्यदेवी कोइरालाले संगठन निर्माण गरेको उल्लेख गरिएकोछ ।[५] यो समय भने राणा शासनको युग थियो । राणा शासनमा संगठन गर्नु अपराध मानिन्थ्यो । तरपनि यसरी संगठन हुनु यो ऐतिहासिक कार्य थियो । नारी स्वतन्त्रताको पक्षमा सृजना हुँदै गएको राष्ट्रिय/अन्तर्राष्ट्रिय दवावका कारण राणा प्रधानमन्त्रि चन्द्र शमसेरले शति प्रथा अन्त्य गर्ने घोषणा गर्न वाध्य भएका थिए । तथापि राणा शासनको अवधिभर नारीहरूको राजनीतिमा भूमिका भएको देखिँदैन । तरपनि राणा विरोधि आन्दोदनका समयमा महिलाहरूको भूमिका र सहभागिता उल्लेख्य रहेकोछ ।

वि.सं.२००७ सालको आन्दोलनपछि राजनीतिमा महिलाहरूको सहभागिता बढ्दै गयो । नारीहरूमा शिक्षा दिक्षा निति र साक्षर तथा शिक्षित हुने संख्यामा उल्लेख्य बृद्धि हुँदै गएपनि नेपाली समाजमा रहेको पुरानो परम्परा, सोच र मान्यताले पुरुषको तुलनामा महिलाको विकास समुचित ढंगले हुन सकेन । शहरी तथा विकसित क्षेत्रका नारीहरू र अविकसित तथा ग्रामिण दुर्गम वस्तीका नारीहरूको बीचमा यही सँस्कार र मान्यताले असमान अवस्था सृजना गर्न पुग्यो । शहरी तथा विकसित वस्तीका महिलाहरू क्रमश चुल्हो चौकाबाट वाहिर निस्किएर अन्य पेशामा समेत सामेल हुन थाले भने ग्रामिण वस्तीका महिलाहरूमा त्यो अवसर प्राप्त हुन सकेन । द्वारिकादेवी ठकुरानी र कमल राणा राजनीतिको उच्च तहमा प्रजातन्त्रको उदयपछि पुगेका थिए ।[६]

सन् १९६२ मा राजा महेन्द्रले संसदीय प्रजातन्त्रको अपहरण गरेपछि नेपालमा पञ्चायती व्यवस्थाको प्रादुर्भाव भयो । पञ्चायतकालमा महिला राजनीतिका लागि महिला संगठन गठन गरिएको

---

[५] . Meena Vaidya Malla (2011), *Political socialization of women in Nepal*, New Delhi: Adroit Publisher Page 46.

[६] . ऐ. पृ.४८ ।

थियो । यसैका माध्यमबाट व्यवस्थापिका (राष्ट्रिय पञ्चायत) सदस्य हुन सक्ने प्रावधान पनि थियो । पञ्चायती व्यवस्थाले राजनीतिमा महिला प्रतिनिधिको आवश्यक्तालाई स्वीकार गरेको भएपनि पुरुष वरावर हैसियतमा उभ्याउन आवश्यक व्यवस्था भने मिलाईएको पाइँदैन । सन् १९९० को फेव्ररी महिनादेखि नेपालमा पञ्चायती व्यवस्था विरोधी आन्दोलन सुरु भयो । यो आन्दोलनको सन्दर्भमा भने महिलाले नेतृत्वदायी भूमिका निर्वाह गरेको पनि पाईन्छ । नेपाली कांग्रेस र संयुक्त वाममोर्चाको संयुक्त पहलमा भएको उक्त आन्दोलनमा संयुक्त वाममोर्चाको नेतृत्व मोर्चा अध्यक्ष भएर साहाना प्रधानले सम्हालेकी थिईन् । आन्दोलनपछि गठन भएको कृष्णप्रसाद भट्टराई नेतृत्वको मन्त्री परिषदमा साहना प्रधान प्रधानमन्त्री पछिको दोस्रो वरियताकी मन्त्री वनेकी थिईन् । सन् १९९० मा वनेको नेपाल अधिराज्यको संविधान तथा त्यस अर्न्तगत वनेको कानुनले प्रतिनिधिसभामा ५% महिला उम्मेदवार उठाउनै पर्ने वाध्यता हरेक दल सामु राखिदिएको थियो भने राष्ट्रियसभामा १० जना मनोनीत गरिनेमा महिला हुनु पर्ने, ३५ जना राष्ट्रियसभा सदस्यभित्र ३ जना महिला हुनै पर्ने प्रावधान राखेको थियो ।[७] तरपनि महिलाहरूको हरेक क्षेत्रमा पुरुषको तुलनामा सहभागिता कम भएको पाईएको थियो । उक्त कानुनी प्रावधान महिला विकास र सहभागिताका लागि पर्याप्त थिएन भन्ने कुरा तलको तालिकामा उल्लेख भएका महिला सहभागिताले प्रष्ट पारेकोछ ।

७.६. जातिगत भिन्नता

संविधानसभा २०६४ र २०७० वीचको जातिगत प्रतिनिधित्वमा कति समानता र भिन्नता रहेकोछ भन्ने कुरा निम्नानुसार बुझ्न सकिन्छ । संविधानसभा २०६४ र २०७० मा जातीय अवस्था तथा जातिगत उपस्थिति यस्तो रहेकोछ : ब्राम्हण, क्षेत्री संविधानसभा २०६४ मा २२१ जना, ३३.३० प्रतिशत थियो भने संविधानसभा २०७० मा २६२ जना, ४५.५७ प्रतिशत भयो । त्यसरीनै क्रमशः आदिवासी जनजाति (पहाडे) संविधानसभा २०६४ मा १५९ जना २६.४५ प्रतिशतबाट घटेर संविधानसभा २०७० मा ११३ जना, १९.६५ प्रतिशतमा सिमित भयो । आदिवासी जनजाति (तराई) संविधानसभा २०६४ मा ५३ जना, ८.८१ प्रतिशतबाट संविधानसभा २०७० मा ४४ जना, ७.६५ प्रतिशत भयो । मधेशी संविधानसभा २०६४ मा १२१ जना, २०.४७ प्रतिशतबाट संविधानसभा २०७० मा १०९ जना, १८.९५ प्रतिशतमा आयो । दलित (पहाडे) संविधानसभा २०६४ मा ३३ जना, ५.६५ प्रतिशतबाट संविधानसभा २०७० मा २३ जना, ४ प्रतिशत मात्र कायम भयो । दलित (तराई)

---

७. ऐ. पृ. ५२-५३ ।

संविधानसभा २०६४ मा १४ जना, २.३२ प्रतिशतबाट केही वढेर संविधानसभा २०७० मा २४ जना, ४.१७ प्रतिशत हुन पुग्यो । तसर्थ समग्रमा भन्नु पर्दा संविधानसभा पहिलो निर्वाचनमा जे अवस्था थियो संविधानसभा २०७० दोस्रो निर्वाचनमा आएर त्यसको परिणाममा घट्नुको कारण जातीयताको सवालमा साझा र समान चिन्तनको अभाव नै मान्नु पर्दछ ।

माथिको तथ्याङ्क हेर्दा जातिगत समावेशीतामा व्राम्हण क्षेत्री समुदायको उपस्थिति संविधानसभा निर्वाचन २०६४ मा ३३.३० प्रतिशत उपस्थिति रहेको थियो । त्यो प्रतिनिधित्व पनि प्रत्यक्ष निर्वाचन प्रणाली अन्तरगत भएको २४० स्थानको निर्वाचनमा जातिगत समावेशीकरण नहुने भएकाले त्यो उपस्थिति देखिएको हो । यस्तै २०७० सालको निर्वाचनमा यो समुदायको उपस्थिति ४५.५७ प्रतिशत अर्थात झण्डै १२% भन्दा धेरै संख्यामा यो समुदायको उपस्थिति देखिन गएकोछ । यस्तै पहाडी आदिवासी जनजाति समुदायको प्रतिनिधित्व २०६४ को तुलनामा २०७० मा झण्डै ४% ले घटेकोछ । तराई तर्फका आदिवासी जनजाति समुदायको पनि १% गिरावट आएकोछ । यस्तै मधेशी समुदाय भित्र झण्डै २% पहाडी दलितमा १.६५% र तराई दलितमा भने २ प्रतिशतले वृद्धि भएको देखिन्छ । यस्तो परिणाम किन आयो भन्ने पनि खोजीको विषय वन्न सक्छ ।

माथिको तथ्याङ्कलाई हेर्दा जातिगत समावेशीका दृष्टिले नेपालको संविधानसभा २०६४ भन्दा २०७० को पुर्नःउत्थानवादी र प्रतिगामी (अधोगति) देखिन्छ । जनसंख्याको हिस्साको आधारमा संविधानसभा २०६४ जति सन्तुलित र समावेशी थियो त्यति संविधानसभा २०७० सन्तुलित वनेको देखिदैन । यस्तो सन्तुलित र समावेशी नहुनुका पछाडी केही कारणहरू पनि छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. वि.सं.२०६४ सालको संविधानसभा १० वर्षीय लामो हिंसात्मक द्वन्द्वपछि उक्त द्वन्द्वलाई हल गर्ने र सशस्त्र विद्रोही माओवादी पक्षलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा अवतरण गराउने उद्देश्यले भएको थियो । माओवादी पक्ष शान्तिपूर्ण राजनीतिमा आएपनि यसले युद्धकालीन अवस्थामा उठाएका राजनीतिक माग र नाराहरूलाई जनताले बुझ्न पाएका थिएनन् । विद्रोही शक्तिले मुलुकमा कुनै परिवर्तन ल्याउला भन्ने आशा जनताले गरेका थिए । हिंसात्मक द्वन्द्वको अन्त्यको चाहना जनताको थियो । युद्धकालीन समयमा नै माओवादीले सामाजिक विभेदको अन्त्य गर्दै समतामुलक समाज निर्माण गर्ने भनेर समावेशीताको अवधारणा र प्रयोग गर्न थालिसकेको थियो । त्यसैले उक्त एजेण्डाको सम्वाहक शक्ति माओवादी सत्तासम्म पुगे त्यसको प्रयोग गर्ने चाहना जनताको थियो । त्यसैले २०६४ सालको निर्वाचनमा माओवादी शक्ति अग्र स्थानमा रह्यो भने जातिगत समावेशीताको उपस्थिति तुलनात्मक रूपमा संविधानसभामा वलियो वन्न गयो ।

२०७० सालको संविधानसभा निर्वाचनमा जातिगत समावेशीतालाई कसरी र कुन तरिकाले प्रयोग गर्ने भन्ने स्पष्ट दृष्टिकोण न माओवादीमा रह्यो नत अन्य जातिवादी राजनीतिक शक्तिमा या संघ संस्थाहरूमा त्यसैले २०७० सालको संविधानसभा निर्वाचनमा पुग्दा माओवादीले पराजय भोग्नुका साथै जातीय समावेशीकरणको संख्या समेत प्रवाहित वन्न पुगेको देखिन्छ ।

२. वि.सं.२०६४ सालको संविधानसभाको निर्वाचन भएपछि संविधानसभाभित्र जुनसुकै राजनीतिक दलबाट विजयी भएर आएका भएपनि जातिवादी मान्यताका आधारमा आदिवासी जनजाति तथा महिलाहरूको एउटै मोर्चा ककस CAUCUS: A group of all the members of a legislature from the same party. गठन गरी जातीय समावेशीताको नारालाई चर्को तरिकाले लिएर हिड्न थाले । यसलाई खासगरी पश्चिमा राष्ट्रहरूको समर्थन देखिन गयो । संविधानसभा यसका अतिरिक्त राजनीतिक दलहरूपनि जातीय मुद्धालाई कम महत्व दिईएका कारण विभाजित पनि हुन थाले । यसको प्रभाव खासगरी नेकपा (एमाले) तथा नेपाली कांग्रेसमा देखिन थाल्यो । जातिवादी गैह्र सरकारी संस्थाहरू पनि धेरै क्रियाशील देखिए । एक प्रकारको उत्ताउलो तरिकाले जातीय सद्भाव समाजमा विग्रने अवस्था देखिन थाल्यो । यस्तो व्यवहार प्रदर्शनमा विदेशी पश्चिमा शक्तिहरू युरोपियन अमेरीकनहरूको खुल्लम-खुल्ला चासो रहेको कुरा पनि अनुभूति हुन थाल्यो । यसको परिणाम एकातिर व्राम्हण क्षेत्री समुदायले आफू प्रतिरक्षामा पुगेको महसुश गर्न थाल्यो भने अर्कातिर सामाजिक सद्भाव खलल पुग्न गयो । त्यसैकारण क्षेत्री-व्राम्हण समुदाय पनि प्रतिरक्षाका लागि आन्दोलित भयो । परिणामतः संविधानसभा २०७० को निर्वाचनमा फरक उपस्थिति देखिन गयो । जातिवादी पार्टीहरू पराजित भए । विकल्पको अभावमा फेरि पनि नेपाली कांग्रेस तथा नेकपा (एमाले) दलहरूनै अग्र स्थानमा देखिए जो जातिवादी राजनीतिको विरोधमा थिए ।

३. नेपालको भू-राजनीतिले पनि यसमा प्रभाव पारेकोछ । एकातिर पश्चिमा शक्तिहरू नेपालमा जातिवादी राजनीतिको मलजल गर्न व्यस्त थिए । अर्कातिर भारतीय शक्ति नेपालको तराईलाई मधेश शव्दले सम्बोधन गराउने र आफ्नो स्वार्थ पुरा गराउने धेयका साथ अघि आएको थियो । तर अर्को छिमेकी देश चीनबाट वारम्वार जातीय राज्य अस्वीकार हुने चुनौतिपूर्ण अभिव्यक्ति आईरहेको थियो । नेपाली राजनीतिमा स्वार्थरहित सहयोग र हस्तक्षेपकारी भूमिका कहिल्यै नखेल्ने चीनको यस्तो अभिव्यक्ति नेपाली जनमतका लागि स्वीकार्य वन्दै गएको थियो । खासगरी मधेश आन्दोलनले सिर्जना गरेको आतङ्कले उठिवास भएका तराईका पहाडी समुदायका मानिसहरू भारतीय चासो र सरोकारलाई नराम्ररी अनुभूति गरिरहेका थिए । यस्तो अवस्थामा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने शक्तिहरूको स्वार्थ विपरित नेपाली जनमत विस्तारै आफै संगठित हुन थाल्यो ।

परिणाम संविधानसभाको दोस्रो निर्वाचन २०७० ले उदाङ्गो पारिदियो । उक्त परिणामले एकातिर ककस (CAUCUS)को औचित्य माथि प्रश्न चिन्ह खडा गऱ्यो भने अर्कातिर जातिवादी राजनीतिको विपक्षमा उभिएका कांग्रेस-एमाले लगायतका शक्तिहरू प्रभावशाली भूमिकामा उपस्थित भए । जे होस् व्यवहारिक रूपमा जातिवादी शक्ति ति समुदायको उक्काउलो प्रस्तुती, ब्राम्हण क्षेत्री समुदायले अनुभूति गरेको प्रतिरक्षाको मनोविज्ञान, पश्चिमा मुलुक तथा भारतीय शक्तिको अनुचित हस्तक्षेप आदि कारणहरूले संविधानसभा २०७०, संविधानसभा २०६४ को तुलनामा जातिगत समावेशीता र सहभागिताको आधारमा पुर्नःउत्थानवादी, अद्योगति, प्रतिगामी वन्न पुग्यो । जातिगतमा पनि तराई दलित ज्यादै अपहेलित भएको कुरालाई २०७० को निर्वाचनले स्वीकार गरेको देखाउँछ ।

७.७. क्षेत्रगत भिन्नता

क्षेत्रगत आधारमा दुई संविधानसभाको निर्वाचनको परिणामलाई हेर्दा परिणाममा तात्विक भिन्नता पाईदैंन । जसलाई निम्नानुसार हेर्न सकिन्छ (२०६४ पछि क्रमशः २०७० लेखिएकोछ) । हिमाल २५ बाट २४, पहाड २९९ बाट २८२, तराई २७७ बाट २६८ जनामा कायम भएकोछ । माथिको तथ्यले के देखाउँछ भने तराईका क्षेत्रमा सामान्य परिवर्तन आएपनि अन्य क्षेत्रमा खासै भिन्नता दिन सकेको छैन । तसर्थ क्षेत्रगत रूपमा जनचासो केन्द्रित भएको देखिदैंन ।

७.८. वर्गीय भिन्नता

वि.सं.२०७० सालको संविधानसभा वर्गीय भिन्नताका दृष्टिले पनि २०६४ को भन्दा निकै भिन्न भएको तलको तथ्याङ्कले देखाउँछ (२०६४ पछि क्रमशः २०७० लेखिएकोछ) । उच्च वर्ग ४९ बाट १२५, उच्च मध्यम वर्ग ३४५ बाट ३९२, निम्न मध्यम वर्ग १८९ बाट ५३, निम्न वर्ग १८ बाट ५ जना कायम भएकोछ । उल्लेखित तथ्यले के देखाउँछ भने नेपाली जनताको आर्थिक वृद्धिदरमा ठूलो अन्तर नआएपनि राजनीतिक व्यक्तित्वहरूको अवस्थामा भने निकै ठूलो परिवर्तन आएको पाईन्छ । वि.सं.२०६४ सालको संविधानसभा पहिलो निर्वाचनमा भन्दा वि.सं.२०७० को संविधानसभा दोस्रो निर्वाचनमा उच्च वर्गको प्रतिनिधित्वमा झण्डै १३ प्रतिशतले वृद्धि भएकोछ भने उच्च, मध्यम वर्गको प्रतिनिधित्वमा पनि १० प्रतिशत वरावरले वृद्धि भएकोछ तर निम्न मध्यम वर्ग तथा तल्लो वर्गको प्रतिनिधित्वमा ठूलो ह्रास आएको देखिन्छ । वर्गीय आधारमा हेर्ने हो भने वि.सं.२०७० को संविधानसभा वहुसंख्यक र आधारभूत वर्ग प्रतिनिधि विपक्षका रूपमा रहेकोछ । यो वर्गले प्रतिनिधित्व गरी वनाएको

संविधान र त्यसले वनाएको कानूनले तल्लो वर्गको हित तथा संरक्षण नगर्ने देखिएकाले संविधानसभा सामाजिक द्वन्द्व न्युनिकरणमा सहयोगी हुने देखिँदैन ।

७.९. लैङ्गिक भिन्नता

दुई संविधानसभाको लैङ्गिक उपस्थितिलाई निम्नानुसार हेर्न सकिन्छ (२०६४ पछि क्रमशः २०७० लेखिएकोछ) । पुरुष ४०४ बाट ४०१, महिला १९७ बाट १७० कायम भएकोछ । उल्लेखित तथ्यले के देखाएकोछ भने लैङ्गिक समावेशीताको दृष्टिले पनि संविधानसभा २०७० अघिल्लो संविधानसभाको तुलनामा असन्तुलित र प्रतिगामी देखिन गएकोछ । उमेर समुहलाई पनि यसरी हेर्न सकिन्छ । यसमा उमेर समूह सवैलाई समेटिएकोछ । उमेर वर्षमा २६-४० सम्मका २३२ बाट ९३, उमेर ४१-५५ सम्मका २७३ बाट २९१, उमेर ५६-७० सम्मका ९१ बाट १७५, उमेर ७१ देखि माथि सवै ५ बाट १५ कायम भएकोछ ।

माथिको तथ्यले के देखाएकोछ भने जनसंख्याको महत्वपूर्ण हिस्सा वोकेको र उर्जाशील शक्ति युवा समुह जो उमेर २६ देखि ४० वर्ष भित्रको रहेकोछ । त्यसको उपस्थिति संविधानसभामा ज्यादै न्युन रहेकोछ । अझ २०६४ को तुलनामा २०७० उमेर समुहको प्रतिनिधित्व गराउने सवालमा पनि असन्तुलित र प्रतिगामी देखिन गएकोछ । वर्षै सम्म राजनीतिको नेतृत्व एउटै उमेर समुहले चलाउँदाको परिणाम राजनीति नयाँ जोस्, स्फुर्ति, नयाँ विचार र व्यवहारबाट परिचालित हुन पाँउदैन । तसर्थ एउटै व्यक्ति वा उमेर समुहले नेतृत्व गर्ने परम्परा र अझ युवालाई प्रोत्साहन गर्नु भन्दा वुढा वृद्धहरूको प्रतिनिधित्व वृद्धि गर्ने प्रक्रियालाई कदापी पनि उचित मान्न सकिदैंन । उमेर समुहका दृष्टिले पनि संविधानसभा २०६४ भन्दा २०७० प्रतिगामी (अद्योगतितिर) भएको देखिन आउँछ ।

माथिका तथ्यहरूका आधारमा समग्रमा भन्नु पर्दा नेपालको संविधानसभा वा व्यवस्थापिकाको संरचना द्वन्द्व, हिंसा, सामाजिक सद्भाव र राष्ट्रिय एकता, राष्ट्रिय समृद्धिका दृष्टिले समावेशी र राष्ट्रिय समस्या हल गर्दै सामाजिक सद्भाव र राष्ट्रिय एकता कायम राख्ने प्रक्रितिको देखिदैंन । यस्तो संरचनाको व्यवस्थापिका वा संविधानसभाले सवै वर्ग, क्षेत्र, लिङ्ग वा जातिगत समस्या निरूपण गर्ने संविधान तथा कानून निर्माण गर्ने सम्भावना देखिदैंन ।

७.१०. नेपालमा अपनाईनु पर्ने समावेशीता

माथिको तथ्यले के देखाउछ भने नेपालमा अवलम्वन गरिएका समावेशीताको आधारहरू उचित छैनन् । उल्लेखित तथ्यहरूले समावेशीताका चार आधारहरू देखाएको छ ।

१. वर्गीय आधार

२. लैंङ्गिक आधार

३. क्षेत्रगत आधार

४. जातिगत आधार

उल्लेखित चार आधारहरूलाई हेर्दा आर्थिक समृद्धि, दिगो शान्ति, सामाजिक सद्भाव र आपसी मेल-मिलापका दृष्टिकोणले सवै भन्दा पहिलो प्राथमितामा राखिनु पर्ने आधार वर्गीय आधार हो । समाज वा राज्यमा जनता-जनता बीचमा हुने आर्थिक असमानताले आपसी वेमेल र द्वन्द्व सिर्जना गर्दछ । तसर्थ राज्यले जनगणनासँग प्रत्येक परिवारको आर्थिक अवस्थाको तथ्य संकलन गर्नु पर्दछ । त्यसै आधारमा राज्यको नीति निर्माण गर्ने ठाँउ देखि हरेक निकायमा वर्गीय आधारलाई पहिलो प्राथमिकतामा राखि आरक्षणको व्यवस्था गर्नु पर्दछ । यसरी नीति निर्माण गर्ने तहमा प्रतिनिधित्व गराउँदा पेशालाई आधार मानी आर्थिक उपार्जन अनुसार संरक्षण गरिनु पर्दछ । पेशागत रूपमा किसान, मजदुर, ज्यामी, गोठाला, आदि पेशाकर्मी देखि व्यापारी, उद्यमीसम्मले जनसंख्याको हिस्साको आधारमा नीति निर्माण निकायमा भाग लिएर आफ्नो वर्गको पक्षमा कानून, नीति निर्माण गर्न पाउने व्यवस्था हुनु पर्दछ । एउटै जाति, धर्म, संस्कार र क्षेत्रमा वस्ने मानिसले आफ्नै समुदाय, क्षेत्र वा जातिको तल्लो वर्गको मानिसलाई जति शोषण गरेको हुन्छ त्यति अन्य समुदाय, क्षेत्र वा जातिको मानिस माथि शोषण गर्न सकेको देखिँदैन । तसर्थ शोषण र उत्पीडनको मूल आधार जात नभएर आर्थिक वर्ग भएको पाईन्छ । तसर्थ आर्थिक वर्गीय असमानता र असन्तुलनलाई न्युनीकरण नगरी समाज र राज्य समृद्ध हुन नसक्ने र दिगो शान्ति स्थापना हुन नसक्ने देखिन्छ । तसर्थ समावेशीताको पहिलो आधार वर्गीय प्रतिनिधित्वलाई मान्नु पर्दछ ।

समावेशीताको सवालमा लैंङ्गिक प्रतिनिधित्व नेपालको सन्दर्भमा जसरी भएकोछ त्यसलाई जातिगत र क्षेत्रगत प्रतिनिधित्वमा सुधार गर्ने हो भने उचित मान्न सकिन्छ । लैंङ्गिक सवालमा पनि आर्थिक वर्गलाई आधार मानेर लैंङ्गिक समावेशीतामा महिलाहरूलाई उचित समावेशीकरण गर्नु आवश्यक छ । वर्तमान लैंङ्गिक समावेशीकरणमा आर्थिक वर्गको आधार नमानी जाति र क्षेत्रलाई मूल आधार मान्ने काम भने गलत भएको देखिन्छ । तसर्थ वर्गीय, पेशागत, लैंङ्गिक आधारमा महिलाको प्रतिनिधित्व पहिलो शर्त हुनु पर्दछ । त्यसपछि मात्र जाति तथा क्षेत्रगत प्रतिनिधित्वको सवाल उठ्नु

पर्दछ । क्षेत्रगत आधारमा प्रतिनिधित्व गराउँदा जनसंख्याको आधारमा अति पिछडिएको क्षेत्रलाई छुट्याईएको आरक्षण र समावेशीतामा केही वृद्धि गर्नु पर्ने भौगोलिक क्षेत्रफलले माग गरेकोछ । त्यस क्षेत्रको उचित प्रतिनिधित्वले मात्र पिछडिएको क्षेत्रको उन्नतिमा टेवा पुऱ्याउनेछ । यस्तै गरी जातिगत सवालमा छुट्याईएको अन्य, आदिवासी जनजाति, मधेशी, दलित भन्ने सवाल गलत छ । ब्राम्हण क्षेत्रीलाई पनि वर्गको आधारमा पहिचान दिन र समावेशी आरक्षण स्थापित गर्नु पर्छ तर जुन वर्गको उत्थानको निमित्त गरिएकोछ त्यसमा समृद्ध र सवल वन्ने तहसम्म मात्र आरक्षणको व्यवस्था कायम राख्नु पर्दछ । आदिवासी जनजाति समुदायमा राई, लिम्बु, गुरुङ्ग, थकाली, नेवार लगायतका जातिलाई राउटे, चेपाङ्ग, वनकडडिया जस्ता समुदायहरूसँग एउटै स्तरमा राखेर हेर्ने र व्यवहार गर्ने जुन व्यवस्था छ त्यसले समृद्ध वर्गसँग तल्लो वर्गले समान स्तरमा उठ्न सक्ने अवस्था देखिँदैन । तसर्थ पहिलो कुरा वर्गीय जातिको पहिचान हुनु पर्दछ । समावेशीताको सवालमा माथि उल्लेखित लिम्बु, गुरुङ्ग, थकाली, नेवार जस्ता जातिलाई उपल्लो जनजातिमा समावेश गरी निम्न वर्ग र अल्पसंख्यक जनजातिलाई मात्र पहिचान र आरक्षण आवश्यक देखिन्छ । जातिगत सवालमा नेवार, लिम्बु, राई, गुरुङ्ग, थकाली जस्ता जातिहरूलाई जातीय समावेशीताको सवालमा अन्य पिछडिएका जनजातिहरूसँग समानदुरीमा राखेर हेर्ने गर्दा समतामूलक समाज निर्माण गर्न सकिँदैन । तसर्थ आदिवासी जनजाति मध्ये पनि उच्च र तल्लो समुदायको अलग पहिचानको आधारमा समावेशीकरण कार्यान्वयन र तल्लो वर्गको संरक्षण गर्नु पर्दछ । यदि यसो गरिएन भने समाजमा छोटा सामन्तहरूको स्थापना हुने र शोषणको प्रक्रिया नयाँ ढंगले विकास हुन जान्छ । जातिगत रूपमा खस, उच्च किराँती जाति, निम्न किराँती जाति, निम्न खस जाति, नेवार, सभ्रान्त तराईवासी, पिछडिएको तराईवासी, दलित आदिको पहिचान आवश्यक छ । यसमा उच्च खस, उच्च किराँती, सभ्रान्त तराईवासी तथा नेवार समुदायलाई आरक्षणको कुनै आवश्यकता देखिँदैन । उदाहरणका लागि नेपाली राजनीतिमा राष्ट्रपति सभ्रान्त तराईवासी, प्रधानमन्त्री उच्च खस जाति, सभामुख उच्च किराती लिम्बु जाति भएको सन्दर्भमा दलितको प्रतिस्पर्धात्मक नभएको देखिन्छ । त्यस कारण उच्च जातिको परिभाषा नेपाली सन्दर्भमा वदल्न आवश्यक छ । यसले जातिगत विभेदपनि न्युन गर्दछ भने जातीय सद्भावपनि कायम राख्दछ ।

नेपालमा समावेशीकरण गर्दा लक्ष्य निर्धारण गरेर निश्चित लक्ष्यको अवधि मात्र एक प्रकारको समावेशीकरण गर्न आवश्यक छ । सधैं भरी एउटै प्रकारको समावेशीकरणले नयाँ उत्पन्न हुने समस्या र अवस्थालाई सम्बोधन गर्न सक्दैन । तसर्थ एउटा लक्ष्य हासिल गरेपछि अर्को लक्ष्य प्राप्ती गर्न लाग्दा अर्को प्रकारको समावेशीकरण हुनु आवश्यक छ । समावेशीकरण निश्चित अवधिका लागि लक्षीत समुदायको समृद्धि निर्माण भएको तह समयावधि सम्म मात्र गरिनु पर्दछ । यही आधारमा समुदाय,

जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा क्षमताको आधारमा समानताको समावेशीकरण भनेकै न्यायचित समावेशी वितरणको समावेशीकरण हुन्छ त्यो समानता न्यायचित समावेशीकरण हो । यसो गरिए समावेशीताको नाममा हुने विदेशी हस्तक्षेप र सामाजिक विभेदलाई पनि कम गर्दै लैजानेछ ।

७.११.संविधानसभा असफल हुनुका कारणहरू

संविधानसभा मूलतः संविधान निर्माण गर्ने उद्देश्यका साथ गठन हुने गर्दछ । तर नेपालको संविधानसभाको दायित्व संविधान निर्माण गर्नसम्म मात्र नभएर अन्य कामहरूपनि यसमाथि अभिभारा थियो । संविधानसभा २०६४ असफल हुनाका पछाडि निम्न कारणहरू मौजुदा रहेको पाईन्छ । जो निम्नानुसार छन् ।

(क) नेपालको संविधानसभा लामो समय देशमा हिंसात्मक द्वन्द्वको अन्त्य गर्ने उद्देश्यका साथ गठन भएको हो । संविधानसभाको निर्वाचनको बाटो खोलेपछि १० वर्षीय माओवादी विद्रोहको शान्तिपूर्ण राजनीतिमा अवतरण भएकोछ । माओवादी विद्रोहको थालनी हुँदा संविधानसभाको मागमा सहमति गरेर जाने भन्ने थिएन । हिंसात्मक वल प्रयोगबाट मुलुकको राज्यसत्ता कव्जा गर्ने र नयाँ जनवादी शासन व्यवस्था स्थापना गर्ने लक्ष्य राखेर गरिएको थियो । उक्त लक्ष्य प्राप्तीका लागि नेपाली समाजको यथार्थ वर्ग चरित्र र अवस्था, नेपाली जनताको चाहना र मनोविज्ञान, क्रान्तिका निम्ति आवश्यक तयारी, नेपालको भू-राजनीतिक अवस्था, क्रान्तिका लागि चाहिने योजना, विचार र पहल कदमीको वास्तविक आँकलन, नेपालको राजनीतिकको अवस्था जस्ता कुराहरूको तथ्यपरक र ठोस् अध्ययन नगरीनै थालनी गरिएको थियो । जनयुद्धको थालनीपछि अपनाईने कार्यनीति, कार्यशैली, दीर्घकालीन योजनाको स्पष्ट रूपरेखा र जन जीवनमा त्यसले पार्ने प्रभावको आँकलन विनानै हतियार उठाउने काम भयो । हतियार उठाउने र संगठन निर्माणको काममा प्रष्ट तादम्यता थिएन । यस्ता कमजोरीहरूका वीचमा सुरु भएको माओवादी विद्रोहको सफल अवतरण प्रष्ट देखिएन । युद्धको थालनी भएपछि मूल प्रवाहको राजनीतिमा देखिएको कुसंस्कार र अमर्यादाको खेलले विद्रोहलाई उर्जा दियो । विद्रोहले विकास पनि गऱ्यो । राज्य सत्ताप्रतिको असन्तुष्टिको आकर्षण माओवादी विद्रोह वन्यो । तर विद्रोह आफैमा वल शक्ति र राज्य सत्ता कव्जा गर्ने दिशामा पुग्ने अवस्थामा देखिएको थिएन । खासगरी विद्रोहीहरूमा रहेको जनमैन्त्री व्यवहार र संस्कारको अभावले जनमतले खुलेर विद्रोहीहरूको समर्थन गर्न सकेको अवस्था थिएन । विद्रोहीहरूमा वल र दमनको दम्भ थियो जसको खुलेर विरोध गर्ने अवस्था पनि जनतामा थिएन । यसलाई विद्रोही शक्तिले आफूले समर्थन पाएको ठान्न

पुग्यो । अर्कातिर मूल राजनीतिक धारभित्र देखिएको वेमेल, कुसंस्कारको प्रयोग, भ्रष्टाचार आदिले जनता आजित र हैरानी खेपेका थिए । यस्तो अवस्थामा जनताको वास्तविक अवस्था न विद्रोहीको न राज्य सत्ताको समर्थन गर्ने अवस्था थियो । जनताको चाहना शान्ति स्थापनातिर लागेको थियो । वलपूर्वक राज्य सत्ता कव्जा पनि हुन नसक्ने र राज्य सत्ताले पनि दमन गर्न नसक्ने देखेपछि जनता विद्रोहको शान्तिपूर्ण अवतरण होस् भन्ने चाहना गर्न थाले । यस्तो अवस्थामा माओवादी विद्रोहीसँग जसले वार्ता र सम्वादको माध्यमबाट शान्तिको बाटो रोज्छ त्यतैतिर जनमत आकर्षित हुने अवस्था देखिँदै गएको थियो । राज्य सत्ता र विद्रोहीहरूको दोहोरो दमनको मारमा परेका नेपाली जनता यसबाट मुक्ति खोजीरहेका थिए । तसर्थ माओवादी विद्रोहको शान्तिपूर्ण अवतरणको बाटो रोज्ने दिशामा जनमत बढ्दै गएको थियो ।

माओवादी विद्रोहको शान्तिपूर्ण निकास राजदरवारले दिन्छ कि भन्ने आशा लिएर वसेका नेपाली जनताको भावनामा वि.सं.२०५८ जेठ १९ गतेको दरवार हत्याकाण्डले तुषरापात गरिदियो । नयाँ राजा ज्ञानेन्द्र शाहले माओवादी र संसदवादी दुवै राजनीतिक शक्तिहरूलाई राजनीतिबाट अलग्याएर सैनिक शासन चलाउने प्रयास गरे । यसै बीच माओवादी र संसदवादी दलहरूका बीचमा १२ बुँदे समझदारी भयो । यही समझदारीले संविधानसभाको गठनको बाटो खोलेको थियो । तत्पश्चात संविधानसभाको निर्वाचन भयो । विद्रोही शक्ति देशको ठूलो शक्तिका रूपमा देखा पऱ्यो । तर निर्णायक तहमा भने पुग्न सकेन । विद्रोही भएर आएको शक्ति सत्तामा पनि पुग्यो तर मुलुक चलाउने स्पष्ट तरिका र दृष्टिकोणको अभाव देखियो । अर्कोतिर विद्रोहीले राज्य सत्ता कव्जा गर्ने त्रास र आशंकामा संसदवादी राजनीतिक दलहरू आफू क्रियाशील हुन थाले । परिणामतः संविधान निर्माणको काम भन्दा पनि सरकार वनाउने र ढाल्ने काम व्यापक भयो । संविधानसभा यसर्थ असफल भयो ।

(ख) संविधानसभाको निर्वाचनपछि सत्तामा पुगेको विद्रोही शक्तिले नत जनताको भावनालाई सम्बोधन हुने काम गऱ्यो नत अरु राजनीतिक शक्तिसँग कुटनीतिक सम्वन्धलाई वलियो वनाउन सक्यो । चुनाव जितेर ठूलो शक्तिमा उदाएपछि उसमा दम्भ र अहंकार पलाउन थाल्यो । जनताको भावनालाई नवुझी पलाएको दम्भ र अहंकारलाई जनताले नकरात्मक अर्थमा बुझ्न थाले । खासगरी राज्यको पुर्नःसंरचनाको सवालमा नेकपा (माओवादी)ले उठाएको संघीय अवधारणाले निम्न कुराहरू जनमानसमा स्थापित गरिदियो ।

(१) यसले समाजमा स्थापित जातीय सद्भाव र समन्वयलाई खलल पुऱ्याउँछ ।

(२) तराई र पहाडलाई अलग-अलग वनाउँछ । अर्थात मुलुकको सार्वभौमिकता र अखण्डतामा आँच आउँछ ।

(३) उल्लेखित दुई मुख्य आशंका निवारण गर्ने प्रयत्न र त्यसलाई प्रष्ट पार्ने प्रयास माओवादीबाट भएन । माओवादीको राज्य पुर्नःसंरचनाको विचार विपरित उभिनेहरू नेपाली कांग्रेस तथा नेकपा (एमाले)को वरिपरि लाग्दै विपक्षमा जाने प्रभाव बढ्न थाल्यो । अर्कोतिर मुलुकको जनसंख्याको लगभग एक तिहाई हिस्साको प्रतिनिधित्व गर्ने ब्राम्हण तथा क्षेत्री समुदाय पनि संगठित हुँदै खुलेर विरोधमा आउन थाल्यो । जसको परिणाम संविधानसभा संघीय संरचनाको संविधान वनाउन संविधानसभा २०६४ असफल भयो ।

(ग) नेपालको अन्तरिम संविधान २०६३ जारी हुँदाको वखत नेपाल संघीय राज्यमा जाने भन्ने कुरा उल्लेख थिएन । भारत, पटनाको गोप्य वैठक र योजना मुताविक नेपालमा अन्तरिम संविधान २०६३ जारी भएपछि मधेश विद्रोहको थालनी भयो । तराईवासी समुदायमा आफू राज्यबाट हेपिएको भन्ने भावना यदाकदा भएपनि लामो इतिहासको राजतन्त्र नेपालमा रहेसम्म मधेशी भनिने समुदायले न कुनै विद्रोह गऱ्यो नत आन्दोलन नै । विद्रोहको निशाना राज्य सत्ता नभएर तराईमा वसोवास गर्ने पहाडी समुदायका मानिसहरू वने । ठूलो संख्यामा पहाडी समुदायका मानिसहरू उक्त विद्रोहको रापले विस्थापित हुन पुगे । यो विस्थापनको कारण विस्थापितहरूमा संघीय राज्यप्रतिनै वितृष्णा वढ्न गयो ।

मधेश विद्रोहपछि तराईमा मधेशी भनिने समुदाय, त्यहाँका व्यापारी, उद्योगीहरूनै असुरक्षित वन्न पुगे । उनीहरू पनि विस्थापित भए । "एक मधेश एक प्रदेश" को नाराले राज्य नै आतङ्कित वन्न पुग्यो । एक मधेश एक प्रदेश नभएसम्म संविधान जारी नहुने र मधेश प्रदेश वनाउन नहुने विचारका बीच द्वन्द्व खडा भयो । अर्कोतिर मधेश प्रदेशले आफ्नो अस्तित्व समाप्त हुने भन्दै थारु आन्दोलन प्रकट भयो । यी विविध आन्दोलन र मागले संविधान निर्माणमा प्रभाव पाऱ्यो । मूलतः एक मधेश एक प्रदेशको नारा संविधान निर्माणमा बाधक बन्यो र संविधानसभा २०६४ असफल भयो ।

(घ) विदेशी चासो र सक्रियतापनि संविधानसभा २०६४ लाई असफल वनाउने अर्को कारण वन्यो । युरोपेली तथा अमेरिकी जस्ता पश्चिमा मुलुकहरू नेपालमा जातिवादी आन्दोलनलाई पैसाको भरमा मलजल गर्न थाले भन्ने नेपाली जनमानसमा चर्चाको विषय वन्न थालेको थियो । भारतीय शक्ति मधेशवादी राजनीतिको मेरुदण्ड वन्न थाल्यो । यी गतिविधिले नेपाली जनमानसमा विदेशीहरूको यस्तो खेलप्रति नकरात्मक प्रभाव पर्न गयो । मानव अधिकारको कुरा गर्ने अमेरिकी

पूर्व राष्ट्रपति जिमी कार्टरले नेतृत्व गरेको कार्टर सेन्टर समेत नेपालमा जातिवादी विचारको प्रभाव विस्तार गराउन लागेको सन्देश नेपाली छापाहरूमा प्रकाशनमा आउन थाले । नेपालमा जातीय नाममा प्रान्तीय विभाजन गराउने र जातीय अग्राधिकारका विचार प्रस्तुत माओवादी एजेण्डा र पश्चिमा शक्तिहरूको प्रवाहमा कुनै खास अन्तर नदेखेपछि नेपाली समाजमा एक तिहाई जनसंख्याको हिस्सा ओगटेको खस समुदाय (क्षेत्री वाहुन) ती शक्तिहरूप्रति सशङ्कित वन्न थाले । संगठन नै गरेर संविधानसभाको अन्ततिर आन्दोलित भए ।

अर्कातिर छिमेकी देश चीनका उच्च स्तरीय प्रतिनिधि मण्डलले पनि नेपालको भ्रमण पटक-पटक गऱ्यो । ती भ्रमणमा आउने सबै चीनियाँ अधिकारीहरूको धारणा एउटै थियो । नेपालको संघीय संरचनामा जातीय राज्य स्वीकार्य हुँदैन । जातीय प्रकृतिको संघीय संरचनाले चीनको सुरक्षालाई समेत प्रभाव पार्दछ । संविधानसभा २०६४ को विघटनपछि लगत्तै काठमाडौंका घर गल्लि तथा राजनीतिक वृत्तमा के चर्चा चल्यो भने संविधानसभाबाट संविधान जारी गर्न लागिएको थियो । वहु या दुई पहिचानको नाम दिएर संघीय राज्यको संरचनासहित अन्तिम दिन संविधान जारी गर्ने अवस्थामा नेपालका राजनीतिक दलहरू पुगिसकेका थिए । यसैवेला नेपाली नेताहरूलाई भारतबाट भारतीय प्रधानमन्त्री मनमोहन सिंहको सन्देश आयो । "चीनले नेपालमा हस्तक्षेप गरी ज्ञानेन्द्र शाहलाई गद्धीमा लैजाने र नेपालमा सेना समेत पठाउने धम्की आयो, नेपालको संविधानसभाले जातीय नामको संरचनामा संविधान वनाउने गरी संविधान वनाउ भनेर । त्यसैले संविधानसभाका अध्यक्षले वैठक पनि वोलाएनन् । चीनको दृष्टिकोण नेपालमा जातीय नामाकरणमा राज्य विभाजित भएको खण्डमा आफ्नो सुरक्षामा नकरात्मक प्रभाव पर्ने ठान्दैछ । संविधानसभाबाट कुनै निर्णय नगर्नु ।" मनमोहन सिंहको सन्देशपछि नेताहरू संविधानसभा भवन नगई सिंहदरवारतिर छिरे । संविधानसभा विघठन भयो । यो कुरा आजसम्म वाहिर कसैले नल्याएकाले सत्य हो भनी भन्न सकिदैंन । तर असत्य हो भन्ने ठाँउपनि छैन । किन भनेः- (१) संविधानसभाको विघठनपछि राजधानी स्थित नेपाल ल क्याम्पसको सभाकक्षमा वौद्धिक वृत्त नेपालको आयोजना गरेको एक कार्यक्रममा वोल्ने क्रममा जातीय संरचनाको विरोध गर्दै नेकपा (एमाले)का नेता अग्नि खरेलले माओवादी नेता देवेन्द्र पौडेल तर्फ नामै किटेर संकेत गर्दै संविधानसभाको विघठनमा छिमेकी देशहरूको चासोको विषयमा माथि उल्लेखित चर्चासँग मिल्ने गरी प्रसंग उठाएर देवेन्द्र पौडेललाई जवाफ दिन आग्रह गरेका थिए । माओवादी नेता देवेन्द्र पौडेलले यस विषयमा कतै केही उल्लेख गरेनन् । तसर्थ पनि के बुझ्न सकिन्छ भने माओवादी विचारबाट आएको संघीयताको मामला विपरित चीनियाँ प्रतिक्रिया आएको थियो भन्ने बुझ्न र अनुमान गर्न सकिन्छ । चीन भ्रमणबाट फर्किएपछि नेकपा (माओवादी) नेता मोहन वैद्यले पनि पत्रकारहरूसँग कुरा गर्दै

"नेपालको संघीयताको सवालमा भएको चलखेललाई चीनले नरुचाएको" भनेर प्रष्ट भाषामा भनेका थिए । (२) चीनियाँ लेखक Hu Kang Fung ले लेखेको "Nepal-China Relation and Tibet" भन्ने लेखमा स्वस्पष्ट : नेपालको जातीय राज्यको संघीय संरचना पश्चिमा शक्तिको विचार प्रवाहित भएको र त्यसले चीनको सुरक्षामा असर पुग्ने भन्ने लेखेका छन् । यो ज्यादै गम्भीर विषय हो ।

तसर्थ देश भित्रको आवश्यक्ता, छिमेकी देशहरूको चासो, राष्ट्रिय हित र अखण्डताको सवाल आदि सवै कुराले के देखाउँछ भने नेपालको समावेशीता, संविधानसभा संरचना देखि राज्यका हरेक संरचनामा जातीय समावेशीतालाई महत्व दिने भन्दा वर्गीय र लैंङ्गिक समावेशीतालाई महत्व दिएर समावेशीकरण गर्न उचित छ । जसले दीर्घकालीन शक्ति, समृद्धि र एकतालाई वचाई राख्न सक्दछ । जातीय राज्यको संरचनाको चाहना पश्चिमा राष्ट्रबाट सृजित हुनुलाई समाजवादीहरू तथा वर्ग संघर्षलाई दर्शनको एक पक्ष मान्नेहरूलाई भ्रम पार्ने र उनीहरूको मनसपटल (दिमाग) र चिन्तनलाई भुत्ते वनाउने कुटिल चालवाजी हो भन्ने दिभित्रीकोमिच (रुसी लेखक)को भनाईलाई असत्य मान्न सकिदैंन । भाटे कारवाही, सामाजिक सुधार अभियान जस्तै तास-जुवा खेल्ने, रक्सी जथाभावी सेवन गर्ने, घरेलु तथा महिला हिंसा विरुद्ध, भ्रष्टाचार र घुसखोरी विरुद्धका कारवाहीबाट अघि वढेको नेपालको माओवादी विद्रोहलाई त्यसको वि.सं.२०५७ सालको दोस्रो राष्ट्रिय सम्मेलनसँगै विदेशी लगानीमा काम गर्ने नेपाली विद्वनहरूको राय वमोजिम जातीय राज्य संरचना तर्फ आकर्षित गरेर विचार मोड्न सफल भएको दृष्टान्त नेपालमा नै देखिएकोछ । जातीय पहिचानलाई मात्र आधार वनाएर वर्ग, संस्कृति, भाषा जस्ता कुरालाई नजर अन्दाज गरी अवलम्वन गरिने समावेशीकरणले दिगो शान्ति र राष्ट्रिय समृद्धि हासिल गर्न सक्दैन । तसर्थ माथि उल्लेखित वर्गीय, लैंङ्गिक असमानतालाई सम्बोधन गर्ने गरी सवै समुदायको सही पहिचान गर्दै निश्चित अवधिभित्र समृद्ध वनाउने दिर्घकालीन समावेशीकरण अवलम्वन गर्न जरुरी छ । वर्गीय असमानताहरु न्युन गर्न जाति, क्षेत्र र लिङ्गका वीचमा हुने विभेदहरुको पहिचान गर्दै त्यसलाई वर्गीय विभेदको अन्त्य गर्ने दिशा तर्फको कार्यक्रम अघि सारी सामाजिक सद्भाव कायम राख्ने दिशामा अघि जान जरुरी छ । यसरी अघि वढ्दा सामाजिक कुसंस्कार र विभेद युक्त व्यवहारहरुको अन्त्यका निम्ति प्रयास हुनु पर्दछ । तर ती सवै प्रयास वर्गीय विषमतालाई ध्यानमा राखी गरिनु पर्दछ । यस्तो कार्यक्रमले मात्र वास्तविक समावेशी समाजको निर्माण गर्न सक्छ ।

परिशिष्ट

परिशिष्ट १ : संविधानसभा २०६४ को नामावली

सभासद संख्या ६०१ को वर्णानुक्रम नामावली, पार्टी, जिल्ला, निर्वाचन क्षेत्र, र निर्वाचीत समूहः

क्र.स.	नाम, थर	पार्टी	जिल्ला	निर्वाचन क्षेत्र	निर्वाचीत	
अ १	अक्कल बहादुर थिङ्ग	नेकपा (माओवादी)	काभ्रेपलान्चोक	२	प्रत्यक्ष	-
२	अग्नी प्रसाद सापकोटा	नेकपा (माओवादी)	सिन्धुपाल्चोक	२	प्रत्यक्ष	-
३	अग्नी प्रसाद खरेल	नेकपा (एमाले)	झापा	-	-	समानुपातिक
४	अच्युतराज पाण्डे	नेपाली कांग्रेस	काठमाडौं	-	-	मनोनीत
५	अजय कुमार चौरसिया	नेपाली कांग्रेस	पर्सा	३	प्रत्यक्ष	-
६	अजय कुमार द्विवेदी	नेपाली कांग्रेस	पर्सा	२	प्रत्यक्ष	-
७	अर्जुन प्रसाद जोशी	नेपाली कांग्रेस	पर्वत	१	प्रत्यक्ष	-
८	अर्जुन राई	राष्ट्रिय जनशक्ति पार्टी	खोटाङ्ग	-	-	समानुपातिक
९	अनिल कुमार झा	सद्भावना पार्टी	रौतहट	-	-	समानुपातिक
१०	अब्दुल कलाम आजाद	नेकपा (एमाले)	रौतहट	-	-	समानुपातिक
११	अभिषेक प्रताप शाह	मधेशी जनअधिकार फोरम, नेपाल	कपिलवस्तु	३	प्रत्यक्ष	-
१२	अमर बहादुर गुरुङ्ग तमु	नेकपा (माओवादी)	गोरखा	३	प्रत्यक्ष	-
१३	अमिक शेरचन	जनमोर्चा नेपाल	चितवन	५	प्रत्यक्ष	-
१४	अमिलाल झाँगड	नेकपा (माओवादी)	मोरङ्ग	-	-	समानुपातिक
१५	अम्बिका वस्नेत	नेपाली कांग्रेस	काठमाडौं	-	-	समानुपातिक
१६	अमृतलाल राजवंशी	नेपाली कांग्रेस	झापा	-	-	समानुपातिक
१७	अमृता थापा मगर	नेकपा (माओवादी)	स्याङजा	-	-	समानुपातिक
१८	अरविन्द शाह	तराई मधेश लोकतान्त्रिक पार्टी	धनुषा	-	-	समानुपातिक
१९	अलाउद्धिन अंसारी	राष्ट्रि प्रजातान्त्रीक पार्टी	नवलपरासी	-	-	समानुपातिक
२०	अशोक कु.रोकाया क्षेत्री	नेकपा (माओवादी)	बाँके	-	-	समानुपातिक
आ २१	आङदावा शेर्पा	नेकपा (माओवादी)	काठमाडैं	-	-	समानुपातिक
२२	आत्माराम प्रसाद साह	मधेशी जनअधिकार फोरम,नेपाल	बारा	-	-	समानुपातिक
२३	आमोद प्रसाद उपाध्याय	नेपाली कांग्रेस	मोरङ्ग	१	प्रत्यक्ष	-
२४	आरजु राणा देउवा	नेपाली कांग्रेस	डडेल्धुरा	-	-	समानुपातिक
२५	आशा कुमारी सरदार	मधेशी जनअधिकार फोरम,नेपाल	मोरङ्ग	-	-	समानुपातिक
इ २६	इन्द्रजीत राई	नेकपा (माआवादी)	भोजपुर	-	-	समानुपातिक
२७	इन्द्रजीत थारु	नेकपा (माओवादी)	दाङ्ग	१	प्रत्यक्ष	-
२८	इन्द्र बहादुर गुरुङ्ग	नेपाली कांग्रेस	स्याङ्जा	-	-	समानुपातिक
२९	इन्द्रमती यादव	नेकपा (माओवादी)	कपिलवस्तु	-	-	समानुपातिक
३०	इन्द्रमाया गुरुङ	नेकपा (माओवादी)	गोरखा	-	-	मनोनीत
३१	इन्द्रावती अधिकारी	नेकपा (माओवादी)	उदयपुर	-	-	समानुपातिक

	(दनुवार)					
३२	इश्वरी न्यौपाने	नेपाली कांग्रेस	कैलाली	-	-	समानुपातिक
३३	इस्लाम मियाँ धोवी	नेकपा (माओवादी)	पर्सा	-	-	समानुपातिक
ई ३४	ईश्वर दयाल मिश्र	तराई मधेश लोकतान्त्रीक पार्टी	कपिलवस्तु	४	प्रत्यक्ष	-
३५	ईश्वरी प्रसाद दाहाल	नेकपा (माओवादी)	काठमाडौं	-	-	समानुपातिक
उ ३६	उपेन्द्र यादव	मधेशी जनअधिकार फोरम, नेपाल	सुनसरी	५	प्रत्यक्ष	-
३७	उमा अधिकारी रेग्मी	नेपाली कांग्रेस	चितवन	-	-	समानुपातिक
३८	उमा कार्की विष्ट	नेकपा (माओवादी)	संखुवासभा	-	-	समानुपातिक
